संग्रह–१५
क्रम संख्या–१६

बुद्धकालीन गृहस्थीहरू

[भाग–३]

आचार्य
भिक्षु अमृतानन्द

सन् १९७९ सेप्टेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भारु. १२/-   नेरु. १५/-

संग्रह–१५
क्रम संख्या–१६

बुद्धकालीन गृहस्थीहरू

[भाग - ३]

आचार्य
भिक्षु अमृतानन्द

सन् १९७१ सेप्टेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भा.रु. १२/-   ने.रु. १५/-

★ भगवान् बुद्धले श्रावस्ती आदि विभिन्न २३ ठाउँमा बसेर गृहस्थीहरूलाई दिनुभएको अनेकौं उपदेश र के कस्तो कार्य गरे गृहस्थी-हरूले दुवैलोक सुधार्न सक्तछन् भन्ने उपायहरू देखाइदिनुको साथै धनको सदुपयोग र दुरुपयोग कसरी हुन्छ भन्ने कुरा सँगसँगै बुद्धको उपदेशदेखि परिनिर्वाणसम्मको विशद व्याख्या आदिको निस्वार्थपूर्वक प्रतिनिधित्व प्रस्तुत बुद्धकालीन गृहस्थीहरू भाग ३ संग्रह १५ ले गरेको छ। ★

संग्रह–१५
क्रम संख्या–१६

बुद्धकालीन गृहस्थीहरू

[भाग - ३]

आचार्य
भिक्षु अमृतानन्द

सन् १९७९ सेप्टम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भा.रु. १२/- नेरु. १५/-

प्रकाशक:

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी, स्वयम्भू,

काठमाडौं, नेपाल।

फो. नं. १४४२०

बुद्धाब्दः २५२३

बि. सं. २०३६

प्रथमावृत्ति १०००

मुद्रकः

नेपाल प्रेस

काठमाडौं, नेपाल।

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट

बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयमा उत्कृष्ट ग्रन्थ मानिएको 'त्रिपिटक'मा यत्रतत्र छरिएका बुद्धकालका विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्छन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र हुन् ।

Collection No. 15

Buddhakalina Grihasthiharu
(PART III)

Bhikshu Amritananda

Lumbini Year 1979

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL.
1979

यसमा—

Homage to the Buddha, the Supreme Enlightened One.

PREFACE

The prasent volume is the fourteenth one in the series of "Volumes on People of the Buddha's Time." This is the concluding volume on the Laypeople of the Buddha's time and the sixteenth publication of the Ananda Kuti Vihara Trust.

All the laypeople who had foremost positions at the time of the Buddha have been included in the first volume of "The Laypeople of the Buddha's Time." They are ten in number. In the second and the third volumes other prominent laypeople mentioned in different parts of the Tripitakas have been accomodated and arranged in alphabetical order. In the second volume of "The Lay-people of the Buddha's Time", twenty five names starting from 'A' to 'N' have been put in while the third volume which is in your hand contains twenty three names

alphabetically arranged from 'P' to 'H'. Thus the total number of people included in all those three volumes of "The Laypeople of the Buddha's Time" comes to fifty eight. They were the prominent people I have so far been able to collect in course of my research—the people who had lived and got prominence during the Buddha's life time. Other minor names which have been casually mentioned in Tripitakas have not been included in these collections. For example, following names which I have not dealt with are found mentioned in the Sutras of the Bhallikadi (p. 149) of Chakkanipata of the Anguttara Nikaya :—

Tavakannika Grihapati, Purana Grihapati, Isidatta Grihapati, Vijaya Grihapati, Arittha Upasaka and Saragga Upasaka. They are all like Tapussa Grihapati, the devotees of the Buddha and have been endowed with six qualities. Besides them, the following names also have been mentioned in the Mahapari Nibbana Sutra II. (p. 74):— Sudatta Upasaka, Kukkuta Upasaka, Kalimbo Upasaka, Nikata Upasaka, Katissabho Upasaka, Tuttho Upasaka, Santuttho Upasaka, Bhadda Upasaka, and others.

In these collections I have omitted the names of Abhaya Licchavi, Pandita Kumaraka Licchavi,[1] the

---

1. A. I. p. 204: Nigantha suttam, Tikanipata.

Sakya of Kapilavastu (Kapilavatthava Sakkya[2]) and Kalakhemaka Sakya.[3] The following table indicates the number of Sutras (discourses) so far studied for the collection of 58 names mentioned in these volumes.

	Text Book	Vol. I	Vol. II	Vol. III
1.	Anguttaranikayapali:	57+	6+	3=66
2.	Udanapali:	*+	2+	1=3
3.	Cullavaggapali:	6+	*+	1=7
4.	Theragathapali:	1+	*+	*=1
5.	Dighanikayapali:	1+	1+	2=4
6.	Parajikapali:	*+	1+	*=1
7.	Pacittiyapali:	3+	1+	1=5
8.	Majjhimanikayapali:	4+	3+	6=13
9.	Mahavaggapali:	12+	1+	3=16
10.	Suttanipatapali:	*+	3+	*=3
11.	Samyuttanikayapali:	30+	13+	13=56
	Total	114+	31+	30=175

30 Sutras dealing with the 23 prominent people that contain in this volume have been translated into Nepali. Of them three are from Anguttaranikaya, one from

2. S. IV. p. 347: Vassamvuttha suttam, Sotapattisamyuttam.

3. M. III. p. 174: Mahasunnata suttam.

Udanapali, one from Cullavaggapali, two from Dighanikayapali, one from Paccittiyapali, six from Majjhimanikayapali, three from Mahavaggapali and thirteen from Samyuttanikayapali.

The names of the above mentioned discourses are as follows :—

1. AJITA MANAVA

page[1]:			page:
1.	M. II. 72:	Bahuvedaniya suttam	R.[2] I. 396
2.	M. II. 274:	Samanamundika suttam	R. II. 22
3.	M. III. 212:	Anuruddha suttam	R. III. 144

2. PATALIYA GAMANI

4. S. III. 299: Pataliya suttam, Gamanisamyuttam R. IV. 340

3. PATALIYAGAMIKA UPASAKA

5. Mh. 242: Pataligama vatthu, Bhesajjakkhandhakam R. 226

1. References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.
2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

4. PUNNA KOLIYAPUTTA

6. II. 61: Kukkuravatika suttam R. I. 387

5. PESSO HATTHAROHA PUTTA

7. M. II. 3: Kandaraka suttam R. I. 339

6. POTALIYA GAHAPATI

8. M. II. 27: Potaliya suttam R. I. 359

7. BELATTHA KACCANA

9. Mh. 240: Belatthakaccana vatthu, Bhesajjak-
kkhandhakam R. 224

8. BHADDRAKA GAMANI

10. S. III. 289: Bhadraka suttam,
Gamanisamyuttam R. IV. 327

9. MANICULA GAMANI

11. S. III. 287: Maniculaka suttam,
Gamanisamputtam R. IV. 325

10. MANADINNA GAHAPATI

12. S. IV. 152: Manadinna suttam,
Satipatthanasamyuttam R. IV. 178

11. MENDAKA GAHAPATI

13. Mh. 254: Mendaka gahapati vatthu,
Campeyyakakkhandhakam R. 240

12. YOUDHAJIVA GAMANI

14. S. III. 274: Yodhajiva suttam,
Gamanisamyuttam R. IV. 308

13. RAJAGAHASETTHI

15. Cv. 239: Viharanujanana,
Senasanakkhandhakam R. 145

14. RASIYA GAMANI

16. S. III. 291: Rasiya suttam,
Gamanisamyuttam R. IV. 330

15. VAJJIYAMAHITA GAHAPATI

17. A. IV. 252: Vijjiyamahita suttam, Upalivaggo
R. V. 189

16. VASETTHA UPASAKA

18. A. III. 355: Vasettha suttam, Uposathavaggo
R. IV. 258

17. SANDHANA GAHAPATI

19. D. III. 29: Udumbarika suttam R. 36

18. SALHA MIGARANATTA

20. A. I. 179: Salha suttam, Mahavaggo R. I. 193

21. Pc. 283: Pathamaparajikam, Parajikakandam, Bhikkhuni vibhango R. 211

19. SINGALAKA GAHAPATIPUTTA

22. D. III. 139: Singalaka suttam R. 180

20. SIRIVADDHA GAHAPATI

23. S. IV. 151: Sirivaddha suttam, Satipatthanasamyuttam R. V. 176

21. SUPPABUDDHA KUTTHI

24. U. 119: Suppabuddha kutthi suttam, Sonavaggo R. 48

22. SONA GAHAPATIPUTTA

25. S. II. 279: Sona suttam, Khandhasamyuttam R. III. 48

26. S. II. 281: Dutiya sonasuttam, Khandhasamyuttam R. III. 50

27. S. III. 104: Sona suttam, Salayatanasamyuttam R. IV. 337

23. HALIDDIKANI GAHAPATI

28. S. III. 106: Haliddikani suttam, Salayatanasamyuttam R. IV. 115

29. S. II. 248: Haliddikani suttam,
Khandhasamyuttam R. III. 9

30. S. II. 251: Dutiya haliddikani suttam,
Khandhasamyuttam R. III. 12

The present volume should have been published in May 1979. But because of my indisposition, its publication was delayed.

Since my visit to Moscow in 1978 for participating in Asian Buddhist Conference for Peace Executive Meeting, I was not feeling well and I had to be hospitalised for one month in Moscow. The same year I left Moscow for Japan to participate in the 12th World Buddhist Conference. In Japan too, my health could not improve and even after return to Kathmandu from Japan I was under the treatment because of my heart trouble. Later on, I was admitted into Bir Hospital as my illness worsened. I had to be in hospital for about one month and it was in the mean time that the printing of this volume was started. I could not work because of the continuation of the same ailment. So the proof reading was entirely done by Mr. Batukkrishna 'Bhushan' M. A. and Ven. Kumar Kasyapa. The printing of the original Sutras had already been completed in May 1979 but the preparation of index of the names and words remained incomplete.

The ground work of the same was done by Ven. Kumara Kasyapa but the finalisation of it had to be suspended. In June 1979 invitation was sent to six members of the Ananda Kuti Vihara Trust for participation in the fifth general conferenee of the Asian Buddhist Conference for Peace which was held in Mongolia. I, therefore, thought it better to go to Moscow on my way to Mongolia and also to get my health checked-up. So, along with other Nepalese delegates, I left for Moscow on June 7, 1979 and reached there on June 9, 1979. Other delegates proceeded towards Mongolia while I got hospitalised in Moscow for my health-check-up. On returning to Kathmandu on July 4, 1979 after thorough health check-up and little improvement in my health I started to work on the present volume that had remained suspended. Ven. Mahanama scrutinised the arrangement of index of the words done by Ven. Kumara Kasyapa and then I gave the final shape to the index of the words and names arranging in alphabetical order.

Out of the volumes on People of the Buddha's time, three volumes each on the Brahmins and the laypeople of the Buddha's time have been completed as planned. Only one volume each on the prominent members of the Royal families, women, mendicants, monks, nuns and Brahma-

didevas has been brought out so far. The collection and compilation of sequels on these volumes still remain to be completed.

For the successful implementation of any project there is the need of the combination of many factors. No work can be completed single handed. For example, the compilation of these volumes do need patience, money, health, willingness to work on my part and the willing co-operation on the part of other people concerned.

The first volume in the series of "The People of the Buddha's Time" was published on 25. 12. 2028 B. S. that is 5. 4. 1972 A. D. and the co-operation which I have been receiving ever since that time from Mr. Batukkrishna 'Bhushan' M. A. has been most significant. I shall, therefore, remain obliged to him for my whole life.

Thanks are also due to Ven. Mahanama and Ven. Kumara Kasyapa for their invaluable help in preparing this volume. Prof. Asha Ram Sakya also deserves my hearty thanks for rendering this preface into English. I am also thankful to Mr. Khadga Bahadur Upasak who has also spared no pains in bringing proof sheets from press everyday. Finally I feel it my duty to thank Mr. Tirtha Narayan Manandhar, the secretary, and other

members of Ananda Kuti Vihara Trust for kindly publishing this volume. I also remain ever thankful to Mr. Radyeshyam Saraf for his generosity to donate all the necessary printing papers for the publication of this volume.

"Long live Buddhism."

Bhikshu Amritananda

18th Aug. 1979

Ananda Kuti Vihar
Swayambhu Hill
Kathmandu, Nepal.
Phone : 14420

प्रकाशकीय

पहिलेका प्रकाशित बुद्धकालीन ग्रन्थहरू जस्तै यो १४ धौं बुद्धकालीन गृहस्थी भाग ३ पनि प्रकाशनार्थ यस विहार गुठीलाई नै पूज्य आचार्य भिक्षु अमृतानन्द महास्थविरबाट प्रदान गर्नु भएकोमा यस विहार गुठीका तरफबाट सगौरव वहाँप्रति धन्यवाद ज्ञापन गर्दछु । २५०० वर्ष अघिको अवस्थामा भन्दा अहिलेको युगलाई अति आवश्यक भएको बौद्ध धर्म ग्रन्थहरू यसरी प्रकाशित गरिरहन पाएकोमा पूज्यवर महास्थविरज्यूलाई जति कृतज्ञता ज्ञापन गरे पनि कम नै होला । यो सब वहाँले दिन रात एक एक गरी अति मेहनत साथ लेखिरहनु भएकोले मात्र सम्भव भएको हो । देशभित्र र बाहिरका सारा नेपालीहरूको लागि खाँचो भइरहेको यस्ता अपूर्व ग्रन्थहरूद्वारा कुनै व्यक्ति विशेष, समाज तथा देशका लागि कुनै हदसम्म मात्र भए पनि उपयोगी हुन आएको खण्डमा यस विहार गुठीका प्रयासहरू सफल भएको ठान्दछु । हुनत यस्ता उपयोगी पुस्तकहरू हाम्रो देश—जहाँ भगवान् बुद्धको जन्म भएको हो—भन्दा बाहिरका बौद्ध देशहरू जस्तै—बिलायत, शोभियत संघ आदि देशहरूमा पनि प्रशस्त प्रकासित भइरहेका छन् भने जापान, कोरिया, थाईलैण्ड, बर्मा तथा श्रीलङ्का जस्ता बौद्ध देशहरूमा कति

पुस्तकहरू तथा पत्रिकाहरू प्रकाशित भइरहेका छन् गिन्ति गर्न सकिदैन । त्यस्ता मुलुकहरूको दाँजोमा हेर्ने हो भने भगवान् बुद्धका बंशका भनी दावी गर्ने र भगवान् बुद्धको जन्मस्थल भन्नलाई नै हामीलाई लाज लाग्नु पर्ने हो । हुनत अहिलेको अवस्थामा हाम्रो जस्तो शैक्षिक प्रतिशत कम भएको देशमा यस्ता पुस्तकहरू हेर्ने कमै होलान् तापनि पछि आउने समयमा अर्थात् झन झन वढ्दै गएको शिक्षित वर्गको पिढीलाई यस्ता ग्रन्थहरू अवश्य पनि अति उपयोगी हुने कुरामा हामी विश्वस्त छौं ।

अन्तमा यो पुस्तक प्रकाशनको लागि सहृदयी श्री राधेश्याम सराफज्यूबाट फेरि पनि चाहिने जति कागज रीम ४२ को सम्पूर्ण भार बोकिदिनु भै यस गुठीलाई हलुका पारिदिनु भएकोमा वहाँप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

भवतु सब्ब मङ्गलं ।

तिर्थनारायण मानन्धर

२९. ४. २०३६

सदस्य–सचिव

आनन्दकुटी विहार गुठी

भूमिका—

प्रस्तुत बुद्धकालीन गृहस्थीहरू मागधि भाषामा लेखिएको त्रिपिटकका विभिन्न ग्रन्थहरूबाट संग्रहित तथा नेपालीमा अनुदित (शब्दानुवाद) बुद्धकालीन संग्रहको प्रकाशन क्रम मध्येको यो १६ रौं हो र गृहस्थीको तेश्रो (साहिलो) भाग हो । यहाँ मुख्यतया राजगृह, वैशाली, श्रावस्ती, पाटली (मगध), अवन्ति, उरुवेलकप्प, चम्पा नगर, भद्रीय नगर, कोलिय जनपद र अङ्गजनपद समेत गरी २३ पात्रहरू भन्दा बढीले बुद्धधर्मको झण्डा बोकेर हिंडेका छन् र यसमा विशेष गरी ११ पात्रहरू भने राजगृहवासी नै छन् । जसको संक्षिप्त परिचय लिन खोज्दा—

पण्डित उदायीसँग ३ वेदनाको बारेमा, अनुरुद्ध महास्थविरसँग अप्रमाण र महत्गतको बारेमा तथा उग्गाहमान परिब्राजकको सम्पन्न कुशल श्रमण हुन चाहने चार कारणहरूको बारेलाई लिएर बुद्धसंग छलफल गर्न जेतवनाराममा जाने श्रावस्तीवासी पञ्चकङ्ग स्थपति; श्रमण-हरूलाई आवास बनाइदिने र दशकुशलादि उपदेश सुन्ने बित्तिकै धर्म परिवर्तन गरी बुद्धधर्मको अनुयायी बन्ने मगध स्थित पाटली गाउँका नाइके पाटलिय गामणी र पाटली गाउँका उपासकहरू; पहिलेका

गोव्रती र पछि बुद्धधर्म ग्रहण गर्ने कोलीय जनपदवासी पुण्ण कोलीय पुत्र; बुद्धधर्म सम्बन्धी विषयलाई लिएर बुद्धसँग हर्ष प्रकट गर्ने चम्पा नगरवासी पेस्स माहुतेपुत्र; बुद्धधर्ममा उपासकत्व ग्रहण गर्ने अङ्ग जनपदस्थित आपण निवासी पोतलीय गृहपति; जति गुँद दान गरे पनि सिध्याउन नसकी आपत्मा परेका तथा बुद्धको उपदेश अनुसार बाँकी गुँदलाई जमीनमा फाल्दा त्यसको भयङ्कर प्रतिक्रिया देख्ने गुँद व्यापारी; मार्गफल प्राप्तगर्ने राजगृहवासी बेलट्ठकच्चान; बुद्धको दुःख र समुदय निरोधको उपदेश सुन्ने उरुवेलकप्पनिवासी भद्रक ग्रामणि; श्रमणहरूले सुन चाँदी आदि लिनु वा राख्नु हुन्न भनी सभामा व्यक्त गरेको कुरा बुद्धलाई सुनाउने राजगृहवासी मणिचूलक ग्रामणि; आनन्द महास्थविरलाई घरमा निम्ता गरी पाँच अधोभागीय संयोजनहरू उन्मूलन गरिसकेका अनागामी फल प्राप्तगर्ने राजगृहवासी मानदिन्न गृहपति; असंख्य धनी तथा दानी भद्दिय नगरवासी मेण्डक गृहपति; युद्धमा मरेर स्वर्ग पुग्नुको सट्टा नरकतिर खसिन्छ भन्ने कुरामा बुद्धद्वारा शत्प्रतिशत विश्वास प्राप्तगर्ने र बुद्धोपदेशमा पट्टु फुले फैं फुल्ने योधाजीव ग्रामणि; बुद्धलाई ६० (साठी) वटा विहारहरू दान गर्ने राजगृहवासी राजगृहका सेठ; तपस्याको निन्दागर्नु हुन्छ ? भनेर बुद्धसँग प्रश्न सोध्दा उल्टै मध्यम मार्गको उपदेशरूपी घेराबाट उम्कन नसकी बुद्धधर्ममै समावेश गर्ने उरुवेलकप्प स्थित रासिय ग्रामणी; बुद्धधर्म मर्मज्ञ तथा तर्कवितर्कमा चतुर चम्पावासी वज्जियमाहित गृहपति; आर्यशीलावलम्बी बुद्धधर्मका विशिष्ट उपासकहरू मध्येका पनि विशिष्ट उपासक वैशालीवासी वासेट्ठ उपासक; ५०० परिवाररूपी

जालमा जेलिएका अनागामी फल प्राप्तगर्ने राजगृहवासी सन्धान गृहपति; अतिकामुक तथा भिक्षुणीहरूलाई विहार दान गर्न सक्ने श्रावस्तीवासी साल्ह मृगारनाती; बुद्धधर्मलाई पहिले पटक्कै मन नपराउने पछि यसै धर्मलाई सबैथोक ठान्ने धनाढ्य राजगृहवासी सिगालक गृहपतिपुत्र; आनन्द महास्थविरको चारसतिपट्ठानको उपदेश-द्वारा अनागामी हुने राजगृहवासी सिरिवड्ढ; दरिद्र कुलोत्पन्न तथा गाईद्वारा मृत्यु भई स्रोतापत्तिफल प्राप्तगर्ने राजगृहवासी सुप्पबुद्ध कुष्ठी; धर्म दर्शन सम्बन्धी विषयमा विशेष दिलचस्पी राख्ने राजगृहवासी सोणगृहपति र महाकात्यायन महास्थविरभक्त अवन्तिस्थित कुररघर-निवासी हालिद्दिकानि गृहपति जस्ता २३ पात्रहरूले आफ्नो जीवन दर्शनरूपी अभिनयमा प्रत्येक जसोले आ-आफ्नै ढम्फुको आधारमा गृहस्थीरूपी संकेतनृत्य देखाएको पाइन्छ जहाँ दर्शकहरूले पनि आ-आफ्नै पनले अभिरुची लिई हेर्न पाउने विस्तृत क्षेत्रप्रदर्शन भएको छ जसलाई हेर्दा—सामाजिक तथा दार्शनिक, धार्मिक र राज-नैतिक यस्तै ऐतिहासिक र साहित्यिक क्षेत्रको फराकिलो मैदान छर्लङ्ग देखिन्छ। जुन कुरा ग्रन्थको सुरुदेखि समाप्तिसम्मका विभिन्न कथा जीवनी, तर्कवितर्क, धनी र गरीबको मनोभावना, श्रद्धा र अश्रद्धा, सद्‌विवेकको फल, अहंमन्यता र नम्रता आदिले परिपोषण गरेको छ जसको फल बुद्धमार्गी बन्न सके मात्र प्राप्तगर्न सकिन्छ अन्यथा त्यतातिर चिहाउनै पर्दैन भन्ने कुराको सारांशलाई आरम्भदेखि लिएर समापन-सम्मका कुराहरूले देखाउने चेष्टा राखेका मात्र होइनन् त्यसको रसास्वादन समेत गर भनी प्रवेशद्वार समेत खोलिदिएका छन् जसलाई

अङ्गुत्तरनिकायबाट ३, उदानपालिबाट १, चुल्लवग्गपालिबाट १, दीघनिकायपालिबाट २, पाचित्तियपालिबाट १, मज्झिमनिकायबाट ६, महावग्गपालिबाट ३ र संयुत्तनिकायबाट १३ गरी जम्मा ३० सूत्रहरूले उक्त २३ पात्र र अन्य केहि पात्रहरूको आदचोपान्त जीवनीलाई गृहस्थी-रूपी पर्खाल भित्र बसेर सन्मार्गको बाटो पहिल्याउने पक्षलाई लिएर छलफल गरिरहेको छ। जसको सारांशलाई मनन गर्दै जाँदा गृहस्थीसँग मात्र सम्बन्धित नभई अन्य विभिन्न पक्षहरूसँग पनि सजिलैसँग चिनापर्ची गर्न पाइन्छ।

यसैको क्रममा प्रस्तुत संग्रहभित्र जे जति पढिन्छन् सुनिन्छन् र देखिन्छन् ती सबैमाथि मोटामोटी रूपमा मनन गर्दा व्यक्तिगत, सामुहिक र परोपकारिता सम्बन्धी स्वार्थरूपी प्रवाहभित्र विभिन्न प्रकारका गृहस्थीहरू अलमलिएको अनुभव हुन्छ र यसलाई राजहाँसले जस्तै दुधको दुध पानीको पानी छुट्याएर देखाइदिने कामको परियोजनालाई यस संग्रहले प्रस्तुत गर्नुको साथै कुमार्गबाट सुमार्गतिर उन्मुख गराउने प्रबल चेष्टा लिंदै मुखले बक्नुभन्दा बढी सत्कार्यरूपी संग्राममा आई व्यक्तिगत स्वार्थमा अन्धो भई आर्थिक आदि फाइदा उठाउनेमाथि कुठाराघात गर्दै सामुहिक स्वार्थतिर अग्रगण्य गराउने योद्धाहरूको मूल्याङ्कन गरी समाजलाई उपमाको रूपमा प्रदर्शन गरिएका सच्चरित्रहरूको नामाङ्कन गर्नु नै यसको लक्ष भएको छ र इहलोक तथा परलोक सुधार्ने मौका प्रदान गर्न तम्सिएको छ। अन्यथा सामाजिक व्यवहार, नियम र अवस्था आदिले पतनोन्मुखको वशीभूत हुनु सिवाय उन्नतिको नमूनासम्म पनि फेला पार्न सक्दैन भन्ने कुरालाई यसले समेटेको छ र गृहस्थीहरूलाई

चारित्रिक नमूना बन्ने प्रेरणा तथा हौसला दिंदै—

पाणातिपातो अदिन्नादानं मुसावादो च वुच्चति ।
परदारगमनञ्चेव नप्पसंसन्ति पण्डिता ।।

(पृ. ३६३)

भनेर श्रृंगाल गृहपति पुत्रलाई सत्कार्यमा प्रवृत्त गराउने विशेष प्रयास बुद्धद्वारा भएको छ। यसरी प्रयास हुनाको खास कारणतिर चिहाउँदा—विशेष धनीवर्गले मात्र सामाजिक व्यवस्था भाँडने र अनुशासनरूपी श्रृंखला तोडने व्यावहारिक जालरचनामा कुशल हुन्छन् भन्ने कुरा तत्कालीन समयमा मात्र भएको नभई हिजो आजको सामान्य समाजले पनि यही अभिशाप भोग्नु परिरहेको छ । जसलाई समाप्त पार्ने संघर्षको अभियान आजको मात्र होइन परम्परादेखि चल्दै आएको छ र अहिले पनि यसकोनिमित्त बुद्धवादलाई कार्यरूपमा परिणत गर्नुपर्ने उत्प्रेरणा यसबाट मिलेको छ । त्यसैले सामान्य गृहस्थी जीवनको उत्थानकोनिमित्त चाहे बौद्धिकताले सम्पन्न हुन्, चाहे धनले वा चाहे धर्मले । यस्तै यस्ता समाज भित्र रहेका तत्वहरूलाई प्रस्तुत संग्रहले नसिहत दिंदै सामाजिक आदर्शको बाटोतिर घिच्याएको छ र धर्मरूपी नाग पास लगाई सन्मार्ग-तिर डोर्‍याएको छ। यो ध्रुव सत्य हो कि हिजो आज पनि यही क्रमलाई क्रियाशील बनाउनसके लोभ, द्वेष, मोह र व्यापाद जस्ता कलुषित विचारको उच्छेदन भई अहिंसक तथा लोभ, द्वेष र मोह रहित भएको गृहस्थीरूपी सन्मार्ग फराकिलो बन्ने मात्र होइन सफा र सुगम-भन्दा पनि सुगम हुनसक्तछ भनेर आयुष्मान् नन्दकले साल्ह मृगार-

नातीलाई बताएको कुराको आधारमा अवलोकन गर्न सकिन्छ । अन्यथा अरूको भलाई गर्ने बाहिरी नारा मात्र दिई आफ्नो स्वार्थपूर्ति गर्न नयाँ प्रकारको षड्यन्त्रको रचना भएको अड्कल पनि सजिलैसँग गर्न सकिन्छ भन्ने कुराको उद्गमस्थल पनि यसै संग्रहको आधारमा भेट्टिएको छ ।

यति मात्र होइन तत्कालीन समयका जनताले नुनको सोझो गरेर वस्ता पनि अनुचित दुःखको सामना दुःखलाई नै अँगालेर गर्नुपर्दथ्यो भन्ने कुरा पनि लिच्छवी र अजातशत्रु जस्ता राजाका राजपुरुषहरू पाटलीपुत्रतिर घुम्न आउँदा आफ्नो सुख सुविधाकोनिमित्त गाउँलेहरूलाई घरघरैबाट निकाली कैयौं दिन त्यहीं आफुहरू रजाँइ गर्दथे र गाउँले-हरूलाई हुनसम्म दुःख र सास्ती दिन्थे र यस सम्बन्धमा उजुर बाजुर गर्ने ठाउँ कतै थिएन भन्ने कुरा त्यहाँका उपासकहरूले भोग्नुपरेको धाँधलीजन्य अवस्थाबाट थाहा हुन्छ र अनि थाहा हुन्छ यस्तो अत्याचार सहेर पनि पुनः सहनु नपरोस् भन्ने उद्देश्य लिई उल्टै उनीहरू आउँदा बस्नकोनिमित्त भव्य तथा वास्तु कलापूर्ण आवासथागार बनाइदिन बाध्य हुनुपर्ने स्थितिको सिर्जना उक्त प्रशासकहरूले गराएको कुरालाई सम्झदा शक्ति सम्पन्न मानिसहरूकोनिमित्त मात्र निष्पक्ष प्रशासनको विकुल फुकिदो रहेछ न कि सामान्य जनताकोनिमित्त ।

यस्तै यस्ता झमेलाबाट गृहस्थीहरूलाई उन्मुक्तपारी शान्तिपूर्वक सुखमय जीवन निर्माण गरी सुखको सास फेर्न पाउन् भनेर नै एकताको हतियार समाउने मार्ग प्रदर्शन गर्न नै बुद्धको प्रादुर्भाव भएको हुनुपर्दछ भन्ने कुराको अड्कल गर्न पनि सकिन्छ । यसको तात्पर्य के हो भने—गृहस्थी

जीवन सुधारी सुखमय बनाउन गृहस्थी गृहस्थीहरूले नै सत्प्रयास गर्नु पर्दछ । अर्काले मात्र सुधारेर सुध्रिने होइन । उसको काम त केवल बाटो देखाइदिने मात्र हो न कि हिड्ने काम भन्ने कुरा पनि त्यत्तिकै छर्लङ्गिएको छ जति विभिन्न वर्गीय जीवनको असामञ्जस्यछ । यसरी हेर्दा हेर्दै जाँदा के पनि प्रष्ट हुन्छ भने—कानूनको आड लिएर होइन नैतिक उपदेशको आडमा मानिसलाई इहलोकदेखि परलोकसम्म सुख प्राप्त गराइदिनकोनिमित्त दुशील स्वभावरूपी अन्धकूपमा डूबेको स्वार्थान्ध मानिसले अज्ञानतावस जति नाक फुलाए ता पनि कुनै न कुनै दिन कुनै न कुनै प्रकारले आफ्ना विभिन्न सम्पत्तिहरू गुमाउन पर्ने, 'कीर्ति कमाएको छु' भनेर केही समय घमण्ड गरे पनि त्यस्तो कीर्ति कुकीर्तिमा परिणत हुने, सभा आदिमा जाँदा डरको कारणले सम्मान पाएता पनि कुनै बेला यस्तो स्थिति आउँछ जुनबेला कुकुर समान पनि वन्न नपाउने जस्ता सामाजिक दण्ड यस लोकमा पाउँछ भने अर्कोलोकमा भयङ्कर नरक यातना भोग्नुपर्ने कुरा जस्ता गृहस्थीहरूले भोग्नुपर्ने ५ अवगुणहरूको विभिन्न उदाहरणद्वारा एक प्रकारले विस्तृत व्याखया भएको छ भने अर्को प्रकारले शीलसम्पन्न मानिसले उक्त दुःखको अनुभव त के दुःख भनेको कुरै कुन चिडियाको नाम हो उसलाई पत्तै हुँदैन र उसले सदुपायद्वारा सत्सम्पत्ति, सत्कीर्ति, सभामा अग्रस्थान जस्ता कुरा यसलोकमा सजिलैसँग प्राप्त गर्न सक्छ भने अर्को लोकमा स्वर्ग प्राप्त गर्ने अधिकार उसकै हातमा हुन्छ भन्ने कुरालाई पनि पाटलीपुत्रका उपासक-हरूको सभामा उत्तिकै कलात्मक, मनोवैज्ञानिक र रोचक ढंगले बुद्धद्वारा भएको उपदेश हिजो आजैका हाम्रो समाजलाई दिए जस्तो अनुभव

हुन्छ । यति मात्र होइन समाजमा भएका विभिन्न मानिसरूपी पर्खालको चारित्रिक पक्षरूपी ढोका खोलेर के पनि देखाइदिएको छ भने—कुनै यस्ता मानिस वा समाज हुन्छन् जसले आफू र अर्कालाई पनि भविष्यमा दुःख आइपर्ने काम गर्छ, कुनै यस्ता मोहान्ध छन् जसले अर्कालाई दुःख दिने काममा मात्र आफ्नो शक्ति प्रयोग गरिरहन्छन् भने कुनै यस्ता मानिस वा समाज छन् जसबाट आफ्नो उन्नति-मार्ग फराकिलो पार्ने र अरूलाई पनि त्यसैमा होडबाजी गर्न लगाउने । यसैले यसबाट के प्रष्ट भइरहेको छ भने चाहे प्राचिनकालको व्यक्ति, समाज वा राष्ट्र होस् चाहे आजको विज्ञान सम्पन्न व्यक्ति, समाज वा राष्ट्र होस् यसभित्र असल र खराब दुवै तत्व हुन्छन् र योमध्ये खराब तत्वलाई निर्मूल पार्ने हतियार चारित्रिक बलभन्दा शक्तिसम्पन्न बल अर्को कुनै छैन भन्ने कुरा पनि त्यत्तिकै टड्कारिएको छ जति दुश्चरित्रहरूको राक्षसी क्रियाकलापले समाज भाँडिएको नग्न दृश्य देखिएको छ । यसै कारण व्तक्ति, समाज र राष्ट्रको समुचित उत्थानकोनिमित्त प्रत्येक गृहस्थीहरू संलग्न हुनु पर्ने कुराको सहिबाटो देखाउँदै एक टुक्रा हाडमा कुकुरले जस्तै मारामार गरी लुछाचुडी गर्नु गृहस्थीहरूको कर्तव्य होइन र यस प्रकारको अनुचित काम विषयबाट विमुख भई सहयोगभावनारूपी वृक्षलाई फङ्ङयाउने मात्र होइन फुलाउन र फलाउन पनि पर्दछ भन्ने कुरा पनि पोतलिय गृहपतिले लिएको उपदेशले पुष्ट्याई गरेको मात्र होइन सबको कान ठाडो पारि दिएको छ ।

यसकै क्रममा अर्कोतिर दुःखको मूलतत्व नै इच्छा हो र यसलाई विसिन सके दुःख निर्मूल हुन्छ भनेर जुन आदर्शवादी सिद्धान्त यहाँ

स्थापना गरिएको छ यसलाई त्यसै सरसरति मात्र हेर्दा गृहस्थीहरूको निमित्त अतिशयोक्ति देखिए पनि अन्त्यमा गृहस्थी पनि त्यागी बन्नसके पृथ्वी नै स्वर्ग बन्न सक्ने तर्फतिर पनि संकेत गरिएको छ जसको अभावमा दुःख, कलह, अविवेक, अन्याय, अशान्ति, स्वार्थलोलुपता, अहंमन्यता, अन्धविश्वास, ईर्ष्या, द्वेष र अवहेलना आदिले सजिलैसंग राज्य जमाउन सक्तछन् भन्ने कुराको अभिव्यक्ति पनि संग्रहभित्रै सिमित भएर मनन गर्दा अनुभव हुने मात्र होइन कहिले काँही यस प्रकारको भावनाले परिप्रेरित समाजरूपी घरलाई जगैदेखि भत्काइदिन पाए पनि हुन्थ्यो भन्ने भावनाले दाउ खोजिरहेको पनि देखिन्छ । जुन कुरा ऐतिहासिक पानाबाट मात्र टिपोट नगरी हिजो आजै लेखे जस्तो अनुभव पाठकहरूलाई हुनु अस्वाभाविक हुन्न गृहस्थीहरूको वातावरणको आधारमा विवेचना गरेर हेर्दा ।

हुनत समाजभित्र रहेका विभिन्न गृहस्थीहरूको भिन्नाभिन्नै आचरण र मनोवृत्ति आदिलाई बुद्धविधान अनुसार भिन्नाभिन्नै प्रकारले संविभाजन गरिएको छ र यसरी संविभाजन गर्दा—एक प्रकारका गृहस्थीहरू यस्ता छन् जसले धर्माधर्म तथा साहस र असाहस पूर्वक काम गरी जुनसुकै उपायको सहारा लिएर पनि आफुलाई सुखी बनाउने विभिन्न उपायहरूसँग साँठगाँठ त गर्छन् तर संविभाजन र पुण्यादि कार्य भने नगर्ने जस्ता तीन प्रकारका कामभोगीहरूलाई एकातिर ओँल्याइएको छ भने अर्कोतिर तीन प्रकारका निन्दनीय कामभोगीहरूको पनि चर्चा न उठाइएको होइन । यस्तै तीन प्रकारका रुक्षजीवी तपस्वी-हरूको सबल तथा दुर्वल पक्षरूपी ढोका पनि राम्रैसँग घच्घच्याइरहेको

छ र यौटै मार्गलाई अवलम्बन गरेर पनि राग, द्वेष र मोह जस्ता तीन प्रकारका क्लेशहरूलाई निर्मूल पार्ने सक्रीय अभियान चलाउने तर्फ पनि श्रीगणेश गर्दै हामीलाई संकेत गरेको छ कि—मानिसहरूले त्यस्तो शिक्षा लिनु पर्छ जसको आधारमा अकर्तव्य (अधर्म) को उछित्तो खेलाई कर्तव्य (धर्म) पथगामी बन्ने हौसला प्राप्त हुन्छ। अन्यथा पशुजीवनसँग मनुष्यजीवनलाई तुलना गर्न पनि सुहाउने ठाउँ भेटिंदैन भन्ने कुराको झ·झल्को यहाँ लागेको छ अनि लागेको छ स्वार्थपूर्ण तपस्यारूपी कुभावनाको बल्छी लिई सद्भावनारूपी माछा तान्ने खालको अनैतिकताले प्रोत्साहन पाउने मात्र होइन साम्राज्य समेत जमाउन सक्ने हुनाले—यसको परिहारकोनिमित्त अष्टाङ्ग उपोसथ शील पालना गर्नैतिर निर्देशन दिंदै यसबाट उद्भिद् पदार्थदेखि प्राणीसम्मकोनिमित्त कल्याणकारी भएको कुरा वासेट्ठको सन्दर्भमा बुद्धले दिनु भएको उपदेशको माध्यमको आधारमा प्रत्यङ्कन गर्न सकिन्छ र सारांशमा भन्न सकिन्छ कि—समाजलाई अनुशासित बनाउन चाहने हो भने धर्म नै त्यस्तो धर्म हुनुपर्छ जो स्वयं अनुशासित छ। नत्र भने धर्मको आडमा केवल शक्तिको होडबाजी बाहेक अरू केही हातलाग्न सक्तैन।

कामअनुसारको माम भने जस्तै कर्म अनुसारको फल मात्र पाइन्छ र अर्काले हात्ती चढ्यो भनेर धुरी चढन खोज्नु जस्तो मूर्खता अरू केही पनि हुँदैन भनेर विभिन्न गृहस्थीहरूतिर इशारा गर्दै मानिसको त के कुरा देवताहरूले पनि कर्म अनुसारकै फल पाउँछन् भनेर परित्ताभा र अप्पमाणाभा देवलोकमा उत्पन्न हुनाको कारण बताउँदै महत्गतचित्त र ध्यानचित्त सम्बन्धी गम्भीर विषयलाई त्यत्तिकै सरल, रोचक र

कलात्मक ढंगले प्रस्तुतिकरण गरिएको कुरा। पञ्चकङ्ग स्थपितको प्रश्नोत्तरको सन्दर्भमा थाहा पाउन सकिन्छ र अनि देख्न सकिन्छ रक्सीबाज, फुडो, जुवाडे आदि जस्ता दुर्गुणहरूसँग मित्रता राख्नेको कविव्यरूपी नाचगानको नग्न तमाशा।

यसरी सिंहावलोकन गर्दै जाँदा अन्यदर्शन जस्तै बुद्धदर्शन फलाम्को च्युरा होइन, हो भने गृहस्थी जीवनलाई यथार्थ छायाचित्र प्रदर्शन गरी बढी रोचकता प्रदान गर्ने प्रमुख साधन हो भन्ने कुरालाई —जसले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान आदिमा घमण्ड गर्छ उसले वास्तविक रहस्य पत्तालगाउन सक्तैन भन्ने जस्ता कुराको विवेचना गर्दै जसरी सोणगृहपतिको अज्ञानरूपी अन्धकारलाई पन्छाई ज्ञानज्योति प्रदान गरेको छ त्यसरी नै कतै चेतना र कतै कर्मलाई प्रधानता दिने कुरामाथि विश्लेषण गर्दै दार्शनिक भाषाको माध्यमद्वारा आफ्नो मन्तव्य दिंदै भनेको छ कि—रूप, शब्द, गन्ध, रस र स्पर्श जस्ता पञ्चकामगुणहरूद्वारा उत्पन्न सुखलाई नै कामसुख हो भन्ने कुराको चर्चा गर्दै गृहस्थीहरूले जसलाई सुख भन्दछन् त्यो सुखलाई यस संग्रहले मान्यता नदिई प्रथमदेखि चतुर्थध्यानसुख तथा आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन, नैवसंज्ञानासंज्ञायतन र संज्ञावेदयित-निरोध जस्ता ९ प्रकारका ध्यानज सुखलाई नै सुख भनी परिभाषित गरिएको कुरा बुद्धसँगबाट आनन्दले सुन्ने मौका पाएका छन्। अर्थात् उक्त कुरालाई एकै वाक्यमा व्यक्त गर्ने हो भने—दुःखरहित अवस्था नै सुख हो भन्ने कुरामा पुगेर अडानलिन पर्ने हुन्छ। यस्तै उग्गाहमान परिब्राजकले आफ्नो पनलाई लिएर—पापकर्म, पापवाचा, पापसंकल्प

र पापक आजीविका नगर्ने पुरुष नै सम्पन्न कुशल पुरुष हो भनेर जसरी वकालत गरेकाछन् त्यसरी नै बुद्धले आफ्नै पनद्वारा यसको खण्डन गर्दै उनको सिद्धान्तलाई दुधेवालकको उपमाद्वारा धमिल्याई दिएको प्रतिध्वनित हुन्छ । यस्तै यस्ता विषयहरूमध्ये टिपोट गर्न लायकको अर्को के छ भने—प्राणातिपात, अदिन्नादान, असत्यवचन, पैशुन्यवाचा, गिद्धलोभ, निन्दा र दोष, क्रोध र पीडा र अतिमान जस्ता यो आठ प्रकारका मानवमनका शत्रुहरूलाई पराजय गर्न सकेमा सबै व्यवहार समुच्छेद हुने कुराको आकाशवाणी गर्दै पोतलीय गृहपतिको प्रसंगमा साधारण गृहस्थीलाई मात्र होइन स्वयं घोषित व्यक्तित्वशालीहरूलाई पनि सम्झाउने सफल प्रयासरूपी चौतारिको शिलान्यास भएको छ । यस्तै—रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई दुःख मूलक ठानी अनित्य मानिएको कुरालाई लिएर सम्झाउन सोण गृहपतिलाई प्रतिनिधिको रूपमा लिएको छ र चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन जस्ता इन्द्रियहरू नै सुख दुःखका स्रष्टा भएको हुनाले तदनुरूप विवेकलाई ध्यानमाराखी गृहस्थाश्रम चलाउने योजना सम्बन्धी पूर्वरूपको दिक्षा पनि महाकात्यायन महास्थविरद्वारा हालिद्दिकानि गृहपतिले जसरी पाएका छन् त्यसै गरी आधुनिक भनाउदो समाजले सिक्यो भने सुख खोज्न कसैको चाकडी गर्नु नपर्ने मूल मन्त्र पनि यसैबाट सिकी शोक, दुःख र दौर्मनस्यलाई आन्तरिक हृदयदेखि नै हटाई अविषमतापूर्ण न्यायको छत्रछाँयामा बाँची अन्त्यमा निर्वाण प्राप्त गर्नकोनिमित्त विभिन्न ठाउँबाट भएको बुद्ध घोषणाको प्रतिध्वनि मुखरित भएर उठेको छ भन्ने कुरालाई चारसतिपट्ठानरूपी कान थापेर बस्दा राम्ररी सुन्न

पाइन्छ र अनि पाइन्छ प्रोत्साहन—यसै हो भने हामी पनि किन यसतर्फ आँखा चिम्लि रहने !

जसरी उक्त कुराहरूको सामान्य मूल्याङ्कन गर्ने प्रयास गरेको छ त्यसरी नै हेर्दै जाँदा तपस्या त्यस्तो तपस्या हुनुपर्दछ जसले सबैको उद्धार गर्न सकोस् न कि तपस्याको नाउँमा आफ्नो दुना सोऱ्याउने काम मात्र होस् भनेर प्रसस्त विरोध पनि दर्शाउँदै मेण्डक परिवारले अनुभव गरेको ऋद्धि सम्बन्धी चमत्कारपूर्ण कुराले पनि हामीहरूलाई कम लोभ्याएको छैन जसलाई पढ्दा तुरुन्तै सुरु गरौं कि भन्ने भावनाले चिमोट्न थालि हाल्छ भने अर्कोतिर बुद्धको पछारि पाखुरा निमठ्नेहरूले पनि बुद्धवाद-तिर भ्रम पैदा गराउन न खोजेको होइनन् खोजेका छन् तर पछि आफै पश्चाताप गर्दै अनुयायी बनेका कुरालाई न्यग्रोध र उनका आउरे पाउरे-हरूले चरितार्थ गरेर देखाइदिएका छन् ।

आखिर जसरी हेरे पनि सबै प्राणी माथि अहिंसा, दया, परोपकारिता र मित्रता आदि कायम राखी व्यक्तिगत स्वार्थलाई हृदयदेखि नै पन्छाई 'मध्यममार्ग' लाई ज्ञानभण्डारको उपमा लिई ज्ञानचक्षु, अभिज्ञा, सत्यज्ञान, सम्बोधि, उपशम र निर्वाणको बाटो सोऱ्याउन पर्छ अन्यथा कसैले पनि सुख प्राप्त गर्न सक्तैन भन्ने कुरामा गएर यस संग्रहले (बुद्धकालीन गृहस्थीहरूको तेश्रो र अन्तिम भाग) विश्राम लिएको छ ।

अन्त्यमा—

यसका अनुवादक कर्तव्यपरायण आचार्य भिक्षु अमृतानन्द

महास्थविरज्यूले पालिवाङमय (मागधि) बाट विभिन्न वर्गका गृहस्थीहरूलाई छानी यथावत् शैलीमै शब्दानुवाद गरी 'बुद्धकालीन संग्रहहरू' प्रकाशन गर्दै लैजाने योजना अनुसार आफु हृदय रोगले पीडित भई अस्वस्थ्य हुँदाहुँदै पनि सपरिश्रम पाठकहरूको हातमा यो बुद्धकालीन गृहस्थीहरू भाग–३, संग्रह–१५ (हालको योजना अनुसार गृहस्थीहरूको अन्तिम संग्रह) राखिदिनु भएको छ र संग्रहको माध्यमबाट गृहस्थीहरूले स्वचरित्र निर्माणमा ध्यान दिए मात्र कर्म अनुसारको फल प्राप्त गर्न सक्तछन् भन्ने संकेत दिनु भएको अनुभव पनि भएको छ ।

× × ×

नोट् :—

प्रस्तुत संग्रह सम्बन्धी अन्य विशेष कुराहरू बुद्धकालीन गृहस्थीहरू भाग–१, संग्रह–२ मा (०२९ भाद्र ५ गते) र भाग–२, संग्रह–१४ (०३५ आषाढ १५ गते) का भूमिकाहरूमा उल्लेख गरिसकेको हुँदा भूमिकाको आकार ठूलो हुन जाला भन्ने डरले यस संग्रह सम्बन्धित अन्य विषयहरू दोहोऱ्याउनु पिष्टपेषण गर्नु जस्तै हो भन्ने ठानेको छु ।

— वटुकृष्ण "भूषण"

विजयेश्वरी, काठमाडौं

भाद्र १ गते २०३६

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत 'बुद्धकालीन गृहस्थीहरू' बुद्धकालीन ग्रन्थहरूमध्ये चौधौं हो र 'बुद्धकालीन गृहस्थीहरू' को तेश्रो भाग हो । यस संग्रहबाट बुद्धकालीन गृहस्थीहरूको संकलनलाई यहीं टुंग्याएको छु । यो पुस्तक आनन्दकुटी विहारगुठीको प्रकाशन क्रमको सोरौं ग्रन्थ हो ।

भगवान् बुद्धको पालामा जति गृहस्थी उपासकहरूले बुद्धबाट अग्रस्थान पाएका थिए ती सबैलाई 'बुद्धकालीन गृहस्थीहरू' पहिलो भागमा समावेश गरिसकेको छु। तिनीहरू जम्मा दश जना छन् । दोश्रो भागदेखि तेश्रो भागसम्ममा उपरोक्त १० जना बाहेक पालि-साहित्यमा यत्र तत्र छरिएका गृहस्थीहरूको संकलन गरी पाठकहरूको सुविधाको लागि अकारादि क्रमको आधारमा राखिदिएको छु । यसैमध्ये बुद्धकालीन गृहस्थीहरू दोश्रो भागमा नामको पहिलो अक्षर 'अ' देखि 'न' सम्म भएका जम्मा २५ जनाका नामहरू र प्रस्तुत तेश्रो भागमा 'प' देखि 'ह' सम्मका नाम समेत गरी जम्मा २३ जनाका नामहरू समावेश भएका छन् । यसरी 'बुद्धकालीन गृहस्थीहरू' तीनै भागका पात्रहरू

जम्मा गर्दा ५८ जना गृहस्थीहरूको संकलन भएको छ । मैले खोजि गर्दा पाइएका प्रमुख गृहस्थीहरूका कुरा यति नै हुन् ।

यस बाहेक पालिसाहित्यमा जसको नाम मात्र यत्र तत्र उल्लेख भएको पाइन्छ त्यस्ता नामहरू यी संग्रहहरूमा उल्लेख गरेको छैन । जस्तै अङ्गुत्तरनिकायको छक्कनिपातको भल्लिकादि सूत्र (पृ. १४९) मा निम्न नामहरू उल्लेख भएका पाइन्छन्—

तवकण्णिक गृहपति, पूरण गृहपति, इसिदत्त गृहपति, विजय गृहपति, अरिट्ठ उपासक र सारग्ग उपासक । यिनीहरू सबै तपुस्स गृहपति झैं[१] तथागतमा निष्ठाराखी अमृत साक्षात्कार गरी ६ गुणहरूमा प्रतिष्ठित छन् ।

यसको अतिरिक्त दीघनिकाय भाग–२ को महापरिनिब्बानसुत्त (पृ. ७४) मा पनि निम्न नामहरू मात्र उल्लेख भएका पाइन्छन्—

सुदत्त उपासक, कुक्कुट उपासक, कालिम्बो[२] उपासक, निकट उपासक, कटिस्सभो उपासक, तुट्ठो उपासक, सन्तुट्ठो उपासक, भद्द उपासक, सुभद्द उपासक इत्यादि ।

यी गृहस्थीहरूको संग्रहमा मैले अभय लिच्छवी र पण्डित कुमारक लिच्छवी[३], कपिलवस्तुका शाक्यहरू (कापिलवत्थवासक्या[४])

---

१. हेर्नू लेखकको बु. गृ. भा–१, पृ. २३ मा ।

२. रोमनमा: 'कालिङ्गो', स्याममा: 'काररलिम्वो' ।

३. अं. नि–३, पृ. २०४: निगण्ठसुत्तं ।

४. सं. नि. IV. पृ. ३४७: वस्संवुत्थसुत्तं, सोतापत्तिसंयुत्तं ।

तथा कालखेमक शाक्य[१] जस्ताका नामहरू समावेश गरेको छैन ।

माथि उल्लिखित ५८ जना पात्रहरूको सम्बन्धमा संकलित सूत्रहरूमा जम्मा कति पुगेका रहेछन् भन्ने कुरालाई निम्न तालिकाले स्पष्ट गरेको छ—

मूल ग्रन्थहरू	बु. गृ. भा–१	बु. गृ. भा–२	बु. गृ. भा–३	जम्माः
(१) अङ्गुत्तरनिकायबाटः	५७+	६+	३=	६६
(२) उदानपालिबाटः	×+	२+	१=	३
(३) चुल्लवग्गपालिबाटः	६+	×+	१=	७
(४) थेरगाथापालिबाटः	१+	×+	×=	१
(५) दीघनिकायपालिबाटः	१+	१+	२=	४
(६) पाराजिकपालिबाटः	×+	१+	×=	१
(७) पाचित्तियपालिबाटः	३+	१+	१=	५
(८) मज्झिमनिकायबाटः	४+	३+	६=	१३
(९) महावग्गपालिबाटः	१२+	१+	३=	१६
(१०) सुत्तनिपातपालिबाटः	×+	३+	×=	३
(११) संयुत्तनिकायपालिबाटः	३०+	१३+	१३=	५६
जम्माः	११४+	३१+	३०=	१७५

१. म. नि. III. पृ. १७४: महासुञ्ञतसुत्तं ।

प्रस्तुत ग्रन्थमा समावेश भएका २३ पात्रहरू सम्बन्धी जम्मा ३० सूत्रहरूको अनुवाद भएको छ। तीमध्ये अङ्गुत्तरनिकायबाट ३, उदानपालिबाट १, चुल्लवग्गपालिबाट १, दीघनिकायबाट २, पाचित्तियपालिबाट १, मज्झिमनिकायबाट ६, महावग्गपालि-बाट ३ र संयुत्तनिकायपालिबाट १३ छन्।

यसको तालिका यसप्रकार छ—

---

१. यस पुस्तकको पृष्ठ।

२. नालन्दापालिको पृष्ठ।

५. पेस्स माहुतेपुत्र

६. पोतलिय गृहपति

७. बेलट्ठकच्चान

८. भद्रक गामणि

९. मणिचूल गामणि

१०. मानदिन्न गृहपति

११. मेण्डक गृहपति

१२. योधाजीव गामणि

१३. राजगृहसेठ

१४. रासिय गामणि

१५. वज्जियमाहित गृहपति

१६. वासेट्ठ उपासक

१७. सन्धान गृहपति

१८. साल्ह मृगारनाती

१९. सिङ्गालक गृहपतिपुत्र

२०. सिरिवड्ढ गृहपति

२१. सुप्पबुद्ध कुष्ठी

२२. सोण गृहपति

२३. हालिद्दिकानि गृहपति

× × ×

हुनत प्रस्तुत पुस्तक २०३६ साल अर्थात् ईस्वी १९७९ मई महीनातिर नै प्रकाशित भई सक्नु पर्ने थियो। किन्तु आफूलाई निके बिसंचो हुनाको कारणले केही दिन काम स्थगित राखनपर्‍यो।

गतसाल ईस्वी १९७८ सेप्टम्बर महीनामा जब म 'एशियन बुद्धिष्ट कन्फरेन्स फर पीस' (A. B. C. P.) को कार्यकारिणी बैठकको निमित्त मास्को गएको थिएँ त्यहाँदेखि मलाई संचो भएको थिएन र त्यसैबखत म मास्कोमा एक महीना जति अस्पतालमा बस्नुपऱ्यो। सोही वर्षको अक्टोबर महीनामा जापानमा हुने १२ रौं विश्वबौद्ध-सम्मेलनमा भागलिन म त्यहाँबाटै जापान गएँ। त्यहाँ पनि म अस्वस्थ नै भएँ र जापानबाट काठमाडौं फर्किसकेपछि पनि हृदय सम्बन्धी रोगको उपचार गरिरहेको थिएँ। पछि सो रोगले धेरै चापेकोले काठमाडौं स्थित बीर अस्पतालमा एक महीना जति बसी उपचार गराउँदै थिएँ र यसै बीच प्रस्तुत पुस्तकको छपाइको काम पनि प्रारम्भ भइसकेको थियो। तर केही दिन पछि काम गर्न सकिन र प्रूफ हेर्ने काम जम्मै प्राध्यापक श्री वटुकृष्ण 'भूषण' र आयुष्मान् कुमार काश्यपले गर्नुभयो। मूल सूत्रहरूको छपाइको काम २०३६ साल बैशाख महीनातिर नै सिद्धिसकेको थियो। किन्तु नामावली र शब्दावली तयार पार्ने काम बाँकी नै थियो। यसको प्रारम्भिक लेखाइको काम चाहीं आयुष्मान् कुमार काश्यपले गरिदिनु भएको थियो। तर अन्तिमरूप दिने काम चाहीं बाँकी नै थियो र यो काम थाती रहेको थियो।

यस साल अर्थात् ईस्वी १९७९ जून महीनातिर 'एशियन बुद्धिष्ट कन्फरेन्स फर पीस' को पाँचौ वार्षिक सभाको लागि मंगोलियाबाट आनन्दकुटी विहारगुठीका ६ जना सदस्यहरूलाई निम्तो आएको थियो। मंगोलिया जानलाई मास्को भएर जानु पर्छ। अतः मैले यो सोचें कि यसै मौकामा मास्को गई आफ्नो स्वास्थ्य परीक्षण गराउने छु। अतः

म र मंगोलिया जाने अरू प्रतिनिधिहरू जून ७ तारिखमा काठमाडौं छाडी जून ९ तारिखमा मास्को पुग्यौं। अरू प्रतिनिधिहरू मंगोलिया गए। म चाहीं स्वास्थ्य परीक्षण गराउनकोनिमित्त मास्कोमै बसें। स्वास्थ्य परीक्षण गराइसकेपछि १९७९ जुलाई ४ तारिखको दिन म काठमाडौं फर्केर आएं र थाती रहेको प्रस्तुत पुस्तकको काम शुरु गर्न थालें।

आयुष्मान् कुमार काश्यपद्वारा प्रारम्भिकरूपमा लेखिएका शब्दावलीहरूको प्रारम्भिक छनोट आयुष्मान् महानामले गरिदिनु भयो। अनि पछि मैले अकारादि क्रम मिलाई अन्तिम छनोट गरी नामावली र शब्दावली तयार पारें।

अहिलेसम्म बुद्धकालीन ग्रन्थहरूमध्ये बुद्धकालीन ब्राह्मण र बुद्धकालीन गृहस्थीहरूको संकलन तीन तीन भागमा सम्पूर्ण भएको छ। अरू बाँकी बुद्धकालीन राजपरिवार, बुद्धकालीन महिलाहरू, बुद्धकालीन परिब्राजकहरू, बुद्धकालीन श्रावक चरित, बुद्धकालीन श्राविका चरित तथा बुद्धकालीन ब्रह्मादिदेव पुस्तकहरूको प्रथम भाग मात्र प्रकाशित भएको छ। यी ग्रन्थहरूको संकलन पूरा गर्ने काम चाहीं बाँकी नै रहेको छ।

जुनसुकै काम सफल पार्नकोनिमित्त धेरै कारणहरूको संयोग आवश्यक पर्छ। कुनै एक कारणले मात्र कुनै काम सफल हुन सक्दैन। जस्तै कि यी पुस्तकहरू तयार पार्नकोनिमित्त तन, मन, धन, धैर्य, अनुकूल वातावरण, सुस्वास्थ्यता र सहयोगी आदिको संयोग महत्वपूर्ण रहन गएको छ।

बुद्धकालीन पहिलो ग्रन्थ २५।१२।२०२८ सालमा प्रकाशित भएको थियो। त्यस समयदेखि आजसम्म प्राध्यापक श्री बटुकृष्ण 'भूषण' एम्० ए० को निरन्तर सहयोग सबभन्दा महत्वपूर्ण कारण रहन गएको छ। अतः वहाँप्रति म आजीवन आभारी रहने छु।

प्रस्तुत पुस्तक तयार गर्नमा सक्दो सहयोग दिएकोमा आयुष्मान् कुमार काश्यप र आयुष्मान् महानामलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु। त्यस्तैगरी प्रस्तुत पुस्तकको प्राक्कथनलाई अंग्रेजीमा अनुवाद गरिदिनु भएकोमा प्राध्यापक श्री आशाराम शाक्य एम्० ए० लाई र दिनुहुँ प्रेसमा गई प्रूफ ल्याउने र लैजाने काम गरिदिएकोमा श्री खड्गबहादुर उपासललाई पनि हार्दिक धन्यवाद ज्ञापन गरेको छु। अन्तमा प्रस्तुत पुस्तक पनि आनन्दकुटी विहारगुठीको तरफबाट प्रकाशित गरिदिएकोमा गुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर सहित गुठीका सबै सदस्यहरूलाई हार्दिक धन्यवाद दिएको छु। प्रस्तुत पुस्तक छपाउनको लागि चाहिनेजति कागज उदारतापूर्वक प्रदान गर्नु भएकोमा श्री राधेश्याम सराफज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु।

"चिरंतिट्ठतु सद्धम्मो"

— भिक्षु अमृतानन्द

२०३६ भाद्र २ गते

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।
फोन : १४४२०

मूल ग्रन्थहरू—

अङ्गुत्तरनिकाय I, II, III, IV.

उदानपालि ।

चुल्लवग्गपालि ।

दीघनिकायपालि ।

पाचित्तियपालि ।

मज्झिमनिकायपालि I, II, III.

महावग्गवपालि ।

संयुत्तनिकायपालि I, II, III, IV.

(नालन्दा प्रकाशन)

सहायक ग्रन्थहरू—

अङगुत्तरनिकायट्ठकथा (हेवावितारण प्रकाशन I, II.)

अपदानपालि (नालन्दा प्रकाशन)

अपदानट्ठकथा (हेवावितारण प्रकाशन)

अभिधम्मत्थसंगहो ।

अभिधानप्पदीपिका (वास्कडुव सुभूति)

उदानट्ठकथा (हेवावितारण प्रकाशन)

जातकपालि (नालन्दा प्रकाशन I, II.)

जातकट्ठकथा (हेवावितारण प्रकाशन I, II, III, IV, V, VI, VII.)

थेरगाथापलि (नालन्दा प्रकाशन)

थेरगाथट्ठकथा (हेवावितारण प्रकाशन I, II.)

थेरीअपदानपालि (नालन्दा प्रकाशन)

दीघनिकायट्ठकथा (हेवावितारण प्रकाशन I, II.)

धम्मपदपालि (नालन्दा प्रकाशन)

धम्मपदट्ठकथा (जे. डि. फ्रनेण्डो प्रकाशन)

पटिसम्भिदामग्गपालि (नालन्दा प्रकाशन)

पपञ्चसूदनी (हेवावितारण प्रकाशन I, II, III, IV.)

बुद्धकालीन ग्रन्थहरू (आनन्दकुटी विहारगुठी प्रकाशन)

बुद्धवंसपालि (नालन्दा प्रकाशन)

बुद्धवंसट्ठकथा (हेवावितारण प्रकाशन)

मनोरथपूरणी (हेवावितारण प्रकाशन I, II.)

विभङ्गपालि (नालन्दा प्रकाशन)

विभङ्गट्ठकथा (नालन्दा प्रकाशन)

विमानवत्थुपालि (नालन्दा प्रकाशन)

विसुद्धिमग्गो (हेवावितारण प्रकाशन)

संयुत्तनिकायट्ठकथा (हेवावितारण प्रकाशन I, II, III.)

समन्तपासादिका (नालन्दा प्रकाशन I, II, III.)

सुत्तनिपातपालि (नालन्दा प्रकाशन)

सुत्तनिपातट्ठकथा (नालन्दा प्रकाशन I, II.)

अमरकोष– श्री मन्नालाल 'अभिमन्यु' एम्. ए. को हिन्दी टीका ।

Dictionary of Pali-Proper Names.

The Pali Text Society's Pali-English Dictionary.

संकेत-शब्दको अर्थ—

अ. क. = अट्ठकथा ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. नि–१ = अङ्गुत्तरनिकाय एककनिपात ।

अं. नि. अ. क.
अं. अ. क. } = अङ्गुत्तरनिकायट्ठकथा ।

अप. दा. पा. = अपदानपालि ।

अप. दा. अ. क. = अपदानट्ठकथा ।

अभि. ध. सं. = अभिधम्मट्ठसंगहो ।

अभि. धा. प. गा. नं. = अभिधानप्पदीपिका गाथा नम्बर ।

उदा. पा. = उदानपालि ।

उदा. अ. क.
उदा. अ. } = उदानअट्ठकथा ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

जा. पा. = जातकपालि ।

थेर. गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा ।

थेरी. अप. दा. पा. = थेरीअपदानपालि ।

थेरी. गा. अ. क. = थेरीगाथट्ठकथा ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

धम्म. प. पा. = धम्मपदपालि ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

पटि. म. पा. = पटिसम्भिदामग्गपालि ।

पाचि. पा. = पाचित्तियपालि ।

बु. ब्रा. भा–१ = बुद्धकालीन ब्राह्मण भाग–१, २, ३

बु. गृ. भा–१ = बुद्धकालीन गृहस्थीहरू भाग–१, २

बु. रा. भा–१ = बुद्धकालीन राजपरिवार भाग–१

बु. म. भा–१ = बुद्धकालीन महिलाहरू भाग–१

बु. प. भा–१ = बुद्धकालीन परिव्राजकहरू भाग–१

बु. श्रा. च. भा–१ = बुद्धकालीन श्रावक चरित भाग–१

बु. श्रावि. च. भा–१ = बुद्धकालीन श्राविकाचरित भाग–१

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

बु. वं. पा. = बुद्धवंसपालि ।

बु. वं. अ. क. = बुद्धवंसअट्ठकथा ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क. = मज्झिमनिकाट्ठकथा ।

महा. व. पा. = महावग्गपालि ।

मनो. र. पू. = मनोरथपूरणी ।

विभं. पा. = विभङ्गपालि ।

विमा. व. पा. = विमानवत्थुपालि ।

विसु. म. = विसुद्धिमग्ग ।

सं अ. क.
सं. नि. अ. क. } = संयुत्तनिकायट्ठकथा ।

सं. नि. = संयुत्तनिकाय ।

सम. पा. = समन्तपासादिका ।

सार. प. = सारत्थपकासिनी ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सुत्त. नि. = सुत्तनिपात ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

D. P. P. = Dictionary of Pali-Proper Names

त्रि-पिटक-सूची

सुत्तपिटक :

१—दीघनिकाय
२—मज्झिमनिकाय
३—संयुत्तनिकाय
४—अङगुत्तरनिकाय
५—खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १—महानिद्देस, २—चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विनयपिटक :

१—पाराजिकपालि, २—पाचित्तियपालि } सुत्तविभङ्ग
३—महावग्गपालि, ४—चुल्लवग्गपालि } खन्धक
५—परिवारपालि

अभिधम्मपिटक :

१—धम्मसङ्गणि
२—विभङ्ग
३—धातुकथा
४—पुग्गलपञ्ञत्ति
५—कथावत्थु
६—यमक
७—पट्ठान

विषय–सूची

बुद्धकालीन गृहस्थीहरू

[भाग-३]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. पञ्चकङ्ग थपति

परिचय

यी पञ्चकङ्ग थपति (=स्थपति) श्रावस्तीवासी हुन् र प्रसेनजित कोशल राजाका सिकर्मी नाइके पनि थिए भन्ने कुरा मज्झिमनिकाय III. पृ. २१२ को अनुरुद्धसुत्तमा उल्लेख भएको 'पञ्चकङ्ग थपति राजकीय कामकाजले गर्दा बहुकृत्य र बहुकरणीय छन्' भन्ने वाक्यबाट बुझ्न सकिन्छ । पपञ्चसूदनी भाग II. पृ. ७८ को बहुवेदनीयसुत्तवण्णनाले दिएको स्पष्टिकरण बमोजिम यिनको नाम 'पञ्चकङ्ग' हो र सिकर्मी नाइके भएकाले 'थपति' (=स्थपति) भनिएको हो। जुन कुरा अगाडिको पहिलो सूत्रको पादटिप्पणीमा उल्लेख गरिदिएको छ ।

यिनका सम्बन्धमा तीनवटा सूत्रहरू पाइएका छन् । जुन सूत्रहरू क्रमबद्ध तरिकाले अगाडि अनुदित गरिदिएको छ । ती सूत्रहरूका कुराहरूमाथि ध्यानदिंदा यिनी धर्मसम्बन्धी छलफल गर्न अति रुचाउँछन् भन्ने कुरा बुझिन्छ र समय समयमा यिनले छलफल गरेका कुराहरू अगाडिका सूत्रहरूका आधारमा स्पष्टसँग बुझ्न सकिन्छ ।

पहिंलो सूत्रमा यिनको र आयुष्मान् पण्डित उदायीको बीचमा वेदनाको सम्बन्धमा तर्कवितर्क भएको छ। यिनी भन्दथे—भगवान्ले दुइवटा मात्र वेदनाका कुरा भन्नुभएको छ। आयुष्मान् उदायी भन्नुहुन्थ्यो—भगवान्ले तीनवटा वेदनाका कुरा भन्नु भएको छ। यस तर्कवितर्कमा एक अर्काको कुरालाई स्वीकार गरिएको छैन। यो तर्कवितर्क सम्बन्धी कुरा आयुष्मान् आनन्दले सुनिरहनु भएको थियो र पछि वहाँले यो कुरा भगवान्लाई सुनाउनु भयो। अनि भगवान्ले दुवैको तर्क ठीक छ भन्ने कुरा दर्शाउनकोनिमित्त सातप्रकारले वेदनाको विभाजन गरी उपदेश गर्नुभयो। त्यसैले यस सूत्रको नाम 'बहुवेदनीय' भन्ने रहन गएको हो। अन्त्यमा भगवान्ले आयुष्मान् आनन्दलाई क्रमशः तल्लो स्तरदेखि माथिल्लो स्तरसम्मका १० प्रकारका सुख-वेदनाका कुरा पनि बताउनु भएको छ। ती मध्ये सबभन्दा तल्लो स्तरको सुख 'कामसुख' र सबभन्दा माथिल्लो स्तरको सुख 'संज्ञावेदयित निरोधसुख' लाई बताउनु भएको छ।

दोश्रो सूत्रमा—एकदिन पञ्चकङ्ग थपति भगवान्कहाँ जाने विचार गरी दिनको मध्याण्ह समयमा घरबाट निस्के। तर बाटोमा जाँदाजाँदै उनको मनमा 'बुद्ध तथा अरू भिक्षुहरूकहाँ जाने यो उचित समय होइन!' भन्ने लागेपछि उनी त्यतिञ्जेलसम्म श्रमणमण्डिकापुत्र उग्गाहमान परिब्राजकको आराममा गए। जुन आराम अर्थात् उदयान प्रसेनजित कोशल राजाकी महिषी मल्लिकादेवीको थियो[1]। त्यसैले

---

१. पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना र सुमं० वि. I. पृ. २३८: पोट्ठपादसुत्तवण्णना।

अगाडिको सूत्रमा 'मल्लिकाको आराममा' भनी उल्लेख भएको हो ।

जब पञ्चकङ्ग थपति त्यस आरामतिर जाँदैथिए तब त्यसबखत त्यहाँ भेला भई बसिरहेका परिव्राजकहरू चिच्याउँदै कराउँदै अनेक-प्रकारका तिरश्चीन कुराहरू गरी बसिरहेका थिए। अनि उग्गाहमान परिव्राजकले जब उनी आइरहेको देखे तब उनले आफ्नो परिषद्लाई निःशब्द पारे । पञ्चकङ्ग थपति त्यहाँ पुगेपछि उग्गाहमान परिव्राजकले आफ्नो शिष्य बनाउने विचार गरी[1] उनलाई चार कारणले युक्त हुने पुरुषलाई सम्पन्न कुशल श्रमण भन्दछु भनी उपदेश गर्नथाले । तर उनले त्यस उपदेशलाई न खण्डन गरे न त प्रशंसा नै[2] । त्यसपछि उनी त्यहाँबाट जेतवनाराममा बसिरहनु भएका भगवान्कहाँ गई उग्गाहमान परिव्राजकले भनेका कुराहरू जम्मै सुनाए । अनि भगवान्ले परिव्राजकको कुरालाई दुधेबालकको कुरासँग दाँजी सम्पन्न कुशल हुने श्रमणमा दशधर्महरू हुनुपर्छ भन्ने उपदेश गर्नुभयो । जुन कुरालाई पञ्चकङ्ग थपतिले अभिनन्दन गरे ।

तेश्रो सूत्रमा—एकदिन पञ्चकङ्ग थपतिले अनुरुद्ध महास्थविर सहित चार जना भिक्षुहरूलाई निम्त्याई भोजन गराए । अनि त्यसबेला उनले महास्थविरसँग 'अप्रमाण' र 'महद्गत' भनेको एउटै हो कि भिन्न हो भन्ने प्रश्न सोधे । जसको उत्तर महास्थविरले विस्तार-पूर्वक दिनुभयो र ती दुइ भिन्न हुन् भन्ने कुरा पनि बताउनु भयो ।

---

१. पपं.सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना ।

२. पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णना ।

'अप्रमाण' भनी चतुब्रह्मविहारलाई र 'महद्गत' भनी प्रथमादि ध्यानिक कसिण ध्यानहरूलाई भनिएको हो । जसको उदाहरणकोनिमित्त वहाँले 'परित्ताभा' र 'अप्रमाणाभा' ध्यानद्वारा प्राप्त हुने ब्रह्मलोकको कुरा बताउनु भयो ।

त्यसबखत त्यहाँ सभिय कात्यायन स्थविर पनि उपस्थित हुनुहुन्थ्यो । त्यसैले सूत्रमा सभिय कात्यायन स्थविरले बीचमा प्रश्न सोध्नु भएको कुरा उल्लेख भएको हो । यसबाट यो कुरा प्रष्टहुन्छ कि निम्त्याएका चारजना भिक्षुहरूमध्ये सभिय कात्यायन पनि एक हुनुहुन्थ्यो । अरू कुराहरू अगाडि अनुदित सूत्रहरूमै वर्णित भएका छन् र सम्बन्धित ठाउँहरूमा दिइएका पादटिप्पणीहरूले अन्य अस्पष्ट कारणहरू-लाई प्रष्ट पार्न सहयोग गर्ने छन् भन्ने आशा लिएको छु ।

× × ×

मूल सूत्र—

१–बहुविध वेदना

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनुभएको थियो । अनि पञ्चकङ्ग थपति[२] (=पञ्चकङ्ग स्थपति) जहाँ आयुष्मान् उदायी (=पण्डित उदायी) हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् उदायीलाई अभिवादन

---

१. म. नि. II. पृ. ७२: बहुवेदनियसुत्तं, अ. क. III. पृ. ७८; यही सूत्रलाई सं. नि. III. पृ. १९८: वेदनासंयुत्तमा 'पञ्चकङ्गसुत्तं' भनी उल्लेख भएको छ ।

२. (१) बसिला, (२) बञ्चरो, (३) खन्ती, (४) मुग्रो र (५) कालो धागो—यी पाँचवटा अङ्गहरूले युक्त भएको हुनाले 'पञ्चकङ्ग' भनिएको हो । यो उनको नाम हो । सिकर्मी नाइके भएको हुनाले 'थपति' (=स्थपति) भनिएको हो भनी पपं. सू. III. पृ. ७८: बहुवेदनियसुत्तवण्णनाले र सं. अ. क. III. पृ. ८६: पञ्चकङ्गसुत्तवण्णना रहोगतवग्गले उल्लेख गरेका छन् ।

गरी एक छेउमा बसे। एक छेउमा बसेका पञ्चकङ्ग थपतिले आयुष्मान् उदायीलाई यस्तो भने—

"भन्ते उदायी! भगवान्ले कति वेदनाहरू बताउनु भएको छ?"

"थपति! भगवान्ले तीन वेदनाहरू बताउनु भएको छ—(१) सुख-वेदना, (२) दुःख-वेदना र (३) अदुःख-असुख-वेदना। थपति! भगवान्ले यी तीन वेदनाहरू बताउनु भएको छ।"

यस्तो भन्नुहुँदा पञ्चकङ्ग थपतिले आयुष्मान् उदायीलाई यस्तो भने—

"भन्ते उदायी! भगवान्ले तीन वेदनाहरू बताउनु भएको छैन। भगवान्ले दुइ वेदनाहरू बताउनु भएको छ—(१) सुख-वेदना र (२) दुःख-वेदना। भन्ते! जो त्यो अदुःख-असुख-वेदना हो त्यो त भगवान्ले शान्त प्रणीत सुख-वेदनाको विषय हो भनी बताउनु भएको छ।"

दोश्रो पटक पनि आयुष्मान् उदायीले पञ्चकङ्ग थपतिलाई यस्तो भन्नुभयो—

"थपति! भगवान्ले दुइ वेदनाहरू बताउनु भएको छैन। भगवान्ले तीन वेदनाहरू बताउनु भएको छ—सुख-वेदना, दुःख-वेदना तथा अदुःख-असुख-वेदना। थपति! यिनै तीन वेदनाहरू भगवान्ले बताउनु भएको छ।"

दोश्रो पटक पनि पञ्चकङ्ग थपतिले आयुष्मान् उदायीलाई यस्तो भने—

"भन्ते उदायी ! भगवान्ले तीन वेदनाहरू बताउनु भएको छैन । भगवान्ले दुइ वेदनाहरू बताउनु भएको छ—सुख-वेदना र दुःख-वेदना । भन्ते ! जो त्यो अदुःख-असुख-वेदना हो त्यो त भगवान्ले शान्त प्रणीत सुख-वेदनाको विषय हो भनी बताउनु भएको छ ।"

तेश्रो पटक पनि आयुष्मान् उदायीले पञ्चकङ्ग थपतिलाई यस्तो भन्नुभयो—

"थपति ! भगवान्ले दुइ वेदनाहरू बताउनु भएको छैन । भगवान्ले तीन वेदनाहरू बताउनु भएको छ—सुख-वेदना, दुःख-वेदना तथा अदुःख-असुख-वेदना । थपति ! यिनै तीन वेदनाहरू भगवान्ले बताउनु भएको छ ।"

तेश्रो पटक पनि पञ्चकङ्ग थपतिले आयुष्मान् उदायीलाई यस्तो भने—

"भन्ते उदायी ! भगवान्ले तीन वेदनाहरू बताउनु भएको छैन । भगवान्ले दुइ वेदनाहरू बताउनु भएको छ—सुख-वेदना र दुःख-वेदना । भन्ते ! जो त्यो अदुःख-असुख-वेदना हो त्यो त भगवान्ले शान्त प्रणीत सुख-वेदनाको विषय हो भनी बताउनु भएको छ ।"

न आयुष्मान् उदायीले पञ्चकङ्ग थपतिलाई सम्झाउन सक्नुभयो न पञ्चकङ्ग थपतिले आयुष्मान् उदायीलाई नै सम्झाउन सके ।

पर्यायदेशित वेदनाहरू

अनि आयुष्मान् आनन्दले आयुष्मान् उदायी र पञ्चकङ्ग थपतिको बीचमा यस्तो कुरा भइरहेको सुन्नुभयो। अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले पञ्चकङ्ग थपति र आयुष्मान् उदायीको बीचमा जे जति कुराकानी भएका थिए ती सबै भगवान्-लाई सुनाउनु भयो। यस्तो भन्नुहुँदा आयुष्मान् आनन्दलाई भगवान्ले यस्तो भन्नुभयो—

"आनन्द! पञ्चकङ्ग थपतिले उदायीको कुरालाई अनुमोदन नगर्नाको कारण छ, उदायीले पनि पञ्चकङ्ग थपतिको कुरालाई अनुमोदन नगर्नाको कारण छ। आनन्द! (१) पर्यायद्वारा मैले दुइ वेदनाहरूलाई[१] पनि बताएको छु, (२) पर्यायद्वारा मैले तीन वेदना-हरूलाई[२] पनि बताएको छु, (३) पर्यायद्वारा मैले पाँच वेदनाहरूलाई[३]

---

१. यहाँ कायिक र चेतसिकको हिसाबले दुइ वेदना भनिएको हो भन्ने कुरा बुझ्नपर्छ भनी पपं. सू. III. ७८: बहुवेदनीयसुत्त-वण्णनाले उल्लेख गरेको छ।

२. सुख, दुःख र असुख-अदुःखको हिसाबले तीन वेदना भनिएको हो। (अभि. ध. सं. ततियपरिच्छेदो; बु. श्रावि. भा–१, पृ. ३००)

३. इन्द्रियको हिसावले यहाँ, सुखइन्द्रिय, दुःखइन्द्रिय, सौमनस्यइन्द्रिय, दौर्मनस्यइन्द्रिय र उपेक्षाइन्द्रियलाई पाँच वेदना भनिएको हो भनी उपर्युक्त अट्ठकथाले उल्लेख गरेको छ। (दी. नि. III. पृ. १८५: सङ्गीतिसुत्तंमा पनि छ)

पनि बताएको छु (४) पर्यायद्वारा मैले छ वेदनाहरूलाई[1] पनि बताएको छु, (५) पर्यायद्वारा मैले अठार वेदनाहरूलाई[2] पनि बताएको छु, (६) पर्यायद्वारा मैले छत्तीस वेदनाहरूलाई[3] पनि बताएको छु, (७) पर्यायद्वारा मैले एकशय आठ वेदनाहरूलाई[4] पनि बताएको छु। आनन्द ! यसरी मैले पर्यायद्वारा (=विविधाकारले) धर्मदेशना गरेको छु। आनन्द ! यसरी पर्यायरूपले देशना गरिराखेको मेरो धर्ममा जसले एक अर्काको सुभाषित र सु-लपित (कुरा) लाई स्वीकार गर्दैन, मान्दैन तथा अनुमोदन गर्दैन भने—उनीहरूको बीचमा - झगडा हुनसक्छ, कलह हुनसक्छ, विवाद हुनसक्छ र एक अर्कालाई वचनरूपी तीरले झोस्दै बस्नसक्छ भन्ने कुराको अपेक्षा गर्न सकिन्छ। आनन्द ! यसरी मैले पर्यायरूपले धर्मदेशना गरेको छु। आनन्द ! यसरी पर्यायरूपले देशना गरेको धर्ममा जसले एक अर्काको सु-भाषित, सु-लपित (कुरा) लाई

---

१. यहाँ द्वारको हिसाबले वेदनाहरू बताइएका छन्। जस्तै—चक्षुसंस्पर्शजन्य-वेदना, श्रोतसंस्पर्शजन्य-वेदना, घ्राणसंस्पर्शजन्य-वेदना, जिह्वासंस्पर्शजन्य-वेदना, कायसंस्पर्शजन्य-वेदना र मनः-संस्पर्शजन्य-वेदनालाई ६ वेदना भनिएको हो। (दी. नि. III. पृ. १८८: सङ्गीतिसुत्तं)

२. चक्षुले रूप देख्दा सौमनस्य स्थानीय रूपमा चित्त जान्छ (चक्खुना रूपं दिस्वा सोमनस्सट्ठानियं रूपं उपविचरति), श्रोतले शब्द सुन्दा..., घ्राणले गन्ध सुँघ्दा..., जिह्वाले रस चाख्दा..., कायले स्पर्श गर्दा...तथा मनले धर्म जान्दा सौमनस्यस्थानीय धर्ममा चित्त

जान्छ भन्ने आदि छवटालाई 'छ सोमनस्सुपविचारा' भनी भन्दछन् ।

यस्तै गरी दौर्मनस्यस्थानीय छवैवटा विषयमा जाने चित्तलाई 'छ दोमनस्सुपविचारा' भनी भन्दछन् ।

यस्तै गरी उपेक्षास्थानीय छवैवटा विषयमा जाने चित्त-लाई 'छ उपेक्खुपविचारा' भनी भन्दछन् ।

अतः यी 'छ सोमनस्सुपविचारा, छ दोमनस्सुपविचारा तथा छ उपेक्खुपविचारा' लाई 'अठार वेदना' भनिएको हो । (विभं. पा. पृ. ४५८: खुद्दकवत्थुविभङ्गो) पपं. सू. III. पृ. ७८: बहुवेदनियसुत्तवण्णना ।

३. 'छत्तीसवेदनाहरू' भनी—छवटा गृहनिश्रित सौमनस्यहरू, छवटा नैष्क्रम्यनिश्रित सौमनस्यहरू; छवटा गृहनिश्रित दौर्मनस्यहरू, छवटा नैष्क्रम्यनिश्रित दौर्मनस्यहरू; छवटा गृहनिश्रित उपेक्षाहरू, छवटा नैष्क्रम्यनिश्रित उपेक्षाहरूलाई 'छत्तीस वेदनाहरू' भनिएको हो । पपं, सू. III. पृ. ७८: बहुवेदनियसुत्तवण्णना । (विभं. पा. पृ. ४५९: खुद्दकवत्थुविभङ्गो)

४. 'एकशय आठ वेदनाहरू' भनी—उपर्युक्त छत्तीस वेदनाहरूलाई अतीतका छत्तीसवटा, अनागतका छत्तीसवटा तथा वर्तमानका छत्तीसवटाको हिसावले जोडदा जम्मा एकशय आठ (१०८) हुन्छन् । यसैलाई 'एकशय आठ वेदनाहरू' भनिएको हो । पपं. सू. III. पृ. ७८: बहुवेदनियसुत्तवण्णना ।

स्वीकार गर्छ, मान्छ तथा अनुमोदन गर्छ भने उनीहरू मेलमिलाप भई सम्मोदन गरी, विवाद नगरी, दूधमा पानी जस्तै भई एक अर्कालाई प्रियचक्षुले हेरी बस्ने छन् भन्ने कुराको आशा लिन सकिन्छ ।

सुन्दरतर र प्रणीततर सुखहरू

(१) पञ्चकामसुख—"आनन्द ! यी पञ्चकामगुणहरू हुन् । कुन पांच भने ? —(१) इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित तथा रजनीय चक्षुविज्ञेय रूपहरू छन्, (२) इष्ट, कान्त, मनाप...तथा रजनीय श्रोतविज्ञेय शब्दहरू छन्, (३) इष्ट, कान्त, मनाप...तथा रजनीय घ्राणीविज्ञेय गन्धहरू छन्, (४) इष्ट, कान्त ,मनाप...तथा रजनीय जिह्वाविज्ञेय रसहरू छन्, (५) इष्ट, कान्त, मनाप...तथा रजनीय कायविज्ञेय स्पर्शहरू छन् । आनन्द ! यिनै हुन् पञ्चकामगुण-हरू । आनन्द ! जो यी पञ्चकामगुणहरूको कारणले उत्पन्न हुने सुख-सौमनस्य हो—यसलाई 'कामसुख' भन्दछन् ।

(२) प्रथमध्यानसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु कामहरूबाट अलग भई, अकुशलहरूबाट अलग भई, सवितर्क सविचार युक्त विवेकज:

(=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। आनन्द! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ।

(३) द्वितीयध्यानसुख—"आनन्द! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन। किनभने? आनन्द! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ। आनन्द! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त? आनन्द! यहाँ भिक्षु वितर्क विचारलाई उपशान्त गरी, अभ्यन्तर-सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क-विचार रहित समाधिजः प्रीति-सुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ। आनन्द! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ।

(४) तृतीयध्यानसुख—"आनन्द! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन। किनभने? आनन्द! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ। आनन्द! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त? आनन्द! यहाँ भिक्षु प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिवान् र प्रज्ञावान् भई—शरीरद्वारा सुखानुभव गर्छ—जसलाई आर्यहरू—'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यसप्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ। आनन्द! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ।

(५) चतुर्थध्यानसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सौमनस्य र दौर्मनस्यलाई पहिले नै अन्त गरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

(६) आकाशानन्त्यायतनसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सर्वप्रकारले रूपसंज्ञालाई समतिक्रम गरी, प्रतिघ (=मानसिक द्वेषभाव, घर्षण) संज्ञालाई अन्तगरी, नानात्व-संज्ञालाई मनन नगरी—'आकाश अनन्त हो' भनी 'आकाशानन्त्यायतन' (समापत्ति) प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

(७) विज्ञानन्त्यायतनसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर

तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सबैप्रकारले आकाशानन्त्यायतनलाई समतिक्रम गरी—'विज्ञान अनन्त हो' भनी 'विज्ञानन्त्यायतन' (समापत्ति) प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

(८) आकिञ्चन्यायतनसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सबैप्रकारले विज्ञानन्त्यायतनलाई समतिक्रम गरी—'केही छैन' भनी 'आकिञ्चन्यायतन' (समापत्ति) प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

(९) नैवसंज्ञानासंज्ञायतनसुख—"आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने—यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सर्वप्रकारले आकिञ्चन्यायतनलाई समतिक्रम गरी—'नैवसंज्ञानासंज्ञायतन' (न त संज्ञा छ न संज्ञा छैन) भन्ने (समापत्ति) प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

(१०) संज्ञावेदयितनिरोधसुख – "आनन्द ! यदि कसैले 'सत्वहरूद्वारा भोग गरिने परम सुख-सौमनस्य यही नै हो' भनी भन्दछ भने – यो कुरालाई म स्वीकार्दिन । किनभने ? आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर सुख अर्कै छ । आनन्द ! त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर अर्को सुख कुन हो त ? आनन्द ! यहाँ भिक्षु सबैप्रकारले नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रम गरी—'संज्ञावेदयितनिरोध' (=संज्ञा र वेदनाको निरोध[1]) भन्ने (समापत्ति) प्राप्त गरी बस्छ । आनन्द ! यही त्यो सुख हो जो त्यो सुखभन्दा सुन्दरतर तथा प्रणीततर छ ।

"आनन्द ! (यस सम्बन्धमा) अन्य तीर्थीय परिब्राजकहरूले यस्तो भन्न सक्छन् कि—'श्रमण गौतम संज्ञावेदयितनिरोध भन्दछन्, अनि त्यो सुखमय पनि भन्दछन् । त्यो कसरी हुनसक्ला, त्यो कसरी हुनसक्ला ?' आनन्द ! यस्तो भन्ने अन्यतीर्थीय परिब्राजकहरूलाई यस्तो भन्नुपर्छ—'आवुसो ! सुख वेदनालाई मात्र भगवान्ले 'सुख' भन्नुहुन्न । आवुसो ! बल्कि जहाँ जहाँ सुख[2] उपलब्ध हुन्छ त्यस त्यसलाई तथागतले सुख हो भनी भन्नुहुन्छ' ।"

भगवान्ले यति भन्नुभयो । अनि सन्तुष्ट भई आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो ।

× × ×

---

१. हेर्नू बु. श्रावि. भा–१, पृ. ३७५: को पादटिप्पणीमा ।

२. यहाँ 'सुख' भन्नाले 'विदितसुख' अथवा 'अविदितसुख'—यी दुवै

प्रकारका सुखलाई 'सुख' भनिएको हो । पपं. सू. III. पृ. ७९: बहुवेदनीयसुत्तवण्णना ।

द्रष्टव्य—

यस सूत्रमा 'विदितसुख' अर्थात् अनुभव हुने सुख र 'अविदितसुख' अर्थात् अनुभव नहुने सुखलाई 'सुख' भनिएको हो ।

चतुर्थध्यानदेखि लिएर 'अदुःख असुख-वेदना' हुन्छ । शान्तको हिसाबले र उत्तमता तथा सूक्ष्मताको हिसाबले यो वेदना-लाई प्रणीत 'सुख' भनिएको हो ।

संज्ञावेदयितनिरोधसुखलाई अविदितसुखको हिसाबले प्रणीततर 'सुख' भनिएको हो ।

पञ्चकामगुणको हिसाबले र अष्टसमापत्तिको हिसाबले उत्पन्न हुने 'सुख' 'विदित सुख' हो । निरोधसुख चाहिं 'अविदित सुख' हो । अतः चाहे 'विदित सुख' होस् चाहे 'अविदित सुख' होस्—दुःख रहित अवस्थालाई सुख सम्झिने भएको हुनाले यस सूत्रमा 'जहाँ जहाँ सुख उपलब्ध हुन्छ त्यस त्यसलाई तथागतले 'सुख हो' भनी भन्नुहुन्छ' भनी भनिएको हो भनी पपं. सू. III. पृ. ७८–७९: बहुवेदनीयसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यस्तैगरी सं. अ. क. III. पृ. ८७: पञ्चकङ्गसुत्तवण्णनाले पनि लेखेको छ ।

१

मूल सूत्र—

२—उग्गाहमान परिब्राजकको वाद

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो । त्यस समय श्रमणमुण्डिकापुत्र[२] उग्गाहमान[३] परिब्राजक तिन्दुकाचीरको[४] समय-प्रवादक[५] (भन्ने) एकशालक[६] (नामक) मल्लिकाको आराम[७] (=उद्यान) मा पाँचशय महान परिब्राजक-परिषद्को साथ बस्दथे ।

---

१. म. नि. II. पृ. २४७: समणमुण्डिकसुत्तं, अ. क. III. पृ. १८२; सिंहल र रोमनमा: 'समणमण्डिकासुत्तं' । अट्ठकथामा: 'समण-मण्डिकसुत्तं' ।

२. सिंहल र रोमनमा: 'श्रमणमण्डिकापुत्र' ।

३. 'उग्गाहमान' भनेको परिब्राजकको नाम हो । अलि अलि पढ्नसक्ने भएका हुनाले यिनलाई 'उग्गाहमान' भनिएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४. तिम्बरु (=डुम्री) रुखहरूको पंक्तिले घेरिएको हुनाले 'तिन्दुकाचीर' भनिएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ। स्याममाः 'तिण्डुकाचीर'।

५. सिद्धान्तहरूलाई 'समय' भन्दछन्। अतः 'समय' अर्थात् सिद्धान्तहरूको प्रवचन गरिने ठाउँ भएको हुनाले 'समय प्रवादक' भनिएको हो। (समय पवदन्ति एत्थाति समयप्पवादकं) यो ठाउँमा **चङ्की, तारुक्ख, पोक्खरसाती** प्रभृति ब्राह्मणहरू र निगण्ठ चेलक परिव्राजक आदि परिब्राजकहरू भेला भई आ-आफ्ना सिद्धान्तका व्याख्यान गर्छन्। यसरी आ-आफ्ना सिद्धान्तका कुराहरूको प्रवचन गर्ने ठाउँ भएकोले त्यस ठाउँलाई 'समय प्रवादक' भनिएको हो। पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना।

६. उपरोक्त तिन्दुकाचीरमा अर्थात् तिम्बरु रुखहरूले घेरिएको स्थानमा पहिले एउटा शाला थियो। पछि महापुण्यवान् **पोट्ठपाद** परिब्राजकको कारणमा अनेक शालाहरू बनाइएका थिए। अघि शुरु शुरुमा एउटै शाला मात्र भएको हुँदा एउटै शालाको नामले 'एकशालक' भन्ने नाम रहन गएको थियो। अतः पछि धेरै शालाहरू बने पनि 'एकशालक' भन्ने नाम नै रहन गएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले र सुमं. वि. I. पृ. २३८: पोट्ठपादसुत्तवण्णनाले उल्लेख गरेका छन्। (पोट्ठपाद परिब्राजकको कुरा दी. नि. I. पृ. १५०: पोट्ठपादसूत्रमा उल्लेख भएको छ।)

७. यो आराम अथवा उद्यान प्रसेनजित् कोशल राजाकी महिषी

अनि पञ्चकङ्ग थपति (=पञ्चकङ्ग स्थपति) भगवान्‌को दर्शन गर्नकोनिमित्त मध्यान्ह समयतिर (दिवा दिवस्स) श्रावस्तीबाट निस्के। अनि पञ्चकङ्ग थपतिलाई यस्तो लाग्यो—"भगवान्‌को दर्शन गर्ने यो समय होइन। भगवान् (अहिले) ध्यानमा बसिरहनु भएको होला। मनोभावनीय[1] (=मन पराउँदा) भिक्षुहरूको दर्शन गर्ने समय पनि होइन। मनोभावनीय भिक्षुहरू पनि (अहिले) ध्यानमा बसिरहनु भएको होला। अतः किन म जहाँ तिन्दुकचीरको समयप्रवादक एकशालक (नामक) भन्ने मल्लिकाको आराम हो जहाँ श्रमणमुण्डिकापुत्र उग्गाहमान परिब्राजक बसेका छन् त्यहाँ नजाऊँ। अनि पञ्चकङ्ग पुत्र थपति जहाँ तिन्दुकचीरका समयप्रवादक एकशालक (नामक) भन्ने मल्लिकाको आराम हो जहाँ श्रमणमुण्डिकापुत्र उग्गाहमान परिब्राजक थिए त्यहाँ गए।

मल्लिका देवीको हो। यस आराममा फल-फूलहरू धेरै थिए। अतः मल्लिकाको आराम भएको हुँदा 'मल्लिकाको आराममा' भनी सूत्रमा उल्लेख भएको हो। पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना र सुमं. वि. I. पृ. २३८: पोट्ठपादसुत्तवण्णना। (मल्लिकाका कुरा बु. रा. भा–१, पृ. १५५ मा हेर्नू।)

१. जसको स्मरण गर्दा नीवरणहरू हट्छन् र चित्त प्रसन्न हुन्छ अथवा जसलाई भेट गर्दा चित्त प्रफुल्लित हुन्छ त्यस्तालाई 'मनोभावनीय' भन्दछन्। पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना।

त्यस समय श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजक उन्नाद गरिरहेका र चिच्याइरहेका महत् परिव्राजक-परिषद्को बीचमा बसिरहेका थिए। उनीहरू अनेकप्रकारका तिरश्चीन कुरा गरी बसिरहेका थिए। जस्तै -- (१) राजकथा, (२) चोरकथा, (३) महामात्यकथा, (४) सेनाकथा, (५) भयकथा, (६) युद्धकथा, (७) अन्नकथा, (८) पानकथा, (९) वस्त्रकथा, (१०) शयनासनकथा, (११) मालाकथा, (१२) गंधकथा, (१३) ज्ञातिकथा, (१४) यानकथा, (१५) ग्रामकथा, (१६) निगमकथा, (१७) नगरकथा, (१८) जनपदकथा, (१९) स्त्रीकथा, (२०) शूरकथा (=बहादुरीकथा), (२१) चौबाटोकोकथा, (२२) पंधेराकोकथा, (२३) पूर्वप्रेतकथा, (२४) नानात्वकथा, (२५) लोकाख्यायिकथा, (२६) समुद्राख्यायिकथा, (२७) भवाभव-कथा[१] आदि। अनि श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकले पञ्चकङ्ग थपतिलाई टाढैबाट आइरहेका देखे। देखेर आफ्नो परिषद्-लाई शान्त पारे—

"तपाइहरू निःशब्द हुनुहोस्, तपाइहरू हल्ला नगर्नुहोस्। श्रमण गौतमका श्रावक यी पञ्चकङ्ग थपति आउँदैछन्। श्रमण गौतमका जति शुद्धजीवि गृही श्रावकहरू श्रावस्तीमा छन् तीमध्ये यी पञ्चकङ्ग थपति पनि एक हुन्। ती आयुष्मान्हरू निःशब्दकामी छन्, निःशब्दताद्वारा विनीत छन् र निःशब्दताकै वर्णवादी हुन्। निःशब्द परिषद् देखेर शायद उनी यहाँ आउन सक्छन्।"

---

१. भवाभवकथा भनेको कस्तो हो भन्ने सम्बन्धमा बु. प. भा-१, पृ. ४२० को पादटिप्पणीमा हेर्नू।

अनि ती परिब्राजकहरू चुपलागे ।

अनि पञ्चकङ्ग थपति जहाँ श्रमणमुण्डिकापुत्र उग्गाहमान परिब्राजक थिए त्यहाँ गए । त्यहाँ पुगेपछि श्रमणमुण्डिकापुत्र उग्गाहमान परिब्राजकसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका पञ्चकङ्ग थपतिलाई श्रमणमुण्डिकापुत्र उग्गाहमान परिब्राजकले यस्तो भने[१] —

सम्पन्न कुशल पुरुष

"गृहपति ! चार अङ्गले युक्त पुरुष-पुद्‌गललाई सम्पन्नकुशल, परमकुशल, उत्तम प्राप्त र अयोध्य (=जोसँग वादरूपी युद्ध गर्न सकिँदैन) श्रमण भनी म भन्दछु । कुन चारले भने—(१) गृहपति ! यहाँ शरीरद्वारा पापकर्म गर्दैन, (२) पापकवाचः बोल्दैन, (३) पापसंकल्प गर्दैन र (४) पापक आजीविका गर्दैन[२] । गृहपति ! यिनै चार

---

१. यी पञ्चकङ्ग थपति चलाक छैनन् । उपदेशद्वारा यिनको संग्रह गरी यिनलाई आफ्नो शिष्य बनाउन पर्‍यो भन्ने कुरा सोचेर परिब्राजकले यसो भनेका हुन् भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. यहाँ 'गर्दैन' भनी केवल 'नगर्नुलाई' मात्र भनिएको हो । तर कुन ढँगले नगर्ने भन्ने कुरा भने यहाँ बताइएको छैन । संयम-प्रहाणबाट नगर्ने अथवा प्रतिसंख्यान-प्रहाणबाट नगर्ने सो प्रष्ट छैन । पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णना ।

अङ्गले युक्त पुरुष-पुद्गललाई सम्पन्नकुशल, परमकुशल, उत्तमता प्राप्त र अयोध्य श्रमण भनी म भन्दछु ।"

अनि पञ्चकङ्ग थपतिले श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकको भाषणलाई न अभिनन्दन गरे[1] न खण्डन नै[2] । "भगवान्-कहाँ गई यस कुराको अर्थ बुझ्नेछु" भन्ने सोची अभिनन्दन पनि नगरी खण्डन पनि नगरी आसनबाट उठी उनी फर्केर गए । अनि पञ्चकङ्ग थपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पञ्चकङ्ग थपतिले जति कुराहरू श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकसँग भएका थिए ती सबै कुराहरू भगवान्लाई सुनाए ।

यस्तो भन्दा पञ्चकङ्ग थपतिलाई भगवान्ले यस्तो भन्नुभयो—

"थपति ! यस्तो भएमा श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकको कथनानुसार त उत्तानोपरी सुत्ने स्यानो अबोध बालक अर्थात्

---

१. तीर्थीयहरूले जानेर वा नजानेर जे पायो त्यो भन्दछन् भन्ने सोचेर अभिनन्दन नगरेका हुन् भनी पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. शासनमा जस्तै अनुलोम गरी प्रसन्नाकारले भन्दछन् भन्ने सोचेर खण्डन वा प्रतिक्षेप नगरेका हुन् भनी पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

दुधेबालक सम्पन्नकुशल, परमकुशल, उत्तम प्राप्त र अयोध्य श्रमण हुन आउँछ। (१) थपति! स्यानो अबोध दुधेबालकलाई शरीर[1] भन्ने (ज्ञान) त हुन्न भने कहाँबाट उसले शरीरद्वारा पापकर्म गर्ला? सिवाय छट्पटिने मात्र[2]। (२) थपति! स्यानो अबोध दुधेबालकलाई वचन[3] भन्ने (ज्ञान) त हुन्न भने कहाँबाट उसले वचनद्वारा पापकवचन बोल्ला? सिवाय रुने मात्र[4]। (३) थपति! स्यानो अबोध दुधेबालकलाई संकल्प[5] भन्ने (ज्ञान) त हुन्न भने कहाँबाट उसले पापकसंकल्प गर्ला?

---

१. आफ्नो शरीर भन्ने र अर्काको शरीर भन्ने विशेष ज्ञान उसमा हुन्न। पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णना।

२. वछ्यानको कारणले वा स्पर्शको कारणले अथवा उडुसको टोकाइको कारणले शरीर छट्पटिने हुन्छ। यो बाहेक शरीरद्वारा अरू कुनै प्रकारको क्रृया हुन्न। त्यो पनि क्लेशसहगत चित्तले नै हुन्छ। पपं. सू. III. पृ. १८३.

३. मिथ्यावचन र सम्यक्वचन भन्ने नानात्व उसमा हुन्न। पपं. सू. III. पृ. १८३.

४. भोक र प्यासको कारणले गर्दा रुने मात्र हुन्छ। त्यो पनि क्लेश सहगत चित्तले नै हुन्छ। पपं. सू. III. पृ. १८३: समणमण्डिक-सुत्तवण्णना।

५. मिथ्यासंकल्प र सम्यक्संकल्प भन्ने नानात्व ज्ञान उसमा हुन्न। पपं. सू. III. पृ. १८३: समणमण्डिकसुत्तवण्णना।

सिवाय हाँस्ने मात्र[1]। (४) थपति! स्यानो अबोध दुधेबालकलाई जीविका[2] भन्ने (ज्ञान) त हुन्न भने कहाँबाट उसले पापक आजीविका गर्ला? सिवाय आमाको दूध[3] (चोर्ने)। थपति! यस्तो भएमा श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकको कथनानुसार त स्यानो अबोध दुधेबालक सम्पन्न कुशल, परमकुशल, उत्तमकुशल र अयोध्य श्रमण हुन आउँछ।

"थपति! म पनि चार अङ्गले युक्त पुरुष-पुद्गललाई प्रज्ञापन गर्छु तर सम्पन्नकुशल, परमकुशल, उत्तम प्राप्त र अयोध्य श्रमण भने होइन। परन्तु उही स्यानो अबोध दुधेबालकलाई विशेषरूपले ग्रहण गरी बस्छ। कुन चारले भने?—(१) थपति! यहाँ कायद्वारा पापकर्म

१. केवल हाँस्ने मात्र हुन्छ। स्यानो दुधेबालकको चित्तारम्मण अतीतको विषयसँग सम्बन्धित हुन्छ। अतः नरकबाट आएको भए नरकको दुःख स्मरण गरी रुन्छ; देवलोकबाट आएको भए स्वर्गीय सुखको स्मरण गरी हाँस्छ। त्यो पनि क्लेश सहगत चित्तले नै हुन्छ। पपं. सू. III. पृ. १८३.

२. मिथ्याजीविका र सम्यंक्जीविका भन्ने नानात्व ज्ञान उसमा हुन्न। पपं. सू. III. पृ. १८३.

३. दुध चोर्ने चाहिं हुन्छ। जस्तै—आमाले दुध पियाउँदा चाहिं नपिई, अर्को वखतमा आमाको पछाडि पट्टिबाट आई दुध पिउँछ। यो बाहेक अर्को मिथ्याजीविका भन्ने छैन। यो पनि क्लेश सहगत चित्तले नै हुन्छ भनी पपं. सू. III. पृ. १८३: समणमुण्डिकसुत्त-वण्णनाले उल्लेख गरेको छ।

गर्दैन, (२) पापक वाचा बोल्दैन, (३) पापकसंकल्प गर्दैन र (४) पापक आजीविका गर्दैन । थपति ! यिनै चार अङ्गले युक्त पुरुष-पुद्गल-लाई म प्रज्ञापन गर्छु तर सम्पन्नकुशल, परमकुशल, उत्तमता प्राप्त र अयोध्य श्रमण भने होइन । परन्तु उही स्यानो अबोध दुधेबालकलाई झैं विशेषरूपले ग्रहण गरी बस्छ ।

सम्पन्नकुशल हुनेका दश धर्महरू

(क) थपति ! दश धर्महरूले युक्त हुने पुरुष-पुद्गललाई म सम्पन्नकुशल, परमकुशल, उत्तमता प्राप्त र अयोध्य श्रमण भनी भन्दछु (पञ्ञापेमि) ।

कुशलाकुशल जान्नुपर्छ—(१) "a. थपति ! यी अकुशल-शीलहरू हुन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । b. थपति ! यहाँबाट अकुशल-शीलहरूको समुत्थान हुन्छन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । c. थपति ! यहाँ निश्शेषरूपले अकुशल-शीलहरू निरुद्ध हुन्छन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । d. थपति ! यसरी प्रतिपन्न गर्दा अकुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ, त्यसलाई जान्नुपर्छ भनी म भन्दछु ।

(२) "a. थपति ! यी कुशल-शीलहरू हुन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । b. थपति ! यहाँबाट कुशल-शीलहरूको समुत्थान हुन्छ, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । c. थपति !

यहाँ निश्शेषरूपले कुशल-शीलहरू निरुद्ध हुन्छन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । d. थपति ! यसरी प्रतिपन्न गर्दा कुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ, त्यसलाई जान्नुपर्छ भनी म भन्दछु ।

(३) "a. थपति ! यी अकुशल-सङ्कल्पहरू हुन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । b. थपति ! यहाँबाट अकुशल-सङ्कल्पहरूको समुत्थान हुन्छ, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । c. थपति ! यहाँ निश्शेषरूपले अकुशल-सङ्कल्पहरू निरुद्ध हुन्छन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । d. थपति ! यसरी प्रतिपन्न गर्दा अकुशल-सङ्कल्पहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ, त्यसलाई जान्नुपर्छ भनी म भन्दछु ।

(४) "a. थपति ! यी कुशल-सङ्कल्पहरू हुन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । b. थपति ! यहाँबाट कुशल-सङ्कल्पहरूको समुत्थान हुन्छ, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । c. थपति ! यहाँ निश्शेषरूपले कुशल-सङ्कल्पहरू निरुद्ध हुन्छन्, तिनीहरूलाई जान्नुपर्छ भनी म भन्दछु । d. थपति ! यसरी प्रतिपन्न गर्दा कुशल-सङ्कल्पहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ, त्यसलाई जान्नुपर्छ भनी म भन्दछु ।

अकुशल-शीलहरू—(१) "a. थपति ! कुनचाँहि अकुशल-शीलहरू हुन् त ? अकुशल-कायकर्म, अकुशल-वाचाकर्म र पापक आजीविका । थपति ! यिनैलाई अकुशल-शीलहरू भन्दछन् ।

"b. थपति ! यी अकुशल-शीलहरूको समुत्थान कहाँबाट हुन्छ त ? यिनीहरूको समुत्थान पनि बताइएको छ । 'चित्तसमुत्थान हो' अर्थात् चित्तबाट समुत्थान हुन्छ भनी भन्नुपर्छ । कुन चित्त हो त ? चित्त भनेका पनि धेरै छन्, अनेकविध र नाना प्रकारका छन् । जुन चित्त सराग[1], स-द्वेष[2] तथा स-मोह छ[3]—यिनैबाट अकुशल-शीलहरू समुत्थान हुन्छन् ।

---

१. यहाँ 'स-राग' भनी आठ प्रकारका लोभ सहगत चित्तलाई भनिएको हो । पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णना । आठ लोभसहगत चित्त भनेका के के हुन् भन्ने बारेको सम्बन्धमा अभि. ध. सं. प्रथमपरिच्छेदमा हेर्नू । अथवा बु. ब्रा. भा–२ पृ. १९३ को पादटिप्पणीमा हेर्नू ।

२. यहाँ 'स-द्वेष' भनी प्रतिघसम्प्रयुक्त दुइ चित्तहरूलाई भनिएको हो । पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णना । यस सम्बन्धका कुराहरू पनि अभि. ध. सं. प्रथमपरिच्छेदमा अथवा बु. ब्रा. भा–२, पृ. १९४ को पादटिप्पणीमा हेर्नू ।

३. यहाँ 'स-मोह' भनी उद्धच्च र कुक्कुच्च सहगत दुइचित्तलाई भनिएको हो । तर सबै अकुशल चित्तहरूमा मोहचित्त भएकै हुन्छ । पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णना । यस सम्बन्धका कुराहरू पनि अभि. ध. सं. प्रथमपरिच्छेदमा अथवा बु. ब्रा. भा–२, पृ. १९४–९५ मा हेर्नू ।

"c. थपति ! यी अकुशल-शीलहरू कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् त ? यिनीहरूको निरोध पनि बताइएको छ । थपति ! यहाँ भिक्षु—कायदुश्चरितलाई त्यागी कायसुचरितलाई भाविता गर्छ (=अभ्यास गर्छ, बढाउँछ), वचनदुश्चरितलाई त्यागी वचनसुचरितलाई भाविता गर्छ, मनःदुश्चरितलाई त्यागी मनःसुचरितलाई भाविता गर्छ, मिथ्याजीविकालाई त्यागी सम्यक्जीविकाले जीविका गर्छ । यहीं[1] ती अकुशल-शीलहरू निश्शेषरूपले निरुद्ध हुन्छन् ।

"d. थपति ! कसरी प्रतिपन्न गर्दा अकुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त[2] ? थपति ! यहाँ भिक्षु

---

१. 'यहीं' शब्दको अर्थ बुझाउँदै पपं. सू. III. पृ. १८४: समणमण्डिक-सुत्तवण्णनाले यसरी दिएको छ ।

'यहीं' भन्नाले स्रोतापत्तिफललाई भनिएको हो । किनभने स्रोतापत्तिफलमा पुगेर नै प्रातिमोक्षसंवर शीलहरू परिपूर्णरूपले पूरा हुन्छन् । यही स्थानमा पुगेपछि मात्र अकुशल-शीलहरू अर्थात् दुश्शीलहरू निश्शेषरूपले निरुद्ध हुन्छन् ।

२. 'कसरी प्रतिपन्न गर्दा अकुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त ?' भन्ने बारेको स्पष्टिकरण दिँदै पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णनाले यसरी लेखेको छ ।

स्रोतापत्ति मार्गसम्मलाई निरोधकोनिमित्त प्रतिपन्न गरिरहेको भनी भन्दछन् र स्रोतापत्ति फलमा पुग्नेबित्तिकै प्रतिपन्न गरी निरुद्ध भइसकेको भनी भन्दछन् ।

(१) उत्पन्न नभएको पापक अकुशल-धर्महरूलाई उत्पन्न हुन नदिनको-निमित्त इच्छा गर्छ (छन्दंजनेति), कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ। (२) उत्पन्न भएको पापक अकुशल-धर्महरूलाई हटाउनकोनिमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ। (३) उत्पन्न नभएका कुशल-धर्महरूलाई उत्पन्न गराउनकोनिमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ। (४) उत्पन्न भएको कुशल-धर्महरूलाई स्थिर राख्नकोनिमित्त, बिलाएर जान नदिनकोनिमित्त, धेरै बढाउनकोनिमित्त, बिपुलपार्नकोनिमित्त र भावनाद्वारा परिपूर्ण गर्नको-निमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ[1]।

"थपति ! यसरी प्रतिपन्न गर्दा अकुशल-शीलहरूको निरुद्धको-निमित्त प्रतिपन्न गरेको हुन्छ।

---

१. यहाँ उल्लिखित अकुशल र कुशल-धर्महरू भनेका के के हुन् भन्ने बारेमा र उत्पन्न नभएका पापक अकुशल-धर्महरूलाई रोक्नाले र उत्पन्न भएका पापक अकुशल-धर्महरूलाई हटाउनाले के फल पाइन्छ र उत्पन्न नभएका कुशल-धर्महरूलाई उत्पन्न गराउनाले र उत्पन्न भएका कुशल-धर्महरूलाई बढाउनाले के फल पाइन्छ ? भन्ने आदि विषयमा अनेक विभाजनका कुराहरू पपं. सू. III. पृ. १६६ देखि १७४ सम्म महासकुलुदायिसुत्तवण्णनामा वर्णित भएका छन्। आवश्यक संझनेहरूले त्यहाँ हेर्नू।

कुशल-शीलहरू—(२) "a. थपति ! कुनचाहिं कुशल-शीलहरू हुन् त ? कुशल-कायकर्म र कुशल-वाचाकर्म। थपति ! आजीव पारिशुद्धिलाई पनि म शीलमै समावेश गर्दछु। थपति ! यिनैलाई कुशल-शीलहरू भन्दछन्।

"b. थपति ! यी कुशल-शीलहरूको समुत्थान कहाँबाट हुन्छ त ? यिनीहरूको समुत्थान पनि बताइएको छ। 'चित्तसमुत्थान हो' अर्थात् चित्तबाट समुत्थान हुन्छ भनी भन्नुपर्छ। कुन चित्त हो त ? चित्त भनेका पनि धेरै छन्, अनेकविध र नानाप्रकारका छन्। जुन चित्त वीतराग[1], वीतद्वेष (=द्वेष रहित) तथा वीतमोह (=मोह रहित) छ — यिनैबाट कुशल-शीलहरू समुत्थान हुन्छन्।

"c. थपति ! यी कुशल-शीलहरू कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् त ? यिनीहरूको निरोध पनि बताइएको छ। थपति ! यहाँ भिक्षु शीलवान् हुन्छ तर शीलमय होइन, तर त्यो चित्तविमुक्ति र

---

१. 'वीतराग' भनी आठ कामावचर कुशलचित्तहरूलाई नै भनिएको हो। यिनैबाट कुशल-शीलहरूको समुत्थान हुन्छ। पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णना। (आठ कामावचर कुशल चित्तहरू भनेका के के हुन् भन्ने कुरा बु. प. भा–१, पृ. ५५८ को पादटिप्पणीमा उल्लेख भएको छ।)

प्रज्ञाविमुक्तिलाई[1] यथार्थत जान्दछ—जहाँ[2] ती कुशल-शीलहरू निश्शेषरूपले निरुद्ध हुन्छन् ।

"d. थपति ! कसरी प्रतिपन्न गर्दा कुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त[3] ? थपति ! यहाँ भिक्षु (१) उत्पन्न नभएको पापक अकुशल-धर्महरूलाई उत्पन्न हुन नदिनकोनिमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्तनिग्रह गर्छ र मेहनत पनि गर्छ ।...[४]

---

१. यहाँ 'चित्तविमुक्ति र प्रज्ञाविमुक्ति' भनेको केहो भन्ने कुराको अर्थ बु. प. भा–१, पृ. ३२८ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. यहाँ 'जहाँ' भनी अरहत् फललाई भनिएको हो । अरहत् फलमा पुगेपछि कुशल-शीलहरू निश्शेषरूपले निरुद्ध हुन्छन् । भनाइको मतलब अरहत् फलमा पुग्नेको कुशल र अकुशल दुवै हुँदैनन् । पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णना ।

३. 'कसरी प्रतिपन्न गर्दा कुशल-शीलहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त ?' भन्ने वाक्यको स्पष्टिकरण दिँदै पपं. सू. III. पृ. १८४: समणमण्डिकसुत्तवण्णनाले यसरी लेखेको छ ।

अरहत् मार्गसम्मलाई निरोधकोनिमित्त प्रतिपन्न गरिरहेको भनिएको हो र अरहत् फलमा पुग्नेबित्तिकै प्रतिपन्न गरी निरुद्ध भइसकेको हो भनी भनिएको हो ।

४. यहाँका अरू बाँकी २ देखि ४ सम्मका कुराहरू माथि पृ. २९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

"थपति ! यसरी प्रतिपन्न गर्दा कुशल-शीलहरूको निरुद्धको-निमित्त प्रतिपन्न गरेको हुन्छ ।

अकुशलसंकल्पहरू—(३) "a. थपति ! कुनचाहिं अकुशल-सङ्कल्पहरू हुन् त ? कामसङ्कल्प, ब्यापादसङ्कल्प र विंहिसासङ्कल्प । थपति ! यिनैलाई अकुशल-सङ्कल्पहरू भन्दछन् ।

"b. थपति ! यी अकुशल-सङ्कल्पहरूको समुत्थान कहाँबाट हुन्छ त ? यिनीहरूको समुत्थान पनि बताइएको छ । 'संज्ञासमुत्थान हो' अर्थात् संज्ञाबाट समुत्थान हुन्छ भनी भन्नुपर्छ । कुन संज्ञा हो त ? संज्ञा भनेका पनि धेरै छन्, अनेकविध र नानाप्रकारका छन् । कामसंज्ञा छ[1], ब्यापादसंज्ञा छ र विंहिसासंज्ञा छ – यिनैबाट अकुशल-सङ्कल्पहरू समुत्थान हुन्छन् ।

"c. थपति ! यी अकुशल-सङ्कल्पहरू कहाँ निशशेषरूपले निरुद्ध हुन्छन् त ? यिनीहरूको निरोध पनि बताइएको छ । थपति ! यहाँ भिक्षु कामहरूबाट अलग भई, अकुशलहरूबाट अलग भई, सवितर्क

---

१. यहाँ 'कामसंज्ञा' भनी आठवटा लोभ सहगत चित्त सहित संज्ञालाई 'कामसंज्ञा' भनिएको हो । अरू 'ब्यापाद र विंहिसासंज्ञा' भनी दौर्मनस्य सहगत चित्त सहित दुइवटा चित्तलाई 'ब्यापाद र विंहिसासंज्ञा' भनिएको हो भनी पपं. सू. III. पृ. १८५: समण-मण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ । (हेर बु. ब्रा. भा-२, पृ. १९३ र १९४ को पादटिप्पणीमा)

सविचारयुक्त र विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान[१] प्राप्तगरी बस्छ । यहीं[२] ती अकुशल-सङ्कल्पहरू निश्शेषरूपले निरुद्ध हुन्छन् ।

"d. थपति ! कसरी प्रतिपन्न गर्दा अकुशल-सङ्कल्पहरुको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त[३] ? थपति ! यहाँ भिक्षु (१) उत्पन्न नभएको पापक अकुशल-धर्महरूलाई उत्पन्न हुन नदिनकोनिमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ ।...[४]

---

१. यहाँ 'प्रथमध्यान' भनी अनागामी फल प्राप्त प्रथमध्यानलाई 'प्रथमध्यान' भनिएको हो । पपं. सू. III. पृ. १८५: समणमण्डिकसुत्तवण्णना ।

२. 'यहीं' भन्नाले अनागामीफललाई भनिएको हो । अनागामी फलमा पुगेपछि अकुशल-सङ्कल्पहरू निश्शेषरूपले निरुद्ध हुन्छन् । पपं. सू. III. पृ. १८५: समणमण्डिकसुत्तवण्णना ।

३. 'कसरी प्रतिपन्न गर्दा अकुशल-सङ्कल्पहरुको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त ?' भन्नेको स्पष्टिकरण पपं. सू. III. पृ. १८५: समणमण्डिकसुत्तवण्णनाले यसरी लेखेको छ ।

अनागामी मार्गसम्मलाई प्रतिपन्न गरिरहेको र अनागामी फलमा पुग्नेबित्तिकै प्रतिपन्न गरी निरुद्ध भइसकेको भनी भन्दछन् ।

४. यहाँका अरू बाँकी २ देखि ४ सम्मका कुराहरू माथि पृ. २९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

थपति ! यसरी प्रतिपन्न गर्दा अकुशल-सङ्कल्पहरूको निरुद्धको-निमित्त प्रतिपन्न गरेको हुन्छ ।

कुशल-सङ्कल्पहरू—(४) "a. थपति ! कुनचाहिं कुशल-सङ्कल्पहरू हुन् त ? नैष्क्रम्य-सङ्कल्प, अव्यापाद-सङ्कल्प र अविहिंसा-सङ्कल्प । थपति ! यिनैलाई कुशल-सङ्कल्पहरू भन्दछन् ।

"b. थपति ! यी कुशल-सङ्कल्पहरूको समुत्थान कहाँबाट हुन्छ त ? यिनीहरूको समुत्थान पनि बताइएको छ । 'संज्ञासमुत्थान हो' अर्थात् संज्ञाबाट समुत्थान हुन्छ भनी भन्नुपर्छ । कुन संज्ञा हो त ? संज्ञा भनेका पनि धेरै छन्, अनेकविध र नानाप्रकारका छन् । नैष्क्रम्यसंज्ञा[१],

---

१. यहाँ 'नैष्क्रम्यसंज्ञा' आदि भनेका आठवटा कामावचर कुशल चित्त सहजात संज्ञालाई भनिएको हो । पपं. सू. III. पृ. १८५: समण-मण्डिकसुत्तवण्णना ।

आठवटा कामावचर कुशलचित्त भनेका यी हुन्—

१. सौमनस्य सहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त—
२. सौमनस्य सहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त—
३. सौमनस्य सहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त—
४. सौमनस्य सहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त—
५. उपेक्षा सहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त—
६. उपेक्षा सहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त—
७. उपेक्षा सहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त—
८. उपेक्षा सहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त—

(अभि. ध. सं. प्रथमपरिच्छेद)

अव्यापादसंज्ञा र अविहिंसासंज्ञा—यिनैबाट कुशल-सङ्कल्पहरू समुत्थान हुन्छन् ।

"c. थपति ! यी कुशल-सङ्कल्पहरू कहाँ निश्शेषरूपले निरुद्ध हुन्छन् त ? यिनीहरूको निरोध पनि बताइएको छ । थपति ! यहाँ भिक्षु वितर्क-विचारलाई उपशान्त गरी, अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क-विचार रहित समाधिजः प्रीति-सुख भएको द्वितीय-ध्यान प्राप्त गरी बस्छ । यहीं[1] ती कुशल-सङ्कल्पहरू निश्शेषरूपले निरुद्ध हुन्छन् ।

d. थपति ! कसरी प्रतिपन्न गर्दा कुशल-सङ्कल्पहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त[2] ? थपति ! यहां भिक्षु

---

१. 'यहीं' भन्नाले अरहत् फल प्राप्त द्वितीयध्यानलाई भनिएको हो । अरहत् फलमा पुगिसकेपछि सबै प्रकारका कुशल-सङ्कल्पहरूको निश्शेषरूपले निरुद्ध हुन्छन् । पपं. सू. III. पृ. १८५: समणमण्डिक-सुत्तवण्णना ।

२. 'कसरी प्रतिपन्न गर्दा कुशल-सङ्कल्पहरूको निरुद्धकोनिमित्त प्रतिपन्न गरेको हुन्छ त ?' भन्नेको स्पष्टिकरण पपं. सू. III. पृ. १८५: समणमण्डिकसुत्तवण्णनाले यसरी गरेको छ ।

अरहत् मार्गसम्मलाई निरोधकोनिमित्त प्रतिपन्न गरिरहेको र अरहत फलमा पुग्नेबित्तिकै प्रतिपन्न गरी निरुद्ध भइसकेको भनी भन्दछन् ।

(१) उत्पन्न नभएको पापक अकुशल धर्महरूलाई उत्पन्न हुन नदिनको-निमित्त इच्छा गर्छ, कोशिस गर्छ, वीर्यारम्भ गर्छ, चित्त निग्रह गर्छ र मेहनत पनि गर्छ ।...[१]

"थपति ! यसरी प्रतिपन्न गर्दा कुशल-सङ्कल्पहरूको निरुद्धको-निमित्त प्रतिपन्न गरेको हुन्छ ।

(ख) "थपति ! कसरी दशधर्महरूले युक्त हुने पुरुषपुद्गललाई सम्पन्नकुशल, परमकुशल, उत्तमता प्राप्त र अयोध्य श्रमण भनी भन्दछ् भने ?—

"थपति ! यहाँ भिक्षु (१) अशैक्ष[२] सम्यक्दृष्टिले युक्त हुन्छ, (२) अशैक्ष सम्यक्सङ्कल्पले युक्त हुन्छ, (३) अशैक्ष सम्यक्वाचाले युक्त हुन्छ, (४) अशैक्ष सम्यक्कर्मले युक्त हुन्छ, (५) अशैक्ष सम्यक्-आजीवले युक्त हुन्छ, (६) अशैक्ष सम्यक्व्यायामले (=उद्योगले) युक्त हुन्छ, (७) अशैक्ष सम्यक्स्मृतिले युक्त हुन्छ, (८) अशैक्ष सम्यक्-समाधिले युक्त हुन्छ, (९) अशैक्ष सम्यक्ज्ञानले युक्त हुन्छ र (१०) अशैक्ष सम्यक्विमुक्तिले युक्त हुन्छ । थपति ! यिनै दशधर्महरूले

---

१. अरू बाँकि कुराहरू माथि पृ. २९ मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू ।

२. कुनै पनि कुरा सिक्न बाँकी नरहेको अरहत्‌लाई "अशैक्ष" भन्दछन् ।

युक्त हुने पुरुषपुद्गललाई सम्पन्नकुशल, परमकुशल, उत्तमता प्राप्त र अयोध्य श्रमण भनी म भन्दछु।"

यति भगवान्ले भन्नुभयो। अनि सन्तुष्ट भई पञ्चकङ्ग थपतिले भगवान्को भाषणलाई अभिनन्दन गरे।

× × ×

मूल सूत्र—

३–आयुष्मान् अनुरुद्धलाई पञ्चकङ्गको निम्तो

यस्तो मैले सुनें[१]।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतबनाराममा बस्नुभएको थियो। अनि पञ्चकङ्ग थपतिले एक पुरुषलाई आमन्त्रण गरे—

"अम्भो पुरुष ! तिमी यहाँ आऊ। जहाँ आयुष्मान् अनुरुद्ध हुनुहुन्छ त्यहाँ जाऊ। त्यहाँ पुगेपछि मेरो बचनले आयुष्मान् अनुरुद्धको चरणकमलमा शीरले वन्दना गर—'भन्ते! पञ्चकङ्ग थपति आयुष्मान् अनुरुद्धको चरणकमलमा शीरले वन्दना गर्छ-।' यस्तो पनि भन—'भन्ते ! आयुष्मान् अनुरुद्धले आफू समेत चारजनाको भोजनको-निमित्त पञ्चकङ्ग थपतिको भोलिको निम्तो स्वीकार गर्नुहोस्। भन्ते ! बरु आयुष्मान् अनुरुद्ध चाँडै आउनुहोस्। भन्ते ! पञ्चकङ्ग थपति राजकीय कामले गर्दा बहुकृत्य र बहुकरणीय छ'।"

---

१. म. नि. III. पृ. २१२: अनुरुद्धसुत्तं, अ. क. IV. पृ. १२३.

"हवस्, भन्ते !" भनी पञ्चकङ्ग थपतिलाई प्रत्युत्तर दिई सो पुरुष जहाँ आयुष्मान् अनुरुद्ध हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् अनुरुद्धलाई अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको त्यो पुरुषले आयुष्मान् अनुरुद्धलाई यस्तो भन्यो—

"भन्ते ! पञ्चकङ्ग थपति आयुष्मान् अनुरुद्धको चरण-कमलमा शीरले वन्दना गर्छन् र यस्तो पनि भन्छन्—'भन्ते ! आयुष्मान् अनुरुद्धले आफू समेत चारजनाको भोजनकोनिमित्त पञ्चकङ्ग थपतिको भोलिको निम्तो स्वीकार गर्नुहोस्। भन्ते ! बरु आयुष्मान् अनुरुद्ध चाँडै आउनुहोस्। भन्ते ! पञ्चकङ्ग थपति राजकीय कामले गर्दा बहुकृत्य र बहुकरणीय छन्'।"

अनि आयुष्मान् अनुरुद्धले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो।

अनि त्यस रात बितिसकेपछि आयुष्मान् अनुरुद्ध पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ पञ्चकङ्ग थपतिको निवासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। अनि पञ्चकङ्ग थपतिले प्रणीत खाद्य-भोज्यहरू आफ्नै हातले आयुष्मान् अनुरुद्धलाई सन्तर्पित गरी सन्तृप्त गराए। अनि भोजन सिद्धिएपछि आयुष्मान् अनुरुद्धले पात्रबाट हात हटाइसकेपछि एक होचो आसन लिई पञ्चकङ्ग थपति एक छेउमा बसे। एक छेउमा बसेका पञ्चकङ्ग थपतिले आयुष्मान् अनुरुद्धसँग यस्तो भने—

अप्रमाण र महत्‌गत-चित्तविमुक्ति

"भन्ते ! यहाँ स्थविर भिक्षुहरू आई मलाई यस्तो भन्नुभयो—'गृहपति ! अप्रमाण (=प्रमाण रहित) चित्तविमुक्तिलाई भाविता गर।' केही स्थविरहरूले यस्तो भन्नुभयो—'गृहपति ! महत्‌गत (=विशाल=ठूलो) चित्तविमुक्तिलाई भाविता गर।' भन्ते ! जो त्यो अप्रमाण चित्तविमुक्ति हो, जो त्यो महत्‌गत चित्तविमुक्ति हो—यी (दुवै) धर्महरू (=विषयहरू) नानार्थ र नानाब्यञ्जन हुन् कि अथवा एकार्थ र ब्यञ्जन मात्र नाना हुन् ?"

"गृहपति ! त्यसोभए यहाँ तिमीले नै भन। जो तिमीलाई निश्चय (अपण्णकं) लाग्छ।"

"भन्ते ! मलाई यस्तो लाग्छ—'जो यो अप्रमाण चित्तविमुक्ति हो, जो यो महत्‌गत चित्तविमुक्ति हो—यी (दुवै) धर्महरू (=विषयहरू) एकार्थ हुन् र ब्यञ्जन मात्र नाना हुन्'।"

"गृहपति ! जो यो अप्रमाण चित्तविमुक्ति हो, जो यो महत्‌गत चित्तविमुक्ति हो—यी (दुवै) धर्महरू नानार्थ पनि हुन् र नानाब्यञ्जन पनि हुन्। गृहपति ! यी धर्महरू (=विषयहरू) नानार्थ र नानाब्यञ्जन हुन् भन्ने कुरा यी कारणहरूबाट (परियायेन) पनि बुझ्नुपर्छ।

ब्रह्मविहार—"गृहपति ! कुन चाहिं अप्रमाण चित्तविमुक्ति हो त ? गृहपति ! यहाँ भिक्षु मैत्रीसहगत चित्तलाई एक दिशामा

फैलाई बस्छ तथा द्वितीय, तृतीय र चतुर्थ दिशामा फैलाई बस्छ। यस्तै गरी माथि, तल, तेर्सो, सबै ठाउँमा, सबैतिर र सबै चक्रवाड लोकमा —मैत्रीसहगत विपुल, महत्‌गत, अप्रमाण र अवैर अव्यापद्य चित्तलाई फैलाई बस्छ। करुणासहगत···मुदितासहगत···उपेक्षासहगत चित्तलाई··· फैलाई बस्छ। गृहपति! यसैलाई अप्रमाण चित्तविमुक्ति भन्दछन्।

"गृहपति! कुन चाहिं महत्‌गत चित्तविमुक्ति हो त? (१) गृहपति! (जस्तै) यहाँ भिक्षु एक रुख जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ[१]। गृहपति! यसैलाई महत्‌गत चित्तविमुक्ति भनी भन्दछन्। (२) गृहपति! यहाँ भिक्षु दुइ वा तीन रुख जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन

---

१. 'एक रुख जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीनभई बस्छ' भन्ने वाक्यको स्पष्टिकरण दिंदै पपं. सू. IV. पृ. १३३: अनुरुद्धसुत्तवण्णनाले यसरी लेखेको छ।

"एक रुख जत्रो ठाउँलाई कसिणनिमित्तले ढाकी त्यो कसिणनिमित्तमा महत्‌गत ध्यान फैलाई त्यसैमा लीनभई बस्छ।"

यहाँ महत्‌गत ध्यान भनी रुपावचर र अरूपावचर ध्यान हरूलाई भनिएको हो। यी ध्यानहरूलाई 'महत्‌गत' भन्दछन्।

महत्‌गत भनी यसको कुनै आभोग चाहिं हुँदैन। केवल महत्‌गत ध्यानको प्रवृत्ति मात्र भएको हुनाले 'महत्‌गत' अर्थात् महान वा ठूलो भनिएको हो। यस्तैगरी सबै ठाउँहरूमा पनि बुझ्नुपर्छ।

भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । (३) गृहपति ! यहाँ भिक्षु एउटा गाउँ जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । (४) गृहपति ! यहाँ भिक्षु दुइ वा तीनवटा गाउँ जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । (५) गृहपति ! यहाँ भिक्षु एउटा राज्य जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । (६) गृहपति ! यहाँ भिक्षु दुइ वा तीनवटा राज्य जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । (७) गृहपति ! यहाँ भिक्षु समुद्रपर्यन्त पृथ्वी जत्रो प्रमाणलाई महत्‌गत भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । गृहपति ! यसलाई पनि महत्‌गत चित्तविमुक्ति भनी भन्दछन् । गृहपति ! यी कारणहरूबाट पनि बुझ्नुपर्छ[१] कि यी धर्महरू नानार्थ र नानाव्यञ्जन हुन् ।

---

१. 'यी कारणहरूबाट पनि बुझ्नुपर्छ' भन्ने वाक्यको स्पष्टिकरण दिंदै पपं. सू. IV. पृ. १३३: अनुरुद्धसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ ।

यहाँ 'अप्रमाण' भनी ब्रह्मविहारहरूलाई भनिएको हो । ब्रह्मविहारहरूको निमित्त चाहिं वर्धन पनि हुन्न (निमित्तं न वड्ढति),

चार भव उत्पत्तिहरू

"गृहपति ! यी चार भव उत्पत्तिहरू हुन् । कुन चार भने ?— (१) गृहपति ! यहाँ कुनै पुरुष 'परित्ताभा' (=अल्प आभा) भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । उ शरीर छाडी मृत्युपछि 'परित्ताभा' देवलोकहरूको सहवासमा उत्पन्न हुन्छ । (२) गृहपति ! यहाँ कुनै पुरुष 'अप्पमाणाभा'[1] (=अप्रमाण आभा) भनी

उद्घाटन पनि हुन्न (उग्घाटनं न जायति) । यी ध्यानहरू अभिज्ञाको लागि वा निरोधको लागि आधार पनि हुन्नन् । यसबाट विपश्यनाको आधार र प्रवृत्तिगामी भवउत्पत्तिको कारण भने हुन्छ ।

'महत्‌गत' भन्ने कसिण ध्यानहरूको चाहिं निमित्त-वर्धन पनि हुन्छ (निमित्तं वड्ढति), उद्घाटन पनि हुन्छ (उग्घाटनं जायति), अतिक्रमण पनि हुन्छ, अभिज्ञाको लागि र निरोधको लागि आधार पनि हुन्छ तथा प्रवृत्तिको आधार पनि ।

यसपछि महत्‌गत समापत्तिहरूबाट ल्याएर सूत्रमा भवोत्पत्तिका कारणहरू बताउनु हुँदै अगाडिका कुराहरू बताउनु भएको हो भनी उहीं उल्लेख भएको छ ।

१. यहाँ 'परित्ताभा' र 'अप्पमाणाभा' मा कसरी संक्लिष्ट र परिशुद्ध हुन सकिन्छ भन्ने विषयमा कारणहरू देखाउँदै पपं. सू. IV. पृ. १३३–३४: अनुरुद्ध सुत्तवण्णनाले यसरी उल्लेख गरेको छ ।

'परित्ताभा' भनी ध्यानचित्त फैलाएर बस्नेको यो आभोग हुन्छ। अर्थात् 'परित्ताभा' ध्यान गर्ने परित्ताभा देवलोकमा उत्पन्न हुन्छ। यो 'परित्ताभा' ध्यान संक्लिष्ट आभा पनि हुनसक्छ, परिशुद्धाभा पनि हुनसक्छ। यस्तैगरी **'अप्रमाणाभा'** ध्यान पनि संक्लिष्टाभा पनि हुनसक्छ, परिशुद्धाभा पनि हुनसक्छ। कसरी भने ?

नाङ्लो जत्रो वा चन्द्रमा जत्रो कसिण मण्डलमा परिकर्मद्वारा (परिकर्म भनेको कस्तो हो भन्ने कुरा बु. म. भा–१, पृ. ३९२ को पादटिप्पणीमा हेर्नू) समापत्ति लाभगरी, पाँचप्रकारले वशीभाव प्राप्त गरी प्रतिपक्ष कारणहरूलाई राम्ररी शुद्ध पार्न नसक्नाले गर्दा उसले दुर्वल समापत्ति मात्र सेवन गर्छ। दुर्वल समापत्ति भएको हुनाले थोरै गुण हुन्छ। अतः यसरी थोरै गुण भएको ध्यानमा बसेर उ मृत्युपछि **'परित्ताभा'** भन्ने देवलोकमा उत्पन्न हुन्छ। उसको वर्ण पनि थोरै हुन्छ र मलिन (=क्लिष्ट) पनि हुन्छ।

पाँच प्रकारले वशीभाव प्राप्त गरी प्रतिपक्ष कारणहरूलाई राम्ररी शुद्ध पार्न सक्नेले सुविशुद्ध समापत्ति सेवन गर्छ। यसरी सुविशुद्धरूपले ध्यान गरी, ध्यानमा बलियो अभ्यास गरी मृत्युपछि उ **'परित्ताभा'** देवलोकमा उत्पन्न हुन्छ। उसको वर्ण भने थोरै नै हुन्छ तर परिशुद्ध देखिन्छ। यसरी **'परित्ताभा'** संक्लिष्ट पनि हुन्छ परिशुद्ध पनि।

'अप्पमाणाभा' भनी ध्यान चित्त फैलाएर बस्नेको यो आभोग हुन्छ। अर्थात् 'अप्पमाणाभा' ध्यान गर्ने अप्पमाणाभा देवलोकमा उत्पन्न हुन्छ। यो 'अप्पमाणाभा' ध्यान संक्लिष्ट आभा पनि हुनसक्छ, परिशुद्धाभा पनि। कसरी भने ?

विपुल कसिणमण्डलमा परिकर्मद्वारा समापत्ति लाभ गर्छ। तर पाँच प्रकारले वशीभाव प्राप्त गरी प्रतिपक्ष कारणहरूलाई राम्ररी शुद्ध पार्न सक्दैन। यसकारणले गर्दा उसले दुर्बल समापत्ति मात्र सेवन गर्छ। दुर्बल समापत्ति भएको हुनाले थोरै गुण हुन्छ। अतः यसरी थोरै गुण भएको ध्यानमा बसेर उ मृत्युपछि **'अप्पमाणाभा'** देवलोकमा उत्पन्न हुन्छ। त्यसको वर्ण भने धेरै हुन्छ तर मलिन।

पाँच प्रकारले वशीभाव प्राप्त गरी प्रतिपक्ष कारणहरूलाई राम्ररी शुद्ध पार्न सक्नेले सुविशुद्ध समापत्ति सेवन गर्छ। यसरी सुविशुद्धरूपले ध्यान गरी, ध्यानमा बलियो अभ्यास गरी मृत्युपछि उ **'अप्पमाणाभा'** देवलोकमा उत्पन्न हुन्छ। उसको वर्ण पनि धेरै हुन्छ र परिशुद्ध पनि देखिन्छ। यसरी 'अप्पमाणाभा' संक्लिष्ट पनि हुन्छ र परिशुद्ध पनि। पपं. सू. IV. पृ. १३३–३४: अनुरुद्धसुत्तवण्णना।

(ध्यानचित्त) फैलाई लीन भई बस्छ। उ शरीरछाडी मृत्युपछि 'अप्पमाणाभा' देवहरूको सहवासमा उत्पन्न हुन्छ। (३) गृहपति ! यहाँ कुनै पुरुष 'सङ्किलिट्ठाभा' (=संक्लिष्ट आभा) भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ। उ शरीरछाडी मृत्युपछि 'सङ्किलिट्ठाभा' देवहरूको सहवासमा उत्पन्न हुन्छ। (४) गृहपति ! यहाँ कुनै पुरुष 'परिसुद्धाभा' (=परिशुद्ध आभा) भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ। उ शरीरछाडी मृत्युपछि 'परिशुद्धाभा' देवहरूको सहवासमा उत्पन्न हुन्छ। गृहपति ! यीनै चार भव उत्पत्तिहरू हुन्।

"गृहपति ! त्यस्तो समय हुन्छ जुन समयमा ती देवताहरू एकै ठाउँमा भेला हुन्छन्। एकै ठाउँमा भेला भएका ती देवताहरूको शरीर-वर्णमा भने नानात्व देखिन्छ तर आभामा भने नानात्व देखिन्न। गृहपति ! जस्तै कुनै पुरुषले धेरै तेलका बत्तीहरू एक घरभित्र लैजान्छ; एक घरभित्र लगेका ती बत्तीहरूको अर्चीमा भने नानात्व देखिन्छ तर आभामा भने नानात्व देखिन्न। गृहपति ! यस्तै गरी—त्यस्तो समय हुन्छ जुन समयमा ती देवताहरू एकै ठाउँमा भेला हुन्छन्। एकै ठाउँमा भेला भएका ती देवताहरूको शरीरवर्णमा भने नानात्व देखिन्छ तर आभामा भने नानात्व देखिन्न।

"गृहपति ! त्यस्तो समय हुन्छ जुन समयमा ती देवताहरू त्यहाँबाट बाहिर जान्छन्। त्यहाँबाट बाहिर जानेहरूको शरीरवर्णमा पनि नानात्व देखिन्छ र आभामा पनि नानात्व देखिन्छ। गृहपति ! जस्तै—कुनै पुरुषले ती धेरै तेलका बत्तीहरू त्यस घरबाट बाहिर

ल्याउँछ; त्यहाँबाट बाहिर ल्याइएका ती बत्तीहरूको अर्चीमा पनि नानात्व[1] देखिन्छ र आभामा पनि नानात्व देखिन्छ। गृहपति! त्यस्तै गरी—त्यस्तो समय हुन्छ जुन समयमा ती देवताहरू त्यहाँबाट बाहिर जान्छन्। त्यहाँबाट बाहिरजानेहरूका शरीरवर्णमा पनि नानात्व देखिन्छ र आभामा पनि नानात्व देखिन्छ।

"गृहपति! ती देवताहरूलाई यस्तो लाग्दैन कि 'हामीहरूको यो स्थान नित्य, ध्रुव अथवा शाश्वत हो।' बरु जहाँ जहाँ[2] ती देवताहरू बस्छन् त्यहाँ त्यहाँ ती देवताहरू अभिरमण गर्छन्। गृहपति! जस्तै—खरपनबाट[3] वा डालोबाट लगिरहेका झिंगाहरूलाई यस्तो लाग्दैन

---

१. यहाँ नानात्व भनेको—लामो, छोटो, स्यानो र ठूलोको हिसाबले अर्चीमा नानात्व देखिन्छ भनिएको हो। पपं. सू. IV. पृ. १३४: अनुरुद्धसुत्तवण्णना।

२. 'जहाँ जहाँ' भन्नाले—उदयान, विमान, कल्पवृक्ष, नदीको तीर र पुष्करिणीको तीर आदि जहाँ जहाँ जुन जुन ठाउँमा बस्छन् त्यहाँ त्यहाँ भनिएको हो। पपं. सू. IV. पृ. १३४: अनुरुद्धसुत्तवण्णना।

३. 'खरपनबाट' भनी—यागु, भात, तेल, फाणित, माछा र मासु आदि भएको खरपनलाई भनिएको हो। त्यसमा बसेर जाने झिंगाहरूलाई यहाँ 'झिंगा' भनिएको हो। उनीहरूले त्यो खानालाई नित्य, ध्रुव अथवा शाश्वत ठान्दैनन्। पपं. सू. IV. पृ. १३४: अनुरुद्धसुत्त-वण्णना।

कि—'यो हामीहरूको (खाना) नित्य, ध्रुव अथवा शाश्वत हो।' बरु जहाँ जहाँ ती झिंगाहरू बस्छन् त्यहाँ त्यहाँ तिनीहरू अभिरमण गर्छन्। गृहपति! यस्तै गरी—ती देवताहरूलाई यस्तो लाग्दैन कि—'हामी-हरूको यो स्थान नित्य, ध्रुव अथवा शाश्वत हो।' बरु जहाँ जहाँ ती देवताहरू बस्छन् त्यहाँ त्यहाँ ती देवताहरू अभिरमण गर्छन्।"

परित्ताभा र अप्पमाणाभा देवता

यस्तो भन्नुहुँदा आयुष्मान् सभिय कात्यायनले आयुष्मान् अनुरुद्धसँग यस्तो भन्नुभयो—

"भन्ते अनुरुद्ध! यहाँ मलाई अगाडि केही कुरा सोध्नुपर्ने छ। भन्ते! जुन ती आभादेवताहरू हुन् उनीहरू सबै परित्ताभा (=अल्प आभा हुने) हुन् कि अथवा तिनीहरूमा केही अप्रमाणाभा (=धेरै आभा हुने) देवताहरू पनि छन्?"

"आवुसो कात्यायन! त्यस त्यस कारणले यहाँ केही देवताहरू परित्ताभा पनि छन् केही अप्रमाणाभा पनि।"

"भन्ते अनुरुद्ध! एउटै देवनिकायमा उत्पन्न हुने ती देवताहरू मध्येमा कुनै देवताको परित्ताभा र कुनै देवताको अप्रमाणाभा हुनाको के हेतु र के प्रत्यय हो त?"

"आवुसो कात्यायन! त्यसोभए तिमीसँगै सोध्नेछु जस्तो तिमीलाई लाग्छ त्यस्तै बताऊ।

(१) "आवुसो कात्यायन ! जो त्यो भिक्षु एक रुख जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु दुइ वा तीन रुखको जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ — यी दुइ ध्यानचित्तहरू मध्येमा (चित्तभावनानं) कुन चाहिं ध्यानचित्त महत्‌गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो भिक्षु दुइवटा रुख जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यही नै ती दुवै ध्यानचित्त-हरू मध्येमा महत्‌गततर (=ठूलो) छ ।"

(२) "आवुसो कात्यायन ! जो त्यो भिक्षु दुइ वा तीन रुख जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु एक गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यी दुइ ध्यानचित्तहरू मध्येमा कुन चाहिं ध्यानचित्त महत्‌गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो एक गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ — यही नै ती दुवै ध्यानचित्तहरू मध्येमा महत्‌गततर छ ।"

(३) "आवुसो कात्यायन ! जो त्यो भिक्षु एक गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु दुइ वा तीन गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी

(ध्यानचित्त) फैलाई लीन भई बस्छ—यी दुइ ध्यानचित्तहरू मध्येमा कुन चाहिं ध्यानचित्त महत्‌गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो भिक्षु दुइ वा तीन गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यही नै ती दुवै ध्यानचित्तहरू मध्येमा महत्‌गततर छ ।"

(४) "आवुसो कात्यायन ! जो त्यो भिक्षु दुइ वा तीन गाउँ जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु एक महाराज्य जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यी दुइ ध्यानचित्तहरू मध्येमा कुन चाहिं ध्यानचित्त महत्‌गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो भिक्षु एक महाराज्य जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यही नै ती दुवै ध्यानचित्तहरू मध्येमा महत्‌गततर छ ।"

(५) "आवुसो कात्यायन ! जो त्यो भिक्षु एक महाराज्य जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु दुइ वा तीन महाराज्यहरू जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यी दुइ ध्यानचित्तहरू मध्येमा कुन चाहिं ध्यानचित्त महत्‌गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो भिक्षु दुइ वा तीन राज्यहरू जत्रो प्रमाणलाई 'महत्‌गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यही नै ती दुवै ध्यानचित्तहरू मध्येमा महत्‌गततर छ ।"

(६) "आवुसो कात्यायन ! जो त्यो भिक्षु दुइ वा तीन महाराज्यहरू जत्रो प्रमाणलाई 'महत्गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ र जो त्यो भिक्षु समुद्रसम्मको पृथ्वी जत्रो प्रमाणलाई 'महत्गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यी दुइ ध्यानचित्तहरू मध्येमा कुन चाहिं ध्यानचित्त महत्गततर छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! जो त्यो भिक्षु समुद्रसम्मको पृथ्वी जत्रो प्रमाणलाई 'महत्गत' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ—यही नै ती दुवै ध्यानचित्तहरू मध्येमा महत्गततर छ ।"

"आवुसो कात्यायन ! एउटै देवनिकायमा उत्पन्न हुने ती देवताहरू मध्येमा कुनै देवताको परित्ताभा र कुनै देवताको अप्रमाणाभा हुनाको यही हेतु र यही प्रत्यय हो ।"

संक्लिष्टाभा र परिशुद्धाभा देवता

"भन्ते अनुरुद्ध ! यहाँ मलाई अगाडि केही कुरा सोध्नुपर्ने छ । भन्ते ! जति आभादेवताहरू छन् ती सबै संक्लिष्टाभा छन् कि अथवा त्यहाँ केही परिशुद्धाभा पनि छन् ?"

"आवुसो कात्यायन ! त्यस त्यस कारणले यहाँ केही देवताहरू संक्लिष्टाभा पनि छन् र केही परिशुद्धाभा पनि ।"

"भन्ते अनुरुद्ध ! एउटै देवनिकायमा उत्पन्न हुने ती देवताहरू मध्येमा कुनै देवता संक्लिष्टाभा र कुनै देवता परिशुद्धाभा हुनाको के हेतु र के प्रत्यय हो त ?"

"आवुसो कात्यायन ! त्यसो भए तिमीलाई उपमा बताउनेछु । उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले कुराको अर्थ बुझ्न सक्छन् । (क) आवुसो कात्यायन ! भनौं कि—बलिरहेको बत्तीको तेल पनि मलिन छ बत्ती पनि मलिन छ । अनि तेलको मलिनताको कारणले र बत्तीको मलिनताको कारणले गर्दा बत्ती मलिन भई बल्छ । आवुसो कात्यायन ! त्यस्तै गरी—यहाँ कुनै भिक्षु 'संक्लिष्टाभा' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । उसको काय शिथिलता पनि राम्ररी शान्त भएको हुन्न, थीनमिद्ध (=आलस्यपन) पनि नष्ट भएको हुन्न र उद्धच्चकुक्कुच्च (=चंचलपन) पनि राम्ररी हटेको हुन्न; अनि कायशिथिलता राम्ररी शान्त नभएको हुनाले, थीनमिद्ध पनि नष्ट नभएको हुनाले र उद्धच्चकुक्कुच्च पनि राम्ररी नहटेको हुनाले उसले अपरिष्कृत रूपले ध्यानगर्छ । अनि उ काय छाडी मृत्युपछि संक्लिष्टाभा देवहरूको सहवासमा उत्पन्न हुन्छ । (ख) आवुसो कात्यायन ! भनौं कि – बलिरहेको बत्तीको तेल पनि परिशुद्ध छ बत्ती पनि परिशुद्ध छ । अनि तेलको परिशुद्धताको कारणले र बत्तीको परिशुद्धताको कारणले गर्दा मलिन भई बल्दैन । आवुसो कात्यायन ! यस्तै गरी—यहाँ कुनै भिक्षु 'परिशुद्धाभा' भनी (ध्यानचित्त) फैलाई लीन भई बस्छ । उसको कायशिथिलता पनि राम्ररी शान्त भएको हुन्छ, थीनमिद्ध पनि नष्ट भएको हुन्छ र उद्धच्चकुक्कुच्च पनि राम्ररी हटेको हुन्छ; अनि

कायशिथिलता राम्ररी शान्त भएको हुनाले, थीनमिद्ध पनि नष्ट भएको हुनाले र उद्धच्चकुक्कुच्च पनि राम्ररी हटेको हुनाले उसले परिष्कृत रूपले ध्यान गर्छ। अनि उ काय छाडी मृत्युपछि परिशुद्धाभा देवहरूको सहवासमा उत्पन्न हुन्छ।

"आवुसो कात्यायन! एउटै देवनिकायमा उत्पन्न हुने ती देवताहरू मध्ये कुनै देवता 'संक्लिष्टाभा' र कुनै देवता 'परिशुद्धाभा' हुनाको यही हेतु र यही प्रत्यय हो।"

"यस्तो भन्नुहुँदा आयुष्मान् सभिय कात्यायनले आयुष्मान् अनुरुद्धलाई यस्तो भन्नुभयो—

"साधु भन्ते अनुरुद्ध! भन्ते! आयुष्मान् अनुरुद्धले यस्तो भन्नु भएन कि – 'यस्तो मैले सुनें' वा 'यस्तो हुन सक्छ'। बरु, भन्ते! आयुष्मान् अनुरुद्धले 'यस्ता ती देवताहरू हुन्, यस्ता ती देवताहरू हुन्' भनेर नै भन्नुभयो। भन्ते! सो मलाई यस्तो लाग्यो कि—'अवश्य पनि आयुष्मान् अनुरुद्ध ती देवताहरूसँग अघि बसिसक्नु भएको होला, कुरा गरिसक्नु भएको होला, छलफल गरिसक्नु भएको होला र (त्यस्तो समाधि पनि) प्राप्त गरिसक्नु भएको होला'।"

"आवुसो कात्यायन! अवश्य पनि (तिमीले) यो वाक्य मेरो गुणसँग दाँजेर भन्यौ (आसज्ज उपनीयवाचा भासिता)। अब म तिमीलाई भन्दछु कि—'आवुसो कात्यायन! धेरैदिनसम्म[१] अघि म

---

१. अघि अघि पारमी पूरा गर्दै आइरहेको बेलामा ऋषिप्रव्रज्यात्वमा प्रव्रजित भई समापत्ति प्राप्त गरी निरन्तर तीनशय आत्मभावसम्म

ती देवताहरूसँग बसिसकेकोछु, कुरागरिसकेकोछु, छलफल गरिसकेकोछु र (त्यस्तो ध्यान पनि) प्राप्त गरिसकेकोछु'।"

यस्तो भन्नुहुँदा आयुष्मान् सभिय कात्यायनले पञ्चकङ्ग थपतिलाई यस्तो भन्नुभयो—"गृहपति! तिम्रोनिमित्त लाभ हो, गृहपति! तिम्रोनिमित्त सुलाभ हो। जो कि तिमीले पनि त्यो शंकालाई दूर गर्‍यौ र मैले पनि यी धर्मका कुराहरू सुन्नपाएँ।"

वहाँ स्थविर ब्रह्मलोकमा हुनुहुन्थ्यो। यसै कारणलाई लिएर वहाँले 'धेरै दिनसम्म अघि म ती देवताहरूसँग बसिसकेको छु' भनी भन्नुभएको हो भनी पपं. सू. IV. पृ. १३४: अनुरुद्धसुत्तवृण्णनाले उल्लेख गरेको छ।

२. पाटलिय गामणि

प रि च य

भगवान् बुद्ध एक समय कोलिय जनपद स्थित कोलियहरूको उत्तर वा उत्तरक भन्ने निगममा बसिरहनु भएको थियो। त्यस समय कोलियवासी पाटलिय (पाटलीय) गामणि (=ग्रामणी) भगवान्कहाँ केही प्रश्न सोध्नकोनिमित्त गएका थिए। गाउँको नायक भएकाले यिनलाई 'गामणि' (=ग्रामणी) भनिएको हो।

उनले 'मानिसहरू भगवान् माया जान्दछन् भनी भन्दछन्' के यो कुरा सत्य हो ? भनी भगवान्सँग प्रश्न सोधेका थिए। भगवान्ले 'हो' भनी भन्नुभयो। तर वहाँले 'माया जान्देमा उ मायावी हुन्छ' भन्ने कुरालाई भने स्वीकार्नु भएन। पाटलिय गामणि भने 'जो माया जान्दछ उ मायावी पनि हो' भन्ने कुरामा विश्वास गर्दथे। अनि भगवान्ले उनलाई यस्तो उदाहरण प्रस्तुत गर्नुभयो जसद्वारा पाटलिय गामणि सन्तुष्ट भए। अनि भगवान्ले 'माया जान्देमा उ मायावी हुन्छ' भन्ने कुराबाट आफूलाई मुक्त गराई आफूले माया जानेता पनि

आफू मायावी नभएको कुरा बताउनु भयो र अगाडि भगवान्‌ले आफूले माया मात्र जानेको होइन बल्कि मायाको विपाक समेत् जान्नु भएको कुरा पनि बताउनु भयो र त्यसपछि पाटलिय गामणिलाई दश अकुशलका कुराहरू बताउनु भयो। जुन कुरा अगाडिको सूत्रमा उल्लेख भएको छ।

त्यसपछि वहाँले गामणिलाई ज-जसले प्राणातिपात गर्छन् ती सबैले यसै जीवनमै दुःख दौर्मनस्य भोगछन् भन्ने केही श्रमणहरूको कुराको खण्डन गर्नुहुँदै राजपुरुषको उदाहरण प्रस्तुत गर्नुभयो र यसै जीवनमा दुःख दौर्मनस्य भोग्न पनि सक्छन् न भोग्न पनि सक्छन् भन्ने कुरा प्रष्ट पार्नुभयो।

पाटलिय गामणि एक श्रद्धालु व्यक्ति थिए। उनले आफ्नो घरको एक छेउमा एकजना मात्र आरामसाथ बस्नसक्ने एउटा आवास-घर बनाइ राखेका थिए[१]। त्यहाँ आउने जुनसुकै श्रमणलाई पनि उनी श्रद्धापूर्वक यथाशक्य आगन्तुक सत्कार गर्थे[२]। कुराको सिलसिलामा उनले भगवान्‌लाई आफ्नो आवास-घरमा आएका चारजना श्रमणहरूले सुनाएका कुराहरू माथि आफूमा शंका र सन्देह भएको कुरा सुनाए। यी चार प्रकारका शास्ताहरूका कुराहरू अगाडिकै सूत्रमा समुल्लेख भएका छन्। यसपछि उनको शंका दूर गराइदिनको-

---

१. सं. नि. अ. क. III. पृ. १०४: पाटलियसुत्तवण्णना, गामणिसंयुत्तं।
२. सं. नि. अ. क. III. पृ. १०४: पाटलियसुत्तवण्णना, गामणिसंयुत्तं।

निमित्त वहाँले दशकुशलका कुराहरू बताउनु भई चतुर्ब्रह्मविहारको कुराद्वारा उपदेशको अन्त्य गर्नुभयो। यो उपदेश सुनेर पाटलिय गामणि प्रसन्नभई भगवान्को शरणमा गएर उपासकत्व पनि ग्रहण गरे।

× × ×

मूल सूत्र—

१—भगवान् मायावी हुनुहुन्छ

एक समय भगवान् कोलिय (जनपद) को उत्तर[१] भन्ने कोलियहरूको निगममा बसिरहनु भएको थियो[२]।

अनि पाटलिय गामणि (= पाटलीय ग्रामणी) जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका पाटलिय गामणिले भगवान्लाई यस्तो भने—

"भन्ते ! मैले सुनें कि—'श्रमण गौतम माया जान्नुहुन्छ।' भन्ते ! जसले 'श्रमण गौतम माया जान्दछन्' भनी भन्दछन्—भन्ते ! के उनीहरूले भगवान्ले भन्नुभए जस्तै भन्दछन् ? भगवान्लाई झूटो आरोप त लगाएको होइन ? के उनीहरूले धर्मानुकूल भन्दछन् ? कारण

१. सिंहलमाः 'उत्तरकं'।

२. सं. नि. III. पृ. २९९: पाटलियसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १०४.

सहित बताइएका कुराको वादारोपण अथवा निन्दा त हुन गएन ? भन्ते ! हामी भगवान्माथि कूटो आरोप लगाउन चाहन्नौं ।"

"गामणि ! जसले—'श्रमण गौतम माया जान्दछन्' भनी भन्दछन्, उनीहरू मैले भनेको जस्तै भन्दछन्, उनीहरू मलाई कूटो आरोप लगाउँदैनन्, धर्मानुकूल भन्दछन्, कारण सहित बताइएको कुराको वादारोपण अथवा निन्दा पनि हुन्न । भो ! परन्तु यो कुरा भने सत्य हो कि हामी ती श्रमण ब्राह्मणहरूको कुरालाई विश्वास गर्दैनौं कि जसले यस्तो भन्दछन्—'श्रमण गौतम माया जान्दछन् अतएव श्रमण गौतम मायावी पनि हुन् ।' गामणि ! के त कसैले 'म माया जान्दछु अतएव म मायावी हुँ' भनी भन्दछ । (भने के यो कुरा सत्य हुन सक्छ ?)"

"भगवान् ! त्यो त्यस्तै हुन्छ, सुगत ! त्यो त्यस्तै हुन्छ ।"

"गामणि ! त्यसो भए यहाँ तिमीसँग सोध्नेछु, जस्तो तिमीलाई लाग्नेछ त्यस्तै बताऊ ।"

"गामणि ! के तिमीलाई थाहाछ के कोलियहरूका लामालामा केश भएका सिपाहीहरू भएका कुरा ? यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! मलाई थाहाछ कि कोलियहरूका लामालामा केश भएका सिपाहीहरू भएका कुरा ।"

"गामणि ! कोलियहरूका लामालामा केश भएका सिपाहीहरू भएका के कारणले हो त ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! कोलियहरूका जो चोरहरू छन् तिनीहरूलाई हटाउनकोनिमित्त हो, कोलियहरूको जो दूतको काम हो त्यो गर्नकोनिमित्त हो । भन्ते ! यसैकोनिमित्त कोलियहरूका लामालामा केश भएका सिपाहीहरू भएका हुन् ।"

"गामणि ! तिमीलाई थाहाछ के कोलियहरूका लामालामा केश भएका सिपाहीहरू शीलवान् छन् वा दुश्शील ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! मलाई थाहाछ कि—कोलियहरूका लामालामा केश भएका सिपाहीहरू दुश्शील तथा पापधर्मी छन् । यो लोकमा जति दुश्शील तथा पापधर्मीहरू छन्—तिनीहरू मध्ये कोलियका लामालामा केश भएका सिपाहीहरू एक हुन् ।"

"गामणि ! यदि कसैले—'कोलियहरूका लामालामा केश भएका सिपाहीहरू दुश्शील तथा पापधर्मी छन् भन्ने कुरा पाटलिय गामणिलाई थाहाछ अतएव पाटलिय गामणि पनि दुश्शील तथा पापधर्मी हुन्' भनी भन्दछ भने के उसले यो कुरा ठीक बताएको हुन्छ त ?"

"भन्ते ! हुँदैन । भन्ते ! कोलियहरूका लामालामा केश भएका सिपाहीहरू अर्कै हुन्, म अर्कै हुँ । कोलियहरूका लामालामा केश भएका सिपाहीहरूको स्वभाव अर्कैछ, मेरो स्वभाव अर्कैछ ।"

"गामणि ! जब कि तिमी—'कोलियहरूका लामालामा केश

भएका सिपाहीहरू दुश्शील तथा पापधर्मी छन् भन्ने कुरा पाटलिय गामणिलाई थाहाछ अतएव पाटलिय गामणि पनि दुश्शील तथा पापधर्मी हुन्' भन्ने कुराबाट मुक्त हुन सक्छौ भने किन तथागत 'तथागत माया जान्दछन् तर तथागत मायावी होइनन्' भन्ने कुराबाट मुक्त नहुनु ?' गामणि ! म माया पनि जान्दछु, मायाको विपाक पनि। जसरी आचरण गर्दा मायावी शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा पुग्ने हो त्यो कुरो पनि म जान्दछु ।

दशअकुशल—(१) "गामणि ! प्राणातिपात पनि म जान्दछु[१] र प्राणातिपातको विपाक पनि । अनि जसरी आचरण गर्दा प्राणातिपाती पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (२) गामणि ! अदिन्नादान (=चौरकार्य) पनि म जान्दछु र अदिन्नादानको विपाक पनि । अनि जसरी आचरण गर्दा अदिन्नादायी पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (३) गामणि ! काममिथ्याचार पनि म जान्दछु र काममिथ्याचारको विपाक पनि । अनि जसरी आचरण गर्दा काममिथ्याचारी पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (४) गामणि ! मृषावाद पनि म जान्दछु र

---

१. किन यो कुरा तथागतले भन्नु भएको होला ? भन्ने बारेमा अट्ठकथाले 'सर्वज्ञ ज्ञानलाई दर्शाउनकोनिमित्त बताउनु भएको हो' भनी उल्लेख गरेको छ । सं. अ. क. III. पृ. १०४: पाटलियसुत्त-वण्णना, गामणिसंयुत्तं ।

मृषावादको विपाक पनि । अनि जसरी आचरण गर्दा मृषावादी पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (५) गामणि ! पैशुन्यवाचा पनि म जान्दछु र पैशुन्यवाचाको विपाक पनि । अनि जसरी आचरण गर्दा पैशुन्यवादी पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (६) गामणि ! परुषवाचा पनि म जान्दछु र परुषवाचाको विपाक पनि । अनि जसरी आचरण गर्दा परुषवाची पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (७) गामणि ! सम्प्रलाप पनि म जान्दछु र सम्प्रलापको विपाक पनि । अनि जसरी आचरण गर्दा सम्प्रलापी पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (८) गामणि ! अभिध्या (=महालोभ) पनि म जान्दछु र अभिध्याको विपाक पनि । अनि जसरी आचरण गर्दा अभिध्यालु पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (९) गामणि ! व्यापाद (=द्वेषभाव) पनि म जान्दछु र व्यापादको विपाक पनि । अनि जसरी आचरण गर्दा व्यापादी पुरुष अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो पनि म जान्दछु । (१०) गामणि ! मिथ्यादृष्टि पनि म जान्दछु र मिथ्यादृष्टिको विपाक पनि । अनि जसरी आचरण गर्दा मिथ्यादृष्टिक पुरुष शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुने हो त्यो कुरा पनि म जान्दछु ।

प्राणातिपातीले यसै जीवनमा दुःखभोग गर्छ

"गामणि ! यहाँ केही श्रमण ब्राह्मणहरू यस्ता वादी पनि छन् —'(१) जो कोही प्राणातिपाती हुन्छन् ती सबैले यसै जीवनमा (दिट्ठेवधम्मे) दुःख दौर्मनस्य भोग गर्छन् । (२) जो कोही अदिन्नादायी हुन्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन् । (३) जो कोही काममिथ्याचारी हुन्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन् । (४) जो कोही मृषावादी हुन्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन् ।'

(१) "गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जो माला लगाई, कुण्डल लगाई, नुहाई, राम्रो लेप लगाई, केश दाह्री खौरी स्त्री कामी राजा जस्तै ऐश आराममा बसिरहेको हुन्छ । अनि मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गऱ्यो र जो माला लगाई, कुण्डल लगाई, नुहाई, राम्रो लेप लगाई, केश दाह्री खौरी, स्त्री कामी राजा जस्तै ऐश आराममा बसिरहेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले राजाको वैरीलाई जबरजस्ती मारिदियो । त्यसैले खुशी भएर राजाले यसलाई उपहार दिए । त्यसैले यो पुरुष माला लगाई, कुण्डल लगाई, नुहाई, राम्रो लेप लगाई, केश दाह्री खौरी, स्त्री कामी राजा जस्तै ऐश आराममा बसिरहेको हो ।'

"गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जसलाई बलियो डोरीले बाँधी पाताफर्काई, शीर मुण्डन गरी, बेसकरी ढोलक (पणव) बजाई

सडकबाट सडक र दोबाटोबाट दोबाटोमा लगी दक्षिण ढोकाबाट निकाली नगरको दक्षिणतिर लगी शीर काटेको। अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गर्‍यो र जसलाई बलियो डोरीले बाँधी पाताफर्काई, शीर मुण्डन गरी, बेसकरी ढोलक बजाई, सडकबाट सडक, दोबाटोबाट दोबाटोमा लगी दक्षिण ढोकाबाट निकाली नगरको दक्षिणतिर लगी शीर काटेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुष राज-वैरी हो। यसले स्त्री वा पुरुषलाई मार्‍यो। त्यसैले उसलाई समाती राजाले यस्तो गर्न लगाएका हुन्।'

"गामणि ! के त तिमीले यस्तो (घटना) देखेका वा सुनेका छौ कि ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! देखेको पनि सुनेको पनि छु र अऊ सुनिने पनि छ।"

"गामणि ! यहाँ जो ती श्रमण ब्राह्मणहरू यस्ता वादी हुन्—'जे जतिले प्राणातिपात गर्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन्'—उनीहरूले भनेका यो कुरो सत्य हो कि असत्य हो त ?"

"भन्ते ! असत्य हो।"

"जसले तुच्छ असत्य कुरा गर्छन् उनीहरू शीलवान् हुन् कि दुश्शीली हुन् त ?"

"भन्ते ! दुश्शीली हुन्।"

"जो दुश्शीली र पापधर्मी हुन् उनीहरू मिथ्याप्रतिपन्न-हुन् कि सम्यक् प्रतिपन्न हुन् त ?"

"भन्ते ! मिथ्याप्रतिपन्न हुन् ।"

"जो मिथ्याप्रतिपन्न हुन् उनीहरू मिथ्यादृष्टिक हुन् कि सम्यक्-दृष्टिक हुन् त ?"

"भन्ते ! मिथ्यादृष्टिक हुन् ।"

"जो मिथ्यादृष्टिक हुन् उनीहरूमाथि प्रसन्न हुनु योग्य छ के ?"

"भन्ते ! छैन ।"

(२) "गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जो माला लगाई...[१] ऐश आराममा बसिरहेको हुन्छ । अनि मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गऱ्यो र जो माला लगाई,...ऐश आराममा बसिरहेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले राजाको वैरीबाट जबरजस्ती रत्नहरू लियो । त्यसैले खुशी भएर राजाले यसलाई उपहार दिए । त्यसैले यो पुरुष माला लगाई,...ऐश आराममा बसिरहेको हो ।'

"गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,... दक्षिणतिर लगी शीर काटेको । अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गऱ्यो र जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,...दक्षिणतिर लगी शीर काटेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले गाउँबाट वा

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ६३ को (१) मा उल्लेख भए बमोजिम दोहऱ्याई पढ्नू ।

अरण्यबाट चोरेर लियो। त्यसैले उसलाई समाती राजाले यस्तो गर्न लगाएका हुन्।'

"गामणि ! के त तिमीले यस्तो (घटना) देखेका वा सुनेकाछौ के ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! देखेको पनि सुनेको पनि छु र अरु सुनिने पनि छ।"

"गामणि ! यहाँ जो ती श्रमण ब्राह्मणहरू यस्ता वादी हुन्—'जे जतिले नदिएका वस्तु चोरेर लिन्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन्'—उनीहरूले भनेका यो कुरो सत्य हो कि असत्य हो त ?"

"भन्ते ! असत्य हो।"

"जसले तुच्छ असत्य कुरा गर्छन् उनीहरू शीलवान् हुन् कि दुश्शीली हुन् त ?"

"भन्ते ! दुश्शीली हुन्।"

"जो दुश्शीली र पापधर्मी हुन् उनीहरू मिथ्याप्रतिपन्न हुन् कि सम्यक् प्रतिपन्न हुन् त ?"

"भन्ते ! मिथ्या प्रतिपन्न हुन्।"

"जो मिथ्या प्रतिपन्न हुन् उनीहरू मिथ्यादृष्टिक हुन् कि सम्यक्-दृष्टिक हुन् त ?"

"भन्ते ! मिथ्यादृष्टिक हुन्।"

"जो मिथ्यादृष्टिक हुन् उनीहरूमाथि प्रसन्नहुनु योग्य छ के ?"

"भन्ते ! छैन ।"

(३) "गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जो माला लगाई,... ऐश आराममा बसिरहेको हुन्छ । अनि मानिसहरू यस्तो भन्दछन्— 'हे ! यो पुरुषले के गऱ्यो र जो माला लगाई,...ऐश आराममा बसिरहेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन् – 'हे ! यो पुरुषले राजाको वैरीको स्त्रीलाई बिगारिदियो । त्यसैले खुशी भएर राजाले यसलाई उपहारदिए । त्यसैले यो पुरुष माला लगाई,...ऐश आराममा बसिरहेको हो ।'

"गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,... दक्षिणतिर लगी शीर काटेको । अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गऱ्यो र जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,... दक्षिणतिर लगी शीर काटेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले कुलस्त्रीहरूलाई र कुलकुमारीहरूलाई बिगाऱ्यो । त्यसैले उसलाई समाती राजाले यस्तो गर्न लगाएका हुन् ।'

"गामणि ! के त तिमीले यस्तो (घटना) देखेका वा सुनेकाछौ के ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! देखेको पनि सुनेको पनि छ र अझ सुनिने पनि छ ।"

"गामणि ! यहाँ जो ती श्रमण ब्राह्मणहरू यस्ता वादी हुन्— 'जे जतिले काममिथ्याचार गर्छन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन्'—उनीहरूले भनेका यो कुरो सत्य हो कि असत्य हो त ?"

"भन्ते ! असत्य हो ।"

"जसले तुच्छ असत्य कुरा गर्छन् उनीहरू शीलवान् हुन् कि दुश्शीली हुन् त ?"

"भन्ते ! दुश्शीली हुन् ।"

"जो दुश्शीली र पापधर्मी हुन् उनीहरू मिथ्या प्रतिपन्न हुन् कि सम्यक् प्रतिपन्न हुन् त ?"

"भन्ते ! मिथ्या प्रतिपन्न हुन् ।"

"जो मिथ्या प्रतिपन्न हुन् उनीहरू मिथ्यादृष्टिक हुन् कि सम्यक्दृष्टिक हुन् त ?"

"भन्ते ! मिथ्यादृष्टिक हुन् ।"

"जो मिथ्यादृष्टिक हुन् उनीहरूमाथि प्रसन्न हुनु योग्य छ के ?"

"भन्ते ! छैन ।"

(४) "गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जो माला लगाई,... ऐश आराममा बसिरहेको हुन्छ । अनि मानिसहरू यस्तो भन्दछन्— 'हे ! यो पुरुषले के गर्‍यो र जो माला लगाई,...ऐश आराममा बसिरहेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले राजालाई कूटो कुराद्वारा हँसायो । त्यसैले खुशी भएर राजाले यसलाई उपहार दिए । त्यसैले यो पुरुष माला लगाई,... ऐश आराममा बसिरहेको हो ।'

"गामणि ! यहाँ कुनै पुरुष देखिन्छ जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,... दक्षिणतिर लगी शीर काटेको । अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले के गऱ्यो र जसलाई बलियो डोरीले बाँधी पाताफर्काई,...दक्षिणतिर लगी शीर काटेको ?' अनि त्यहाँ मानिसहरू यस्तो भन्दछन्—'हे ! यो पुरुषले गृहपति वा गृहपतिपुत्रलाई झूटो कुराद्वारा अर्थलाई बिगारिदियो । त्यसैले उसलाई समाती राजाले यस्तो गर्न लगाएका हुन् ।'

"गामणि ! के त तिमीले यस्तो (घटना) देखेका वा सुनेकाछौ के ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! देखेको पनि सुनेको पनि छु र अझ सुनिने पनि छ ।"

"गामणि ! यहाँ जो ती श्रमण ब्राह्मणहरू यस्ता वादी हुन्—'जे जतिले झूटो बोल्दछन् ती सबैले यसै जीवनमा दुःख दौर्मनस्य भोग गर्छन्'—उनीहरूले भनेका कुरो सत्य हो कि असत्य हो त ?"

"भन्ते ! असत्य हो ।"

"जसले तुच्छ असत्य कुरा गर्छन् उनीहरू शीलवान् हुन् कि दुश्शीली हुन् त ?"

"भन्ते ! दुश्शीली हुन् ।"

"जो दुश्शीली र पापधर्मी हुन् उनीहरू मिथ्या प्रतिपन्न हुन् कि सम्यक् प्रतिपन्न हुन् त ?"

"भन्ते ! मिथ्या प्रतिपन्न हुन् ।"

"जो मिथ्या प्रतिपन्न हुन् उनीहरू मिथ्यादृष्टिक हुन् कि सम्यक्दृष्टिक हुन् त ?"

"भन्ते ! मिथ्यादृष्टिक हुन् ।"

"जो मिथ्यादृष्टिक हुन् उनीहरूमाथि प्रसन्न हुनु योग्यछ के ?"

"भन्ते ! छैन ।"

चार शास्ताहरू

"आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते ! भन्ते ! मेरो आवासथागार छ[१] । त्यसमा खाटहरू, आसनहरू, पानी पिउने भाँडाहरू र तेलका बत्तीहरू छन् । जुन् श्रमण वा ब्राह्मणहरू त्यहाँ बास बस्न आउँछन्—उनीहरूलाई म यथाशक्ति, यथावल भोजन दिन्छु । अघि एक दिनको कुरा हो । भन्ते ! नाना दृष्टिका, नाना विचारका तथा नाना रुचिका चारजना शास्ताहरू त्यो आवासथागारमा बास बस्न आए । (ती मध्ये) (१) एक शास्ता यस्ता वादी यस्ता दृष्टिका थिए— '१–दानको फल छैन,...[२] १०–यो लोकमा त्यस्ता कुनै श्रमण ब्राह्मणहरू

---

१. पाटलीय ग्रामणीको घरको आसपासमा एउटा बस्ने घर बनाइराखेको थियो । त्यसैले उनले 'मेरो आवासथागरा छ' भनी भनेका हुन् । सं. नि. अ. क. III. पृ. १०४: पाटलियसुत्तवण्णना, गामणिसंयुत्तं ।

२. यहाँका बाँकी २ देखि ९ सम्मका कुराहरू बु. ब्रा. भा–३, पृ. ३८१ मा उल्लेख भए जस्तै हुन् ।

छैनन् जसले सम्यक्‌रूपले नैर्याणिक मार्गमा प्रतिपन्न भई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सकुन् ।' (२) अर्का एक शास्ता यस्ता वादी यस्ता दृष्टिका थिए—'१–दानको फल छ,...[1] १०–यो लोकमा त्यस्ता श्रमण ब्राह्मणहरू पनि छन्—जसले सम्यक्‌रूपले नैर्याणिक मार्गमा प्रतिपन्न भई यो लोक र परलोकलाई स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी बताउन सक्छन् ।' (३) अर्का एक शास्ता यस्ता वादी यस्ता दृष्टिका थिए—'१–गरेर गराएर,...[2] १८–दानद्वारा, (इन्द्रिय) दमनद्वारा, (शील) संयमद्वारा र सत्यवाचाद्वारा पुण्य पाउँदैन पुण्य आउँदैन ।' (४) अर्का एक शास्ता यस्ता वादी यस्ता दृष्टिका थिए—'१–गरेर गराएर,...[3] १८–दानद्वारा (इन्द्रिय) दमनद्वारा, (शील) संयमद्वारा र सत्यवाचाद्वारा पुण्य पाउँछ पुण्य आउँछ ।'

"भन्ते ! अनि मलाई शंका र सन्देह हुनथाल्यो – 'यी आदरणीय श्रमण ब्राह्मणहरू मध्येमा कसको कुरा सत्य हो र कसको कुरा असत्य हो' ।"

---

१. यहाँका बाँकी २ देखि ९ सम्मका कुराहरू बु. ब्रा. भा–३, पृ. ३८४ मा उल्लेख भए जस्तै हुन् ।

२. यहाँका बाँकी २ देखि १७ सम्मका कुराहरू बु. ब्रा. भा–३, पृ. ३९६–९७ मा उल्लेख भए जस्तै हुन् ।

३. यहाँका बाँकी २ देखि १७ सम्मका कुराहरू बु. ब्रा. भा–३, पृ. ३९७–९८ मा उल्लेख भए जस्तै हुन् ।

"गामणि ! तिमीमा जुन शंका र उपशंका उठ्यो त्यो ठिकै हो । शंका र उपशंका हुनुपर्ने ठाउँमै तिमीमा शंका उत्पन्न भयो ।"

"भन्ते म भगवान्‌प्रति बडो प्रसन्न छु । भगवान्‌ले मलाई त्यसरी धर्मोपदेश गर्न सक्नु हुन्छ जसरी धर्मोपदेश गर्नुहुँदा मैले यो शंकालाई दूर गर्न सक्नेछु ।"

धर्मसमाधि

"गामणि ! धर्मसमाधि भन्ने छ । यदि तिमीले त्यसमा चित्त-समाधि प्राप्त गर्न सक्यौ भने[1]—तिमीले यो शंकालाई दूर गर्न सक्नेछौ ।

"गामणि ! त्यो धर्मसमाधि भनेको के हो भने ?—

(१) "गामणि ! यहाँ आर्यश्रावक प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत रहन्छ, (२) अदिन्नादानलाई त्यागी अदिन्नादान-बाट विरत रहन्छ, (३) काममिथ्याचारलाई त्यागी काममिथ्याचारबाट विरत रहन्छ, (४) मृषावादलाई त्यागी मृषावादबाट विरत रहन्छ, (५) पैशुन्यवाचालाई त्यागी पैशुन्यवाचाबाट विरत रहन्छ, (६) परुष-वाचालाई त्यागी परुषवाचाबाट विरत रहन्छ, (७) सम्प्रलापलाई त्यागी सम्प्रलापबाट विरत रहन्छ, (८) अभिध्या (=महालोभ) लाई

---

१. भनाइको तात्पर्य—जुन धर्ममा बसेर तिमीले विपश्यनाद्वारा चारै मार्गरूपी 'चित्तसमाधि' प्राप्त गर्न सक्यौ भने—तिमीले यो

शंका दूर गर्न सक्नेछौ भनी भनिएको हो। सार. प. III. पृ. १०४: पाटलियसुत्तवण्णना, गामणिसंयुत्तं।

यस सूत्रमा उल्लेख भएका 'धर्मसमाधि' र 'चित्तसमाधि' को अर्थ उक्त अट्ठकथाले यसरी उल्लेख गरेको छ।

यहाँ 'धर्मसमाधि' भनी दशकुशल-धर्मपथलाई भनिएको हो। 'चित्तसमाधि' भनी विपश्यना ध्यानद्वारा प्राप्त हुने चार मार्गहरू हुन्।

अथवा—'प्रामोदचबाट प्रीति उत्पन्न हुन्छ' भन्ने ठाउँमा जुन प्रामोदच, प्रीति, प्रशब्धी, सुख र समाधि आदि पाँच कारण-हरूलाई 'धर्मसमाधि' भनिएको हो। 'चित्तसमाधि' चाहिं विपश्यनाका साथ चार मार्ग नै हुन्।

अथवा—दशकुशल धर्मपथ र चतुब्रह्मविहार 'धर्मसमाधि' हो र त्यसलाई पूरा गर्दा उत्पन्न हुने चित्त एकाग्रता 'चित्तसमाधि' हो।

अतः यी भनिएका धर्मसमाधि र चित्तसमाधि प्राप्त गर्न सकेमा तिमीले शंकालाई दूर गर्न सक्नेछौ भनी भनिएको हो भनी सार. प. III. पृ. १०४: पाटलियसुत्तवण्णना, गामणिसंयुत्तले उल्लेख गरेको छ।

त्यागी अनभिध्यालु हुन्छ, (९) व्यापाद (=द्वेषभाव) प्रदोषलाई त्यागी अव्यापन्न चित्त भएर बस्छ, (१०) मिथ्यादृष्टिलाई त्यागी सम्यक्‌दृष्टिक भएर बस्छ ।

(१) "गामणि ! यसरी अभिध्यालाई दूर गरी, व्यापादलाई दूर गरी, मोह रहित सम्प्रज्ञानी तथा स्मृतिमान् भएको त्यो आर्यश्रावकले मैत्रीसहगत चित्तलाई एक दिशामा फैलाई बस्छ । त्यस्तै गरी...[1] सबै चक्रवाड लोकमा,...[1] अव्यापदच चित्तलाई फैलाई बस्छ । अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'दानको फल छैन...[2], भन्ने वाद र दृष्टि हो—यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ (अपण्णकाय मय्हं)—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन । मेरा दुवै अर्थहरू सिद्ध नै हुने छन् (उभयेत्थ कटग्गाहो)—जो कि मैले कायद्वारा, वचनद्वारा तथा मनःद्वारा संयम गरेको छु । जसबाट म काय छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुनेछु ।' (यस्तो मनमा विचार गर्दा) उसलाई प्रामोद उत्पन्न हुन्छ । प्रमुदित भएकालाई प्रीति उत्पन्न हुन्छ । प्रीति चित्त हुनेको काय शान्त हुन्छ । शान्त काय हुनेले सुखानुभव गर्छ । सुखित चित्त समाधिष्ठ हुन्छ । गामणि ! यही हो धर्मसमाधि । यदि

---

१. यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू माथि पृ. ४०-४१ "आयुष्मान् अनुरुद्धलाई पञ्चकङ्ग थपतिको निम्तो" मा उल्लेख भए जस्तै मिलाएर पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ७० मा छैं हुन् ।

तिमीले त्यसमा चित्तसमाधि[1] प्राप्त गर्न सक्यौ भने – यसरी तिमीले त्यो शंकालाई दूर गर्न सक्नेछौ ।

(२) "गामणि ! यसरी अभिध्यालाई दूर गरी... स्मृतिमान् भएको त्यो आर्यश्रावकले मैत्रीसहगत चित्तलाई...फैलाई बस्छ । अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'दानको फल छ...[२]' भन्ने वाद र दृष्टि हो – यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन ।...[३]

(३) "गामणि ! यसरी अभिध्यालाई दूर गरी... स्मृतिमान् भएको त्यो आर्यश्रावकले मैत्रीसहगत चित्तलाई... फैलाई बस्छ । अनि

---

१. यस ठाउँमा 'धर्मसमाधि' भनी दशकुशल धर्मपथलाई र 'चित्तसमाधि' भनी विपश्यना ध्यान सहित चार मार्गहरूलाई भनिएको हो । अर्को किसिमले भन्ने हो भने—'दशकुशल धर्मपथ र चतुब्रह्मविहार-लाई 'धर्मसमाधि' र त्यसलाई पूर्ण गर्दा हुने चित्त एकाग्रतालाई 'चित्तसमाधि' भनिएको हो भनी सार. प. III. पृ. १०४: पाटलिय-सुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ७१ मा उल्लेख भए कैं दोहऱ्याई पढ्नू ।

३. यहाँका बाँकी कुराहरू माथि पृ. ७४ मा उल्लेख भए कैं दोहऱ्याई पढ्नू ।

उसले यस्तो विचार गर्छ – 'यहाँ जुन शास्ताको—'गरेर गराएर... [१] पुण्य आउँदैन' भन्ने वाद र दृष्टि हो – यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन...।

(४) ''गामणि! यसरी अभिध्यालाई दूर गरी...स्मृतिमान् भएको त्यो आर्यश्रावकले मैत्रीसहगत चित्तलाई...फैलाई बस्छ। अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'गरेर गराएर... [२] पुण्य आउँछ' भन्ने वाद र दृष्टि हो – यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन ।

(५) ''गामणि! यसरी अभिध्यालाई दूर गरी...स्मृतिमान् भएको त्यो आर्यश्रावकले करुणासहगत चित्तलाई...मुदितासहगत चित्तलाई...उपेक्षासहगत चित्तलाई...फैलाई बस्छ। अनि उसले यस्तो विचार गर्छ – 'यहाँ जुन शास्ताको'—'दानको फल छैन...' भन्ने वाद र दृष्टि हो—यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन...।

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ७१ मा उल्लेख भए झैं दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. ७१ मा उल्लेख भए झैं दोहऱ्याई पढ्नू ।

(६) "गामणि ! यसरी अभिध्यालाई दूर गरी...स्मृतिमान् भएको त्यो आर्यश्रावकले करुणासहगत चित्तलाई...मुदितासहगत चित्तलाई...उपेक्षासहगत चित्तलाई.. फैलाई बस्छ। अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'दानको फल छ...' भन्ने वाद र दृष्टि हो—यदि सो श्रद्धेय शास्ताको बचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन...।

(७) "गामणि ! यसरी अभिध्यालाई दूर गरी...स्मृतिमान् भएको त्यो आर्यश्रावकले करुणासहगत चित्तलाई...मुदितासहगत चित्तलाई...उपेक्षासहगत चित्तलाई...फैलाई बस्छ। अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'गरेर गराएर...पुण्य आउँदैन' भन्ने वाद र दृष्टि हो—यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन...।

(८) "गामणि ! यसरी अभिध्यालाई दूर गरी ..स्मृतिमान् भएको त्यो आर्यश्रावकले मैत्रीसहगत चित्तलाई...मुदितासहगत चित्तलाई...उपेक्षासहगत चित्तलाई...फैलाई बस्छ। अनि उसले यस्तो विचार गर्छ—'यहाँ जुन शास्ताको—'गरेर गराएर...पुण्य आउँछ' भन्ने वाद र दृष्टि हो—यदि सो श्रद्धेय शास्ताको वचन सत्य छ भने पनि यो मेरो प्रतिपद् अद्विविधा नै हुनेछ—किन कि मैले कुनै स्थावर वा जङ्गमहरूलाई पीडा दिएको छैन। मेरा दुवै अर्थहरू सिद्ध नै हुनेछन्—जो कि मैले कायद्वारा, वचनद्वारा तथा मनःद्वारा संयम गरेको छु।

जसबाट म काय छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुनेछु ।' (यस्तो मनमा विचार गर्दा) उसलाई प्रामोद उत्पन्न हुन्छ । प्रमुदित भएकालाई प्रीति उत्पन्न हुन्छ । प्रीति चित्त हुनेको काय शान्त हुन्छ । शान्त काय हुनेले सुखानुभव गर्छ । सुखितचित्त समाधिष्ठ हुन्छ । गामणि ! यही हो धर्मसमाधि । यदि तिमीले त्यसमा चित्तसमाधि प्राप्त गर्न सक्यौ भने – यसरी तिमीले त्यो शंकालाई दूर गर्न सक्नेछौ ।"

यस्तो भन्नुहुँदा पाटलिय गामणिले भगवान्‌लाई यस्तो भने— "धन्य हो, भन्ते ! धन्य हो, भन्ते ! ! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा.. अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछ—त्यस्तै गरी तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो । अब म तपाइ गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाइ गौतमले मलाई स्वीकार गर्नुहोस् ।"

३. पाटलि गाउँका उपासकहरू

परिचय

'पाटलि' भन्ने गाउँ मगध देशको एक गाउँ हो। यो गाउँ बनाउँदा जमिनबाट पाटली-फूल (=गुलाबी रंगको फूल) निस्केको कारणले गर्दा यसको नाम 'पाटलि' भन्ने रहन गएको हो भनी उदानट्ठकथाले[१] उल्लेख गरेको छ।

महावग्गपालि[२] अनुसार अजातशत्रु राजाको पालामा वज्जीहरूलाई (=लिच्छवीहरूलाई) रोक्नकोनिमित्त त्यस गाउँमा सुनीध र वस्सकार मगधमहामात्याहरूलाई नगर बनाउने काम अजातशत्रुले सुम्पेका थिए। जुन नगर पछि गएर पाटलिपुत्रले प्रख्यात भयो।

---

१. पृ. २८४: पाटलिगामियसुत्तवण्णना, पाटलिगामियवग्गो।

२. पृ. २४३: सुनीधवस्सकारवत्थु, भेसज्जक्खन्धकं; दी. नि. II. पृ. ७०: पाटलिपुत्तनगरमापन, महापरिनिब्बानसुत्तं; उदा. पा. प. १७०: पाटलिगामियसुत्तं, पाटलिगामियवग्गो।

यस नगरको बारेमा भगवान् बुद्धले यस्तो भविष्यवाणी गर्नुभएको छ—

"आनन्द ! जति आर्यहरू बस्ने ठाउँहरू छन् र जति व्यापारका केन्द्रहरू छन्—तिनीहरू मध्ये यो नगर (पाटलिपुत्र) प्रमुख हुनेछ र यहाँ भारीका भारी मालसामानहरू खोल्ने ठाउँ हुनेछ । आनन्द ! पाटलिपुत्रलाई यी तीन प्रकारका भयहरू हुने छन्—(१) आगोको भय, (२) पानीको भय र (३) आपसमा फूटको भय[१] ।"

भगवान् बुद्ध त्यस गाउँमा आइपुग्नु भएको खबर सुनेर सुनीध र वस्सकार मगधमहामात्यहरूले वहाँलाई निम्त्याएका थिए । अनि भगवान् जुनद्वारबाट निस्केर जानुभयो त्यसद्वारलाई 'गौतमद्वार' र जुन स्थानबाट गङ्गापारी जानुभयो त्यस स्थानलाई 'गौतमतीर्थ' भन्ने नाम उनीहरूले राखे[२] । यो घटना बुद्धपरिनिर्वाण हुने वर्षमा घटेको हो । कुन समयमा पाटलिपुत्र नगर मगधराज्यको राजधानी हुन गयो भन्ने कुरा चाहिं निश्चितरूपले भन्न सकिन्न ।

---

१. महा. व. पा. पृ. २४४: सुनीधवस्सकारवत्थु, भेसज्जक्खन्धकं; दी. नि. II. पृ. ७०–७१: पाटलिपुत्तनगरमापनं, 'महापरिनिब्बानसुत्तं', उदा. पा. पृ. १७१ पाटलिगामियसुत्तं, पाटलिगामियवग्गो ।

२. महा. व. पा. पृ. २४५: सुनीधवस्सकारवत्थु, भेसज्जक्खन्धकं; दी. नि. II. पृ. ७२: पाटलिपुत्तनगरमापनं, महापरिनिब्बानसुत्तं; उदा. पा. पृ. १७२: पाटलिगामियसुत्तं, पाटलिगामियवग्गो ।

जैन सम्प्रदाय अनुसार अजातशत्रुको छोरा उदयभद्रको पालापा भएको हो भन्ने कुरा बुझिन्छ। यही ठीक हुनसक्छ भनी डा० मललसेकरले उल्लेख गरेका छन्[1]।

अङ्गुत्तरनिकाय पञ्चकनिपातको नारदसुत्तमा[2] चाहिं उदयभद्रका छोरा मुण्ड पाटलिपुत्रमा बस्दथे र नारद स्थविर पाटलिपुत्रको कुक्कुटाराममा बस्दथे भन्ने कुराको आधारमा अध्ययन गर्दा भने यसबखत पाटलिपुत्र मगध राज्यको राजधानी भइसकेको कुरा प्रष्ट हुन्छ।

अगाडि अनुदित सूत्रमा 'भगवान् राजगृहमा इच्छानुसार विहार गरी जहाँ पाटलि (पाटली) गाउँ हो त्यहाँ साँढे बाह्रशय[3] महान भिक्षु सङ्घका साथ चारिकार्थ जानुभयो' भन्ने र त्यसपछि वहाँ 'चारिका गर्दै क्रमशः जहाँ पाटलि गाउँ हो त्यहाँ पुग्नुभयो' भन्ने कुरा उल्लेख भएको छ।

यस विषयमा भगवान् कुन समयमा त्यहाँ पुग्नुभयो भन्ने सम्बन्धलाई लिएर केही कुरा तल उल्लेख गरेको छ।

---

१. D. P. P. II. पृ. १७८.

२. अं. नि–५, पृ. ३२२: नारदसुत्तं, मुण्डराजवग्गो।

३. दीघनिकायको महापरिनिब्बान सूत्र र उदानपालिको पाटलिगामिय सूत्रहरूमा 'साँढे बाह्रशय महान भिक्षुसङ्घका साथ' भनी उल्लेख नभई केवल महानभिक्षुसङ्घका साथ भन्ने मात्र उल्लेख भएको छ। दी. नि. II. पृ. ६८; उदा. पा. पृ. १६८.

भगवान् चाहिं बेलुब गाउँमा[१] वर्षावास गरी[२] त्यहाँबाट निस्की क्रमशः श्रावस्तीमा गई जेतवनमा बस्नुभयो । त्यस समय

---

१. दी. नि. II. पृ. ७९: वेलुवगामवस्सूपगमनं, महापरिनिब्बानसुत्तं । 'बेलुव' वा 'वेलुव' दुवै शब्दहरू प्रयोग भएका पाइन्छन् । दीघनिकायमा 'वेलुव' र उदानट्ठकथा संयुत्तनिकायट्ठकथामा 'बेलुव' भनी उल्लेख भएको छ ।

२. यो वर्षावास भगवान् बुद्धको ४५ सौं तथा अन्तिम वर्षावास हो ।
अतः धम्म. प. अ. क. पृ. २: चक्खुपालत्थेरवत्थुमा—अनाथपिण्डिकको जेतवनाराममा १९ पटक र विशाखाको पूर्वाराममा ६ पटक गरी २५ वर्षावास भगवान्ले श्रावस्तीमा बिताउनु भयो भनी लेखेको कुरा मिल्दैन । यसमा बेलुव गाउँमा बस्नु भएको अन्तिम १ वर्षावास कटाउँदा २४ वर्षावास मात्र श्रावस्तीमा बस्नु भएको कुरा निर्विवाद हुन आउँछ । अतः पपं. सू. II. पृ. १३७ पासरासिसुत्तवण्णनामा जुन आखिरको २५ वर्षावासहरू भगवान्ले श्रावस्तीमा बिताउनु भयो भनी उल्लेख भएको छ तथा अं. नि. अ. क. पृ. ३१४: समचित्तवग्गो, दुकनिपातवण्णनामा पनि उल्लेख भएको छ यो कुरा मिल्दैन । यसमा १ वर्षावास कटाउनु पर्छ । यसै कुरालाई ध्यानमा राखी मैले बु. म. भा–१, पृ. ८२ मा "…त्यसपछि जेतवन महाविहार र पूर्वाराम महाविहार तयार भइसकेपछि यिनै दुबै विहारहरूमा आलोपालो गरी चौबीस (२४) वर्षावासहरू बिताउनु भयो…" भनी उल्लेख गरेको हुँ ।

धर्मसेनापति सारिपुत्र महास्थविरले आफ्नो आयुको सम्बन्धमा विचारगरी हेर्नु हुँदा एकहप्ता मात्र आयु बाँकी भएको कुरा बुझी भगवान्‌को वचन लिई नालक गाउँमा गई आफ्नी आमालाई स्रोतापन्ना गराई वहाँ परिनिर्वाण हुनु भयो। अनि चुन्द (=सारिपुत्रका भाइ) स्थविरले ल्याउनु भएका धातुहरू (=अस्थिहरू) ग्रहण गरी धातुचैत्य बनाउन लगाई महा भिक्षुसङ्घद्वारा परिवृत्त भई भगवान् राजगृहमा जानुभयो[1]। अनि राजगृहमा बसिरहनु भएको बेलामा त्यहाँ आयुष्मान् महामौद्गल्यायनको पनि चैत्य बनाउन लगाई[2] त्यहाँबाट अम्ब-लट्ठिकायमा बसी त्यहाँबाट अतुरित चारिकाको[3] रूपमा जनपद

---

१. उदा. अ. क. पृ. २२६: आयुसङ्खारोस्सज्जनसुत्तवण्णना, जच्चन्ध-वग्गो।

२. सं. नि. अ. क. III. पृ. १८१: उक्कचेलसुत्तवण्णना, नालन्दावग्गो-दुतियो, सतिपट्ठानसंयुत्तमा—धर्मसेनापति सारिपुत्र महास्थविर कार्तिक महीनाको पूर्णिमाको दिनमा र महामौद्गल्यायन महास्थ-विर त्यसको आधामहिनापछि कालपक्षको उपोसथ दिनमा परिनिर्वाण हुनु भएको कुरा स्पष्ट रूपमा उल्लेख भएको छ।

"तेसंहि धम्मसेनापति कत्तिकमासपुण्णमायं परिनिब्बुतो महामोग्गल्लानो ततो अड्ढमासातिक्कमेन कालपक्खे उपोसथे।"

३. 'अतुरितचारिका' भनेको कस्तो चारिका हो भन्ने कुरा बुझ्नको-निमित्त बु. ब्रा. भा–३, पृ. ४३४ को 'तुरित र अतुरित चारिका' शीर्षकमा हेर्नू।

चारिका गर्दै सम्बन्धित ठाउँमा एक एक रात बसी, लोकसंग्रह गर्दै क्रमशः भगवान् पाटलि गाउँमा पुग्नुभयो[१] ।

त्यसैले तल अनुदित सूत्रमा "अनि भगवान् चारिका गर्दै क्रमशः जहाँ पाटलि गाउँ हो त्यहाँ पुग्नुभयो" भनी उल्लेख भएको हो[२] ।

पाटलि गाउँका मानिसहरूले किन आवासथागार बनाएका हुन् ? किन भगवान्लाई त्यस आवासथागारमा निम्त्याएका हुन् ? भन्ने विषयमा अर्थकथाहरूले उल्लेख गर्दै यसरी कारणहरू दिएका छन् ।

अजातशत्रु राजाका र लिच्छवी राजाहरूका मानिसहरू पाटलि गाउँमा समय समयमा आउँथे । उनीहरू आउँदा उनीहरूले घरका मानिसहरूलाई घरबाट निकाली आधामहिना अथवा एक महीना पनि घरमा बसिदिन्थे । यस कारणले गर्दा पाटलि गाउँका मानिसहरू सँधै पीडित हुन्थे । अतः उनीहरू आउँदा बास बसालनकोनिमित्त हुनेछ

---

१. उदा. अ. पृ. २८४: पाटलिगामियसुत्तवण्णना, पाटलियगामियवग्गो ।

२. यहाँ माथि उल्लेख भएका कारणहरूमाथि विचार गर्दा दीघनिकाय महापरिनिब्बानसुत्तमा जुन क्रमले यस पाटलि गाउँमा आउनु भएको कुरा र बेलुव गाउँमा वर्षावास बस्नु भएको कुरा उल्लेख भएका छन् ती अगाडि पछाडि भएका महसुस हुन्छन् । यदि त्यहाँ पाटलि गाउँमा आउनु भएको कुरा बेलुव गाउँमा वर्षावास बस्नु भएको कुरा पछि राखिदिएको भए सजिलैसँग क्रम छुटचाउन सजिलो हुन्थ्यो ।

भन्ने सोचेर उनीहरूले नगरको बीचमा एक ठूलो शाला बनाएका हुन् । त्यस शालामा मानिसहरू बस्नको लागि, सरसामानहरू राख्नको लागि, बटुवाहरू बस्नको लागि, गरीब गुरुवाहरू बस्नको लागि र रोगीहरू बस्नको लागि छुट्टा छुट्टै ठाउँहरूमा कोठाहरू बनाएका थिए । यसै शालाको नाम 'आवासथागार' हो ।

जब यो शालाको काम सिद्धियो तब उनीहरू त्यहाँ हेर्न गए । त्यस शालाको काठको काम, भित्रको काम तथा रंगरोगनको काम जम्मै राम्ररी तयार भइसकेको थियो र त्यो शाला दिव्यविमान जस्तै देखिन्थ्यो । अनि शालाको द्वारदेखि लिएर हेर्दै गइरहेको बेलामा उनीहरूको मनमा यस्तो लाग्यो—"यस्तो बिघ्न मनोरम्य तथा श्रीसम्पन्न भएको यो शालाको परिभोग कसद्वारा पहिले गराउन पाए हामीहरूको दीर्घकालिक हित सुख हुनेछ होला ?" यसै बखत उनीहरूले भगवान् त्यस गाउँमा आइपुग्नु भएको खबर सुने । 'भगवान्कहाँ गई हामीले वहाँलाई निम्तो गरी ल्याउन पर्ने ठाउँमा वहाँ स्वयं यस गाउँमा आइपुग्नु भएको छ' भन्ने खबरबाट उनीहरू अत्यन्त खुशी भए । अनि उनीहरूले सोचे—

"आजै भगवान्लाई निम्तो गरी यहाँ बास गराउन पर्‍यो । भगवान्द्वारा यस शालाको सर्वप्रथम परिभोग गराउन पर्‍यो र भिक्षुसङ्घद्वारा पनि । भिक्षुसङ्घहरू आउँदा सारा त्रिपिटक बुद्धवचन पनि आएको हुने छ । भगवान्द्वारा मङ्गल धर्मोपदेश पनि गराउन पर्‍यो । यसरी सर्वप्रथम त्रिरत्नद्वारा परिभोग गर्न लगाई त्यसपछि हाम्रो र

अरूहरूको परिभोग हुने छ । यसरी हामीहरूको दीर्घकालिक हित सुख हुने छ भन्ने निश्चय गरे ।"

त्यसपछि यसै उद्देश्यलाई लिएर उनीहरू भगवान्कहाँ गई भगवान्संग "भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले हामीहरूको आवासथागार स्वीकार गर्नुहोस्" भनी सूत्रमा उल्लेख भएको हो[1] ।

यी कारणहरू पनि अट्ठकथाले उल्लेख गरेको छ—

भगवान् स्वभावतः अरण्यमा बस्न चाहनु हुन्छ । अतः वहाँ नगर भित्रको आवासथागारमा बस्न चाहनु हुन्छ कि हुन्न भन्ने कुरा पनि बुझ्नु पर्छ । जब उनीहरूको निम्तो भगवान्ले स्वीकार गर्नुभयो तब उनीहरू फर्केर आई तुरन्तातुरन्तै त्यो भरखरै सिद्धिएको आवासथागार सफा सुग्घर पारी बुद्धलाई अनुकूल हुने गरी अनेक प्रकारले आसनहरू सजाए । त्यसैले अगाडिको सूत्रमा "भन्ते ! आवसथागारका सबै ठाउँहरूमा बछ्यानहरू लगाई सकिएका छन् .." भन्ने आदि कुरा उल्लेख भएका हुन् ।

कसरी सजाए भन्ने विषयमा उदानट्ठकथाले यसरी वर्णन गरेको छ ।—

सबभन्दा पहिले सबै काममा मङ्गल ठानिने गोबर चाहिन्छ भन्ने विचार गरी लिउन आदि लगाइराखेको भुईंमा पनि गोबरले लिप्न

---

१. दी. नि. अ. क. II. पृ. २४०-४१: महापरिनिब्बानसुत्तवण्णना (ना) ; उदा. अ. क. पृ. २८४-८५: पाटलिगामियसुत्तवण्णना, पाटलिगामियवग्गो ।

लगाई परिशुद्ध पारी जस्तो गर्दा भुइँमा टेक्दा पैतालाको चिन्ह भुइँमा नदेखिने हो त्यस्तै गरी चार प्रकारका सुगन्धहरूले लिप्न लगाई त्यसमाथि अनेक रंगका कपडाहरू बिछ्याउन लगाई त्यसमाथि अतिसुन्दर तथा नरम कवचहरू बनाई सबै ठाउँहरूमा अनेक प्रकारका बछ्यानहरू बछ्याउन लगाए। आसनहरूको बीचमा मङ्गल स्तम्भको आडमा भव्य बुद्धासन तयार पारी त्यसमा जे जे नरम तथा मनोरम्य कपडाहरू हुन् ती ती बछ्याई आसनको दुबैतिर रातो रंगका राम्रा देखिने तकियाहरू राखी माथि सुन चाँदीका ताराहरू जस्तै टल्कने चँदुवा टाँगी सुगन्धित फूलका मालाहरूद्वारा अलंकृत पारी बाह्रहातसम्मको ठाउँमा फूलका जालीहरू टाँगी तीस हातसम्मको ठाउँमा रेशमको पर्दाले घेरी पश्चिमको भित्तातिर भिक्षुसङ्घको लागि खाट, मेच तथा कवचहरू राखी त्यसमाथि सेतो कपडा बछ्याई शालाको पूर्वतिर आफूहरू बस्नकोनिमित्त आसनहरू तयार पार्न लगाए। त्यसैले अगाडिको सूत्रमा "आसनहरू राखिसकिएका छन्" भनी उल्लेख भएको हो[१]।

त्यसपछि हातखुट्टा धुनको लागि र मुख कुल्ला गर्नको लागि ठाउँ ठाउँमा निर्मल तथा सुगन्धित पानीका भाँडाहरू राखेर केराको पातले छोपे। अनि सुन चाँदी युक्त लट्ठीहरूमा तेलको चिराक बाली हातमा लिइराखेका सुन चाँदी युक्त भाँडाहरूमा पनि तेलको बत्ती बाले। यिनीहरूले केवल आवासथागारमा मात्र यसरी बत्ती बालेका होइनन्

१. उदा. अ. क. पृ. २८५–८६ः पाटलिगामियसुत्तवण्णना।

परन्तु गाउँका सबै भागमा तथा सडकहरूमा समेत शृंगार गर्न लगाई ध्वजा पताकाहरू फहराउन लगाई घरका दैला दैलामा पूर्णघटहरू र केराका बोटहरू राख्न लगाई सबै नगरमा प्रदीपमालाद्वारा ताराहरू चम्किए जस्तै गरी सजाएका थिए। "दूध खाने बालकहरूलाई दूध खुवाऊ, स्याना बालकहरूलाई अलि अलि खाना खुआई सुताऊ, होहल्ला नगर। आज एक रात भगवान् गाउँभित्र बस्नु हुनेछ। बुद्धहरू निःशब्द चाहनु हुन्छ" भन्ने फेरी लगाई आफूहरू चिराक हातमा लिई भगवान्-कहाँ गए[1]।

त्यसपछि दुपट्ट चीवर पारुपन गर्नु भई महाकाश्यप महास्थ-विर आदि महा भिक्षुसङ्घका साथ[2] महत् बुद्धलीलाले पाटलि गाउँमा गई क्रमशः त्यस आवासथागारभित्र भगवान् पस्नुभयो। अरू कुराहरू अगाडिको मूल सूत्रमै उल्लेख भएका छन्।

× × ×

---

१. उदा. अ. क. पृ. २८६: पाटलिगामियसुत्तवण्णना, पाटलिगामिय-वग्गो।

२. उदा. अ. क. पृ. २८७: पाटलिगामियसुत्तवण्णना।

मूल सूत्र—

१–पञ्चदुश्शीलका दुष्परिणामहरू

अनि भगवान् राजगृहमा इच्छानुसार विहार गरी जहाँ पाटलि (=पाटली) गाउँ हो (पाटलिगामो) त्यहाँ साँढे बाह्रशय महान भिक्षुसङ्घका साथ चारिकार्थ जानुभयो[१]। अनि भगवान् चारिका गर्दै क्रमशः जहाँ पाटलि गाउँ हो त्यहाँ पुग्नुभयो। अनि पाटलि गाउँका (पाटलिगामिका) उपासकहरूले[२] "भगवान् पाटलि गाउँमा आइपुग्नु भयो" भन्ने खबर सुने। अनि पाटलि गाउँका उपासकहरू जहाँ

---

१. महा. व. पा. पृ. २४२: पाटलिगामवत्थु, भेसज्जक्खन्धकं; उदा. पा. पृ. १६८: पाटलिगामियसुत्तं, अ. क. २८४; दी. नि. II. पृ. ६८: महापरिनिब्बानसुत्तं।

२. यिनीहरूको सर्वप्रथम बुद्धसँग भेट हुँदा यिनीहरूमध्ये केही शरणमा गए, केहीले शील ग्रहण गरे र केही शरणमा पनि शीलमा पनि प्रतिष्ठित भएका थिए। त्यसैले यिनीहरूलाई 'उपासक' भनी भनिएको हो भनी उदा. अ. क. पृ. २८४: पाटलिगामियसुत्त-वण्णनाले उल्लेख गरेको छ।

भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलि गाउँका उपासकहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भएका पाटलि गाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्तीगरे—

"भन्ते ! भिक्षुसङ्घका साथ भगवान्ले हामीहरूको आवासथागार स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो ।

त्यसपछि पाटलि गाउँका उपासकहरूले भगवान्को स्वीकृतिलाई जानी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी जहाँ आवासथागार हो त्यहाँ गए । त्यहाँ पुगेपछि आवासथागारको सबै ठाउँमा वछ्यानहरू लगाई आसनहरू राखी पानीको भाँडा राखी तथा तेलको दियो बाली जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका पाटलि गाउँका उपासकहरूले भगवान्लाई यस्तो बिन्ती गरे—"भन्ते ! आवासथागारको सबै ठाउँहरूमा वछ्यानहरू लगाइसकिएका छन्, आसनहरू राखिसकिएका छन्, पानीका भाँडाहरू पनि राखिसकिएका छन् र तेलको दियो पनि बालिसकिएको छ । अब भगवान्ले जस्तो समय हो जान्नुहोस् ।"

अनि चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् साँढे बाह्रशय महान भिक्षुसङ्घका साथ जहाँ आवासथागार हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि खुट्टा पखाली आवासथागार भित्र पसी बीचको स्तम्भको अडेस लिई पूर्वाभिमुख गरी भगवान् बस्नुभयो। भिक्षुसङ्घ पनि खुट्टा पखाली आवासथागार भित्र पसी पश्चिमतिरको भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पूर्वाभिमुख गरी बसे। पाटलि गाउँका उपासकहरू पनि खुट्टा पखाली आवासथागार भित्र पसी पूर्वतिरको भित्ताको अडेस लिई भगवान्लाई नै अगाडितिर पारी पश्चिमाभिमुख गरी बसे। अनि भगवान्ले पाटलि गाउँका उपासकहरूलाई सम्बोधन गर्नुभयो[१]—

(क) "गृहपति हो! शीलबाट विमुख भई दुश्शील[२] स्वभाव हुनेका यी पाँच दुष्परिणामहरू (आदिनवा) हुन्छन्। कुन पाँच भने?— (१) गृहपति हो! यहाँ शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको

---

१. ती उपासकहरूमध्ये धेरै जना शीलमा प्रतिष्ठित थिए। अतः सर्वप्रथम शील विपत्तिका दोषहरू देखाई त्यसपछि शीलसम्पत्तिका गुणहरू देखाउने उद्देश्य लिएर भगवान्ले उनीहरूलाई सम्बोधन गर्नुभएको हो भनी उदा. अ. क. पृ. २९०: पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यहाँ 'दुश्शील' भनी शील नहुनेलाई र समादान गरेको शील भङ्ग गर्नेलाई भनिएको हो। उदा. अ. क. पृ. २९०: पाटलिगामियसुत्तवण्णना, पाटलिगामियवग्गो।

प्रमादको कारणले गर्दा महति भोगसम्पत्तिको हानी हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पहिलो दुष्परिणाम (आदिनवो) हो । (२) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको कु-कीर्ति शब्द फैलिन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो दोश्रो दुष्परिणाम हो । (३) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरुष क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा—जुनसुकै परिषद्मा गए पनि अविशारदभई चूप लागी बस्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो तेश्रो दुष्परिणाम हो । (४) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको मृत्यु मोह सहित हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो चौथो दुष्परिणाम हो । (५) फेरि गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुने पुरुष शरीर छाडी मृत्युपछि अपाय[१], दुर्गति[२], विनिपात[३] र नरकमा[४] उत्पन्न हुन्छ । शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेको यो पाँचौ दुष्परिणाम हो । गृहपति हो ! शीलबाट विमुख भई दुश्शील स्वभाव हुनेका यी नै पाँच दुष्परिणामहरू हुन्छन् ।

---

१. अपाय भन्नाले तिरश्चीन योनिलाई देखाइएको हो ।

२. दुर्गति भन्नाले प्रेतगतिलाई देखाइएको हो ।

३. विनिपात भन्नाले असुर कायलाई देखाइएको हो ।

४. नरक भन्नाले अवीचि आदि अनेक प्रकारका नरकहरूलाई देखाइएको हो भनी उदा. अ. क. पृ. २९१: पाटलिगामियसुत्त-वण्णना, पाटलिगामियवग्गोले उल्लेख गरेको छ ।

(ख) "गृहपति हो ! शीलवान्[1] हुनेका शीलसम्पदाद्वारा हुने यी पाँच गुणहरू हुन्छन् । कुन पाँच भने ?—(१) गृहपति हो ! यहाँ शीलवान् हुनेको शीलसम्पन्न र अप्रमादको कारणले गर्दा उसलाई ठूलो भोगसम्पत्ति लाभ हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पहिलो गुण हो । (२) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको कल्याणकीर्ति शब्द फैलिन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो दोश्रो गुण हो । (३) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरुष—क्षत्रीपरिषद्मा, ब्राह्मणपरिषद्मा, गृहपतिपरिषद्मा अथवा श्रमणपरिषद्मा—जुनसुकै परिषद्मा गए पनि विशारद भई चूप न लागी बस्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो तेश्रो गुण हो । (४) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुनेको मृत्यु मोह रहित हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो चौथो गुण हो । (५) फेरि गृहपति हो ! शीलसम्पन्न शीलवान् हुने पुरुष शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । शीलवान् हुनेको शीलसम्पदाद्वारा हुने यो पाँचौं गुण हो । गृहपति हो ! शीलवान् हुनेका शीलसम्पदाद्वारा यी नै पाँच गुणहरू हुन्छन् ।"

त्यसपछि पाटलि गाउँका उपासकहरूलाई रातको धेरै बेरसम्म[2]

---

१. यहाँ शील समादान गरी बसिरहेकालाई 'शीलवान्' भनिएको हो । उदा. अ. क. पृ. २९१.

२. रातको धेरैबेरसम्म भनेको आधारात भन्दा पनि धेरै भनिएको हो भनी उदा. अ. क. पृ. २९२: पाटलिगामियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभई भगवान्ले उनीहरूलाई यस्तो भन्नुभयो—

"गृहपति हो ! रात बितिसक्यो । अब तिमीहरू जस्तो उचित समय ठान्दछौ (गर) ।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तरदिई पाटलि गाउँका उपासकहरू आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । अनि पाटलि गाउँका उपासकहरू फर्केर गइसकेपछि भगवान् शून्यागारमा पस्नुभयो[१] ।

---

१. 'शून्यागार' भन्नाले कुनै एकान्त बस्ने कोठामा पस्नुभयो भनी भनिएको होइन । सो ठूलो शालामा भगवान्लाई उपयुक्त हुने गरी पर्दा लगाई चाँद लगाई एक ठाउँमा खाट राखी बारिराखेको थियो । ता कि भगवान्ले त्यहाँ आराम गर्नु हुनेछ भनी । सोही ठाउँमा गई भगवान्ले आफ्नो सङ्घाटि वच्छयाई सिंहशय्यामा लेट्नु भयो भनी भनिएको हो भनी उदा. अ. क. पृ. २९३: पाटलिगामियसुत्तवण्णना, पाटलिगामियवग्गले उल्लेख गरेको छ; सुमं. वि. II. पृ. २४२. (ना) ।

४. पुण्ण कोलियपुत्र

परिचय

पुण्ण (=पूर्ण) कोलियपुत्र कोलिय जनपद्‌बासी हुन्। यिनी कसका छोरा हुन् भन्ने कुरा चाँहि कहीं उल्लेख भएको पाइँदैन।

एक समय जब भगवान् बुद्ध कोलिय जनपद्‌को हलिद्दवसन भन्ने निगममा बसिरहनु भएको थियो तब यी पुण्ण कोलियपुत्र आफ्ना साथी गोव्रतिक अचेल (=नाङ्गो) सेनियसँग भगवान्‌कहाँ गएका थिए। जुन कुरालाई अगाडि अनुदित मूल सूत्रको आधारमा थाहा पाउन सकिन्छ। भगवान् हलिद्दवसन भन्ने निगममा कुनै विहारमा बस्नु भएको कुरा सूत्रमा उल्लेख भएको छैन। त्यसैले अट्ठकथाले[1] भन्दछ कि भगवान् त्यस निगमको कुनै एक अनुरूप स्थानमा बस्नु भएको थियो भन्ने कुरा बुझ्नु पर्छ।

हलिद्दवसन भन्ने निगम बनाउँदाखेरि पहेँला लुगा लगाएका मानिसहरूले उत्सव मनाएका थिए। त्यसैले यस निगमको नाम

१. पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना।

'हलिद्दवसन' भन्ने रहन गएको हो भनी पपञ्चसूदनीले[१] उल्लेख गरेको छ। हलिद्द भनेको हलेदो हो।

सेनिय भन्ने पुरुष पुण्ण कोलियपुत्रका बालकदेखिका साथी थिए[२]। जसले पछि गएर कुकुर-व्रत पालन गर्न थाले र पुण्णले (पूर्णले) गो-व्रत पालन गर्न थाले। अर्थात् गाई जस्तै गरी जीवन बिताउन थाले। यस्तो व्रत पालन गर्दै आफ्नो टाउकोमा सिङहरू बाँधी पछाडितिर पुच्छर पनि बाँधी गाईका बथानसँग चर्न गई घाँस खाई हिड्दथे। यिनका साथी सेनिय नाङ्गो भई कुकुर जस्तै गरी बस्ने व्रत पालन गर्दथे[३]। त्यसैले अगाडिको सूत्रमा 'कुकुर-व्रत गर्ने अचेल (=नाङ्गो) सेनिय' भनी उल्लेख भएको हो।

भगवान्‌कहाँ पुगेपछि पुण्ण कोलियपुत्रले आफ्ना साथी सेनियले बसेको कुकुर-व्रतको फलद्वारा उनको के गति हुनेछ भन्ने र सेनियले आफ्ना साथी पुण्णको गो-व्रतको फलद्वारा उनको के गति हुनेछ भन्ने प्रश्न वहाँसँग सोधे। भगवान्‌ले यो कुरा मसँग नसोध भनी भन्दा पनि उनीहरू नमानेपछि वहाँले—जसले यी व्रतहरूद्वारा स्वर्ग वा मोक्ष पाइनेछ भनी विश्वास गर्छन् उनीहरूको यो विश्वास मिथ्या हुनेछ र मिथ्या विश्वास हुनेहरू नरक वा तीर्यक गति मध्ये कुनै एक गतिमा उत्पन्न हुनेछन् भनी भन्नुभयो। यो सुनेर उनीहरू रोएका थिए।

---

१. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना।

२. पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना।

३. पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना।

पछि 'एकजना प्रव्रजित भई अरहत् हुनेछन् र अर्को एक जना बुद्धको शरणमा पर्नें छन्' भन्ने हेतु देखनुभई उनीहरूलाई भगवान्‌ले चार प्रकारका कर्महरूको बारेमा उपदेश सुनाउनु भयो। यस सूत्रमा भगवान्‌ले चेतनालाई प्रधानता दिई उपदेश गर्नु भएको छ जहाँ कि उपालिसुत्तमा[1] कर्मलाई प्रधानता दिई उपदेश गर्नु भएको छ भनी पपञ्चसूदनीले[2] उल्लेख गरेको छ। जुन उपदेश सुनेर सेनियले बुद्धशासनमा प्रव्रजित भई अरहत्व प्राप्त गरे र पुण्ण कोलियपुत्र त्रिशरणमा गई उपासक भए। अरू विशेष कुराहरू अगाडि अनुदित सूत्रमै प्रष्टसँग उल्लेख भएका छन् र सम्बन्धित ठाउँहरूमा पादटिप्पणीहरू पनि उल्लेख गरिदिएको छु।

× × ×

पुण्ण (=पूर्ण) नामका विभिन्न पात्रहरू

(१) पुण्ण वा पुण्णक (थेर)—यी आयुष्मान् पुण्ण सुनापरन्त[3] देशको सुप्पारकपट्टन भन्ने नगरवासी हुनुहुन्छ[4]।

---

१. हेर बु. गृ. भा–२, पृ. ७०.

२. III. पृ. ७१: कुक्कुरवतियसुत्तवण्णना।

३. सुनापरन्त भन्ने देश हाल भारतको सूरत जिल्ला र त्यसको आसपासका केही भागहरू हुन् भनी राहुलसांकृत्यायनले आफ्नो बुद्धचर्या पृ. ४०२ को पादटिप्पणीमा लेखेका छन्।

४. थेर. गा. अ. क. I. पृ. १५७: पुण्णथेरगाथावण्णना, एकनिपात।

वहाँ सुनापरन्तको एक व्यापारी कुलमा जन्मिनु भएको थियो। एकदिन व्यापार गर्नकोनिमित्त श्रावस्तीमा जाँदा बुद्धकहाँ गइरहेका मानिसहरू देखेर् उनीहरूबाट 'बुद्ध' भन्ने वचन सुनेर सारै प्रभावित भई वहाँ उहीं प्रव्रजित हुनुभयो। पछि बुद्धको आज्ञा लिई वहाँ आफ्नो देश सुनापरन्तमा फर्केर गई उही वर्षमै परिनिर्वाण हुनुभयो। आयुष्मान् पुण्णले भगवान्‌लाई सुनापरन्तमा निम्त्याउनु भएको थियो र वहाँ पनि श्रावस्तीबाट ३०० योजन[1] टाढा रहेको सुनापरन्तमा जानु भएको थियो।

सुनापरन्तबासी पुण्ण (=पूर्ण) थेरलाई म. नि. III. पृ. ३५७ मा उल्लिखित पुण्णोवादसुत्तको उपदेश गर्नु भएको थियो। यो सुत्र सं. नि. III. पृ. ५६ मा पनि छ। पुण्णथेरको बारेमा विस्तृत विवरणहरू पपं. सू. IV. पृ. २०८: पुण्णोवादसुत्तवण्णना र सं. नि. अ. क. III. पृ. १४: पुण्णसुत्तवण्णना, सलायतनसंयुत्त तथा थेर. गा. अ. क. I. पृ. १५६: पुण्णथेरगाथावण्णनामा पाइन्छ। अपदा. पा. II. पृ. ४२७: पुण्णकत्थेरअपदान; थेर. गा पा. पृ. २५०: पुण्णथेरगाथा तथा बु. व्र. भाग–१, पृ. २०३ मा पनि हेर्नू।

(२) पुण्ण—यी पुण्ण (=पूर्ण) वा पुण्णसीह (=पूर्णसिंह) राजगृहबासी सुमन भन्ने साहुकहाँ बस्ने एक गरीब पुरुष हुन्। यिनको एक उत्तरा भन्ने पुत्री थिइन्। यिनका कुराहरू बु. म. भा–१, पृ. २६७ देखि २८९ सम्ममा हेर्नू।

---

१. सं. नि. अ. क. III. पृ. १७: पुण्णसुत्तवण्णना, सलायतनसंयुत्तं।

(३) पुण्ण—यिनी भद्दिय नगरवासी मेण्डक सेठका नोकर हुन्। यिनले एक हलो जोताइ जोत्दा सात जोताइ बराबर हुन्थ्यो। यिनको विषयमा अरू कुराहरू यसै पुस्तकमा अगाडि 'मेण्डक गृहपति' शीर्षकमा उल्लेख भएका छन्। त्यस्तै गरी धम्म. प. अ. क. पृ. ५०९: मेण्डकसेट्ठिस्सवत्थु; अं. नि. अ. क. I. पृ. २१९: विसाखा, एककनिपातवण्णना; धम्म. प. अ. क. पृ. १९०: विसाखायवत्थु, पुप्फवग्गो; विसु. म. पृ. २८५: इद्धिविधनिद्देसोमा पनि छ।

(४) पुण्ण मुख—यो एक कोकिल चराको नाम हो। जा. अ. क. V. पृ. २५५: कुणालजातकं, नं. ५३६.

(५) पुण्ण—यी ती पुण्ण (=पूर्ण) हुन् जो अस्सलायन सूत्रमा उल्लिखित सातजना ऋषिहरूका भान्से थिए। हेर्नू बु. श्रा. भा–२, पृ. ३६: अस्सलायन माणव।

(६) पुण्ण-मन्तानिपुत्त (स्थविर)—वहाँ स्थविर कपिलवस्तु नगरको दोणवत्थु (=द्रोणवस्तु) ब्राह्मण गाउँको एक ठूलो धनाढ्य कुलमा जन्मिनु भएको थियो। वहाँकी आमाको नाम 'मन्ताणि[१]' हो र यिनी कोण्डञ्ञ[२] (=कौडिन्य) महास्थविरकी बहिनी हुन्। पुण्ण-मन्ताणिपुत्र (=पूर्ण मन्त्राणीपुत्र) कोण्डञ्ज महास्थविर-

---

१. अं. नि. अ. क. I. पृ. ११४: पुण्णोमन्ताणिपुत्तो, एककनिपातवण्णना।

२. बु. श्रा. च. भा–१, पृ. ५९: कौडिन्यचरित।

कहाँ कपिलवस्तुमा प्रव्रजित हुनु भएको थियो[१] । पछि वहाँलाई भगवान्ले धर्मकथिकहरूमध्ये अग्रस्थानमा राख्नुभयो[२] ।

सारिपुत्र महास्थविरले वहाँको बयान गर्नुहुन्थ्यो र वहाँ श्रावस्तीमा आउनु भएको वेलामा महास्थविरले भेट्न जानु भई वहाँसँग—"आवुसो ! के तपाइ शीलविशुद्धिकोनिमित्त भगवान्को धर्ममा बस्नु भएको हो ?" भन्ने आदि प्रश्नहरू सोध्नु भएको थियो[३] । वहाँकै उपदेश सुनेर आनन्द महास्थविरले स्रोतापत्तिफल पाउनु भएको थियो[४] । भगवान्सँग भेट्नुभन्दा अगाडि कपिलवस्तुमा बसिरहनु भएको वेलामै वहाँले अरहत्व साक्षात्कार गर्नु भएको थियो[५] ।

यी पुण्ण मन्ताणिपुत्त अघि अघिको जन्ममा बोधिसत्व (=बुद्ध) का सात भाइहरूमध्ये एक भाइ भएका थिए भन्ने कुरा जा. अ. क. IV.

---

१. अं. नि. अ. क. I. पृ. ११४–१५: पुण्णोमन्ताणिपुत्तो, एककनिपात-वण्णना; थेर. गा. अ. क. I. पृ. ३७: पुण्णथेरगाथावण्णना, एकनिपात ।

२. अं. नि–१, पृ. २४: एतदग्गवग्गो, अ. क. I. पृ. ११३.

३. म. नि. I. पृ. १९४: रथविनीतसुत्तं, अ. क. II. पृ. १२९.

४. थेर. गा. अ. क. II. पृ. १२४: आनन्दत्थेरगाथावण्णना, तिंसति-निपातो ।

५. अं. नि. अ. क. I. पृ. ११५: पुण्णोमन्ताणिपुत्तो, एककनिपात-वण्णना; थेर. गा. अ. क. I. पृ. ३७–३८: पुण्णत्थेरगाथावण्णना ।

पृ. २९: भिसजातक, नं. ४८८ मा उल्लेख भएको छ। त्यस्तै गरी जा. अ. क. I–II. पृ. ६३१: कुरुधम्मजातकमा यिनी द्वारपाल भएका थिए। जा. नं. २७०.

वहाँको बारेमा अरू कुराहरू जान्नकोनिमित्त निम्न ग्रन्थहरू हेर्नु योग्य हुनेछ।

म. नि. I. पृ. १९२: रथविनीतसुत्तं, अ. क. II. पृ. १११; सं. नि. II. पृ. १३२: चङ्कमसुत्तं, धातुसंयुत्तं, अ. क. II. पृ. १०५; सं. नि. II. पृ. ३२७: आनन्दसुत्तं, खन्धसंयुत्तं, अ. क. II. पृ. २२५; थेर. गा. पा. पृ. २३४: पुण्णत्थेरगाथा, अ. क. I. पृ. ३७: अपदा. पा. I. पृ. ४४: पुण्णमन्ताणिपुत्तत्थेरअपदानं, अ. क. I. पृ. २२८; थेर. गा. अ. क. I. पृ. ३६२: उपालिथेरगाथावण्णना; जा. अ. क. I–II. पृ. ६३१: कुरुधम्मजातकं; जा. अ. क. V. पृ. २९: भिसजातकं।

(७) पुण्ण कोलियपुत्र—यिनकै कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छ।

× × ×

मूल सूत्र—

१—गाई र कुकुर-व्रत गर्नेहरूका गतिहरू

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् कोलिय (जनपद) को हलिद्दवसन[२] भन्ने कोलियहरूको निगममा बसिरहनु भएको थियो । अनि गो-व्रत गर्ने[३] पुण्ण (=पूर्ण) कोलियपुत्र र कुकुर-व्रत गर्ने अचेल

१. म. नि. II. पृ. ६१: कुक्कुरवतिकसुत्तं, अ. क. III. पृ. ६९; स्याममा: 'कुक्कुरवादसुत्तं'; अट्ठकथामा: 'कुक्कुरवतियसुत्तं' ।

२. यो निगम बनाउँदा मानिसहरूले पहेँलो लुगा लगाएर उत्सब मनाएका थिए । त्यसैले यस निगमको नाम 'हलिद्दवसन' भन्ने रहन गएको हो भनी पपं सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. यहाँ गो-व्रत गर्नेछु भन्ने चित्तोत्पाद गरी टाउकोमा सिङहरू बाँधी पुच्छर हाली तथा गाईहरूका साथ घाँस खाई बस्नेलाई 'गो-व्रत गर्ने' भनिएको हो भनी पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

(=नाङ्गो) सेनिय जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि गो-व्रत गर्ने पुण्ण कोलियपुत्रले भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । कुकुर-व्रत गर्ने अचेल सेनियले भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि कुकुर जस्तै कराई कुकुर बस्ने जस्तै गरी एक छेउमा बसे[१] । अनि एक छेउमा बसेका गो-व्रत गर्ने पुण्ण कोलियपुत्रले भगवान्सँग यस्तो भने—

"भन्ते ! कुकुर-व्रत गर्ने यी अचेल सेनियले दुष्करचर्या गरी भुइमा राखेको खाना खान्छन् । उनले पूर्णरूपले त्यो कुकुर-व्रत पालन गरेको धेरै समय बितिसक्यो । उनको के गति र के अभिसम्पराय हुनेछ होला ?"

"पूर्ण ! यो कुरा छाडिदेऊ भइहाल्यो । यो कुरा मसँग नसोध ।"

दोश्रो पटक पनि…तेश्रो पटक पनि गो-व्रत गर्ने पुण्ण कोलियपुत्रले भगवान्सँग यस्तो भने—

---

१. जस्तै कुकुर आफ्नो मालिकको अगाडि बस्दा दुइ खुट्टाले जमिन कोतरी टाउको हल्लाई भूकेर बस्छ—त्यस्तै गरी यी अचेल सेनिय पनि कुकुरले जस्तो गर्नुपर्‍यो भन्ने सोचेर भगवान्सँग सम्मोदन गरी दुइ हातले भुइ कोतरेर टाउको हल्लाएर कुकुरले जस्तै 'भुक् भुक्' गरी कराई हात खुट्टा खुम्च्याई कुकुर बसे जस्तै गरी बसे । पपं. सू. III. पृ. ६९: कुकुरवतियसुत्तवण्णना ।

"भन्ते ! कुकुर-व्रत गर्ने यी अचेल सेनियले दुष्करचर्या गरी भुइमा राखेको खाना खान्छन् । उनले पूर्णरूपले त्यो कुकुर-व्रत पालन गरेको धेरै समय बितिसक्यो । उनको के गति र के अभिसम्पराय हुनेछ होला ?"

"पुण्ण ! यो कुरा छाडिदेऊ भइहाल्यो । पुण्ण ! यो कुरा मसँग नसोध भनी भन्दा पनि मैले मुक्ति पाइन । अब म तिमीलाई बताउनेछु । पुण्ण ! यहाँ कसैले निरन्तर पूर्णरूपले कुकुर-व्रतलाई[1] अभ्यास गर्छ, निरन्तर पूर्णरूपले कुकुर-शीललाई[2] अभ्यास गर्छ, निरन्तर पूर्णरूपले कुकुर-चित्तलाई[3] अभ्यास गर्छ तथा निरन्तर पूर्णरूपले कुकुर-आकल्प[4] (कुक्कुराकप्पं = कुकुरको स्वभाव) लाई अभ्यास गर्छ । अनि निरन्तर पूर्णरूपले कुकुर-व्रतलाई अभ्यास गरी निरन्तर पूर्णरूपले कुकुर-शीललाई अभ्यास गरी, निरन्तर पूर्णरूपले कुकुर-चित्तलाई अभ्यास गरी तथा निरन्तर पूर्णरूपले कुकुर-आकल्पलाई (= कुकुर स्वभाव) लाई अभ्यास गरी शरीर छाडी मृत्युपछि उ कुकुरहरूको सहवासमा उत्पन्न हुन्छ । यदि 'यो शीलद्वारा वा व्रतद्वारा वा तपद्वारा वा ब्रह्मचर्यद्वारा[5] देवता वा देवताहरूमध्ये कुनै एक देवता हुनेछु[6]' भन्ने उसको दृष्टि हुन्छ भने —यो उसको मिथ्यादृष्टि[7] (= गलत धारणा) हुनेछ । पुण्ण !

१. यहाँ 'कुकुर-व्रत' भनी 'आजदेखि कुकुरले गर्ने जस्तै गर्नेछु' भन्ने चित्त उत्पन्न गरी निश्चय गर्नुलाई 'कुकुर-व्रत' भनिएको हो । पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना ।

२. यहाँ 'कुकुर-शील' भनी कुकुरको स्वभावलाई भनिएको हो । पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना ।

३. यहाँ 'कुकुर-चित्त' भनी आजदेखि कुकुरले गर्नु पर्ने काम गर्नेछु भनी चित्त उत्पन्न गर्नेलाई 'कुकुर-चित्त' भनिएको हो । पपं. सू. III. पृ. ६९: कुक्कुरवतियसुत्तवण्णना ।

४. यहाँ 'कुकुर-आकल्प' भनेको कुकुरको आकार प्रकारलाई भनिएको हो । जस्तै —कुकुर हिड्ने आकार, बस्ने आकार, उभिने आकार, सुत्ने आकार, दिसा-पिसाब गर्ने आकार, अर्का कुकुरलाई देख्दा दाह्रा ङिच्याई जाने आदि आकार (स्वभाव) छन्—यी सबैलाई 'कुकुर-आकल्प' भनिएको हो । यस्तै गरी अभ्यास गर्नेलाई 'कुकुर-आकल्पलाई अभ्यास गर्छ' भनी भनिएको हो । पपं. सू. III. पृ. ६९–७०: कुक्कुरवतियसुत्तवण्णना ।

५. यस कुकुर-शील, व्रत, तप, दुष्करचर्याद्वारा अथवा मैथुनविरति, ब्रह्मचर्यद्वारा भनी भनिएको हो । पपं. सू. III. पृ. ७०: कुक्कुर-वतियसुत्तवण्णना ।

६. यहाँ 'देवता' भनी शक्र सुयामा आदि देवतालाई भनिएको हो । 'देवताहरूमध्ये कुनै एक' भनी शक्र वा सुयामा देवताहरूको मनि बस्ने दोश्रो वा तेश्रो देवतालाई भनिएको हो । पपं. सू. III. पृ. ७०: कुक्कुरवतियसुत्तवण्णना ।

७. देवलोक नपुग्ने मार्गलाई देवलोक पुगिने मार्ग भनी विश्वास गर्नुलाई नै यहाँ 'मिथ्यादृष्टि' भनिएको हो । पपं. सू. III. पृ. ७०: कुक्कुर-वतियसुत्तवण्णना ।

मिथ्यादृष्टिक हुनेको दुइ गति मध्ये कुनै एक गति हुनेछ भनी म भन्दछु —नरक वा तिर्यक्योनि। पुण्ण ! यसप्रकार कुकुर व्रत पालनद्वारा कुकुरहरूको सहवासमा पुगिन्छ नभए नरकमा।"

यस्तो भन्नुहुंदा कुकुर-व्रत गर्ने अचेल सेनिय रुनथाले र आँसु बघाउन थाले। अनि भगवान्ले गो-व्रत गर्ने पूर्ण कोलियपुत्रलाई यस्तो भन्नुभयो—"पूर्ण ! यो कुरा छाडिदेऊ भइहाल्यो। पुर्ण ! यो कुरा मसँग नसोध भन्दा पनि मैले मुक्ति पाइन।"

"भन्ते ! म यस कुराबाट रोएका होइन जो कि भगवान्ले यस्तो भन्नुभयो। परन्तु भन्ते ! यो कुकुर-व्रतलाई मैले धेरै समयदेखि पालनगरिसकेको छु[१]। भन्ते ! पुण्ण कोलियपुत्र गो-व्रत गर्ने हुन्। उनले यो गो-व्रत धेरै समयदेखि पालनगरिसकेका छन्। उनको के गति र के अभिसम्पराय हुनेछ होला ?"

"सेनिय ! भइहाल्यो यो कुरा छाडिदेऊ। यो कुरा मसँग नसोध।"

---

१. यहाँ उल्लेख भएको वाक्यको अभिप्राय यस्तो हो—भन्ते ! मैले यो कुकुर-व्रतलाई चिरकालदेखि पालन गर्दै आएको छु। यो व्रत परिपूर्ण भएता पनि वृद्धि हुने छैन परिपूर्ण नभएता पनि वृद्धि हुने छैन। यतिका दिनसम्म पालन गरेको मेरो फल तुच्छ भयो। यसै कुरालाई सम्झेर म रोएको हुँ भनी भनिएको हो। पपं. सू. III. पृ. ७०: कुक्कुरवतियसुत्तवण्णना।

दोश्रो पटक पनि···तेश्रो पटक पनि कुकुर-व्रत गर्ने अचेल सेनियले भगवान्सँग यस्तो भने—

"भन्ते ! यी पुण्ण कोलियपुत्र गो-व्रत गर्ने हुन् । यिनले यो गो-व्रत धेरै समयदेखि पालनगरिसकेका छन् । उनको के गति र के अभिसम्पराय हुनेछ होला ?"

"सेनिय ! भइहाल्यो यो कुरा छाडिदेऊ । सेनिय ! यो कुरो मसँग नसोध भनी भन्दा पनि मैले मुक्ति पाइन । अब म तिमीलाई बताउने छु । सेनिय ! यहाँ कसैले निरन्तर परिपूर्णरूपले गो-व्रतलाई अभ्यास गर्छ, निरन्तर पूर्णरूपले गो-शीललाई अभ्यास गर्छ, निरन्तर पूर्णरूपले गो-चित्तलाई अभ्यास गर्छ तथा निरन्तर पूर्णरूपले गो-आकलप-लाई अभ्यास गर्छ । अनि निरन्तर पूर्णरूपले गो-व्रतलाई अभ्यास गरी निरन्तर पूर्णरूपले गो-शीललाई अभ्यास गरी निरन्तर पूर्णरूपले गो-चित्तलाई अभ्यास गरी तथा निरन्तर पूर्णरूपले गो-आकलपलाई अभ्यास गरी शरीर छाडी मृत्युपछि उ गाईहरूको सहवासमा उत्पन्न हुन्छ । यदि—'यो शीलद्वारा वा व्रतद्वारा वा तपद्वारा वा ब्रह्मचर्यद्वारा देवता वा देवताहरूमध्ये कुनै एक देवता हुनेछु' भन्ने उसको दृष्टि हुन्छ भने—यो उसको मिथ्यादृष्टि (=गलत धारणा) हुनेछ । सेनिय ! मिथ्यादृष्टिक हुनेको दुइ गतिमध्ये कुनै एक गति हुनेछ भनी म भन्दछु—नरक वा तिर्यक्योनि । सेनिय ! यसप्रकार गो-व्रत पालनद्वारा गाई-हरूको सहवासमा पुगिन्छ नभए नरकमा ।"

यस्तो भन्नुहुँदा गो-व्रत गर्ने पुण्ण कोलियपुत्र रुनथाले आँसु

बघाउन थाले। अनि भगवान्‌ले कुकुर-व्रत गर्ने अचेल सेनियलाई यस्तो भन्नुभयो—"सेनिय! भइहाल्यो यो कुरो छाडिदेऊ। सेनिय! यो कुरो मसँग नसोध भन्दा पनि मैले मुक्ति पाइन।"

"भन्ते! म यस कुराबाट रोएको होइन—'जो कि भगवान्‌ले यस्तो भन्नुभयो। परन्तु भन्ते! यो गो-व्रतलाई मैले धेरै समयदेखि पालनगरिसकेको छु। भन्ते! म भगवान्‌प्रति सारै प्रसन्न छु। भगवान् त्यसरी धर्मोपदेश गर्न समर्थ हुनुहुन्छ जसरी धर्मोपदेश गर्नुहुँदा मैले पनि यो गो-व्रतलाई छाड्नसकूँ र यी कुकुर-व्रत गर्ने अचेल सेनियले पनि कुकुर-व्रतलाई छाड्न सकुन्।"

"पुण्ण! त्यसोभए सुन राम्ररी मनमा राख भन्नेछु।"

"हवस्, भन्ते!" भनी गो-व्रत गर्ने पुण्ण कोलियपुत्रले भगवान्‌लाई प्रत्युत्तर दिए। अनि भगवान्‌ले यस्तो भन्नुभयो—

चार कर्महरू

"पुण्ण! स्वयं मैले अभिज्ञाद्वारा साक्षात्कार गरी प्रकाश गरेका चार कर्महरू छन्[१]। कुन चार भने?—(१) पूर्ण! कृष्णकर्म छ र कृष्णविपाकी[२] पनि, (२) पुण्ण! शुक्लकर्म छ र शुक्लविपाकी[३] पनि, (३) पुण्ण! कृष्णशुक्लकर्म छ र कृष्णशुक्लविपाकी[४] पनि, (४) पुण्ण! अकृष्णअशुक्लकर्म छ र अकृष्णअशुक्लविपाकी[५] पनि—जुन कर्मक्षयकोनिमित्त (हेतु) हुन्छ।

१. भगवान्ले यो कुरा किन भन्नुभएको होला भन्ने सम्बन्धमा पपं. सू. III. पृ. ७०: कुक्कुरवतियसुत्तवण्णनाले यसरी स्पष्टिकरण दिएको छ ।

यी चार प्रकारका कर्मका कुराहरू प्रकाशपार्दा यिनीहरूको क्रिया प्रकट हुनेछ भन्ने विचारले यो उपदेश गर्नु भएको हो । अरू यी चारकर्मका कुराहरू बताउँदा यिनीहरूले कारण बुझ्नेछन् र ती मध्ये एकजना शरणमा पर्ने छन् र अर्को एक प्रव्रजित भई अरहत् हुने छन् । यही उपदेश उनीहरूकोनिमित्त अनुकूल हुने छ भन्ने विचारले पनि वहाँले यो उपदेश दिन थाल्नु भएको हो ।

२. यहाँ 'कृष्ण कर्म' भनी दश-अकुशलपथलाई भनिएको हो । यसद्वारा अपायादिमा उत्पन्न हुने भएकोले 'कृष्ण विपाकी' भनिएको हो । पपं. सू. III. पृ. ७०: कुक्कुरवतियसुत्तवण्णना ।

३. यहाँ 'शुक्लकर्म' भनी दश-कुशलपथ कर्मलाई भनिएको हो । यसद्वारा स्वर्गादिमा उत्पन्न हुने भएकोले 'शुक्लविपाकी' भनिएको हो । पपं. सू. III. पृ. ७०–७१: कुक्कुरवतियसुत्तवण्णना ।

४. यहाँ 'कृष्णशुक्लकर्म' भनी दुबै मिसिएको कर्मलाई भनिएको हो । त्यस्तै गरी सुख दुःख दुबै विपाक हुने भएकोले 'कृष्णशुक्लविपाकी' भनिएको हो । जस्तै—संमिश्रित कर्म गरी अकुशलको प्रभावद्वारा तिर्यक्योनिमा मङ्गलहस्ती आदि स्थानमा उत्पन्न भई कुशलताको प्रभावद्वारा त्यहाँ सुखानुभव गर्छ; कुशल कर्मको प्रभावद्वारा

कृष्णकर्म—(१) "पूर्ण! कृष्णकर्म र कृष्णविपाकी कर्म भनेको कुनचाहिं हो त? पुण्ण! यहाँ कोही (पुरुषले) ब्यापादयुक्त (=दुःख युक्त) कायसंस्कार (=कायिक अकुशल चेतना) लाई अभिसंस्करण गर्छ (=संचित गर्छ), ब्यापादयुक्त वचीसंस्कार (=वाचिक अकुशल चेतना) लाई अभिसंस्करण गर्छ तथा ब्यापादयुक्त मनःसंस्कार (=मानसिक अकुशल चेतना) लाई अभिसंस्करण गर्छ। अनि ब्यापादयुक्त कायसंस्कारलाई अभिसंस्करण गरी, ब्यापादयुक्त वचीसंस्कारलाई अभिसंस्करण गरी तथा ब्यापादयुक्त मनःसंस्कारलाई अभिसंस्करण गरी उ ब्यापादयुक्त (=दुःखयुक्त) लोकमा उत्पन्न हुन्छ। ब्यापादयुक्त लोकमा उत्पन्न हुने उसलाई ब्यापादयुक्त स्पर्श (=दुःखयुक्त स्पर्शविपाक) अनुभव हुन्छ। ब्यापादयुक्त स्पर्श अनुभव हुने उसले नारकीय प्राणीहरूले जस्तै एकान्त दुःखमय ब्यापादयुक्त वेदना (=दुःखमय विपाक वेदना) को अनुभव गर्छ। पूर्ण! यसरी भूतबाट भूतको उत्पन्न हुन्छ अर्थात्

राजकुलमा उत्पन्न भएता पनि अकुशलताको प्रभावद्वारा त्यहाँ दुःखानुभव गर्छ। पपं. सू. III. पृ. ७१: कुक्कुरवतियसुत्तवण्णना।

५. 'अकृष्ण अशुक्लकर्म' भनी कर्मक्षय गर्ने चतुमार्ग चेतना कर्मलाई भनिएको हो। किनभने?—यस कर्मले अकुशल तथा कुशलको फल पनि दिंदैन। त्यसैले यस्तो कर्मलाई 'अकृष्ण अशुक्लकर्म' भनिएको हो। यसै कुरालाई ध्यानमा राखी सूत्रको अगाडि —'जुन कर्मक्षयकोनिमित्त (हेतु) हुन्छ' भनी भनिएको हो। पपं. सू. III. पृ. ७१: कुक्कुरवतियसुत्तवण्णना।

जस्तो गर्छ त्यसै अनुरूप उत्पन्न हुन्छ; जुन गर्छ त्यस अनुसार उत्पन्न हुन्छ। अनि उत्पन्न हुने उसलाई स्पर्श अनुभव हुन्छ। पुण्ण! यसैले पनि मैले 'सत्वहरू कर्मदायाद हुन्' भनी भनेको हुँ। पुण्ण! यही हो कृष्णकर्म र कृष्णविपाकी कर्म।

शुक्लकर्म – (२) "पुण्ण! शुक्लकर्म र शुक्लविपाकी कर्म भनेको कुनचाहिं हो त? पुण्ण! यहाँ कोही (पुरुषले) व्यापादरहित कायसंस्कार (=कायिक कुशल चेतना) लाई अभिसंस्करण गर्छ, व्यापादरहित वचीसंस्कार (=वाचिक कुशल चेतना) लाई अभिसंस्करण गर्छ तथा व्यापादरहित मनःसंस्कार (=मानसिक कुशल चेतना) लाई अभिसंस्करण गर्छ। अनि व्यापादरहित कायसंस्कारलाई अभिसंस्करण गरी, व्यापादरहित वचीसंस्कारलाई अभिसंस्करण गरी तथा व्यापादरहित मनःसंस्कारलाई अभिसंस्करण गरी उ व्यापादरहित लोकमा उत्पन्न हुन्छ। व्यापादरहित लोकमा उत्पन्न हुने उसलाई व्यापादरहित स्पर्श अनुभव हुन्छ। व्यापादरहित स्पर्श अनुभव हुने उसले सुभकिण्हा (=शुभकृत्स्ना) देवताहरूले जस्तै एकान्त सुखमय व्यापादरहित वेदनाको अनुभव गर्छ। पूर्ण! यसरी भूतबाट भूतको उत्पन्न हुन्छ अर्थात् जस्तो हो त्यस्तो उत्पन्न हुन्छ; जुन गर्छ त्यस अनुसार उत्पन्न हुन्छ। अनि उत्पन्न हुने उसलाई स्पर्श अनुभव हुन्छ। पूर्ण! यसैले पनि मैले 'सत्वहरू कर्मदायाद हुन्' भनी भनेको हुँ। पूर्ण! यही हो शुक्लकर्म र शुक्लविपाकी कर्म।

कृष्णशुक्लकर्म—(३) "पुण्ण! कृष्णशुक्लकर्म र कृष्णशुक्ल-

विपाकी कर्म भनेको कुनचाहिं हो त ? पुण्ण ! यहाँ कोही (पुरुषले) ब्यापादयुक्त र ब्यापादरहित कायसंस्कारलाई पनि अभिसंस्करण गर्छ, ब्यापादयुक्त र ब्यापादरहित वचीसंस्कारलाई पनि अभिसंस्करण गर्छ तथा ब्यापादयुक्त र ब्यापादरहित मनःसंस्कारलाई पनि अभिसंस्करण गर्छ। अनि ब्यापादयुक्त र ब्यापादरहित कायसंस्कारलाई पनि अभिसंस्करण गरी, ब्यापादयुक्त र ब्यापादरहित वचीसंस्कारलाई पनि अभिसंस्करण गरी, ब्यापादयुक्त र ब्यापादरहित मनःसंस्कारलाई पनि अभिसंस्करण गरी उ ब्यापाद पनि भएको र ब्यापाद पनि नभएको लोकमा उत्पन्न हुन्छ। ब्यापाद पनि भएको र ब्यापाद पनि नभएको लोकमा उत्पन्न हुने उसलाई ब्यापादयुक्त र ब्यापादरहित भएको स्पर्श अनुभव हुन्छ। ब्यापादयुक्त र ब्यापादरहित भएको स्पर्श अनुभव हुने उसले मनुष्यहरूले जस्तै[१], कुनै कुनै देवताले जस्तै तथा कुनै कुनै विनिपातिकाले जस्तै सुख दुःख मिसिएको ब्यापादयुक्त र ब्यापादरहित

---

१. यहाँ 'मनुष्यहरूले जस्तै' भन्ने आदि कुराको अर्थ यसरी बुझ्नुपर्छ— मनुष्यहरूलाई कहीले सुख र कहीले दुःख हुने कुरा प्रष्टै छ। देवताहरूमा भूमिगत देवताहरूलाई पनि कहीले सुख र कहीले दुःखको अनुभव हुन्छ। विनिपातिक लोकमा चाहिं वैमानिक प्रेतहरूलाई पनि कहीले सुख र कहीले दुःख अनुभव हुन्छ। हात्ती आदि तीर्यक् जातिहरूमा पनि यस्तो भनुभव हुन्छ। पपं. सू. III. पृ. ७२: कुक्कुरवतियसुत्तवण्णना। (वेमानिक प्रेत र विनिपातिकाको सम्बन्धमा बु. प्रे. प्राक्कथनको पृ. ११ र बु. ब्र. भा–१, पृ. ४०५: मा हेर्नू।)

वेदनाको अनुभव गर्छ । पूर्ण ! यसरी भूतबाट भूतको उत्पन्न हुन्छ अर्थात् जस्तो हो त्यस्तो उत्पन्न हुन्छ; जुन गर्छ त्यस अनुसार उत्पन्न हुन्छ । अनि उत्पन्न हुने उसलाई स्पर्श अनुभव हुन्छ । पुण्ण ! यसैले पनि मैले 'सत्वहरू कर्मदायाद हुन्' भनी भनेको हुँ । पुण्ण ! यही हो कृष्णशुक्ल-कर्म र कृष्णशुक्लविपाकी कर्म ।

अकृष्णअशुक्लकर्म—(४) "पुण्ण ! अकृष्णअशुक्लकर्म र अकृष्णअशुक्लविपाकी कर्म भनेको कुनचाहिं हो त ? पूर्ण ! यहाँ जुन त्यो कृष्णकर्म र कृष्णविपाकी कर्म हो—त्यसलाई हटाउने जुन चेतना हो; जुन त्यो शुक्लकर्म र शुक्लविपाकी कर्म हो—त्यसलाई हटाउने जुन चेतना हो तथा जुन त्यो कृष्णशुक्ल कर्म र कृष्णशुक्लविपाकी कर्म हो—त्यसलाई हटाउने जुन चेतना (=मार्ग चेतना) हो—पुण्ण ! यसैलाई अकृष्णअशुक्ल कर्म र अकृष्णअशुक्लविपाकी कर्म[1] भन्दछन्—जुन कर्मक्षयकोनिमित्त (हेतु) हुन्छ । पुण्ण ! यिनीहरू नै चार कर्महरू हुन्—जुन स्वयं मैले अभिज्ञाद्वारा साक्षात्कार गरी प्रकाश गरेको छु ।"

---

१. यस सूत्रमा जुन कृष्ण, शुक्ल र अकृष्ण अशुक्ल भनी उल्लेख भएको छ—त्यसको अर्थ यसरी लेखिएको छ—

कृष्णको अर्थ कालो र अशुद्ध हो । शुक्लको अर्थ सेतो र शुद्ध हो ।

यहाँ उल्लिखित चतुस्क कर्म विभाजनमा बाह्र अकुशल चेतनाहरूलाई 'कृष्ण', त्रैभूमिक कुशल चेतनाहरूलाई 'कुशल' र

गो-व्रतीको शरणागमन

यस्तो भन्नु हुंदा गो-व्रत गर्ने पुण्ण कोलियपुत्रले भगवान्‌लाई यस्तो भने—

"धन्य हो भन्ते ! धन्य हो भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानोपारि दिंदा वा...अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछ त्यस्तै गरी—तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो। अब म तपाइ गौतमको शरणमा पर्दछु,

---

मार्ग चेतनालाई 'अकृष्ण अशुक्ल' भनिएको हो। पपं. सू. III. पृ. ७२ः कुक्कुरवतियसुत्तवण्णना।

त्रैभूमिक कुशल भनी—कामावचर, रूपावचर र अरूपावचर कुशल चित्तलाई भनिएको हो।

स्रोतापन्न, सकृदागामी, अनागामी र अरहत् मार्गलाई 'मार्ग चेतना' भनिएको हो।

यी मध्ये कामावचर कुशलचित्तको बारेमा बु. प. भा–१, पृ. १५८ को पादटिप्पणीमा र रूपावचर र अरूपावचर चित्तको बारेमा बु. ब्रा. भा–२, पृ. १९६ को पादटिप्पणीमा अथवा बु. प. भा–१, पृ. १९५ को पादटिप्पणीमा हेर्नू। अनि बाह्रवटा अकुशल चित्तहरूको सम्बन्धमा बु. प. भा–१, पृ. १५८ को पादटिप्पणीमा हेर्नू।

धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाइ गौतमले मलाई स्वीकार गर्नुहोस् ।"

कुकुर-व्रतीको उपसम्पदा

कुकुर-व्रत गर्ने अचेल सेनियले चाहिं भगवान्लाई यस्तो भने—

"धन्य हो भन्ते ! धन्य हो भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा वा...अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देखदछ त्यस्तै गरी—तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो । अब म तपाइ गौतमको शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान् समक्ष मैले प्रव्रज्या पाऊँ[१] उपसम्पदा पनि ।"

---

१. "प्रव्रज्या पाऊँ" को स्पष्टिकरण दिंदै अट्ठकथाले यसरी उल्लेख गरेको छ—

"धेरै समयदेखि आफूलाई अनैर्याणिकपक्षमा लगाई नुहाउने इच्छा गरी सुक्खानदीमा नुहाए जस्तै मैले आफूलाई पीडा र कष्ट दिएँ । भूसलाई कुटे जस्तै गरी कुनै अर्थ पाउन सकिन । अब मैले आफूलाई योगमा लगाउनुपर्‍यो भन्ने सोचेर प्रव्रज्या पाऊँ" भनी भनेको हो । पपं. सू. III. पृ. ७२ः कुक्कुरवतियसुत्तवण्णना ।

"सेनिय! अघि अन्यतीर्थीय भएका मध्ये जसले यो धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहन्छ उसले चार महीनासम्म परिवास (=परीक्षणार्थ) बस्नुपर्छ[१]। चार महीना सिद्धिएपछि आराधित भएका भिक्षुहरूले प्रव्रजित गर्छन् र भिक्षुत्वको लागि उपसम्पदा पनि गर्छन्। किन्तु यहाँ मलाई पुद्‌गल विशेषता बारे पनि थाहा छ।"

"भन्ते! यदि अघि अन्यतीर्थीय भएका यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहनेले चार महीनासम्म परीक्षणार्थ बस्नुपर्छ र चार महीना सिद्धिएपछि आराधित भएका भिक्षुहरूले प्रव्रज्या र भिक्षुत्वको लागि उपसम्पदा गराउँछन् भने—भन्ते! म चारवर्ष परिवास बस्नेछु। चारवर्ष सिद्धिएपछि आराधित हुने भिक्षुहरूले (मलाई) प्रव्रज्या र भिक्षुत्वको लागि उपसम्पदा गरून्।"

अनि कुकुर-व्रत गर्ने अचेल सेनियले भगवान्को समक्ष प्रव्रज्या र उपसम्पदा पनि पाए[२]। प्रव्रजित भएको केही समय नबित्दै आयुष्मान्

---

१. यस्तो नियम महा. व. पा. पृ. ७३: अञ्ञतित्थियपुब्बकथा, महाखन्धकं, अ. क. III. पृ. १०४१ मा उल्लेख भएको छ। यस्तो परिवास दिनुपर्ने केवल नाङ्गा साधुहरूलाई मात्र हो भनी सम. पा. III. पृ. १०४१ मा उल्लेख भएको छ। यस्ता नाङ्गा साधुहरूलाई कसरी प्रव्रजित गर्ने भन्ने आदि बिषयका कुराहरू महा. व. पा. पृ. ७४ मा समुल्लेख भएका छन्।

२. जब कुकुर-व्रत गर्ने सेनिय अचेलले आफ्नो दृढता प्रकट गरे तब भगवान्ले एक भिक्षुलाई बोलाई उनलाई नुहाई धुहाई प्रव्रज्या

सेनिय एकान्तमा बसी अप्रमत्त भई आतप्तयुक्त मेहनत गरी विहार गरिरहेको बेलामा — जसकोनिमित्त कुलपुत्रहरू सर्वप्रकारले घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन् — त्यो अनुत्तर फल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा अभिज्ञाद्वारा साक्षात्कार गरी उपशान्त भई बस्नुभयो । 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें र अब उप्रान्त केही गर्नुपर्ने छैन' भन्ने ज्ञान पनि भयो । आयुष्मान् सेनिय अरहन्तहरूमध्येमा एक हुनु भयो ।

(=श्रामणेर) गरेर ल्याऊ भनी भन्नुभयो । उनले त्यसै गरी ल्याएपछि नियमानुसार गण पूरा गरी भगवान् पनि त्यहाँ बस्नुभई उपसम्पदा गरे भनी पपं. सू. III. पृ. ७३: कुक्कुरवतियसुत्तवण्णनाले उल्लेख गरेको छ । त्यसैले सूत्रमा 'उपसम्पदा पनि पाए' भनी उल्लेख भएको हो ।

५. पेस्स माहुतेपुत्र

प रि च य

एक समय भगवान बुद्ध चम्पा नगरको गग्गरा भन्ने पुष्क-रिणीको तीरमा बसिरहनु भएको थियो। चम्पा नगरको बगैंचा तथा पोखरीहरूका वरिपरि प्रशस्त चाँपका रुखहरू थिए। त्यसैले यस नगरको नाम 'चम्पा[१]' रहन गएको हो। त्यसैबेला पेस्स भन्ने माहुतेपुत्र कन्दरक परिब्राजकका साथ बुद्धकहाँ गएका थिए।

भगवान्‌कहाँ पुगिसकेपछि शान्त स्वरूप भिक्षुसङ्घलाई देखेर प्रभावित भई कन्दरक परिब्राजकले बुद्धको प्रशंसा गरेका थिए। त्यसबखत भगवान्‌ले भिक्षुसङ्घ शान्त हुनाको कारण बताउनु हुँदै उनलाई उपदेश गर्नुभयो। जुन कुरा अगाडि अनुदित सूत्रमा उल्लेख

---

१. पपं. सू. III. पृ. १: कन्दरकसुत्तवण्णना। यो चम्पा नगर वर्तमान भारतको भागलपुर जिल्ला (विहार) को 'चम्पा नगर हो' भनी राहुल सांकृत्यायनले आफ्नो बुद्धचर्या पृ. २४१ को पादटिप्पणीमा उल्लेख गरेका छन्।

भएको छ। भगवान्को उपदेश सुनेर माहुतेपुत्र पेस्सले भगवान्को प्रशंसा गर्दै "भिक्षुहरूले मात्र सतिपट्ठान भावना गरेका होइनन् हामी-हरूले पनि समय समयमा सतिपट्ठान भावना गर्ने गरेका छौं" भनी उद्गार प्रकट गरेका थिए। यसैबखत उनले मानिसहरू गहन छन् अर्थात् टेढा छन् र पशुहरू सोजा हुन्छन् भन्ने कुरा पनि सुनाएका थिए। जुन कुरा अगाडिको मूल सूत्रले प्रष्ट गरेको छ। जब उनले मानिसहरू टेढा तथा छली हुन्छन् भन्ने आदि कुरा भने तब बुद्धले उनलाई लोकमा चार प्रकारका मानिसहरू छन् भन्ने कुराको उपदेश सुनाउन थाल्नुभयो। किन्तु उपदेश पूरा हुनुभन्दा अगाडि नै उनी फर्केर गए। अनि उनी गइसकेपछि भगवान्ले भिक्षुहरूलाई "भिक्षुहो! पेस्स माहुतेपुत्र पण्डित थिए। यदि उनी उपदेशको अन्तसम्म बसेका भए उनले महान-फल प्राप्त गर्ने थिए होलान्" भनी भन्नुभयो।

माहुतेपुत्र भएको हुनाले 'माहुतेपुत्र' र उनको नाम 'पेस्स' भएको हुनाले सूत्रमा 'पेस्स माहुतेपुत्र' भनी उल्लेख भएको हो। अरू विशेष कुराहरू अगाडिको सूत्रमै प्रष्टसँग उल्लेख भएका छन्।

× × ×

मूल सूत्र—

१-पेस्स र कन्दरक परिब्राजक

कन्दरक परिब्राजकको उद्धार

यस्तो मैले सुनें [१] ।

एक समय भगवान् चम्पाको गग्गरा भन्ने पुष्करिणीको तीरमा[२] महत् भिक्षुसङ्घका साथ बसिरहनु भएको थियो ।

अनि पेस्स माहुतेपुत्र र कन्दरक परिब्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि पेस्स माहुतेपुत्रले भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । कन्दरक परिब्राजकले भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए ।

---

१. म. नि. II. पृ. ३: कन्दरकसुत्तं, अ. क. III. पृ. १.

२. चम्पक नगरको आसपासमा गग्गरा भन्ने महिषीले खनेर बनाइएको पुष्करिणी भएको हुँदा 'गग्गरा' भन्ने नाम रहन गएको हो । सोही 'गग्गरा पुष्करिणीको तीरमा अनेक रंगीविरंगी फूलहरूले सजिएको एक ठूलो चम्पक वन थियो र भगवान् त्यस रमणीय वनमा बस्नु भएको थियो ।

एक छेउमा उभिएका कन्दरक परिब्राजकले शान्तपूर्वक चूपलागी बसिरहेका[1] भिक्षुसङ्घलाई देखेर भगवान्लाई यस्तो भने—

"आश्चर्य हो[2], भो गौतम ! अद्भूत हो, भो गौतम !! कति राम्ररी तपाइ गौतमले भिक्षुसङ्घलाई प्रतिपादन गर्नु भएको हो। भो गौतम ! अतीत समयमा जो ती अरहन्त सम्यक्सम्बुद्धहरू थिए वहाँ भगवान्हरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई प्रतिपादन गर्नुभयो होला। जस्तै अहिले तपाइ गौतमले भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नु भएको छ। भो गौतम ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू भविष्यमा हुने छन्। वहाँ भगवान्हरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन

---

१. जहाँ जसलाई हेरे पनि भिक्षुहरू शान्तपूर्वक चूप लागेर बसिरहेका देखे। त्यहाँ कुनै पनि भिक्षुको हात खुट्टाको चञ्चलपन देखिन्नथ्यो। त्यहाँ भेला भइरहेका सबै भिक्षुहरू भगवान्प्रति गौरवको कारणले गर्दा वा आफै शिक्षित भएका हुनाले उनीहरू परस्परमा कुराकानी पनि नगरी खोक्दा पनि नखोकी मानो राम्ररी गाडेको स्तम्भ जस्तै वा बतास नभएको ठाउँमा निश्चलरूपले रहेको समुद्रको पानी कैं काय पनि निश्चल र चित्त पनि निश्चल गरी सुमेरुको टुप्पो समान हुनु भएका भगवान्लाई घेरा लगाई बसिरहेका थिए। यसरी शान्तपूर्वक बसिरहेको भिक्षुसङ्घलाई देखेर परिब्राजकको मनमा

महत् प्रीति सौमनस्य उत्पन्न भयो। मनमा उत्पन्न भएको प्रीति सौमनस्यलाई मनैमा राखिराख्न नसकी उनले प्रीति समुद्गार प्रकट गरे। त्यसैले 'आश्चर्य हो, भो गौतम! अद्भूत हो, भो गौतम!!' भनी भनेका हुन् भनी पपं. सू. III. पृ. १–२ः कन्दरक-सुत्तवण्णनाले उल्लेख गरेको छ।

२. आश्चर्य गर्न योग्यलाई 'आश्चर्य' तथा चुट्की बजाउने योग्यलाई पनि 'आश्चर्य' भन्दछन्।

अघि नभएको जस्तो भएकोलाई 'अद्भूत' भन्दछन्। यी दुवै शब्दहरू आश्चर्य सूचक हुन्। यो आश्चर्य शब्द—निन्दायुक्त-आश्चर्य र प्रशंसायुक्त-आश्चर्य गरी दुइ किशिमबाट प्रयोग भएका कुरा पालिसाहित्यमा पाइन्छ। जस्तै—"आश्चर्य हो, मौद्गल्यायन! अद्भूत हो, मौद्गल्यायन! हात नसमातुञ्जेलसम्म पनि सो तुच्छ भिक्षु पर्खिरह्यो" भन्ने जस्ता ठाउँमा निन्दायुक्त आश्चर्य हो। (चुल्ल. व. पा. पृ. ३५३–५४: पातिमोक्खट्ठपनक्खन्धकं अथवा उदा. पा. पृ. १२४: उपोसथसुत्तं) "आश्चर्य हो, नन्दमाते! अद्भूत हो, नन्दमाते! जहाँ कि चित्तोत्पादलाई पनि शुद्धि गर्छ" भन्ने जस्ता ठाउँमा प्रशंसायुक्त आश्चर्य हो। (अं. नि–७, पृ. २०२ः नन्दमातासुत्तं) यहाँ पनि प्रशंसायुक्त आश्चर्यलाई 'आश्चर्य र अद्भूत' भनिएको हो।

गर्नु हुनेछ होला । जस्तै अहिले तपाइ गौतमले भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नु भएको छ[१] ।"

"कन्दरक ! यस्तै हो, कन्दरक ! यस्तै हो[२] । कन्दरक ! जो ती अतीत समयमा अरहन्त सम्यक्सम्बुद्धहरू हुनुभयो वहाँ भगवान्हरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नु भएको थियो—जस्तो अहिले मैले भिक्षुसङ्घलाई राम्ररो प्रतिपादन गरेको छु । कन्दरक ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू भविष्यमा हुनुहुने छन् वहाँ भगवान्हरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नुहुने छ—जस्तो अहिले मैले भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गरेको छु ।

---

१. यस्तो भन्नलाई के उनले अतीतका वा अनागतका कुरा जानेका थिए ? होइन, यो त केवल उनको अनुमानिक बुद्धिले मात्रै भनेका हुन् भनी पपं. सू. III. पृ. २: कन्दरकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. कन्दरक परिव्राजकको कुरा सुनी भगवान्ले— "कन्दरक ! भिक्षुसङ्घ शान्त छ भनी तिमी भन्दछौ । तर भिक्षुसङ्घ शान्त हुनाको कारण भने तिमीलाई थाहा छैन । न त तिमीले कुशलको हेतुलाई परिपक्व गरी समत्रिंश पारमीहरू पूरा गरी बोधि आसनमा सर्वज्ञ ज्ञान प्राप्त गरेका छौ । मैले चाहिं पारमीहरू पूरा गरी ज्ञात्यार्थचर्या, लोकार्थचर्या र बुद्धार्थचर्याको चुचुरोमा पुगी बोधिआसनबाटै सर्वज्ञ ज्ञान प्राप्त गरें । अतः यिनीहरूको शान्तिको कारण मलाई थाहा छ" भनी भन्नुहुँदै यो देशना गर्न थाल्नु भएको हो भनी पपं. सू. III. पृ. २–३: कन्दरकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

(क) "कन्दरक! यस भिक्षुसङ्घमा (ब्रह्मचर्य) बास बसिसकेका[१], गर्नुपर्ने गरिसकेका[२], (स्कन्ध) भार बिसाइ सकेका[३], स्व-अर्थ अनुप्राप्त गरेका[४], भवसंयोजनहरू[५] परिक्षीण भएका तथा सम्यक्‌रूपले जानी[६] विमुक्त[७] भएका अरहन्त[८] क्षीणास्रवी[९] भिक्षुहरू पनि छन्।

---

१. यहाँ 'बास बसिसकेका' भनी गौरवनीय व्यक्तिहरूसँग बसेका, आर्यमार्गमा बसेका, दश आर्यवासमा बसेका, पूरा गरेका, तथा अभ्यास गरेकालाई भनिएको हो। पपं. सू. I. पृ. ३९: मूलपरियायसुत्तवण्णना।

यहाँ 'दशआर्यवास' भनेका यी हुन्—(१) पञ्चाङ्ग विप्रहीन, (२) षडाङ्ग सम्पन्न, (३) एकारक्षा, (४) चारै तरफ हेर्ने (चतुरापस्सेनो), (५) प्रत्येक सत्यबाट उन्मुक्त, (६) गवेषणा नभएको, (७) अमलिनसंकल्प, (८) शान्तकाय संस्कार, (९) सुविमुक्तचित्त र (१०) सुविमुक्त प्रज्ञा।

यी दश प्रकारका बास पूरा गरिसकेको हुनाले सूत्रमा 'बास बसिसकेका' भनी भनिएको हो। यी दशआर्यवासहरूको अर्थ अं. नि-१०, पृ. १२२: दुतिय अरियवाससुत्तमा लेखिएका छन्।

२. 'गर्नुपर्ने गरिसकेका' को स्पष्टिकरण यसप्रकार दिइएको छ ।

कल्याण पृथग्जन लगायत सातजना शैक्षहरूले चार मार्गद्वारा गर्नुपर्ने काम गरिरहेका भनी भनिन्छ । क्षीणास्रव हुनेले चाँहि सबै गर्नुपर्ने काम गरिसकेको हुन्छ र अवशान पुगिसकेको हुन्छ । अतः दुःख क्षय गर्नेकोनिमित्त उसले उत्तरोत्तर गर्नुपर्ने कुनै काम बाँकी राखेको हुन्न । त्यसैले यस्तालाई 'गर्नुपर्ने गरिसकेका' भनी भनिएको हो । त्यसैले यस्तो भनिएको हो—

"तस्स सम्माविमुत्तस्स सन्तचित्तस्स भिक्खुनो ।
कतस्स पतिचयोनत्थि करणीयं न विज्जती' ति ।।"

पपं. सू. I. पृ. ३९ः मूलपरियायसुत्तवण्णना ।

३. 'भार बिसाइसकेका' भनेर तीन प्रकारका भारहरू बिसाइसकेकालाई भनिएको हो । जस्तै—(१) स्कन्धभार, (२) क्लेशभार र (३) अभिसंस्कार भार । पपं. सू. I. पृ. ३९ः मूलपरियायसुत्त-वण्णना ।

४. 'स्व-अर्थ अनुप्राप्त गरेका' भनी आफूले पाउनु पर्ने परमार्थलाई प्राप्त गरिसकेकालाई भनिएको हो । यहाँ 'स्व-अर्थ' भनी अरहत्व-लाई भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ । आफ्नो अनुगमन गर्ने भन्ने अर्थले, आफूलाई नछाड्ने भन्ने अर्थले, आफ्नो परमार्थ भन्ने

अर्थले तथा आफ्नो हित गर्ने भन्ने अर्थले पनि 'स्व-अर्थ' भनिएको हो। पपं. सू. I. पृ. ३९–४०: मूलपरियायसुत्तवण्णना।

५. यहाँ 'भवसंयोजनहरू' भनी—दशसंयोजनहरूलाई भनिएको हो। (हेर बु. प. भा–१, पृ. २५१ को पादटिप्पणीमा) यी संयोजनहरूले सत्वहरूलाई संसारमा सम्बन्ध गराउँछन्, बन्धन गराउँछन् तथा संसारबाट संसारमा बाँधिदिन्छन् त्यसैले 'संयोजन' भनिएको हो। अरहत्मा यस्ता संयोजनहरू परिक्षीण भएका हुन्छन् र ज्ञानाग्निद्वारा भस्म भइसकेका हुन्छन्। त्यसैले 'भवसंयोजनहरू परिक्षीण' भनी भनिएको हो। पपं. सू. I. पृ. ४०: मूलपरियायसुत्तवण्णना।

६. 'सम्यक्रूपले जानी' भनी यथार्थरूपले जानेकोलाई भनिएको हो। अर्थात् के भनेको हो भने—स्कन्धलाई स्कन्ध भनी, आयतनलाई आयतन भनी, धातुलाई धातु भनी, दु:खलाई पीडा दिने भनी, समुदयलाई प्रभव भनी, निरोधलाई शान्त भनी, मार्गलाई दर्शन भनी, तथा सबै संस्कारहरू अनित्य हुन् भन्ने आदि प्रकारका प्रभेदहरूलाई यथार्थत जानी, निश्चिन्त गरी, नाप तौल गरी तथा स्पष्टरूपले जानेकोलाई 'सम्यक्रूपले जानी' भनिएको हो। पपं. सू. I. पृ. ४०: मूलपरियायसुत्तवण्णना।

७. यहाँ 'विमुक्त' भनी दुइप्रकारका विमुक्तिलाई भनिएको हो। जस्तै—चित्तविमुक्ति र निर्वाण। अरहत्हरूको चित्त सबै क्लेश-

हरूबाट मुक्त हुने भएको हुनाले 'चित्तविमुक्ति' भनिएको हो । चित्तविमुक्तिबाट पनि मुक्त भएको 'निर्वाण' हो । पपं. सू. I. पृ. ४०: मूलपरियायसुत्तवण्णना ।

८. क्लेशहरूबाट दूर भएको र क्लेशहरू प्रहीण भएको भन्ने अर्थले 'अरहं' भनिएको हो । त्यसैले भनिएको हो—

"कथं च, भिक्खवे, भिक्खु अरहं होति ? आरकास्स होन्ति पापका अकुसला धम्मा, सङ्किलेसिका पोनोभविका, सदरा दुक्खविपाका, आयतिं जातिजरामरणिया । एवं खो, भिक्खवे, भिक्खु अरहं होती' ति ।" अर्थात्—"भिक्षुहो ! कसरी भिक्षु अरहं हुन्छ ? पापक अकुशल धर्महरूबाट, संक्लेशिक पुनर्भविकबाट, दुःखदायी दुःखविपाकबाट तथा फेरि जन्ममरण हुनुबाट दूर हुन्छ । भिक्षुहो ! यसरी भिक्षु अरहं हुन्छ ।" (म. नि. I. पृ. ३४३: महाअस्सपुरसुत्तं) पपं. सू. I. पृ. ३९: मूलपरियायसुत्तवण्णना ।

९. चार आस्रवहरू छन् । जस्तै—(१) कामास्रव, (२) भवास्रव, (३) दृष्टि आस्रव र (४) अविद्यास्रव (विभं. पा. पृ. ४४८–४९: खुद्दकवत्थुविभङ्गो) । यी चारवटा आस्रवहरू अरहत्‌मा क्षीण भएका हुन्छन्, समुच्छिन्न भएका हुन्छन् र ज्ञानाग्निद्वारा भस्म भइसकेका हुन्छन् । त्यसैले यस्तालाई 'क्षीणास्रवी' भनिएको हो । पपं. सू. I. पृ. ३९: मूलपरियायसुत्तवण्णना ।

(ख) "कन्दरक! यस भिक्षुसङ्घमा निरन्तर शील हुने, निरन्तर सु-वृत्ति हुने, प्रज्ञावान् तथा प्रज्ञावृत्ति हुने[1] शैक्ष भिक्षुहरू

---

१. 'प्रज्ञावृत्ति हुने' भनेको अधार्मिकरूपले जीवनवृत्ति नगरी धार्मिक-रूपले जीवनवृत्ति गर्ने भनिएको हो।

यस शासनमा प्रव्रजित भएर पनि कुनै कुनै भिक्षु जीवनकोनिमित्त ६ अगोचर स्थानहरूमा पनि जान्छ। जस्तै—(१) वेश्या-गोचर, (२) विधवी स्थूलकुमारी-गोचर, (३) नपुं-सकपानागार-गोचर, (४) भिक्षुणी-गोचर, (५) राज राजमहा-मात्य तथा तीर्थीय श्रावकहरूसँग संसर्ग गरी बस्छ र (६) अप्रति-कूलरूपले गृहीसंसर्ग गरी बस्छ।

यसको अलावा २१ प्रकारका मिथ्यामार्गद्वारा जीविका गर्न थाल्छ—(१) वैदय काम गर्छ, (२) दूतको काम गर्छ, (३) पठाउने काम गर्छ, (४) घाउ खटिरा फुटाल्ने वा चिर्ने काम गर्छ, (५) घाउको लेप दिन्छ, (६) उर्ध्व विरेचन दिन्छ, (७) अधोविरेचन दिन्छ, (८) नसको तेल दिन्छ, (९) पिउने तेल दिन्छ, (१०) बाँस दिन्छ, (११) पात दिन्छ, (१२) फूल दिन्छ, (१३) फल दिन्छ, (१४) नुहाउने साधन दिन्छ, (१५) दतिवन दिन्छ, (१६) मुखधुने पानी दिन्छ, (१७) चूर्ण दिन्छ, (१८) माटो दिन्छ, (१९) चिप्लो बोल्छ वा छलकपट गर्छ, (२०) दाल साटफेर गर्छ र (२१) मानिस पठाउने काम गर्छ। यसरी एक्काइस प्रकारका कामबाट जीवनोपार्जन गर्छ। यस्प्रकारले जीविका उपार्जन गर्नेलाई **'अनेसना'** भन्दछन्। यसरी जीविका

गर्नेलाई धार्मिक जीवनवृत्ति भनिँदैन । प्रज्ञावृत्तिद्वारा जीविका गर्ने पनि भनिँदैन । यसरी जीवनवृत्ति गर्ने भिक्षु मृत्युपछि **'श्रमणयक्ष'** भएर उत्पन्न हुन्छ र उसको सङ्घाटी पनि बलेको हुन्छ तथा महा-दुःखभोग गर्छ ।

यस्तो जीवनवृत्ति नगरी जीवनको कारणले शिक्षापदलाई व्यतिक्रमण नगरी चतुपारिशुद्धिशीलमा प्रतिष्ठित भई यथावल बुद्धवचनहरू अध्ययन गरी रथविनीत-प्रतिपदा (म. नि. I. पृ. १९२: रथविनीतसुत्तं), महागोसिङ्ग-प्रतिपदा (दी. नि. II. पृ. १६५: महागोसिङ्गसुत्तं), महासुञ्ञता-प्रतिपदा (म. नि. III. पृ. १७४: महासुञ्ञतासुत्तं), अनङ्गण-प्रतिपदा (म. नि. I. पृ. ३३: अनङ्गणसुत्तं), धम्मदायाद-प्रतिपदा (म. नि. I. पृ. १८: धम्म-दायादसुत्तं), नालक-प्रतिपदा (सुत्त. नि. पा. पृ. ३७४: नालकसुत्तं), तुवटक-प्रतिपदा (सुत्त. नि. पा. पृ. ४१०: तुवटकसुत्तं) र चन्दोपम-प्रतिपदा (सं. नि. II. पृ. १६५: चन्दोपमसुत्तं, कस्सपसंयुत्तं)—यी आर्य-प्रतिपदाहरू पूरा गर्दै चतुप्रत्ययमा संतोष भई ध्यानरत भई आर्यवंश-प्रतिपत्ति (अं. नि–४, पृ. ३०: अरियवंससुत्तं) लाई साक्षात्कार गरी हात्तीको समूहबाट निस्केको हात्ती जस्तै, सिंहको समूहबाट निस्केको सिंह जस्तै र कुनै बन्धन नभएको महान जहाज झैं गामनादि कार्यमा एक्लै बस्ने भई विपश्यनालाई स्थापना गरी आज वा भोलि नै अरहत् प्राप्त गर्नेछु भन्ने पूर्ण उत्साहले विहार गर्छ भनी भनिएको हो । पपं. सू. III. पृ. ३–४: कन्दरकसुत्त-वण्णना ।

पनि छन् । उनीहरू चारसतिपट्ठानमा सु-प्रतिष्ठित भई विहार गर्छन् । कुन चार भने ?—(१) यसै लोकबाट (=यसै पञ्चस्कन्धयुक्त शरीर-बाट) अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्तयुक्त भई (=वीर्ययुक्त भई) ज्ञानयुक्त भई स्मृतियुक्त भई कायमा कायानुपश्यना भई विहार गर्छ । (२) यसै लोकबाट अभिध्या दौर्मनस्यलाई हटाउनको-निमित्त आतप्तयुक्त भई ज्ञानयुक्त भई स्मृतियुक्त भई वेदनामा वेदनानु-पश्यी भई विहार गर्छ । (३) यसै लोकबाट अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्तयुक्त भई ज्ञानयुक्त भई स्मृतियुक्त भई चित्तमा चित्तानुपश्यी भई विहार गर्छ । (४) यसै लोकबाट अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्तयुक्त भई ज्ञानयुक्त भई स्मृतियुक्त भई धर्ममा (=संज्ञा र संस्कार धर्म) धर्मानुपश्यी भई विहार गर्छ[१] ।"

मानिसहरू गहन छन्

यस्तो भन्नुहुँदा माहुतेपुत्र पेस्सले भगवान्‌लाई यस्तो भने—

"आश्चर्य हो, भन्ते ! अद्‌भूत हो, भन्ते !! भन्ते ! सत्वहरूलाई विशुद्ध पार्नकोनिमित्त, शोकपरिदेवलाई हटाउनकोनिमित्त, दुःख दौर्मनस्य-लाई मिटाउनकोनिमित्त तथा न्याय अधिगमनार्थ र निर्वाण साक्षात्

१. यी कुराहरूद्वारा भिक्षुहरू उपशान्त हुने कारण बताइएका हुन् । पपं. सू. III. पृ. ४: कन्दरकसुत्तवण्णना ।

गर्नकोनिमित्त भगवान्ले यी चार सतिपट्ठानहरू कति राम्ररी बताउनु भएको हो। भन्ते! हामी शुद्धजीवी गृहस्थीहरूले पनि यी चार सतिपट्ठानहरूमा समय समयमा सुप्रतिष्ठित चित्त गरी विहार गर्दछौं। भन्ते! यहाँ हामीहरू आतप्तयुक्त भई ज्ञानयुक्त भई स्मृतियुक्त भई यसँ लोकबाट (= यसै पञ्चस्कन्धयुक्त शरीरबाट) अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त कायमा कायानुपश्यी भई विहार गर्छौं, वेदनामा वेदनानुपश्यी भई विहार गर्छौं,... चित्तमा चित्तानुपश्यी भई विहार गर्छौं, ... धर्ममा धर्मानुपश्यी भई विहार गर्छौं। आश्चर्य हो, भन्ते! अद्भूत हो, भन्ते!! भन्ते! मानिसहरू यस्तो बिघ्न गहन (= गहिरो = दुर्बोध = चिन्न गाह्रो) छन्, यस्तो बिघ्न मलिन छन् तथा यस्तो बिघ्न शठ छन्—तैपनि भगवान् ती सत्वहरूको हिताहितको कुरा जान्नु हुन्छ। भन्ते! मानिसहरू गहन छन्। भन्ते! पशुहरू उत्तान (= प्रकट = स्पष्ट = अकुटिल) छन्। भन्ते! म हात्तीलाई तह लगाउन अथवा वशमा राख्न समर्थछु। जति समयभित्र (हात्ती) चम्पामा गमनागमन गर्नेछ त्यति समयभित्र (हात्तीले आफूमा भएका) सबै सठता, कुटिलता, वक्रता र जिह्मता (टेढोपन) लाई प्रकट गर्नेछ। तर भन्ते! हाम्रा जो ती दाश वा प्रेष्य वा कामदारहरू छन् उनीहरूको शारीरिक काम अर्कै ढंगको हुन्छ, वचन अर्कै ढंगको हुन्छ र मन पनि अर्कै ढंगको हुन्छ। आश्चर्य हो, भन्ते! अद्भूत हो, भन्ते!! भन्ते! मानिसहरू यस्तो बिघ्न गहन छन्, यस्तो बिघ्न मलिन छन् तथा यस्तो बिघ्न शठ छन्—तैपनि भगवान् ती सत्वहरूको हिताहितको कुरा जान्नु हुन्छ। भन्ते! मानिसहरू गहन छन्। भन्ते! पशुहरू उत्तान छन्।"

चारप्रकारका पुद्गलहरू

(क) "यस्तै हो, पेस्स ! यस्तै हो, पेस्स ! पेस्स ! मानिसहरू गहन छन् । पेस्स ! पशुहरू उत्तान छन् । पेस्स ! यो लोकमा चार-प्रकारका पुद्गलहरू छन् । कुन चार भने ?—(१) पेस्स ! यहाँ कुनै पुद्गल आफूलाई तापदिने हुन्छ र आफूलाई तापदिने काममा लागेको हुन्छ । (२) पेस्स ! यहाँ कुनै पुद्गल अर्कालाई तापदिने हुन्छ र अर्कालाई तापदिने काममा लागेको हुन्छ । (३) पेस्स ! यहाँ कुनै पुद्गल आफूलाई पनि तापदिने हुन्छ र आफूलाई तापदिने काममा पनि लागेको हुन्छ; अर्कालाई पनि तापदिने हुन्छ र अर्कालाई तापदिने काममा पनि लागेको हुन्छ । (४) पेस्स ! यहाँ कुनै पुद्गल आफूलाई पनि तापदिने हुन्न र आफूलाई तापदिने काममा पनि लागेको हुन्न; अर्कालाई पनि तापदिने हुन्न र अर्कालाई तापदिने काममा पनि लागेको हुन्न । अनि सो (पुरुष) आफूलाई पनि ताप नदिई अर्कालाई पनि ताप नदिई—यसै जीवनमा तृष्णा रहित भई निवृत्त भई शीतल भई प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई (ब्रह्मभूतेन) विहार गर्छ । पेस्स ! यी चारप्रकारका पुद्गलहरूमध्ये कुन पुद्गलले तिम्रो चित्तलाई आराधना गर्छ ?"

(ख) "(१) भन्ते ! जो त्यो पुद्गल आफूलाई तापदिने र आफूलाई तापदिने काममा लागेको हुन्छ—यो पुद्गलले मेरो चित्तलाई आराधना गर्दैन । (२) भन्ते ! जो त्यो पुद्गल अर्कालाई तापदिने र अर्कालाई तापदिने काममा लागेको हुन्छ—यो पुद्गलले पनि मेरो

चित्तलाई आराधना गर्दैन। (३) भन्ते ! जो त्यो पुद्गल आफूलाई पनि तापदिने र आफूलाई तापदिने काममा पनि लागेको हुन्छ तथा अर्कालाई पनि तापदिने र अर्कालाई तापदिने काममा पनि लागेको हुन्छ—यो पुद्गलले पनि मेरो चित्तलाई आराधना गर्दैन। (४) भन्ते ! जो त्यो पुद्गल आफूलाई पनि ताप नदिने र आफूलाई तापदिने काममा पनि नलाग्ने तथा अर्कालाई पनि ताप नदिने र अर्कालाई तापदिने काममा पनि नलाग्ने हुन्छ; जो त्यो आफूलाई पनि ताप नदिने अर्कालाई पनि ताप नदिने—यसै जीवनमा तृष्णा रहित भई निवृत्त भई शीतल भई प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई विहार गर्छ—यो पुद्गलले मेरो चित्तलाई आराधना गर्छ।"

(ग) "पेस्स ! किन ती अर्का तीन पुद्गलहरूले तिम्रो चित्तलाई आराधना नगरेका त ?"

"(१) भन्ते ! जो पुद्गल आफूलाई तापदिन्छ र आफूलाई तापदिने काममा लागेको हुन्छ—सुख चाहने र दुःख नचाहने उसले आफूलाई आतप्त पार्छ र परितप्त पार्छ—त्यसैले यो पुद्गलले मेरो चित्तलाई आराधना गर्दैन। (२) भन्ते ! जो पुद्गल अर्कालाई तापदिन्छ र अर्कालाई तापदिने काममा लागेको हुन्छ—सुख चाहने र दुःख नचाहने उसले अर्कालाई आतप्त पार्छ र परितप्त पार्छ—त्यसैले यो पुद्गलले पनि मेरो चित्तलाई आराधना गर्दैन। (३) भन्ते ! जो पुद्गल आफूलाई पनि तापदिन्छ र आफूलाई तापदिने काममा पनि लागेको हुन्छ; अर्कालाई पनि तापदिन्छ र अर्कालाई तापदिने काममा

पनि लागेको हुन्छ—सुख चाहने र दुःख न चाहने उसले आफूलाई पनि अर्कालाई पनि आतप्त पार्छ र परितप्त पार्छ—त्यसैले यो पुद्गलले पनि मेरो चित्तलाई आराधना गर्दैन। (४) भन्ते ! जो पुद्गल आफूलाई पनि तापदिन्न र आफूलाई तापदिने काममा पनि लागेको हुन्न; अर्कालाई पनि तापदिन्न र अर्कालाई तापदिने काममा पनि लागेको हुन्न—त्यो आफूलाई पनि ताप नदिने अर्कालाई पनि ताप नदिने यसै जीवनमा तृष्णा रहित भई, निवृत्त भई, शीतल भई, प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई (ब्रह्मभूतेन) विहार गर्छ—सुख चाहने र दुःख नचाहने उसले आफूलाई पनि अर्कालाई पनि आतप्त गर्दैन, परितप्त गर्दैन—त्यसैले यो पुद्गलले मेरो चित्तलाई आराधना गर्छ। भन्ते ! अब हामीहरू जान्छौं; हाम्रा धेरै काम छन् र धेरै गर्नुपर्ने छन्।"

"पेस्स ! जस्तो तिमी ठान्दछौ (उस्तै गर)।"

अनि भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी माहुतेपुत्र पेस्स आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए।

चार पुद्गलहरू सम्बन्धी व्याख्यान

अनि माहुतेपुत्र पेस्स गइसकेपछि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"भिक्षुहो ! माहुतेपुत्र पेस्स पण्डित छन्, भिक्षुहो ! माहुतेपुत्र

पेस्स महाप्रज्ञावान् छन् । भिक्षुहो ! यदि माहुतेपुत्र पेस्स यी चार पुद्‌गलहरू सम्बन्धी व्याख्यान नसिद्धिउञ्जेलसम्म बसेका भएका भए उनी महान फलले युक्त भएर जाने थिए होलान्[१] । भिक्षुहो ! किन्तु यतिले पनि माहुतेपुत्र पेस्स महान् फलले युक्त भएका छन्[२] ।"

"भगवान् ! यी चार पुद्‌गलहरूको विषय सम्बन्धित व्याख्या गर्ने समय यही हो । सुगत ! यी चार पुद्‌गलहरूको विषय सम्बन्धी व्याख्या गर्ने समय यही हो । भगवान्‌सँग सुनेर भिक्षुहरूले धारण गर्ने छन् (=पढ्ने छन्) ।"

"भिक्षुहो ! त्यसोभए सुन, राम्ररी मनमा राख भन्नेछु ।"

"हवस्, भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो—

---

१. 'महान् फलले युक्त भएर जाने थिए होलान्' भनेको स्रोतापत्तिफल पाउँने थिए होलान् भनी भनिएको हो भनी पपं. सू. III. पृ. ७: कन्दरकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

त्यसोभए जसको मार्गफलको उपनिश्रय-सम्पत्ति हुन्छ, बुद्धको सन्मुखमा आएर पनि उनीहरूको हानी हुन्छ त ? हो, हुन्छ । तर बुद्धको कारणले भने होइन । बल्की (१) क्रिया परिहानीको कारणले अथवा (२) पापमित्रताको कारणले हानी हुन सक्छ ।

जस्तै – यदि धर्म सेनापतिले धानञ्जानी वा धनञ्जानी ब्राह्मणको आशयलाई बुझी धर्मोपदेश गर्नुभएको भए ती ब्राह्मण स्रोतापन्न हुने थिए होलान् । यस्तोलाई 'क्रिया परिहानी' भनिन्छ ।

(धनञ्जानी ब्राह्मणको कुरा बु. ब्रा. भा–२, पृ. ३९६ मा उल्लेख भएको छ)

पापमित्रताको कारणले भनेको—यदि अजातशत्रु राजाले देवदत्तको वचनलाई मानेर पितृघात नगरेका भए सामञ्ञफल-सुत्तको उपदेश सुनेर उनी स्रोतापन्न हुने थिए होलान् । परन्तु देवदत्तको वचन ग्रहण गरी पितृघात गरेको हुनाले अजातशत्रु राजाले स्रोतापत्तिफल प्राप्त गर्न नसकेका हुन् । यस्तोलाई 'पापमित्रताको कारण' भनिन्छ । (सामञ्ञफलसुत्त दी. नि. I. पृ. ४१ मा उल्लेख भएको छ ।)

यी उपासकको विषयमा पनि क्रिया परिहानीको कारण हुन गएको थियो । किन कि उपदेशको टुंगो लाग्नुभन्दा अगाडि नै उनी फर्केर गए । पपं. सू. III. पृ. ७: कन्दरकसुत्तवण्णना ।

२. कुन प्रकारको महान् फलले युक्त भएका थिए त भन्ने सम्बन्धमा अट्ठकथाले दुइ गुणले युक्त भएका थिए भनी उल्लेख गरेको छ ।

ती उपासकले सङ्घप्रति प्रसन्नता लाभ गरेका थिए र सतिपट्ठान भावना गर्ने विषयमा अभिनव उपाय लाभ गरेका थिए । त्यसैले सूत्रमा "भिक्षुहो ! किन्तु यत्तिले पनि माहुतेपुत्र पेस्स महान्फलले युक्त भएका छन्" भनी भनिएको हो भनी पपं. सू. III. पृ. ७: कन्दरकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

कन्दरकले चाहिं सङ्घ प्रति प्रसन्नता प्राप्त गरेका थिए ।

१–"भिक्षुहो ! कुनचाहिं हो त आफूलाई तापदिने र आफूलाई तापदिने काममा लाग्ने पुद्‌गल ?...[१]

"भिक्षुहो ! यसैलाई भन्दछन्—आफूलाई तापदिने र आफूलाई तापदिने काममा लाग्ने पुद्‌गल ।

२–"भिक्षुहो ! कुनचाहिं हो त अर्कालाई तापदिने र अर्कालाई तापदिने काममा लाग्ने पुद्‌गल ?...[२]

"भिक्षुहो ! यसैलाई भन्दछन्—अर्कालाई तापदिने र अर्कालाई तापदिने काममा लाग्ने पुद्‌गल ।

३–"भिक्षुहो ! कुनचाहिं हो त आफूलाई पनि तापदिने र आफूलाई तापदिने काममा पनि लाग्ने; अर्कालाई पनि तापदिने र अर्कालाई तापदिने काममा पनि लाग्ने पुद्‌गल ?...[३]

"भिक्षुहो ! यसैलाई भन्दछन्—आफूलाई पनि तापदिने र आफूलाई तापदिने काममा पनि लाग्ने; अर्कालाई पनि तापदिने र अर्कालाई तापदिने काममा पनि लाग्ने पुद्‌गल ।

---

१. यहाँ बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २१६ देखि २१८ सम्ममा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २१९ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

३. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २१९–२० मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

४–"भिक्षुहो ! कुनचाहिं हो त आफूलाई पनि ताप नदिने र आफूलाई तापदिने काममा पनि नलाग्ने; अर्कालाई पनि ताप नदिने र अर्कालाई तापदिने काममा पनि नलाग्ने—जो आफूलाई पनि ताप नदिई अर्कालाई पनि ताप नदिई यसै जीवनमा तृष्णा रहित भई निर्वृत्त भई शीतल भई प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई (ब्रह्मभूतेन) बिहार गर्ने पुद्गल ?...[१]

"भिक्षुहो ! यसैलाई भन्दछन्—आफूलाई पनि ताप नदिने र आफूलाई तापदिने काममा पनि नलाग्ने; अर्कालाई पनि ताप नदिने र अर्कालाई तापदिने काममा पनि नलाग्ने—जो आफूलाई पनि ताप नदिई अर्कालाई पनि ताप नदिई यसै जीवनमा तृष्णा रहित भई निर्वृत्त भई शीतल भई प्रत्यक्ष सुखानुभव गरी श्रेष्ठ भई विहार गर्ने पुद्गल ।"

भगवान्ले यति भन्नुभयो । अनि सन्तुष्ट भई ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

---

१. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २२१ देखि २४३ सम्ममा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

६. पोतलिय गृहपति

प रि च य

अङ्गुत्तराप भन्ने नगर अङ्ग जनपदमै पर्छ भन्ने कुरा बु. ब्रा. भा–३, पृ. ४३८ को पादटिप्पणीमा लेखिसकेको छु । अतः यी पोतलिय गृहपति अङ्गुत्तराप स्थित आपण भन्ने निगमवासी हुन सक्छन् । किनभने एक समय भगवान् आपणको आसपासको एक बन खण्डमा बसिरहनु भएको बेलामा यिनले बुद्धसँग भेट गरेको कुरो अगाडि अनुदित सूत्रबाट थाहा पाइन्छ ।

त्यसबखत जब भगवान्ले यिनलाई गृहस्थीवादले सम्बोधन गर्नुभयो तब यिनी बेखुस भएका थिए । किन कि यिनले गृहस्थीका सबै कामकाजहरूलाई छाडिसकेकाले यिनी आफूलाई 'गृहस्थी' भनाउन चाहन्नथे । यिनको भेष-भूषा गृहस्थीहरूको जस्तै देखनु भई वहाँले यिनलाई 'गृहपति' भनी सम्बोधन गर्नु भएको हो । आफूले गृहस्थीका जम्मै कामकाजहरूलाई छाडिसकेको र केवल खोले मात्र खाएर तथा शरीर मात्र छोप्ने एकजोर कपडा लगाई बस्ने हुनाले यिनी आफूलाई

गृहस्थी ठान्दैनथे र गृहस्थी भनाउन पनि चाहन्नथे। त्यसैले सो कुरो प्रष्ट पार्दै यिनले अगाडि सूत्रमा यसरी उल्लेख गरेका हुन्—

"भो गौतम! यहाँ जो मेरा धनधान्य चाँदी तथा सुन हुन्—ती सबै मैले पुत्रहरूलाई अंशको रूपमा जिम्मा लगाई दिइसकेको छु।... खोले मात्र खाएर तथा शरीर मात्र ढाकेर बस्छु...यसरी मैले सबै व्यवहार सुमुच्छिन्न गरिसकेको छु।"

यसबाट उनी आफू गृहस्थी नभएको कुरा प्रमाणित गर्न चाहन्थे।

अनि यसै प्रसंगमा भगवान्ले उनलाई सम्झाउनु हुँदै आर्यको विनयमा प्राणीघात आदि आठ कारणहरू छाड्नेलाई 'व्यवहार समुच्छिन्न' भन्दछन् भनी उपदेश गर्नुभयो। त्यसपछि 'अट्ठिकङ्कलूपमा' (=कङ्काल जस्तै), 'मंसपेसूपमा' (=मासुको टुक्रा जस्तै) भन्ने आदि सातओटा उपमाका कुराहरू पनि बताउनु भयो। त्यसपछि पोतलिय गृहपति प्रसन्न भई त्रिरत्नको शरणमा गई उपासक भए।

× × ×

पोतलिय नामहरू

(१) पोतलिय गृहपति - यिनकै कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु।

(२) पोतलिय परिब्राजक—यी ती परिब्राजक हुन् जसको बारेमा अङ्गुत्तरनिकाय, चतुक्कनिपातमा एक सूत्र पाइन्छ। यस सूत्रको नाम 'पोतलियसुत्तं' हो। यस सूत्रमा (१) अवर्णन कुरा गर्ने तर बर्णन कुरा नगर्ने, (२) वर्णन कुरा गर्ने तर अवर्णन कुरा नगर्ने, (३) अवर्णन पनि बर्णन पनि कुरा गर्ने र (४) अवर्णन पनि वर्णन पनि कुरा नगर्ने भन्ने चार प्रकारका पुरुषहरू भएका कुराहरू बताइएका छन्।

यी परिब्राजक कहाँका हुन् र बुद्धलाई यिनले कहाँ भेटेका थिए भन्ने कुराको उल्लेख न मूल सूत्रमा छ न त अट्ठकथामा नै। डा० मललसेकरको भनाइ छ कि शायद यिनी उही पोतलिय गृहपति नै हुन सक्छन्[१]।

(३) पोतलियसुत्तं—यो सूत्र मज्झिमनिकाय II. पृ. २७ मा उल्लेख भएको छ। यस सूत्रमा पोतलिय गृहपति र बुद्धका बीच छलफल भएका कुराहरू छन्। जसको अनुवाद यहाँ अगाडि गरिदिएको छु।

(४) पोतलियसुत्तं—यो सूत्र अङ्गुत्तरनिकाय, चतुक्कनिपातको असुरवग्गमा छ। यसमा पोतलि परिब्राजकलाई भगवान्ले चार प्रकारका पुरुषहरू हुन्छन् भन्ने कुरा बताउनु भएको छ।

× × ×

---

१. D. P. P. II. पृ. २४९.

मूल सूत्र—

१–गृहपति ब्यवहारबाट समुच्छिन्न छ

यस्तो मैले सुनें[1] ।

एक समय भगवान् अङ्गुत्तराप[2] स्थित आपण भन्ने अङ्गुत्तरापको निगममा बसिरहनु भएको थियो । अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनको निमित्त आपणमा पस्नुभयो । आपणमा भिक्षाटन गरी भिक्षाटनबाट फर्केर

---

१. म. नि. II. पृ. २७: पोतलियसुत्तं, अ. क. III. पृ. २३.

२. अङ्गजनपदको महामही नदीको उत्तरतिरको स्थान भएकोले यसलाई 'अङ्गुत्तराप' भनिएको हो । अङ्ग+उत्तर+आप= अङ्गुत्तराप । अतः पानीको उत्तरतिर रहेको अङ्ग—अङ्गुत्तराप हो । पपं. सू. III. पृ. २३: पोतलियसुत्तवण्णना । (बु. ब्रा. भा–३, पृ. ४३८ को पादटिप्पणीमा पनि हेर्नू ।)

महामही नदी भनेको कुन नदी हो ? भन्ने कुरा

बुझाउनकोनिमित्त अट्ठकथाले सुरुदेखिका कुराहरू यसरी उल्लेख गरेको छ । जस्तै—

यो जम्बुद्वीप दशहजार योजन प्रमाणको छ र यसमध्ये चारहजार योजन प्रमाणसम्ममा पानीले भरिएको छ । यसलाई समुद्र भन्दछन् । तीन हजार योजन प्रमाण भएको ठाउँमा मानिस-हरू बस्तछन् । तीनहजार योजन प्रमाण भएका ठाउँहरूमा हिम-शृंखलाहरू छन् । यी हिम-शृंखलाहरूमध्ये ५०० योजनसम्म अग्ला पनि छन् । यी हिम-शृंखलाहरू ८४ हजार हिमचुलीहरूले प्रतिमण्डित छन् ।

यी हिमालहरूका चारैतिरबाट ५०० नदीहरू बगिरहेका छन् । लम्बाइ र चौडाइ अनि गहिराइमा ५०।५० योजन भएका तथा १५० योजनको घेरा भएका (१) अनोतप्त दह, (२) कर्ण-मण्ड दह, (३) रथकार दह, (४) छद्दन्त दह, (५) कुणाल दह, (६) मन्दाकिनी दह, (७) सिंहप्रताप दह गरी—जम्मा सातवटा दहहरू पनि छन् ।

यसमध्ये अनोतप्त दहलाई—(१) सुदर्शनकूट, (२) चित्रकूट, (३) कालकूट, (४) गन्धमादानकूट र (५) कैलाशकूट-हरूले घेरेका छन् ।

यिनीहरूमध्ये सुदर्शनकूट सुवर्णमय छ र यसको २०० योजन

उचाइ छ। यसको भित्रीभाग वक्र र काकको मुख जस्तै छ। उही दहलाई ढाकेर बसेको छ। चित्रकूट चाहिं सबै रत्नमय छ। कालकूट चाहिं अञ्जनमय छ। गन्धमादानकूट चाहिं सानमय (=सम्म) छ। यस भित्र मुगीवर्ण छ। यसमा—(१) मूल (=जरा) गन्ध, (२) सार (=काठ) गन्ध, (३) फल्गुगन्ध, (४) त्वचगन्ध, (५) पपटिकगन्ध, (६) रसगन्ध, (७) पत्रगन्ध, (८) पुष्पगन्ध, (९) फलगन्ध र (१०) गन्ध-गन्ध गरी दश गन्धहरू छन्। यी गन्धहरूद्वारा उत्पन्न नानाप्रकारका औषधीहरू छन् र कृष्णपक्षको उपोसथको दिनमा यो गन्धमादानकूट गोलको आगो जस्तै बलिरहन्छ। कैलाशकूट चाहिं रजत (=चाँदी) मय छ। यी सबैका उचाईहरू सुदर्शनकूट जस्तै छन् र उही दहलाई ढाकेर बसेका छन्। तिनीहरू सबैमा देवताको प्रभावद्वारा पानी पर्छ र नदीहरू पनि बग्छन् र ती सबै पानीहरू अनोतप्त दहमै प्रवेश हुन्छन्। चन्द्र सूर्यहरू दक्षिणतिरबाट वा उत्तरतिरबाट जाँदा पर्वतको बीच बीचबाट प्रकाश फैलाउँछन् र सोझै जाँदा फैलाउँदैनन्। त्यसैले 'अनोतप्त' भन्ने नाम रहन गएको हो। त्यसमा माछा र कछुवाहरू छैनन्। स्फटिक जस्तै निर्मल पानी भएको त्यसमा नुहाउनकोनिमित्त मनोहर ढुंगाहरूका तीर्थस्थान (=नुहाउने स्थान) हरू बनाइएका छन्। जुन ठाउँमा बुद्ध, प्रत्येक बुद्ध, क्षीणास्रवीहरू तथा ऋद्धिवान् ऋषिहरू स्नान गर्छन्। देव यक्षादिहरू पनि क्रीडा गर्छन्।

त्यसको चार दिशाहरूमा—(१) सिंहमुख, (२) हस्तीमुख, (३) अश्वमुख र (४) वृषभमुख गरी चारवटा मुहानहरू छन्। जसबाट चारवटा नदीहरू बग्छन्। सिंहमुखबाट निस्केको नदीको तीरमा सिंहहरू धेरै हुन्छन् र हस्तीमुखादिबाट निस्केका नदीहरूको तीरमा हस्ती अश्व र वृषभादिहरू हुन्छन्।

पूर्वदिशाबाट निस्कने नदी अनोतप्त दहलाई तीन पटक घुमी अरू नदीहरूको अनुगमन गरी पूर्वतिरको हिमालतिरबाटै अमनुष्यपथतिर लागी महासमुद्रमा प्रवेश गर्छ। पश्चिम र उत्तरदिशाबाट निस्केका नदीहरू पनि त्यस्तै गरी घुमेर पश्चिम र उत्तर हिमालतिरबाटै अमनुष्यपथतिर लागी महासमुद्रमा प्रवेश गर्छन्। दक्षिणदिशाबाट निस्केको नदी चाहिं तीनपटकसम्म घुमी उत्तरदिशाबाट सोझै ढुङ्गाको माथि माथिबाटै ६० योजन जति गई पछि पहाडमा ठक्कर खाई त्यसबाट उठेको तीन गाउत प्रमाणको मोटाइ भएको पानीको धार ६० योजनसम्म आकाशबाट गई **तियग्गल** भन्ने ढुँगा माथि पर्नजान्छ। अनि पानीको धारको वेगले सो ढुँगा फुटी त्यसमा ५० योजनको प्रमाणले **'तियग्गल'** भन्ने पोखरी बन्यो। त्यो पोखरीको डिल फोरी ढुँगाभित्र पानी पसी ६० योजनसम्म गयो। त्यसपछि घन पृथ्वीलाई फोरी कुमार्गमा लागी ६० योजन जति **'विज्झं'** भन्ने तिरश्चीन पर्वतलाई प्रहार गरी त्यसबाट हातको पञ्जाका पाँच औंलाहरू जस्तै पाँचवटा पानीका धारहरू निस्के। त्यो पानी तीनपटक अनोतप्तलाई घुमेर गएको ठाउँलाई (१) **'आवर्तगङ्गा'**, सोझै ढुँगाको माथि माथिबाटै ६०

योजन गएको ठाउँलाई (२) **'कृष्णगङ्गा'**, आकाशबाट ६० योजन गएको ठाउँलाई (३) **'आकाशगङ्गा'**, तियग्गल ढुँगाको ५० योजन प्रमाणको ठाउँलाई (४) **'तियग्गलपोखरी'**, डिल फुटाली ढुँगा-भित्र गएको ६० योजन ठाउँलाई (५) **'बहलगङ्गा'** र कुमार्गबाट ६० योजन गएको ठाउँलाई (६) **'उम्मग्गगङ्गा'** भनी भन्दछन्। विज्झ भन्ने तिरश्चीन पर्वतलाई प्रहार गरी त्यसबाट निस्केका पाँच धाराहरूलाई क्रमशः— (१) **गङ्गा**, (२) **यमुना**, (३) **अचिर-वती**, (४) **सरभू** र (५) **मही** नामले पुकारिन्छ।

यसरी यी पाँच महानदीहरू हिमालबाट प्रवाहित भएका हुन्। ती मध्ये पाँचौ नदीको नाम **'मही'** हो। यसै मही नदीलाई यहाँ **'महामही'** भनिएको हो। त्यसको उत्तरतिरको जुन 'आप' (=पानी) हो—त्यसको नजिकमा रहेको जनपद **'अङ्गुत्तराप'** हो भनी बुझ्नुपर्छ।

त्यस अङ्गुत्तराप जनपदमा **'आपण'** भन्ने निगम थियो। त्यस निगममा २० हजार आपणहरू (=पसलहरू) थिए। यसरी अधिकतर पसलहरू भएकाले 'आपण' भन्ने नामले चिनिन गएको हो। त्यस निगम नजिकको एक नदीको तीरमा घनाछाया भएको एक रमणीय वनखण्ड पनि थियो। यसै वनमा भगवान् बसिरहनु भएको थियो भन्ने कुरा बुझ्नुपर्छ। पपं. सू. III. पृ. २३–२५: पोतलिय-सुत्तवण्णना। यी कुराहरू मनो. र. पू. II. पृ. ७५९–६०: पहाराद-सुत्तवण्णना, महावग्गो, अट्ठकनिपात; उदा. अ. क. पृ. २१०–१२: उपोसथसुत्तवण्णना, सोणवग्गो; र सुत्त. नि. अ. क. II. पृ. २६९: सेलसुत्तवण्णना, महावग्गोमा पनि पाइन्छन्।

भोजन पछि दिवाविहारकोनिमित्त एक वनखण्डमा जानुभयो[1]। त्यो वनखण्डभित्र पसी एक रुखमनि दिवाविहारकोनिमित्त बस्नुभयो। त्यसबेला पोतलिय गृहपति पनि लुगा लगाई पछ्यौरा ओढी, छाता र जुत्तालगाई पैदल घुम्दै यताउता डुल्दै जहाँ त्यो वनखण्ड हो त्यहाँ गए। त्यहाँ पुगेपछि त्यो वनखण्डभित्र पसी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिइरहे। एक छेउमा उभिइरहेका पोतलिय गृहपतिलाई भगवान्ले यस्तो भन्नुभयो—

"गृहपति ! आसनहरू छन्, यदि चाहन्छौ भने बस।"

यस्तो भन्नुहुँदा पोतलिय गृहपति—"श्रमण गौतमले मलाई 'गृहपति' भनी बोलाउनु हुन्छ" भनी कुपित भई असन्तुष्ट भई चूपरहे।

दोश्रो पटक पनि...तेश्रो पटक पनि भगवान्ले पोतलिय गृहपतिलाई यस्तो भन्नुभयो—

"गृहपति ! आसनहरू छन्, यदि चाहन्छौ भने बस।"

यस्तो भन्नुहुँदा पोतलिय गृहपति—"श्रमण गौतमले मलाई

---

१. भिक्षुसङ्घलाई बस्ने ठाउँमा पठाई आफू एक्लै पोतलिय गृहपतिको कारणमा वहाँ जानुभयो। पपं. सू. III. पृ. २५: पोतलियसुत्त-वण्णना।

'गृहपति' भनी बोलाउनु हुन्छ" भनी कुपित भई असन्तुष्ट भई उनले भगवान्लाई यस्तो भने[1] —

"भो गौतम ! यो तपाइलाई सुहाउँदैन, यो तपाइलाई योग्य छैन जो कि तपाइले मलाई 'गृहपति' भनी भन्नुहुन्छ ।"

"गृहपति ! तिम्रा ती आकार-प्रकारहरू ती लिङ्गहरू तथा ती चिन्हहरू पनि गृहस्थीहरूका जस्तै छन् ।"

"भो गौतम ! मैले सबै कामकाजहरू छाडिसकेकोछु सबै व्यवहारहरू (=व्यापारहरू) समुच्छिन्न गरिसकेकोछु[2] ।"

"गृहपति ! कसरी तिमीले सबै कामकाजहरू छाडेका छौ ? कसरी तिमीले सबै व्यवहारहरू समुच्छिन्न गरेकाछौ त ?"

"भो गौतम ! यहाँ जो मेरा धन-धान्य चाँदी तथा सुन हुन्— ती सबै मैले पुत्रहरूलाई अंशको रूपमा (दायज्जं) जिम्मा लगाई

---

१. भगवान्ले आफूलाई तीन तीन पटकसम्म 'गृहपति' भन्ने वचनले बोलाएको सहन नसकी उनले यस्तो भनेका हुन् भनी पपं. सू III. पृ. २५: पोतलियसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. जब भगवान्ले उनको आकार-प्रकार र भेष-भूषादि देखेर उनलाई 'गृहपति' भनी पुकार्नुभयो तब उनले जुन कारणले आफूलाई 'गृहपति' भनाउन रुचाउन्नथे ती कारणहरू प्रकाश पार्दै यी कुराहरू भनेका हुन् । पपं. सू. III. पृ. २६: पोतलियसुत्तवण्णना ।

दिइसकेको छु । अब म त्यहाँ अनोवादी (=अर्ति नगर्ने) र अनुपवादी[१] (=निन्दा नगर्ने) छु । खोले मात्र खाएर, तथा शरीर मात्र ढाकेर म बस्छु (यसभन्दा बढता अरू कुनै मलाई चाहिन्न) । ओ गौतम ! यसरी मैले सबै कामकाजहरू छाडिसकेको छु । यसरी मैले सबै व्यवहार समुच्छिन्न गरिसकेको छु ।"

"गृहपति ! अर्कै ढंगले तिमी व्यवहार समुच्छिन्न भन्दछौ र अर्कै ढंगले आर्य-विनयमा (=धर्ममा) व्यवहार समुच्छिन्न हुन्छ ।"

"भन्ते ! कसरी आर्य-विनयमा व्यवहार समुच्छिन्न हुन्छ त ? भन्ते ! मलाई भगवान्ले त्यसरी धर्मोपदेश गर्नुहोस् जसरी आर्य-विनयमा व्यवहार समुच्छिन्न हुन्छ ।"

---

१. 'हे तात ! जोत, रोप तथा व्यापार गर' भनी अर्ति दिनेलाई 'ओवादी' भन्दछन् । त्यस्तो न भन्नेलाई 'अनोवादी' भन्दछन् । 'तिमीहरूले जोत्न पनि जोत्दैनौ, रोप्न पनि रोप्दैनौ तथा व्यापार पनि गर्दैनौ । अनि कसरी तिमीहरूले आफ्ना पुत्र-दारहरूको भरण-पोषण गरौला ?' भनी निन्दाको रूपमा अर्ति दिनेलाई 'उपवादी' भन्दछन् । त्यस्तो न भन्नेलाई 'अनुपवादी' भन्दछन् । यी दुवै कारणहरूबाट अलग रहेको हुनाले उनले आफूलाई 'अनोवादी' र 'अनुपवादी' भनेका हुन् । भनाइको तात्पर्य—'म घरको कुनै पनि विषयमा चिन्ता गर्दिन र सबै कुराहरूलाई मैले त्यागीसकेको छु' भनी भनिएको हो । यसै कारणलाई ध्यानमा राखी पोतलियले 'गृहपति' भनाउन न चाहेका हुन् । पपं. सू. III. पृ. २६: पोतलिय-सुत्तवण्णना ।

"गृहपति ! त्यसोभए सुन राम्ररी मनमा राख भन्ने छु ।"

"हवस् भन्ते !" भनी पोतलिय गृहपतिले भगवान्लाई प्रत्युत्तर दिए । त्यसपछि भगवान्ले यस्तो भन्नुभयो—

आर्यविनयको व्यवहार समुच्छिन्न

"गृहपति ! आर्य-विनयमा यी आठ धर्महरू व्यवहार समुच्छेदकोनिमित्त[१] पर्याप्त छन् । कुन आठ भने ?—(१) अ-प्राणातिपातकोनिमित्त प्राणातिपातलाई छाड्नु पर्छ, (२) दिन्नादानकोनिमित्त अदिन्नादानलाई छाड्नु पर्छ, (३) सत्यवाचाकोनिमित्त असत्यवाचालाई छाड्नु पर्छ, (४) अ-पैशुन्यवाचाकोनिमित्त पैशुन्यवाचालाई छाड्नु पर्छ, (५) अ-गिद्ध र अ-लोभ (=अलालच र अलोभ) कोनिमित्त गिद्ध र लोभ (=लालच र लोभ) लाई छाड्नु पर्छ, (६) अनिन्दा र अदोषकोनिमित्त निन्दा र दोषलाई छाड्नु पर्छ, (७) अ-क्रोध र अ-पीडाकोनिमित्त क्रोध र पीडालाई छाड्नु पर्छ, (८) अनतिमानकोनिमित्त अतिमानलाई छाड्नु पर्छ । गृहपति ! विस्तारपूर्वक विभक्त नगरिएका र संक्षेपमा बताइएका यी आठ धर्महरू आर्य-विनयमा व्यवहार समुच्छेदकोनिमित्त पर्याप्त छन् ।"

---

१. 'व्यवहार समुच्छेदकोनिमित्त पर्याप्त छन्' भनिएकोमा - यहाँ व्यवहार चार प्रकारका छन्—(१) व्यवहार-व्यवहार, (२) प्रज्ञप्ति-व्यवहार, (३) वचन-व्यवहार र (४) चेतना-व्यवहार ।

यी मध्ये—

"यो हि कोचि मनुस्सेसु वोहारं उपजीवति ।

एवं वासेट्ठ जानाहि वाणिजो सो न ब्राह्मणो'ति ।।" भन्ने ठाउँमा व्यवहारलाई अर्थात् व्यापारलाई 'व्यवहार' भनिएको हो । (सुत्त. नि. पा. पृ. ३६५: वासेट्ठसुत्तं, महावग्गो, गा. नं. २१३ अथवा बु. ब्रा. भा–१, पृ. ३२३, गा. नं. २१ मा हेर्नू ।)

"सङ्खा समञ्ञा पञ्ञत्ति वोहारोती'ति" भन्ने ठाउँमा प्रज्ञप्तिलाई 'व्यवहार' भनिएको हो ।

"तथा वोहरति अपरामसती'ति" भन्ने ठाउँमा वचनलाई 'व्यवहार' भनिएको हो ।

"अट्ठ अरिय वोहारी, अट्ठ अनरिय वोहारो'ति" भन्ने ठाउँमा चेतनालाई 'व्यवहार' भनिएको हो । (अं. नि–८, पृ. ३९५: अनरिय वोहारसुत्तं र अरिय वोहारसुत्तं ।)

यहाँ यस सूत्रमा पनि यस्तै व्यवहारलाई लक्ष गरिएको हो । किन कि प्रव्रजित भएपछि गृही भन्ने चेतना हुन्न र श्रमण भन्ने चेतना हुन्छ । गृही भन्ने प्रज्ञप्ति हुन्न र श्रमण भन्ने प्रज्ञप्ति हुन्छ । गृही भन्ने व्यवहार हुन्न र श्रमण वा प्रव्रजित भन्ने व्यवहार (=चलन) हुन्छ । पपं. सू. III. पृ. २६: पोतलियसुत्तवण्णना ।

"भन्ते ! संक्षेपमा बताइएका र विस्तारपूर्वक विभक्त नगरिएका यी आठ धर्महरू आर्य-विनयमा जुन व्यवहार समुच्छेदकोनिमित्त पर्याप्त छन्—भन्ते ! अनुकम्पापूर्वक भगवान्ले यी आठ धर्महरूलाई विस्तारपूर्वक विभक्त गरी बताउनु भए बेश हुने थियो ।"

"गृहपति ! त्यसो भए सुन र राम्ररी मनमा राख भन्ने छु ।"

"हवस् भन्ते !" भनी पोतलिय गृहपतिले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो—

(१) प्राणीघात छाड्नु पर्छ—" 'अ-प्राणातिपातकोनिमित्त प्राणातिपातलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो सोच्दछ—'जुन संयोजनहरूको[१] हेतुले गर्दा म प्राणातिपाती हुने हुँ—ती संयोजन-हरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु । यदि म प्राणातिपाती भएँ भने—आफैंले आफैंलाई प्राणीघातको कारणमा धिक्कार्नु पर्नेछ[२] । अनि यसलाई जानेर प्राणातिपातको कारणले

१. प्राणातिपात कर्मलाई नै यहाँ 'संयोजन' भनिएको हो । प्राणातिपातको हेतुले नै प्राणातिपाती भन्दछन् । पपं. सू. III. पृ. २६–२७: पोतलियसुत्तवण्णना ।

२. भनाइको तात्पर्य यो हो कि—'कीटपतङ्गादिलाई पनि नमार्ने शासनमा प्रव्रजित भएर पनि म प्राणीघातबाट विरत रहन सकिन । यो मेरो कस्तो प्रव्रज्या होला !' भन्दै आफूले आफैंलाई धिक्कार्नु पर्ने छ भनी भनिएको हो । पपं. सू. III. पृ. २७: पोतलियसुत्त-वण्णना ।

विज्ञहरूले पनि मलाई धिक्कार्ने छन्[१]। (यति मात्र होइन) प्राणातिपातको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्नेछ। यही नै संयोजन हो र यही नै नीवरण हो[२]—जुन प्राणातिपात हो। प्राणातिपातको हेतुद्वारा जुन आस्रव[३] र विघातपरिदाहहरू[४] उत्पन्न

---

१. 'प्राणिघात मात्रलाई पनि बचाउन नसक्नेको के प्रव्रज्या र !' भन्दै अरूले पनि उपहास गर्ने छन् र धिक्कार्ने छन् भनी भनिएको हो। पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णना।

२. यहाँ 'यही नै संयोजन हो र यही नै नीवरण हो' भनी जुन कुरा उल्लेख भएका छन् तिनीहरू सीधैं दश संयोजन र पञ्चनीवरणको अन्तर्गत नपरे ता पनि—संसारमा बाँधिने अर्थले र हितलाई छोपिने भन्ने अर्थलाई ध्यानमा राखी प्राणातिपात आदि आठ कारणहरूलाई 'संयोजन' र 'नीवरण' पनि भनिएको हो भनी पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. प्राणातिपातको कारणमा आस्रवहरूमध्ये एउटा अविदया-आस्रव उत्पन्न हुन्छ भनी पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णनाले उल्लेख गरेको पाइन्छ।

४. यहाँ 'विघात परिदाह' भन्नाले दुःख र जलनलाई भनिएको हो। 'विघात' भन्नाले क्लेश दुःख र विपाक दुःखलाई लिइएको छ तथा 'परिदाह' भन्नाले क्लेश परिदाह र विपाक परिदाहलाई लिइएको छ। यस्तै गरी अगाडि सबै ठाउँहरूमा पनि अर्थ बुझ्न सक्नुपर्छ। पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णना।

हुने हुन्—प्राणातिपातबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन् ।' 'अ-प्राणातिपातकोनिमित्त प्राणातिपातलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको सो यसै कारणले भनिएको हो ।

(२) अदिन्नादान छाड्नु पर्छ—"'दिन्नादानकोनिमित्त अदिन्नादानलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त? गृहपति! यहाँ आर्यश्रावक यस्तो सोच्दछ—'जुन संयोजनहरूको हेतुले गर्दा म अदिन्नादायी हुने हुँ—ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु । यदि म अदिन्नादायी भएँ भने—आफैंले आफैंलाई[1] अदिन्नादानको कारणमा धिक्कार्नु पर्नेछ । अनि यसलाई जानेर अदिन्नादानको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्ने छन् । (यति मात्र होइन) अदिन्नादानको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्नेछ । यही नै संयोजन हो र यही नै नीवरण हो—'जुन अदिन्नादान हो । अदिन्नादानको हेतुद्वारा जुन आस्रव र विघातपरिदाहहरू उत्पन्न हुने हुन्—अदिन्नादानबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन् ।' 'दिन्नादानकोनिमित्त अदिन्नादानलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो ।

---

१. 'नदिइकन तृणशलाक समेत नलिने शासनमा प्रव्रजित भएर पनि म अदिन्नादानबाट अलग रहन सकिन । धिक्कार हो मेरो प्रवज्या!' भनी आफैंले आफैंलाई धिक्कार्छ भनिएको हो । पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णना ।

(३) मृषावाद छाड्नु पर्छ—" 'सत्यवाचाकोनिमित्त असत्य-वाचालाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो सोच्दछ—'जुन सयोजनहरूको हेतुले गर्दा म असत्यवादी हुने हुँ—ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु। यदि म असत्यवादी भएँ भने—आफैंले आफैंलाई[१] असत्यवाचाको कारणमा धिक्कार्नु पर्नेछ। अनि यसलाई जानेर असत्यवाचाको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्ने छन्। (यतिमात्र होइन) असत्यवाचाको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्ने छ। यही नै संयोजन हो र यही नै नीवरण हो—जुन असत्यवाचा हो। असत्यवाचाको हेतु-द्वारा जुन आस्रव र विघातपरिदाहहरू उत्पन्न हुने हुन्—असत्यवाचाबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन्।' 'सत्य-वाचाकोनिमित्त असत्यवाचालाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो।

(४) पैशुन्यवाचा छाड्नु पर्छ—" 'अ-पैशुन्यवाचाकोनिमित्त पैशुन्यवाचालाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो सोच्दछ—'जुन

---

१. 'हाँसने र खेलने कारणमा पनि झूटो कुरो नबोल्ने शासनमा प्रव्रजित भएर पनि म मृषावादबाट अलग रहन सकिन। धिक्कार हो मेरो प्रव्रज्या !' भनी आफैंले आफैंलाई धिक्कार्छ भनिएको हो। पपं. सू. III. पृ. २८: पोतलियसुत्तवण्णना।

संयोजनहरूको हेतुले गर्दा म पैशुन्यवादी हुने हुँ— ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु। यदि म पैशुन्यवादी भएँ भने— आफैंले आफैंलाई पैशुन्यवादको कारणमा धिक्कार्नु पर्नें छ। अनि यसलाई जानेर पैशुन्यवाचाको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्नें छन्। (यतिमात्र होइन) पैशुन्यवाचाको कारणले गर्दा शरीरछाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्नें छ। यही नै संयोजन हो र यही नै नीवरण हो — जुन पैशुन्यवाचा हो। पैशुन्यवाचाको हेतुद्वारा जुन आस्रव र विघातपरिदाहहरू उत्पन्न हुने हुन्— पैशुन्यवाचाबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन्।' 'अ-पैशुन्य-वाचाकोनिमित्त पैशुन्यवाचालाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो।

(५) गिद्ध-लोभ छाड्नु पर्छ—" 'अगिद्ध-अलोभ (=अलालच र अलोभ) कोनिमित्त गिद्ध-लोभ (=लालच र लोभ) लाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो सोच्दछ—'जुन संयोजनहरूको हेतुले गर्दा म गिद्ध-लोभी हुने हुँ — ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु। यदि म गिद्ध-लोभी भएँ भने— आफैंले आफैंलाई गिद्ध-लोभको कारणमा धिक्कार्नु पर्नें छ। अनि यसलाई जानेर गिद्ध-लोभको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्नें छन्। (यतिमात्र होइन) गिद्ध-लोभको कारणले गर्दा शरीर छाडी मृत्यु-पछि दुर्गतिमा पनि पुग्नु पर्नें छ। यही नै संयोजन हो र यही नै नीवरण हो - जुन गिद्ध-लोभ हो। गिद्ध-लोभको हेतुद्वारा जुन आस्रव र विघात-

परिदाहहरू उत्पन्न हुने हुन् – गिद्ध-लोभबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन् ।’ ‘अ-गिद्ध-अ-लोभकोनिमित्त गिद्ध-लोभलाई छाड्नु पर्छ’ भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो ।

(६) निन्दा र दोष छाड्नु पर्छ—“ ‘अनिन्दा-अदोषकोनिमित्त निन्दा-दोषलाई छाड्नु पर्छ’ भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो सोच्दछ – ‘जुन संयोजनहरूको हेतुले गर्दा म निन्दा-दोषी हुने हुँ—ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु । यदि म निन्दा-दोषी भएँ भने—आफैंले आफैंलाई निन्दा-दोषको कारणमा धिक्कार्नु पर्ने छ । अनि यसलाई जानेर निन्दा-दोषको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्ने छन् । (यतिमात्र होइन) निन्दा-दोषको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्ने छ । यही नै संयोजन हो र यही नै नीवरण हो – जुन निन्दा-दोष हो । निन्दा-दोषको हेतुद्वारा जुन आस्रव र विघातपरिदाहहरू उत्पन्न हुने हुन् – निन्दा-दोषबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन् ।’ ‘अनिन्दा-अदोषकोनिमित्त निन्दा-दोषलाई छाड्नु पर्छ’ भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो ।

(७) क्रोध पीडा छाड्नु पर्छ—“ ‘अक्रोध अपीडाकोनिमित्त क्रोध पीडालाई (कोधूपायास) छाड्नु पर्छ’ भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त ? गृहपति ! यहाँ आर्यश्रावक यस्तो

सोच्दछ—'जुन संयोजनहरूको हेतुले गर्दा म क्रोधी पीडादायी हुने हुँ—ती संयोजनहरूलाई छाड्नकोनिमित्त र समुच्छेद गर्नकोनिमित्त म लागेको छु। यदि म क्रोधी पीडादायी भएँ भने – आफैंले आफैंलाई क्रोध पीडाको कारणमा धिक्कार्नु पर्नें छ। अनि यसलाई जानेर क्रोध पीडाको कारणले विज्ञहरूले पनि मलाई धिक्कार्नें छन्। (यतिमात्र होइन) क्रोध पीडाको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्नें छ। यही नै संयोजन हो र यही नै नीवरण हो – जुन क्रोध पीडा हो। क्रोध पीडाको हेतुद्वारा जुन आस्रव र विघातपरिदाहहरू उत्पन्न हुने हुन् – क्रोध पीडाबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन्।' 'अक्रोध अपीडाकोनिमित्त क्रोध पीडालाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो।

(८) अतिमान छाड्नु पर्छ—" 'अनतिमानकोनिमित्त अतिमानलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो त्यो के कारणले भनिएको हो त? गृहपति! यहाँ आर्यश्रावक यस्तो सोच्दछ – 'जुन संयोजनहरूको हेतुले गर्दा म अतिमानी हुने हुँ—ती संयोजनहरूलाई छाड्नकोनिमित्त[1] र समुच्छेद गर्नकोनिमित्त म लागेको छु। यदि म अतिमानी भएँ भने—आफैंले आफैंलाई अतिमानको कारणमा धिक्कार्नु पर्नें छ। अनि यसलाई जानेर अतिमानको कारणले विज्ञहरूले पनि

१. यहाँ 'संयोजनहरूलाई छाड्नकोनिमित्त…' को अर्थ यसप्रकार बुझ्नु पर्छ।

मलाई धिक्कार्ने छन् । (यतिमात्र होइन) अतिमानको कारणले गर्दा शरीर छाडी मृत्युपछि दुर्गतिमा पनि पुग्नु पर्ने छ । यही नै संयोजन हो र यही नै नीवरण हो—जुन अतिमान हो । अतिमानको हेतुद्वारा जुन आस्रव[१] र विघातपरिदाहहरू उत्पन्न हुने हुन्—अतिमानबाट विरत रहनेका ती आस्रवहरू र विघातपरिदाहहरू हुने छैनन् ।' 'अनतिमानको-निमित्त अतिमानलाई छाड्नु पर्छ' भनी जुन कुरो भनिएको हो सो यसै कारणले भनिएको हो ।

यस सूत्रमा जुन आठ प्रकारका संयोजनहरू बताइएका छन् तिनीहरूलाई कसरी छाडनु पर्छ भन्ने विषयमा अट्ठकथाले यसरी उल्लेख गरेको छ—

प्राणातिपात नगर्नाले र अदिन्नादान नलिनाले कायिक शीलसंवर हुन्छ, असत्यवाचा र पैशुन्यवाचा न बोल्नाले वाचिक शीलसंवर हुन्छ, गिद्ध-लोभी नहुनाले मानसिक शीलसंवर हुन्छ, निन्दा-दोष नगर्नाले कायिक र वाचिक शीलसंवर हुन्छ, अक्रोधी र अपीडादायी हुनाले मानसिक शीलसंवर हुन्छ र अतिमानी नहुनाले मानसिक शीलसंवर हुन्छ । अतः यी शीलसंवरद्वारा छाड्नको-निमित्त, समुच्छेद गर्नकोनिमित्त लागेका हुन्छन् । पपं. सू. III. पृ. २७: पोतलियसुत्तवण्णना ।

१. यहाँ लेखिएको 'आस्रव' को सम्बन्धमा यसरी बुझ्न सक्नु पर्छ—

• अदिन्नादानको कारणमा—कामास्रव, दृष्टि आस्रव र अविदयास्रव गरी तीन आस्रवहरू उत्पन्न हुन्छन् ।

"गृहपति ! संक्षेपमा बताइएका र विस्तारपूर्वक विभक्तन गरिएका यी आठ धर्महरू आर्य-विनयमा जुन व्यवहार समुच्छेदको-निमित्त पर्याप्त छन् तर यत्तिकैमा आर्यको विनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद भएका हुन्नन् ।"

मृषावाद र पैशुन्यवादको कारणमा पनि यसरी नै तीन आस्रवहरू उत्पन्न हुन्छन् ।

गिद्ध-लोभको कारणमा—दृष्टि आस्रव र अविदद्यास्रव उत्पन्न हुन्छन् ।

निन्दा-दोषको कारणमा—अविदद्यास्रव उत्पन्न हुन्छ र क्रोध पीडाको कारणमा पनि ।

अतिमानको कारणमा चाहिं – भवास्रव र अविदद्यास्रव उत्पन्न हुन्छन् ।

प्राणीघातको कारणमा—अविदद्यास्रव उत्पन्न हुन्छ ।

यसरी आस्रवहरू उत्पन्न हुने कुरा बुझ्नसक्नु पर्छ ।

यी आठ कारणहरूको सम्बन्धमा भ्रम निवारणार्थ पुनः यसरी संक्षेपमा निर्णय गरिएको छ ।

प्राणातिपात, निन्दा-दोष र क्रोध पीडाको करिणमा—एउटै अविदद्यास्रव उत्पन्न हुन्छ ।

अदिन्नादान, मृषावाद र पैशुन्यवादको कारणमा—कामास्रव, दृष्टि आस्रव र अविदयास्रव—यी तीन आस्रवहरू उत्पन्न हुन्छन् ।

गिद्ध-लोभमा—दृष्टि आस्रव र अविदयास्रव—यी दुइ आस्रवहरू उत्पन्न हुन्छन् ।

अतिमानमा—भवास्रव र अविदयास्रव—यी दुइ आस्रवहरू उत्पन्न हुन्छन् ।

शीलको हिसावले—अप्राणातिपात र दिन्नादान—कायिक शील हो । अमृषावाद र अपैशुन्यवाद—वाचिक शील हो । अनिन्दा अदोष बाहेक बाँकी तीनवटा (=अक्रोध, अपीडा, अगिद्ध-अलोभ र अनतिमान) मानसिक शील हो ।

निन्दादोष चाहिं कायद्वारबाट पनि वचनद्वारबाट पनि हुनसक्ने हुनाले—अनिन्दा अदोष दुवै द्वारमा हुन सक्छ । भनाइको मतलब कायिकशील पनि वाचिकशील पनि हुन्छ ।

यतिसम्मका कुराहरूले प्रातिमोक्ष शीललाई बताइएको हो भनी बुझ्नुपर्छ । प्रातिमोक्षशीलमा बसेको भिक्षुको प्रतिसंख्यान-प्रहाणको रूपले गृहीब्यवहार समुच्छेद हुन्छ भनी वताइएको हो भन्ने कुरा पनि बुझ्नुपर्छ । पपं. सू. III. पृ. २८–२९: पोतलिय-सुत्तवण्णना ।

सबै व्यवहार समुच्छेद

"भन्ते ! कसरी आर्यको विनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद हुन्छ त ? भन्ते ! मलाई भगवान्ले त्यसरी धर्मोपदेश गर्नु भए बेश हुने थियो जसरी धर्मोपदेश गर्नु हुँदा आर्यको विनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद हुने हो ।"

"गृहपति ! त्यसोभए सुन राम्ररी मनमा राख भन्ने छु ।"

"हवस् भन्ते !" भनी पोतलिय गृहपतिले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो—

(१) कङ्काल जस्तै

"गृहपति ! जस्तै यहाँ—भोकले अति कमजोर भएको कुकुर गाई मार्ने ठाउँमा गई बस्छ । अनि त्यसलाई दक्ष गोघातक वा गोघातक अन्तेवासीले सबैका सबै मासु काटिसकेको र मासु नभएको रगत मात्र लागेको कङ्काल[1] (=हाड) फ्याँकिदिन्छ । गृहपति ! सबैका सबै मासु

---

१. यहाँ 'कङ्काल' भनी तिघ्राको हाड वा करङको हाड अथवा टाउकोको हाडलाई भनिएको हो । मासु नभएकोले त्यसलाई 'कङ्काल' भनिएको हो । पपं. सू. III. पृ. २९: पोतलियसुत्त-वण्णना ।

काटिसकेको मासु नभएको रगत मात्र लागेको त्यो कङ्काल चाटेर त्यो कुकुरको भोक मेटिन्छ के ? यसमा तिमी के भन्वछौ ?"

"भन्ते ! मेटिंदैन ।"

"त्यो किन नि ?"

"भन्ते ! किनभने—त्यो कङ्कालमा सबैका सबै मासु काटिसकेको र मासु नभएको तथा रगत मात्र लागेको छ । त्यो कुकुर केवल थाक्ने र पीडाको भागी मात्र हुनेछ ।"

"गृहपति ! यस्तै गरी आर्यश्रावक यस्तो सोच्छ—'यो कामविषय कङ्काल जस्तै (अट्ठिकङ्कालूपमा) हो—यसमा धेरै दुःख र धेरै उपायास[1] (=पीडा) छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर—जुन नानाविध र नानानिश्रित उपेक्षाहरू छन्—तिनीहरूलाई छाडी जो त्यो एकत्व र एकत्वमा निश्रित उपेक्षा हो[2] जहाँ सबै लोकामिष उपादानहरू

---

१. दृष्ट धार्मिक र सम्परायिक दुःखको रूपले 'धेरै दुःख' र उपायासक्लेशको रूपले 'धेरै उपायास' भनिएको हो । पपं. सू. III. पृ. २९: पोतलियसुत्तवण्णना ।

२. पञ्चकामगुणिक उपेक्षाहरू नानाप्रकारका र नानास्वभावका हुन्छन् । अतः त्यस्ता उपेक्षाहरूलाई त्यागी एकत्व र एकत्वमा निश्रित भएको चतुर्थध्यानिक उपेक्षालाई भाविता गर भनिएको हो । यो चतुर्थध्यानिक उपेक्षा दिनभरि एकै विषयमा एकै रूप हुने भएकोले एकै स्वरूप र एकै आरम्मणमा निश्रित भएकोले 'एकत्वमा निश्रित' भनी भनिएको हो । पपं. सू. III. पृ. २९: पोतलियसुत्तवण्णना ।

निश्शेषरूपले निरुद्ध हुन्छन्[१]—सोही उपेक्षालाई भाविता गर्छ ।

(२) मासुको टुक्रा जस्तै

"गृहपति ! जस्तै यहाँ—गिद्ध वा चील वा बाजले मासुको टुक्रा लिई उड्छ । त्यसलाई गिद्धले पनि चीलले पनि बाजले पनि लखेटी लखेटी चुच्चोले ठुङछन् र खोस्छन् । गृहपति ! यदि ती गिद्ध वा चील वा बाजले त्यो मासुको टुक्रालाई चाँडै नछोडेमा—त्यस कारणबाट त्यो मरण वा मरण समान दुःखमा पुग्न सक्छ कि सक्दैन त ? यसमा तिमी के भन्छौ त ?"

"भन्ते ! सक्छ ।"

"गृहपति ! यस्तै गरी आर्यश्रावक यस्तो सोच्दछ –'यी काम-विषयहरू मासुको टुक्रा जस्तै (मंसपेसूपमा) हुन्—यसमा धेरै दुःख र धेरै उपायास छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर—जुन नानाविध र नानानिश्रित उपेक्षाहरू छन्- तिनीहरूलाई छाडी जो त्यो एकत्व र एकत्वमा निश्रित उपेक्षा हो जहाँ सबै लोकामिष उपादानहरू निश्शेष-रूपले निरुद्ध हुन्छन्—सोही उपेक्षालाई भाविता गर्छ ।

---

१. जुन चतुर्थध्यानिक उपेक्षामा आइपुग्दा अथवा जसको कारणबाट सबैका सबै लौकिक पञ्चकामगुणिक आमिषहरू निश्शेषरूपले निरुद्ध हुन्छन् । पपं. सू. III. पृ. २९: पोतलियसुत्तवण्णना ।

(३) तृण-चोराक जस्तै

"गृहपति ! जस्तै यहाँ—कुनै पुरुषले बलेको तृणचोराक समातेर बतास आइरहेकोतिर जान्छ । गृहपति ! यदि सो पुरुषले त्यो बलेको तृणचोराकलाई चाँडै फालेन भने त्यो बलेको तृणचोराकले उसको हात वा पाखुरा अथवा अङ्गप्रत्यङ्गका अरू भागहरूलाई पोल्नेछ र त्यसको कारणबाट उ मरण वा मरण समान दुःखमा पुग्न सक्छ कि सक्दैन त ? यसमा तिमी के भन्छौ त ?"

"भन्ते ! सक्छ ।"

"गृहपति ! यस्तै गरी आर्यश्रावक यस्तो सोच्दछ—'यी काम-विषयहरू बलेका तृणचोराक जस्तै (तिणक्कूपमा) हुन्—यसमा धेरै दुःख र धेरै उपायास छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर…[१] सोही उपेक्षालाई भाविता गर्छ ।

(४) अङ्गारको आगो जस्तै

"गृहपति ! जस्तै यहाँ—धुँवा नभएको र अँच नभएको थुप्रै गोलको आगो बलिरहेको खाडल छ । अनि बाँच्न चाहने, मर्न नचाहने,

१. यहींका बाँकी कुराहरू माथि पृ. १६३ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

सुखकामी तथा दुःख नचाहने कुनै पुरुष आउँछ । अनि उसलाई बलिया दुइ पुरुषहरूले नानाबाहुमा समाती आगो बलिरहेको खाडलतिर तानेर लैजान्छन् भने—गृहपति ! के उसले बाँच्नको लागि आफूलाई यताउता तान्दैन त ? यसमा तिमी के भन्छौ त ?"

"भन्ते ! तान्छ ।"

"सो किन नि ?"

"भन्ते ! त्यो पुरुषलाई थाहाछ कि—यदि म आगोको खाडलमा खसें भने त्यसकारणबाट मरण वा मरण समान दुःखमा पुग्नेछु ।"

"गृहपति ! यस्तै गरी आर्यश्रावक यस्तो सोचदछ—'यी काम-विषयहरू गोलको आगोको खाडल जस्तै (अङ्गारकासूपमा) हुन्—यसमा धेरै दुःख र धेरै उपायास छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर—…सोही उपेक्षालाई भाविता गर्छ ।

(५) स्वप्न जस्तै

"गृहपति ! जस्तै यहाँ—पुरुषले स्वप्न देख्छ – रमणीय उद्यान, रमणीय वन, रमणीय भूमि र रमणीय पोखरी । बिउँझेपछि उसले केही देख्दैन । गृहपति ! त्यस्तै गरी आर्यश्रावक यस्तो सोचदछ – 'यी काम-विषयहरू स्वप्न जस्तै (सुपिनकूपमा) हुन्—यसमा धेरै दुःखि र धेरै उपायास छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।'

यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर— ...सोही उपेक्षालाई भाविता गर्छ ।

(६) मागेको वस्तु जस्तै

"गृहपति ! जस्तै यहाँ—(कुनै) पुरुषका मागेको भोग (=वस्तु) वा यान वा उत्तम मणिकुण्डलहरू हुन्छन् । सो पुरुष ती मागेका भोगहरू लिई बजारमा जान्छ । अनि उसलाई देखेर मानिसहरू यस्तो भन्छन्—'भो ! यो पुरुष भोगी हो, यस्तै गरी भोगीले भोगवस्तुहरूको भोग गर्छ ।' अनि जहाँ उसलाई देख्छ त्यहाँबाटै आफ्ना वस्तुहरू लिएर मालिक जान्छ । गृहपति ! यसबाट उसको मनमा अन्यथा (=खिन्न) हुन सक्दैन त ? यसमा तिमी के भन्छौ त ?"

"भन्ते ! सक्छ ।"

"किन नि ?"

"भन्ते ! मालिकले आफ्ना वस्तुहरू लिन्छ नै ।"

"गृहपति ! त्यस्तै गरी आर्यश्रावक यस्तो सोच्दछ—'यी कामविषयहरू मागेका वस्तु जस्तै (याचितरूपमा) हुन्—यसमा धेरै दुःख र धेरै उपायास छिन्, यसमा धेरै दोष छन् भनी भगवान्‌ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर— ...सोही उपेक्षालाई भाविता गर्छ ।

(७) रुखको फल जस्तै

"गृहपति ! जस्तै यहाँ– गाउँ वा निगम नगिच ठूलो वनखण्ड हुन्छ। त्यहाँ सम्पन्न फल (=मधुर फल) भएको र उत्पन्न फल (=धेरै फल) भएको रुख हुन्छ। उसका कुनै पनि फलहरू जमिनमा खसेका हुन्नन्। अनि फल चाहने, फल खोज्ने र फल खोज्दै हिँडिरहने एक पुरुष आउँछ। अनि उ त्यो वनखण्डभित्र पस्दा उसले त्यो सम्पन्न फल र उत्पन्न फल भएको रुख देख्छ। अनि उसलाई यस्तो लाग्छ—'यो रुख सम्पन्न फल र उत्पन्न फल छ। यसका कुनै पनि फलहरू जमिनमा खसेका छैनन्। म रुख चढ्न जान्दछु। अतः चढी पेटभरी (फलहरू) खाऊँ र पोल्टोभरी पनि हालौं।' अनि सो पुरुष रुखचढी पेटभरी (फलहरू) खाई पोल्टोमा पनि राख्छ। त्यसपछि फल चाहने, फल खोज्ने र फल खोज्दै हिँडिरहने (एक अर्को) पुरुष बञ्चरो लिई आउँछ। उ त्यो वनखण्डभित्र पस्दा उसले सम्पन्न फल र उत्पन्न फल भएको (सो) रुख देख्छ। अनि उसलाई यस्तो लाग्छ– 'यो रुख सम्पन्न फल र उत्पन्न फल छ। यसका कुनै पनि फलहरू जमिनमा खसेका छैनन्। म रुख चढ्न जान्दिन। अतः यो रुखको फेद काटेर पेटभरी (फलहरू) खाएर पोल्टोभरी (फल) हालौं पनि।' अनि उसले त्यो रुखको फेद काट्छ। गृहपति ! जो त्यो अमुक पुरुष पहिले रुखमा चढेको थियो यदि सो चाँडै (रुखबाट) ओर्लेन भने—त्यो रुख ढल्दा उसको हात वा खुट्टा भाँचिने छ अथवा कुनै न कुनै अङ्गप्रत्यङ्ग भाँचिन सक्ने छ। त्यसकारणबाट उ मरण वा मरण समान दुःखमा पुग्न सक्छ कि सक्दैन त ? यसमा तिमी के भन्छौ त ?'

"भन्ते ! सक्छ ।"

"गृहपति ! यस्तै गरी आर्यश्रावक यस्तो सोच्दछ— 'यी काम-विषयहरू रुखका फल जस्तै (रुक्खफलूपमा) हुन्- यसमा धेरै दुःख र धेरै उपायास छन्, यसमा धेरै दोष छन् भनी भगवान्ले भन्नु भएको छ ।' यसरी यथार्थरूपले सम्यक् प्रज्ञाद्वारा हेरेर— ...सोही उपेक्षालाई भाविता गर्छ ।

"गृहपति ! सो आर्यश्रावकले यही अनुत्तर उपेक्षापारिशुद्धिमा आएर अनेकविध पूर्वे निवास ज्ञानको अनुस्मरण गर्छ । जस्तै—एक जन्म...[१] आदि ।

"गृहपति ! सो आर्यश्रावकले यही अनुत्तर उपेक्षापारिशुद्धिमा आएर विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका र उत्पन्न भएका सत्वहरूलाई देख्दछ...[२] मरणोप्रान्त सुगति स्वर्गलोकमा उत्पन्न भए ।

"गृहपति ! सो आर्यश्रावकले यही अनुत्तर उपेक्षापारिशुद्धिमा आएर आस्रवक्षयद्वारा अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ । गृहपति ! यसरी आर्यको विनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद हुन्छन् ।

---

१. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. १९८ अथवा बु. गृ. भा–१, पृ. २५८ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २७८ अथवा बु. गृ. भा–१, पृ. २५८ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

पोतलिय गृहपतिको उपासकत्व

"गृहपति ! जस्तो आर्यविनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद हुन्छन् त्यस्तै रूपको व्यवहार-समुच्छेद तिमीले आफूमा देखेकाछौ त ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! कहाँ म, कहाँ आर्यविनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेद ! भन्ते ! आर्यविनयमा सर्वथारूपले सबैका सबै व्यवहार समुच्छेदबाट म टाढा छु । भन्ते ! अघि हामीले नजान्ने[१] अन्यतीर्थीय परिव्राजकहरूलाई नै जान्ने भनी सम्झेका थियौं । नजान्नेलाई नै जान्नेलाई खुवाउने भोजन गराएका थियौं । नजान्नेलाई नै जान्ने स्थानमा राखेका थियौं । भन्ते ! जान्ने भिक्षुहरूलाई हामीले नजान्ने सम्झेका थियौं । जान्नेलाई नै नजान्नेलाई खुवाउने भोजन गराएका थियौं ; जान्नेलाई नै नजान्ने स्थानमा राखेका थियौं । भन्ते ! अबदेखि हामीले नजान्ने अन्यतीर्थीय परिव्राजकहरूलाई नै नजान्ने भनी थाहा-पाउनेछौं । नजान्नेलाई नै नजान्नेलाई खुवाउने भोजन गराउनेछौं । नजान्नेलाई नै नजान्ने स्थानमा राख्नेछौं । भन्ते ! अब हामीले जान्ने भिक्षुहरूलाई नै जान्ने भनी थाहापाउनेछौं । जान्नेलाई नै जान्नेलाई खुवाउने भोजन गराउनेछौं । जान्नेलाई नै जान्ने स्थानमा राख्नेछौं । भन्ते ! भगवान्ले मसा श्रमणप्रति श्रमणप्रेम श्रमणप्रति श्रमणप्रसाद र श्रमणप्रति श्रमण गौरव उत्पन्न गराइदिनु भयो ।

१. गृही व्यवहार समुच्छेदको कारण नजान्ने । पपं. सू. III. पृ. ३०: पोतलियसुत्तवण्णना ।

धन्य हो, भन्ते ! धन्य हो, भन्ते ! जस्तै भन्ते ! घोप्टेकोलाई उत्तानो पारिदिंदा...। भन्ते ! अब म भगवान्को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्।"

७. बेलट्ठ कच्चान

परिचय

यी बेलट्ठ कच्चान (=कात्यायन) राजगृहबासी हुन् र यिनी गुँदको व्यापार गर्दथे। 'बेलट्ठ' उनको नाम हो र 'कच्चान' (=कात्यायन) भनेको गोत्रको नाम हो।

एकदिन भगवान् अन्धकबिन्दबाट राजगृहतिर गइरहनु भएको बेलामा बेलट्ठ कच्चान पनि राजगृहबाट अन्धकबिन्दतिर गइरहेका थिए। यिनी आइरहेको देखनु भई भगवान् बाटोको एकातिर एक रुखमनि बस्नुभयो। भगवान्लाई देखेर त्यहाँ गई बेलट्ठ कच्चानले भिक्षुहरूलाई गुँद प्रदान गरे। त्यसपछि भगवान्ले उनलाई आनुपूर्वी-कथा सुनाउनु भयो र पछि वहाँले उनलाई चतुरार्यसत्यको उपदेश दिनुभयो। यो उपदेश सुनेर बेलट्ठ कच्चानले मार्गफल प्राप्त गरे भन्ने कुरा अगाडिको सूत्रमा—"दृष्टधर्मी, प्राप्तधर्मी,...शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि.." भन्ने

वाक्यद्वारा प्रष्ट बुझिन्छ । त्यसपछि उनी आजीवन बुद्धको शरणमा गई उपासक भए ।

× × ×

केही बेलट्ठ नामहरू

(१) बेलट्ठ—यिनी सञ्जयका पिता हुन् । हेर बु. प. भा–१, पृ. १२०; सुत्त. नि. अ. क. II. पृ. २५३: सभियसुत्तवण्णना । "सञ्जयोति नामं, बेलट्ठो पनस्स पिता, तस्मा बेलट्ठपुत्तोति वुच्चति ।"

(२) बेलट्ठपुत्त—हेर सञ्जय बेलट्ठपुत्र भनी उल्लेख भएको ठाउँमा । बु. प. भा–१, पृ. ३,१२०.

(३) बेलट्ठसीस[1] (थेर)—यी स्थविर आनन्द महास्थविरका उपाध्याय हुनुहुन्छ । हेर महा. व. पा. पृ. २२०: मूलादि-भेसज्जकथा, भेसज्जक्खन्धकं; महा. व. पा. पृ. ३११: निसीदनादिअनुजानना, चीवरक्खन्धकं; थेर. गा. अ. क. I. पृ. ६८: बेलट्ठसीसथेरगाथट्ठकथा; थेर. गा. पा. पृ. २३७:

१. सिंहलमा: 'बेलट्ठिसीस'; स्याममा: 'वेलट्ठसीस' ।

बेलट्ठसीसत्थेरगाथा; धम्म. प. अ. क. पृ. ३०१: बेलट्ठ-सीसत्थेरवत्थु, अरहन्तवग्गो ।

वहाँ स्थविर श्रावस्तीमा एक ब्राह्मण कुलमा जन्मिनु भई भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडि नै उरुवेल कश्यपकहाँ तपस्वी भई अग्निचर्या गरी बस्नु भएको थियो । पछि उरुवेल कश्यपलाई दमन गरी भगवान्ले आदित्तपरियायको[१] उपदेश सुनाउनु हुँदा उरुवेल सहित सबै एकहजार जटिलहरूले अरहत्व साक्षात्कार गरेका थिए । यसै बखत वहाँले पनि अरहत्व साक्षात्कार गर्नु भएको हो भनी थेरगाथट्ठकथाले[२] उल्लेख गरेको छ ।

(४) बेलट्ठ कच्चान—यिनै बेलट्ठ कच्चान (=कात्यायन) को कुरा यहाँ अगाडि अनुदित गरिदिएको छु ।

× × ×

१. महा. व. पा. पृ. ३४: आदित्तपरियायो ।

२. I. पृ. ६७: बेलट्ठसीसथेरगाथट्ठकथा ।

मूल पालि—

१–बेलट्ठ कच्चानको गुँद दान

अनि भगवान् अन्धकविन्दमा[1] इच्छानुसार विहार गर्नु भई जहाँ राजगृह हो त्यहाँ साँढे बाह्रशय महान भिक्षुसङ्घका साथ चारिकार्थ जानुभयो[2]। त्यस समय बेलट्ठ कच्चान (=बेलट्ठ कात्यायन) सबै गुँदको घैंटोले भरिएका पाँचशय गाडाहरू लिई राजगृहबाट अन्धकविन्दमा जानकोनिमित्त बाटो लागिरहेका थिए।

अनि भगवान्ले टाढैदेखि बेलट्ठ कच्चान आइरहेको देख्नुभयो। देख्नु भएपछि बाटो छाडेर एक रुखमनि बस्नुभयो। अनि बेलट्ठ कच्चान जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई

---

१. अन्धकविन्द भन्ने ठाउँ राजगृहबाट ३ गाउत उता पर्छ। सम. पा. III. पृ. ११०६: अविप्पवास सीमानुजाननकथा, उपोसथक्खन्धकं। राजगृहलाई १८ वटा महाविहारहरूले घेरेका छन्। सम. पा. III. पृ. ११०६; हेर्नू बु. म. भा–१, पृ. १०६ को पादटिप्पणीमा पनि।

२. महा. व. पा. पृ. २४०: बेलट्ठकच्चानवत्थु, भेसज्जक्खन्धकं; अ. क. III. पृ. ११५९.

अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका बेलट्ठ कच्चानले भगवान्‌लाई यस्तो भन्नुभयो—

"भन्ते! म एक एक भिक्षुलाई एउटा एउटा गुँदको घैंटो दिन चाहन्छु।"

"कच्चान! त्यसो भए तिमीले एउटा मात्र गुँदको घैंटो ल्याऊ।"

"हवस्, भन्ते!" भनी भगवान्‌लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले एउटा मात्र गुँदको घैंटो लिएर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌सँग यस्तो भने—"भन्ते! गुँदको घैंटो ल्याएँ। अब म के गरुँ?"

"कच्चान! त्यसो भए तिमीले भिक्षुहरूलाई गुँद देऊ।"

"हवस्, भन्ते!" भनी भगवान्‌लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले भिक्षुहरूलाई गुँद दिएपछि भगवान्‌लाई यस्तो भने—"भन्ते! भिक्षुहरूलाई गुँद दिइसकें। अझ धेरै गुँद बाँकी छ। भन्ते! अब म के गरुँ?"

"कच्चान! त्यसो भए तिमीले भिक्षुहरूलाई जति चाहिन्छ (यावदत्थं) त्यति गुँद देऊ।"

"हवस्, भन्ते!" भनी भगवान्‌लाई प्रत्युत्तर दिई भिक्षुहरूलाई जति चाहिन्छ त्यति गुँद दिई भगवान्‌सँग यस्तो भने—"भन्ते! भिक्षुहरूलाई जति चाहिन्छ त्यति गुँद दिएँ; अझ पनि गुँद बाँकी छ। अब म के गरुँ?"

"कच्चान ! त्यसो भए भिक्षुहरूलाई गुँदद्वारा सन्तर्पित गर ।"

"हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले भिक्षुहरूलाई गुँदद्वारा सन्तर्पित गरे । त्यहाँ केही भिक्षुले पात्रहरू भरे (केहीले) पानी छान्नोमा भरे (केहीले) थैलो भरे । अनि भिक्षुहरूलाई गुँदद्वारा सन्तर्पित गरी बेलट्ठ कच्चानले भगवान्‌सँग यस्तो भने—"भन्ते ! भिक्षुहरूलाई गुँदद्वारा सन्तर्पित गरें, अरू पनि धेरै गुँद बाँकी छ । भन्ते ! अब म के गरुँ ?"

"कच्चान ! त्यसो भए तिमीले बचेको खानेहरूलाई (विघासादानं) गुँद देऊ ।"

"हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले बचेको खानेहरूलाई गुँद दिई भगवान्‌सँग यस्तो भने—"भन्ते ! बचेको खानेहरूलाई गुँद दिएँ, अरू धेरै गुँद बाँकी छ । भन्ते ! अब म के गरुँ ?"

"कच्चान ! त्यसो भए बचेको खानेहरूलाई जति चाहिन्छ (यावदत्थं) त्यति देऊ ।"

"हवस्, भन्ते !" भनी भगवान्‌लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले बचेको खानेहरूलाई जति चाहिन्छ त्यति गुँद दिई भगवान्‌सँग यस्तो भने—"भन्ते ! बचेको खानेहरूलाई गुँद दिएँ, अरू धेरै गुँद बाँकी छ । भन्ते ! अब म के गरुँ ?"

"कच्चान ! त्यसो भए तिमीले बचेको खानेहरूलाई गुँदद्वारा सन्तर्पित गर ।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले बचेको खानेहरूलाई गुँदद्वारा सन्तर्पित गरे। त्यहाँ बचेको खाने केहीले भाँडा (कोलम्बो) र घैंटो भरे, (केहीले) डालामा र पोल्टामा (उच्छङ्ग) पनि भरे। अनि बचेको खानेहरूलाई गुँदद्वारा सन्तर्पित गरेर बेलट्ठ कच्चानले भगवान्सँग यस्तो भने—' भन्ते ! बचेको खानेहरूलाई गुँदद्वारा सन्तर्पित गरें। अझ धेरै गुँद बाँकी छ। भन्ते ! अब म के गरुँ ?"

"कच्चान ! देवलोक मारलोक सहित ब्रह्मलोक[1], श्रमण सहित ब्राह्मण प्रजा तथा देवसहित मनुष्यहरूमा कसैले यो गुँद खाएर पचाउन सक्ला भन्ने म ठान्दिन। सिवाय तथागत वा तथागत श्रावकले। कच्चान ! त्यसैले त्यो गुँद हरियो (घाँस) नभएको ठाउँमा अथवा प्राणी नभएको पानीमा बगाइदेऊ[2]।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई बेलट्ठ कच्चानले त्यो गुँदलाई प्राणी नभएको पानीमा बगाइदिए। अनि त्यो

---

१. यहाँ 'देवलोक मारलोक सहित ब्रह्मलोक' आदि भनेको अर्थ बु. ब्रा. भा–२. पृ. ७८ को पादटिप्पणीमा, पृ. २२१ को पादटिप्पणीमा र पृ. ३३६ को पादटिप्पणीमा हेर्नू।

२. त्यसबखत त्यो बाँकी गुँदमा देवताहरूले सूक्ष्म ओजरसहरू राखिदिएका थिए। त्यसैले भगवान्ले यस्तो भन्नु भएको हो भनी सम. पा. III. पृ. ११५९ ले उल्लेख गरेको छ।

गुँद पानीमा राख्दा 'चिच्चिट चिटचिट' गरी त्यसबाट आवाज आई धुँवा निस्के जस्तै बाफ पनि निस्क्यो । जस्तै दिनभरी घाममा तातेको फाली पानीमा राख्दा 'चिच्चिट चिटचिट' गरी आवाज निस्कने हो त्यस्तै गरी त्यो गुँद पानीमा राख्दा 'चिच्चिट चिटचिट' गर्न थालेको थियो ।

अनि बेलट्ठ कच्चान संविग्न र लोमहर्षित भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका बेलट्ठ कच्चानलाई भगवान्ले आनुपूर्विकथा भन्नुभयो । जस्तै—दानकथा,…[1] प्रकाश पार्नुभयो । जब भगवान्ले बेलट्ठ कच्चानको चित्त कल्य, मृदु, नीवरण रहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब जुन आफैंले प्राप्त गर्नु भएको बुद्धहरूको धर्म हो (सामुक्कंसिका धम्मदेसना) त्यो धर्म प्रकाश पार्नुभयो—'दुःख समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै न मैलेको शुद्ध-वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तै गरी बेलट्ठ कच्चानलाई उसै आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो—'जे जति समुदय धर्महरू हुन् ती सबै निरोध धर्म हुन् ।' अनि बेलट्ठ कच्चान दृष्टधर्मी, प्राप्तधर्मी, विदित धर्मी भई धर्मको गहिराइलाई बुझी, शंकारहित, निश्चिन्त तथा वैशारद्यमा पुगी शास्ताको धर्मलाई अवबोध गर्नको-निमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनले भगवान्लाई यस्तो भने—

---

१. यहाँका बाँकी कुराहरू बु. गृ. भा–२, पृ. १०० मा उल्लेख भए अनुसार पढ्नू ।

"धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! जस्तै भन्ते ! घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा वा अँध्यारोमा तेलको दियो राखिदिंदा—चक्षु हुनेले रूप देख्दछ—त्यस्तै गरी भगवान्ले मलाई अनेक प्रकारले धर्मप्रकाश पार्नुभयो । भन्ते ! अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

८. भद्रक गामणि

प रि च य

यी भद्रक गामणि (=ग्रामणी) मल्ल जनपद्को उरुवेलकप्प भन्ने निगमवासी हुन्। यिनका चिरवासी भन्ने एक पुत्र थिए भन्ने कुरा अगाडिको मूल सूत्रबाट प्रष्ट हुन्छ।

एक समय भगवान् बुद्ध त्यस निगममा बसिरहनु भएको बेलामा 'दुःखको समुदय र त्यसको निरोध सम्बन्धी उपदेश गर्नुहोस्' भनी यी भद्रक गामणिले अनुरोध गर्दा भगवान्ले उनलाई यसै जीवन-सँग तुलना गरी उदाहरण सहित प्रत्यक्ष रूपले त्यस विषयमा कुरा बताउनु भयो। यो उपदेश सुनेर भद्रक गामणिलाई दुःखको मूल जरो 'छन्द' अर्थात् 'इच्छा' नै रहेछ भन्ने कुरा प्रतीत भएपछि उनले भगवान्को प्रशंसा गरे। अरू विशेष कुराहरू यहाँ अगाडि अनुदित मूल सूत्रबाटै प्रष्ट हुने छन्।

× × ×

मूल सूत्र—

१–दुःख र समुदयको निरोध बताउनुहोस्

एक समय भगवान् मल्ल (जनपद) को उरुवेलकप्प भन्ने मल्लहरूको निगममा बस्नु भएको थियो[१]। अनि भद्रक गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका भद्रक गामणिले भगवान्लाई यस्तो भने—

"भन्ते! भगवान्ले मलाई दुःखको समुदय र त्यसको निरोध सम्बन्धी उपदेश गर्नुभए बेश हुने थियो।"

"गामणि! यदि मैले तिमीलाई अतीतलाई लिएर दुःखको समुदय र निरोध सम्बन्धी कुरा बताऊँ भने—त्यहाँ तिमीमा 'अतीत समयमा रहेको रहेछु' भन्ने शंका र विमति हुनेछ। गामणि! यदि मैले तिमीलाई अनागतलाई लिएर दुःखको समुदय र निरोध सम्बन्धी कुरा बताऊँ भने—त्यहाँ तिमीमा 'अनागत समयमा रहनेछु' भन्ने शंका र

१. सं. नि. III. पृ. २८९: भद्रकसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १०३; रोमनमाः 'भद्रगक'; स्याममाः 'गन्धभक'।

विमति हुनेछ। गामणि! अतः यहाँ बसेका तिमीलाई यहीं नै दुःख समुदय र निरोध सम्बन्धी उपदेश गर्नेछु। त्यो सुन राम्ररी मनमा राख भन्नेछु।"

"हवस्, भन्ते!" भनी भद्रक गामणिले भगवान्‌लाई प्रत्युत्तर दिए। अनि भगवान्‌ले यस्तो भन्नुभयो—

"गामणि! उरुवेलकप्पमा तिम्रा त्यस्ता मानिसहरू छन् के जसलाई वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा तिमीलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास होस्? यसमा तिमी के भन्दछौ?"

"भन्ते! उरुवेलकप्पमा मेरा त्यस्ता मानिसहरू छन् जसलाई वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा मलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्छ।"

"गामणि! उरुवेलकप्पमा तिम्रा त्यस्ता मानिसहरू पनि छन् के जसलाई वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा तिमीलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्न?"

"भन्ते! उरुवेलकप्पमा मेरा त्यस्ता मानिसहरू पनि छन् जसलाई वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा मलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्न।"

"गामणि! के हेतु र के प्रत्यय हो त जसले गर्दा उरुवेलकप्पमा बस्ने केही मानिसहरूको वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा तिमीलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्छ?"

"भन्ते ! उरुवेलकप्पमा बस्ने जुन मेरा मानिसहरूको वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा मलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्छ—तिनीहरू प्रति मेरो छन्दराग छ । भन्ते ! उरुवेलकप्पमा बस्ने जुन मानिसहरूको वध गर्दा, बन्धन गर्दा, (हन) नाश गर्दा अथवा निन्दा गर्दा मलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास हुन्न - उनीहरू प्रति मेरो छन्दराग छैन ।"

"गामणि ! जुन कारणहरू तिमीले यहींका यहीं गम्भीररूपमा देख्यौं, विदित गऱ्यौ – त्यही कारणहरूद्वारा अतीतानागतको बारेमा पनि तरीका अपनाऊ--'जुनसुकै अतीतसमयमा दुःख उत्पन्न भयो— सबै ती छन्दमूलक हुन् र छन्द निदान हुन् । छन्द नै दुःखको मूल (=जरो) हो । जुनसुकै अनागत समयमा (दुःख) उत्पन्न हुनेछ सबै ती छन्द मूलक हुन् र छन्द निदान हुन् । छन्द नै दुःखको मूल (=जरो) हो ।"

"आश्चर्य हो, भन्ते ! अद्भूत हो, भन्ते !! 'जुनसुकै दुःख उत्पन्न हुन्छ, सबै ती छन्दमूलक हुन् र छन्द निदान हुन्, छन्द नै दुःखको मूल (=जरो) हो ।' भनी जुन कुरा भगवान्ले भन्नुभयो अहा ! यो कति सुभाषित हो । भन्ते ! चिरवासी भन्ने मेरो कुमार छ । उ बाहिर घरमा बस्छ[१] । भन्ते ! अनि सो म बिहान सबेरै उठेर (एक) पुरुषलाई पठाउँछु—'भणे ! जाऊ चिरवासी कुमारलाई हेर ।'

१. नगर बाहिर शील्प अध्ययनकोनिमित्त बस्छ भनिएको हो । सार. प. III. पृ. १०३ः भद्रकसुत्तवण्णना, गामणिसंयुत्तं ।

भन्ते ! जवसम्म सो पुरुष फर्केर आउँदैन तबसम्म मलाई चिन्ता नै भइरहन्छ—'चिरवासी कुमारलाई कुनै बाधा नहोस्' ।"

"गामणि ! चिरवासी कुमारको वधद्वारा, बन्धनद्वारा, नाशद्वारा अथवा निन्दाद्वारा तिमीलाई शोकपरिदेव दुःख दौर्मनस्य उपायास उत्पन्न हुन्छ के ? यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! मेरो चिरवासी कुमारको वधद्वारा, बन्धनद्वारा, नाशद्वारा अथवा निन्दाद्वारा मेरो जीवन नै बरबाद हुन्छ भने मलाई शोकपरिदेव दुःख दौर्मनस्य र उपायास उत्पन्न नहोला भन्ने त सवालै उठ्दैन ।"

"गामणि ! यस कारणले पनि तिमीले बुझ्नुपर्छ कि—'जुनसुकै दुःखहरू उत्पन्न हुन्छन् ती सबै छन्दमूलक हुन् र छन्द निदान हुन् । छन्द नै दुःखको मूल (=जरो) हो ।' गामणि ! जब तिमीले चिरवासी मातालाई देखेका थिएनौ र सुनेका थिएनौ त्यसबखत चिरवासी माता प्रति तिम्रो छन्द वा राग वा प्रेम थियो त ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! थिएन ।"

"गामणि ! देखिसकेपछि वा सुनिसकेपछि चिरवासी माता प्रति तिम्रो छन्द वा राग वा प्रेम भएको त ?"

"हो, भन्ते !"

"गामणि ! चिरवासी माताको वधद्वारा, बन्धनद्वारा, (हन)

नाशद्वारा अथवा निन्दाद्वारा तिमीलाई शोकपरिदेव दुःख दौर्मनस्य र उपायास उत्पन्न हुन्छ त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! मेरी चिरवासी माताको वधद्वारा, बन्धनद्वारा, (हन) नाशद्वारा अथवा निन्दाद्वारा मेरो जीवन नै बरबाद हुन्छ भने मलाई शोकपरिदेव दुःख दौर्मनस्य र उपायास उत्पन्न नहोला भन्ने त सवालै उठ्दैन ।"

"गामणि ! यस कारणले पनि तिमीले बुझ्नुपर्छ कि—'जुनसुकै दुःखहरू उत्पन्न हुन्छन् ती सबै छन्द मूलक हुन् र छन्द निदान हुन् । छन्द नै दुःखको मूल (=जरो) हो' ।"

६. मणिचूल गामणि

परिचय

भगवान् बुद्ध राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएको बेलामा एकदिन राजान्तपुरमा भेला भइरहेका राजपरिषद्का बीचमा 'श्रमण शाक्यपुत्रहरूले अर्थात् भिक्षुहरूले सुन चाँदी स्वीकार्छन् भन्ने विषयमा चर्चा उठ्यो। त्यसबखत यी मणिचूल गामणि (=ग्रामणी) पनि त्यस सभामा उपस्थित थिए। अनि यिनले 'श्रमण शाक्यपुत्रहरूले सुन चाँदी ग्रहण गर्नुहुन्न र ग्रहण गर्नु पनि हुन्न' भन्ने कुरा बताई परिषद्लाई सम्झाए।

पछि यस विषयमा भगवान्को राय बुझ्नकोनिमित्त भगवान्कहाँ गई भगवान्सँग यिनले सोध्दा भगवान्ले पनि 'हुन्न' भन्ने कुरामा जोड दिनुभयो। जुन कुरा अगाडि अनुदित मूल सूत्रले प्रष्ट गरेको छ।

× × ×

मूल सूत्र—

१–सुन चाँदी अनुरुप छैन

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनु भएको थियो[१] ।

त्यस समय राजान्तपुरमा बसेको र भेला भएको राजपरिषद्को बीचमा यस्तो कुरा उठ्यो—"श्रमण शाक्यपुत्रहरूकोनिमित्त सुन चाँदी अनुरूप छ (कप्पति), श्रमण शाक्यपुत्रहरूले सुन चाँदी (जातरूपरजतं) स्वीकार्छन् (सादियन्ति) र श्रमण शाक्यपुत्रहरूले सुन चाँदी प्रतिग्रहण-गर्छन्[२] ।"

त्यस समय मणिचूल गामणि त्यस परिषद्मा बसेका थिए । अनि मणिचूल गामणिले त्यो परिषद्लाई यस्तो भने—"आर्यहो !

---

१. सं. नि. III. पृ. २८७: मणिचूलकसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १०२ र चुल्ल. व. पा. पृ. ४१८: मणिचूलगामणीकथा, सत्त-सतिकक्खन्धकं ।

२. यहाँ '...स्वीकार्छन्...प्रतिग्रहण गर्छन्' भन्नेको अर्थ 'स्वीकार्नु-हुन्छ...ग्रहण गर्नु हुन्छ' भनी भनेको हो भनी बुझ्नु पर्छ ।

यस्तो नभन्नु होस्[1]। श्रमण शाक्यपुत्रहरूकोनिमित्त सुन चाँदी अनुरूप छैन, श्रमण शाक्यपुत्रहरूले सुन चाँदी स्वीकार्दैनन् र श्रमण शाक्यपुत्रहरूले सुन चाँदी प्रतिग्रहण गर्दैनन्[2]। श्रमण शाक्यपुत्रहरूले मणिसुवर्णहरू निक्षेप गरेका छन् र उनीहरू सुन चाँदीबाट दूर छन्।" यसरी त्यो परिषद्लाई मणिचूल गामणिले सम्झाए।

अनि मणिचूल गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका मणिचूल गामणिले भगवान्लाई यस्तो भने—"भन्ते ! यहाँ राजान्तपुरमा बसेको र भेला भएको राजपरिषद्को बीचमा यस्तो कुरा उठ्यो—'श्रमण शाक्यपुत्रहरूकोनिमित्त सुन चाँदी अनुरूप छ, श्रमण शाक्ययुत्रहरूले सुन चाँदी स्वीकार्छन् र श्रमण शाक्यपुत्रहरूले सुन चाँदी प्रतिग्रहण गर्छन्।' यस्तो भन्दा—भन्ते ! मैले त्यो परिषद्लाई यस्तो भने—'आर्यहो ! यस्तो नभन्नुहोस्। श्रमण शाक्यपुत्रहरूकोनिमित्त सुन चाँदी अनुरूप छैन, श्रमण शाक्यपुत्रहरूले सुन चाँदी

---

१. उनलाई यस्तो लाग्यो कि—कुलपुत्रहरू प्रव्रजित हुँदा पुत्रदारहरू र सुन चाँदीहरू छाडेर प्रव्रजित हुन्छन्। अतः जुन वस्तुहरू त्यागेर प्रव्रजित हुन्छन् ती वस्तुहरू यिनीहरूले ग्रहण गर्न योग्य छैनन्। यसै नीतिमा बसेर उनले 'आर्यहो ! यस्तो नभन्नु होस्' भनी भनेका हुन् भनी सार. प. III. पृ. १०२: मणिचूलकसुत्तवण्णंना, गामणिसंयुत्तले उल्लेख गरेको छ।

२. यहाँ 'स्वीकार्दैनन्...प्रतिग्रहण गर्दैनन्' भन्नेको मतलव स्वीकार्नु हुन्न ..ग्रहण गर्नु हुन्न भनिएको हो।

स्वीकार्दैनन् र श्रमण शाक्यपुत्रहरूले सुन चाँदी प्रतिग्रहण गर्दैनन्। श्रमण शाक्यपुत्रहरूले मणि सुवर्णहरू निक्षेप गरेका छन् र उनीहरू सुन चाँदीबाट दूर छन्।' भन्ते ! यसरी मैले त्यो परिषद्लाई सम्झाएँ। भन्ते ! यस्तो भन्ने म के भगवान्को वादानुरूप भन्ने हुनेछु ? भगवान्-लाई मैले झूटो आरोप त लगाइन ? के मैले धर्मानुरूप भनेको छु ? धर्मानुसार भनिराखेको कुराको कुनै निन्दा त हुन गएन ?"

"ठीक छ गामणि ! यस्तो भन्ने तिमी (भगवान्ले) भनेका कुरा जस्तै भन्ने भएकाछौ मलाई झूटो आरोप लगाएका छैनौ, धर्मानुरूप भनेकाछौ र धर्मानुसार भनिराखेको कुनै कुराको निन्दा पनि भएको छैन। गामणि ! श्रमण शाक्यपुत्रहरूकोनिमित्त सुन चाँदी अनुरूप छैन (नकप्पति), श्रमण शाक्यपुत्रहरूले सुन चाँदी स्वीकार्दैनन् (नसादियति), श्रमण शाक्यपुत्रहरूले सुन चाँदी प्रतिग्रहण गर्दैनन् (नप्पटिग्गहन्ति), श्रमण शाक्यपुत्रहरूले मणि सुवर्णहरू निक्षेप गरेका छन् र उनीहरू सुन चाँदीबाट दूर छन्। गामणि ! जसकोनिमित्त सुन चाँदी अनुरूप हुन्छ उसकोनिमित्त पञ्चकामविषयहरू पनि अनुरूप हुन्छन्। गामणि ! जसलाई पञ्चकामविषयहरू अनुरूप हुन्छन्—गामणि ! अवश्य पनि त्यसलाई अ-श्रमण धर्म हो र अ-शाक्यपुत्रीय धर्म हो भनी विश्वास गर (धारेय्यासि[१])। गामणि ! बरु म यस्तो भन्दछु—तृण (=छाना

१. "यस्स खो, गामणि, जातरूपरजतं कप्पति, पञ्च पि तस्स कामगुणा कप्पन्ति। यस्स पञ्च कामगुणा कप्पन्ति, एकंसेन, गामणि, धारेय्यासि अस्समणधम्मो असक्यपुत्तियधम्मो'ति।" सं. नि. III. पृ. २८९: मणिचूलकसुत्तं, गामणिसंयुत्तं।

हाल्ने खर) चाहनेले तृण खोज्नु पर्छ, काठ चाहनेले काठ खोज्नु पर्छ, गाडा चाहनेले गाडा खोज्नु पर्छ र पुरुष चाहनेले पुरुष खोज्नु पर्छ[१]। गामणि ! तर कुनै प्रकारले पनि म 'सुन चाँदी स्वीकार्नु पर्छ र खोजि गर्नुपर्छ' भनी भन्दिन[२]।"

---

१. तृणादि खोज्नुपर्छ भनी—आफ्नो कुटीमा छाना हाल्नकोनिमित्त भिक्षुले तृणादि खोज्नुपर्छ भनिएको हो। काममा लगाउनकोनिमित्त मानिस खोज्ने भनिएको हो। सार. प. III. पृ. १०३: मणिचूलक-सुत्तवण्णना, गामणिसंयुत्तं।

२. "नत्वेवाहं, गामणि, केनचि परियायेन जातरूपंरजतं सादितब्बं परियेसितब्बं'ति वदामि।" सं. नि. III. पृ. २८९: मणिचूलकसुत्तं, गामणिसंयुत्तं।

१०. मानदिन्न गृहपति

परिचय

यी मानदिन्न गृहपति राजगृहवासी हुन् र यिनी अनागामी थिए भन्ने कुरा अगाडि अनुदित सूत्रको आधारमा भन्न सकिन्छ ।

एकदिन यिनी अस्वस्थ भई बिरामी भइरहेका वेलामा यिनले राजगृह स्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएका आनन्द महास्थविरलाई आपनो घरमा निम्तो गरे । अनि आनन्द महास्थविर आउनु भई वहाँले क्षमनीय छ छैन भनी यिनीसँग सोध्नुभयो । प्रत्युत्तरमा यिनले आफू अस्वस्थ भई बिरामी भएको कुरा बताए र यो पनि भने कि "भन्ते ! बिरामी भएता पनि मैले चारसतिपट्ठान (भावना) लाई छाडेको छैन ।" यति मात्र होइन उनले आफूमा पाँच-अधोभागीय संयोजनहरू नभएका कुरा पनि ज्ञापन गरे । यसै कारणलाई ध्यानमा राखी मैले यिनलाई अनागामी हुन् भनी भनेको हुँ ।

× × ×

मूल सूत्र—

१–बिरामी मानदिन्न गृहपति

एक समय आयुष्मान् आनन्द राजगृह स्थित वेणुवनको कलन्दकनिवापमा वस्नुभएको थियो[१] ।

त्यस समय मानदिन्न गृहपति अस्वस्थ भई सारै बिरामी भई दुखित थिए । अनि मानदिन्न गृहपतिले (एक) पुरुषलाई बोलाए— "अम्भो पुरुष ! तिमी आऊ र जहाँ आयुष्मान् आनन्द हुनुहुन्छ त्यहाँ जाऊ । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दको चरणकमलमा मेरो वचनले शीरले ढोग—'भन्ते ! मानदिन्न गृहपति अस्वस्थ भई सारै बिरामी भई दुखित छ । उ आयुष्मान् आनन्दको चरणकमलमा शीरले ढोग्छ ।' यस्तो पनि भन—'भन्ते ! आयुष्मान् आनन्दले अनुकम्पा राखी मानदिन्न गृहपतिको घरमा पाल्नु भए बेश हुने थियो' ।"

"हवस्, भन्ते !" भनी मानदिन्न गृहपतिलाई प्रत्युत्तरदिई सो पुरुष जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गयो । त्यहाँ पुगेपछि

१. सं. नि. IV. पृ. १५२: मानदिन्नसुत्तं, सतिपट्ठानसंयुत्तं ।

आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बस्यो । एक छेउमा बसेको सो पुरुषले आयुष्मान् आनन्दलाई यस्तो भन्यो—'भन्ते ! मानदिन्न गृहपति अस्वस्थ भई सारै बिरामी भई दुखित छन् । उनी आयुष्मान् आनन्दको चरणकमलमा शीरले ढोग्दछन् ।' यस्तो पनि भन्दछन्—'भन्ते ! आयुष्मान् आनन्दले अनुकम्पा राखी मानदिन्न गृहपतिको घरमा जानुभए बेश हुने थियो' ।"

तूष्णीभावद्वारा आयुष्मान् आनन्दले स्वीकार गर्नुभयो ।

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मानदिन्न गृहपतिको घर हो त्यहाँ आयुष्मान् आनन्द जानुभयो । त्यहाँ पुगेपछि बिच्छाइराखेको आसनमा बस्नुभयो । बस्नुभएपछि आयुष्मान् आनन्दले मानदिन्न गृहपतिसँग यस्तो भन्नुभयो—

"गृहपति ! तिमीलाई क्षमनीय र यापनीय छ ? दुःख वेदना घटेर जान्छ कि बढेर आउँछ ? घटेर गएको देखिन्छ कि बढेर आएको देखिन्छ ?"

"भन्ते ! मलाई क्षमनीय र यापनीय छैन । मेरो दुःख वेदना बढेकै छ र घटेको छैन । बढेकै देखिन्छ र घटेको देखिदैन । भन्ते ! यसरी दुःख वेदनाले पीडित भएर पनि यो लोकबाट (=यो शरीरबाट) अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्तयुक्त भई, ज्ञानवान् तथा स्मृतिमान् भई कायमा कायानुपश्यी भई म विहार गर्छु ।...वेदनामा वेदनानुपश्यी भई...चित्तमा चित्तानुपश्यी भई... तथा धर्ममा धर्मानुपश्यी भई म विहार गर्छु । भन्ते ! भगवान्ले जुन पाँच अधोभागीय संयोजन-

हरू[1] बताउनु भएको छ, भन्ते ! ती मध्ये कुनै पनि संयोजन ममा प्रहीण नभएको म देख्दिन ।"

"गृहपति ! तिम्रोनिमित्त लाभ हो, गृहपति ! तिम्रोनिमित्त सुलाभ हो !! गृहपति ! तिमीले अनागामी फलको व्याकरण गऱ्यौ ।"

---

१. पाँच अधोभागीय संयोजनहरू भनेका यी हुन्—(१) सत्कायदृष्टि-संयोजन, (२) विचिकित्सासंयोजन, (३) शीलव्रतपरामर्शसंयोजन, (४) कामच्छन्दसंयोजन र (५) व्यापादसंयोजन । विभं. पा. पृ. ४५२: पञ्चकमातिकानिद्देसो, खुद्दकवत्थुविभङ्गो; सं. नि. IV. पृ. ५९: ओरम्भागियसुत्तं, मग्गसंयुत्तं ।

११. मेण्डक गृहपति

प रि च य

अङ्गुत्तरापमा चारिका गर्दा—मेण्डक श्रेष्ठी र उनकी भार्या चन्दपदुमा, (=चन्द्रपद्मा) उनको पुत्र धनञ्जय श्रेष्ठी र बुहारी सुमना देवी, नातिनी विशाखा तथा नोकर पुण्ण (=पूर्ण) सहित ६ जनाको स्रोतापत्तिफल प्राप्त हुने उपनिश्रय सम्पत्ति देखनुभई भगवान्-बुद्ध भद्दिय[1] (=भद्रीय) नगरमा जानुभयो र त्यहाँ जातियवनमा बस्नुभयो। अनि मेण्डक श्रेष्ठीले भगवान बुद्ध आउनु भएको खबर सुने[2]।

किन यिनलाई मेण्डक श्रेष्ठी भनिएको हो ?

---

१. यो भद्दिय नगर अङ्गदेशमा पर्छ। धम्म. प. अ. क. पृ. १९०: विसाखायवत्थु, पुप्फवग्गो; अं. नि. अ. क. I. पृ. २१९: विसाखा अथवा हेर्नू बु. म. भा-१, पृ. २० मा।

२. धम्म. प. अ. क. पृ. ५०८: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

यिनको घरपछाडि करीब आठ करीस[1] प्रमाण ठाउँमा हात्ती, घोडा तथा गोरु जत्रा सुवर्ण भेडाहरू एक अर्कालाई घँचेड्दै पृथ्वीबाट निस्केका थिए। उनीहरूको मुखमा पञ्चरङ्गी धागाका डल्लाहरू थिए। घिउ, तेल, मधु तथा गुँद चाहिँदा अथवा वस्त्र र हिरण्यहरू चाहिँदा उनीहरूको मुखबाट धागोका डल्ला झिकिदिन्थे। अनि एउटा भेडाको मुखबाट निस्कने घिउ, तेल, मधु, गुँद तथा वस्त्र हिरण्यहरूबाट नै सारा जम्बुद्वीपका मानिसहरूलाई पुग्दथ्यो। त्यहाँदेखि यिनलाई 'मेण्डक श्रेष्ठी' भनिएको हो भनी धम्मपदट्ठकथाले[2] उल्लेख गरेको छ।

अतीत कथा

यिनको पूर्वकर्म के हो त ?

विपश्वी[1] बुद्धको पालामा यी **मेण्डक श्रेष्ठी अवरोज** भन्ने कुटुम्बिकको भान्जा थिए। यिनको नाम पनि मामाको नाम जस्तै अवरोज नै थियो। एकदिन यिनका मामाले शास्ताकोनिमित्त गन्धकुटी

---

१. ४ अम्मणको १ करीस हुन्छ। अभि. धा. प. गा. नं. १९७, यो एक जमीन नाप्ने एक नापो विशेष हो। अथवा करीस प्रमाण जतिको धानको बिउ रोप्न सक्ने ठाउँको प्रमाण हो।

२. पृ. ५०८: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

३. विपश्वी बुद्ध भनेको दीपङ्कर बुद्धदेखि लिएर उन्नइसौं बुद्ध हुन्। बु. वं. पा. पृ. ३६३.

बनाउनथाले । त्यसबेला यिनी उनकहाँ गई "मामा ! हामी दुबैजना मिली गन्धकुटी बनाऔं" भनी निवेदन गरे । मामा चाहिंले "म एकलैले असाधारण रूपले बनाउने छु" भनी भने । यो सुनेर भाञ्जा चाहिंले "यदि यहाँ गन्धकुटी बनाइन्छ भने यहाँनिर 'कुञ्जर शाला' नामक एक भव्य शाला बनाउनु उचित हुनेछ" भन्ने सोची जङ्गलमा गई काठका सामानहरू ल्याए र एउटा स्तम्भमा सुन, एउटा स्तम्भमा चाँदी र एउटा स्तम्भमा मणि जडो शालाका जम्मै स्तम्भहरू, छानाका काठहरू तथा दैला र झ्यालहरूमा समेत अनेक प्रकारका सुन चाँदी रत्नहरू जडी गन्धकुटीको अगाडितिर तथागतकोनिमित्त सप्तरत्नहरू जडित 'कुञ्जर शाला' नामक एक भव्य शाला तयार पारे । शालाको छानामाथि गोलाकार स्तूप जस्तै बनाई त्यसमाथि मूगाको गजुर हाले ।

अनि त्यस शालाको मध्यभागमा रत्नमय मण्डप बनाई त्यसमाथि धर्मासन (=सिंहासन) राखे । त्यसका खुट्टाहरू रत्नमय थिए । त्यस्तै गरी चारैतिरको अडेस पनि । चारओटा सुवर्णमय भेडाका रूपहरू बनाई त्यसमाथि धर्मासनका खुट्टाहरूले टेकाएका थिए । दुइओटा सुवर्णमय भेडाका रूपहरू बनाई त्यसमाथि खुट्टा राख्ने पीरा राखे । ६ ओटा सुवर्णमय भेडाहरू बनाई मण्डप वरिपरि राखे । धर्मासनमा चाहिं पहिले धागोको डोरीले बुन्न लगाई त्यसपछि माझमा सुवर्णको डोरीले बुन्न लगाई त्यसमाथि रेशमको पट्टीले बुन्न लगाएका थिए । अनि त्यसमाथि चन्दनको आसन राखे । यसरी 'कुञ्जर शाला' को काम सिध्याइसकेपछि शालाको उद्घाटन महोत्सव गर्दा अठसट्ठी हजार (६८,०००) भिक्षु-सङ्घका साथ शास्तालाई निम्त्याई चार महीनासम्म दान दिई अन्तिम

दिनमा त्रिचीवरहरू प्रदान गरे। त्यसमध्ये सबभन्दा नवक भिक्षुलाई एकहजार जाने चीवर प्राप्त भएको थियो।

यसरी विपश्वी बुद्धको पालामा पुण्यकर्महरू गरी त्यहांबाट च्युत भई देवमनुष्य लोकहरूमा विचरण गर्दै यस कल्पमा वाराणशीको एक महाधनी कुलमा जन्मलिई वाराणशी श्रेष्ठीको नामले प्रसिद्ध भए[१]।

एकदिन उनी राजाको उपस्थानमा गइरहेको बेलामा बाटामा उनले एक जोतीषलाई भेटे। अनि उनले उनीसँग "आचार्य! एकछिन बसी नक्षत्र हेर्नुहोस्" भनी भने। उनले पनि विचार गरे। अनि उनले "एक भय आउनेछ" भनी भने।

"आचार्य! कस्तो भय आउने छ?"

"श्रेष्ठी! दुर्भिक्ष भय।"

"कहिले आउँछ त?"

"आजको तीनवर्ष पछि।"

यति कुरा सुनेपछि श्रेष्ठीले तीव्ररूपले खेती गरे। घरमा भएको धनद्वारा अन्न खरीद गरे। साँढे बाह्रशय भकारीहरू बनाउन लगाई त्यसमा धान भरे। भकारीमा न अटेका धानहरू भाँडाहरूमा राखेर बाँकी रहेका धानहरू जमिनमनि खाडल खनी राखे। त्यसबाट पनि बचेका धानहरू माटामा मिलाई लिउन् बनाई भित्तामा प्लाष्टर गरे।

१. धम्म. प. अ. क. पृ. ५०८: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

पछि दुर्भिक्ष भएको बेलामा त्यस त्यस ठाउँहरूमा राखेका धानहरू झिक्दै खाँदै गर्दा भाँडाहरूमा राखेका धानहरू पनि क्रमशः सिद्धिँदै गए । अनि उनले परिजनलाई बोलाई यस्तो भने—

"तातहो ! तिमीहरू पाहाडतिर गई जीविका गर । सुभिक्ष हुने बेलामा फर्केर आउन चाहनेहरू फर्केर आओ र नचाहनेहरू उहीं बसी जीविका गर ।"

उनीहरूले त्यस्तै गरे । उनको साथमा सेवाटहल गर्ने पूर्ण भन्ने एक नोकर सहित पाँचजना मात्र बाँकी रहे । आफू आफ्नी भार्या, पुत्र, बुहारी र नोकर । जमिनमनि गाडिराखेको धानहरू पनि सिद्धिएपछि भित्ताबाट लिउन् खुर्केर लिई त्यसलाई पानीमा भिजाउँदा पाएका धानहरूद्वारा जीविका गर्न थाले । भित्ताका धानहरू पनि सिद्धिएपछि एकदिन उनकी भार्याले भित्ताको तल तलको माटो खुर्की त्यसलाई पानीमा भिजाउँदा आधा आल्हक मात्र जति धान पाई त्यसलाई कुट्दा प्राप्त भएको एक कुरुवा जति चामललाई 'चोरहरूले चोरेर लैजालान्' भनी एउटा भाँडोमा राखी जमिनमनि लुकाइराखिन्[१] ।

एकदिन राजोपस्थानबाट फर्केका श्रेष्ठीले भने—"हे भद्रे ! सारै भोक लागेको छ, खानेकुरा केही छ के ?" भनी सोधे । अनि उनकी भार्याले 'छैन' नभनी "एक कुरुवा जति चामल छ" भनी भनिन् । "कहाँ छ त ?" भनी सोध्दा "चोरको डरले भुइमा गाडि राखेकीछु"

---

१. धम्म. प. अ. क. पृ. ५०९: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

भनी भनिन्। "त्यसोभए त्यसलाई झिकी पकाऊ" भनी भने। "स्वामि! यदि यागु पकाएको खण्डमा दुइपटकलाई पुग्ने छ र भात पकाएमा एकपटकलाई मात्र पुग्नेछ। अतः के गरुँ?" भनी सोधिन्। "ह्रामीहरूको अरू कुनै उपाय छैन। अब भात खाएर नै मर्नेछौं। अतः भात नै पकाऊ।" यति कुरा सुनेर उनले भात पकाई पाँच भागलगाई श्रेष्ठीको भाग अगाडि राखिदिइन्।

त्यसबखत गन्धमादान पर्वतवासी एक प्रत्येक बुद्ध समापत्तिबाट उठ्नुभयो। समापत्तिमा बसिरहँदा समापत्तिले बल गर्दा भोकले बाधा गर्दैन। समापत्तिबाट उठ्नेहरूलाई चाहिं भोकको कारणद्वारा पेट पोलेको जस्तो हुन्छ र वहाँहरू भोजन लाभ हुने ठाउँ हेरेर भिक्षाटन् जानुहुन्छ। त्यसदिन दानदिनेलाई यदि प्रार्थना गरेमा सेनापति आदि स्थानहरूमध्ये कुनै सम्पत्ति पनि प्राप्त हुन सक्छ। अतः वहाँले पनि त्यस दिन कसले दान दिन सक्ला भन्ने विषयमा विचार गरी हेर्नु हुँदा सारा जम्बुद्वीपमा दुर्भिक्ष भइरहेको र ती श्रेष्ठीको घरमा पाँच जनाकोनिमित्त एक कुरुवा जति भात पकाइरहेको पनि देख्नुभयो। अनि वहाँले उनी श्रद्धालु छन् कि छैनन् भन्ने र आफूलाई भोजनद्वारा संग्रह गर्न सक्छन् वा सक्दैनन् भन्ने विषयतिर पनि दृष्टिपात गर्नुभयो। अनि वहाँले उनी श्रद्धालु भएको र आफूलाई भोजनद्वारा संग्रह गर्न सक्ने कुरा पनि थाहा पाउनु भई पात्र चीवर ग्रहण गरी महाश्रेष्ठीको घरको दैलो अगाडि उभिइरहेको दृश्यलाई देखाउनु भयो[1]।

---

१. धम्म. प. अ. क. पृ. ५०९-१०: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

अनि आफ्नो घरको दैलो अगाडि प्रत्येक बुद्धलाई देख्नेबित्तिकै श्रेष्ठी सारै प्रसन्न भई "अघि दान नदिएको कारणले गर्दा आज यस्तो दुर्भिक्ष हेर्नुपर्‍यो। यो भातले मलाई एकदिन रक्षा गर्न सक्ला। आर्यलाई दिएको दानले चाहिं अनेक कल्पकोटीसम्म मलाई हितसुख ल्याइदिन सक्ने छ।" यति सोचेर आफ्नो भातको थाली परसारी प्रत्येक बुद्धकहाँ गई पञ्चाङ्ग प्रतिष्ठितद्वारा वन्दना गरी वहाँलाई घरमा भित्र्याई आसनमा बसाली वहाँको खुट्टा धोई सुवर्णमय पीरामा खुट्टा राख्न लगाए। अनि आफ्नो थालीको भात वहाँको पात्रमा राखिदिए। थालीको भात आधा राख्दा प्रत्येक बुद्धले हातले पात्र ढाक्नु भयो। अनि श्रेष्ठीले "भन्ते! पाँचजनाकोनिमित्त पकाएको एक कुरुवा जतिको भातको पाँच भागको यो एक भाग हो। यसलाई दुई भाग गर्न सकिन्न। भन्ते! मलाई यस लोकको संग्रह नगर्नु होस्। यो भात सबै प्रदान गर्न चाहन्छु" भनी सबै भात वहाँको पात्रमा खन्याइदिए। यसरी भोजन प्रदान गरी उनले यस्तो प्रार्थना गरे—

प्रार्थना

"भन्ते! भविष्यमा जहाँ जहाँ जन्मिने छु त्यस त्यस ठाउँमा यसरी दुर्भिक्ष देख्न नपरोस्। अब उप्रान्त समस्त जम्बुद्वीपवासीहरूलाई पुग्ने गरी अन्न दिन सकूँ। आफ्नै हातले काम गरी जीवन बिताउन नपरोस्। साँढे बाह्रशय भकारीहरू सफा गरी शीर नुहाई त्यसको दैलोमा बसी माथितिर हेर्ने बित्तिकै रातो धान झरेर भकारी भरियोस्।

जहाँ जहाँ जन्मिन्छु त्यस त्यस ठाउँमा यिनै भार्या, यिनै पुत्र, यिनै बुहारी तथा यिनै नोकर (साथमा) होउन् ।"

उनकी भार्याले पनि—"मेरा स्वामी भोकले पीडित भई बसेको बेलामा मैले खाना खान सक्दिन" भन्ने सोचेर आफ्नो भात प्रत्येक बुद्धलाई प्रदान गरी यसरी प्रार्थना गरिन्—

"भन्ते ! अब उप्रान्त जहाँ जहाँ जन्म लिनेछु त्यस त्यस ठाउँमा यसरी दुर्भिक्ष हेर्न नपरोस् । भातको भाँडोलाई अगाडि राखी सारा जम्बुद्वीपका मानिसहरूलाई भात दिंदा पनि बसेको ठाउँबाट नउठुञ्जेल-सम्म मैले लिएको भाँडोमा भात नसकियोस् । यिनै स्वामी, यिनै पुत्र, यिनै बुहारी र यिनै नोकर (साथमा) होउन् ।"

उनको पुत्रले पनि आफ्नो भाग भात प्रत्येक बुद्धलाई प्रदान गरी यसरी प्रार्थना गरे—

"अबदेखि यस्तो दुर्भिक्ष हेर्न नपरोस् । हजार रूपैयाँको एउटा थैली लिएर समस्त जम्बुद्वीपवासी मानिसहरूलाई रूपैयाँ दिएर पनि त्यो मेरो थैली भरिइ नै रहोस । यी मेरा माता पिता नै माता पिता होउन्, यिनै मेरी भार्या होउन् र यिनै मेरा नोकर होउन् ।"

बुहारीले पनि आफ्नो भाग भात प्रत्येक बुद्धलाई प्रदान गरी यसरी प्रार्थना गरिन् —

"अबदेखि यस्तो दुर्भिक्ष हेर्न नपरोस् । अन्न भरिएको एउटा डालो अगाडि राखी समस्त जम्बुद्वीपका मानिसहरूलाई दिंदा पनि डालोमा अन्न नसिद्धियोस् ।"

नोकरले पनि आफ्नो भाग भात प्रत्येक बुद्धलाई चढाई यस्तो प्रार्थना गऱ्यो —

"अबदेखि यस्तो दुर्भिक्ष हेर्न नपरोस् । खेत जोत्दा एकै जोताइ-बाट दायाँबाट तीनवटा र बायाँबाट तीनवटा तथा माझबाट एकवटा गरी जम्मा सातवटा जोताइ बराबर होस् ।"

यदि उसले त्यस दिन सेनापति वा अरू कुनै सम्पत्ति प्रार्थना गरेको भए सो सिद्ध हुने थियो । तर मालिक प्रतिको स्नेहको कारणले गर्दा "यिनीहरू नै मेरा मालिकहरू होउन्" भनी प्रार्थना गऱ्यो ।

सबैको प्रार्थना सिद्धिएपछि प्रत्येक बुद्धले "त्यस्तै होस्" भनी आशिर्वाद दिनु भई प्रत्येक बुद्ध गाथाद्वारा अनुमोदन गरी "यिनीहरूलाई मैले पनि चित्त प्रसन्न पार्नुपर्छ" भन्ने सोची "गन्धमादान पर्वतसम्म यिनीहरूले मलाई देखनसकुन्" भनी अधिष्ठान गरी फर्केर जानुभयो । उनीहरू पनि प्रत्येक बुद्ध जानु भएको बाटो हेरेरै बसिरहे । अनि गन्धमादान पर्वतमा पुगेपछि प्रत्येक बुद्धले त्यो भोजन अरू पाँचशय प्रत्येक बुद्धहरूलाई बाँडिदिनुभयो । वहाँको प्रभावद्वारा त्यो भोजनले सबैलाई पुगेको थियो । उनीहरू पनि यी सबै हेरेरै बसिरहे[१] ।

अनि मध्यान्ह समय बितिसकेपछि श्रेष्ठीकी भार्याले भाँडो माझी छोपेर राखिन् । श्रेष्ठ पनि भोकले चूर भई लेटेर निदाए । अनि संध्या समयमा बिउँझेपछि उनले भार्यासँग भने—"सारै भोक लाग्यो भाँडोमा

१. धम्म. प. अ. क. पृ. ५१०–११: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

डढेर बचेको केही भात छ कि ?" भनी सोधे। आफूले भाँडो माझेर राखेको भए तापनि "छैन" नभनी "भाँडोमा हेरेर भन्नेछु" भनी उनी भान्सा खण्डमा गई भाँडो उघारेर हेरिन्। त्यसबखत अति सुगन्धित भातले भरिएको भाँडोको बिर्को उघारिन्। यो देखेर हर्षले गद्गद् भई उनले स्वामीलाई भनिन्—"भो स्वामी ! उठ्नु होस्। मैले भाँडो माझेर राखेको थिएँ। तर त्यो भाँडो अति सुगन्धित भातले भरिएको छ। पुण्य भनेको गर्नु नै पर्दो रहेछ। दान भनेको दिनु नै पर्दो रहेछ। स्वामी ! उठ्नु होस्, भात खानु होस्।" यति भनी उनले बाबु छोरा दुवैलाई भात पस्किन्। उनीहरूले खाइसकेपछि सुतेर उठेकी बुहारीसँग बसी भात खाई नोकर पूर्णलाई पनि भात दिइन्। भाँडोबाट पस्केको ठाउँबाट भात घट्दैनथ्यो। पन्यौले पस्केको ठाउँमा भात भरिएर नै आउँथ्यो। सोही दिनमै भकारी आदि ठाउँहरूमा पनि अघि राखे जस्तै जम्मैमा अन्न भरिएर आयो। अनि "श्रेष्ठीको घरमा अन्न उत्पन्न भयो, अन्न चाहनेहरू आएर अन्न लिएर जाऊन्" भनी घोषणा गराइदिए। मानिसहरूले उनको घरबाट अन्नहरू लिएर गए। जम्बुद्वीपवासी सबैले त्यस घरबाट पाएको अन्नबाट नयाँ जीवन पाए। अनि त्यहाँबाट च्युत भई उनी देवलोकमा उत्पन्न भए[1]।

वर्तमान कथा

त्यसपछि देवलोक र मनुष्यलोकमा विचरण गर्दा गर्दै हाल बुद्ध

१. धम्म. प. अ. क. पृ. ५११: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

उत्पन्न भएको बेलामा उनी अङ्गदेशको भद्दिय (=भद्रीय) नगरको एक श्रेष्ठी कुलमा उत्पन्न भए। उनकी भार्या पनि महाभोगसम्पत्ति भएको कुलमा उत्पन्न भई बँश पुगेपछि श्रेष्ठिसँग विवाह भयो। पहिलेका पुत्र पनि उनकै पुत्र भए। बुहारी पनि उनकै बुहारी भइन्। नोकर पनि उनकै नोकर भयो। उनको पूर्व कर्मको प्रभावद्वारा उनको घरपछाडि माथि उल्लेख गरे जस्तै भेडाहरू निस्केर आए।

अनि एकदिन आफ्नो पुण्य-प्रभावको परीक्षा गर्ने विचार गरी यिनले साँढे बाह्रशय (१२५०) भकारीहरू सफापारी शीर नुहाई दैलोमा बसी माथितिर हेरे। त्यतिखेरै तल सूत्रमा उल्लेख भए अनुसार राता धानहरू ओइरिई भकारीहरू सबै भरिए। त्यसपछि अरू बाँकी परिवारहरूको पुण्य-प्रभाव पनि परीक्षा गर्ने इच्छा गरी उनले भार्या पुत्रादिहरूलाई पनि "तिमीहरूको पुण्य-प्रभावको परीक्षा गर" भनी भने। अनि उनकी भार्या सर्वाभरणले अलंकृत भई सबैले हेर्दाहेर्दै चामल भरी भात पकाउन लगाई कोठाको दैलोमा लगाएको आसनमा बसी सुनको पन्यौं हातमा लिई "भात चाहनेहरू आऊन्" भनी घोषणा गराउन लगाई आए-आएका मानिसहरूको भाँडामा भरी भरी भात राखिदिन्थिन्। यसरी दिनभरी भात दिंदा पनि भाँडाको भात सिद्धिदैनथ्यो र बरु पन्यौले पस्केको ठाउँमा भात भरिएर नै आउँथ्यो। यसभन्दा अघिका बुद्धहरूलाई र भिक्षुसङ्घलाई देब्रे हातले भातको भाँडो लिई दाहिने हातले पन्यौ लिई पात्र भरी भरी भात दिएकी हुनाले उनको देब्रे हातमा पद्मको चिन्ह र दाहिने हातमा चन्द्रमाको चिन्ह देखिन्थ्यो। उनले अघि देब्रे हातले पानीको भाँडा लिई पानी छानी यताउति हिंडी

भिक्षुहरूलाई पानी दिएकी थिइन् । त्यसैले उनको दाहिने पैंतालामा चन्द्रमाको र देब्रे पैंतालामा पद्मचिन्ह देखिएको थियो । यसै कारणले गर्दा उनको नाम 'चन्द्रपद्म' (चन्दपदुमा) भन्ने रहन गएको हो । उनको पुत्रले पनि शीर नुहाई एकहजार रूपैंयाँको थैली लिई 'रूपैंयाँ चाहनेहरू आऊन्' भनी आए-आएका मानिसहरूको भाँडाहरूमा भरी भरी रूपैंयाँ हालिदिन्थे । त्यो थैलीमा हजारको हजारै रूपैंयाँ रहेको थियो । उनकी बुहारी पनि सबै आभरणहरूले अलंकृत भई धानको डालो लिई खुला आँगनमा बसी 'अन्न चाहनेहरू आऊन्' भनी आए-आएकाका मानिसहरूका भाँडाहरूमा भरी भरी धान राखिदिन्थिन् । तर डालोमा जस्ताको तस्तै धान रहन्थ्यो । नोकर पनि सबै अलंकारले अलंकृत भई सुवर्णको जुवामा सुवर्णको डोरीले गोरुहरू बाँधी सुवर्णको छडी लिई दुवै गोरुहरूलाई पाँच सुगन्धको पाँच औंलाको टीका लगाई (गन्धपञ्चङ्गुलिकानि दत्वा) सिङहरूमा सुवर्णको खोल हाली खेतमा गई हलो जोत्थ्यो । अनि एक हलोको जोताइबाट दायाँ र बायाँ तीन तीनवटा र माझमा एक गरी जम्मा सातवटा हलोको जोताइ भएर जान्थ्यो[१] । यसो हुन सक्नाको खास कारण यी सबैका पुण्यमय ऋद्धिको प्रभावले हो भनी पटिसम्भिदामग्गले[२], बिसुद्धिमग्गले[३] तथा बुद्धवंसट्ठकथाले[४] उल्लेख गरेका छन् ।

१. धम्म. प. अ. क. पृ. ५११–१२: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

२. पृ. ४७६: दसइद्धिनिद्देसो, अ. क. पृ. ५०४.

३. पृ. २८५: इद्धिविधनिद्देसो–१२.

४. पृ. २४: निदानवण्णना ।

जम्बुद्वीपका मानिसहरूले यी श्रेष्ठीकहाँबाट धान्य वा हिरण्यादि-मध्येबाट जे चाहन्थे ती सबै लैजान्थे । यसरी यी श्रेष्ठी महानुभाव सम्पन्न थिए भनी धम्मपदट्ठकथाले[1] उल्लेख गरेको छ ।

मेण्डकको मार्गफल लाभ

बिम्बिसारको राज्यमा यी मेण्डक श्रेष्ठी जस्ता अमृतभोगी कुबेरपतिहरू अरू पनि थिए भन्ने कुरा धम्मपदट्ठकथा[2] र अङ्गुत्तरट्ठकथामा[3] समुल्लेख भएका छन् । यिनीहरूमध्ये यी मेण्डक श्रेष्ठी सर्वश्रेष्ठ थिए[4] ।

यी मेण्डक गृहपतिका धनञ्जय भन्ने एक पुत्र र विशाखा भन्ने एक नातिनी थिए भन्ने कुरा माथि नै उल्लेख गरिसकेको छ ।

---

१. पृ. ५१२: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

२. पृ. १९१: विसाखायवत्थु, पुप्फवग्गो अथवा बु. रा. भा–१, पृ. ११ मा हेर्नू ।

३. I. पृ. २२०: विसाखा मिगारमाता, एककनिपातवण्णना अथवा बु. रा. भा–१, पृ. ११ मा हेर्नू ।

४. धम्म. प. अ. क. पृ. १९०: विसाखायवत्थु, पुप्फवग्गो; अं. नि. अ. क. I. पृ. २१९: विसाखामिगारमाता, एककनिपातवण्णना अथवा बु. म. भा–१, पृ. २० मा हेर्नू ।

भगवान् बुद्ध भद्दिय नगरमा आइपुग्नु भएको खबर सुनेर मेण्डक गृहपतिले ७ वर्षीया नातिनी विशाखालाई उनका ५०० दासीहरूका साथ बुद्धकहाँ पठाएका थिए। बुद्धसँगको प्रथम दर्शनभेटमै विशाखाले स्रोतापत्तिफल प्राप्त गरेकी थिइन्[1]।

त्यसपछि मेण्डक गृहपति पनि भगवान् बसिरहनु भएको भद्दिय नगरको जातियवनमा गएका थिए। त्यसैले अगाडि अनुदित मूल पालिमा "अनि मेण्डक गृहपति असल असल यानमा बसी असल असल यानहरूबाट भगवान्को दर्शनार्थ भद्दियबाट निस्के" भनी उल्लेख भएको हो।

यसरी गइरहेको बेलामा बाटामा आइरहेका केही तीर्थीयहरूले देखेर उनलाई "कहाँ जाँदै छौ?" भनी सोध्दा उनले "बुद्धकहाँ" भनी भन्दा उनीहरूले बुद्धलाई 'अक्रियावादी' भन्ने लाञ्छना लगाई गृहपति त्यहाँ गइरहेकोमा ईर्ष्या गरेका थिए। यो कुरा सुनेर गृहपतिको मनमा बुद्ध प्रति झन् बढी श्रद्धा उत्पन्न भएको कुरा अगाडिको अनुदित मूल पालिबाट बुझिन्छ।

धम्मपदट्ठकथाले[2] त उनलाई त्यहाँ जानेबाट रोकेका थिए भन्ने कुरा पनि उल्लेख गरेको छ। तैपनि उनी बुद्धकहाँ गइ नै हाले। गएर भगवान्लाई वन्दना गरी एक छेउमा बसेका मेण्डक गृहपतिलाई

---

१. बु. म. भा–१; पृ. २०–२१.

२. पृ. ५१२: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो।

भगवान्‌ले आनुपूर्विकथा सुनाउनु भयो । जुन कुरा सुनेर उनले स्रोतापत्ति-फल प्राप्त गरे[१]। त्यसैले अगाडिको मूल पालिमा "...दृष्टधर्मी, प्राप्तधर्मी ..." भन्ने आदि लेखिएको हो । त्यसपछि उनले भगवान्‌लाई आफू बाटामा आइरहेको बेलामा केही अन्यतीर्थीयहरूले भनेका कुरा सुनाए-पछि भगवान्‌ले उनलाई यस प्रसंगमा धम्मपदको "सुदस्सं वज्जं अञ्ञेसं, अत्तनोपन दुद्दसं[२]..." अर्थात् अर्काको दोष देख्न सजिलो छ तर आफ्नो दोष देख्न भने गाह्रो छ भन्ने गाथा सुनाउनु भयो । यो उपदेश सुनेर धेरै मानिसहरूले स्रोतापत्तिफल प्राप्त गरे[३] ।

यसपछि मेण्डक गृहपतिले आजीवन बुद्धको शरण लिई उपासकत्व ग्रहण गरी भोलिकोनिमित्त भगवान्‌लाई निम्तो गरी फर्केर गए । भोलिपल्ट उनको घरमा गई भोजन सिद्धिएपछि भगवान्‌ले उनका सबै परिवारहरूलाई उपदेश गर्नुभयो । उपदेशको अन्त्यमा मेण्डककी भार्या, पुत्र, बुहारी तथा नोकर सहित चारै जनाले स्रोता-पत्तिफल साक्षात्कार गरे भन्ने कुरा अगाडि अनुदित मूल पालिमा पनि उल्लेख भएको पाइन्छ ।

त्यसपछि मेण्डक गृहपतिले भगवान्‌संग भद्दिय नगरमा बसुञ्जेलसम्म नित्य भोजन स्वीकार गर्न प्रार्थना गरे । यस विषयमा

---

१. धम्म. प. अ. क. पृ. ५१२: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

२. धम्म. प. पा. मलवग्गो, गा. नं. २५२.

३. धम्म. प. अ. क. पृ ५१२: मेण्डकसेट्ठिस्सवत्थु, मलवग्गो ।

मनोरथपूरणीले[1] २ हप्तासम्म उनले भगवान्लाई नित्य भोजन गराए भनी उल्लेख गरेको छ। तर धम्मपदट्ठकथाले[2] चाहिं ८ महिनासम्म नित्य भोजन गराए भनी उल्लेख गरेको छ।

त्यसपछि भद्दिय नगरमा इच्छानुसार बस्नु भई भगवान् बुद्ध अङ्गुत्तरापकोनिमित्त चारिकार्थ जानुभयो। जब मेण्डक गृहपतिले भगवान् अङ्गुत्तरापकोनिमित्त भद्दिय नगरबाट चारिकार्थ जानुभयो भन्ने कुरा सुने तब उनी साँढे बाह्रशय गाईहरू सहित अनेक खाद्य पदार्थ गाडामा लिई जहाँ भगवान् भेटिनु हुनेछ त्यहाँ भगवान्लाई तातो दूधले स्वागत गर्नेछु भनी गए। जुन कुरा अगाडि अनुदित मूल पालिमा पनि समुल्लेख भएको छ। अनि उनले भगवान्लाई बाटाको एक कान्तारमा भेटे। त्यसपछि उनले भगवान् सहित भिक्षुसङ्घलाई भोजन सहित एक एक भिक्षुलाई एक एक गाईको दूध दुहाउन लगाई सम्मान गरे। यसै बखत उनले भगवान्सँग कान्तारको बाटो लागेर जाने भिक्षुहरूले बाटो खर्च (पाथेय्यं) लिएर जानहुने अनुमति दिनुभए बेश हुने थियो भनी प्रार्थना गरे। यसै प्रसंगमा भगवान्ले भिक्षुहरूलाई पञ्चगोरस स्वीकार गर्ने र बाटो खर्च लिएर जाने कुराको अनुमति प्रदान गर्नुभयो। जुन कुरा अगाडि अनुदित मूल पालिमा समुल्लेख भएको छ। यो शिक्षापद अर्थात् नियमलाई समन्तपासादिकाले[3]

---

१. I. पृ. २२०: विसाखा मिगारमाता, एककनिपातवण्णना।

२. पृ. १९१: विसाखायवत्थु, पुप्फवग्गो।

३. II. पृ. ६८३: दसमनिस्सग्गियं।

'मेण्डक शिक्षापद' भनी संज्ञा दिएको छ । अरू कुराहरू अगाडिको मूल पालिमै प्रष्टसँग उल्लेख भएका छन् ।

मेण्डक भन्ने नामहरू मध्येमा जातक पालिमा[1] 'मेण्डकपञ्ह-जातकं' पाइन्छ । त्यसको अर्थकथामा चाहिं यस सम्बन्धका कुराहरू जम्मै उम्मग्गजातक[2] को 'मेण्डकपञ्हो' मा उल्लेख भएको छ भनी उल्लेख भएको छ ।

× × ×

१. जा. पा. I. पृ. २४४, नं. ४७१.

२. जा. अ. क. VII. पृ. ३१५, नं. ५४६.

मूल पालि—

१—मेण्डक गृहपतिको ऋद्धि-प्रभाव

त्यस समय भद्दिय[1] (= भद्रीय) नगरमा मेण्डक गृहपति बस्दथे[2]। उनको यस्तो ऋद्धि-प्रभाव[3] छ—उनी शीर नुहाई धान्यागार (=धान राख्ने कोठा) बढार्न लगाई दैलो बाहिर बस्दा आकाशबाट धानको धारा वैरी धान्यागार भरिन्छ। उनकी भार्यासँग यस्तो ऋद्धि-प्रभाव छ—एक आल्हकको[4] भात र एकै सूपव्यञ्जन लिएर बसी दाश-कामदार पुरुषहरूलाई पस्कन्छिन्। उनी न उठुञ्जेलसम्म त्यो सिद्धिन्न उनको पुत्रको यस्तो ऋद्धि-प्रभाव छ एक हजारको थैलो

---

१. यो भद्दिय नगर अङ्गदेशको एक नगर हो। मनो. र. पू. I. पृ. २१९: विसाखा, एककनिपात।

२. महा. व. पा. पृ. २५४: मेण्डकगहपतिवत्थु, चम्पेय्यक्खन्धकं।

३. ऋद्धि भनेको कुनै कार्य सिद्ध गर्ने साधन हो। अलौकिक सिद्धि पनि हो। यी दशप्रकारका छन्। हेर्नू बु. गृ. भा—२, पृ. २६१ मा।

४. 'अल्हिक' को अर्थ दिंदै सुत्त. नि. अ. क. पृ. ३१५: कोकालिकसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ।

लिएर बसी दाश-कामदार पुरुषहरूलाई ६ महीनाको तलब दिन्छन् । उनको हातमा थैलो छुउञ्जेलसम्म रूपैयाँ सकिन्न । उनकी बुहारीको यस्तो ऋद्धि-प्रभाव छ—चार द्रोणी जति अट्ने एउटा डालो लिई बसी दाश-कामदार पुरुषहरूलाई ६ महीनाको भात (=चामल वा धान) दिन्छिन् । उनी न उठुञ्जेलसम्म डालोको (चामल वा धान) सिद्धिन्न । उनको दाशको यस्तो ऋद्धि-प्रभाव छ - एकै हलोको जोताइ जोत्दा सात जोताइ बराबर हुन्छ ।

अनि मगध राजा सेनिय बिम्बिसारले सुने—"हाम्रा राज्यको भद्दिय नगरमा मेण्डक गृहपति बस्दछन् । उनको यस्तो ऋद्धि-प्रभाव छ—उनी शीर नुहाई धान्यागार बढार्न लगाई दैलो बाहिर बस्दा आकाशबाट धानको धारा वैरी धान्यागार भरिन्छ । उनकी भार्यासँग यस्तो ऋद्धि-प्रभाव छ—एक आल्हकको भात र एकै सूप ब्यञ्जन लिएर बसी दाश-कामदार पुरुषहरूलाई पस्कन्छिन् । उनी न उठुञ्जेलसम्म त्यो सिद्धिन्न । उनको पुत्रको यस्तो ऋद्धि-प्रभाव छ—एक हजारको थैलो लिएर बसी दाश-कामदार पुरुषहरूलाई ६ महीनाको तलब दिन्छन् । उनको हातमा थैलो छुउञ्जेलसम्म रूपैयाँ सकिन्न । उनकी बुहारीको यस्तो ऋद्धि-प्रभाव छ—चारद्रोणी जति अट्ने एउटा

"मगध देशको चार पसर कोशल देशको एक पसर हुन्छ । कोशल देशको चार पसरलाई 'आल्हक' भन्दछन् "

अभि. धा. प. गा. नं. ४८२ मा पनि "आल्हको चतुरो पत्थं" भनी उल्लेख भएको पाइन्छ ।

डालो लिई वसी दाश-कामदार पुरुषहरूलाई ६ महीनाको भात (=चामल वा धान) दिन्छिन्। उनी न उठुञ्जेलसम्म डालोको (चामल वा धान) सिद्धिन्न। उनको दाशको यस्तो ऋद्धि-प्रभाव छ—एकै हलोको जोताइ जोत्दा सात जोताइ बराबर हुन्छ।"

अनि मगध राजा सेनिय बिम्बिसारले एक सर्वार्थक महामात्यलाई बोलाई—"हे भणे! हाम्रा राज्यको भद्दिय नगरमा मेण्डक गृहपति बस्दछन्। उनको यस्तो ऋद्धि-प्रभाव छ— ...उनकी भार्याको यस्तो ऋद्धि-प्रभाव छ— ...उनको छोराको यस्तो ऋद्धि-प्रभाव छ— ...उनकी बुहारीको यस्तो ऋद्धि-प्रभाव छ— ...र उनको दाशको यस्तो ऋद्धि-प्रभाव छ—एकै हलोको जोताइ जोत्दा सात जोताइ बराबर हुन्छ। भणे! जाऊ यो कुरा बुझ। तिमीले देखेको मैले नै देखे जस्तै हुनेछ।"

"हवस्, देव!" भनी ती महामात्य मगध राजा सेनिय बिम्बिसारलाई प्रत्युत्तर दिई चतुरङ्गिणी[1] सेनाका साथ जहाँ भद्दिय नगर हो त्यहाँ गए। क्रमशः जहाँ भद्दिय नगर हो जहाँ मेण्डक गृहपति हुन् त्यहाँ गए। त्यहाँ पुगेपछि मेण्डक गृहपतिसँग यस्तो भने—

"हे गृहपति! राजाले मलाई—'हे भणे! हाम्रा राज्यको भद्दिय नगरमा मेण्डक गृहपति बस्दछन्। उनको यस्तो ऋद्धि-प्रभाव

---

१. हात्ती, घोडा, रथ र सिपाही—यी चार अङ्गहरूलाई 'चतुरङ्गिणी' भनिएको हो। अभि. धा. प. गा. नं. ३५९.

छ— ...[१] । अतएव तिमी गएर यो कुरा बुझ । तिमीले देखेको मैले नै देखे जस्तै हुनेछ' भनी मलाई आज्ञा दिनु भएको छ । अतएव हे गृहपति ! तिम्रो ऋद्धि-प्रभाव हेर्न चाहन्छु ।"

अनि शीर नुहाई धान्यागार बढार्न लगाई मेण्डक गृहपति दैलो बाहिर बसे । त्यसबखत आकाशबाट धानको धारा वैरी धान्यागार भरियो । तिम्रो ऋद्धि प्रभाव देखें । अब तिम्री भार्याको ऋद्धि-प्रभाव हेर्न चाहन्छु । अनि मेण्डक गृहपतिले आफ्नी भार्यालाई अह्राए—"त्यसोभए तिमीले चतुरङ्गिणी सेनालाई भात पस्क ।" अनि मेण्डक गृहपतिकी भार्याले एक आल्हकको भात र एकै सूपब्यञ्जन लिई बसी चतुरङ्गिणी सेनालाई भात पस्किन् । उनी न उठुञ्जेलसम्म भात सिद्धिएन । गृहपति ! तिम्री भार्याको ऋद्धि-प्रभाव पनि देखें । अब तिम्रो छोराको ऋद्धि-प्रभाव हेर्न चाहन्छु । अनि मेण्डक गृहपतिले आफ्नो छोरालाई बोलाई भने—"त्यसोभए तिमीले चतुरङ्गिणी सेनालाई ६ महीनाको वेतन देऊ ।" अनि मेण्डक गृहपतिको छोराले एकहजारको थैलो लिएर बसी चतुरङ्गिणी सेनालाई ६ महीनाको वेतन दिए । उनको ह्रातमा थैलो छउञ्जेलसम्म रूपैयाँ सिद्धिएन । हे गृहपति ! तिम्रो छोराको ऋद्धि-प्रभाव पनि देखें । अब तिम्री बुहारीको ऋद्धि-प्रभाव हेर्न चाहन्छु । अनि मेण्डक गृहपतिले आफ्नी बुहारीलाई बोलाई भने—"त्यसोभए तिमीले यी चतुरङ्गिणी सेनालाई ६ महीनाको निम्ति भात

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. २१४ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

(=अन्न) देऊ।" अनि मेण्डक गृहपतिकी बुहारीले चारद्रोणी जति अट्ने एउटा डालो लिई बसी चतुरिङ्गिणी सेनालाई ६ महीनाको लागि भात (=अन्न) दिइन्। उनी न उठुञ्जेलसम्म डालाको (अन्न) सिद्धिएन। हे गृहपति! तिम्री बुहारीको ऋद्धि-प्रभाव पनि देखें। अब तिम्रो दाशको ऋद्धि-प्रभाव हेर्न चाहन्छु। स्वामी! मेरो दाशको ऋद्धि-प्रभाव खेतमा गई हेर्नुपर्छ। गृहपति! भइहाल्यो तिम्रो दाशको ऋद्धि-प्रभाव पनि देखें। अनि सो महामात्य चतुरङ्गिणी सेनाका साथ पुनः राजगृहमा फर्केर गए। अनि जहाँ मगध राजा सेनिय बिम्बिसार थिए त्यहाँ गए। त्यहाँ पुगेपछि मगध राजा सेनिय बिम्बिसारलाई जम्मै कुरा सुनाए।

मेण्डक गृहपतिको उपासकत्व ग्रहण

अनि भगवान् वैशालीमा इच्छानुसार विहार गर्नुभई साँढे बाह्रशय महान् भिक्षुसङ्घका साथ जहाँ भद्दिय (नगर) हो त्यहाँ चारिकार्थ जानुभयो। अनि भगवान् क्रमशः चारिका गर्दै जहाँ भद्दिय नगर हो त्यहाँ पुग्नुभयो। भगवान् त्यहाँ भद्दिय नगरको जातिय वनमा बस्नुभयो। अनि मेण्डक गृहपतिले सुने कि—

"श्रमण गौतम शाक्यपुत्र शाक्य कुलबाट प्रव्रजित भई भद्दिय (नगर) मा आइपुग्नु भयो र भद्दिय नगरको जातियवनमा बसिरहनु भएको छ। वहाँ भगवान् गौतमको यस्तो कल्याणकीर्ति शब्द गुञ्जायमान

भएको छ—'वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत लोकविद् अनुत्तर पुरुषदम्यसारथी, देवमनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । वहाँले यो लोकलाई—देवसहित मारसहित ब्रह्म-सहित लोकलाई, श्रमण ब्राह्मण सहित प्रजालाई र देवसहित मनुष्यलाई[1] —विशिष्ट प्रज्ञाद्वारा (अभिञ्ञा) स्वयं साक्षात्कार गर्नुभएको धर्मको उपदेश गर्नुहुन्छ । वहाँले आदिकल्याण[2], मध्यकल्याण, पर्यवशानकल्याण तथा अर्थयुक्त, ब्यञ्जनयुक्त, सबै परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ । वहाँहरू जस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हुन्छे' ।"

अनि मेण्डक गृहपति असल असल यानहरू तयार पार्न लगाई असल असल यानमा बसी असल असल यानहरूद्वारा भगवान्को दर्शनार्थ भद्दियबाट निस्के । अनि केही तीर्थीयहरूले मेण्डक गृहपतिलाई टाढैदेखि आइरहेका देखे । देखेर मेण्डक गृहपतिलाई यस्तो भने—

"गृहपति ! तिमी कहाँ जाँदैछौ ?"

"भन्ते ! म श्रमण गौतमको दर्शनार्थ जाँदैछु ।"

"गृहपति ! के तिमी क्रियावादी भएर पनि अक्रियावादी श्रमण गौतमको दर्शनार्थ जाँदैछौ ? गृहपति ! श्रमण गौतम अक्रियावादी हुन्,

---

१. यहाँ देवसहित आदि भन्नेको अर्थ बुझ्नकोनिमित्त बु. ब्रा. भा–२, पृ. ७८, २२१ र ३३६ को पादटिप्पणीमा हेर्नू ।

२. यहाँ लेखिएका आदिकल्याण आदि शब्दहरूको अर्थ जान्नकोनिमित्त बु. ब्रा. भा–२, पृ. ८८ देखि ९५ सम्मको पादटिप्पणीमा हेर्नू ।

अक्रियाकोनिमित्त धर्मोपदेश गर्छन् र त्यसैद्वारा श्रावकहरूलाई शिक्षित पार्छन् ।"

अनि मेण्डक गृहपतिलाई—"यी तीर्थीयहरूले ईर्ष्या गरेको देख्दा त अवश्य पनि वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ होला" भन्ने लाग्यो । अनि जति यान भूमि थियो त्यती यानबाट गई (त्यसपछि) यानबाट ओर्ल्ही पैदल नै जहाँ भगवान् हुनुहुन्छ त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका मेण्डक गृहपतिलाई भगवान्ले आनुपूर्वीकथा भन्नुभयो । जस्तै—दानकथा…[१] । अनि मेण्डक गृहपति दृष्टधर्मी, प्राप्तधर्मी, विदितधर्मी भई धर्मको गहिराइलाई बुझी, शंका रहित, निश्चिन्त तथा वैशारद्यतामा पुगी शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनले भगवान्सँग यस्तो भने—

"धन्यहो, भन्ते ! धन्यहो भन्ते !! …आजदेखि मलाई भगवान्ले आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् । भन्ते ! भोलिकोनिमित्त भिक्षुसङ्घका साथ भगवान्ले मेरो भोजन पनि स्वीकार गर्नुहोस् ।"

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १७९ बेलट्ठ कच्चानको कुरामा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

भगवान्ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो । अनि भगवान्ले स्वीकार्नु भएको कुरा बुझी मेण्डक गृहपति आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

अनि त्यसरात बितेपछि मेण्डक गृहपतिले प्रणीत खाद्य-भोज्यहरू तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए—"भन्ते ! समय भयो भोजन तयार छ ।" अनि भगवान् पूर्वाण्हसमयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मेण्डक गृहपतिको घर हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा भिक्षु-सङ्घको साथ बस्नुभयो । अनि मेण्डक गृहपतिकी भार्या, पुत्र, बुहारी र दाश पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्-लाई अभिवादन गरी एक छेउमा बसे । उनीहरूलाई भगवान्ले आनुपूर्वीकथा भन्नुभयो । जस्तै—दानकथा...। अनि उनीहरू सबै दृष्टधर्मी, विदितधर्मी भई ..शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनीहरूले भगवान्सँग यस्तो भने—"धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! ...आजदेखि हामीलाई भगवान्ले आजीवन शरणमा आएका उपासकहरू हुन् भनी स्वीकार गर्नुहोस् ।" त्यसपछि बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्यहरू आफ्नै हातले सन्तर्पित तथा सम्प्रवारित गरी भोजन सिध्याई भगवान्ले पात्र एक छेउमा राख्नु भएपछि मेण्डक गृहपति एक छेउमा बसे । एक छेउमा बसेका मेण्डक गृहपतिले भगवान्सँग यस्तो भने—

"भन्ते ! जतिसम्म भगवान् भद्दियमा बस्नु हुनेछ त्यतिसम्म बुद्ध सहित भिक्षुसङ्घलाई म नित्य भोजन चढाउनेछु ।"

अनि मेण्डक गृहपतिलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी भगवान् आसनबाट उठी फर्कनु भयो ।

पञ्चगोरसको अनुमति

अनि भद्दिय (नगर) मा इच्छानुसार बस्नुभई मेण्डक गृहपतिसँग नसोधी साँढे बाह्रशय महान् भिक्षुसङ्घका साथ भगवान् जहाँ अङ्गुत्तराप हो त्यहाँ चारिकार्थ जानुभयो । अनि मेण्डक गृहपतिले सुने कि—

"भगवान् साँढे बाह्रशय महान् भिक्षुसङ्घका साथ चारिका गर्दै जहाँ अङ्गुत्तराप हो त्यहाँ जानुभयो ।"

अनि मेण्डक गृहपतिले दाश र कामदारहरूलाई आज्ञा दिए— "भणे ! त्यसोभए धेरै नून, तेल, चामल तथा खाद्यहरू गाडामा राखी आऊ । साँढे बाह्रशय गोपालकहरू साँढे बाह्रशय गाईहरू लिएर आऊ । जहाँ भगवान्लाई देखनेछु त्यहाँ (भगवान्लाई) तातो दूधको धाराले भोजन गराउनेछु । अनि मेण्डक गृहपतिले भगवान्लाई बाटोको बीच एक कान्तारमा भेट्टाए । अनि मेण्डक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिएका मेण्डक गृहपतिले भगवान्सँग यस्तो भने— "भन्ते ! भिक्षुसङ्घ सहित भोलिकोनिमित्त मेरो भोजन भगवान्ले

स्वीकार्नु होस् ।" भगवान्ले तूष्णीभावद्वारा स्वीकार्नुभयो । अनि भगवान्ले स्वीकार्नुभएको कुरो बुझी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी मेण्डक गृहपति फर्के ।

अनि त्यसरात बितेपछि मेण्डक गृहपतिले प्रणीत खाद्य-भोज्यहरू तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए—"भन्ते ! समय भयो भोजन तयार छ ।" अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ मेण्डक गृहपतिको खुवाउने ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा भिक्षुसङ्घका साथ भगवान् बस्नुभयो । अनि मेण्डक गृहपतिले साँढे बाह्रशय गोपालकहरूलाई आज्ञा दिए—"भणे ! त्यसोभए एक एकवटा गाई लिएर एक एकजना भिक्षुकहाँ उभिइरहू । तातो दूधको धाराले भोजन गराउनेछु ।" अनि मेण्डक गृहपतिले बुद्ध सहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य-भोज्यहरू सन्तर्पित तथा सम्प्रवारित गराए तथा तातो दूधको धाराले पनि । भिक्षुहरू संकोचमानी दूध ग्रहण गर्दैनन् । "भिक्षुहो ! दूध ग्रहण गर र भोजन गर ।" अनि बुद्ध सहित भिक्षुसङ्घलाई मेण्डक गृहपतिले प्रणीत खाद्य-भोज्यहरू र तातो दूधको धाराद्वारा आफ्नै हातले सन्तर्पित र सम्प्रवारित गराए । अनि भोजन सिध्याई भगवान्ले पात्रबाट हात हटाइसकेपछि मेण्डक गृहपति एक छेउमा बसे । एक छेउमा बसेका मेण्डक गृहपतिले भगवान्लाई यस्तो भने—"भन्ते ! बाटामा पानी नभएका र खाद्य वस्तुहरू नभएका कान्तारहरू पनि छन् । बाटो खर्च (पाथेय्य) विना जानु गाह्रो छ । भन्ते ! भगवान्ले भिक्षुहरूलाई बाटो खर्चको अनुमति दिनुभए बेश हुने

थियो ।" अनि मेण्डक गृहपतिलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभई आसनबाट उठी भगवान् जानुभयो । अनि यसै प्रसंगमा र यसै कारणमा धार्मिक कथा सुनाई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! पञ्चगोरस—दूध, दही, मही, मक्खन र घिउको अनुमति दिन्छु । भिक्षुहो ! बाटामा पानी नभएका र खाद्य वस्तुहरू नभएका कान्तारहरू पनि छन् । बाटो खर्च विना जानु गाह्रो छ । भिक्षुहो ! बाटो खर्च खोज्ने अनुमति दिन्छु—चामल चाहनेले चामल, मुगी चाहनेले मुगी, मास चाहनेले मास, नून चाहनेले नून, गुंद चाहनेले गुंद, तेल चाहनेले तेल र घिउ चाहनेले घिउ । भिक्षुहो ! श्रद्धा सम्पन्न मानिसहरू छन् । उनीहरूले कप्पियकारक[1] को हातमा हिरण्य दिइ-राखेका हुन्छन्—'यसबाट आर्यहरूलाई अनुरूप (कप्पियं) चाहिएको देऊ ।' भिक्षुहो ! त्यसबाट जो कप्पिय (=अनुरूप) छ त्यो स्वीकार्ने (सादितुं) अनुमति दिन्छु । भिक्षुहो ! तर कुनै प्रकारले पनि सुन चाँदी (जातरूपरजतं) स्वीकार्नुपर्छ र खोजी गर्नुपर्छ भनी म भन्दिन ।"

---

१. 'कप्पियकारक' भनी त्यो पुरुषलाई भनिन्छ जसले भिक्षुको आवश्यक कामकाज पूरा गरिदिन्छ ।

१२. योधाजीव गामणि

परिचय

योधाजीव भनेर युद्धद्वारा जीविका गर्ने पुरुषलाई भनिएको हो। यो योधाजीव गामणि (=ग्रामणी) एकदिन बुद्धकहाँ गएर उनले अघि अघिका आचार्य र प्राचार्यहरूसँग सुनेको 'युद्धमा मारिने पुरुष 'परिजात' भन्ने स्वर्गलोकमा उत्पन्न हुन्छ' भन्ने कुराको सम्बन्धमा प्रश्न सोधेका थिए। भगवान्ले चाहिं त्यसको उत्तर दिन चाहनु भएको थिएन। तर बार बार जोर गरेपछि भगवान्ले 'स्वर्गमा उत्पन्न हुनुको सट्टा नरकमा उत्पन्न हुन्छन्' भन्ने कुरा उनलाई बताउनु भयो। अरू कुराहरू अगाडि अनुदित सूत्रमा प्रष्टसँग उल्लेख भएकै छन्।

× × ×

योधाजीव भन्ने केही नामहरू

(१) योधाजीव (गामणि)—यिनै गामणिको कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छ ।

(२) योधाजीव (वग्गो)—यो वर्ग अङ्गुत्तरनिकायको तिकनिपातको चौधौं वर्ग हो । अं. नि–३, पृ. २६४.

(३) योधाजीव (वग्गो)—यो वर्ग अङ्गुत्तरनिकायको पञ्चकनिपातको आठौं वर्ग हो । अं. नि–५, पृ. ३४५.

(४) योधाजीव (सुत्तं)—यो सूत्र अङ्गुत्तरनिकायको तिकनिपातको योधाजीव वग्गमा उल्लेख भएको पाइन्छ । अं. नि–३, पृ. २६४.

यस सूत्रमा भगवान्‌ले तीन अङ्गले युक्त हुने पुरुष राजाको योद्धा हुन योग्य हुन्छ भन्ने कुराको दृष्टान्त दिंदै तीन अङ्गले युक्त हुने भिक्षु सम्मान योग्य हुन्छ भनी भन्नुभएको छ ।

(५) योधाजीव (सुत्तं)—यो सूत्र पनि अङ्गुत्तरनिकायको चतुक्कनिपातको ब्राह्मण वग्गमा उल्लेख भएको पाइन्छ । अं. नि–४, पृ. १८१.

यस सूत्रमा भगवान्‌ले चार अङ्गले युक्त हुने पुरुष राजाको योद्धा हुन योग्य हुने जस्तै चार अङ्गले युक्त हुने भिक्षु सम्मान योग्य हुन्छ भनी भन्नुभएको छ ।

(६) (पठम) योधाजीव (सुत्तं)—यो सूत्र पनि अङ्गुत्तर-निकायको पञ्चकनिपातको योधाजीव वग्गमा उल्लेख भएको छ । अं. नि–५, पृ. ३४५.

यस सूत्रमा भगवान्ले पाँच प्रकारका योधाजीव भए जस्तै भिक्षुहरू पनि पाँच प्रकारका छन् भन्ने कुरा बताउनु भएको छ ।

(७) (दुतिय) योधाजीव (सुत्तं)—यो सूत्र पनि अङ्गुत्तर-निकायको पञ्चकनिपातको योधाजीव वग्गमा उल्लेख भएको छ । अं. नि–५, पृ. ३५४.

यस सूत्रमा भगवान्ले पाँच प्रकारका योधाजीवहरू भए जस्तै पाँच प्रकारका भिक्षुहरू पनि छन् भन्ने कुरा बताउनु भएको छ ।

(८) योधाजीव (सुत्तं)—यसै सूत्रको अनुवाद यहाँ अगाडि गरिदिएको छु । सं. नि. III. पृ. २७४ गामणिसंयुत्तं ।

× × ×

मूल सूत्र—

१–युद्धमा मरे स्वर्ग पुगिन्छ

अनि योधाजीव (=युद्धद्वारा जीविका गर्ने) गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि एक छेउमा बसे[1]। एक छेउमा बसेका योधाजीव गामणिले भगवान्सँग यस्तो भने—

"भन्ते! मैले अघि अघिका योधाजीव आचार्य प्राचार्यहरूले भनेका कुरा सुनेको छु कि—'जो योधाजीव संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ – त्यस्तो उत्साहित हुने र बल देखाउनेलाई अरूले मारिदिन्छन् र ज्यान लिन्छन्। मरण भएपछि उ 'परिजात[2]' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ।' यस सम्बन्धमा भगवान् के भन्नुहुन्छ?"

"गामणि! भइहाल्यो यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध।"

---

१. सं. नि. III. पृ. २७४: योधाजीवसुत्तं, गामणिसंयुत्तं।

२. स्याममा: 'सरजितानं'; रोमनमा: 'सरञ्जितानं' र अट्ठकथामा: 'सरजित'।

दोश्रो पटक पनि ..तेश्रो पटक पनि योधाजीव गामणिले भगवान्सँग यस्तो भने—

"भन्ते ! मैले अघि अघिका योधाजीव आचार्य प्राचार्यहरूले भनेका कुरा सुनेको छु कि—'जो योधाजीव संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ त्यस्तो उत्साहित हुने र बल देखाउनेलाई अरूले मारिदिन्छन् र ज्यान लिन्छन् । मरण भएपछि उ 'परिजात' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ ।' यस सम्बन्धमा भगवान् के भन्नुहुन्छ ?"

"गामणि ! 'भइहाल्यो यो कुरा छाडिदेऊ; मसँग यो कुरा नसोध' भनी भन्दा पनि म मुक्त हुन सकिन भने—गामणि ! त्यसोभए तिमीलाई म बताउने छु । गामणि ! जो त्यो योधाजीव संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ—उसको चित्त पहिले नै—'यी सत्वहरू मारियुन् वा बन्धित होउन् वा उच्छिन्न होउन् वा विनाश होउन् वा बाँकी नरहुन्' भनी दूषित भएको हुन्छ, खराब दिशातिर लागेको हुन्छ । अनि उत्साहित हुने र बल देखाउने उसलाई अरूले मारिदिन्छन् र ज्यान लिन्छन् । अनि शरीर छाडी मृत्युपछि - जहाँ 'परिजात' भन्ने नरकलोक हो—उ त्यहाँ उत्पन्न हुन्छ । यदि उसले—'जो योधाजीव संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ—त्यस्तो उत्साहित हुने र बल देखाउनेलाई अरूले मारिदिन्छन् र ज्यान लिन्छन् अनि मरण पछि उ 'परिजात' भन्ने देवलोकहरूको सहवासमा उत्पन्न हुन्छ' भन्ने विश्वास गर्छ भने—यो उसको गलत विश्वास हुनेछ । गामणि ! गलत विश्वास

हुनेको (मिच्छादिट्ठिकस्स) दुइ गतिहरू मध्येमा कुनै एक गति हुन्छ—नरकयोनी वा तीर्यक्योनी—भनी म भन्दछु ।"

यस्तो भन्नु हुँदा आँखाबाट आँसु बगाई योधाजीव गामणि रुनथाले ।

"गामणि ! भइहाल्यो यो कुरा छाडिदेऊ यो कुरा मसँग नसोध भनी भन्दा पनि म तिमीबाट मुक्त हुन सकिन ।"

"भन्ते ! जुन कुरा भगवान्ले मलाई सुनाउनु भयो म त्यस कुराबाट रोएको होइन । भन्ते ! बल्कि अघि अघिका योधाजीव आचार्य प्राचार्यहरूको—'जो त्यो योधाजीव संग्राममा उत्साहित हुन्छ र बल देखाउँछ—त्यस्तो उत्साहित हुने र बल देखाउनेलाई अर्कोले मारिदिन्छन् र ज्यान लिन्छन् । अनि मरणपछि उ 'परिजात' भन्ने देवताहरूको सहवासमा उत्पन्न हुन्छ' भन्ने कुराबाट म धेरै समयसम्म छकिएँ, ठगिएँ तथा मोहित भएँ ।

'भन्ते ! धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिदा वा...आँखा हुनेले रूप देख्ने हो—त्यस्तै गरी भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो । अब म भगवान्को शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ।"

१३. राजगृहसेठ

परिचय

आजसम्म प्रकाशनमा आइसकेका बुद्धकालीन ग्रन्थहरूमा 'राजगृहवासी श्रेष्ठी' वा 'राजगृह श्रेष्ठी' अथवा 'राजगृहका एक सेठ' भन्ने नामहरू ठाउँ ठाउँमा उल्लेख भइसकेका छन् । जस्तै—

बु. म. भा–१, पृ. २७७: उत्तरानन्दमाता उपासिकामा 'राजगृहको सेठ' भन्ने बु. प. भा–१, पृ. २०: पूरण काश्यपमा 'राजगृहका एक सेठ' भन्ने र उहीं पृ. १६६ मा 'राजगृह सेठले' भन्ने तथा बु. श्रावि. च. भा–१, पृ. ४८८: भद्राकुण्डलकेशा स्थविरामा 'राजगृहवासी एक सेठकी छोरी' भन्ने आदि । यी ठाउँहरूमा उल्लेख भएका राजगृहवासी सेठहरूका कुरामाथि विचार गर्दा यिनीहरू भिन्ना-भिन्नै पात्रहरू हुन् भन्ने कुरा प्रष्टसँग देखिन्छ ।

यसको अलावा बु. गृ. भा–१, पृ. ३०: अनाथपिण्डिकमा 'राजगृहवासी सेठकी बहिनी . ' भन्ने उहीं पृ. ३७३: जीवक वैद्यमा 'राजगृहवासी सेठलाई' भन्ने; धम्मपदट्ठकथा पृ. ४९०: पुण्णाय-

वत्थुमा 'पूर्णा भन्ने राजगृह सेठको दाशीको कारणमा' (पुण्णं नाम राजगहसेट्ठिनो दासिं आरब्भ) भन्ने र यहाँ अगाडि अनुदित मूल पालिमा उल्लिखित 'राजगृहको सेठ' (राजगहको सेट्ठी) भन्ने आदि कुराहरूमा विचार गर्दा यी सबै एकै पात्र हुन् भन्न सकिन्छ।

किनभने— यी सबैका कुराहरूमा 'राजगहको सेट्ठि' र 'राजगहकस्स' भन्ने पालि शब्द पाइन्छ। जसको अर्थ क्रमशः 'राजगृहको श्रेष्ठी' वा 'राजगृहको श्रेष्ठी' र 'राजगृहवासीको' वा 'राजगृहवासी श्रेष्ठीको' भन्ने अर्थ हुन्छ। यसैको आधारमा उक्त सबै ठाउँहरूमा लेखिएका कुराहरू एकै पात्रका हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ। यिनै कुरालाई आधार मानेर प्रस्तुत 'राजगृहको सेठ' को केही परिचय दिने प्रयास गरेको छु।

'राजगृहको सेठ' वा 'राजगृहवासी सेठ' अथवा 'राजगृह सेठ' भन्नाले पदको नाम व्यक्त हुन्छ, व्यक्तिको नाम होइन। जस्तै राजगृहवासी सुमन सेठलाई पछि गएर 'राजगृहवासी सेठ' भनेर पनि उल्लेख भएको पाइन्छ[१]।

अतः अगाडि अनुदित मूल पालिमा उल्लिखित 'राजगृहको सेठ' भन्ने जुन नाम हो त्यो पनि पदकै नाम हो र व्यक्तिको नाम होइन। यिनको व्यक्तिगत नाम के हो भन्ने कुरा पालि साहित्यमा कतै उल्लेख भएको भेट्टिएको छैन।

---

१. हेर्नू बु. म. भा–१, पृ. २६७ र २७७: उत्तरानन्दमाता उपासिकामा।

प्रस्तुत राजगृहको सेठ उनै सेठ हुन् जसकी बहिनी अनाथपिण्डिक सेठले विवाह गरेका थिए[१]। यिनी महाधनी मात्र होइनन् श्रद्धासम्पन्न पनि थिए ।

जातकट्ठकथाको 'सिरि जातक[२]' अनुसार अनाथपिण्डिक सेठकी भार्याको नाम 'पुण्यलक्ष्मणदेवी' (पुञ्ञलक्खणदेवि) हो ।

बुद्ध भगवान बुद्ध भई धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि सर्वप्रथम राजगृहमा आउनु भएको बेलामा यिनले बुद्धलाई आफ्नो घरमा निम्त्याई भोजन गराएका थिए । यसै समयमा यिनका ज्वाँई अनाथपिण्डिक सेठ पनि राजगृहमा आइपुगेका थिए र यिनकै मुखबाट 'बुद्ध' भन्ने शब्द सुनी प्रफुल्लित भई अनाथपिण्डिकले सर्वप्रथम बुद्धको दर्शन राजगृहमै गरेका थिए[३] ।

राजगृहसेठलाई सातौं वर्षदेखि टाउको दुख्ने रोग लागेको थियो । पछि जीवक वैद्यले टाउकोको अपरेशन गरी रोग निको पारिदियो[४] ।

---

१. हेर्नू बु. गृ. भा–१, पृ. ३० मा ।

२. जा. अ. क. I–II. पृ. ६४९: सिरिजातकं, नं. २८४; D. P. P. II. पृ. २१८.

३. यस सम्बन्धका कुराहरू बु. गृ. भा–१, पृ. ३० मा हेर्नू ।

४. हेर्नू बु. गृ. भा–१, पृ. ३७३: शल्यचिकित्सामा ।

यी सेठकी पूर्णा (पुण्णा) भन्ने एक दाशी थिइन्। यिनले एकदिन बुद्धसँग बाटामा भेट हुँदा त्यसबखत आफूमा भएको रुक्खासुक्खा एउटा रोटी बुद्धलाई प्रदान गरेकी थिइन्। अनि उहीं उभिइएरै बुद्धको उपदेश सुनी यिनी स्रोतापन्ना भएकी थिइन्[1]। बुद्धले उनलाई धम्मपदको 'सदा जागरमानानं ...[2]' भन्ने गाथाद्वारा उपदेश गर्नुभएको थियो।

भगवान् बुद्धले भिक्षुहरूकोनिमित्त शयनासन सम्बन्धी अर्थात् विहार सम्बन्धी कुनै नियम बनाउनु भन्दा अगाडि भिक्षुहरू जङ्गलमा, गुफामा, रुखमनि तथा पर्वत आदि स्थानमा बस्दथे। एकदिन यी श्रेष्ठी वेणुवनको उद्यानमा घुम्न जाँदा त्यस त्यस ठाउँमा बसिरहेका भिक्षुहरू आ-आफ्ना ठाउँबाट निस्की संयत इन्द्रिय लिई आइरहेका देखेर उनको मन प्रसन्न भई उनीहरूकोनिमित्त बस्ने ठाउँ 'विहार' बनाइदिने इच्छागरी भिक्षुहरूकहाँ गई यो कुरा भने। अनि भिक्षुहरूले यस विषयमा भगवान्सँग सोधेर बताउनेछौं भनी जवाफ दिए। त्यसपछि भिक्षुहरूले यो कुरा बुद्धसँग निवेदन गर्दा बुद्ध भगवान्ले पाँच प्रकारका घरहरू अर्थात् विहारहरू स्वीकार्ने अनुमति दिनुभयो। अनि त्यसपछि भिक्षुहरूले यो कुरा राजगृहसेठलाई सूचित गरे। उनले एकै दिनमा साठी (६०) वटा बस्ने घरहरू (विहारहरू) बनाई बुद्ध सहित भिक्षुसङ्घलाई निम्तो गरी भगवान्को आज्ञामुताबिक 'आएका र नआएका

१. धम्म. प. अ. क. पृ. ४९१: पुण्णायवत्थु, कोधवग्गो।

२. धम्म. प. पा. गा. नं. २२६: कोधवग्गो।

चतुर्दिशाका भिक्षुहरूकोनिमित्त' भन्ने उद्देश्य गरी उनले ती सबै घरहरू भगवान्लाई समर्पित गरे। जुन कुराहरू अगाडि अनुदित मूल पालिमै उल्लेख भएका छन्।

× × ×

मूल पालि—

१–विहारहरू दान

त्यस समय बुद्ध भगवान् राजगृह स्थित वेणुवनको कलन्दक निवापमा बस्नु भएको थियो[१]। त्यस समय (सम्म) भगवान्ले भिक्षु-हरूकोनिमित्त शयनासन सम्बन्धी (कुनै) विधान बनाउनु भएको थिएन (अपञ्ञत्तं होति)। ती भिक्षुहरू जहाँपायो त्यहीं बस्दथे—जङ्गलमा, रुखमनि, पर्वतमा, कन्दरामा, पहाडी गुफामा, श्मशानमा, जङ्गलको बाटोमा, खुला ठाउँमा र परालपुञ्जमा (=परालको कुन्युमा)। उनीहरू समयमै (=बिहान सबेरै) त्यस त्यस ठाउँबाट अर्थात्—जङ्गलबाट, रुखमनिबाट, पर्वतबाट, कन्दराबाट, पहाडी गुफाबाट, श्मशानबाट, जङ्गलको बाटोबाट, खुला ठाउँबाट र परालपुञ्ज (=परालको कुन्यु) बाट सुन्दर गमनागमनले, सुन्दर अवलोकन विलोकनले, सुन्दर (हात खुट्टा) खुम्च्याउने पसार्ने ले अधोचक्षुले तथा ईर्यापथ सम्पन्न भई बाहिर निस्कन्थे। त्यस समय राजगृहसेठ

१. चुल्ल. व. पा. पृ. २३९: विहारानुजानना, सेनासनक्खन्धकं, अ. क. III. पृ. १२९८.

(राजगहको सेट्ठी) समयमै उद्यानमा गए। अनि राजगृहवासी सेठले ती भिक्षुहरू समयमै त्यस त्यस ठाउँबाट अर्थात्—जङ्गलबाट, रुखमनिबाट, पर्वतबाट, कन्दराबाट, पहाडी गुफाबाट, श्मशानबाट, जङ्गलको बाटोबाट, खुला ठाउँबाट र परालपुञ्जबाट सुन्दर गमनागमनले, सुन्दर अवलोकन विलोकनले, सुन्दर खुम्च्याउने पसार्नेले, अधोचक्षुले तथा ईर्यापथ सम्पन्न भई बाहिर निस्केका देखे। देखेर (उनको) चित्त प्रसन्न भयो। अनि राजगृहको सेठ ती भिक्षुहरूकहाँ गए। गएर ती भिक्षुहरूसँग यस्तो भने—"भन्ते! यदि मैले विहार बनाएँ भने मेरो विहारमा (तपाइहरू) बस्नु हुने छ के?"

"गृहपति! भगवान्ले विहार सम्बन्धी (कुनै) विधान बनाउनु भएको छैन (न अनुञ्ञाता) अर्थात् विहार सम्बन्धी (कुनै) अनुमति दिनुभएको छैन।"

"भन्ते! त्यसोभए भगवान्सँग सोधेर मलाई भन्नुहोस्।"

"हुन्छ, गृहपति!" भनी राजगृहको सेठलाई प्रत्युत्तर दिई ती भिक्षुहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग यस्तो भने—

"भन्ते! राजगृहका सेठ विहार बनाउन चाहन्छन्। भन्ते! यस विषयमा हामीले कस्तो गर्नुपर्ला?" अनि यसै प्रसंगमा, यस विषयमा भगवान्ले भिक्षुहरूलाई धार्मिक कथा सुनाउनु भई सम्बोधन गर्नुभयो—

"भिक्षुहो ! पाँच प्रकारका शयनासनहरूको अनुमति दिन्छु (अनुजानामि) । जस्तै—(१) विहार, (२) अड्ढयोग (=गरुड जस्तै टेढो घर), (३) प्रासाद[1], (४) हम्मिय (=आकाशमाथि उठेको प्रासाद) र (५) गुफा[2] ।"

त्यसपछि ती भिक्षुहरू जहाँ राजगृहसेठ थिए त्यहाँ गए । त्यहाँ पुगेपछि राजगृहका सेठलाई तिनीहरूले यस्तो भने—

"गृहपति ! भगवान्ले विहारहरूको अनुमति दिनुभयो । अब जस्तो समय ठान्छौ (गर) ।"

अनि राजगृहसेठले एकै दिनमा साठीवटा विहारहरू तयार पारे । अनि ती साठीवटा विहारहरू तयारपारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका राजगृहसेठले भगवान्सँग यस्तो भने—

"भन्ते ! भोलिकोनिमित्त भिक्षुसङ्घका साथ भगवान्ले मेरो भोजन स्वीकार गर्नुहोस् ।"

भगवान्ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो । अनि भगवान्को

---

१. लामो खालको घर । सम. पा. III. पृ. १२९८.

२. गुफा चार प्रकारका छन्—(१) ईंटको गुफा, (२) ढुँगाको गुफा, (३) काठको गुफा र (४) माटोको गुफा । सम. पा. III. पृ. १२९८: विहारानुजाननकथा, सेनासनक्खन्धकं ।

स्वीकृति बुझेर राजगृहसेठ आसनबाट उठी अभिवादन र प्रदक्षिणा गरी फर्केर गए।

अनि त्यस रात बितेपछि राजगृहसेठले प्रणीत खाद्य-भोज्यहरू तयार पार्न लगाई भगवान्लाई समयको सूचना दिन पठाए— "भन्ते ! समय भयो भोजन तयार छ।" अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ राजगृहसेठको निवास-स्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भएपछि बिच्छ्याइराखेको आसनमा भिक्षुसङ्घका साथ भगवान् बस्नुभयो। त्यसपछि आफ्नै हातले प्रणीत खाद्य-भोज्यहरू सन्तर्पित र सम्प्रवारित गरी भोजन सिद्धिएपछि भगवान्ले पात्रबाट हात हटाइसकेपछि राजगृहसेठ एक छेउमा बसे। एक छेउमा बसेका राजगृहसेठले भगवान्संग यस्तो भने—

"भन्ते ! यी साठीवटा विहारहरू पुण्य चाहने र स्वर्ग चाहनेले तयार पारेका हुन्। भन्ते ! ती विहारहरूको सम्बन्धमा मैले के गरूँ ?"

"गृहपति ! त्यसोभए ती साठीवटा विहारहरू आएका र नआएका चतुर्दिशाका भिक्षुहरूकोनिमित्त प्रतिष्ठापित गर।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई राजगृहवासी सेठले ती साठीवटा विहारहरू आएका र नआएका (आगतानागत) चतुर्दिशाका भिक्षुसङ्घकोनिमित्त प्रतिष्ठित गरे। अर्थात् प्रदान गरे—

अनि राजगृहसेठलाई भगवान्ले यी गाथाहरूद्वारा अनुमोदन गर्नुभयो—

१. "सीतं उण्हं पटिहन्ति ततो वालमिगानि[1] च ।
सरीसपे[2] च मकसे सिसिरे चा पि वुट्ठियो ।।

२. "ततो वातातपो[3] घोरो[4] सञ्जातो[5] परिहञ्ञति ।
लेणत्थं च सुखत्थं च झायितुं च विपस्सितुं ।।

३. "विहारदानं सङ्घस्स अग्गं बुद्धेन[6] वण्णितं ।
तस्मा हि पण्डितो पासो सम्पस्सं अत्थमत्तनो ।।

४. "विहारे कारये रम्मे वासयेत्थ बहुस्सुते ।
तेसं अन्नं च पानं च वत्थसेनासनानि च ।
ददेय्य उजुभूतेसु विप्पसन्नेन चेतसा ।।

५. "ते तस्स धम्मं देसेन्ति सब्बदुक्खपनूदनं ।
यं सो धम्मं इधञ्ञाय परिनिब्बन्ति अनासवा'ति ।।"

---

१. स्याममाः 'बालमिगानि' ।

२. सिंहल, स्याम र रोमनमाः 'सिरिसपो' ।

३. सिंहलमाः 'वातातपे' ।

४. सिंहलमाः 'घोरे' ।

५. सिंहलमाः 'सञ्जाते' ।

६. स्याममाः 'बुद्धेहि' ।

अर्थ—

१—"जाडो र गर्मीलाई हटाउँछ, क्रूर जानवरहरूबाट पनि बचाउँछ; सर्प, लामखुट्टे र शिशिर ऋतुको हावा र वर्षाद्‌बाट पनि बचाउँछ।

२—"डरलाग्दो हुरी र गर्मीबाट बचाउँछ, बस्नकोनिमित्त, ध्यान गर्नकोनिमित्त र विपश्यना भावना गर्नकोनिमित्त पनि सुखप्रद हुन्छ।

३, ४, ५—"सङ्घलाई विहार दान दिनु 'अग्र' हो भनी बुद्धद्वारा पनि वर्णित छ[1]। आफ्नो हितलाई ध्यानमा राख्ने पण्डित पुरुषले रमणीय विहारहरू बनाई त्यसमा बहुश्रुतहरू राखी उनीहरूकोनिमित्त अन्न, पान, वस्त्र तथा शयनासनको प्रबन्ध गरी ऋजु भएका (सङ्घ) लाई प्रसन्न चित्तले दान दिनू। उनीहरूले (=सङ्घले) उनलाई (=दातालाई) सबै दुःखबाट मुक्त हुने उपदेश दिन्छिन् र जुन धर्मोप-

---

१. त्यसैले सं. नि. I. पृ. ३०: किंददसुत्तं, देवतासंयुत्तंमा यस्तो भनिएको हो—

"सो च सब्बददो होति, यो ददाति उपस्सयं।
अमतंददो च सो होति, यो धम्ममनुसासति ॥"

देशलाई अवबोध गरी उनी यसै जन्ममा अनास्रवी भई परिनिर्वाण पनि हुन सक्छन् ।"

त्यसपछि राजगृहको सेठलाई यी गाथाहरूद्वारा अनुमोदन गर्नुभई भगवान् आसनबाट उठी फर्केर जानुभयो ।

१४. रासिय गामणि

परिचय

एक राश प्रश्न सोध्ने भन्ने अर्थले संगायनकारक स्थविरहरूले 'रासिय' भन्ने नाम राखेका हुन् भनी संयुत्तअट्ठकथाले[1] उल्लेख गरेको छ । गामणि (=ग्रामणी) भनेको गाउँको प्रमुख हो ।

एकदिन यी राशिय (=राशीय) गामणि भगवान्कहाँ गएर 'भन्ते ! तपाइले सबै तपस्याको निन्दा गर्नुहुन्छ रे सबै तपस्वीहरूको रुक्ष जीवनलाई पनि अपवाद गर्नुहुन्छ रे भनी भन्दछन् । के यो कुरा सत्य हो ?' भनी प्रश्न सोधेका थिए । भगवान्ले 'यो कुरा सत्य होइन' भनी उत्तर दिनुभयो । त्यसपछि वहाँले रासिय गामणिलाई मध्यम मार्गको उपदेश दिनुभयो । त्यसपछि तीन प्रकारका विषय भोग गर्ने मानिसहरू भएका कुरा, विषय भोग गनहरू मध्ये तीन कारणले निन्दनीय हुने मानिसहरू भएका कुरा, तीन प्रकारका रुक्ष जीवीहरू भएका कुरा र अन्त्यमा तीन प्रकारले क्लेशहरूलाई जरता पार्ने

---

१. सं. नि. अ. क. III. पृ. १०३.

(=निस्कृय पार्ने) सम्बन्धका कुराहरू बताउनु भयो। यसपछि रासिय गामणि भगवान्‌को उपदेशद्वारा प्रभावित भएर बुद्धको आजीवन शरणमा गई उनले उपासकत्व पनि ग्रहण गरे। जुन कुराहरू अगाडि अनुदित मूल सूत्रमा प्रष्ट रूपले उल्लेख भएका छन्।

× × ×

मूल सूत्र—

१–भगवान्‌ले सबै तपस्याको निन्दा गर्छन् रे !

अनि रासिय (राशीय) गामणि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए[1]। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका रासिय गामणिले भगवान्‌सँग यस्तो भने—

"भन्ते ! मैले यस्तो सुनें कि – 'श्रमण गौतम सबै तपस्याको निन्दा गर्छन्, सबै रुक्षजीवी तपस्वीहरूको निश्चयरूपले अपवाद गर्छन् र निन्दा पनि।' भन्ते ! जसले – 'श्रमण गौतम सबै तपस्याको निन्दा गर्छन्, सबै रुक्षजीवी तपस्वीहरूको निश्चयरूपले अपवाद गर्छन् र निन्दा पनि' भनी भन्छन्—भन्ते ! के तिनीहरूले भगवान्‌को वादानुरूप

---

१. सं. नि. III. पृ. २९१: रासियसुत्तं, गामणिसंयुत्तं, अ. क. III. पृ. १०३.

मल्ल देशको उरुवेलकप्प भन्ने मल्लहरूको निगममा बसिरहनु भएको बेलामा भगवान्‌ले यो उपदेश गर्नुभएको हो भन्ने कुरा सं. नि. III पृ. २८९: भद्रकसुत्तंबाट थाहा हुन्छ।

भन्दछन् ? के भगवान्‌लाई झूटो आरोप त लगाएनन् ? धर्मानुरूप भन्दछन् ? सकारण भनिराखेको कुनै कुराको निन्दा त हुँदैन ?"

"गामणि ! जसले – 'श्रमण गौतम सबै तपस्याको निन्दा गर्छन्, सबै रुक्षजीवी तपस्वीहरूको निश्चयरूपले अपवाद गर्छन्' भनी भन्दछन् – उनीहरूले मैले भने बमोजिम भन्दैनन्, उनीहरूले असत्य, तुच्छ तथा झूटा कुराद्वारा मलाई झूटो आरोप लगाउँछन् ।

मध्यममार्ग—"गामणि ! प्रव्रजित हुनेहरूले यी दुइ अन्तहरू (=कोट्ठासहरू=खण्डहरू) सेवन गर्नु हुन्न—(१) जो यो कामविषयमा र कामसुखमा प्रलिप्त हुनु—जो हीन, ग्राम्य, पृथग्जनिक, अनार्य तथा अनर्थ संहित छ; (२) जो यो आत्मपीडाकोनिमित्त[1] संलग्न हुनु – जो दुःख, अनार्य तथा अनर्थ संहित छ । यी नै दुइ अन्तमा नगई तथागतले मध्यमप्रतिपदा (=बीचको बाटो) लाई अभिसम्बोध (=प्रत्यक्षीकरण) गरेको हो—जसले चक्षु (=प्रज्ञाचक्षु) प्रदान गर्छ, ज्ञान (=सत्यज्ञान) प्रदान गर्छ, उपशम प्रदान गर्छ, अभिज्ञा प्रदान गर्छ सम्बोधि प्रदान गर्छ र निर्वाण प्रदान गर्छ । गामणि ! त्यो मध्यम प्रतिपदा कुन हो त – जो तथागतले अभिसम्वोध गरेको छ र जसले चक्षुप्रदान गर्छ, ज्ञान प्रदान गर्छ, उपशम प्रदान गर्छ, अभिज्ञा प्रदान गर्छ, सम्बोधि प्रदान गर्छ र

---

१. 'आत्मपीडाकोनिमित्त संलग्न हुनु' भनेको आफ्नो शरीरलाई दुःख कष्ट दिने भनिएको हो । सार. प. III. पृ. १०३: रासियसुत्त-वण्णना, गामणिसंयुत्तं ।

किन यहाँ कामसुखलाई, आत्मपीडालाई तथा मध्यमप्रति-

पदालाई लिएको हो त ? भनी उक्त अट्ठकथाले प्रश्न गरेको छ। उत्तरमा यस्तो लेखेको छ—

प्रथमतः कामभोगीहरूलाई देखाउनकोनिमित्त यहाँ कामसुखलाई लिइएको हो। तपस्या गर्नेहरूलाई देखाउनकोनिमित्त यहाँ आत्मपीडालाई लिइएको हो। तीनै निर्जर कारणहरूलाई (तिन्नं निज्जरवत्थुं) देखाउनकोनिमित्त मध्यमप्रतिपदालाई लिइएको हो।

यिनीहरूलाई देखाउनाको के प्रयोजन हुन्छ त ?

यी दुइ अन्त (=खण्ड=कोट्ठास) लाई छाडेर मध्यम-प्रतिपदाद्वारा तथागतले अभिसम्बोधि प्राप्त गर्नुभएको हो। अतः वहाँले सबै कामभोगीहरूको पनि निन्दा गर्नु हुन्न, न त प्रशंसा नै। सबै तपस्वीहरूको पनि निन्दा गर्नु हुन्न, न त प्रशंसा नै। निन्दा गर्न योग्यलाई निन्दा र प्रशंसा गर्न योग्यलाई प्रशंसा गर्नु हुन्छ।

यो अर्थ प्रकाश पार्नु नै उनीहरूको दर्शनको प्रयोजनको-निमित्त हो भन्ने कुरा बुझ्नुपर्छ भनी सार. प. III. पृ. १०३–०४:, रासियसुत्तवण्णनाले उल्लेख गरेको छ।

यिनै कुराहरूलाई प्रकाश पार्ने विचारले भगवान्ले सूत्रको अगाडि—'गामणि ! तीन प्रकारका कामभोगीहरू छन्' भन्ने कुरा उल्लेख गर्नु भएको हो।

निर्वाण प्रदान गर्छ ? यही आर्य अष्टाङ्गिक मार्ग हो । जस्तै—(१) सम्यक्‌दृष्टि, (२) सम्यक्‌संकल्प, (३) सम्यक्‌वाचा, (४) सम्यक्‌कर्म, (५) सम्यक्‌आजीव, (६) सम्यक्‌व्यायाम, (७) सम्यक्‌स्मृति र (८) सम्यक्‌समाधि । गामणि ! यही त्यो प्रतिपदा (=मार्ग) हो— जो तथागतले अभिसम्बोध गरेको छ र जसले चक्षुप्रदान गर्छ, ज्ञान प्रदान गर्छ, उपशम प्रदान गर्छ, अभिज्ञा प्रदान गर्छ, सम्बोधि प्रदान गर्छ र निर्वाण प्रदान गर्छ ।

तीन प्रकारका कामभोगीहरू

"गामणि ! तीन् प्रकारका कामभोगीहरू लोकमा विद्यमान छन् । यस्तै उपदेश भगवान्‌ले अनाथपिण्डिक महाजनलाई पनि दिनु भएको कुरा बु. गृ. भा–१, पृ. ७७ मा 'दश कामभोगहरू' शीर्षकमा उल्लेख भएको छ । कुन तीन भने ?—

a. (१) "गामणि ! यहाँ कुनै कामभोगीले अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ । अधर्म र साहसपूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ्य पार्छ न त संविभाजन[1] र पुण्यादि[2] गर्छ ।

---

१. इष्टमित्रादिहरूलाई बाँडिदिने । सं. नि. अ. क. III. पृ. १०४: रासियसुत्तवण्णना ।

२. भविष्यकोनिमित्त उपकार हुने छ भनेर पुण्य गर्दैन । सं. नि. अ. क. III. पृ. १०४.

(२) "गामणि! यहाँ कुनै कामभोगीले अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ। अधर्म र साहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ तर संविभाजन र पुण्यादि गर्दैन।

(३) "गामणि! यहाँ कुनै कामभोगीले अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ। अधर्म र साहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ र संविभाजन र पुण्यादि पनि गर्छ।

b. (१) "गामणि! यहाँ कुनै कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ। धर्माधर्म र साहस-असाहस-पूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ।

(२) "गामणि! यहाँ कुनै कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ। धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ तर संविभाजन र पुण्यादि गर्दैन।

(३) "गामणि! यहाँ कुनै कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ। धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ।

c. (१) "गामणि! यहाँ कुनै कामभोगीले धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गर्छ। धर्मपूर्वक र असाहसपूर्वक भोगको

खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ ।

(२) "गामणि ! यहाँ कुनै कामभोगीले धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गर्छ । धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ तर संविभाजन र पुण्यादि गर्दैन ।

(३) "गामणि ! यहाँ कुनै कामभोगीले धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गर्छ । धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गरी आफू सुखी र स्वस्थ भएपछि तथा संविभाजन र पुण्यादि पनि गर्छ । तर ती भोगहरूमा बाँधिई मूर्छिई, डुबी, अवगुणलाई नदेख्ने र मुक्तिलाई नजान्ने भई परिभोग गर्छ ।

(४) "गामणि ! यहाँ कुनै कामभोगीले धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गर्छ । धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ तथा संविभाजन र पुण्यादि पनि गर्छ । अनि ती भोगहरूमा नबाँधिई, नमुर्छिई, नडुबी, अवगुणलाई देख्ने र मुक्तिलाई जान्ने भई परिभोग गर्छ ।

तीन कारणद्वारा निन्दनीय कामभोगीहरू

(१) "गामणि ! यहाँ जो त्यो कामभोगीले अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ तथा अधर्म र साहसपूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ ।

गामणि ! यो कामभोगी तीन कारणद्वारा निन्दनीय हुन्छ । कुन तीन कारणद्वारा निन्दनीय हुन्छ भने ?—(१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ, (२) न आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ तथा (३) न त संविभाजन र पुण्यादि गर्छ भन्ने यो तेश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यही तीन कारणद्वारा यो कामभोगी निन्दनीय हुन्छ ।

(२) "गामणि ! यहाँ जो त्यो कामभोगीले अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ तथा अधर्म र साहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तर संविभाजन र पुण्यादि गर्दैन । गामणि ! यो कामभोगी दुइ कारणद्वारा निन्दनीय हुन्छ र एक कारणद्वारा प्रशंसनीय हुन्छ । कुन दुइ कारणद्वारा निन्दनीय हुन्छ भने ?— (१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ, (२) संविभाजन र पुण्यादि गर्दैन भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ । कुन एक कारणद्वारा प्रशंसनीय हुन्छ त ? (१) आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो एक कारणद्वारा प्रशंसनीय हुन्छ ।

"गामणि ! यही दुइ कारणद्वारा यो कामभोगी निन्दनीय हुन्छ र यो एक कारणद्वारा प्रशंसनीय हुन्छ ।

(३) "गामणि ! यहाँ जो त्यो कामभोगीले अधर्म र साहस-पूर्वक भोगको खोजी गर्छ तथा अधर्म र साहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ पार्छ, संविभाजन र पुण्यादि पनि गर्छ। गामणि ! यो कामभोगी एक कारणद्वारा निन्दनीय हुन्छ र दुइ कारण-द्वारा प्रशंसनीय हुन्छ। कुन एक कारणद्वारा निन्दनीय हुन्छ भने ?—(१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो एक कारणद्वारा निन्दनीय हुन्छ। कुन दुइ कारणद्वारा प्रशंसनीय हुन्छ त ? (१) आफू-लाई सुखी र स्वस्थ पार्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ र (२) संविभाजन र पुण्यादि पनि गर्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ।

"गामणि ! यही एक कारणद्वारा यो कामभोगी निन्दनीय हुन्छ र यी दुइ कारणद्वारा प्रशंसनीय हुन्छ।

(४) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ। गामणि ! यो कामभोगी एक कारणद्वारा प्रशंसनीय हुन्छ र तीन कारणद्वारा निन्दनीय हुन्छ। कुन एक कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्मपूर्वक र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो एक कारणद्वारा प्रशंसनीय हुन्छ। कुन तीन कारणद्वारा निन्दनीय हुन्छ त ? (१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ, (२) न आफूलाई सुखी र स्वस्थ

पार्छ भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ र (३) न त संविभाजन र पुण्यादि गर्छ भन्ने यो तेश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यो एक कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ र यी तीन कारणद्वारा निन्दनीय हुन्छ ।

(५) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तर संविभाजन र पुण्यादि गर्दैन । गामणि ! यो कामभोगी दुइ कारणद्वारा प्रशंसनीय र दुइ कारणद्वारा निन्दनीय हुन्छ । कुन दुइ कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ र (२) आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ । कुन दुइ कारणद्वारा निन्दनीय हुन्छ त ? (१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ र (२) संविभाजन र पुण्यादि गर्दैन भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यी दुइ कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ र यी दुइ कारणद्वारा निन्दनीय हुन्छ ।

(६) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्माधर्म र साहस-असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तथा संविभाजन र

पुण्यादि गर्छ । गामणि ! यो कामभोगी तीन कारणद्वारा प्रशंसनीय र एक कारणद्वारा निन्दनीय हुन्छ । कुन तीन कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ, (२) आफूलाई सुखी र स्वस्थ पार्छ भन्ने यो दोश्रो कारणले प्रशंसनीय हुन्छ तथा (३) संविभाजन र पुण्यादि पनि गर्छ भन्ने यो तेश्रो कारणद्वारा प्रशंसनीय हुन्छ । कुन एक कारणद्वारा निन्दनीय हुन्छ त ? (१) अधर्म र साहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो एक कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यी तीन कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ र यो एक कारणद्वारा निन्दनीय हुन्छ ।

(७) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्म र असाहसपूर्वक भोगको खोजी गरी न आफूलाई सुखी र स्वस्थ पार्छ न त संविभाजन र पुण्यादि गर्छ । गामणि ! यो कामभोगी एक कारणद्वारा प्रशंसनीय र दुइ कारणद्वारा निन्दनीय हुन्छ । कुन एक कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो एक कारणद्वारा प्रशंसनीय हुन्छ । कुन दुइ कारणद्वारा निन्दनीय हुन्छ त ? (१) न आफूलाई सुखी र स्वस्थ पार्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ र (२) न त संविभाजन र पुण्यादि गर्छ भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यो एक कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ र यी दुइ कारणद्वारा निन्दनीय हुन्छ ।

(८) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्म र असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तर संविभाजन र पुण्यादि गर्दैन। गामणि ! यो कामभोगी दुइ कारणद्वारा प्रशंसनीय र एक कारणद्वारा निन्दनीय हुन्छ। कुन दुइ कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ र (२) आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ। कुन एक कारणद्वारा निन्दनीय हुन्छ त ? (१) संविभाजन र पुण्यादि गर्दैन भन्ने यो एक कारणद्वारा निन्दनीय हुन्छ।

"गामणि ! यी दुइ कारणद्वारा यो कामभोगी प्रशंसनीय र यो एक कारणद्वारा निन्दनीय हुन्छ।

(९) "गामणि ! यहाँ जो त्यो कामभोगीले धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्म र असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तथा संविभाजन र पुण्यादि पनि गर्छ। तर ती भोगहरूमा बाँधिई, मुर्छिई, डुबी, अवगुण नदेख्ने र मुक्तिलाई नजान्ने भई परिभोग गर्छ। गामणि ! यो कामभोगी तीन कारणद्वारा प्रशंसनीय र एक कारणद्वारा निन्दनीय हुन्छ। कुन तीन कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ, (२) आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ र (३)

संविभाजन र पुण्यादि पनि गर्छ भन्ने यो तेश्रो कारणद्वारा प्रशंसनीय हुन्छ। कुन एक कारणद्वारा निन्दनीय हुन्छ त ? (१) ती भोगहरूमा बाँधिई, मूर्छिई, डुबी, अवगुण नदेख्ने र मुक्तिलाई नजान्ने भई परिभोग गर्छ भन्ने यो एक कारणद्वारा निन्दनीय हुन्छ।

"गामणि! यी तीन कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ र यो एक कारणद्वारा निन्दनीय हुन्छ।

(१०) "गामणि! यहाँ जो त्यो कामभोगीले धर्म र असाहसपूर्वक भोगको खोजी गर्छ तथा धर्म र असाहसपूर्वक भोगको खोजी गरी आफूलाई सुखी र स्वस्थ्य पार्छ तथा संविभाजन र पुण्यादि पनि गर्छ। अनि ती भोगहरूमा नबाँधिई, नमुर्छिई, नडुबी, अवगुण देख्ने र मुक्तिलाई जान्ने भई परिभोग गर्छ। गामणि! यो कामभोगी चार कारणद्वारा प्रशंसनीय हुन्छ। कुन चार कारणद्वारा प्रशंसनीय हुन्छ भने ?—(१) धर्म र असाहेसपूर्वक भोगको खोजी गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ, (२) आफूलाई सुखी र स्वस्थ्य पार्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ, (३) संविभाजन र पुण्यादि पनि गर्छ भन्ने यो तेश्रो कारणद्वारा प्रशंसनीय हुन्छ र (४) ती भोगहरूमा नबाँधिई, नमुर्छिई, नडुबी, अवगुण देख्ने र मुक्तिलाई जान्ने भई परिभोग गर्छ भन्ने यो चौथो कारणद्वारा प्रशंसनीय हुन्छ।

"गामणि! यी चार कारणद्वारा यो कामभोगी प्रशंसनीय हुन्छ।

तीन प्रकारका रुक्षजीवी तपस्वीहरू

"गामणि! यो लोकमा तीन प्रकारका रुक्षजीवी तपस्वीहरू विद्यमान् छन्। कुन तीन भने?—

(क) १-"गामणि! यहाँ कुनै रुक्षजीवी तपस्वी—'अवश्य पनि कुशल धर्म प्राप्त गर्नेछु र अवश्य पनि उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्नेछु' भनी आगारबाट अनागारिय भई श्रद्धापूर्वक प्रव्रजित भएको हुन्छ। अनि उसले आफूलाई आतप्त र परितप्त पार्छ, कुशल धर्म पनि प्राप्त गर्दैन तथा उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई पनि साक्षात्कार गर्दैन।

२-"गामणि! यहाँ कुनै रुक्षजीवी तपस्वी—'अवश्य पनि कुशल धर्म प्राप्त गर्नेछु र अवश्य पनि उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्नेछु' भनी आगारबाट अनागारिय भई श्रद्धापूर्वक प्रव्रजित भएको हुन्छ। अनि उसले आफूलाई आतप्त र परितप्त पार्छ र कुशल धर्म प्राप्त गर्छ। तर उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई भने साक्षात्कार गर्दैन।

(३) "गामणि! यहाँ कुनै रुक्षजीवी तपस्वी—'अवश्य पनि कुशल धर्म प्राप्त गर्नेछु र अवश्य पनि उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्नेछु' भनी आगारबाट अनगारिय भई श्रद्धापूर्वक प्रव्रजित भएको हुन्छ। अनि उसले आफूलाई आतप्त र

परितप्त पार्छ र कुशल धर्म पनि प्राप्त गर्छ तथा उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई पनि साक्षात्कार गर्छ ।

(ख) १–"गामणि ! त्यहाँ जो त्यो रुक्षजीवी तपस्वीले आफूलाई आतप्त र परितप्त पारी कुशल धर्म प्राप्त गर्दैन र उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई पनि साक्षात्कार गर्न सक्दैन— गामणि ! यो रुक्षजीवी तपस्वी तीन कारणद्वारा निन्दनीय हुन्छ । कुन तीन कारणद्वारा भने ?—(१) आफूलाई आतप्त र परितप्त पार्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ, (२) कुशल धर्म पनि प्राप्त गर्दैन भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ तथा (३) उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई पनि साक्षात्कार गर्दैन भन्ने यो तेश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

"गामणि ! यो रुक्षजीवी तपस्वी यी तीन कारणहरूद्वारा निन्दनीय हुन्छ ।

(२) "गामणि ! त्यहाँ जो त्यो रुक्षजीवी तपस्वीले आफूलाई आतप्त र परितप्त पारी कुशल धर्म भने प्राप्त गर्छ तर उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्न सक्दैन—गामणि ! यो रुक्षजीवी तपस्वी दुइ कारणद्वारा निन्दनीय हुन्छ र एक कारणद्वारा प्रशंसनीय हुन्छ । कुन दुइ कारणद्वारा निन्दनीय हुन्छ भने ?—(१) आफूलाई आतप्त र परितप्त पार्छ भन्ने यो पहिलो कारणद्वारा निन्दनीय हुन्छ र (२) उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्न सक्दैन भन्ने यो दोश्रो कारणद्वारा निन्दनीय हुन्छ ।

कुन एक कारणद्वारा प्रशंसनीय हुन्छ त ? (१) कुशल धर्म प्राप्त गर्छ भन्ने यो एक कारणद्वारा प्रशंसनीय हुन्छ ।

"गामणि ! यो रुक्षजीवी तपस्वी यी दुइ कारणद्वारा निन्दनीय र यो एक कारणद्वारा प्रशंसनीय हुन्छ ।

(३) "गामणि ! त्यहाँ जो त्यो रुक्षजीवी तपस्वीले आफूलाई आतप्त र परितप्त पारी कुशल धर्म पनि प्राप्त गर्छ र उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई पनि साक्षात्कार गर्छ[१]—गामणि ! यो रुक्षजीवी तपस्वी एक कारणद्वारा निन्दनीय हुन्छ र दुइ कारणद्वारा प्रशंसनीय हुन्छ । कुन एक कारणद्वारा निन्दनीय हुन्छ भने ?—(१) आफूलाई आतप्त र परितप्त पार्छ भन्ने यो एक कारणद्वारा निन्दनीय हुन्छ । कुन दुइ कारणद्वारा प्रशंसनीय हुन्छ त ? (१) कुशल धर्म प्राप्त गर्छ भन्ने यो पहिलो कारणद्वारा प्रशंसनीय हुन्छ र (२) उत्तरीय मनुष्य धर्म आर्यज्ञान दर्शन विशेषतालाई साक्षात्कार गर्छ भन्ने यो दोश्रो कारणद्वारा प्रशंसनीय हुन्छ ।

"गामणि ! यो रुक्षजीवी तपस्वी यो एक कारणद्वारा निन्दनीय र यी दुइ कारणद्वारा प्रशंसनीय हुन्छ ।

---

१. कसरी आफूलाई आतप्त र परितप्तपारी साक्षात्कार गर्छ भने—चतुरङ्ग-वीर्यको हिसावले र धुतङ्गको हिसाबले । सार. प. III. पृ. १०४: रासियसुत्तवण्णना, गामणिसंयुत्तं । चतुरङ्ग-वीर्य भनेको कस्तो हो भन्ने कुरा बु. श्रा. च. भा–१, पृ. १९ मा र धुतङ्ग भनेको के हो भन्ने कुरा बु. प. भा–१, पृ. १२३ मा हेर्नु ।

तीन निर्जरता

"गामणि! यो तीन सान्दृष्टिक निर्जरताहरू[1] हुन्—जुन तात्कालिक (अकालिक) छन्, आऊ हेर भनी भन्न योग्य छन्, निर्वाण नजिक पुऱ्याइदिन्छन् र विज्ञहरूद्वारा प्रत्यक्ष अनुभव पनि गर्छन्। कुन तीन भने?—(१) जो रागयुक्त पुरुष हो उसले रागको कारणमा आफ्नो अहित पनि अर्काको अहित पनि तथा दुवैको अहित पनि सोच्छ। राग प्रहीण भएमा आफ्नो अहित पनि अर्काको अहित पनि तथा दुवैको अहित पनि सोच्दैन। यो सान्दृष्टिक निर्जरता हो—जो तात्कालिक छ, आऊ हेर भनी भन्न योग्य छ, निर्वाण नजिक पुऱ्याइदिन्छ र विज्ञहरू प्रत्यक्ष अनुभव पनि गर्छन्। (२) जो द्वेषयुक्त पुरुष हो उसले द्वेषको कारणमा आफ्नो अहित पनि अर्काको अहित पनि तथा दुवैको अहित पनि सोच्छ। द्वेष प्रहीण भएमा आफ्नो अहित पनि अर्काको अहित पनि

---

१. 'तीन सान्दृष्टिक निर्जरहरू' को बारेमा स्पष्टिकरण दिंदै सार. प. III. पृ. १४०: रासियसुत्तवण्णना, गामणिसंयुत्तले यसरी दिएको छ—

"तिस्सो सन्दिट्ठिका निज्जराति—एत्थ एकोपि मग्गो तिण्णं किलेसानं निज्जरणताय—तिस्सो निज्जराति वुत्तो।"

अर्थात्—तीन सान्दृष्टिक निर्जरताहरू भनेको एकै मार्गबाट तीनैवटा क्लेशहरूलाई जरा-जीर्ण पार्न सक्ने हुने भएकोले—तीन निर्जरताहरू भनिएका हुन्।

तथा दुवैको अहित पनि सोच्दैन । यो सान्दृष्टिक निर्जरता हो—जो तात्कालिक छ, आऊ हेर भनी भन्न योग्य छ, निर्वाण नजिक पुऱ्याइदिन्छ र विज्ञपुरुषहरूले प्रत्यक्ष अनुभव पनि गर्छन् । (३) जो मोहयुक्त पुरुष हो उसले मोहको कारणमा आफ्नो अहित पनि अर्काको अहित पनि तथा दुवैको अहित पनि सोच्छ । मोह प्रहीण भएमा आफ्नो अहित पनि अर्काको अहित पनि तथा दुवैको अहित पनि सोच्दैन । यो सान्दृष्टिक निर्जरता हो— जो तात्कालिक छ, आऊ हेर भनी भन्न योग्य छ, निर्वाण नजिक पुऱ्याइदिन्छ र विज्ञपुरुषहरू प्रत्यक्ष अनुभव पनि गर्छन् ।

"गामणि ! यी तीन सान्दृष्टिक निर्जरताहरू हुन्—जुन् तात्कालिक छन्, आऊ हेर भनी भन्न योग्य छन्, निर्वाण नजिक पुऱ्याइ-दिन्छन् र विज्ञहरूद्वारा प्रत्यक्ष अनुभव पनि गर्छन् ।"

यस्तो भन्नु हुँदा रासिय गामणिले भगवान्‌लाई यस्तो भने—"धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! ! ...आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्‌ले मलाई स्वीकार गर्नुहोस् ।"

१५. वज्जियमाहित गृहपति

परिचय

यी चम्पावासी वज्जियमाहित गृहपति बुद्ध धर्मलाई राम्ररी बुझ्दथे र यिनी तदनुरूप तर्क वितर्क गर्नमा पनि पटु थिए। एकदिन बुद्धको दर्शन गर्ने इच्छा गरी यिनी दिनको मध्यान्हतिर चम्पाबाट निस्के। किन्तु बाटामा हिंडिरहेका यिनका मनमा यस्तो लाग्यो—"शायद यसबेला भगवान् ध्यानमा बसिरहनु भएको होला। अतः वहाँको दर्शन गर्ने यो उचित समय होइन।" यति मनमा सोचेर उनी त्यहाँबाट कुनै एक तीर्थीय परिव्राजकहरूको आराम (=आश्रम) तिर गए।

त्यस बखत त्यस आराममा बसिरहेका परिव्राजकहरू होहल्ला गरी र चिच्याउँदै अनेक प्रकारका तिरश्चीन कथाहरू भनी बसिरहेका थिए। जब ती तीर्थीयहरूले वज्जियमाहित गृहपति आइरहेको देखे तब उनीहरूले आफ्नो परिषद्लाई शान्त पारे। उनीहरूलाई यो थाहा थियो कि श्रमण गौतमका अनुयायीहरू निःशब्दतालाई रुचाउँछन्। अनि जब

वज्जियमाहित गृहपति त्यस आराममा पुगेर उनीहरूसँग सम्मोदनीय कुशलवार्ता गरी एक छेउमा बसे तब उनीहरूले उनीसँग "श्रमण गौतमले सबै तपस्यालाई निन्दा गर्छन् रे, यो कुरो साँचो हो के ?" भनी सोधे। उनले "होइन" भनी जवाफ दिए। अनि उनले अगाडि यस्तो पनि भने कि "निन्दा गर्न योग्यलाई वहाँले निन्दा गर्नुहुन्छ र प्रशंसा गर्न योग्यलाई प्रशंसा पनि। वहाँ भगवान् विभज्जवादी (= विभक्तवादी) हुनुहुन्छ।"

जब उनले बुद्धको पक्षमा कुरा सुनाए तब उनीहरूमध्ये एक परिब्राजकले बुद्धलाई आक्षेप गरी यस्तो भने—

"गृहपति ! यद्यपि तिमी बुद्धको प्रशंसा गर्छौ तर बुद्धले सत्वको विनाशको लागि उपदेश गर्नुहुन्छ र वहाँले कुनै कुरा पनि स्वयं प्रत्यक्षीकरण गरी बताउन सक्नु हुन्न।" त्यसैले अगाडि अनुदित मूल सूत्रमा "श्रमण गौतम विनाशकारी र अप्रज्ञप्तिक हुन्" भनी उल्लेख भएको हो।

यसको पनि खण्डन गर्दै गृहपतिले उनीहरूलाई यस्तो भने—

"भगवान्ले स्वयं साक्षात्कार गरेर नै 'यो कुशल हो र यो अकुशल हो' भनी प्रज्ञापन गर्नुभएको हो। अतः वहाँ अप्रज्ञप्तिक हुनुहुन्न बल्कि स-प्रज्ञप्तिक नै हुनुहुन्छ।"

यो सुनेर ती परिब्राजकहरू चूप लागेर बसे। त्यसपछि भगवान्-

कहाँ गई सो गृहपतिले यी कुराहरू सबै वहाँलाई सुनाए। भगवान्ले उनको कुरालाई समर्थन गरी उनको प्रशंसा गर्नुभयो। अरू कुराहरू अगाडि अनुदित मूल सूत्रमै प्रष्टसँग उल्लेख भएका छन्।

× × ×

मूल सूत्र—

१–विभज्जवादी भगवान्

एक समय भगवान् चम्पाको गग्गरा पुष्करिणीको तीरमा बस्नुभएको थियो[१]। अनि वज्जियमाहित गृहपति दिनदिनमै (=मध्यान्हमा) भगवान्को दर्शनार्थ चम्पाबाट निस्के। त्यसपछि वज्जियमाहित गृहपतिलाई यस्तो लाग्यो—"भगवान्को दर्शनार्थ जाने समय अझै भएको छैन। भगवान् ध्यानमा हुनुहुन्छ होला। आदरणीय भिक्षुहरूको दर्शनार्थ जाने समय पनि होइन। आदरणीय भिक्षुहरू पनि ध्यानमा हुनुहुन्छ होला। अतः जहाँ अन्यतीर्थीय परिब्राजकहरूको आराम हो त्यहाँ जानुपऱ्यो।

त्यसपछि वज्जियमाहित गृहपति जहाँ अन्यतीर्थीय परिब्राजकहरूको आराम हो त्यहाँ गए। त्यस बखत ती अन्यतीर्थीय परिब्राजकहरू एकत्रित भई उच्चशब्द महाशब्द गर्दै अनेक प्रकारका तिरश्चीन कुराहरू[२]

---

१. अं. नि–१०, पृ. २५२: वज्जियमाहितसुत्तं, उपालिवग्गो, अ. क. II. पृ. ८५४.

२. तिरश्चीन कुराहरू भनेका कस्ता हुन् भन्ने बारेमा बु. प. भा–१, पृ. ४२० मा हेर्नू।

गरेर बसेका थिए। अनि ती अन्यतीर्थीय परिब्राजकहरूले वज्जियमाहित गृहपतिलाई टाढैबाट आइरहेको देखेर आफ्नो परिषद्लाई शान्त पारे— "तपाइहरू निःशब्द हुनु होस्। तपाइहरू शब्द नगर्नु होस्। श्रमण गौतमका श्रावक यी वज्जियमाहित गृहपति आउँदैछन्। जति पनि चम्पामा श्रमण गौतमका शुद्धजीवी श्रावकहरू छन्—तिनीहरूमध्ये यी एक हुन्। ती आयुष्मान्हरू निःशब्दतालाई रुचाउँछन् र उनीहरू निःशब्दताको वातावरणमा शिक्षित भएका हुन् तथा निःशब्दताको प्रशंसा गर्छन्। निःशब्द परिषद् देखेर शायद उनी यहाँ आउन सक्छन्।" अनि ती अन्यतीर्थीय परिब्राजकहरू चुपलागे।

अनि वज्जियमाहित गृहपति जहाँ ती अन्यतीर्थीय परिब्राजकहरूको आराम हो त्यहाँ गए। त्यहाँ पुगेपछि ती अन्यतीर्थीय परिब्राजकहरूसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका वज्जियमाहित गृहपतिसँग ती अन्यतीर्थीय परिब्राजकहरूले यस्तो सोधे—

"गृहपति! साँच्चै हो के—श्रमण गौतमले सबै तपस्यालाई निन्दा गर्छन्, सबै रुक्षजीवी तपस्वीहरूलाई निश्चयरूपले (एकंसेन) उपाक्रोश गर्छन् र अपवाद गर्छन्?"

"भन्ते! भगवान्ले सबै तपस्यालाई निन्दा गर्नुहुन्न, न त सबै रुक्षजीवी तपस्वीहरूको एकान्तरूपले उपाक्रोश र अपवाद नै गर्नुहुन्छ। भन्ते? भगवान्ले निन्दनीयलाई निन्दा र प्रशंसनीयलाई प्रशंसा गर्नुहुन्छ। भन्ते! निन्दनीयलाई निन्दा र प्रशंसनीयलाई प्रशंसा गर्दै

भगवान् विभज्जवादी (=विभक्तवादी) हुनुहुन्छ। यस विषयमा भगवान् निश्चयवादी (एकंसवादी) हुनुहुन्न।

यस्तो भन्दा (ती मध्ये) एक परिब्राजकले वज्जियमाहित गृहपतिलाई यस्तो भने—"पख त, गृहपति! जुन तिमी श्रमण गौतमको वर्णन गर्छौ तर श्रमण गौतम विनाशकारी[1] (वेनयिको) र अप्रज्ञप्तिक हुन्[2]।"

---

१. 'विनाशकारी' अथवा पालिशब्द 'वेनयिक' को अर्थ अर्थकथाले यसरी लेखेको छ।

"वेनयिको ति सयं अविनीतो अञ्ञे हि विनेतब्बो" अर्थात्—स्वयं चाहिं अविनीत तर अर्काले विनीत गर्नु पर्ने पुरुष।

अर्को अर्थ—"वेनयिको ति सत्तविनासको" अर्थात्—वेनयिक भनेको सत्वहरूलाई विनाश पार्ने हो। यहाँ यस सूत्रमा 'वेनयिक' शब्द निन्दाको अर्थमा प्रयोग गरिराखेको हुँदा मैले 'विनाशकारी' शब्द प्रयोग गरेको हुँ। मनो. र. पू. II. पृ. ८५४: वज्जियमाहितसुत्तवण्णना, उपालिवग्गो।

२. 'अप्रज्ञप्तिक' को अर्थ अर्थकथामा यसरी दिएको छ—

"अप्पञ्ञत्तिको ति न किञ्चि पञ्ञपेतुं सक्कोति" अर्थात्—कुनै कुरालाई प्रज्ञापन गर्न नसक्ने भनिएको हो।

अर्को अर्थ—"अपच्चक्खं निब्बानं पञ्ञापेति; सयंकतादिसु किञ्चि पञ्ञपेतुं न सक्कोति" अर्थात्—अप्रत्यक्षरूपले

"भन्ते ! यहाँ पनि म आयुष्मान्हरूलाई कारणसहित बताउँछु —'भन्ते ! भगवान्ले 'यो कुशल हो' भनी प्रज्ञापन गर्नु भएको छ । भन्ते ! भगवान्ले 'यो अकुशल हो' भनी प्रज्ञापन गर्नु भएको छ । यसरी कुशलाकुशलको प्रज्ञापन गर्ने भगवान् सप्रज्ञप्तिक हुनुहुन्छ । वहाँ भगवान् विनाशकारी (वेनयिक) र अप्रज्ञप्तिक हुनुहुन्न[1] ।

यस्तो भन्दा ती परिव्राजकहरू चूपलागी नाजवाफ भई शीर निहुराई तलतिर मुखपारी तथा चिन्तित भई केही नबोली बसे । अनि चूपलागी नाजवाफ भई शीर निहुराई तलतिर मुखपारी तथा चिन्तित भई केही नबोली बसेको बुझेर वज्जियमाहित गृहपति आसनबाट उठी

निर्वाणको प्रज्ञापन गर्छ, आफूले प्रत्यक्ष गरेको कुनै कुरा भने प्रज्ञापन गर्न सक्दैन । यहाँ यस सूत्रमा निन्दाको रूपमा भनिएको हुँदा—प्रत्यक्षरूपमा केही बताउँन सक्दैन भनी भनिएको हो । मनो. र. पू. II. पृ. ८५४: वज्जियमाहितसुत्तवण्णना, उपालिवग्गो ।

१. भनाइको तात्पर्य—वहाँ भगवान्ले कुशल र अकुशललाई यथार्थ जानी बताउनु हुने भएकोले वहाँलाई कसैले शिक्षादिनु पर्दैन । प्रत्यक्षीकरण गरेर मात्र वहाँले धर्मलाई बताउनु भएको हो । ती धर्महरूद्वारा कुनै सत्वको नाश पनि हुन्न । वल्कि सुशिक्षित र सुविनीत हुन्छ । अतः वहाँ विनाशकारी (वेनयिको) हुनुहुन्न । वहाँको प्रज्ञप्ति सु-प्रज्ञप्ति नै हो भनी भनिएको हो । मनो. र. पू. II. पृ. ८५४: वज्जियमाहितसुत्तवण्णना, उपालिवग्गो ।

जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका वज्जियमाहित गृहपतिले जे जति कुराकानी ती अन्यतीर्थीय परिव्राजकहरूसँग भएका थिए ती सबै भगवान्लाई बताए।

"साधु ! साधु !! गृहपति ! यसरी नै गृहपति ! ती मोघपुरुषहरूको समय समयमा कारणसहित सुनिग्रहरूपले निग्रह गर्नुपर्छ। (१) गृहपति ! न म सबै तपस्यालाई तपस्या गर्नुपर्छ भनी भन्दछु, गृहपति ! न म सबै तपस्यालाई तपस्या गर्नु पर्दैन भनी भन्दछु। (२) गृहपति ! न म सबै ग्रहणीय (=शिक्षापद) लाई ग्रहण गर्नुपर्छ भनी भन्दछु, गृहपति ! न म सबै ग्रहणीयलाई ग्रहण गर्नु पर्दैन भनी भन्दछु। (३) गृहपति ! न म सबै उदद्योग (पधानं) लाई उदद्योग गर्नुपर्छ भनी भन्दछु, गृहपति ! न म सबै उदद्योगलाई उदद्योम गर्नु पर्दैन भनी भन्दछु। (४) गृहपति ! न म सबै छाड्नु पर्ने (पटिनिस्सग्गो) लाई छाड्नुपर्छ भनी भन्दछु, गृहपति ! न म सबै छाड्नु पर्नेलाई छाड्नु पर्दैन भनी भन्दछु। (५) गृहपति ! न म सबै विमुक्तिलाई विमुक्त गर्नुपर्छ भनी भन्दछु, गृहपति ! न म सबै विमुक्तिलाई विमुक्त गर्नु पर्दैन भनी भन्दछु।

(१) "गृहपति ! जुन तपस्यालाई तपस्या गर्दा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् र कुशल धर्महरू परिहानी हुन्छन्—त्यस्तो तपस्यालाई तपस्या गर्नु पर्दैन भनी भन्दछु। गृहपति ! जुन तपस्यालाई

तपस्या गर्दा अकुशल धर्महरू परिहानी हुन्छन् र कुशल धर्महरू अभिवृद्धि हुन्छन्—त्यस्तो तपस्यालाई तपस्या गर्नुपर्छ भनी भन्दछु ।

(२) "गृहपति ! जुन ग्रहणीय (=शिक्षापद) लाई ग्रहण गर्दा (समादियतो) अकुशल धर्महरू अभिवृद्धि हुन्छन् र कुशल धर्महरू परिहानी हुन्छन्—त्यस्तो ग्रहणीयलाई ग्रहण गर्नु पर्दैन भनी भन्दछु । गृहपति ! जुन ग्रहणीयलाई ग्रहण गर्दा अकुशल धर्महरू परिहानी हुन्छन् र कुशल धर्महरू अभिवृद्धि हुन्छन् - त्यस्तो ग्रहणीयलाई ग्रहण गर्नुपर्छ भनी भन्दछु ।

(३) 'गृहपति ! जुन उदद्योग (पधानं) लाई उदद्योग गर्दा (पदहतो) अकुशल धर्महरू अभिवृद्धि हुन्छन् र कुशल धर्महरू परिहानी हुन्छन्—त्यस्तो उदद्योगलाई उदद्योग गर्नु पर्दैन भनी भन्दछु । गृहपति ! जुन उदद्योगलाई उदद्योग गर्दा अकुशल धर्महरू परिहानी हुन्छन् र कुशल धर्महरू अभिवृद्धि हुन्छन् - त्यस्तो उदद्योगलाई उदद्योग गर्नुपर्छ भनी भन्दछु ।

(४) "गृहपति ! जुन छाड्नु पर्नेलाई छाड्दा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् र कुशल धर्महरू परिहानी हुन्छन्—त्यस्तो छाड्नु पर्नेलाई छाड्नु पर्दैन भनी भन्दछु । गृहपति ! जुन छाड्नु पर्नेलाई छाड्दा कुशल धर्महरू अभिवृद्धि हुन्छन र अकुशल धर्महरू परिहानी हुन्छन्—त्यस्तो छाड्नु पर्नेलाई छाड्नुपर्छ भनी भन्दछु ।

(५) "गृहपति ! जुन विमुक्तिलाई[1] विमुक्त गर्दा अकुशल धर्महरू अभिवृद्धि हुन्छन् र कुशल धर्महरू परिहानी हुन्छन् – त्यस्तो विमुक्तिलाई विमुक्त गर्नु पर्दैन भनी भन्दछु । गृहपति ! जुन विमुक्तिलाई विमुक्त गर्दा अकुशल धर्महरू परिहानी हुन्छन् र कुशल धर्महरू अभिवृद्धि हुन्छन्—त्यस्तो विमुक्तिलाई विमुक्त गर्नुपर्छ भनी भन्दछु ।

अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई वज्जियमाहित गृहपति आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्कॅर गए ।

अनि वज्जियमाहित गृहपति गएको केही छिनपछि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"भिक्षुहो ! जो त्यो भिक्षु यो धर्मविनयमा दीर्घकालदेखि अल्परजक भई (=रज रहित भई) बसेको छ उसले पनि यस्तै गरी अन्यतीर्थीय परिव्राजकहरूलाई सुनिग्रहरूपले निग्रह गर्नुपर्छ जस्तै तो वज्जियमाहित गृहपतिले निग्रह गरे ।"

---

१. यहाँ 'विमुक्तिलाई विमुक्त गर्दा' भनी मिथ्यादृष्टियुक्त विमुक्ति धारणालाई भनिएको हो । यसबाट अकुशल धर्महरू बढ्दछन् । बुद्ध शासनमा चाहिं चित्तलाई विमुक्त गर्ने विमुक्तिद्वारा कुशलानिसंसकोनिमित्त प्रत्यक्ष हुन्छ भनी मनो. र. पू. II. पृ. ८५४: वज्जियमाहितसुत्तवण्णनाले उल्लेख गरेको छ ।

१६. वासेट्ठ उपासक

परिचय

यी वासेट्ठ (=वाशिष्ठ) उपासक वैशालीवासी हुन्। उपासकहरू मध्येमा आर्यशील हुने एक विशिष्ट उपासक हुन्[1]। एकदिन यिनी वैशाली स्थित महावनको कूटागार शालामा बसिरहनु भएका बुद्धकहाँ जाँदा यिनलाई वहाँले अष्टाङ्गयुक्त उपोसथको बारेमा उपदेश सुनाउनु भएको थियो। जुन कुरा अगाडि अनुदित मूल सूत्रमा उल्लेख भएको छ।

यो उपदेश सुनेर उनले भगवान्लाई "यस्तो अष्टाङ्गयुक्त शील सबै वर्गका मानिसहरूले पालन गरेमा उनीहरू सबैको कल्याण हुने थियो होला" भनी उद्गार व्यक्त गर्दा भगवान्ले "यति मात्र होइन देवसहित मनुष्यादि सबैको पनि कल्याण हुनेछ" भनी भन्नुभयो। अरू कुराहरू अगाडि अनुदित मूल सूत्रले नै प्रष्ट पारेको छ।

× × ×

---

१. अं. नि–६, पृ. १४९: भल्लिकादिसुत्तं।

केही वासेट्ठ (=वाशिष्ठ वा वशिष्ट) नामहरू

(१) वासेट्ठ (=वाशिष्ठ)—यी वासेट्ठ नारद बुद्धको उपस्थाक थिए । बु. वं. पा. पृ. ३४१: नारदबुद्धवंसो; जा. अ. क. I. पृ. ३२: दूरेनिदान ।

नारद बुद्ध दीपङ्कर बुद्धदेखि लिएर नवौं बुद्ध हुनुहुन्छ ।

(२) वासेट्ठ—यी ती बासेट्ठ (=वशिष्ट) ऋषि हुन् जो ब्राह्मणहरूका पूर्वज थिए । मन्त्र प्रवर्तक ऋषिहरूमध्ये यिनी पनि एक हुन् । महा. व. पा. पृ. २५९: केणियजटिलवत्थु, भेसज्जक्खन्धकं; अथवा हेर्नू बु. ब्रा. भा–१, पृ. १४५, १९७; दी. नि. I. पृ. ९: अम्बट्ठसुत्तं । यस सूत्रको अनुवाद बु. ब्रा. भा–१, पृ. २८५ मा भएको छ ।

(३) वासेट्ठ—यी ती वासेट्ठ माणव हुन् जो एकदिन भारद्वाज माणवको साथ इच्छानङ्गल गाउँमा बसिरहनु भएको बुद्धकहाँ गई यी दुवै माणवहरू बुद्धकहाँ प्रव्रजित भई अरहत् भएका थिए । हेर्नू बु. ब्रा. भा–१, पृ. ३१२ देखि ।

(४) वासेट्ठ—यी ती अजपाल धूमकारी भन्ने ब्राह्मणको गोत्रको नाम हो । यिनको कुरा जा. अ. क. III. पृ. २८४: धूमकारिजातक, नं. ४१३ मा पाइन्छ ।

(५) वासेट्ठ—यी ती ब्राह्मण हुन् जो वप्प स्थविरका पिता थिए। थेर. गा. अ. क. I. पृ. १४०: वप्पथेरगाथट्ठकथा।

(६) वासेट्ठ—यी ती वासेट्ठ ब्राह्मण हुन् जो सेल थेर (सेल ब्राह्मण) का पिता थिए। अप. दा. पा. I. पृ. ३९९: सेलत्थेर-अपदानं। बु. ब्रा. भा–३, पृ. ४३३ मा सेल ब्राह्मणको चिनारी गराइएको छ।

(७) वासेट्ठ—यो गोत्रको नाम हो। गोत्रको नामले सम्बोधन गरेको ठाउँमा यो शब्द पाइन्छ। जस्तै—पाचि. पा. पृ. १३: दुतिय-पाचित्तियं। त्यस्तै गरी महापरिनिब्बानसुत्तमा र सङ्गीतिसुत्तमा कुशीनगरका मल्ल र पावाका मल्लहरूलाई गोत्रको नामले सम्बोधन गर्दै 'वासेट्ठ' भनी उल्लेख भएको पाइन्छ। दी. नि. II. पृ. १२३: महापरिनिब्बानसुत्तं र दी. नि. III. पृ. १६७: सङ्गीतिसुत्तं।

(८) वासेट्ठ—यी उनै वासेट्ठ उपासक हुन् जसको कुरा यहाँ अगाडि अनुदित गरिदिएको छु।

(९) वासेट्ठ (सुत्तं)—यो सूत्र म. नि. II. पृ. ४६२ मा र सुत्त. नि. पा. पृ. ३६२ मा उल्लेख भएको छ। यसको अनुवाद बु. ब्रा. भा–१, पृ. ३१८ मा भएको छ।

(१०) वासेट्ठ (सुत्तं)—यो सूत्र अं. नि–८, पृ. ३५५ मा उल्लेख भएको छ। यसको अनुवाद यहाँ अगाडि गरिदिएको छु।

× × ×

मूल सूत्र—

१—अष्टाङ्गयुक्त उपोसथशील कल्याणकारी छ

एक समय भगवान् वैशाली स्थित महावनको कूटागार शालामा बसिरहनु भएको थियो[1] । अनि वासेट्ठ (=वाशिष्ठ) उपासक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्-लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका वासेट्ठ उपासकलाई भगवान्ले यस्तो भन्नुभयो—

"वासेट्ठ ! अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गर्दा महत्फल, महत् आनिसंस, महत्द्योतक र महत् विष्फार (फल) हुन्छ तथा अनिन्दित भई स्वर्गमा पुगिन्छ ।"

यस्तो भन्नु हुँदा वासेट्ठ उपासकले भगवान्लाई यस्तो भने—"भन्ते ! मेरा प्रिय सालोहित ज्ञातिहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरुन् जसबाट मेरा प्रिय सालोहित ज्ञातिहरूकोनिमित्त दीर्घकाल-

१. अं. नि—८, पृ. ३५५: वासेट्ठसुत्तं, उपोसथवग्गो, अ. क. II. पृ. ७७२.

-सम्म हित र सुख हुने छ। भन्ते ! सबै क्षत्रीहरूले पनि अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरुन् जसबाट सबै क्षत्रीहरूकोनिमित्त दीर्घकालसम्म हित र सुख हुने छ। भन्ते ! सबै ब्राह्मणहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरुन् जसबाट सबै ब्राह्मणहरूकोनिमित्त दीर्घकालसम्म हित र सुख हुनेछ। भन्ते ! सबै वैश्यहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरुन् जसबाट सबै वैश्यहरूकोनिमित्त दीर्घकालसम्म हित र सुख हुनेछ। भन्ते ! सबै शूद्रहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरुन् जसबाट सबै शूद्रहरूकोनिमित्त दीर्घकालसम्म हित र सुख हुनेछ।"

"वासेट्ठ ! यस्तै हो, वासेट्ठ ! यस्तै हो। वासेट्ठ ! यदि सबै क्षत्रीहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरेमा सबै क्षत्रीहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ। वासेट्ठ ! यदि सबै ब्राह्मण-हरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरेमा सबै ब्राह्मणहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ। वासेट्ठ ! यदि सबै वैश्यहरूले अष्टाङ्गयुक्त उपोसथ व्रत पालन गरेमा सबै वैश्यहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ। वासेट्ठ ! यदि सबै शूद्रहरूले अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरेमा सबै शूद्रहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ। वासेट्ठ ! देव-मार-ब्रह्मलोक सहित, श्रमण-ब्राह्मण सहित प्रजा तथा देवसहित मनुष्यहरूले[1] अष्टाङ्गयुक्त

१. यहाँ उल्लेखित 'देवमार-ब्रह्मलोक सहित...' भन्ने तीन पदहरूको अर्थ बु. ब्रा. भा-२, पृ. ७८, २२१ र ३३६ को पादटिप्पणीहरूमा उल्लेख भएको छ।

उपोसथ व्रत पालन गरेमा देव-मार-ब्रह्मलोक सहित, श्रमण-ब्राह्मण सहित प्रजा तथा देवसहित मनुष्यहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ। यदि यी महाशाल (वृक्ष) हरूले[1] अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरेमा र यदि चिन्तन गरेमा यिनीहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ भने मनुष्य हुनेहरूको त के कुरा!"

---

१. भनाइको तात्पर्य—अगाडितिर रहेका दुइवटा शालवृक्षहरूलाई औंल्याउँदै भगवान्‌ले यो कुरा परिकल्पित उपमाको रूपमा यसरी बताउनु भएको हो। अर्थात्—यी शालवृक्षहरू अचेतनिक छन्। यदि सचेतनिक भई यी रुखहरूले पनि अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरेको खण्डमा यिनीहरूकोनिमित्त पनि दीर्घकालसम्म हित र सुख हुनेछ भने मनुष्य हुनेहरूको लागि त भन्नै पर्दैन भनी भनिएको हो। मनो. र. पू. II. पृ. ७७२: वासेट्ठसुत्तवण्णना, उपोसथवग्गो।

१७. सन्धान गृहपति

प रि च य

राजगृहवासी यी सन्धान गृहपति अनागामी हुन् र यिनी महाप्रभावशाली थिए। यिनका पाँचशय (५००) परिवारहरू थिए। तिनीहरूमध्ये यी सन्धान गृहपति प्रमुख थिए। परिषद्को बीचमा भगवान्ले ६।६ कारणहरूको आधारमा यिनको प्रशंसा गर्नु भएको छ।

एकदिन बिहान सबेरै अष्टाङ्ग उपोसथ-शील समादान गरी बुद्ध सहित भिक्षुसङ्घलाई पूर्वाण्ह समयको भोजन गराई वहाँहरू विहारमा फर्कनु भएपछि घरमा केटाकेटीहरूको होहल्लाबाट दिक्कमानी शास्ताकहाँ गएर धर्मोपदेश सुन्नेछु भन्ने विचार गरी यिनी मध्यान्ह समयपछि घरबाट बाहिर निस्के[1]।

अनि बाटामा गइरहेका यिनको मनमा "शायद यसबेला बुद्ध

१. सुमं. वि. II. पृ. ६०२: उदुम्बरिकसुत्तवण्णना।

सहित भिक्षुहरू आ-आपना ध्यानमा तल्लीन भई बसिरहेका होलान्" भन्ने लागेपछि यिनी उदुम्बरिकाको परिब्राजका राममा गए। त्यहाँ न्यग्रोध परिब्राजक बस्दथे। त्यसैले अगाडि अनुदित मूल सूत्रमा "अतः किन म जहाँ उदुम्बरिकाको परिब्राजका राम हो...त्यहाँ नजाऊँ" भनी उल्लेख भएको हो।

त्यस बखत न्यग्रोध परिब्राजक होहल्ला र अनेक तिरश्चीन कुराहरू गरिरहेका परिव्राज परिषद्को बीचमा बसिरहेका थिए। अनि जब यिनले सन्धान गृहपति आइरहेका देखे तब उनले आफ्नो परिषद्-लाई "श्रमण गौतमका शिष्य सन्धान गृहपति आउँदैछन् चूप लाग" भनी शान्त पारे। सन्धान गृहपति पनि त्यहाँ पुगेपछि न्यग्रोध परिब्राजकसँग कुशलवार्ता गरी एक छेउमा बसे। अनि उनले "यी तीर्थीयहरू होहल्ला गरी बस्दा रहेछन्। वहाँ भगवान् बुद्ध त शान्तपूर्वक एकान्तमा बस्नुहुन्छ" भनी टिप्पणी गरे। यो सुनेर न्यग्रोध परिब्राजक अप्रसन्न भए। यसैको प्रतिक्रियाको रूपमा उनले बुद्धलाई अवहेलना गर्ने विचारले "काँनो गाई जस्तै एक्लै बस्ने बुद्धले कोसँग कुरा गर्लान् र..." भनी प्रत्यारोपण गरे। जुन कुरा अगाडि अनुदित सूत्रमा उल्लेख भएको छ। यति मात्र होइन अझ उनले अगाडि "यदि श्रमण गौतम यस परिषद्मा आएका भए एकै प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थिएँ" पनि भने। त्यसैले अगाडिको मूल सूत्रमा "खाली घैंटोलाई घुमाउने झैं घुमाउने थिएँ" भनी उल्लेख भएको हो।

अनि गृद्धकूटमा बसिरहनु भएका भगवान् बुद्धले यिनीहरूका बीचमा भइरहेको कुरा दिव्यश्रोतद्वारा सुन्नुभई भगवान् उतनाघरीमै त्यहाँ आइपुग्नुभयो। वहाँ आएपछि न्यग्रोध परिव्राजकले वहाँसँग "कुन हिसाबले तपाइले आफ्नो परिषद्लाई विनीत पार्नुहुन्छ?" भन्ने प्रश्न सोध्दा भगवान्‌ले "अन्य धर्मावलम्बी तथा अन्य दृष्टिक हुने तिमीले यो कुरा बुझ्नसक्ने छैनौ, बरु तिमीले आफ्नै आचार्यहरूको तपजुगुप्साको शुद्धिको बारेमा प्रश्न सोध" भनी भन्नुभयो। त्यसपछि तदनुरूप न्यग्रोध परिव्राजकले प्रश्न सोधेपछि भगवान्‌ले विस्तृतरूपले उत्तर दिनुभयो। जुन कुराहरू अगाडिको मूल सूत्रमा उल्लेख भएका छन्। यस सिलसिलामा वहाँले तपजुगुप्सा भनेको के हो, त्यसको उपक्लेश के हो र के त्यसको परिशुद्धिता हो भन्ने कुराहरू सबै बताइदिनुभयो। अन्तमा वहाँले सर्वश्रेष्ठ तपजुगुप्सा भनेको के हो भन्ने कुरा पनि बताइदिनुभयो। यी सबै कुराहरू अगाडिकै मूल सूत्रमा उल्लेख भएका छन्।

भगवान्‌को कुरा सुनिसकेपछि न्यग्रोध परिव्राजकलाई आफूले अघि भनेका कुराहरूमाथि पश्चात्ताप लाग्नथाल्यो। यसै बखत सन्धान गृहपतिले न्यग्रोध परिव्राजकलाई यस्तो भने—"भन्ते! अब यहाँ भगवान् आउनु भएको छ। यदि सक्नुहुन्छ भने वहाँलाई खाली घैंटोलाई घुमाउने झैं घुमाउनु होस्।" यो सुनेर न्यग्रोध परिव्राजक चूप लागे। अनि भगवान्‌ले उनीसँग "तिमीले यस्तो भनेको साँच्चै हो के?" भनी सोध्दा उनले "अज्ञानी मूर्ख जस्तै भई मैले यस्तो भनेको साँच्चै हो" भनी भगवान्‌सँग क्षमा मागे। अरू कुराहरू अगाडि अनुदित

मूल सूत्रमै प्रष्टसँग उल्लेख भएका छन् । सम्बन्धित ठाउँहरूमा लेखिदिएको पादटिप्पणीबाट कारणहरू अझ बढी प्रष्ट हुनेछ भन्ने आशा लिएको छु ।

× × ×

मूल सूत्र—

१—सन्धान गृहपति परिव्राजकाराममा गए

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् राजगृह स्थित गृद्धकूट पर्वतमा बसिरहनु भएको थियो । त्यस समय निग्रोध (= न्यग्रोध) परिव्राजक उदुम्बरिकाको परिव्राजकाराममा[२] तीनशय महान परिव्राजकहरूका साथ बसिरहेका थिए । अनि सन्धान[१] गृहपति दिनदिनमै (=मध्यान्ह समयमै) भगवान्को दर्शनार्थ राजगृहबाट निस्के । अनि सन्धान गृहपतिलाई यस्तो लाग्यो—

"भगवान्को दर्शन गर्ने समय यो होइन । भगवान् (अहिले) ध्यानमा हुनुहुन्छ (होला) । अनि मनोभावनीय भिक्षुहरूको दर्शन गर्ने

---

१. दी. नि. III. पृ. २९: उदुम्बरिकसुत्तं, अ. क. II. पृ. ६०२; सिंहल र रोमनमा: 'उदुम्बरिकसीहनादसुत्तं' भनी लेखिएको छ ।

२. उदुम्बरिका भन्ने देवीले बनाइदिएको परिव्राजकाराम भएको हुनाले

'उदुम्बरिकाको परिब्राजकाराम' भनिएको हो । सुमं. वि. II. पृ. ६०२: उदुम्बरिकसुत्तवण्णना ।

३. यी उपासक एक महाप्रभावशाली अनागामी हुन् । पाँचशय उपासकहरूमध्ये यिनी अग्र हुन् । महासभाको बीचमा भगवान्ले यिनको यसरी प्रशंसा गर्नुहुन्थ्यो—"भिक्षुहो ! ६ अङ्गले युक्त हुने यी सन्धान गृहपति तथागतमा निष्ठा राख्छन् र सद्धर्मको बाटोमा हिंड्छन् । कुन ६ भने ?—(१) बुद्ध प्रति विशिष्ट प्रसन्नताले (अवेच्चप्पसादेन), (२) धर्म प्रति विशिष्ट प्रसन्नताले, (३) सङ्घ प्रति विशिष्ट प्रसन्नताले, (४) आर्य शीलले, (५) आर्य प्रज्ञाले तथा (६) आर्यविमुक्तिले युक्त छन् । भिक्षुहो ! यी नै ६ अङ्गले युक्त भई सन्धान गृहपति तथागतमा निष्ठा राखी सद्धर्मको बाटोमा हिंड्छन् ।"

तो गृहपति त्यसदिन विहानै उपोसथाङ्ग अधिष्ठान गरी पूर्वाण्ह समयमा बुद्ध सहित भिक्षुसङ्घलाई दानादि दिई, भिक्षुहरू विहारमा गइसकेपछि घरमा ठूला स्याना वालकहरूको आवाजबाट दिक्कमानी भगवान् समक्ष धर्मोपदेश सुन्नेछु भन्ने इच्छा गरी घरवाट निस्केका थिए । त्यसैले सूत्रमा 'दिनदिनमै... निस्के' भनिएको हो भनी सुमं. वि. II. पृ. ६०२: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको हो । अर्थकथामा भने 'मध्यान्ह समय बितिसकेपछि' भनिएको छ ।

समय पनि यो होइन । मनोभावनीय भिक्षुहरू पनि (अहिले) ध्यानमा हुनुहुन्छ (होला) । अतः किन म जहाँ उदुम्बरिकाको परिब्राजकाराम हो, जहाँ निग्रोध (=न्यग्रोध) परिब्राजक हुन् त्यहाँ नजाऊँ ।"

त्यसपछि सन्धान गृहपति जहाँ उदुम्बरिकाको परिब्राजकाराम हो जहाँ निग्रोध परिब्राजक हुन् त्यहाँ गए ।

त्यस समय निग्रोध परिब्राजक होहल्ला गरी उच्चशब्द महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथा भन्दै बसिरहेको महति परिब्राजक परिषद्को साथ बसिरहेका थिए । जस्तै—(१) राजकथा, (२) चोरकथा, (३) महामात्यकथा, (४) सेनाकथा, (५) भयकथा, (६) युद्धकथा, (७) अन्नकथा, (८) पानकथा, (९) वस्त्रकथा, (१०) शयनकथा, (११) मालाकथा, (१२) गन्धकथा, (१३) ज्ञातिकथा, (१४) यानकथा, (१५) ग्रामकथा, (१६) निगमकथा, (१७) नगरकथा, (१८) जनपदकथा, (१९) स्त्रीकथा, (२०) शूरकथा, (२१) चौबाटोको कथा, (२२) पँधेराको कथा, (२३) पूर्वप्रेतकथा, (२४) नानात्वकथा, (२५) लोकाख्यायिककथा, (२६) समुद्राख्यायिक कथा, (२७) भवकथा तथा (२८) विभवकथा आदि ।

अनि निग्रोध परिब्राजकले टाढैदेखि सन्धान गृहपति आइरहेको देखे । देखेपछि आफ्नो परिषद्लाई शान्त पारे—"तपाइहरू निःशब्द हुनुहोस् । तपाइहरू न कराउनु होस् । श्रमण गौतमका यी श्रावक सन्धान गृहपति आउँदै छन् । राजगृहमा जति श्रमण गौतमका

शुद्धजीवी गृही श्रावकहरू छन् ती मध्ये यी सन्धान गृहपति एक हुन्[1]। यी आयुष्मान्हरू निःशब्द रुचाउँछन्, निःशब्दताको वातावरणमा शिक्षित भएका हुन् र निःशब्दताको वर्णवादी हुन् । अतः शायद निःशब्द परिषद् जानेर (=देखेर) यहाँ आउँन सक्छन् ।" यस्तो भन्दा ती परिब्राजकहरू चूपरहे ।

अनि सन्धान गृहपति जहाँ निग्रोध परिब्राजक थिए त्यहाँ गए । त्यहाँ पुगेपछि निग्रोध परिब्राजकसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका सन्धान गृहपतिले निग्रोध परिब्राजकलाई यस्तो भने—

"यी अन्यतीर्थीय[2] परिब्राजकहरू अर्कै ढंगले एकत्रित भई होहल्ला गरी उच्चशब्द र महाशब्द गरी तथा अनेक प्रकारका तिरश्चीन कथा भन्दै बस्दा रहेछन्. वहाँ भगवान् चाहिं अर्कै ढंगले मनुष्यहरूबाट

---

१. सुमङ्गलविलासिनी अनुसार राजगृहमा भगवान्का अनागामी गृही श्रावकहरू पाँचशय (५००) छन् । यिनीहरू प्रत्येकका पाँच पाँचशय परिवारहरू छन् । यिनीहरूमध्ये यी सन्धान गृहपति पनि एक हुन् भनी भनिएको हो । सुमं. वि. II. पृ. ६०३: उदुम्बरिक-सुत्तवण्णना ।

२. आकारप्रकार, चालचलन तथा वस्त्र पहिराई आदि कारणहरूमा भिक्षुहरूभन्दा फरक देखिने भएकोले 'अन्यतीर्थीय' भनी भनिएको हो । सुमं. वि. II. पृ. ६०३: उदुम्बरिकसुत्तवण्णना ।

दूर भई अरण्यवनपन्थशयनासनमा बस्नु हुन्छ जहाँ निःशब्द छ, निर्घोष छ, निर्जन छ, मनुष्यहरूको वायुमण्डलबाट टाढा छ, रहस्यमय कामगर्नकोनिमित्त योग्य छ र ध्यान गर्नेहरू बस्न योग्य छ[१] ।"

यस्तो भन्दा निग्रोध परिब्राजकले सन्धान गृहपतिलाई यस्तो भने[२] —

"हे गृहपति ! जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्छन्[३], कोसँग साकच्छा गर्छन्, कोसँग प्रज्ञाव्यक्तता देखाउँछन् ? शून्यागारमा

---

१. "अहो ! मेरा शास्ता यस्तो निर्जन एकान्त शयनासनमा बस्नु हुन्छ !" भन्दै दुइहात जोरी नमस्कार गरी उपरोक्त उद्गार प्रकट गर्दै सन्धान गृहपति एक छेउमा बसे । सुमं. वि. II. पृ. ६०३: उदुम्बरिकसुत्तवण्णना ।

२. उपरोक्ताकारले सन्धान गृहपतिले बुद्धको बयान सुनाएको सहन नसकी ईर्ष्याको कारणले बुद्धलाई अवहेलना गर्नेछु भन्ने विचार राखी निग्रोध परिब्राजकले अगाडिका कुरा भनेका हुन् भनी सुमं. वि. II. पृ. ६०३ ले उल्लेख गरेको छ ।

३. यस वाक्यद्वारा भन्न खोजेको के हो भने—"उनी कुनैसँग छलफल गर्दैनन्, कुनै पुरुष उनीकहाँ कुरा गर्न जाँदैन । कुनै मानिसहरू गएर कुराकानी गरेपो होहल्ला वा उच्चशब्द महाशब्द हुने थियो । त्यस्तो कुनै कारण नै छैन भने कहाँबाट होहल्ला हुने ?" भन्ने तर्क पेश गरेका हुन् । सुमं. वि. II. पृ. ६०३-०४: उदुम्वरिकसुत्तवण्णना ।

बसेका श्रमण गौतमको प्रज्ञा पनि विनाश भइसक्यो[१]। परिषद् विना बस्ने[२] श्रमण गौतम कुराकानी गर्न पनि असमर्थ छन्। (प्रश्न सोध्लान् भन्ने डरले) एकान्त एकान्तमै बस्छन्। जस्तै कानो गाई गाईको जमातबाट दूर भई एक्लै एक्लै हिड्छ त्यस्तै गरी श्रमण गौतमको प्रज्ञा पनि शून्यागारको कारणले गर्दा विनाश भइसक्यो। श्रमण गौतम परिषद् विना एक्लै विचरण गर्छन्, कुराकानी गर्न असमर्थ छन् (त्यसैले) उनी एकान्त एकान्तमै बस्छन्। अतः गृहपति! यदि श्रमण गौतम यो परिषद्मा आएका भए एकै प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थियौं र खाली घैंटोलाई घुमाउने झैं घुमाउने थियौं[१]।

भगवान् परिब्राजकाराममा पुग्नुभयो

अनि भगवान्ले बिशुद्ध अलौकिक दिव्यश्रोतधातुद्वारा सन्धान गृहपति र निग्रोध परिब्राजकको बीच भइरहेको यो कुरालाई

१. भनाइको तात्पर्य हो—श्रमण गौतमले बोधिवृक्षमनि केही प्रज्ञा हासिल गरेका थिए तर शून्यागारमा एक्लै बस्नाको कारणबाट त्यो प्रज्ञा पनि विनाश भइसक्यो। यदि हामीहरू जस्तै गणसंगणिकाराम गरी बसेका भए उनको त्यो प्रज्ञा विनाश हुने थिएन भनी भनिएको हो भनी सुमं. वि. II. पृ. ६०४: उदुम्बरिकसुत्तवण्णनाले लेखेको छ।

२. अविशारद भएकाले परिषद् विना बस्ने गरेका हुन् भन्ने विचारले यसो भनेका हुन् । सुमं. वि. II. पृ. ६०४: उदुम्बरिकसुत्तवण्णना ।

३. खाली घैंटोलाई घुमाउन जति सजिलो हुन्छ त्यति भरिएको घैंटो घुमाउन सजिलो हुन्न । यस उपमाद्वारा श्रमण गौतमलाई प्रज्ञा विहीनठानीको खाली घैंटो जस्तै देखाएका हुन् ।

यसरी शास्ताको सुवर्णवर्ण ललाटलाई दोष लगाएर भगवान्को पछाडि आफ्नो बल देखाउँदै—चण्डालपुत्रले असम्भिन्न क्षत्री कुमारलाई जातिवादले होच्याँउने जस्तै, निर्भीक केशरसिंहको बलसँग जड सिगालले आफ्नो बल दाँज्ने जस्तै—अनेक प्रकारको तुच्छ गर्जन गर्दै परिब्राजक गर्जन थाले ।

अनि उपासकले पनि सोच्न थाले कि यी परिब्राजक खूब गर्जिंदै छन् । अवीचिको स्पर्श गर्नकोनिमित्त भवाग्र समात्नको-निमित्त हात पसारे झैं निरर्थक कोशिस गर्दैछन् । यदि मेरा शास्ता यहाँ आउनु भएमा यी परिब्राजकको भवाग्रसम्म उठेको मान-अहंकारको ध्वजा खसाल्नु हुन्थ्यो । अनि यिनीहरूका बीच भइरहेको कुरा भगवान्ले दिव्यश्रोतधातुद्वारा सुन्नुभयो । त्यसैले सूत्रको अगाडि—'भगवान्ले विशुद्ध अलौकिक दिव्यश्रोतधातुद्वारा ...यो कुरा सुन्नुभयो' भनी उल्लेख गरिएको हो । सुमं. वि. II. पृ. ६०४: उदुम्बरिकसुत्तवण्णना ।

सुन्नुभयो। त्यसपछि गृद्धकूट पर्वतबाट ओर्ली जहाँ सुमागधा[1] (पोखरी) को तीरको मोरनिवाप[2] हो त्यहाँ भगवान् जानुभयो। त्यहाँ पुगेपछि सुमागधा (पोखरी) को तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गर्नुभयो। अनि निग्रोध परिब्राजकले सुमागधाको तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गरिरहनु भएका भगवान्-लाई देखे। देखेपछि आफ्नो परिषद्लाई शान्त पारे—"तपाइहरू शान्त हुनु होस्। तपाइहरू नकराउनु होस्। वहाँ श्रमण गौतम सुमागधाको तीरको मोरनिवापको खुला ठाउँमा चंक्रमण गर्दै हुनुहुन्छ। आयुष्मान् निःशब्द रुचाउनु हुन्छ र निशब्दताको वर्णवादी हुनुहुन्छ। शायद निःशब्द परिषद् जानेर (=देखेर) यहाँ आउन सक्नुहुन्छ। यदि श्रमण

---

१. यस्तो नामको पोखरी। परापूर्वकालमा जुन पोखरीको पद्मफूलको नलबाट असुर भवनमा गएका सैन्यहरूको दृश्य पोखरीको किनारमा बसी लोकविषय चिन्तन गरिरहेको एक पुरुषले देखेको थियो। सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णना। (यस सम्वन्धीका कुराहरू सं. नि. IV. पृ. ३८२: लोकचिन्तासुत्तं, सच्चसंयुत्तंमा पनि उल्लेख भएको पाइन्छ।)

२. 'मोरनिवाप' भनी मयूरहरूलाई अभयदानका साथ खानादिने ठाउँ-लाई भनिएको हो। सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्त-वण्णना।

गौतम यो परिषद्मा आउनुभयो भने यो प्रश्न सोध्नेछौं[1]—'भन्ते ! कुन चाहिं त्यो भगवान्को धर्म हो जसद्वारा भगवान्ले (आफ्ना) श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्का श्रावकहरू विनीत भई आस्वस्त भई आदिब्रह्मचर्य[2] को अभिप्रायलाई जान्दछन्' ?" यस्तो भन्दा ती परिब्राजकहरू चूपलागे ।

अनि भगवान् जहाँ निग्रोध परिब्राजक थिए त्यहाँ जानुभयो । अनि निग्रोध परिब्राजकले भगवान्लाई यस्तो भने—"भन्ते भगवान् ! आउनुहोस् । भन्ते ! भगवान्को स्वागत छ । भन्ते ! भगवान्ले धेरैदिन पछि यहाँ आउने काम गर्नुभयो । भन्ते भगवान् ! बस्नुहोस् । यो आसन बिच्छ्याइराखेको छ ।" भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो । निग्रोध परिब्राजक पनि एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका निग्रोध परिब्राजकसँग भगवान्ले यस्तो भन्नुभयो —"निग्रोध ! के कुरा गरी यहाँ बसिरहेका छौ ? बीचमा कुरा किन

---

१. उनले सोचेकि श्रमण गौतम धेरै कुरा गर्नुहुन्न । अतः यदि वहाँ यतातिर आएको खण्डमा म नै कुरा उठाउनेछु भन्ने सोचेर यस्तो भनेका हुन् । सुमं. वि. II. पृ. ६०५.

२. 'आदिब्रह्मचर्य' भनी पुरानो ब्रह्मचर्यमा गणना हुने आर्यमार्गलाई भनिएको हो । सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णना ।

रोकिन गयो[१] ?" यस्तो भन्नुहुँदा निग्रोध परिब्राजकले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! यहाँ हामीले भगवान्‌लाई सुमागधा (पोखरी) को तीरको मोरनिबापको खुला ठाउँमा चंक्रमण गरिरहनु भएको देख्यौं। देखेपछि यस्तो भन्यौं—'यदि श्रमण गौतम यो परिषद्‌मा आउनुभयो भने यो प्रश्न सोध्नेछौं—भन्ते ! कुन चाँहि त्यो भगवान्‌को धर्म हो जसद्वारा भगवान्‌ले (आफ्ना) श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्‌का श्रावकहरू विनीत भई आस्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन् ?' भन्ते ! हामीहरूको बीच यही कुरा चलिरहेको थियो अनि भगवान् आइपुग्नु भयो।"

"निग्रोध ! तिमी (जस्ता) अन्यदृष्टिकले, अन्य सिद्धान्त हुनेले, अन्य रुचि राख्नेले, अन्य भक्तिकले र अन्य आचार्य हुनेले यो कुरा बुझ्नु गाह्रोछ[२]—जसद्वारा मैले श्रावकहरूलाई विनीत गर्छु र जसद्वारा विनीत भई मेरा श्रावकहरू आस्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन्। निग्रोध ! बरु तिमीले मसँग आफ्नै आचार्यहरूको अधि जुगुप्साबारे[३] प्रश्न सोध—"भन्ते ! कस्तो भएमा तपजुगुप्सा परिपूर्ण[४] हुन्छ र कस्तो भएमा अपरिपूर्ण हुन्छ ?" यस्तो भन्नुहुँदा ती परिब्राजकहरूले होहल्ला गरी उच्चशब्द महाशब्द गर्न थाले—"भो ! साँच्चैकै आश्चर्य हो ! साँच्चैकै अद्भूत हो ! श्रमण गौतमको (कस्तो)

१. भनाइको मतलब हो—म आएकोले के कुरा बीचैमा रोकिनगयो।

यसपछि भगवान्‌ले 'टुँगो नलागेको कुरा मलाई भन म टुँगो लगाइदिनेछु' भनी सर्वज्ञ प्रवारणद्वारा प्रवारण गर्नुभयो भनी सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. परिब्राजकको कुरा सुनी भगवान्‌ले यस्तो सोच्नुभयो—

"मैले श्रावकहरूलाई देशना गर्ने धर्म र उनीहरूले परिपालन गर्नुपर्ने प्रतिपदाको सम्बन्धमा यी परिब्राजकले कुरा सोध्दछन् । यदि उनलाई त्यस सम्बन्धी शुरुदेखिका कुरा भनूँ भने उनले यो कुरा बुझ्सक्ने छैनन् । यिनी चाहिं बलवीर्यद्वारा पापजुगुप्सा गर्ने वादी हुन् । अतः यिनीहरूकै विषयसम्बन्धी प्रश्न सोध्न लगाई भिन्नाभिन्नै श्रमण ब्राह्मणहरूको सिद्धान्तको निरर्थकताको बारेमा कुरा बताई अन्त्यमा यो प्रश्नको उत्तर बताउनेछु ।" त्यसैले सूत्रमा 'यो कुरा बुझ्न गाह्रो छ' भनी उल्लेख भएको हो भनी सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको हो ।

३. 'बलवीर्यद्वारा पापको जुगुप्सा गर्ने र पाप हटाउने' भनिएको हो । सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णना ।

४. यहाँ 'परिपूर्ण' भनेको परिशुद्धता र 'अपरिपूर्ण' भनेको अपरिशुद्धतालाई भनिएको हो भनी सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

महर्द्धिकता ! र (कस्तो) महानुभावता ! जहाँ कि आफ्नो वादलाई थातिराखी परवादलाई बताउनेछु भनी भन्नुहुन्छ ।"

निग्रोध परिब्राजकको प्रश्न

अनि निग्रोध परिब्राजकले ती परिब्राजकहरूलाई निःशब्द पारी भगवान्‌लाई यस्तो भने—

"भन्ते ! हामी तपजुगुप्सावादी ह्वौं, तपजुगुप्सालाई सार मान्ने ह्वौं[1] र तपजुगुप्सामा लीन भई बस्ने ह्वौं । भन्ते ! कस्तो भएमा तपजुगुप्सा परिपूर्ण हुन्छ र कस्तो भएमा अपरिपूर्ण हुन्छ त ?"

"निग्रोध ! यहाँ तपस्वी अचेलक (=नाङ्गो) हुन्छ उ मुक्ता-चार हात चाटेर खाने,...[२] निम्तो पनि स्वीकार नगर्ने हुन्छ ।

"उसले च्याम्पाबाट दिएको लिदैन,...[२] सर्वत पनि लिदैन । उ एकै घरमा भिक्षा लिन्छ वा एकै गाँस मात्र खान्छ,...[२] आधा

---

१. 'तपजुगुप्सा' आदिको मतलब हो—हामी तपजुगुप्सावादी ह्वौं, मनले पनि त्यसैलाई सार हो भनी ग्रहण गर्दछौं र शरीरले पनि त्यसैमा लागी नानाप्रकारले आफूलाई तापदिने काममा संलग्न भई बस्दछौं भनी भनिएको हो । सुमं. वि. II. पृ. ६०५: उदुम्बरिक-सुत्तवण्णना ।

२. यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २१७ मा लेखे अनुसार पढ्नू ।

महीनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ । उ शाग खाने वा चामल खाने हुन्छ,...[1] वनमूलफल खाने वा खसेको फल खाने भई यापन गर्छ । उ सनको वस्त्र पनि लगाउँछ,...[2] लाटोकोसेरोको प्वाँखको वस्त्र पनि लगाउँछ । उ केश दाह्री लुछाउने हुन्छ,...[2] काँढाहरूमा सुत्ने काममा लागेको हुन्छ; फलेकमा सुत्छ, भुइमा सुत्छ, एउटै कोल्टो मात्र सुत्छ, (शरीरमा) धूलो लगाएर बस्छ, खुला ठाउँमा बस्छ र जहाँपायो त्यहाँ बस्छ; गुहु खान्छ र गुहु जस्तै मलीन अरू खाना खानेमा लागेको हुन्छ । (चीसो) पानी पिउँदैन, पानी नपिउने काममा लागेको हुन्छ र सन्ध्या समयसम्ममा तीन पटक पानीमा बस्छ । निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिपूर्ण हुन्छ वा अपरिपूर्ण हुन्छ ? यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिपूर्ण हुन्छ र अपरिपूर्ण हुन्न ।"

"निग्रोध ! यसरी परिपूर्ण भएको तपजुगुप्सामा पनि अनेक प्रकारका क्लेशहरू (=कसरहरू) हुन्छन् भनी म भन्दछु ।"

---

१. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा–२, पृ. २१७–१८ मा लेखे अनुसार पढ्नू ।

२. यहाँका ठाउँ ठाउँका बाँकी कुराहरू बु ब्रा. भा–२, पृ. २१८ मा लेखे बमोजिम पढ्नू ।

तपजुगुप्साका उपक्लेशहरू

"भन्ते ! अनि कसरी भगवान्ले यसरी परिपूर्ण भएको तप-जुगुप्साको (तपोजिगुच्छाय) उपक्लेशहरू बताउनु हुन्छ नि ?"

a. (१) "निग्रोध ! यहाँ तपस्वीले तपस्या गर्छ । उ त्यो तपस्याद्वारा सन्तुष्ट हुन्छ[१] र सङ्कल्प परिपूर्ण[२] भएको ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन त्यो तपस्याद्वारा सन्तुष्ट हुन्छ र सङ्कल्प परिपूर्ण भएको ठान्दछ—निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

b. (२) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । उ त्यो तपस्याद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दछ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन त्यो तपस्याद्वारा आफूलाई उच्च र अरूलाई नीच ठान्दछ—निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

---

१. म जस्तो यो तपस्यामा अरू को पूर्ण छ र भनी सन्तुष्ट हुन्छ । सुमं. वि. II. पृ. ६०५: उदुम्बरिकसुत्तवण्णना ।

२. यत्तिकै पर्याप्त छ । यो भन्दा बढता अरू गर्नुपर्ने छैन भन्ने जस्तो ठानी त्यत्तिकैमा गर्नुपर्ने जम्मै गरिसकेको जस्तो मानी 'संकल्प परिपूर्ण' भएको ठान्दछ भनिएको हो । सुमं. वि. II. पृ. ६०६: उदुम्बरिकसुत्तवण्णना ।

c. (३) "निग्रोध! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ[1]। निग्रोध! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ—निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

a. (४) "निग्रोध! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ। उ त्यो लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्छ र सङ्कल्प परिपूर्ण भएको ठान्दछ। निग्रोध! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ र जुन लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्छ तथा सङ्कल्प परिपूर्ण भएको ठान्दछ—निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

b. (५) "निग्रोध! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ। उ त्यो लाभसत्कार र यशकीर्तिद्वारा आफुलाई उच्च र अर्कालाई नीच ठान्दछ। निग्रोध! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा लाभसत्कार र यशकीर्ति

---

१. 'यही नै सार हो' भन्ने जस्तो सोची प्रमादी हुन्छ। बुद्धशासनमा प्रव्रजित हुने कुनै कुनै भिक्षुहरू धुतङ्गशुद्धिक हुन्छन् र ध्यानशुद्धिक हुँदैनन्। धुतङ्गशीललाई नै 'यही सार हो' भनी सोच्ने पनि छन् अर्थात् धुतङ्गशील पालन गर्दैमा अरहत्व लाभ हुन्छ भनी विश्वास गर्ने पनि छन् भनिएको हो। सुमं. वि. II. पृ. ६०६.

लाभी हुन्छ र जुन लाभसत्कार र यशकीर्तिद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दछ—निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

C. (६) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ । उ त्यो लाभसत्कार र यशकीर्तिद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र जुन तपस्याद्वारा मान गर्छ, मूर्छित हुन्छ र बेहोस हुन्छ—निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

(७) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । भोजनको विषयमा उसलाई दुविधा हुन्छ—'यो मलाई मनपर्छ र यो मलाई मनपर्दैन ।' अनि उसले जुन (खाना) मन नपर्ने हो त्यसलाई इच्छा भैकन पनि छाड्छ[१] र जुन (खाना) मनपर्ने हो त्यो (खाना) लोभी

---

१. यहाँ 'इच्छा भैकन पनि छाड्छ' को स्पष्टिकरण दिंदै अट्ठकथाले यसरी लेखेको छ ।

कसरी इच्छा भैकन पनि छाड्छ भने – भनौं कि उसले बिहानै क्षीर भोजन गरिसकेको हुन्छ । अनि पछि मांस भोजन प्राप्त हुन्छ । अनि उसलाई यस्तो हुन्छ—यस्तो मांस भोजन कहीले पाउनु । यदि अघि नै थाहा पाएको भए बिहानै क्षीर भोजन गर्ने थिइन होला । अव के गरुँ ! भइहाल्यो तिमीले नै खाऊ भनी आशा राखेर परित्याग गर्छ । सुमं. वि. II. पृ. ६०६: उदुम्बरिक-सुत्तवण्णना ।

भई, मूर्छित भई, त्यसैमा अल्झिई, अवगुणलाई नदेख्ने र मुक्तिलाई नजान्ने भई[1] (अनिस्सरणोपञ्ञो) खूब खान्छ।... निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

(८) "निग्रोध! फेरि तपस्वीले 'राजाहरूले राजमहामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले तथा गृहपतिहरूले सत्कार गर्ने छन्' भन्ने लाभसत्कार र यशकीर्तिको आशा लिई तपस्या गर्छ।... निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

(९) "निग्रोध! फेरि तपस्वी—'कस्तो हो यो सम्बहुलजीवी आफूलाई श्रमण भनी मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज र पाँचौं बीजबीज समेत सबै खान्छ र दाँतहरू पनि असनिचक्र जस्ता छन्' भनी कुनै एक श्रमण वा ब्राह्मणलाई अप्रसन्न पार्ने हुन्छ।... निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

(१०) "निग्रोध! फेरि तपस्वीले कुनै एक श्रमण वा ब्राह्मणलाई कुलहरूमा सत्कार गरेको, गौरव गरेको, मान गरेको तथा पूजा गरेको देख्छ। देखेर उसको मनमा यस्तो हुन्छ—'यस्ता सम्बहुलजीवीलाई कुलहरूमा सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् र पूजा गर्छन्।' तर यस्तो रुक्षजीवी मलाई भने कुलहरूमा सत्कार गर्दैनन्, गौरव गर्दैनन्, मान गर्दैनन् र पूजा पनि गर्दैनन्।' यसरी उ कुलगृहमाथि ईर्ष्या र

---

१. भोजन विषयमा मात्राज्ञान मात्रमा पनि अनभिज्ञ भई खान्छ भनी भनिएको हो। सुमं. वि. II. पृ. ६०६.

मात्सर्य उत्पन्न गर्ने हुन्छ।...निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

(११) "निग्रोध! फेरि तपस्वी मानिसहरू आउने जाने ठाउँमा बस्छ[१]।...निग्रोध! यो पनि तपस्वीको उपक्लेश हो।

(१२) "निग्रोध! फेरि तपस्वी आफ्नो गुण देखाउँदै कुलहरूमा विचरण गर्छ—'यो मेरो तपस्या हो, यो मेरो तपस्या हो।' ...निग्रोध! यो पनि तपस्याको उपक्लेश हो।

(१३) "निग्रोध! फेरि तपस्वीले कुनै काम नदेखिने गरी

---

१. 'मानिसहरू आउने जाने ठाउँमा बस्छ' भनेको मानिसहरू आवत जावत गर्ने ठाउँमा मानिसहरूले देख्नेगरी बस्छ र मानिसहरूले देख्दा प्रियंकर रूपले यताउता डुल्छ। पञ्चतापले तप्त गर्छ। एउटा खुट्टाले टेकेर उभिइ रहन्छ। सूर्यलाई नमस्कार गर्छ। सुमं. वि. II. पृ. ६०७: उदुम्बरिकसुत्तवण्णना।

बुद्ध शासनमा प्रव्रजित भएकाले चाहिं धुतङ्गशील समादान गरी रातभर सुती मनुष्यहरूले देख्नेगरी तपस्या गर्छ। सन्ध्या समयमा चीवरको कुटी बनाउँछ। सूर्योदय भएपछि चीवर झिक्छ। मानिसहरूलाई देखेपछि चीवर टक्टक्याई शीरमा चीवर राखी चंक्रमण स्थलमा जान्छ। कुचो लिएर मानिसहरूले देख्नेगरी विहारको आँगन बढार्छ। सुमं. वि. II. पृ. ६०७: उदुम्बरिक-सुत्तवण्णना।

गर्छ । (कसैले उसँग) 'यो तिमी रुचाउँछौ ?' भनी सोध्दा नरुचाएता पनि 'रुचाउँछु' भनी भन्छ र रुचाएर पनि 'रुचाउँदिन' भनी भन्छ । यसरी उ जानी जानी झूटो बोल्ने हुन्छ ।...निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

(१४) "निग्रोध ! फेरि तपस्वीले धर्मोपदेश गरिरहेका तथागत वा तथागतका श्रावकको उपदेशलाई अनुमोदन गर्न योग्य भएर पनि अनुमोदन गर्दैन ।...निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

(१५) "निग्रोध ! फेरि तपस्वी क्रोधी हुन्छ र वैरभाव राख्छ । निग्रोध ! जो त्यो तपस्वी क्रोधी र वैरी हुन्छ—निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

(१६) "निग्रोध ! फेरि तपस्वी कृतघ्नी हुन्छ, पलासी (=डाह गर्ने) हुन्छ, ईर्ष्यालु हुन्छ, कंजूस हुन्छ, सठ हुन्छ, मायावी हुन्छ, निष्ठुर घमण्डी हुन्छ, खराब विचार राख्ने हुन्छ, खराब विचारको वशमा रहने हुन्छ, मिथ्यादृष्टिक[१] हुन्छ, उच्छेददृष्टिले युक्त हुन्छ र आफ्नै दृष्टि (=मत) लाई लिई त्यसैमा हठ गरी जिद्दी गर्ने हुन्छ । निग्रोध ! यो पनि तपस्वीको उपक्लेश हो ।

"निग्रोध ! यी तपजुगुप्सा (तपोजिगुच्छा) उपक्लेश हुन् वा उपक्लेश होइनन् त ? यसमा तिमी के भन्दछौ त ?"

१. यहाँ मिथ्यादृष्टिक भनी दानादिको फल छैन भन्ने दृष्टिलाई भनिएको हो । सुमं. वि. II. पृ. ६०८ः उदुम्बरिकसुत्तवण्णना ।

"भन्ते ! अवश्य पनि यी तपजुगुप्साहरू उपक्लेश हुन्, अनुपक्लेश होइनन् । भन्ते ! यहाँ सबैका सबै तपस्वीहरू यी सबै उपक्लेशहरूले युक्त हुनसक्छन्, एक दुइ जनाको के कुरा ।"

परिशुद्ध तपस्या

(१) "निग्रोध ! यहाँ तपस्वी तपस्या गर्छ । उ त्यो तपस्याद्वारा सन्तुष्ट हुन्न, सङ्कल्प परिपूर्ण भएको ठान्दैन । निग्रोध ! जो तपस्वी तपस्या गर्छ र त्यो तपस्याद्वारा सन्तुष्ट हुन्न र सङ्कल्प परिपूर्ण भएको ठान्दैन—यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ[१] ।

(२) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । उ त्यो तपस्याद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दैन ।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ ।

(३) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ । उ त्यो तपस्याद्वारा मान गर्दैन, मूर्छित हुन्न र बेहोस हुन्न ।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ ।

---

१. भनाइको मतलब यो हो कि—जुन कारणद्वारा परिपूर्ण भनी ठान्दा अपरिशुद्ध हुने हो त्यस्तो हुँदैन भनिएको हो । अझि उत्तरोत्तर कोशिस गरी अरहत् पनि हुनसक्छ । सुमं. वि. II. पृ. ६०८: उदुम्बरिकसुत्तवण्णना ।

(४) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ। उ त्यो लाभसत्कार र यशकीर्तिद्वारा सन्तुष्ट हुन्न र सङ्कल्प परिपूर्ण भएको ठान्दैन।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(५) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्तिद्वारा आफूलाई उच्च र अर्कालाई नीच ठान्दैन।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(६) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ। उ त्यो तपस्याद्वारा लाभसत्कार र यशकीर्ति लाभी हुन्छ। उ त्यो लाभसत्कार र यशकीर्तिद्वारा मान गर्दैन, मूर्छित हुन्न र बेहोस हुन्न।...यसरी उ त्यो कारणबाट परिशुद्ध हुन्छ।

(७) "निग्रोध ! फेरि तपस्वीले तपस्या गर्छ। भोजनको विषयमा उसलाई 'यो मलाई मनपर्छ र यो मलाई मन पर्दैन' भन्ने दुविधा हुन्न। अनि जुन उसलाई मन नपर्ने हो त्यसलाई अनपेक्षी भई छाड्छ र जुन मनपर्छ त्यो निर्लोभी भई, अमूर्छित भई, त्यसैमा नअल्झिई, अपगुणलाई देख्ने भई तथा मुक्तिलाई जान्ने भई खान्छ।..यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(८) "निग्रोध ! फेरि तपस्वीले 'राजाहरूले, राजमहामात्यहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले तथा गृहपतिहरूले सत्कार गर्ने छन्' भन्ने लाभसत्कार र यशकीर्तिको आशा लिई तपस्या गर्दैन।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(९) "निग्रोध! फेरि तपस्वी—'कस्तो हो यो सम्बहुलजीवी आफूलाई श्रमण भनी मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज र पाँचौ बीजबीज समेत सबै खान्छ र दाँतहरू पनि असनिचक्र जस्ता छन्' भनी कुनै एक श्रमण वा ब्राह्मणलाई अप्रसन्न पार्ने हुन्न।.. यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१०) "निग्रोध! फेरि तपस्वीले कुनै एक ब्राह्मण वा श्रमण-लाई कुलहरूमा सत्कार गरेको, गौरव गरेको, मान गरेको तथा पूजा गरेको देख्दछ। देखेर उसको मनमा यस्तो हुन्न—'यस्ता सम्बहुलजीवी-लाई कुलहरूमा सत्कार गर्छन्, गौरव गर्छन्, मान गर्छन् र पूजा गर्छन्। तर यस्तो रुक्षजीवी मलाई भने कुलहरूमा सत्कार गर्दैनन्, गौरव गर्दैनन्, मान गर्दैनन् र पूजा गर्दैनन्।' यसरी उ कुलगृहमाथि ईर्ष्या र मात्सर्य उत्पन्न गर्ने हुन्न।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(११) "निग्रोध! फेरि तपस्वी मानिसहरू आउने जाने ठाउँमा बस्दैन।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१२) "निग्रोध! फेरि तपस्वी आफ्नो गुण देखाउँदै कुलहरूमा विचरण गर्दैन—'यो मेरो तपस्या हो, यो मेरो तपस्या हो।'...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१३) "निग्रोध! फेरि तपस्वीले कुनै काम नदेखिने गरी गर्दैन। (कसैले उसँग) 'यो तिमी रुचाउँछौ?' भनी सोध्दा, नरुचाएको-लाई 'रुचाउँदिन' र रुचाएकोलाई 'रुचाउँछु' भनी भन्छ।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१४) "निग्रोध! फेरि तपस्वीले धर्मोपदेश गरिरहेका तथागत वा तथागत श्रावकको उपदेशलाई अनुमोदनगर्न योग्यलाई अनुमोदन गर्छ।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१५) "निग्रोध! फेरि तपस्वी क्रोधी हुन्न र वैरभाव र वैरभाव राख्दैन।...यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

(१६) "निग्रोध! फेरि तपस्वी कृतघ्नी हुन्न, पलासी (=डाह गर्ने) हुन्न, ईष्यालु हुन्न, कंजूस हुन्न, सठ हुन्न, मायावी हुन्न, निर्दयी हुन्न, घमण्डी हुन्न, खराब विचार राख्ने हुन्न, खराब विचारको वशमा रहने हुन्न, मिथ्यादृष्टिक हुन्न, उच्छेददृष्टिले युक्त हुन्न र आफ्नै दृष्टि (=मत) लाई अँगाली त्यसैमा हठ गरी जिद्दी गर्ने हुन्न।... यसरी उ त्यस कारणबाट परिशुद्ध हुन्छ।

"निग्रोध! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध। यसमा तिमी के भन्दछौ?"

"भन्ते! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ।"

"निग्रोध! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न सारत्व प्राप्त पनि। यो त (वृक्षको) बोक्रा पाए जस्तै हो (पपटिकप्पत्ता)।"

अग्रत्व प्राप्त तपजुगुप्सा

"भन्ते! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व

प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्‌ले तपजुगुप्सालाई अग्रत्वमा र सारत्वमा पुऱ्याउनु भए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ । निग्रोध ! कसरी तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ भने— (१) निग्रोध ! यहाँ तपस्वीले प्राणीहिंसा गर्दैन, प्राणीहिंसा गराउँदैन र प्राणीहिंसा गर्नेलाई अनुमति पनि दिँदैन। (२) अदिन्नादान (=चोरी) लिँदैन, अदिन्नादान लिन लगाउन्न र अदिन्नादान लिनेलाई अनुमति पनि दिन्न । (३) मृषावाद गर्दैन, मृषावाद गर्न लगाउन्न र मृषावाद गर्नेलाई अनुमति पनि दिन्न । (४) पञ्चकामगुण सेवन गर्दैन, पञ्चकामगुण सेवन गराउन्न र पञ्चकामगुण सेवन गर्नेलाई अनुमति पनि दिन्न । निग्रोध ! यसरी तपस्वी चतुर्यामसंवरले संवृत्त हुन्छ ।

"निग्रोध ! जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै उसको तपस्यापन हुन्छ । यसरी उ उच्चतामै पुग्छ नीचतामा होइन[१] । अनि उ एकान्त निर्जनस्थानको सेवन गर्छ—अरण्य, पर्वत, कन्दर,

---

१. भनाइको तात्पर्य के हो भने—उ शीलादि गुणहरूलाई उत्तरोत्तर बढाउँदै लैजान्छ र यसरी शीलहरू अभिवृद्धि गरी उ एकान्त निर्जन स्थानमा बस्ने रुचि बढाउँछ। अर्थात् ध्यान बढाउन खोज्छ। त्यसैले सूत्रको अगाडि—'एकान्त निर्जन स्थानको सेवन गर्छ...' भनी उल्लेख भएको हो । सुमं. वि. II. पृ. ६०८–०९: उदुम्बरिक-सुत्तवण्णना ।

गिरीगुफा, मशान, जङ्गलको बाटो, खुला ठाउँ अथवा परालकुन्यु। अनि उ भिक्षाटनबाट फर्की भोजन पछि पलेटी मारी, शरीर सीधापारी, मुख अगाडि स्मृति (=श्वास प्रश्वासमा होस राखी) बस्छ। (१) अनि उसले आपनो शरीरबाट अभिध्या (=राग) लाई हटाई अनभिध्याले युक्त भई, अभिध्याबाट चित्त परिशुद्ध पार्छ, (२) ब्यापाद प्रदोषलाई हटाई अब्यापाद चित्तले युक्त भई सर्व भूतप्राणीहरू प्रति हितानुकम्पी भई विहार गर्छ र ब्यापाद प्रदोषबाट चित्त परिशुद्ध पार्छ। (३) थीनमिद्ध अर्थात् शारीरिक र मानसिक आलस्यपनलाई हटाई निरालस्यताले युक्त भई आलोकसंज्ञी (=आलोक कसिणको ध्यान) र स्मृतिसम्प्रजन्य भई विहार गर्छ, अनि थीनमिद्धबाट परिशुद्ध पार्छ, (४) उद्धच्चकुक्कुच्च अर्थात् शारीरिक र मानसिक अस्थिरपन अथवा अशान्तपनलाई हटाई स्थिरपन अथवा शान्तपनले युक्त भई अभ्यन्तर चित्त शान्तपारी विहार गर्छ र उद्धच्चकुक्कुच्चबाट चित्त परिशुद्ध पार्छ र (५) विचिकित्सा अर्थात् शंकासन्देहलाई हटाई कुशलधर्ममा निस्सन्देही भई विहार गर्छ र शंकासन्देहबाट चित्त परिशुद्ध पार्छ।

ब्रह्मविहार—"अनि यी पञ्चनीवरणहरूलाई हटाएर चित्तमा भएका उपक्लेशहरूलाई प्रज्ञाद्वारा कमजोरपारी उ (१) मैत्रीयुक्त चित्तलाई एक दिशामा दुतियदिशामा तृतीयदिशामा र चतुर्थदिशामा फैलाई बस्छ। यसरी माथि, तल, तेर्सो, सबै ठाउँमा, सबैतिर र सबै चक्रवाड लोकमा मैत्रीयुक्त चित्त फैलाई बस्छ। त्यस्तै गरी मैत्री विपुल चित्त, मैत्री महद्गत चित्त र मैत्री अप्रमाण चित्त फैलाई बस्छ र अवैर

अव्यापाद (=अद्वेष) चित्त फैलाई बस्छ । (२) करुणा चित्तलाई.... (३) मुदिता चित्तलाई... (४) उपेक्षा चित्तलाई... फैलाई बस्छ ।

"निग्रोध ! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ ।"

"निग्रोध ! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न, सारत्व प्राप्त पनि । यो त (वृक्षको) त्वच पाएको जस्तो हो (तचप्पत्ताहोति) ।

"भन्ते ! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्‌ले तपजुगुप्सालाई अग्रत्वमा पुऱ्याउनु भएर सारत्वमा पुऱ्याउनु भए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ । निग्रोध ! कसरी तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ भने ? — (१) निग्रोध ! यहाँ तपस्वीले प्राणीहिंसा गर्दैन,...[१] निग्रोध जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै उसको तपस्यापन हुन्छ । यसरी उ उच्चतामै पुग्छ, नीचतामा होइन । अनि उ एकान्त निर्जन स्थानको

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ३०४ मा लेखे अनुसार दोहऱ्याई पढ्नू ।

सेवन गर्छ...[१] अनि यो पञ्चनीवरणहरूलाई हटाएर...[२] मैत्रीयुक्त चित्तलाई ...[३] करुणायुक्त चित्तलाई... मुदितायुक्त चित्तलाई... उपेक्षा-युक्त चित्तलाई...[४] फैलाई बस्छ। अनि उसले अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ, जस्तै—एक जन्म...[५]। यसरी आकार सहित, उद्देश्य (=नाम र गोत्र) सहित अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ।

"निग्रोध! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध यसमा तिमी के भन्दछौ?"

"भन्ते! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ।"

"निग्रोध! यत्तिकैमा तपजुगुप्सा अग्रत्व प्राप्त पनि हुन्न, सारत्व

---

१. यहाँका बाँकी कुरा पनि माथि पृ. ३०४ मा लेखे बमोजिम पढ्नू।

२. यहाँका बाँकी कुरा पनि माथि पृ. ३०५ मा लेखे बमोजिम पढ्नू।

३. यहाँका बाँकी कुरा पनि माथि पृ. ३०६ मा झैं पढ्नू।

४. यहाँका बाँकी कुरा पनि माथि पृ. ३०६ मा झैं पढ्नू।

५. यहाँका बाँकी कुराहरू बु. ब्रा. भा—२, पृ. १९८ मा लेखे बमोजिम पढ्नू।

प्राप्त पनि । यो त (वृक्षको) फल्गु[1] पाएको जस्तै हो (फेग्गुप्पत्ता-होति) ।"

"भन्ते ! कतिसम्ममा अथवा कस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ ? भन्ते ! भगवान्‌ले तपजुगुप्सालाई अग्रत्वमा पुऱ्याउनु भए सारत्वमा पुऱ्याउनु भए बेश हुने थियो ।"

"निग्रोध ! यहाँ तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ ।... निग्रोध ! जब तपस्वी चातुर्यामसंवरले संवृत्त हुन्छ तब यही नै उसको तपस्यापन हुन्छ । यसरी उ उच्चतामै पुग्छ र नीचतामा होइन । अनि उ एकान्त निर्जन स्थानको सेवन गर्छ... अनि उसले अनेकविध पूर्व-जन्मका कुराहरू अनुस्मरण गर्छ, जस्तै—एक जन्म ... । यसरी आकार सहित र उद्देश्य सहित अनेकविध पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका र उत्पन्न भएका सत्वहरूलाई देखदछ (=जान्दछ) आ-आफ्ना कर्मानुसार नीच-उच्च, सवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देखदछ—

---

१. कुनै रुखको सबभन्दा बाहिरको वस्तुलाई 'बोक्रा' (पपटिक), बोक्राको भित्रको वस्तुलाई छाला (तच), त्यसको भित्रको वस्तुलाई फल्गु (फेग्गु) र त्यसभन्दा पनि भित्री भागको वस्तुलाई काठ (सार) भनिएको हो । सुमं. वि. II. पृ. ६०८–०९: उदुम्बरिक-सुत्तवण्णना ।

'यी सत्वहरू कायदुश्चरितले युक्त भई,...[1] यी सत्वहरू कायसुचरितले युक्त भई,...[1] मरणोप्रान्त सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका, उत्पन्न भएका सत्वहरूलाई देखदछ र आ-आफ्ना कर्मानुसार नीच-उच्च, सुवर्ण दुर्वर्ण, सुगति-दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देखदछ।

"निग्रोध! यदि यस्तो भएमा तपजुगुप्सा परिशुद्ध हुन्छ वा अपरिशुद्ध यसमा तिमी के भन्दछौ?"

"भन्ते! यदि यस्तो भएमा अवश्य पनि तपजुगुप्सा परिशुद्ध हुन्छ, अपरिशुद्ध हुन्न, अग्रत्व प्राप्त र सारत्व प्राप्त पनि हुन्छ।"

"निग्रोध! यतिसम्ममा अथवा यस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ[2]। निग्रोध! जो तिमीले मसँग—'भन्ते! कुन चाहिं त्यो भगवान्‌को धर्म हो जसद्वारा भगवान्‌ले (आफ्ना) श्रावकहरूलाई विनीत पार्नु हुन्छ र जसद्वारा भगवान्‌का श्रावकहरू विनीत भई आस्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन्? भनी सोध्यौ—निग्रोध! यही त्यो कारण हो। अरु यो भन्दा पनि उत्तरोत्तर र प्रणीततर कारण छ जसद्वारा श्रावकहरूलाई विनीत पार्दछु, जसद्वारा विनीत भई श्रावकहरू आस्वस्त भई आदिब्रह्मचर्यको अभिप्रायलाई जान्दछन्।"

---

१. यहाँका बाँकी कुराहरू बु. ग्रा. भा–२, पृ. २७८ को 'द्वितीयविद्या'

मा उल्लेख भए अनुसार पढ्नू ।

२. 'यतिसम्ममा अथवा यस्तो भएमा तपजुगुप्सा अग्रत्व प्राप्त र सारत्व प्राप्त हुन्छ' भनी जुन कुरा भन्नुभयो त्यो तीर्थीयहरूको मत अनुसार भन्नुभएको हो ।

तीर्थीयहरूको सिद्धान्त अनुसार लाभसत्कार चाहिं रुखका हाँगाबिगा जस्तै हुन् । पञ्चशील चाहिं रुखको बोक्रा जस्तै हो । अष्टसमापत्ति चाहिं रुखको त्वच जस्तै हो । पूर्वनिवासानुस्मृति अभिज्ञा-ज्ञान चाहिं रुखको फल्गु जस्तै हो । दिव्यचक्षु-ज्ञानलाई चाहिं अरहत् सम्झी विचरण गर्छन् । त्यसैले त्यो चाहिं उनीहरूको-निमित्त रुखको सारवत् काठ जस्तै हो ।

बुद्ध धर्ममा चाहिं — लाभसत्कार रुखका हाँगाबिगा जस्तै हुन् । शीलसम्पदा रुखको बोक्रा जस्तै हो । ध्यान समापत्तिहरू चाहिं रुखका त्वच जस्तै हुन् । लौकिक अभिज्ञा-ज्ञानहरू चाहिं रुखका फल्गु जस्तै हुन् । मार्गफलहरू चाहिं रुखका सारवत् काठ जस्तै हुन् । यसरी आफ्नो शासनलाई भगवान्‌ले लटरम्म परी फल फलेको रुख समान देखाउनु भएको हो । सुमं. वि. II. पृ. ६०९: उदुम्बरिकसुत्तवण्णना ।

यस्तो भन्नु हुँदा ती परिब्राजकहरूले[१] उन्नाद तथा उच्चशब्द र महाशब्द गर्नथाले—"अहो हामीहरू आचार्यका साथ यहाँ नाश भयौं[२]! हामीहरू यो भन्दा उत्तरोत्तर[३] जान्दैनौं।"

---

१. निग्रोध परिब्राजकका ३०० जति परिवार परिब्राजकहरू। सुमं. वि. II. पृ. ६०९: उदुम्बरिकसुत्तवण्णना।

२. यो वाक्यको स्पष्टिकरण दिंदै अट्ठकथाले यसरी लेखेको छ—

"हामीमा अचेलकता मात्र पनि छैन भने कहाँबाट परिशुद्धिता? हामीमा परिशुद्धिता मात्र पनि छैन भने कहाँबाट चातुर्याम संयमता? चातुर्यामसंवर नहुनेको कहाँबाट अरण्यवास? अरण्यवास नै छैन भने कहाँबाट नीवरण प्रहाणादि? नीवरण प्रहाण नै छैन भने कहाँबाट ब्रह्मविहार, ब्रह्मविहार मात्र पनि छैन भने कहाँबाट पूर्वेनिवासादिज्ञान? पूर्वेनिवासज्ञान मात्र पनि छैन भने कहाँबाट हामीमा दिव्यचक्षु आदि ज्ञान हुनु? अतः यस विषयमा हामी आचार्यका साथ नाश भयौं" भनी भनेका हुन् भनी सुमं. वि. II. पृ. ६०९: उदुम्वरिकसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. यो दिब्यचक्षु-ज्ञानभन्दा अधिक अर्को विशेष ज्ञान सम्बन्धीका कुरा हामीले श्रुतिको रूपले पनि जानेका छैनौं भनी भनिएको हो भनी सुमं. वि. II. पृ. ६०९: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ।

निग्रोध परिव्राजकको पश्चात्ताप

जब सन्धान गृहपतिले—"यी अन्यतीर्थीय परिव्राजकहरूले अब भने भगवान्का कुरा सुन्ने छन्, कान थाप्ने छन्, जान्नकोनिमित्त चित्त झुकाउने छन्" भन्ने कुरा बुझे तब निग्रोध परिव्राजकलाई यस्तो भने[1]—

---

१. सन्धान गृहपतिको मनमा यस्तो लाग्यो—

"यी परिव्राजकहरूले अब भने भगवानको कुरालाई सुन्ने छन् । निग्रोध परिव्राजकले भगवान्को पछाडि भगवान्लाई कर्कश र आक्षेप बोली बोलेका थिए । अहिले त यिनी पनि कुरा सुन्न चाहन्छन् । यिनको मान अहंकारलाई पतन गराई भगवान्को शासनतिर घँचेड्ने यही ठीक समय हो ।"

यस्तो मनमा लागेपछि अगाडि उनको मनमा यस्तो पनि लाग्यो—

"यदि मैले नभनेको खण्डमा यिनले भगवान्सँग क्षमा माग्ने छैनन् र जुन उनकोनिमित्त भविष्यको लागि अहित र दुःखको कारण हुनेछ । मैले भनेको खण्डमा यिनले भगवान्सँग क्षमा माग्ने छन् र जुन उनकोनिमित्त दीर्घकालसम्मको लागि हित र सुख हुनेछ ।"

त्यसैले उनले अगाडिका कुराहरू भनेका हुन् भनी सुमं-वि. II. पृ. ६०९–१०: उदुम्बरिकसुत्तवण्णनाले लेखेको छ ।

"भन्ते ! निग्रोध ! तपाइले जो मलाई यस्तो भन्नुभयो—'हे गृहपति ! जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्छन्, कोसँग साकच्छा गर्छन् र कोसँग प्रज्ञाव्यक्त गर्छन् ? शून्यागारमा बसेका श्रमण गौतमको प्रज्ञा पनि विनाश भइसक्यो। परिषद् विना बस्ने श्रमण गौतम कुराकानी गर्न पनि असमर्थ छन्। (प्रश्न सोध्ला भन्ने डरले) एकान्त एकान्तमै बस्छन्। जस्तै कानो गाई गाईको जमातबाट दूर भई एक्लै एक्लै हिड्छ त्यस्तै गरी श्रमण गौतमको प्रज्ञा पनि शून्यागारको कारणले विनाश भइसक्यो। श्रमण गौतम परिषद् विना एक्लै विचरण गर्छन्, कुराकानी गर्न असमर्थ छन्, उनी एकान्त एकान्तमै बस्छन्। अतः गृहपति ! यदि श्रमण गौतम यो परिषद्मा आएका भए एकै प्रश्नद्वारा उनलाई नाजवाफ पार्ने थियौं र खाली घैंटोलाई यताउता घुमाउने झैं घुमाउने थियौं।'

"भन्ते ! अब वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध यहाँ आउनु भएको छ। (सक्नुहुन्छ भने अब वहाँलाई) कानो गाई एक्लै विचरण गरे जस्तै परिषद् विना वहाँलाई एक्लै बस्ने बनाउनु होस्। खाली घैंटोलाई यताउता घुमाउने झैं वहाँलाई एक प्रश्नद्वारा नाजवाफ पार्नु होस्।"

यस्तो भन्दा निग्रोध परिव्राजक चूपलागी नाजवाफ भई शीर निहुर्याई मुख तलतिरपारी चिन्तित भई केही नबोली बसे। अनि चूपलागी नाजवाफ भई शीर निहुर्याई मुख तलतिरपारी चिन्तित भई केही

नबोली बसिरहेका निग्रोध परिव्राजकलाई भगवान्‌ले यस्तो भन्नुभयो —"निग्रोध ! साँच्चै हो के तिमीले यो कुरा भनेको ?"

"भन्ते ! साँच्चै हो । वालकले जस्तै मूढले जस्तै र मूर्खले जस्तै मैले यो कुरा भनेको हुँ ।"

"निग्रोध ! तिमीले परिब्राजकका वयोवृद्धहरू, जेठापाकाहरू र आचार्य प्राचार्यहरूले कस्तो भनेका सुनेका छौ ?—'जो ती अतीत समयमा अरहन्त सम्यक्‌सम्बुद्धहरू थिए वहाँ भगवान्‌हरू यसरी एकत्रित भेला भई उन्नाद गरी उच्चशब्द र महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथाहरू भन्दै बस्नु भएको थियो ?...जस्तै अहिले साचरिक तिमी अथवा वहाँ भगवान् अरहन्त सम्यक्‌सम्बुद्धहरू यसरी अरण्यवन-पथपन्तशयनासनहरू सेवन गर्दथे...जस्तै अहिले भगवान् ? यस विषयमा तिमी के भन्दछौ ?"

"भन्ते ! मैले परिब्राजकहरूका वयोवृद्धहरू, जेठापाकाहरू र आचार्य प्राचार्यहरूले यस्तो भनेका सुनेको छु कि—जो ती अतीत समयमा अरहन्त सम्यक्‌सम्बुद्धहरू थिए वहाँ भगवान्‌हरू यसरी एकत्रित भेला भई उन्नाद गरी उच्चशब्द र महाशब्द गरी अनेक प्रकारका तिरश्चीन कथाहरू गर्दै बसेका थिएनन् ..जस्तै अहिले साचरिक म बरु वहाँ भगवान् अरहत् सम्यक्‌सम्बुद्धहरू यसरी अरण्यवनपथपन्तशयनासन-हरू सेवन गर्दथे . जस्तै अहिले भगवान् ।"

"निग्रोध ! तिमी जस्ता विज्ञ तथा वयोवृद्ध पुरुषलाई यस्तो पनि लागेन कि –बुद्ध हुनु भएका वहाँ भगवान्‌ले बोधार्थ धर्मोपदेश

गर्नु हुन्छ[१], दान्त हुनु भएका वहाँ भगवान्‌ले दान्त पार्नकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ, शान्त हुनु भएका वहाँ भगवान्‌ले शान्त पार्नकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ[२], उत्तीर्ण हुनु भएका वहाँ भगवान्‌ले उत्तीर्ण गराउनकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ[३] र परिनिर्वाण हुनु भएका[४] वहाँ भगवान्‌ले परिनिर्वाण गराउनकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ ?"

---

१. स्वयं चतुरार्यसत्यलाई बोध गरी बुद्ध हुनु भई सत्वहरूलाई पनि चतुरार्यसत्यको कुरा बोध गराउनकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो । सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्तवण्णना ।

२. आफूले स्वयं चक्षु आदि इन्द्रियहरूलाई दमन गरी अरू मानिसहरूलाई पनि चक्षु आदि इन्द्रियहरू दमन गराउनकोनिमित्त र आफूले स्वयं रागादिलाई शान्त पारी शान्त भई अरूलाई पनि रागादि विनाश गरी शान्त पार्ने धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो । सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्तवण्णना ।

३. आफू स्वयं काम-ओघ, भव-ओघ, दृष्टि-ओघ तथा अविद्या-ओघबाट पारतरी अरूलाई पनि पारतराउनकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो । सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्तवण्णना ।

४. आफू स्वयं क्लेश परिनिर्वाणबाट परिनिर्वाण भएर अरूलाई पनि सबै प्रकारका क्लेशहरूबाट मुक्त पारी परिनिर्वाण गराउनकोनिमित्त धर्मोपदेश गर्नु हुन्छ भनी भनिएको हो । सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्तवण्णना ।

निग्रोधले आफ्नो गल्ती स्वीकारे

यस्तो भन्नुहुँदा निग्रोध परिव्राजकले भगवान्‌सँग यस्तो विन्ति गरे—

"भन्ते ! वालकको जस्तै, मूढको जस्तै तथा मूर्खको जस्तै गल्ती मबाट हुनगयो जो कि मैले भगवान्‌लाई यस्तो भनें । भन्ते ! सो मलाई भविष्यमा संयम गर्नकोनिमित्त भगवान्‌ले गल्तीलाई गल्ती भनी स्वीकार गर्नुहोस् अर्थात् क्षमा गर्नुहोस् ।"

"निग्रोध ! ठीकै छ, वालकले जस्तै, मूढले जस्तै तथा मूर्खले जस्तै तिमीले गल्ती गऱ्यौ जो कि तिमीले मलाई यस्तो भन्यौ । तर निग्रोध ! जब कि तिमीले आफ्नो गल्तीलाई गल्ती भनी देखेर (जानेर) क्षमा माग्यौ हामी त्यो स्वीकाछौं (=क्षमा दिन्छौं) । निग्रोध ! आर्यको विनयमा यो बृद्धि नै हो जसले आफ्नो गल्तीलाई गल्ती भनी जानेर धर्मपूर्वक क्षमा माग्छ र भविष्यमा संयम गर्छ । निग्रोध ! म त यस्तो भन्दछु--'कोहीं अशठ अछली (अमायावी) सोझो स्वभावको विज्ञपुरुष आओस्—म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु । उपदेश अनुसार आचरण गरेमा—जसकोनिमित्त कुलपुत्रहरू सम्यक्‌रूपले आगारबाट अनगारिय भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यको अन्त्यलाई सात वर्षमा अर्थात् यसैं जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदय भई विहार गर्ने छन् । निग्रोध ! सात वर्षको कुरो छाडिदेऊ । कोही अशठ अछली सोजो स्वभावको विज्ञपुरुष आओस्—म

अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु। उपदेश अनुसार आचरण गरेमा— ...छ वर्षमै अर्थात् यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्ने छ। ...पाँच वर्षमै...चार वर्षमै... तीन वर्षमै .. दुइ वर्षमै...एक वर्षमै...सात महीनामै...छ महीनामै .. पाँच महीनामै .. चार महीनामै...तीन महीनामै...दुइ महीनामै...एक महीनामै...आधा महीनामै यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्ने छन्। निग्रोध! आधा महीनाको कुरो छाडिदेऊ। कोही अशठ अछली सोजो स्वभावको विज्ञपुरुष आओस्—म अनुशासन गर्नेछु, म धर्मोपदेश गर्नेछु। उपदेश अनुसार आचरण गरेमा—जसकोनिमित्त कुलपुत्रहरू सम्यक्रूपले आगारबाट अनगारिय भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यको अन्त्यलाई यसै जीवनको एकै हप्तामा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्नेछ[1]।

शिष्य बनाउनकोनिमित्त उपदेश गरिएको होइन

(१) "निग्रोध! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि—'शिष्य बनाउनकोनिमित्त श्रमण गौतम हामीलाई यस्तो भन्दछन्।' निग्रोध! यसरी हेर्नु पर्दैन। जो तिम्रा आचार्य हुन् उनी नै तिम्रा आचार्य रहुन्। (२) निग्रोध! शायद तिमीलाई यस्तो लाग्न सक्छ

१. यहाँ जुन कुराहरू सात वर्षदेखि लिएर सात दिनसम्ममा ब्रह्मचर्यको अन्त्यमा पुग्ने कुरा उल्लेख भएका छन् ती सबै तीक्ष्ण प्रज्ञा नहुने

पुरुषहरूलाई लक्ष गरी भनिएको हो र तीक्ष्ण प्रज्ञा हुनेले त एकै छिनमै ब्रह्मचर्य पूरा गर्न सक्छ भनी सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

भगवान्‌ले किन अशठ पुरुष आदि भनी भन्नुभएको हो भन्ने कुराको सम्बन्धमा उक्त वण्णनाले यसरी पष्टिकरण दिएको छ—

शठ पुरुष चाहिं टेढो टेढो जान्छ । अशठ पुरुष सीधा जान्छ । सोझो पुरुषलाई म उपदेश गर्छु र टेढो पुरुषलाई भने म पनि उपदेश गर्न सक्दिन भनी भनिएको हो । विशेष गरी यहाँ निग्रोध परिब्राजकको टेढो तथा ढोंगीपनलाई औंल्याउनु हुँदै वहाँले 'अशठ पुरुष... आओस्' भनी भन्नुभएको हो । परिब्राजक ढोंगी तथा टेढो स्वभावको भएको हुँदा उनलाई मानो खुट्टामा समाती महामेरुको फेदीमा फ्याके जस्तै फ्याक्नु भएको हो । किनभने—यिनी अति शठ तथा कुटिल स्वभावका थिए । बुद्धले यसरी धर्मोपदेश गर्दा पनि बुद्ध धर्म तथा संघ प्रति उनी प्रसन्न हुन सकेका थिएनन् । प्रसन्न हुनकोनिमित्त कान थाप्नेसम्म पनि नियत गरेका थिएनन् । ढोंगी स्वभावमा बसेर नै (कोहञ्ञेठितो) उनले शास्ता-सँग क्षमा मागेका हुन् । अतः भगवान्‌ले यिनकै मनोभावनालाई बुझ्नु भई—'कोही अशठ अछली सोझो स्वभाको विज्ञ पुरुष आओस्' भनी भन्नु भएको हो भनी सुमं. वि. II. पृ. ६१०: उदुम्बरिकसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

कि—'हाम्रा उद्देश्यबाट च्युत गराउनकोनिमित्त श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी हेर्नु पर्दैन । जो तिम्रो उद्देश्य हो त्यही नै तिम्रो उद्देश्य रहोस् । (३) निग्रोध ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि—'हाम्रो आजीवनबाट च्युत गराउनकोनिमित्त श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी हेर्नु पर्दैन । जो तिम्रो आजीवन हो त्यही नै तिम्रो आजीवन रहोस् । (४) निग्रोध ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि—'जो हामीहरूका आचार्यहरूका अकुशल वा अकुशल खण्डमा पर्ने धर्महरू हुन् त्यसैमा राख्ने विचारले श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी पनि हेर्नु पर्दैन । तिम्रा आचार्यहरूका जुन धर्महरू अकुशल वा अकुशल खण्डमा पर्ने हुन् सोही धर्महरू नै हुन् । (यसमा मलाई केही चासो छैन) । (५) निग्रोध ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि—'जो हामीहरूका आचार्यहरूका कुशल वा कुशल खण्डमा पर्ने धर्महरू हुन् तिनीहरूको विवेचन गराउने उद्देश्यले श्रमण गौतम यस्तो भन्दैछन् ।' निग्रोध ! यसरी पनि हेर्नु पर्दैन । तिम्रा आचार्यहरूका जुन धर्महरू कुशल वा कुशल खण्डमा पर्ने हुन् सोही धर्महरू नै हुन् । अतएव हे निग्रोध ! न त म शिष्य बनाउनकोनिमित्त यस्तो भन्दछु, न त उद्देश्यबाट च्युत गराउनकोनिमित्त यस्तो भन्दछु, न त आजीवनबाट च्युत गराउनकोनिमित्त यस्तो भन्दछु, न त तिम्रा आचार्यहरूका अकुशल वा अकुशल खण्डमा पर्ने धर्महरूमा राख्नकोनिमित्त यस्तो भन्दछु, न त तिम्रा आचार्यहरूका कुशल वा कुशल खण्डमा पर्ने धर्महरूको विवेचन गराउनकोनिमित्त यस्तो भन्दछु । बल्कि निग्रोध ! यहाँ त्यस्ता अकुशल धर्महरू छन् जसलाई नहटाउनाको

कारणले गर्दा संक्लेशनीय, पुनर्भविक, पीडादायी, दुःखविपाकी र जन्म-जरामरणीय भविष्य हुन्छ—त्यसैलाई हटाउनकोनिमित्त म धर्मोपदेश गर्दछु। जस अनुसार प्रतिपादन गर्दा संक्लेशकारी धर्महरू हट्ने छन् र विशुद्धकारी धर्महरू बढ्ने छन्, प्रज्ञा परिपूर्ण भई वैपुल्यता प्राप्त भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्ने छन्[१]।"

यस्तो भन्नुहुँदा मारले[२] उनीहरूको चित्तलाई आफ्नो बन्धनमा राखेको हुँदा—परिब्राजकहरू चूपलागी, नाजवाफ भई, शीर निहुऱ्याई, मुख तलतिर पारी र चिन्तित भई केही नबोली बसिरहे। अनि भगवान्‌लाई यस्तो लाग्यो—"यी सबै मोघपुरुषहरूलाई पापी मारले आफ्नो वशमा राखेको छ। त्यसैले एकजनाको मनमा पनि यस्तो लागेन कि—'म ज्ञानप्राप्तिकोनिमित्त श्रमण गौतमकहाँ ब्रह्मचर्य पालन गर्नेछु।

---

१. भनाइको तात्पर्य—जब मार्ग प्रज्ञा परिपूर्ण गरी मार्ग वैपुल्यतामा पुग्नेछौ तब तिमीहरू आफै आफैले 'मार्ग प्रज्ञा र फल प्रज्ञालाई स्वयं साक्षात्कार गरी बस्नेछौ' भनी भनिएको हो। सुमं. वि. II. पृ. ६११: उदुम्बरिकसुत्तवण्णना।

यसरी परिब्राजकहरूको कारणमा आफ्नो अववाद अनुशासन बलद्वारा अरहत् मार्गको सिखरसम्म पुऱ्याई भगवान्‌ले आफ्नो उपदेशको क्रमलाई टुँग्याउनु भयो।

२. जस्तै मारको वशमा पर्दा कुनै पुरुष केही नबोली चूप लागेर बस्ने

हो त्यस्तै गरी उनीहरू पनि मारको वशमा परी केही भन्न नसकी चूप लागेर वसेका थिए ।

"खूबसँग गर्जन गरी बुद्धवल प्रकाश पार्नुको साथै यी शास्ता परिब्राजकहरूलाई धर्म-प्रकाश पार्दै हुनुहुन्छ । कुनैदिन यिनीहरूले धर्माभिसमय प्राप्त गर्न सक्नेछन् । अत: यिनीहरूको चित्तलाई वशमा लिनुपर्‍यो" भन्ने सोर्चा मारले उनीहरूको चित्तलाई आफ्नो वशमा राखेको थियो । विपल्लास नहटेका पुरुषहरूलाई मारले जस्तो चाह्यो त्यस्तो गर्न सक्छ । त्यसैले उनीहरू पनि मारको बन्धनमा परी अङ्गप्रत्यङ्ग स्तव्ध पारी चूप लागेर वसे ।

जब यिनीहरू निःशब्द भई चूप लागेर बसे तब भगवान्‌ले किन यिनीहरू चूप लागेर वसेका रहेछन् भनी विचार गरी हेर्दा—मारद्वारा वशमा राखेको कुरा बुझ्नु भयो । यदि उनीहरूमा मार्गफल प्राप्त हुने कुनै हेतु भएको भए अवश्य पनि भगवान्‌ले मारको बन्धनलाई हटाएर भए पनि धर्मोपदेश गर्नु हुने थियो होला । तर उनीहरूमा त्यस्तो कुनै हेतु थिएन । उनीहरू सबै मार्गफल प्राप्त हुने हेतुबाट तुच्छ थिए र भगवान्‌ले यो कारणलाई पनि जान्नुभयो । त्यसैले सूत्रको अगाडि 'यी मोघपुरुषहरूलाई पापी मारले आफ्नो वशमा राखेको छ' भनी 'मोघ' शब्द प्रयोग गर्नु भएको हो भनी सुमं. वि. II. पृ. ६११: उदुम्बरिकसुत्तवण्णनाले लेखेको हो ।

एक सप्ताहले के गर्ला र[१]!" अनि उदुम्बरिकाको परिव्राकाराममा सिंहनाद[२] गरी भगवान् आकाशमाथि गई गृद्धकूट पर्वतमा उपस्थित हुनुभयो। सन्धान गृहपति पनि उसैबेला राजगृहमै फर्केर गए[३]।

---

१. भनाइको तात्पर्य यो हो कि 'भगवान्ले स्वयं साक्षात्कार गरी विहार गर्नकोनिमित्त एक साता मात्र भए पुग्छ भन्नुभएको छ। अतः एक सातासम्म परीक्षा गर्दा के होला र' भन्नेसम्म पनि उनीहरू कसैको मनमा लागेन भनिएको हो। कसैले ज्ञान बोध गर्ने चित्तसम्म पनि उत्पन्न गरेनन् भनिएको हो। सुमं. वि. II. पृ. ६११–१२: उदुम्बरिकसुत्तवण्णना।

२. यहाँ 'सिंहनाद' भनी निर्भीक नादलाई भनिएको हो। परवादलाई खण्डित गर्न र आफ्नो वादको पुष्टचाइ गर्नमा निर्भीक भएको नादलाई 'सिंहनाद' भनिएको हो। सुमं. वि. II. पृ. ६१२: उदुम्बरिकसुत्तवण्णना।

३. यो उपदेश सुनेर ती कुनै पनि परिव्राजकहरूले कुनै विशेषता प्राप्त गर्न सकेनन्। तर भविष्यकोनिमित्त भने उनीहरूको लागि हेतु वासना हुनेछ भनी सुमं. वि. II. पृ. ६१२: उदुम्बरिकसुत्तवण्णनाले उल्लेख गरेको छ।

१८. साल्ह मृगारनाती

प रि च य

यो 'मृगारनाती' (मिगारनत्ता) साल्ह भन्ने कसका नाति रहेछन् भन्ने विषयमा सर्वप्रथम उपलब्ध कारणहरूमाथि विचार गर्नु आवश्यक ठान्दछु।

'मृगारनाती' भन्ने शब्द सुत्तपिटकको अङ्गुत्तरनिकायको तिकनिपातको साल्हसुत्त (पृ. १७९) मा र अर्को चाहिं बिनयपिटकको पाचित्तियपालिको भिक्खुनी विभङ्गको पठमपाराजिक (पृ. २८३) मा पाइन्छ।

उपरोक्त 'मिगारनत्ता' (=मृगारनाती) शब्दको अर्थ उल्लेख गर्दै अङ्गुत्तरनिकायट्ठकथा (I. पृ. ४१९) साल्हसुत्तवण्णनाले यसरी लेखेको छ—

"मिगारनत्ता ति मिगारसेट्ठिनो नत्ता" अर्थात्—मृगारनाती भनेको मृगारश्रेष्ठीको नाति हुन्।"

विनयअट्ठकथा समन्तपासादिका (II. पृ. ९३५) भिक्खुनी-विभङ्ग पठमपाराजिक सिक्खापदवण्णनाले चाहिं—

"...साल्हो मिगारनत्ता ति एत्थ साल्हो ति तस्स नामं; मिगारमाताय पन नत्ता होति, तेन वुत्तं—'मिगारनत्ताति' " अर्थात्—साल्ह मृगारनाती भनेकोमा यहाँ 'साल्ह' भनेको उनको नाम हो र यी मृगारमाताका नाति हुन्। त्यसैले (मूल पालिमा) 'मृगारनाती' भनिएको हो।

अब 'मृगारश्रेष्ठी' भन्ने र 'मृगारमाता' भन्ने को हुन् भन्ने विषयमा पनि दृष्टिपात गरौं।

'मृगारश्रेष्ठी' भनेका श्रावस्तीवासी एक महाधनी सेठ हुन्। यिनका पूर्णवर्धन भन्ने एक पुत्र थिए। जसकी पत्नी विशाखा महा-उपासिका थिइन्। (बु. म. भा–१, पृ. ३९, ४०, ९८) एकदिन मृगारश्रेष्ठी खुशी भएर विशाखा महाउपासिकालाई अर्थात् आफ्नी बुहारीलाई मातृस्थानमा राखे (बु. म. भा–१, पृ. ५०)। त्यहाँदेखि उनको नाम 'मृगारमाता' भन्ने रहन गएको हो (बु. म. भा–१, पृ. ४८)। अतः 'मृगारमाता' भन्ने मृगारश्रेष्ठी की बुहारी विशाखा महाउपासिका हुन्।

अब यहाँ प्रश्न उठ्छ कि त्यसोभए 'मृगारनाती' भनेको मृगार-श्रेष्ठीको नाति भनिएको हो कि 'मृगारमाताको' अर्थात् विशाखा महाउपासिकाको नाति भनिएको हो त ?

माथि उल्लेख भएका अट्ठकथाहरूको भनाइमा परस्पर मेल खान्न। माथिल्लो अर्थात् अङ्गुत्तरनिकायट्ठकथाले 'मृगारश्रेष्ठीको नाति' भनी स्पष्ट शब्दले लेखेको छ भने तल्लो अर्थात् समन्तपासादिकाले मृगारमाता अर्थात् विशाखा महाउपासिकाको नाति भनी उल्लेख गरेको छ।

यदि विशाखा महाउपासिकाको नाति हो भने मृगारसेठको पनाति हुन आउँछ।

अतः विभिन्न पक्षबाट हेर्दा अङ्गुत्तरअट्ठकथाले दिएको अर्थ नै बढी उपयुक्त ठहरिन आउँछ।

यदि मृगारमाताको नाति हो भन्ने समन्तपासादिकाको कुरालाई मान्ने हो भने यो कुरा युक्तियुक्त देखिदैन। किनभने विशाखाको विवाह १५।१६ वर्षको उमेरमा भएको थियो (बु. म. भा–१, पृ. २५)। भगवान् बुद्धसँग सर्वप्रथम भेट हुंदा विशाखाको उमेर ७ वर्षको थियो भनी बुद्धकालीन महिला भा–१, पृ. २१ मा पनि उल्लेख गरेको छ। यो भेटको समय बुद्धको वैशालीको पाँचौ वर्षावास पछि हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ। अनि १६ वर्षको उमेरमा विवाह भएकी विशाखाले १७ वर्षको उमेरमा सन्तान जन्माएकी भए पनि त्यसको पनि सन्तान हुनकोनिमित्त अर्थात् नाति पाउनकोनिमित्त घटीमा अर्को १७ वर्ष जति आवश्यक देखिन्छ। यतिञ्जेलसम्म विशाखाको उमेर ३४ वर्ष पुगिसक्छ। विशाखाको उमेर ३४ वर्ष

पुग्दा बुद्धको वर्षावास ३९ वर्ष पुग्छ र परिनिर्वाण हुनकोनिमित्त ६ वर्षावास मात्र बाँकी रहेको हुन्छ । यस परिप्रेक्षमा अगाडि अनुदित दोश्रो मूल पालिमाथि विचार गर्दा त्यहाँ जुन मृगारनाती साल्हले सुन्दरीनन्दा भिक्षुणीसँग कायसंसर्ग गरेको कुरो उल्लेख भएको छ— यो कायसंसर्ग विशाखाको नातिबाट हुन गएको हो भनी भन्न गाह्रो पर्छ ।

अतः यी कारणहरूमाथि विचार गर्दा समन्तपासादिकाको कुरा भन्दा अङ्गुत्तरनिकायट्ठकथाको कुरा बढी व्यावहारिक र युक्तियुक्त देखिन आउँछ ।

× × ×

एकदिन यी साल्ह मृगारनाती पेखुनिय भन्ने एक सेठका नातिसँग तथा अरू पनि दाश कामदारहरूसँग बिहानको खाना खाइसके-पछि एक प्रश्न सोध्ने विचारले आयुष्मान् नन्दककहाँ गएका थिए । अनि उनीहरू आएको कारण बुझी वहाँले उनीहरूलाई[1] "आऊ हे साल्ह ! ..." भनी आमन्त्रण गर्नुभई अगाडि अनुदित पहिलो सूत्रका कुरा निकाल्नु भएको हो । यसको सिलसिलामा वहाँले उनीहरूलाई

---

१. मनो. र. पू. I. पृ. ४१९ः साल्हसुत्तवण्णना, महावग्गोदुतियो, तिक-निपातवण्णना ।

अनुश्रुति परम्पराबाट मात्रै कुनै कुरालाई ग्रहण गर्नु पर्दैन भन्ने जस्ता उपदेश गर्नुभयो । जुन कुरा अगाडिकै सूत्रमा प्रष्ट भएको छ ।

अगाडिको दोश्रो अनुदित मूल पालिमा चाहिं साल्ह मृगारनातीले भिक्षुणीहरूकोनिमित्त एक विहार बनाइदिन चाहेको र त्यो विहार बनाउने काममा दिनहुँ जसो भेटघाट हुनाको कारणले गर्दा सुन्दरीनन्दा भिक्षुणी प्रति उनको चित्त आसक्त भएको र सो भिक्षुणीको चित्त पनि उनी प्रति आसक्त भएको कुरा प्रष्टसँग बुझिन्छ । यसो हुँदाहुँदै उनीहरू आपसमा बिग्रेका र साल्हको तरफबाट गर्भधारण भएपछि स्पष्टरूपले गर्भ नदेखुन्जेलसम्म सुन्दरीनन्दा भिक्षुणीले गुपचुप गरी राखी पछि प्रकटरूपमा देखापर्न थालेपछि चीवर वस्त्र छाडी वालक जन्माएको कुरा पाचित्तियपालि भिक्खुनी विभङ्गको दोश्रो पाराजिक (पृ. २८९) मा समुल्लेख भएको पाइन्छ । अरू कुराहरू अगाडिका सूत्रहरूले प्रष्टयाएका छन् ।

× × ×

केही साल्ह नामहरू

(१) साल्ह—यी एक लिच्छवी हुन् । एकदिन यिनी अभय लिच्छवीका साथ वैशालीमा बसिरहनु भएका बुद्धकहाँ गई—

केही श्रमणहरू शील र तपजुगुप्साद्वारा ओघ[1] (=बाढी) तर्न सक्छन् भनी भन्दछन् । यस विषयमा भगवान् के भन्नुहुन्छ भनी प्रश्न सोधेका थिए । भगवान्ले शीलबाट ओघ तर्न सक्छन् तर तपजुगुप्साद्वारा सक्दैनन् भनी भन्नुभयो । यो कुरा अं. नि-४, पृ. २१३: साल्हसुत्तंमा उल्लेख भएको पाइन्छ ।

(२) साल्ह – यी एक भिक्षु हुन् । यिनी ञातिकमा[2] परिनिर्वाण भएका थिए । सं. नि. IV. पृ. ३०३: पठमगिञ्जकावसथसुत्तं, सोतापत्तिसंयुत्तं; दी. नि. II. पृ. ७३: महापरिनिब्बानसुत्तं ।

(३) साल्ह (स्थविर)—यी ती स्थविर हुनुहुन्छ जो दोश्रो सङ्गायनमा सम्मिलित हुनुहुन्थ्यो । वहाँ पूर्वतिरका भिक्षुहरू मध्येबाट चुनिनु भएको थियो । चुल्ल. व. पा. पृ. ४२७: सत्तसतिकक्खन्धकं; सम. पा. I. पृ. ३०: दुतीयसङ्गीतिवण्णना, बाहिरनिदानकथा ।

(४) साल्ह – यी उही साल्ह हुन् जो मृगारनाती थिए । यिनको कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु ।

---

१. 'ओघ' भनेको के हो भन्ने कुरा जान्नकोनिमित्त बु. प. भा-१, पृ. ३९१ मा हेर्नू ।

२. स्याममा र रोमनमाः 'नादिक' । दी. नि. II. पृ. ७३: महापरिनिब्बानसुत्तमा 'नातिक' ।

(५) साल्ह (सुत्तं)—यो सूत्र अं. नि–४, पृ. २१३: महावग्गमा उल्लेख भएको छ ।

(६) साल्ह (सुत्तं) — यो त्यो सूत्र हो जसको अनुवाद यहाँ अगाडि गरिदिएको छु । अं. नि–३, महावग्ग, पृ. १७९.

× × ×

मूल सूत्र—

१–अनुश्रुतिको आधारमा ग्रहण नगर

यस्तो मैले सुनें[१] ।

एक समय आयुष्मान् नन्दक श्रावस्ती स्थित मृगारमाताको पूर्वाराम प्रासादमा बस्नु भएको थियो । अनि मृगारनाती साल्ह[२] र पेखुनिय[३] नाती रोहण[४] जहाँ आयुष्मान् नन्दक हुनुहुन्थ्यो त्यहाँ गए[५] । त्यहाँ पुगेपछि आयुष्मान् नन्दकलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका मृगारनाती साल्हलाई आयुष्मान् नन्दकले यस्तो भन्नुभयो—

(क) "आऊ हे साल्ह ! अनुश्रुतिको आधारमा मात्र, परम्पराको आधारमा मात्र, यस्तो कारणले यस्तो हो भन्दैमा मात्र, हाम्रो धर्म-ग्रन्थ

---

१. अं. नि–३, पृ. १७९: साल्हसुत्तं, महावग्गो; अ. क. I. पृ. ४१९.

२. 'मृगारको नाति' भनी श्रावस्तीवासी मृगारसेठको नाति भनिएको हो । 'मिगारनत्ता ति मिगारसेठ्ठिनो नत्ता' । मनो. र. पू. I. पृ. ४१९: साल्हसुत्तवण्णना ।

यी मृगारसेठ विशाखा महाउपासिकाको ससुरा हुन् । हेर बु. म. भा–१, पृ. २९, ३०.

समन्तपासादिकामा चाहिं "साल्हो मिगारनत्ताति—एत्थ साल्होति तस्स नामं; मिगारमाताय पन नत्ता होति तेनवुत्तं 'मिगारनत्ता' ति ।" अर्थात्—साल्ह मृगारनाती भनेकोमा यहाँ 'साल्ह' भनेको उनको नाम हो; मृगारमाताको नाति हुन्छ । त्यसैले (मूल पालिमा) 'मृगारनाती' भनिएको हो । अर्थात् विशाखा महाउपासिकाको नाति । सम. पा. II. पृ. ९३५: पठम-पाराजिकसिक्खापदवण्णना, पाराजिकाकण्डं, भिक्खुनी विभङ्गो ।

३. नालन्दा पालिमाः 'सेखुनिय' ।

४. नालन्दा पालिमाः 'सोण'; स्याममाः 'रोहन' । यो रोहण, पेखुण भन्ने सेठका नाति हुन् । मनो. र. पू. I. पृ. ४१९: साल्हसुत्तवण्णना, महावग्गो ।

५. प्रातःकालको भोजन सिद्धिएपछि दाश कामदारहरू परिवृत्त गरी गएका थिए । मनो. र. पू. I. पृ. ४१९: साल्हसुत्तवण्णनाले उल्लेख गरेको छ । भोजन अघि पूर्वाण्ह समयमा उनीहरूको मनमा एउटा प्रश्न उठेको थियो । तर त्यसको भन्ने मौका पाएन । अतः त्यो प्रश्न सोध्नेछु भनी उनीहरू आयुष्मान् नन्दककहाँ गएका हुन् । नन्दक स्थविरले पनि उनीहरूको मनोभावलाई बुझ्नुभई यो उपदेश सुनाउनु भएको हो भनी मनो. र. पू. I. पृ. ४१९ ले उल्लेख गरेको छ ।

(पिटक) सँग मिल्दछ भन्दैमा मात्र, तर्कको आधारमा मात्र, तरिकाको आधारमा मात्र (नयहेतु), आकार परिवितर्कनाको आधारमा मात्र, हाम्रो विचारसँग मिल्दछ भन्दैमा मात्र, भव्यरूपताको आधारमा मात्र र यी श्रमण ठूला छन् भन्दैमा मात्र ग्रहण गर्नु पर्दैन । साल्ह ! जब तिमी आफैं जान्नेछौ कि—'यी धर्महरू अकुशल हुन्, यी धर्महरू सावद्य हुन्, यी धर्महरू विज्ञद्वारा निन्दित छन् र यी धर्महरू परिपूर्णरूपले ग्रहण गर्दा अहित र दुःख आउँछ'– तब साल्ह ! तिमीले त्यसलाई छाडिदिनू ।

"साल्ह ! के त लोभ भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म अभिध्या (=तृष्णा) भन्दछु । साल्ह ! लुब्ध भएर नै यो अभिध्यालुले प्राणी पनि मार्छ, चोरी पनि गर्छ, परदार गमन पनि गर्छ, झूटो पनि बोल्छ र अर्कालाई त्यस्ता कुरा पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकालसम्म अहित र दुःख हुन्छ ।"

"हो, भन्ते !"

"साल्ह ! के त द्वेष भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म व्यापाद भन्दछु । साल्ह ! दुष्ट भएर नै यो व्यापान्न चित्त हुनेले प्राणी पनि मार्छ,...र अर्कालाई त्यस्ता कुरा

पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकालसम्म अहित र दुःख हुन्छ ।"

"हो, भन्ते !"

"साल्ह ! के त मोह भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म अविदया भन्दछु । साल्ह ! मूढ भएर नै यो अविद्यामा जानेले प्राणी पनि मार्छ,...र अर्कालाई त्यस्ता कुरा पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकालसम्म अहित र दुःख हुन्छ ।"

"हो, भन्ते !"

"साल्ह ! यी धर्महरू कुशल हुन् वा अकुशल हुन्, यसमा तिमी के भन्दछौ त ?"

"अकुशल हुन्, भन्ते !"

"सावदय हुन् कि निरवदय हुन् ?"

"भन्ते ! सावदय हुन् !"

"विज्ञद्वारा निन्दित छन् वा प्रशंसित छन् ?"

"भन्ते ! विज्ञद्वारा निन्दित छन् ।"

"(यसलाई) परिपूर्णरूपले ग्रहण गर्दा अहित र दुःख हुन्छ वा हुँदैन, यहाँ तिमीलाई कस्तो लाग्छ ?"

"भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि परिपूर्णरूपले ग्रहण गर्दा अहित र दुःख हुन्छ ।"

"साल्ह ! जो त्यो मैले तिमीलाई 'आऊ हे साल्ह ! अनुश्रुतिको आधारमा मात्र,...ग्रहण गर्नु पर्दैन । साल्ह ! जब तिमी आफैं जान्नेछौ कि—'यी धर्महरू अकुशल हुन्,...र यी धर्महरू परिपूर्ण-रूपले ग्रहण गर्दा अहित र दुःख आउँछन्—तब साल्ह ! तिमीले त्यसलाई छाडिदिनू' भनी भनें त्यो यसै कारणले भनेको हुं ।

(ख) "आऊ हे साल्ह ! अनुश्रुतिको आधारमा मात्र, परम्पराको आधारमा मात्र, यस्तो कारणले यस्तो हो भन्दैमा मात्र, हाम्रो धर्म-ग्रन्थ (पिटक) सँग मिल्दछ भन्दैमा मात्र, तर्कको आधारमा मात्र, तरिकाको आधारमा मात्र (नयहेतु), आकार परिवितर्कनाको आधारमा मात्र, हाम्रो विचारसँग मिल्दछ भन्दैमा मात्र, भव्यरूपताको आधारमा मात्र र यी श्रमण ठूला छन् भन्दैमा मात्र—ग्रहण गर्नु पर्दैन । साल्ह ! जब तिमी आफैं जान्नेछौ कि—'यी धर्महरू कुशल हुन्, यी धर्महरू निरवद्य हुन्, यी धर्महरू विज्ञद्वारा प्रशंसित छन् र यी धर्महरू परिपूर्णरूपले ग्रहण गर्दा हित र सुख हुन्छ'—तब साल्ह ! तिमीले त्यसलाई ग्रहण गरी बस्नू ।

"साल्ह ! के त अलोभ भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म अनभिध्या भन्दछु । साल्ह ! अलुब्ध भएर नै यो अनभिध्यालुले प्राणी पनि मार्दैन, चोरी पनि गर्दैन, परदार गमन पनि गर्दैन, झूटो पनि बोल्दैन र अर्कालाई त्यस्ता कुरा पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकालसम्म हित र सुख हुन्छ ।

"हो, भन्ते !"

"साल्ह ! के त अद्वेष भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म अव्यापाद भन्दछु । साल्ह ! अदुष्ट भएर नै यो अव्यापन्न चित्त हुनेले प्राणी पनि मार्दैन, चोरी पनि गर्दैन, परदारगमन पनि गर्दैन, झूटो पनि बोल्दैन र अर्कालाई त्यस्ता कुरा पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकालसम्म हित र सुख हुन्छ ।"

"हो, भन्ते !"

"साल्ह ! के त अमोह भनेको छ के, यसमा तिमी के भन्दछौ त ?"

"भन्ते ! छ ।"

"साल्ह ! यसलाई म विद्या भन्दछु । साल्ह ! अमूढ भएर नै यो विद्यामा जानेले प्राणी पनि मार्दैन,... र अर्कालाई त्यस्ता कुरा पनि ग्रहण गराउँछ जुन कुराबाट उसलाई दीर्घकाससम्म हित र सुख हुन्छ ।,'

"हो, भन्ते !"

"साल्ह ! यी धर्महरू कुशल हुन् वा अकुशल हुन्, यसमा तिमी के भन्दछौ त ?"

"कुशल हुन्, भन्ते !"

"सावदद्य हुन् कि निरवदद्य हुन् ?"

"भन्ते ! निरवदद्य हुन् ।"

"विज्ञद्वारा निन्दित छन् वा प्रशंसित छन् ?"

"भन्ते ! विज्ञद्वारा प्रशंसित छन् ।"

"(यसलाई) परिपूर्णरूपले ग्रहण गर्दा हित र सुख हुन्छ वा हुँदैन, यहाँ तिमीलाई कस्तो लाग्छ ?"

"भन्ते ! यहाँ मलाई यस्तो लाग्छ कि परिपूर्णरूपले ग्रहण गर्दा हित र सुख हुन्छ ।"

"साल्ह ! जो त्यो मैले तिमीलाई 'आऊ हे साल्ह ! अनुश्रुतिको आधारमा मात्र,... ग्रहण गर्नु पर्दैन । साल्ह ! जब तिमी आफैं जान्नेछौ कि—'यी धर्महरू कुशल हुन्,...र यी धर्महरू परिपूर्णरूपले ग्रहण गर्दा हित र सुख हुन्छ' तब साल्ह ! तिमीले त्यसलाई ग्रहण गरी बस्नू' भनी भनें त्यो यसै कारणले भनेको हुँ ।

"साल्ह ! अनि सो आर्यश्रावक जो यसरी अभिध्या रहित भई, व्यापाद रहित भई, मूढता रहित भई, सम्प्रज्ञानी भई, स्मृतिमान् भई मैत्रीयुक्त चित्त लिई... करुणायुक्त चित्त लिई... मुदितायुक्त चित्त लिई...

उपेक्षायुक्त चित्त लिई एकदिशा फैलाई बस्छ तथा द्वितीय, तृतीय, चतुर्थदिशा फैलाई बस्छ र माथि, तल, तेर्सो, सबै ठाउँमा, सर्वतिर.. उपेक्षा सहगत विपुल महत्गत अप्रमाण अवैर अब्यापदच चित्तलाई फैलाई बस्छ ।

उ यस्तो जान्दछ[1]—'यो छ, यो हीन छ, यो प्रणीत छ, यो संज्ञा हुनेको उत्तरोत्तर मुक्ति पनि छ[2] ।' यस्तो जान्ने उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, भवास्रवबाट पनि विमुक्त हुन्छ र अविदयास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि विमुक्त भएँ[3] भन्ने ज्ञान पनि हुन्छ । 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त केही गर्नुपर्ने बाँकी छैन' भन्ने ज्ञान पनि हुन्छ ।

---

१. 'उ यस्तो जान्दछ' भनेको—चतुब्रह्मविहारमा वस्ने सो आर्यश्रावक समापत्तिबाट उठी विपश्यना प्रारम्भ गर्दा यस्तो जान्दछ । मनो. र. पू. I. पृ. ४१९: साल्हसुत्तवण्णना, महावग्गो ।

२. 'यो छ ..' भन्ने आदि वाक्यहरूका अर्थ यसप्रकार छन्—'यो छ' भनेको 'दुःखसत्य छ' भनेको हो । 'यो हीन छ' भनेको 'यो समुदय सत्य हो' भनेको हो । 'यो प्रणीत छ' भनेको 'यो मार्गसत्य हो' भनेको हो । 'यो संज्ञा हुनेको उत्तरोत्तर मुक्ति पनि हुन्छ' भनेको—विपश्यना संज्ञा हुनेको उत्तरोत्तर निर्वाण हुन्छ भनिएको हो । अर्थात् यसले निरोधलाई देखाएको हो । मनो. र. पू. I. पृ. ४१९-२०: साल्हसुत्तवण्णना, महावग्गो ।

३. यहाँ 'विमुक्त भएँ भन्ने ज्ञान पनि हुन्छ' भनी विमुक्त हुने पुरुषले म

यसरी 'विमुक्त भएँ' भनी पुनरावलोकन गरी जान्ने ज्ञानलाई भनिएको हो। अर्थात् प्रत्यवेक्षणा-ज्ञानलाई भनिएको हो।

प्रत्यवेक्षणा-ज्ञान जम्मा १९ प्रकारका छन्। मनो. र. पू. I. पृ. ४२०: साल्हसुत्तवण्णना, महावग्गो।

जस्तै—स्रोतापन्नको प्रत्यवेक्षणा-ज्ञान–५, सकृदागामीको प्रत्यवेक्षणा-ज्ञान–५, अनागामीको प्रत्यवेक्षणा-ज्ञान–५ र अरहन्तको प्रत्यवेक्षणा-ज्ञान–४।

स्रोतापन्नले—(१) मार्ग प्रत्यवेक्षणा गर्छ, (२) फल प्रत्यवेक्षणा गर्छ, (३) प्रहीण भएका क्लेशहरूको प्रत्यवेक्षणा गर्छ, (४) शेष रहेका क्लेशहरूको बारेमा प्रत्यवेक्षणा गर्छ र (५) निर्वाणको प्रत्यवेक्षणा गर्छ।

कसरी ?

(१) अहो ! म यस मार्गबाट आएको रहेछु भनी आफू आएको मार्ग सम्बन्धी प्रत्यवेक्षणा गर्छ।

(२) त्यसपछि उसले आफूले पाएको फल सम्बन्धी प्रत्यवेक्षणा गर्छ।

(३) त्यसपछि उसले यी क्लेशहरू प्रहीण भए भनी प्रहीण भएका क्लेश सम्बन्धी प्रत्यवेक्षणा गर्छ।

(४) त्यसपछि उसले अझ यी यी क्लेशहरू बाँकी छन् जो माथिल्लो मार्गद्वारा प्रहीण गर्नुपर्छ भनी बाँकी रहेका क्लेश सम्बन्धी प्रत्यवेक्षणा गर्छ।

"उसले यस्तो पनि जान्दछ—'अघि जुन लोभ थियो त्यो अकुशल थियो, सो अब छैन । अब यो कुशल भयो[1] । अघि जुन द्वेष थियो त्यो अकुशल थियो, सो अब छैन । अब यो कुशल भयो । अघि जुन मोह थियो त्यो अकुशल थियो, सो अब छैन । अब यो कुशल भयो ।' अनि उ यसै जीवनमा तृष्णा रहित निवृत्त भई, सुख सितल प्रति संवेदी भई श्रेष्ठ भएर (ब्रह्मभूतेन) आफैं विहार गर्छ ।"

× × ×

---

(५) अन्त्यमा मैले यो धर्म आरम्मणबाट लाभ गरें भनी अमृत निर्वाणको प्रत्यवेक्षणा गर्छ ।

यसरी जस्तै स्रोतापन्न हुनेको पाँच विषयमा प्रत्यवेक्षणा हुन्छ त्यस्तै गरी सकृदागामी, अनागामीको पनि हुन्छ । अरहन्त हुनेको चाहिं चार प्रत्यवेक्षणा मात्र हुन्छन् । उसको शेष रहेको क्लेश सम्बन्धी प्रत्यवेक्षणा हुन्न । किन कि उसको कुनै क्लेश शेष रहेको हुन्न । यसरी जम्मा १९ प्रकारका प्रत्यवेक्षणा-ज्ञान हुन्छ । पटि. म. अ. क. पृ. २०–२१: ञाणकथामातिकुद्देसवारवण्णना, महावग्गो ।

१. जुन लोभ थियो सो अब रहेन—यही नै कुशल कल्याण भयो भनी भनिएको हो । मनो. र. पू. I. पृ. ४२०: साल्हसुत्तवण्णना, महावग्गो ।

मूल पालि—

२–भिक्षुणी-आराम बनाउने इच्छा

त्यस समय बुद्ध भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनु भएको थियो[1]। त्यस समय साल्ह मृगारनातीले भिक्षुणी सङ्घकोनिमित्त विहार बनाउन चाहन्थे। अनि साल्ह मृगारनातीले भिक्षुणीहरूकहाँ गई यस्तो भने—

"आर्या ! म भिक्षुणी सङ्घकोनिमित्त विहार बनाउन चाहन्छु। निर्माणकार्य हेर्नकोनिमित्त मलाई एक भिक्षुणी (नवकम्मिकं भिक्खुनिं) दिनुहोस्।"

त्यस समय भिक्षुणी सङ्घमा चारजना दिदीबहिनीहरू प्रव्रजित भएका थिए—नन्दा, नन्दवती, सुन्दरीनन्दा र थुल्लनन्दा। यी मध्ये सुन्दरीनन्दा भिक्षुणी तरुणी अवस्थामै प्रव्रजित भएकी थिइन् र यिनी अभिरूपा दर्शनीया तथा प्रासादिका थिइन्। यिनी पण्डितनी,

---

१. पाचि. पा. पृ. २८३: पठमपाराजिकं, पाराजिककण्डं, भिक्खुनी-विभङ्गो; अ. क. II. पृ. ९३५.

व्यक्ता, मेधाविनी, दक्षा, निरालसी, सम्बन्धित ठाउँमा उपायकौशला, विवेकविचार सम्पन्ना कार्यसमर्था तथा संविधान गर्न समर्था थिइन्। अनि भिक्षुणी सङ्घले सुन्दरीनन्दा भिक्षुणीलाई सम्मत गरी निर्माणकार्य हेर्नकोनिमित्त साल्ह मृगारनातीलाई दिए। त्यसबखत सुन्दरीनन्दा भिक्षुणी "बसिला देऊ, बञ्चोरो देऊ, चाँदे देऊ, कोदालो देऊ, खन्ती देऊ" भनी साल्ह मृगारनातीको घरमा घरी घरी जाने गर्थिन्। साल्ह मृगारनाती पनि नगरेको (काम) थाहापाउनाकोनिमित्त बराबर भिक्षुणीहरू बस्ने ठाउँमा जाने गर्थे। हरबखत भेट हुने भएको हुनाले उनीहरू (सुन्दरीनन्दा र साल्ह) परस्पर प्रतिबद्धचित्त भए अर्थात् आसक्त भए।

अनि सुन्दरीनन्दा भिक्षुणीलाई दूषण गर्ने मौका नपाएपछि यसैकोनिमित्त साल्ह मृगारनातीले भिक्षुणीसङ्घलाई भोजन गराए। अनि साल्ह मृगारनातीले भोजन खुवाउने ठाउँमा आसनहरू वछ्याउँदै —"यहाँसम्म आर्या सुन्दरीनन्दा भन्दा बुढी भिक्षुणीहरूकोनिमित्त" भनी एकातिर आसन वछ्याए। "यहाँसम्म तरुणीहरूकोनिमित्त" भनी एकातिर आसन वछ्याए। नदेखिने ठाउँको एक कूनातिर सुन्दरीनन्दा भिक्षुणीकोनिमित्त आसन वछ्याए। ताकि स्थविरा भिक्षुणीहरूलाई यस्तो लागोस्—"(सुन्दरीनन्दा) तरुणी भिक्षुणीहरूसँग बसेकी छिन्।" तरुणी भिक्षुणीहरूलाई यस्तो लागोस्—"(सुन्दरीनन्दा) स्थविरा भिक्षुणीहरूसँग बसेकी छिन्।" यसरी साल्ह मृगारनातीले भिक्षुणी-सङ्घलाई समयको सूचना दिन पठाए—"आर्या हो! समय भयो, भोजन तयार छ।" अनि सुन्दरीनन्दा भिक्षुणीले विचार गरिन्—"धेरै काम

नसिद्धिकनै साल्ह मृगारनातीले भिक्षुणीसङ्घलाई भोजन गराए। उनी मलाई दूषण गर्न चाहन्छन्। यदि म गएँ भने बेस्वरले कराउनु पर्ने हुने छ।" यति सोचेर उनले एक अन्तेवासिनी भिक्षुणीलाई अह्राइन्— "जाऊ मेरोनिमित्त भोजन लिएर आऊ। यदि कसैले सोधेमा 'सञ्चो छैन' भनी भन।" "हवस्, आर्या!" भनी सो भिक्षुणीले सुन्दरीनन्दा भिक्षुणीलाई प्रत्युत्तर दिइन्।

त्यस समय साल्ह मृगारनाती बाहिर द्वारको कोठामा उभिई सुन्दरीनन्दा भिक्षुणीलाई सोध्दथे—"आर्या हो! आर्या सुन्दरीनन्दा भिक्षुणी खोई? आर्या हो। आर्या सुन्दरीनन्दा भिक्षुणी खोई?" यस्तो भन्दा सुन्दरीनन्दा भिक्षुणीको अन्तेवासिनी भिक्षुणीले साल्ह मृगारनातीलाई यस्तो भनिन्—"सञ्चो छैन, भोजन लिएर जानेछु।" अनि "जो मैले भिक्षुणीसङ्घलाई भोजन गराएको हुँ त्यो आर्या सुन्दरीनन्दा भिक्षुणीको कारणमै हो" भन्ने सोची साल्ह मृगारनातीले मानिसहरूलाई आज्ञा दिए—"भिक्षुणीसङ्घलाई भोजन पस्काऊ।" यति भनी जहाँ भिक्षुणीहरू बस्ने ठाउँ हो त्यहाँ गए। त्यस समय सुन्दरीनन्दा भिक्षुणी साल्ह मृगारनातीको प्रतीक्षामा विहार बाहिरको कोठामा उभिइ रहेकी थिइन्। सुन्दरीनन्दा भिक्षुणीले टाढैदेखि साल्ह मृगारनातीलाई आइरहेको देखिन्। देखेपछि कोठाभित्र पसी शीरदेखि कपडा ओढी खाट्मा लेटिन्। अनि साल्ह मृगारनाती जहाँ सुन्दरीनन्दा भिक्षुणी थिइन् त्यहाँ गए। त्यहाँ पुगेपछि सुन्दरीनन्दा भिक्षुणीसँग यस्तो भने—

"आर्या! तपाइलाई के कष्ट छ, किन लेटिरहनु भएको?"

"आवुसो ! यस्तै हुन्छ, जो नचाहनेसँग चाहन्छ ।"

"आर्या ! मैले किन तपाइलाई नचाहनु र ? किन्तु तपाइलाई दूषण गर्नकोनिमित्त मैले अवकाश पाइन ।"

यति भनी रागचित्त हुनेले रागचित्त भएकी सुन्दरीनन्दा भिक्षुणीसँग कायसंसर्ग गरे ।

त्यस समय एक कमजोर बुढी भिक्षुणी खुट्टाको रोगले गर्दा सुन्दरीनन्दा भिक्षुणीको नगिचमा सुतिरहेकी थिइन् । अनि सो भिक्षुणीले साल्ह मृगारनाती रागी भई रागिनी भएकी सुन्दरीनन्दा भिक्षुणीसँग कायसंसर्ग गरिरहेको देखिन् । देखेर कराउन थालिन्, खिन्न हुन थालिन् र धिक्कार्न थालिन्—"कसरी आर्या सुन्दरीनन्दा रागिनी भई रागी भएको पुरुष पुद्गलसँगको कायसंसर्गको आस्वादन लिन्छिन् !" अनि सो भिक्षुणीले यो कुरा भिक्षुणीहरूलाई सुनाइन् । अनि जो ती अल्पेछिनी सन्तोषिनी लज्जिनी संकोचिनी तथा शिक्षाकामिनी भिक्षुणीहरू हुन्—तिनीहरू कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले—"कसरी आर्या सुन्दरीनन्दा रागिनी भई रागी भएको पुरुष पुद्गलसँगको कायसंसर्गको आस्वादन लिन्छिन् !" अनि ती भिक्षुणीहरूले यो कुरा भिक्षुहरूलाई सुनाए । अनि जो ती भिक्षुहरू अल्पेच्छी लज्जी संकोची तथा शिक्षाकामी थिए तिनीहरू कराउन थाले खिन्न हुन थाले र धिक्कार्न थाले—"कसरी आर्या सुन्दरीनन्दा रागिनी भई रागी भएको पुरुष पुद्गलसँगको कायसंसर्गको आस्वादन लिन्छिन् !"

अनि ती भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए। अनि भगवान्ले यसै निदानमा, यसै प्रसंगमा भिक्षुसङ्घलाई एकचित्तपारी भिक्षुसङ्घसँग सोध्नुभयो—"भिक्षुहो! साँच्चै हो के सुन्दरीनन्दा भिक्षुणी रागिनी भई रागी पुरुष पुद्गलसँगको कायसंसर्गलाई उनले आस्वादन लिएकी?" "साँच्चै हो, भगवान्।" अनि भगवान्ले निन्दा गर्नुभई भन्नुभयो—

"भिक्षुहो! सुन्दरीनन्दा भिक्षुणीले अयुक्त, अननुलोमिक, अप्रतिरूप, अश्रामणिक, अनुचित र तथा गर्न नहुने काम गरिन्। भिक्षुहो! कसरी सुन्दरीनन्दा भिक्षुणी रागिनी भई रागी पुरुष पुद्गलसँगको कायसंसर्गलाई उनले आस्वादन लिएकी! भिक्षुहो! न यो अप्रसन्न हुनेलाई प्रसन्न पार्नकोनिमित्त र प्रसन्न भएकाकोनिमित्त बढी प्रसन्न पार्नकोनिमित्त हुने छ। भिक्षुहो! बरु यो अप्रसन्न हुनेलाई झन् बढी अप्रसन्न पार्नकोनिमित्त र प्रसन्न भएका कुनै कुनैलाई अन्यथा पार्नकोनिमित्त हुने छ।"

अनि यसरी भगवान्ले सुन्दरीनन्दा भिक्षुणीलाई अनेकप्रकारले निन्दा गरी—दुर्भरताको, दुष्पोष्यताको, महाभिलाषताको, असन्तुष्टताको, सङ्गणिकताको[1], आलस्यताको अवर्णना गरी अनेकप्रकारले—सुभरताको, सुपोष्यताको, अल्पेच्छताको, सन्तुष्टिताको, शिक्षाकामीताको, तपस्वीताको,

---

१. दुइ तीनजना भेला भई कुराकानी गरी दिन बिताउने बानीलाई 'सङ्गणिकता' भनिएको हो।

प्रासादिकताको, असंग्रहताको र वीर्यवान्को वर्णन गरी—भिक्षुहरूलाई तदनुरूप, तदनुकूल, धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रणा गर्नुभयो—"भिक्षुहो ! त्यसोभए दशगुणलाई ध्यानमा राखी भिक्षुणी-हरूकोनिमित्त शिक्षापद (=नियम) प्रज्ञापन गर्नेछु। (दशगुणहरू—)

(१) 'सङ्घलाई स्वस्थ राख्नकोनिमित्त, (२) सङ्घको कुशल विहारकोनिमित्त, (३) दुःशील भिक्षुणीहरूको निन्दाकोनिमित्त, (४) शिक्षाकामी भिक्षुणीहरूको कुशल विहारकोनिमित्त, (५) यसै जीवनका आस्रवहरू[1] संयमकोनिमित्त, (६) सम्परायिक आस्रवहरू[2] हनन गर्नको-निमित्त, (७) अप्रसन्न हुनेलाई प्रसन्न पार्नकोनिमित्त, (८) प्रसन्न हुनेलाई अधिक प्रसन्न पार्नकोनिमित्त, (९) सद्धर्म स्थिरताकोनिमित्त[3] र (१०) विनयशिक्षा[4] सुरक्षित पार्नकोनिमित्त।'

भिक्षुहो ! यसरी भिक्षुणीहरूले यो शिक्षापद (=नियम) उद्देशण गर्नू—

---

१. 'यसै जीवनका आस्रवहरू' भनी—असंयममा बस्दा जो यसै जीवनमा गालि वा निन्दा गर्नुपर्ने हुन्छ, हातले हिर्काउने, लट्ठीले पिट्ने, हातखुट्टा काट्ने, अकीर्ति अयशद्वारा चित्त वेचैन हुने आदि दुःख विशेष हुन् – यसैलाई 'यसै जीवनका आस्रवहरू' भनिएको हो भनी सम. पा. I. पृ. २१६ः पठमपाराजिकवण्णनाले उल्लेख गरेको छ।

२. 'सम्परायिक आस्रवहरू' भन्नाले यस जीवनमा असंयममा बसेर

गरिने पापकर्मका कारणद्वारा परलोकमा नरक आदिमा पर्नुपर्ने दु:ख विशेषलाई भनिएको हो। सम. पा. I. पृ. २१६: पठम-पाराजिकवण्णना।

३. यहाँ 'सद्धर्म' भनी तीनप्रकारका सद्धर्महरूलाई भनिएको हो। जस्तै—(१) परियत्ति सद्धम्मो (=परियत्ति सद्धर्म), (२) पटिपत्ति सद्धम्मो (=प्रतिपत्ति सद्धर्म), (३) अधिगम सद्धम्मो (=अधिगम सद्धर्म)।

तीनै पिटकहरूमा संग्रहित भएका सद्धर्महरू—'परियत्ति सद्धर्म' हुन्।

तेह्र धुतङ्गहरू, विनयपिटकको खन्धकमा बताइएका १४ प्रकारका कर्तब्यहरू, ८२ वटा महानियम वा व्रतहरू र शीलसमाधि विपश्यनाहरू आदि—'प्रतिपत्ति सद्धर्म' हुन्।

चार मार्गहरू, चारवटा श्रामण्यफलहरू तथा निर्वाण आदि—'अधिगम सद्धर्म' हुन्। सम. पा. I. पृ. २१७: पठमपाराजिकवण्णना, सुदिन्नभाणवार।

४. (१) संवरविनय, (२) प्रहाणविनय, (३) समथविनय र (४) प्रज्ञप्तिविनय। यी चारप्रकारका विनयहरूलाई सुरक्षित पार्नको-निमित्त हो। सम. पा. I. पृ. २१७: पठमपाराजिकवण्णना, सुदिन्न-भाणवारबाट।

"रागिनी भई रागी पुरुष पुद्गलको कुममनि (अधक्खकं) घुँडामाथि जो भिक्षुणीले छोएको वा सुम्सुम्याएको वा समातेको वा छुवाएको अथवा थिचेकोलाई आस्वादन लिन्छे भने—यो पनि पाराजिका भई असंवास हुन्छ । (यो हो) घुँडामाथिको (नियम) ।"

१९. सिङ्गालक गृहपतिपुत्र

परिचय

सुमङ्गलविलासिनी[१] अनुसार 'सिङ्गालक गृहपति' को अर्थ यसरी उल्लेख भएको छ। 'सिङ्गालक' भनेको उनको व्यक्तिगत नाम हो। गृहपतिको पुत्र भएका हुनाले 'गृहपतिपुत्र' भनिएको हो। यिनका पिता गृहपति महाशाल थिए। अर्थात् यिनको पिताको ४० कोटी धन त निधान गरेर मात्र राखिएको थियो। यिनी बुद्धमा निष्ठावान् तथा स्रोतापन्न थिए। यिनकी भार्या पनि स्रोतापन्ना थिइन्[२]। यिनीहरूको पुत्र चाहिं अश्रद्धालु तथा बुद्धधर्ममा प्रसन्न थिएनन्। त्यसैले यिनका आमा बाबुहरूले उनलाई सधैं जस्तो यसरी अर्ति दिन्थे—

"तात! शास्ताकहाँ जाऊ, धर्मसेनापति, महामौद्गल्यायन, महाकश्यप तथा असीति महाश्रावकहरूकहाँ जाऊ।"

अनि उनी यस्तो भन्दथे—"तिम्रा श्रमणहरूकहाँ जाने मेरो

१. II. पृ. ६८६–८७: सिगालकसुत्तवण्णना।

२. दी. नि. अ. क. II. पृ. ६८६: सिगालकसुत्तवण्णना।

काम छैन । श्रमणहरूकहाँ जाँदा वन्दना गर्नुपर्ने हुन्छ । निहुरेर वन्दना गर्नेको पिठ्युँ दुख्न थाल्छ । घुँडामा ठेला पर्छ । भुइमा बस्नुपर्ने हुन्छ । भुइमा बस्नेको कपडा मैलो हुनेछ र चाँडै फाट्नेछ पनि । नजिकमा बस्दा कुराकानी हुन थाल्नेछ । कुराकानी भएपछि विश्वास पैदा हुनेछ । अनि निम्तो गरी चीवर भोजनहरू पनि दिनुपर्ने हुनेछ । यस्तो हुँदा धन खर्च हुनेछ । अतः तिम्रा श्रमणहरूकहाँ जाने काम छैन ।"

आमा बाबुहरूले उनलाई जीवनभर अर्ति दिंदा पनि बुद्धधर्ममा लैजान सकेनन् ।

अनि मरणमञ्चमा लेटिरहेका उनका पिताले पुत्रलाई अर्ति दिनुपर्‍यो भन्ने सोचे । फेरि सोचे कि "तात ! दिशा नमस्कार गर" भनी अर्ति दिनुपर्‍यो । यति सोचेर यस्तो पनि विचार गरे—"अनि मेरो कुरा सुनी अर्थ नबुझी उसले दिशाहरू नमस्कार गर्नेछ । अनि उसलाई शास्ताले वा श्रावकहरूले देख्नुभई 'के गरिरहेको ?' भनी सोध्नु हुनेछ । उसले 'मेरो पिताले दिशाहरू नमस्कार गर भनी मलाई अर्ति दिनुभएको छ' भनी भन्नेछ । त्यसपछि उसलाई वहाँहरूले 'तिम्रा पिताले यस्ता दिशाहरू नमस्कार गराउन लगाएका होइनन् । बल्कि यस्ता दिशाहरू नमस्कार गराउन लगाएका हुन्' भनी धर्मोपदेश गर्नु हुनेछ । त्यसपछि बुद्धधर्मको गुणलाई बुझी उसले पुण्यकर्म गर्नेछ ।"

यति कुरा मनमा राखेर उनले पुत्रलाई बोलाई—"तात ! विहान सबेरै उठेर ६ दिशाहरू नमस्कार गर" भनी भने ।

मरणमञ्चमा बसेकाको कुरा जीवनभर स्मरणीय हुन्छ । नभन्दै उनलाई पनि त्यस्तै भयो । त्यसैले पिताको वचनलाई अनुस्मरण गर्दै ती गृहपतिपुत्रले दिशाहरू नमस्कार गर्न थाले । त्यसैले अगाडि अनुदित मूल सूत्रमा—"त्यस समय सिङ्गालक गृहपतिपुत्र समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित हातजोरी नाना दिशाहरूलाई नमस्कार गर्दथे…" भनी उल्लेख भएको हो[१] ।

अगाडि अनुदित मूल सूत्रमा "…राजगृहबाट निस्की…" भन्ने वाक्यबाट सिङ्गालक गृहपतिपुत्र राजगृहवासी हुन् भन्ने कुरा प्रष्टसँग बुझिन्छ । तथा यिनकी माता जो पछि भिक्षुणी भएर गइन्[२]—उनले आफ्नो अपदानमा—

"पच्छिमे च भवेदानि, गिरिब्बजपुरुत्तमे ।
जाता सेट्ठिकुले फीते, महारतनसञ्चमे[३] ।।"

भन्ने गाथा उल्लेख गरेको आधारमा हेर्दा पनि राजगृहवासी थिए भन्ने कुराको पुष्टचाइँ हुन्छ । यस्तै गरी मनोरथपूरणीमा[४] पनि उल्लेख

१. सुमं. वि. II. पृ. ६८६–८७: सिगालकसुत्तवण्णना ।

२. थेरी. अप. दा. पा. पृ. २८१: सिङ्गालमातुथेरी अपदानं, गा. नं. ९६.

३. हेर्नू बु. श्रावि. च. भा–१, पृ. ७५३: सिङ्गालकमाता स्थविरा ।

४. I. पृ. २०६: सिगालमाता, एककनिपातवण्णना ।

भएको पाइन्छ । सिङ्गालकमाता स्थविराले स्वयं यो पनि भन्नुभएको छ कि वहाँको छोरा कुपथमा लागेका थिए र पछि दिशापूजा गरिरहेको बेलामा बुद्धले उनलाई उपदेश दिनुभई सुपथमा ल्याइदिनुभयो ।

"पुत्तो सिङ्गालको नाम, ममासि विपथे रतो ।
दिट्ठीगहन पक्खन्दो, दिसापूजनतप्परो ।।

नानादिसा नमस्सन्तं, पिण्डाय नगरं वजं ।
तं दिस्वा ओवदी बुद्धो. मग्गे ठत्वा विनायको[१] ।।"

× × ×

यस प्रसङ्गमा सिङ्गालक गृहपतिपुत्रका पिताका बारेमा केही शंकास्पद कुरा थेरगाथट्ठकथा[२], सिगालकपितु थेरगाथा वण्णना अध्ययन गर्दा पाइन्छ । त्यसमा यस्तो उल्लेख भएको छ—

"श्रावस्तीको एक कुलगृहमा जन्मेका एक पुरुष थिए । विवाह गरिसकेपछि उनले एक पुत्र पाए । पुत्रको नाम 'सिगालक' राखे । यसैको कारणले गर्दा उनलाई पछि सबैले 'सिगालकपिता' भन्नथाले ।

---

१. थेरी. अप. दा. पा. पृ. २८२ः सिङ्गालकमातुथेरी अपदानं, गा. नं. ९७-९८ अथवा हेर्नू बु. श्रावी. च. भा-१, पृ. ७६१ को गा. नं. १६-१७ मा ।

२. थेर. गा. अ. क. I. पृ. ७०-७१.

पछि उनी गृहबन्धनलाई छाडी बुद्ध शासनमा प्रव्रजित भए । अनि उनको मनोभावलाई बुझनुभई बुद्ध भगवान्‌ले उनलाई 'अष्ठिकसंज्ञा' नामक भावना बताइ दिनुभयो । जुन भावनाको हेतुले गर्दा पछि भग्गव देशको सुंसुमारगिरिको भेसकलावनमा बसिरहँदा उनले अरहत्व प्राप्त गर्न सके ।"

थेरगाथा अट्ठकथामा उल्लेख भएका 'सिगालक' र यहाँ अगाडि अनुवित सिङ्गालसुत्तंमा उल्लेख भएका 'सिङ्गालक गृहपति-पुत्र' एकै पात्र वा भिन्नाभिन्नै पात्रहरू हुन् भन्नें प्रश्न हाम्रो सामुन्ने उपस्थित हुन आउँछ । भिन्नाभिन्नै पात्रहरू हुन् भने त कुनै प्रश्न उपस्थित हुन्न । यदि एउटै पात्र हो भने अगाडि अनुदित मूल सूत्रमा "भन्ते ! मेरा पिता मर्दाखिरि मलाई यस्तो भन्नुभएको थियो— ..." (पिता मं, भन्ते, कालंकरोन्तो एवं अवच...) भन्ने वाक्यद्वारा उनी (सिगालपुत्रको पिता) गृहस्थी छँदा नै मरेका देखिन्छन् । मर्ने पिताको वचनलाई शिरोपर गरेर नै सिङ्गालक गृहपतिपुत्रले दिशाहरू नमस्कार गर्न थालेका हुन् भन्ने कुरा पनि प्रष्टसँग बुझिन्छ । थेरगाथट्ठकथामा भने उनी भिक्षु भएर गएको कुरा उल्लेख भएको पाइन्छ । अतः यो विषयमा बौद्ध विद्वानहरूले गहिरिएर अध्ययन गर्नु योग्य हुनेछ ।

× × ×

जब दिशा नमस्कार सम्बन्धी बुद्धको उपदेश सुने तब सिङ्गालक गृहपतिपुत्र सारै प्रफुल्लित भएका थिए । त्यसैले उनले पछि आफ्नो

४० कोटी धनसम्पत्ति बुद्ध शासनमा छरी पुण्यकर्म गरेर स्वर्ग परायण भए भनी सुमङ्गलविलासिनीले[1] उल्लेख गरेको हो। ६ दिशाको परिभाषाको साथै कसरी नमस्कार गरिनुपर्छ तथा यसको अलावा गृहस्थीहरूले पालन गर्नुपर्ने नियम सम्बन्धी कुराहरू र धन रक्षा गर्ने आदि कुराहरू अगाडि अनुदित मूल सूत्रमा निर्दिष्ट गरिएका छन्। छोटकरीमा भन्ने हो भने यस सूत्रमा बुद्ध भगवान्ले गृहस्थीहरूको-निमित्त गृही विनयका जम्मै कुराहरू बताउनु भएको छ भन्दा अतिशयोक्ति होला जस्तो लाग्दैन।

× × ×

केही सिङ्गालक वा सिगालक नामहरू

(१) सिङ्गाल जातक—यो जातक जा. पा. I. पृ. २६ मा उल्लेख भएको छ। नं. ११३, अ. क. I-II. पृ. ३१४.

देवदत्त भिक्षुले सङ्घभेद गरेको कुरालाई लिएर भगवान्ले यो जातकका कुरा बताउनु भएको हो।

यस जातकमा बोधिसत्व एक श्मशानको एक रुखमा बस्ने देवता भई जन्मिनु भएको थियो।

---

१. II. पृ. ६९९: सिगालकसुत्तवण्णना।

(२) सिङ्गाल जातक—यो जातक जा. पा. I. पृ. ३२ मा उल्लेख भएको छ। नं. १४२, अ. क. I–II. पृ. ३६२.

देवदत्त भिक्षुले बुद्धलाई मार्ने प्रयत्न गरेको सम्बन्धमा भगवान्ले यो जातक कुरा बताउनु भएको हो।

यस जातकमा बोधिसत्व स्याल भएर जन्मिनु भएको थियो।

(३) सिङ्गाल जातक—यो जातक जा. पा. I. पृ. ३३ मा उल्लेख भएको छ। नं. १४८, अ. क. I–II. पृ. ३७१.

भिक्षुहरूले क्लेशयुक्त चिन्तन गरिरहेको कारणमा भगवान्ले यो जातकका कुरा बताउनु भएको हो।

यस जातकमा बोधिसत्व स्याल भएर जन्मिनु भएको थियो।

(४) सिङ्गाल जातक—यो जातक जा. पा. I. पृ. ३४ मा उल्लेख भएको छ। नं. १५२, अ. क. I–II. पृ. ३८३.

वैशालीवासी एक नाउको छोराको कारणमा भगवान्ले यो जातकका कुरा बताउनु भएको हो।

यस जातकमा बोधिसत्व सिंह भएर जन्मिनु भएको थियो।

(५) सिङ्गालक वग्गो—यो वर्ग जा. पा. I. पृ. ६५ मा छ।

(६) सिङ्गालसुत्तं—यो सूत्र सं. नि. II. पृ. १९२: लाभसक्कार-संयुत्तमा उल्लेख भएको छ ।

यस सूत्रमा लाभसत्कारद्वारा प्रमत्त भएको भिक्षु 'उक्कण्टक' भन्ने रोग लागेको स्याल कतै पनि बस्न नसकेर छट्पटिने जस्तै छट्पटिन्छ र एकान्त वासमा मन लगाउन सक्दैन भन्ने कुरा उल्लेख भएको छ ।

(७) सिङ्गालसुत्तं—यो सूत्र सं. नि. II. पृ. २२६: ओपम्मसंयुत्तमा उल्लेख भएको छ ।

यस सूत्रमा भगवान्ले स्यालको दृष्टान्त दिनुभई 'अप्रमादी भई बस्नेछु' भनी सिक्नुपर्छ भन्ने कुरा भन्नुभएको छ । यसको अर्थकथा II. पृ. १६९ ले यो सूत्र देवदत्त भिक्षुलाई लक्ष गरी बताउनु भएको हो भनी उल्लेख गरेको छ ।

(८) दुतिय सिङ्गालसुत्तं—यो सूत्र पनि सं. नि. II. पृ. २२६: ओपम्मसंयुत्तमा उल्लेख भएको छ ।

यस सूत्रमा भगवान्ले स्याल जस्तो अकृतज्ञ नभई 'कृतज्ञ भएर बस्नेछु' भनी सिक्नुपर्छ भन्ने कुरा भन्नुभएको छ । यो सूत्र पनि देवदत्त भिक्षुलाई नै औल्याउँदै भन्नुभएको हो भनी यसको अर्थकथा II. पृ. १७० ले उल्लेख गरेको छ ।

(९) सिङ्गालोवादसुत्तं—यस सूत्रलाई 'सिगालोवादसुत्तं' र 'सिगालसुत्तं' पनि भन्दछन् । यसै सूत्रको अनुवाद यहाँ अगाडि गरिदिएको छु । यो सूत्र दी. नि. II. पृ. १३९ मा छ ।

(१०) सिङ्गालक—यो सिङ्गालक गृहपतिपुत्रको नाम हो । यिनकै कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु ।

(११) सिङ्गालकमाता (थेरी)—यो सिङ्गालक गृहपतिपुत्रकी आमाको नाम हो । हेर्नू बु. श्रावि. च. भा–१, पृ. ७३५ मा ।

(१२) सिङ्गालक गृहपति—यो सिङ्गालक गृहपतिपुत्रको बाबुको नाम हो ।

(१३) सिङ्गालकपितु (थेर)—यी उही स्थविर हुन् जो श्रावस्तीमा जन्मी पछि भिक्षु भएका थिए । यिनका एक पुत्र थिए जसको नाम 'सिगालक' वा 'सिङ्गालक' थियो । थेर. गा. अ. क. I. पृ. ७०: सिगालपितुथेरस्सगाथावण्णना ।

× × ×

मूल सूत्र—

१—सिङ्गालकको दिशा नमस्कार

यस्तो मैले सुनें [१]।

एक समय भगवान् राजगृह[२] स्थित वेणुवनको कलन्दक-निवापमा[२] बसिरहनु भएको थियो।

---

१. दी. नि. III. पृ. १३९: सिङ्गालसुत्तं, अ. क. II. पृ. ६८६। स्याममा: 'सिङ्गालकसुत्तं'; सिंहलमा: 'सिगालसुत्तं'; रोमनमा: 'सिगालोवादसुत्तं'; अट्ठकथामा: 'सिगालकसुत्तं'।

२. 'राजगृह' भनेको यस्तो नामको एक नगर हो। मान्धातादि महा-गोविन्दहरूले ग्रहण गरेको हुनाले 'राजगृह' भनिएको हो।

अर्को प्रकारले पनि यसको अर्थ लगाउँछन्—कुनै विपक्ष राजाहरूले ग्रहण गर्न नसक्ने भएकोले 'राजगृह' भनिएको हो। कसैले चाहिं नगरको नाम मात्र हो भनी भन्दछन्। यो नगर बुद्धयुग र चक्रवर्तीयुगमा मात्र नगरको रूपमा रहन्छ। अरू समयमा शून्य निर्जन हुन्छ। यक्षहरूले बास गर्छन्। सुमं. वि. I. पृ. ९४: सामञ्ञफलसुत्तवण्णना र उदा. अ. क. पृ. ४२: महाकस्सपसुत्त-वण्णना, महावग्गो।

३. वेणुवन भनेको उदचानको नाम हो। त्यो उदचान वेणुद्वारा अर्थात् बाँसले घेरिएको थियो। त्यसैले 'वेणुवन' भनिएको हो। त्यो उदचानलाई अठार हात उचाइ भएको परखालले घेरेको थियो र त्यसमा ढोका पनि राखिएको थियो। त्यहाँ बुद्धलाई अनुरूप हुने गरी एक ठूलो गन्धकुटी र अरू पनि प्रासादहरू, कुटीहरू, मण्डपहरू, चंक्रमण स्थानहरू तथा अनेक द्वार कोठाहरूले सजाइएको थियो। जताततै हरियाली दृश्य थियो। त्यसैले 'वेणुवन' भनिएको हो।

कलन्दक (Squirrel) हरूलाई खाना दिएको ठाउँ भएको हुनाले 'कलन्दकनिवाप' भनिएको हो।

परापूर्वकालमा एक राजा उदचानमा क्रिडाकोनिमित्त जाँदा सुराले मत्त भई एक रुखमनि निदाए। राजाका परिवारहरू राजा निदाए भनी यताउता फलहरू टिप्न गए। यसैबेला त्यहाँ एक विषधर सर्प आयो। राजाको ज्यान बचाइदिनपऱ्यो भनी त्यस रुखको एक देवता कलन्दकको रूप धारण गरी आई निदाइरहेका राजाको कानमा कराउन थाले। यसबाट राजा बिउँझेर सर्पलाई देखेपछि यस कलन्दकले गर्दा म यस सर्पको टोकाइबाट बचें भनी सन्तोष भई राजाले त्यस ठाउँमा कलन्दकहरूकोनिमित्त खाना राखिदिई त्यहाँका कलन्दकहरूलाई मार्न नपाउने घोषणा गरी कलन्दकहरूलाई अभय प्रदान गरे। त्यहाँदेखि त्यस ठाउँको नाउँ 'कलन्दकनिवाप' रहन गएको हो भनी सुमं. वि. II. पृ. ६८६: सिगालकसुत्तवण्णना र उदा. अ. क. पृ. ४२: महाकस्सपसुत्तवण्णना, बोधिवग्गले उल्लेख गरेका छन्।

त्यस समय सिङ्गालक[1] (सिगालक = शृगालक) गृहपतिपुत्र[2] समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित हात जोरी नानादिशाहरूलाई नमस्कार गर्दथे[3]—पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशा ।

---

१. सिंहलमा र अट्ठकथामा: 'सिगालक' ।

२. 'सिङ्गालक वा सिगालक' उसको निजी नाम हो । गृहपतिको पुत्र भएको हुनाले 'गृहपतिपुत्र' भनिएको हो । उसको पिता गृहपति-महाशाल थिए र उनको निधान गरिराखेको धन मात्रै ४० कोटी थियो । यिनकै पुत्र भएको हुनाले 'गृहपतिपुत्र' भनिएको हो । सुमं. वि. II. पृ. ६८६: सिगालकसुत्तवण्णना, पाटिकवग्ग ।

३. किन यिनले नानादिशाहरूलाई नमस्कार गरेको होलान् ? भन्ने कुराको केही संक्षेप यसरी पाउन सकिन्छ—

यिनका आमा बाबुहरू दुवैजना स्रोतापन्न बुद्धभक्त थिए । तर यिनी चाहिं विहारमा गई बुद्धसहित श्रावकहरूलाई वन्दना गर्न चाहन्नथे । उनी सफासफ 'विहार जाने काम छैन' भनी भन्दथे । उनका पिताले आफ्नो जीवनकालमा उनलाई बुद्धशासनमा पठाउन सकेनन् र मरण हुने बेलामा उनका पिताले सोचे कि मरणको अवस्थामा दिएको अर्ति मनमा गड्न सक्छ । अतः यिनलाई '६ दिशाहरूलाई नमस्कार गर' भनी भन्नुपर्‍यो भनी मरण समयमा उनले त्यसो भने । उनले त्यसको अर्थ नबुझी ६ दिशाहरूलाई नमस्कार गर्न थाले । सुमं. वि. II. पृ. ६८६–८७: सिगालकसुत्त-वण्णना, पाटिकवग्गो ।

अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो। अनि भगवान्ले सिङ्गालक गृहपतिपुत्रलाई समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित हात जोरी नानादिशाहरू—पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशाहरूलाई नमस्कार गरिरहेको देख्नुभयो[1]। देखेर सिङ्गालक गृहपतिपुत्रलाई यस्तो भन्नुभयो—

"गृहपतिपुत्र! किन तिमी समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित हातजोरी नानादिशाहरू—पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्वदिशाहरूलाई नमस्कार गरिरहेको ?"

---

१. भगवान्ले अहिले मात्र देख्नु भएको होइन। प्रत्यूष समयमा बुद्ध-चक्षुद्वारा लोकमा हेरिरहनु भएको बेलामै वहाँले देख्नु भएको थियो। जब वहाले बुद्धचक्षुद्वारा सिङ्गालक गृहपतिपुत्रलाई यसरी दिशाहरूलाई नमस्कार गरिरहेको देख्नुभयो तब 'आज मैले सिङ्गालक गृहपतिपुत्रलाई गृहिविनय सम्बन्धी कुरा सुनाउनेछु र त्यो कुरा महाजनहरूकोनिमित्त पनि सार्थक हुनेछ' भन्ने बुझ्नुभई वहाँ विहान सबेरै राजगृहमा भिक्षाटनार्थ जानु भएको हो भनी सुमं. वि. II. पृ. ६८७: सिगालकसुत्तवण्णना, पाटिकवग्गले उल्लेख गरेको छ।

"भन्ते ! मेरा पिता मर्दाखेरि मलाई यस्तो भन्नुभएको थियो— 'तात ! दिशाहरूलाई नमस्कार गर ।' भन्ते ! त्यसैले म पिताको वचनलाई सत्कार गर्दै, गौरव गर्दै, मान गर्दै, पूजा गर्दै समयमै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केश सहित नानादिशाहरू — पूर्वदिशा, दक्षिणदिशा, पश्चिमदिशा, उत्तरदिशा, अधोदिशा र उर्ध्व-दिशाहरूलाई नमस्कार गरिरहेको हुँ ।"

६ दिशाहरू नमस्कार गर्ने विधि

"गृहपतिपुत्र ! आर्यको विनयमा यसरी ६ दिशाहरू नमस्कार गरिन्न ।"

"भन्ते ! कसरी आर्यको विनयमा ६ दिशाहरू नमस्कार गरिन्छ त ? भन्ते ! भगवान्‌ले मलाई त्यसरी धर्मोपदेश गर्नुहोस् जसरी आर्यको विनयमा ६ दिशाहरू नमस्कार गरिन्छ ।"

"गृहपतिपुत्र ! त्यसोभए सुन राम्ररी मनमा राख भन्नेछु ।"

"हवस्, भन्ते" भनी सिङ्गालक गृहपतिपुत्रले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले यस्तो भन्नुभयो —

"गृहपतिपुत्र ! जब आर्यश्रावकको (क) चारवटा कर्म-क्लेशहरू[1]

---

१. जुन कामद्वारा सत्वहरू कलुषित हुन्छन् ती कामलाई यहाँ 'कर्मक्लेश' भनिएको हो । सुमं. वि. II. पृ. ६८८: सिगालकसुत्तवण्णना ।

प्रहीण भएका हुन्छन्, (ख) (जब आर्यश्रावकले) चार कारणद्वारा पाप कर्म गर्दैन, (ग) (जब आर्यश्रावकले) छवटा भोगविनाशको कारणलाई सेवन गर्दैन—यसरी चौध प्रकारका पाप हुने कर्मबाट दूर रही (घ) ६ दिशाहरूलाई आच्छादित[1] गरी दुवै लोकको विजय गर्नमा प्रतिपन्न हुन्छ। तब उसको यो लोक पनि सन्तोषजनक हुन्छ र परलोक पनि[2]। अनि उ शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ।

---

१. यहाँ 'आच्छादित' भनेको आउने भयहरूलाई रोक्ने अर्थले 'आच्छादित' भनिएको हो। सुमं. वि. II. पृ. ६९४: सिगालकसुत्त-वण्णना।

२. 'यो लोक पनि सन्तोषजनक हुन्छ र परलोक पनि' भनेको मतलब -- सन्तोषजनक हुनेको यो लोकमा पञ्चभय वैर हुन्न भनिएको हो। (पञ्चभय वैर भनेको के हो भन्ने कुरा बु. गृ. भा–१, पृ. ११५ मा हेर्नू) अर्थात् सफल जीवन हुन्छ भनिएको हो। इहलोकमा पञ्चभय वैर नभई जीवन सफल हुनेको परलोकमा पनि पञ्चभय वैर नभई सफल हुन्छ। अतः यसै सन्तोषजनक जीवनले गर्दा सुगति स्वर्गमा पनि उत्पन्न हुन्छ। यहाँ लेखिएका (क) (ख).. आदिका कुराहरू शीर्षकको रूपमा बताउनु भएको हो। जसको अगाडि एक एक गरी वर्णन गरिएका छन्। सुमं. वि. II. पृ. ६८८: सिगालकसुत्त-वण्णना, पाटिकवग्गो।

(क) चारकर्म क्लेशहरू

"कुन चारवटा कर्मक्लेशहरू उसको (=सो आर्यपुरुषको) प्रहीण भएका हुन्छन् ? गृहपतिपुत्र ! (१) प्राणीघात कर्मक्लेश हो[1], (२) अदिन्नादान (=चौरकार्य) कर्मक्लेश हो, (३) काममिथ्याचार कर्मक्लेश हो, (४) मृषावाद कर्मक्लेश हो । यी नै चारवटा कर्मक्लेशहरू प्रहीण भएका हुन्छन् । भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो—

"पाणातिपातो[2] अदिन्नादानं, मुसावादो च वुच्चति[3] ।
परदारगमनञ्चेव, नप्पसंसन्ति पण्डिता'ति ।।"

---

१. क्लेशयुक्त भएर जुन काम (=कर्म) गरिन्छ सो काम 'कर्मक्लेश' हो । अर्थात् क्लेशयुक्त काम हो । क्लेशयुक्त भएर नै मानिसहरूले प्राणीहत्या गर्छन् । क्लेशरहित मानिसहरूले प्राणी हत्या गर्दैनन् । त्यसैले प्राणी हत्या गर्ने काम क्लेशयुक्त हो । त्यसैले सूत्रमा 'प्राणीघात कर्मक्लेश हो' भनिएको हो । अदिन्नादान आदि काममा पनि यसरी नै अर्थ बुझ्नुपर्छ । यहाँ चारैहि कायद्वारा र वचनद्वाराबाट गरिने अकुशल कर्मलाई बताइएको हो । सुमं. वि. II. पृ. ६८८: सिगालकसुत्तवण्णना ।

२. सिहलमा: 'पाणातिपातं' ।

३. स्यामभा: 'पवुच्चति' ।

अर्थ –

"जसलाई प्राणीघात, अदिन्नादान, मृषावाद र परदारगमन भन्दछन् त्यस्तालाई पण्डितहरू प्रशंसा गर्दैनन् ।"

(ख) चार कारणद्वारा पाप कर्म गर्दैन

"कुन चार कारणद्वारा पाप कर्म गर्दैन ? छन्दागतिमा[1] गएर (=प्रेम वा पक्षको कारणमा गएर) पाप कर्म गर्छ, द्वेषागतिमा गएर पाप कर्म गर्छ, मोहागतिमा गएर पाप कर्म गर्छ, भयागतिमा गएर पाप

---

१. 'छन्दागतिमा गएर पापकर्म गर्छ' भन्ने को स्पष्टिकरण सुमङ्गलविलासिनीले यसरी दिएको छ—

छन्दको कारणले वा प्रेमको कारणले अगतिमा लागी अकर्तव्य गरिन्छ । त्यस्तै गरी द्वेषादिको कारणबाट पनि ।

त्यहाँ जसले यो मेरो साथी हो, सम्भ्रान्त हो, देखेको चिनेको हो अथवा ज्ञाति हो – यसले घूस पनि दिन्छ भनी पक्ष लिएर अमालिकलाई मालिक र मालिकलाई अमालिक बनाउँछ । यो हो छन्दको कारणबाट अर्थात् पक्षपातको कारणबाट पाप कर्म गर्ने ।

यो मेरो वैरी हो भनी स्वाभाविक वैरको कारणबाट वा तत्क्षणमै उत्पन्न भएको क्रोधको कारणबाट अमालिकलाई मालिक

र मालिकलाई अमालिक बनाउँछ । यो हो द्वेषको कारणबाट पाप कर्म गर्ने । अर्थात् द्वेषागतिको कारणबाट पाप कर्म गर्ने ।

जो मन्द बुद्धिको कारणबाट वा मोहको कारणबाट जे पायो त्यो भनी अमालिकलाई मालिक र मालिकलाई अमालिक बनाउँछ । यो हो मोहागतिको कारणबाट पाप कर्म गर्ने ।

जसले यो पुरुष राजवल्लभ हो वा यो पुरुष विशेष पदमा नियुक्त छ । अतः यसले मलाई अनर्थ पनि गर्नसक्छ भनी भयको कारणबाट अमालिकलाई मालिक वा मालिकलाई अमालिक बनाउँछ । यो हो भयागतिको कारणबाट पाप कर्म गर्ने ।

कुनै चीज भाग लगाउँदा जसले यो मेरो चिनाजानी भएको पुरुष हो, यो मेरो सम्भ्रान्त पुरुष हो भनी पक्षलिई पक्षको कारणबाट अधिक दिन्छ; यो मेरो वैरी हो भनी कम दिन्छ; मोहको कारणबाट उचित ढँग नजानी कसैलाई धेरै र कसैलाई थोरै दिन्छ; यदि यसलाई धेरै दिएन भने यसले मलाई अनर्थ पनि गर्नसक्छ भनी भएको कारणबाट कसैलाई धेरै र कसैलाई थोरै दिन्छ । उसले चारै किशिमबाट छन्दादिगतिको बाटोमा लागेर पाप कर्म गर्छ । आर्यश्रावकले चाहिं आफ्नो प्राण गएता पनि त्यस्तो छन्दादिगतिमा गएर पाप कर्म गर्दैन । सुमं. वि. II. पृ. ६८८–८९: सिगालकसुत्तवण्णना, पाटिकवग्गो ।

कर्म गर्छ । गृहपतिपुत्र ! जब कि आर्यश्रावक न छन्दागतिमा जान्छ, न द्वेषागतिमा जान्छ, न मोहागतिमा जान्छ, न भयागतिमा जान्छ । त्यसैले (आर्यश्रावकले) यी चार कारणद्वारा पाप कर्म गर्दैन । भगवान्ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो --

१. "छन्दा दोसा भया मोहा, यो धम्मं अतिवत्तति ।
निहीयति यसो तस्स, कालपक्खे व चन्दिमा ।।

२. "छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति ।
आपूरति यसो तस्स, सुक्कपक्खे व चन्दिमा'ति ।।"

अर्थ—

१–"जसले छन्द, द्वेष, भय र मोहद्वारा धर्मलाई (=कर्तव्यलाई) उल्लंघन गर्छ उसको यशकीर्ति कालपक्षको चन्द्रमा जस्तै घट्दै जान्छ ।

२–"जसले छन्द, द्वेष, भय र मोहद्वारा धर्मलाई (=कर्तव्यलाई) उल्लंघन गर्दैन उसको यशकीर्ति शुक्लपक्षको चन्द्रमा जस्तै बढ्दै जान्छ ।

(ग) भोगविनाशका ६ कारणहरू

"कुन छवटा भोगबिनाशका कारणलाई सेवन गर्दैन ?

(१) गृहपतिपुत्र ! सुरा[1] मेरय[2] मद्य प्रमादद्य स्थानमा लाग्नु भोगविनाशको कारण हो[3]। (२) कुबेलामा सडकमा घुम्ने बानी भोगविनाशको कारण हो। (३) नाचगान तमासा हेर्ने बानी भोगविनाशको कारण हो। (४) प्रमाद हुने जुवा खेल्ने बानी भोगविनाशको कारण हो। (५) पापमित्र (=खराब साथी) सँग लाग्नु भोगविनाशको कारण हो। (६) अलसीपनमा लाग्नु (=अल्सी बानी गर्नु) भोगविनाशको कारण हो।

---

१. 'सुरा' (=रक्सी) भनी—(१) मिठाइको सुरा, (२) पीठोको सुरा, (३) भातको सुरा, (४) रस झिकेको सुरा, (५) विभिन्न वस्तुहरू मिसिएको सुरा आदि पाँचै प्रकारका सुरालाई 'सुरा' भनिएको हो। सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना।

२. 'मेरय' भनेको आसव हो, अर्क हो। यो पनि (१) पुष्पासव, (२) फलासव, (३) मध्यासव, (४) गुडासव र (५) विभिन्न वस्तुहरू मिसिएको आसव गरी पांच प्रकारका 'मेरय' =आसवहरू छन्। सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना। यी सबै मादक पदार्थ भएकाले 'मद्य' भनिएको हो। प्रमाद र भूलको कारण भएकोले 'प्रमादस्थान' भनिएको हो।

३. यसरी मद्यपानमा लाग्नेको भएका भोगहरू पनि विनाश हुन्छन् र नभएका भोगहरू पनि हुन सक्दैनन्। त्यसैले 'भोगविनाशको कारण हो' भनी सूत्रमा उल्लेख भएको हो। सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना।

१—सुरापानमा ६ दोषहरू

"गृहपतिपुत्र ! सुरा मेरय मद्य प्रमादस्थानमा लाग्नेका यी ६ दोषहरू हुन्छन् । (१) यसै जीवनमा (=तत्कालै) धन हानी हुन्छ, (२) कलह बढ्छ[1], (३) रोगको घर हुन्छ, (४) अकीर्ति उत्पन्न हुन्छ[2], (५) लज्जा नाश गर्छ[3] र (६) छैटौं प्रज्ञालाई कमजोर पार्छ । गृहपतिपुत्र ! सुरा मेरय मद्य प्रमादस्थानमा लाग्नेका यी नै ६ दोषहरू हुन्छन् ।

---

१. मुख छाडी वचन कलह र हातछाडी कायकलह बढ्छ । सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना ।

२. मद्यपान गरी आमा बाबुहरूलाई पनि पिट्छन् तथा अरू पनि अनुचित वचनहरू प्रयोग गर्छन् । गर्न नहुने काम पनि गर्छन् । यस कार्यद्वारा निन्दा, दण्ड, हातखुट्टा काटिने आदि कर्म भोग्नुपर्छ र इहलोक र परलोकमा पनि अकीर्ति फैलिन्छ । यसरी त्यो मद्यपानद्वारा उनीहरूको अकीर्ति उत्पन्न हुन्छ । सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना ।

३. लज्जा नाश गर्छ भनी—जुन शरीरको अङ्गप्रत्यङ्ग देखिदा लज्जा हुने हो त्यस्तो अङ्गप्रत्यङ्ग पनि देखाउँदै निर्लज्जी हुन्छ भनिएको हो । सुमं. वि. II. पृ. ६८९: सिगालकसुत्तवण्णना ।

२–कुबेलामा घुम्नेका ६ दोषहरू

"गृहपतिपुत्र ! कुवेलामा सडकमा घुम्ने बानी हुनेका यी ६ दोषहरू हुन्छन् । (१) स्वयं उ अगोप्य र असुरक्षित हुन्छ[1], (२) उसका पुत्रदारहरू पनि अगोप्य र असुरक्षित हुन्छन्, (३) उसको धनसम्पत्ति पनि अगोप्य[2] र असुरक्षित हुन्छ, (४) खराब विषयमा शंका गर्छ[3], (५) उसमाथि झूटो कुराको आरोप लाग्छ र (६) धेरै दुःख भागी हुन्छ[4] । गृहपतिपुत्र ! कुबेलामा सडकमा घुम्ने बानी हुनेका यी नै ६ दोषहरू हुन्छन् ।

---

१. 'अगोप्य र असुरक्षित हुन्छ' को मतलब—कुवेलामा हिंड्दा गिरखा काँढा आदि कुल्चिइन्छ, सर्प पनि कुल्चिइन्छ, यक्षादिहरू पनि आउँछन् । यस्तो किशिमले हिंड्छ भन्ने थाहा पाएर वैरी तथा शत्रुहरू लुकेर बसी समात्छन् वा पिट्छन् । यसरी उ असुरक्षित हुन्छ । पुत्रदारहरू पनि हाम्रा पिता हाम्रा स्वामी रातमा विचरण गर्छन् हामी मात्र किन नि ? भन्दै पुत्र भार्याहरू पनि बाहिरतिर मन लगाउँछन् र नचाहिदो व्यसन भोग्न पर्ने हुन्छ । यसरी उसका पुत्रदारहरू पनि असुरक्षित हुन्छन् । सुमं. वि. II. पृ. ६८९–९०: सिगालकसुत्तवण्णना ।

२. यसरी कुबेलामा बाहिर जान्छ भन्ने थाहा पाएर निर्जन घरमा आई चोरहरूले धनसम्पत्ति पनि चोरेर लैजान्छन् । सुमं. वि. II. पृ. ६९०: सिगालकसुत्तवण्णना ।

३–नाचगान तमाशा हेर्नेमा ६ दोषहरू

"गृहपतिपुत्र ! नाचगान तमाशा हेर्नुमा यी ६ दोषहरू हुन्छन् । (१) कहाँ नाच छ[१] ? (२) कहाँ गीत छ ? (३) कहाँ वाद्य छ ?

---

३. अर्काले गरेको पाप कर्ममा पनि 'यसले गरेको हो कि' भन्ने सन्देह र शंका गर्छन् । ज-जसको घर भएर जाने हो त्य-त्यस घरमा जो अर्काले गरेको अपराध वा चौर कार्य वा परदार गमन आदि हो सो 'यसले गरेको हो' भनी झूटो आरोप पर्न आउँछ । सुमं. वि. II. पृ. ६९०: सिगालकसुत्तवण्णना ।

४. जब कुनै अपराधको बारेमा कुनै व्यक्ति भेटिन्न तब कुबेलामा विचरण गर्ने पुरुषमाथि दोष लगाउँछन् । त्यसैले धेरै दुःखहरूको भागी हुन्छ भनी सूत्रमा उल्लेख भएको हो । सुमं. वि. II. पृ. ६९०: सिगालकसुत्तवण्णना, पाटिकवग्गो ।

१. कहाँ नाच छ ? भनी चर्चा वा खोजी गरी हिड्नेले जब फलाना ठाउँमा नाच गान छ भनी थाहा पाउँछ तब उ त्यहाँ जानुपर्ने हुन्छ । भोलि नाच गान हेर्न जानेछु भनी आजैदेखि उ वस्त्र तथा मालागन्धहरू तयार पार्नमा व्यस्त हुन सक्छ । यसले गर्दा उसको अरू काममा बाधा हुन्छ । नाच हेर्नकोनिमित्त एक दुइ दिन पनि बिताउँछ । अनि पानी आदि परेको वेलामा रोपाइको समयमा रोपाइ आदि पनि नगर्नाले उत्पन्न नभएको भोगसम्पत्ति उत्पन्न

(४) कहाँ आख्यान छ ? (५) कहाँ पाणिस्वर छ ? (=हातको तालमा नाचिरहेको) र (६) कहाँ कुम्भथूण (=बाजा विशेष) छ ? गृहपतिपुत्र ! नाचगान तमाशा हेर्नुमा यी नै ६ दोषहरू हुन्छन् ।

४–जुवाडेमा ६ दोषहरू

"गृहपतिपुत्र ! प्रमाद हुने जुवा खेल्ने बानी हुनेमा यी ६ दोषहरू हुन्छन् । (१) जित्दा वैरी हुन्छ[१], (२) पराजित हुँदा धनको कारणमा शोक हुन्छ, (३) यसै जीवनमा (=तत्काले) धन हानी हुन्छ, (४) सभामा जाँदा कुराको विश्वास गर्दैनन्, (५) मित्रामात्यहरूले

हुन्न । उ बाहिर गइरहेको जानेर चोरहरूले खाली घरमा जे चाहन्छन् त्यो गर्न सक्छन् । त्यसैले उसको उत्पन्न भएको भोगसम्पत्ति पनि विनाश हुन्छ । अरू विषयहरूमा पनि यस्तै गरी अर्थ बुझ्नू । सुमं. वि. II. पृ. ६९०: सिगालकसुत्तवण्णना ।

१. 'मैले जितें मैले जितें' भनी सभाषद्को बीचमा अर्काको फेटा आदि लिन्छ । अनि सो पुरुषको मनना 'सभाषद्को बीचमा मेरो फेटा फिक्यो' भनी आफुलाई अपमान गरेको सम्झी उमाथि 'देखाजाएगा' भनी वैर गर्छ । त्यसैले 'जित्दा वैरी हुन्छ' भनिएको हो । सुमं॰ वि॰ II. पृ. ६९०: सिगालकसुत्तवण्णना ।

साथ दिन्नन्[1] र (६) आवाह विवाह गर्नेहरूले— 'यो पुरुष जुवाडे हो यसले दारभरण गर्नसक्ने छैन' भनी कन्या दिन्नन् । गृहपतिपुत्र ! प्रमाद हुने जुवा खेल्ने बानी हुनेमा यी नै ६ दोषहरू हुन्छन् ।

५-खराब साथी हुनेमा ६ दोषहरू

"गृहपतिपुत्र ! पापमित्र (=खराब साथी) सँग लाग्नेमा यी ६ दोषहरू हुन्छन् । (१) जो जुवाडे छ, (२) जो शौण्ड[2] (=रंडीबाजी गर्ने) छ, (३) जो पिपासी (=मतवाला) छ, (४)

---

१. उसका मित्र साथीहरूले उसलाई यस्तो भन्दछन्—'साथी ! तिमी कुलपुत्र ह्वौ । किन तिमी यस्तो किशिमले जुवा खेली हिड्छौ । तिम्रो जाति तथा गोत्रलाई यो काम सुहाउँदैन । अबदेखि यस्तो नगर ।' उसले उनीहरूको कुरामा ध्यान दिन्न । त्यसपछि उसँग एकसाथ हिड्दैनन्, एकसाथ बस्दैनन्, उसको बारेमा साक्षी बस्नुपर्दा पनि केही भन्दैनन् । यसरी मित्र साथीहरूले उसको साथ दिंदैनन् । सुमं. वि. II. पृ. ३९०: सिगालकसुत्तवण्णना ।

२. यहाँ 'शौण्ड' (सोण्ड) भनेको—(१) इत्थिसोण्ड (=रंडीबाजी गर्ने), (२) भत्तसोण्ड (=भातखाएर मत्त हुने), (३) पूवसोण्ड (=रोटी खाई मत्त हुने), (४) मूलकसोण्ड (=जराहरूको रस पिई मत्त हुने अर्थात् गाँजा भांङ आदि पिउने) हरूलाई भनिएको हो । सुमं. वि. II. पृ. ६९१: सिगालकसुत्तवण्णना ।

जो कृतघ्न छ, (५) जो वञ्चक छ, (६) जो साहसी छ—त्यस्ता मानिसहरू उसका साथी मित्रहरू हुन्छन्। गृहपतिपुत्र! पापमित्रसँग लाग्नेमा यी नै ६ दोषहरू हुन्छन्।

६-अल्छीपनमा ६ दोषहरू

"गृहपतिपुत्र! अल्छीपनमा लाग्नेका यी ६ दोषहरू हुन्छन्। (१) सारै जाडो छ भनी काम गर्दैन, (२) सारै गर्मी छ भनी काम गर्दैन, (३) धेरै साँझ परिसक्यो भनी काम गर्दैन, (४) धेरै सबेरै छ भनी काम गर्दैन, (५) सारै भोक लागेको छ भनी काम गर्दैन र (६) धेरै खाएको छु भनी काम गर्दैन। यसरी धेरै काम पन्छाउने भई बस्ने उसका उत्पन्न नभएका भोगसम्पत्तिहरू उत्पन्न हुन्नन् र उत्पन्न भएका भोगसम्पत्तिहरू पनि मासिएर जान्छन्। गृहपतिपुत्र! अल्छीपनमा लाग्नेका यी नै ६ दोषहरू हुन्छन्।"

भगवान्‌ले यति भन्नुभयो। यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो—

१. "होति पानसखा नाम, होति सम्पियसम्पियो[1]।
यो च अत्थेसु जातेसु, सहायो होति सो सखा॥

१. बर्मी, रोमन र स्याममा: 'सम्पियसम्मियो'।

२. "उस्सूरसेय्या परदारसेवना,
वेरप्पसवो[१] च अनत्थता च।
पापा च मित्ता सुकदरियता च,
एते च ठाना पुरिसं धंसयन्ति ।।

३. "पापमित्तो पापसखो, पापआचारगोचरो।
अस्मा लोका परह्मा च, उभया धंसते नरो ।।

४. "अक्खित्थियो वारुणो नच्चगीतं,
दिवा सोप्पं पारिचरिया अकाले[२]।
पापा च मित्ता सुकदरियता च,
एते छ ठाना पुरिसं धंसयन्ति ।।

५. "अक्खेहि दिब्बन्ति सुरं पिवन्ति,
यन्तित्थियो पाणसमा परेसं।
निहीनसेवी न च वुद्धसेवी[३],
निहीयते[४] कालपक्खे व चन्दो[५] ।।

---

१. स्याम र रोमनमाः 'वेरप्पसङ्गो'।
२. रोमनमाः 'अकालं'।
३. सिंहलमाः 'वुद्धिसेवी'; स्याममाः 'वुड्ढसेवी'।
४. स्याम र रोमनमाः 'निहीयति'।
५. स्याममाः 'चन्दिमा'।

६. "यो वारुणी[1] अद्धनो[2] अकिञ्चनो[3],
पिपासो[4] पिवं[5] पपागतो[5] ।
उदकमिव इणं विगाहति,
अकुलं[6] काहिति[7] खिप्पमत्तनो ।।

७. "न दिवा सोप्पसीलेन[8], रत्तिमुट्ठानदेस्सिना[9] ।
निच्चं मत्तेन सोण्डेन, सक्का आवसितुं घरं ।।

८. "अतिसीतं अति उण्हं, अतिसायमिदं अहु ।
इति विस्सट्ठकम्मन्ते[10], अत्था अच्चेन्ति माणवे[11] ।।

---

१. सिंहलमा: 'वारुणि' ।

२. स्याममा: 'अधनो' ।

३. स्याममा: 'अभिच्छनो' ।

४. स्याममा: 'पिपासो सि' ।

५–५. स्याममा: 'अत्थपागतो' ।

६. स्याममा: 'आकुलं' ।

७. स्याम र रोमनमा: 'काहति' ।

८. रोमनमा: 'सुप्पनासीलेन'; स्याममा: 'सुप्पसीलेन' ।

९. रोमनमा: 'रत्तिनुट्ठानदस्सना'; स्याममा: 'रत्तिनुट्ठानदेस्सिना'; अट्ठकथामा: 'रत्तिनुट्ठानदस्सिनो' ।

१०. रोमनमा: 'विस्सट्ठकम्मन्तो' ।

११. रोमनमा: 'मानवे' ।

९. "योध[1] सीतं च उण्हं च, तिणा भिय्यो न मञ्ञति ।
करं पुरिसकिच्चानि, सो सुखं[2] न विहायती' ति ।।"

अर्थ –

१–"कुनै सुरा पिउने ठाउँको साथी हुन्छ, कुनै अगाडि मुखले चिप्लो पार्ने साथी हुन्छ तर काम पर्दाखेरि जो सहायक हुन्छ उही असल साथी हो ।

२–"अबेरसम्म सुत्ने बानी, परदार गमन गर्ने बानी, धेरै शत्रु हुने, अनर्थकारी, खराब साथी हुने र अधिक कञ्जूस हुनाका—यी ६ कारणहरूले पुरुषलाई विध्वंश पार्छ ।

३–"खराब मित्र, खराब साथी, खराब आचार-गोचर हुने पुरुषको इहलोक र परलोक—दुवै लोक विध्वंश हुन्छ ।

४–"स्त्रीधूर्त, सुराधूर्त, नाचगानमा लाग्ने, दिनमा सुत्ने, कुवेलामा विचरण गर्ने, खराब साथी र महाकञ्जूसपनका—यी ६ कारणहरूले पुरुषको विध्वंश हुन्छ ।

५–"जुवा खेल्ने, सुरापान गर्ने, अर्काकी प्राण समान स्त्रीसँग जाने, नीच पुरुषको सेवन गर्ने र पण्डितको सेवन नगर्ने पुरुष कालपक्षको चन्द्रमा जस्तै हुन्छ ।

---

१. स्याम र रोमनमा: 'यो च' ।

२. सिंहल, स्याम र रोमनमा: 'सुखा' ।

६–"जो निर्धनी केही नहुनेले सुरापान गर्छ र सुरै मात्र पिई खराब सत्संगत गर्छ, जसले (धाराबाट) पानी लिने जस्तै ऋण लिन्छ उसले आफूलाई चाँडै नै आकुल व्याकुल तुल्याउँछ।

७–"दिनमा सुत्ने बानी गरेर, रातमा ननिदाउने बानी गरेर, सँधै नशामा मस्त भई शौण्ड जीवन विताएर घरगृहस्थीमा बस्न सकिन्न।

८–"धेरै जाडो छ, धेरै गर्मी छ, धेरै रात परिसक्यो भनी कामकाज छाडी बस्ने मानवको धन नोक्सान हुन्छ।

९–"जसले यहाँ जाडोलाई र गर्मीलाई किञ्चित नमानी गर्नुपर्ने पुरुषार्थ गर्छ त्यस्तो पुरुष सुखबाट वञ्चित हुन्न[1]।

---

१. 'सुखबाट वञ्चित हुन्न' भनी सुखलाई छाड्दैन र सुखका साथ बस्छ भनिएको हो। यो कुराबाट यो अर्थ दर्शिन्छ कि—गृहस्थी हुनेले यस्तो काम गर्नुहुन्न, गरेको खण्डमा अभिवृद्धि हुन्न, इहलोक र परलोक दुवैमा निन्दा हुन्छ। जसले यस्तो गर्दा अनर्थ उत्पन्न हुन्छ अथवा अरू कुनै किसिमका भयहरू, उपद्रवहरू र कलङ्कहरू उत्पन्न हुन्छन् ती सबै बालमूर्खजनहरूको कारणले हुन्छ। अतः त्यस्ता बालमूर्खहरूको सेवन नगर्नू भन्नुहुँदै मित्ररूपी अमित्र व्यक्तिहरूका कुरा देखाउनकोनिमित्त यहाँ अगाडि "गृहपतिपुत्र! चारजनालाई मित्ररूपी अमित्र भनी चिन्नुपर्छ" भनी बताउनु भएको हो। सुमं. वि. II, पृ. ६९१–९२: सिगालकसुत्तवण्णना।

मित्ररूपी अमित्रहरू

"गृहपतिपुत्र ! चारजनालाई मित्ररूपी अमित्रहरू भनी चिन्नु पर्छ । (१) अर्काको वस्तु लिनेलाई मित्ररूपी अमित्र भनी चिन्नु पर्छ, (२) केवल कुराले मात्र ठिक्क पार्नेलाई मित्ररूपी अमित्र भनी चिन्नु पर्छ, (३) केवल मिठो बोली बोल्नेलाई पनि मित्ररूपी अमित्र भनी चिन्नु पर्छ र (४) खराब काममा सहायक हुनेलाई पनि मित्ररूपी अमित्र भनी चिन्नु पर्छ ।

(१) "गृहपतिपुत्र ! चार कारणको आधारमा अर्काको वस्तु लिने मित्ररूपी अमित्रलाई चिन्नु पर्छ ।

"अञ्ञदत्थु हरो होति, अप्पेन बहुमिच्छति ।
भयस्स किच्चं करोति[1], सेवति अत्थकारणा ।।

अर्थ –

(१) "अर्काको वस्तु लिने हुन्छ[2], (२) थोरैले धेरै चाहन्छ[3], (३) भयको कारणले काम गर्छ[4] र (४) आफ्नो स्वार्थकोनिम्ति मात्र साथ दिन्छ[5] ।

---

१. स्याममा: 'न करोति' ।

२. 'अर्काको वस्तु लिने हुन्छ' भनेको केवल अर्काको वस्तु मात्र लिने

"गृहपतिपुत्र! यी चार कारणको आधारमा अर्काको वस्तु लिने मित्ररूपी अमित्र हो भनी चिन्नु पर्छ।

(२) "गृहपतिपुत्र! चार कारणको आधारमा कुराले मात्र ठिक्क पार्ने मित्ररूपी अमित्रलाई चिन्नु पर्छ। (१) अतीतको कुराले

हुन्छ भनिएको हो। जस्तै—साथीको घरमा खाली हात गई उसले लगाएको कपडाहरूको बयान गर्छ। अनि उसले 'यसले यो कपडाको निक्कै बयान गर्‍यो' भनी आफूले लगाएको कपडा उसलाई दिन्छ। यसरी उसले अर्काको वस्तु लिएको हुन्छ भनिएको हो भनी सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. भनाइको मतलब जुन किशिमबाट भएपनि आफ्नो थोरै वस्तु दिएर धेरै वस्तु लिने प्रयास गर्छ भनिएको हो। सुमं. वि. II. पृ. ६९२.

४. जब आफूलाई कुनै आपद्विपद् तथा भय आउँछ तब दाशले जस्तो उसको कामकाज गरिदिन्छ। यसले सँधै त्यसरी काम गरिदिन्न, केवल आफूलाई कुनै भय आइपर्दा मात्र त्यसरी काम गर्छ। त्यो पनि प्रेमले होइन। अतः उ अमित्र समान नै हो। सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

५. मित्रलाई मित्रले साथ दिने जै साथ दिन्न। बल्कि आफ्नो स्वार्थ भएसम्म मात्र साथ दिन्छ। अथवा आफ्नो स्वार्थ पूर्ति नभएसम्म मात्र साथ दिन्छ। सुमं. वि. II. पृ. ६९२.

मात्र संग्रह गर्छ[१], (२) अनागतको कुराले मात्र संग्रह गर्छ[२], (३) निरर्थक कुराले मात्र संग्रह गर्छ[३] र (४) प्रत्युत्पन्नको काममा चाहिं विपत्ति देखाउँछ[४] ।

---

१. 'अतीतको कुराले मात्र संग्रह गर्छ' भनेको—साथी आउँदा—'हिजो वा अस्ति आउनु भएन । यसपाली हामीहरूको धान खूब फलेको थियो । धेरै शाली (मार्सी धान) र जउको बिउहरू राखेर बाटो हेरिरहेका थियौं । तर तपाइ आउनु भएन । आज सबै सिद्धिइसक्यो' भनी यसरी बितेको कुराद्वारा संग्रह गर्छ भनिएको हो । सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णना ।

२. 'यसपाली हामीहरूको धान सप्रने छ । बाला बालामा धेरै धान फल्ने छ । धान काटिसके पछि तपाइलाई पनि संग्रह गर्न समर्थ हुनेछौं' भनी यसरी भविष्यको कुराद्वारा संग्रह गर्छन् । सुमं. वि. II. पृ. ६९२.

३. हात्तीमा वा घोडामा बसेको साथीलाई देखेर—'अहो साथी ! आऊ यहाँ बस' भनी राम्रो कपडा लगाएको आफूले 'मेरा साथीलाई सुहाउने ममा केही छैन' भनी निरर्थक वचनद्वारा संग्रह गर्छ । सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णना ।

४. वर्तमानको काममा भने विपत्ति देखाउँछ । जस्तै—मलाई गाडाको जरुरत परेको छ भनी भनेको सुनी—'मेरो गाडाको चक्का नै बिग्रेको छ र कीला भाँचिएको छ' भन्ने जस्ता आदि कुराबाट विपत्ति जनाउँछ । सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णना, पाटिकवग्गो ।

"गृहपतिपुत्र! यी चार कारणको आधारमा कुराले मात्र ठिक्क पार्ने मित्ररूपी अमित्र हो भनी चिन्नु पर्छ।

(३) "गृहपतिपुत्र! चार कारणको आधारमा केवल मीठो बोली बोल्ने मित्ररूपी अमित्रलाई चिन्नु पर्छ। (१) खराब काममा पनि अनुमति दिन्छ[1], (२) असल काममा पनि अनुमति दिन्छ, (३) अगाडि प्रशंसा गर्छ र (४) पछाडि निन्दा गर्छ।

"गृहपतिपुत्र! यी चार कारणको आधारमा केवल मीठो बोली बोल्ने मित्ररूपी अमित्र हो भनी चिन्नु पर्छ।

(४) "गृहपतिपुत्र! चार कारणको आधारमा खराब काममा सहायक हुने मित्ररूपी अमित्रलाई चिन्नु पर्छ। (१) सुरा मेरय मद्य प्रमादस्थानमा लाग्ने काममा सहायक हुन्छ, (२) कुबेला सडकमा घुम्ने काममा सहायक हुन्छ, (३) नाचगान हेर्न जाने काममा सहायक हुन्छ र (४) प्रमाद हुने जुवा खेल्न जाने काममा सहायक हुन्छ।

"गृहपतिपुत्र! यी चार कारणको आधारमा खराब काममा सहायक हुने मित्ररूपी अमित्र हो भनी चिन्नु पर्छ।"

---

१. प्राणीघात आदि कुनै काम गरौं भन्दा 'हुन्छ सौम्य' भनी स्वीकृति दिन्छ तथा अनुमति दिन्छ। असल काम गरौं भन्दा पनि स्वीकृति दिन्छ तथा अनुमति दिन्छ। सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्त-वण्णना।

भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो—

१. "अञ्ञदत्थुहरो मित्तो, यो च मित्तो वचीपरो[1] ।
अनुप्पियं च यो आह[2], अपायेसु च यो सखा ।।

२. "एते अमित्ते चत्तारो, इति विञ्ञाय पण्डितो ।
आरका परिवज्जेय्य, मग्गं पटिभयं यथा'ति ।।"

अर्थ—

१–"अर्काको वस्तु लिने मित्र, वचन मात्रको मित्र, मीठो बोली मात्र बोल्ने मित्र र खराब काममा साथ दिने मित्र—

२–"यी चारजना अमित्र हुन् भनी चिनेर[3] भयावह बाटोलाई पण्डितले छाड्ने झैं उनीहरूलाई छाडिदेऊ ।"

---

१. स्याममा: 'वचीपरमो' ।

२. स्याममा: 'आहु' ।

३. यिनीहरू मित्ररूपी अमित्रहरू हुन् भनी चिन्नु पर्छ । यसरी असेवनीय पापमित्रहरूलाई देखाई यसपछि सेवनीय कल्याणमित्रहरूलाई देखाउनु हुँदै पुनः 'गृहपतिपुत्र ! यी चारजनालाई सुहृद् मित्र भनी जान्नु पर्छ' भनी भन्नुभयो । सुमं. वि. II. पृ. ६९२: सिगालकसुत्तवण्णना, पाटिकवग्गो ।

सुहृद् मित्र

"गृहपतिपुत्र ! यी चार जनालाई सुहृद् मित्र भनी चिन्नु पर्छ । (१) उपकारी मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ, (२) सुख दुःखमा समान रहने मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ, (३) हितको कुरा बताउने मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ र (४) अनुकम्पक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।

(१) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा उपकारक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ । (१) प्रमत्त हुनेको रक्षा गर्छ[1], (२) प्रमत्त हुनेको सम्पत्ति रक्षा गर्छ[2], (३) डराउनेको शरण (=रक्षक) भइदिन्छ[3] र (४) कामकाज पर्दा भनेको भन्दा दोब्बर भोगसम्पत्ति दिन्छ[4] ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा उपकारक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।

(२) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा सुख दुःखमा समान रहने मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ । (१) उसलाई

---

१. 'प्रमत्त हुनेको रक्षा गर्छ' भनेको—मद्यपान गरी बेहोस भई गाउँको बीचमा वा गाउँको द्वारमा वा बाटामा लडिरहेको देखेर यसरी लडिरहेको शरीरको वस्त्रादि अरूले लुटेर लैजाला भनी

छेउमा बसिरहन्छ र होस आएपछि समातेर घरमा पुऱ्याई दिन्छ। सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

२. 'प्रमत्त हुनेको सम्पत्ति रक्षा गर्छ' भनेको—साथी बाहिर गएको होस् वा सुरापान गरी प्रमत्त भएको होस्—'घरमा कोही नहुँदा घरका सम्पत्तिहरू कसैले लैजान सक्छन्' भनी घरमा कुरुवा बसी रक्षा गरिदिन्छ। सुमं. वि. II. पृ. ६९३.

३. 'डराउनेको शरण भइदिन्छ' भनी—कुनै कुरामा भयपर्दा डराउनु पर्दैन, म जस्तो साथी भएर पनि किन डराउनु पर्छ र भनी उसको भयलाई हटाइदिन्छ भनिएको हो। सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना।

४. कुनै काम परेर साथी आफूकहाँ आएको देखेर किन आएको भनी सोध्दा उसले—कुनै राजकाजको काम परेको छ भनी भन्दा त्यसोभए के गर्नुपऱ्यो त भनी सोध्छ। उसले—'एउटा कार्षापणको आवश्यकता छ' भनी बताउँछ। अनि उसलाई 'नगरमा एउटा कार्षापणले कुनै काम सिद्ध गर्न सकिन्न, दुइ कार्षापण लैजाऊ' भनी दुइ कार्षापण दिन्छ। यसरी उसले मागेको भन्दा दोब्बर दिएको हुन्छ। यस्तै कुरालाई दृष्टिगत गरी सूत्रमा "गनेको भन्दा दोब्बर भोगसम्पत्ति दिन्छ' भनी उल्लेख भएको हो। सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना।

गोप्य (कुरा) बताउँछ, (२) उसको गोप्य (कुरा) लाई गोप्य राख्छ[१], (३) आपद् समयमा उसलाई छाड्दैन र (४) उसको लागि ज्यान पनि दिन तयार रहन्छ ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा उपकारक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।

(३) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा हितको कुरा बताउने मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ । (१) खराब कामबाट रोक्छ[२], (२) असल काममा लगाउँछ[३], (३) नसुनेको कुरा सुनाउँछ र (४) स्वर्गको मार्ग बताउँछ ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा हितको कुरा बताउने मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।

(४) "गृहपतिपुत्र ! चार कारणहरूको आधारमा अनुकम्पक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ । (१) अनवृद्धि हुँदा अभिनन्दन गर्दैन[४], (२) अभिवृद्धि हुँदा अभिनन्दन गर्छ, (३) निन्दा गर्नेलाई रोक्छ[५] र (४) प्रशंसा गर्नेको प्रशंसा गर्छ ।

"गृहपतिपुत्र ! यी चार कारणहरूको आधारमा अनुकम्पक मित्रलाई सुहृद् मित्र हो भनी चिन्नु पर्छ ।

---

१. गोप्य कुरा बताउँछ आदि भनेको—आफ्नो गोप्य कुरा उसलाई मात्र बताउँछ र उसले पनि बताएको गोप्य कुरा अरू कसैलाई

नभनी गोप्य नै राखिराख्छ भनिएको हो । सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना ।

२. हामीले देख्दा देख्दै तिमीले यस्तो गर्न पाउने छैनौं भनी पञ्चभय वैर हुने काम (हेर बु. गृ. भा–१, पृ. ११५) र दश अकुशल कर्महरू (हेर बु. ब्रा. भा–३, पृ. ३७८) नगर भनी निवारण गर्छ । सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना ।

३. त्रिशरणमा जाऊ, पञ्चशील समादान गर, दशकुशल कर्मपथमा (हेर बु. ब्रा. भा–३, पृ. ३८२) लाग, दान देऊ, पुण्यकर्म गर र धर्म श्रवण गर भनी असल काम आदिमा लगाउँछ । सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना ।

४. उसको हानी नोक्सानी हुँदा, उसका पुत्रदारहरूको कुनै हानी नोक्सानी हुँदा अथवा त्यस्तै अरू कुनै कारणबाट हानी नोक्सानी भएको देखेर वा सुनेर हर्षित हुन्न बरु बिस्मित हुन्छ । सुमं. वि. II. पृ. ६९३: सिगालकसुत्तवण्णना ।

५. कसैले फलानो विरूप छ, सुन्दर छैन, कमसल जाति छ, दुश्शील छ भनी भनेको सुन्दा 'यस्तो नभन उ राम्रो छ, सुजात छ, शीलवान् छ' आदि भनी उसलाई रोक्छ । सुमं. वि. II. पृ. ६९३: सिगालक-सुत्तवण्णना ।

भगवान्‌ले यति भन्नुभयो । यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो—

१. "उपकारो च यो मित्तो, सुखे[1] दुक्खे[1] च यो सखा ।
अत्थक्खायी च यो मित्तो, यो च मित्तानुकम्पको ॥

२. "एते पि मित्ते चत्तारो, इति विञ्ञाय पण्डितो ।
सक्कच्चं पयिरुपासेय्य, माता पुत्तं व ओरसं ।
पण्डितो सीलसम्पन्नो, जलं अग्गी व भासति ॥

३. "भोगे संहरमानस्स, भमरस्स इरीयतो ।
भोगो सन्निचयं यन्ति, वम्मिकोवुपचीयति ॥

४. "एवं भोगे समाहत्वा[2], अलमत्तो कुले गिही ।
चतुधा विभजे भोगे, स वे मित्तानि गन्थति ॥

५. "एकेन भोगे भुञ्जेय्य, द्वीहि कम्मं पयोजये ।
चतुत्थं च निधापेय्य, आपदासु भविस्सती'ति ॥"

अर्थ—

१—"जो मित्र उपकारी हुन्छ, जो मित्र सुख दुःखमा समान रहने

१—१. सिंहल र स्याममाः 'सुखदुक्खो' ।
२. स्याममाः 'समाहरित्वा'; सिंहलमाः 'समाहन्त्वा' ।

हुन्छ, जो मित्र हितको कुरा बताउने हुन्छ र जो मित्र अनुकम्पक हुन्छ—

२–"यी चार प्रकारका मित्रहरूलाई चिनी पण्डित हुनेले त्यस्ता मित्रहरूसँग माताले औरस पुत्रलाई प्यार गरे झैं आदरपूर्वक सत्संगत गर्नू । त्यस्तो पण्डित पुरुष बलिरहेको आगो जस्तै प्रकाशमान् हुन्छ ।

३–"भमराले जस्तै गरी भोगसम्पत्ति संग्रह गर्नेको सम्पत्ति पछि गएर धमिराको गोलो झैं थुप्रिन जान्छ ।

४–"यसरी संचित गरेको भोगसम्पत्तिद्वारा गृहस्थी जीवन बिताउन पर्याप्त हुन्छ र ती भोगसम्पत्तिहरू चार भागमा विभाजन गर्नुपर्छ जसले मित्रहरूको संग्रह पनि गर्न सकिने छ ।

५–"एक भागले खानपान गर्नू, दुइ भाग आफ्नो कामकाजमा लगाउनु र चौथो भाग चाहिं आपद्विपद्कोनिमित्त[१] सुरक्षित गरी राख्नू "

---

१. गृहस्थी जीवनको सबै अवस्था एकै प्रकारको हुँदैन । कहिले काहिं राजाहरूबाट पनि आपद्हरू आइपर्छन् । यसरी आइपर्ने आपद-हरूमा खर्च गर्नकानिमित्त एक भाग सुरक्षित गरी राख्नु पर्छ । यी चार भागहरूमध्ये कुनचाहिं भाग लिएर दान पुण्यादि गर्ने त ?

(घ) ६ दिशा नमस्कार

"गृहपतिपुत्र! कसरी आर्यविनयमा ६ दिशाहरू आच्छादित (=नमस्कार) हुन्छ त ? गृहपतिपुत्र! यिनीहरूलाई ६ दिशा हुन् भनी जान्नुपर्छ। (१) मातापितालाई पूर्वदिशा भनी जान्नुपर्छ, (२) आचार्यलाई दक्षिणदिशा भनी जान्नुपर्छ, (३) पुत्रदारलाई पश्चिमदिशा भनी जान्नुपर्छ, (४) मित्रमात्यहरूलाई उत्तरदिशा भनी जान्नुपर्छ, (५)

'खानपान गर्नू' भनी भनिएको भागबाट लिएर। यसै भागबाट भिक्षुहरूलाई, याचक गरीब कुरुवाहरूलाई तथा नोकरचाकरहरूलाई तलब पनि दिनुपर्छ। सुमं. वि. II. पृ. ६९४: सिगालकसुत्तवण्णना।

यसरी भगवान्‌ले सिङ्गालकपुत्रलाई यहाँसम्मका कुराहरूद्वारा चार ठाउँमा आर्यश्रावकले अकुशल नगर्ने कुरा, ६ कारणहरूद्वारा भोगसम्पत्तिको हानी नोक्सानी हुने कुरालाई देखाई, सोह्र प्रकारका मित्रहरू सेवन गरी घरगृहस्थीमा बसी दारभरणादि गरी धार्मिक जीविकाद्वारा जीवन बिताई देवमनुष्यहरूको बीचमा बलिरहेको आगो जस्तै चम्किन्छ भन्ने कुरा बताउनु भई, छाड्न पर्नेलाई छाड्नकोनिमित्त, सेवन गर्नुपर्नेलाई सेवन गर्नकोनिमित्त अतिबुद्धि दिई अगाडि नमस्कार गर्नुपर्ने ६ दिशाको बारेका कुराहरूमा प्रकाश पार्नु हुँदै भन्नुभयो। सुमं. वि. II. पृ. ६९४: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

दाश कामदारहरूलाई अधोदिशा भनी जान्नुपर्छ र (६) श्रमण-ब्राह्मण-हरूलाई उर्ध्वदिशा भनी जान्नुपर्छ[१] ।

१–मातापिता पूर्वदिशा

"गृहपतिपुत्र! पांच प्रकारबाट पुत्रले पूर्वदिशारूपी मातापिताको प्रत्युपस्थान (=सेवा टहल) गर्नुपर्छ—(१) (यिनीहरूले) मलाई भरणपोषण गरे अतः मैले पनि उनीहरूको भरणपोषण गर्नेछु[२], (२) उनीहरूको कामकाज गरिदिनेछु[३], (३) कुलवंशको रक्षा गर्नेछु[४], (४) अंश पाउने बाटोमा लाग्नेछु[५] तथा (५) मरेर पितृ भएपछि (उनीहरू-लाई) पुण्यदान दिनकोनिमित्त दानहरू दिनेछु[६] । गृहपतिपुत्र! यी पाँच प्रकारबाट पुत्रले पूर्वदिशारूपी मातापिताको प्रत्युपस्थान गर्दा पाँच प्रकारले पुत्रप्रति (मातापिताहरूले) अनुकम्पा राख्छन् । (१) खराब कामबाट बचाउँछन्, (२) असल काममा लगाउँछन्[७], (३) शिल्पहरू सिकाउँछन्, (४) योग्य स्त्रीसँग सम्बन्ध गराइदिन्छन् र (५) समयमै अंशको जिम्मा दिन्छन्[८] । गृहपतिपुत्र! यी पाँच प्रकार-बाट पुत्रले पूर्वदिशारूपी मातापितालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले (मातापिताले) अनुकम्पा राख्छन् । यसरी यो पूर्वदिशा प्रतिच्छादित (आरक्षा) हुन्छ र क्षेम तथा अप्रतिभय पनि[९] ।

---

१. यहाँ 'मातापितालाई पूर्वदिशा भनी जान्नुपर्छ' भन्ने आदिको स्पष्टिकरण दिंदै अट्ठकथाले यसरी उल्लेख गरेको छ ।

मातापिताहरू पूर्वकारी भएका हुनाले पूर्वदिशा भनिएको हो। दक्षिणेय भएको हुनाले आचार्यलाई दक्षिणदिशा भनिएको हो। पुत्रदारहरू पछाडि पछाडि लागि अनुगमन गर्ने हुनाले उनीहरूलाई पश्चिमदिशा भनिएको हो। मित्रामात्याहरूको सहायताद्वारा त्यस त्यस दुःख विशेषहरूबाट उत्तीर्ण हुने भएको हुनाले उनीहरूलाई उत्तरदिशा भनिएको हो। दाशकामदारहरू पादमूलमा बस्ने भएकाले उनीहरूलाई अधोदिशा भनिएको हो। श्रमण ब्राह्मणहरू गुणद्वारा माथि रहने भएकाले उनीहरूलाई उर्ध्वदिशा भनिएको हो। सुमं. वि. II. पृ. ६९४–९५: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

२. मलाई आमाबाबुहरूले दूध खुवाई, हात खुट्टा वृद्धि गराई, मुखबाट सिधान आदि पुछिदिई नुहाइ दिई, मालिस गराई संवर्धन गरी हेरविचार गरे। आज वृद्ध भएका उनीहरूको खुट्टा धोई, नुहाइ दिई, यागु भोजन गराई सेवा गर्नुपर्छ भनी भनिएको हो। सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्तवण्णना।

३. मैले आफ्नो काम छोडेर भएपनि आमाबाबुहरूको राजकीय कामकाज आदि गरिदिनेछु भनिएको हो। सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्तवण्णना।

४. आमाबाबुहरूको खेत तथा हिरण्यसुवर्ण आदि विनाश नगरी रक्षा गर्नुपर्ने धनि रक्षा गर्नेछु। आमाबाबुहरूलाई अधार्मिक वंशबाट मुक्त गराई धार्मिक वंशमा राखिदिनु पनि कुलवंश रक्षा गरे जस्तै हो।

कुलवंश परम्पराद्वारा चलि आएको सलाक भोजन आदि दानहरू न टुटाइकन दिने दानादि कार्यको संरक्षण गर्नु पनि कुलवंशको संरक्षण गर्नु हो । यसै कुरालाई ध्यानमा राखी सूत्रमा 'कुलवंशको रक्षा गर्नेछु' भनिएको हो । सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्त-वण्णना ।

५. 'अंश पाउने बाटोमा लाग्नेछु' भनेको — आमाबाबुको अतिबुद्धिमा नरहने तथा मिथ्यामार्गमा लाग्ने पुत्रलाई आमाबाबुहरूले न्याया-लयमा पुग्दा अपुत्रक जस्तै व्यवहार गर्छन् । त्यस्ता पुत्रहरू अंशको भागी हुन्नन् । अतिबुद्धिमा बस्ने पुत्रलाई कुलवंशको मालिक बनाउँछन् । अतः म पनि कुलवंशको मालिक बन्न सक्ने बाटोमा लाग्नेछु भनी भनिएको हो । सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्त-वण्णना ।

६. पितृ भएका आमाबाबुहरूलाई पुण्यदान दिनकोनिमित्त मरेको तीन दिनदेखि दानपुण्य कार्य गरी पुण्यदान दिनेछु भनी भनिएको हो । सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्तवण्णना ।

७. यसै जीवनमा र परलोकमा हानी हुने प्राणी हिंसादि कर्मको दुष्परिणामको कुरा सुनाई 'तात ! यस्तो कुकर्म नगर' भनी निवारण गर्छ र गरेकोलाई पनि निन्दा गर्छ । अनाथपिण्डिक सेठले आफ्नो पुत्र काललाई धनको प्रलोभन देखाई शील पालन गराउन लगाए जस्तै असल काममा लगाउँछन् । सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्तवण्णना ।

८. 'समयमै अंशको जिम्मा दिन्छन्' भनेको – समयमै धन दिन्छन् भनेको हो । यहाँ (१) नित्य समय र (२) काल समय गरी दुइ समयहरू मानिएका छन् ।

समयमा दिन्छन् भनेको—समय समयमा यो लेऊ, यो तिम्रो लागि खर्च हो, यसले कुशल कर्म गर भनी दिन्छन् ।

काल समयमा दिन्छन् भनेको - व्रतबन्ध गर्ने बेलामा र आवाह विवाह हुने बेलामा दिन्छन् । त्यस्तै गरी आखिरी अवस्थामा मरणमञ्चमा बसिरहेको बेलामा यसद्वारा कुशलादि कर्महरू गर भनी दिनेलाई पनि काल समयमा दिएको भनी भन्दछन् । सुमं. वि. II. पृ. ६९५: सिगालकसुत्तवण्णना ।

९. 'पूर्वदिशा प्रतिच्छादित हुन्छ ..' आदि भनेको—जुन भय र खतरा हो त्यसलाई आच्छादन गरेको हुन्छ । जुन भय आउने हो त्यसलाई ढाकिएको वा आरक्षा गरेको हुन्छ भनिएको हो ।

यदि पुत्रहरू गलत बाटामा लाग्छन् भने—मातापिताहरूले आफ्ना पुत्रहरूलाई बालककालदेखि हेरचाह गरी ठीक बाटोमा राखेता पनि उनीहरू आमाबाबुहरू जस्ता छैनन् भन्ने भय (=अपवाद) उत्पन्न हुन्छ । अर्थात् आमाबाबुहरूलाई पुत्रहरूको तरफबाट भय उत्पन्न भएको हुन्छ । पुत्रहरू ठीक बाटामा लागेका हुन्छन् तर आमाबाबुहरू गलत बाटामा लागेका हुन्छन् भने - त्यहाँ

२–आचार्य दक्षिणदिशा

"गृहपतिपुत्र! पाँच प्रकारबाट अन्तेवासीले दक्षिणदिशारूपी आचार्यको प्रत्युपस्थान गर्नुपर्छ – (१) आसनबाट उठी[१], (२) उपस्थान गरी, (३) शुश्रूषा गरी (=ध्यान दिई सुनी), (४) परिचर्या गरी[२] र (५) आदरपूर्वक शिल्पशास्त्रहरू ग्रहण गरी[३]। गृहपतिपुत्र! यो

आमाबाबुहरूको तरफबाट पुत्रहरूलाई भय (=अपवाद) उत्पन्न भएको हुन्छ। दुवैथरी गलत बाटामा लागेका भए दुवैथरीबाट परस्पर भय पैदा हुन्छ। दुवैथरी ठीक बाटामा लागेका भए यी दुवै हुन्नन्। यस्तै कारणलाई लक्ष गरी सूत्रमा "...क्षेम तथा अप्रतिभय पनि" भनी उल्लेख भएको हो भनी सुमं. वि. II. पृ. ६९४–९५: सिगालकसुत्तवण्णनाले उल्लेख गरेको छ।

यति भन्नुभइसकेपछि सिङ्गालक पुत्रलाई भगवान्ले यस्तो भन्नुभयो—"गृहपतिपुत्र! तिम्रा पिताले लोकसम्मत पूर्वादि-दिशाहरूलाई नमस्कार गराउन खोजेका होइनन् बल्की तिम्रा पिताले आमाबावु आदिहरूलाई पूर्वादिदिशा गराई नमस्कार गराउन खोजेका हुन्। तिम्रा पिताले यिनैलाई पूर्वादिदिशा भनेका हुन्, अन्यथा होइन।" सुमं. वि. II. पृ ६९५: सिगालकसुत्तवण्णना।

१. 'आसनबाट उठी' आदि भनेको—अन्तेवासीले आचार्यलाई टाढैबाट देखी आसनबाट उठी प्रत्युत्गमन गरी हातका वस्तुहरू लिई आसन वछ्याई बसाली पंखाले हम्किदिने, खुट्टा धोइदिने, तेल [illegible]दिने

आदि काम गर्नुपर्छ भनिएको हो। यसैलाई लक्ष गरी सूत्रमा 'आसनबाट उठी' भनिएको हो।

पढाइको काममा बाहेक अरू बेलामा दिनको तीन पटकसम्म आचार्यको उपस्थान गर्न जानुपर्छ। यसैलाई लक्ष गरी सूत्रमा 'उपस्थान गरी' भनिएको हो।

'शुश्रूषा गरी' भनेको – राम्ररी ध्यानदिई भनेका कुराहरू सुन्नुपर्छ भनिएको हो। राम्ररी ध्यान दिएर नसुनेमा विशेषता प्राप्त गर्न सकिन्न। त्यसैले सूत्रमा 'शुश्रूषा गरी' भनिएको हो। सुमं. वि. II. पृ. ६९६: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

२. 'परिचर्या गरी' भनी बाँकी अरू स्यानातिना कामहरूद्वारा सेवा गर्नुपर्छ भनिएको हो। जस्तै – आचार्यभन्दा अगाडि नै उठेर मुखधुने पानी तथा दतिवन दिई भोजन गर्ने बेलामा पनि पानी लिएर गर्नुपर्ने काम गरी वन्दना गरी फर्कनु पर्छ। मैलो वस्त्र धोइदिने, सन्ध्या समयमा नुहाउने पानी राखिदिने र बिसञ्चो हुने बेलामा हेरविचार गर्ने आदि काम गर्नुपर्छ। यसैलाई लक्ष गरी सूत्रमा 'परिचर्या गरी' भनिएको हो। सुमं. वि. II. पृ. ६९६: सिगालकसुत्तवण्णना।

३. 'आदरपूर्वक शिल्पशास्त्र ग्रहण गरी' भनेको—थोरै पाठ ग्रहण गरेर भए पनि धेरै पटकसम्म पढी याद गर्नुपर्छ, एउटा पद भए पनि राम्ररी सिक्नुपर्छ भनिएको हो। सुमं. वि. II. पृ. ६९६: सिगालकसुत्तवण्णना।

पाँच प्रकारबाट अन्तेवासीले दक्षिणदिशारूपी आचार्यको प्रत्युपस्थान गर्दा पांच प्रकारले अन्तेवासी प्रति (आचार्यले) अनुकम्पा राख्छन्— (१) सुविनीत पारी राम्ररी सिकाइदिन्छन्[१], (२) राम्ररी ग्रहण गराउँछन्, (३) जानेका सबै शिल्पको बारेमा बताइदिन्छन्, (४) मित्र-अमात्य-हरूलाई राम्ररी प्रतिपादन गराइदिन्छन्[२] (=परिचय गराइदिन्छन्) र (५) दिशाहरूको रक्षा गर्छन्[३]। गृहपतिपुत्र! यी पाँच प्रकारबाट अन्तेवासीले दक्षिणदिशारूपी आचार्यको उपस्थान गर्दा यी पाँच प्रकारले अन्तेवासी प्रति (आचार्यले) अनुकम्पा राख्छन्। यसरी यो दक्षिणदिशा प्रतिच्छादित (=आरक्षा) हुन्छ र क्षेम तथा अप्रतिभय पनि।

३–भार्या पश्चिमदिशा

"गृहपतिपुत्र! पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी

---

१. यसरी बस्नु पर्छ, यसरी उठ्नु पर्छ, यसरी खानु पर्छ, यसरी भोजन गर्नुपर्छ, खराब साथी छाड्नु पर्छ, कल्याणमित्र सेवन गर्नुपर्छ भनी आचार सम्बन्धी ज्ञान सिकाइ दिन्छ। सुमं. वि. II. पृ. ६९६: सिगालकसुत्तवण्णना।

२. यो हाम्रो अन्तेवासी ब्यक्त छ, बहुश्रुत छ, म समान छ भनी थाहापाउनु भन्ने आदि वचनले गुण बताई मित्रामात्यहरूलाई बताई दिन्छन्। सुमं. वि. II. पृ. ६९६: सिगालकसुत्तवण्णना।

३. शिल्प सिकाइदिएद्वारा नै उसको सबैतिरको संरक्षण हुन्छ । शिल्पशास्त्रादि अध्ययन गरी जुन जुन दिशामा गई शिल्प प्रदर्शन गर्छ । त्यसद्वारा उसको लाभसत्कार हुन्छ र यो लाभसत्कार आचार्यबाट पाएको भन्नुपर्छ । उसको गुण बखान गर्दा पनि—यो चाहिं आचार्यको चरणकमल धोई बसेका शिष्य हुन् भनी प्रथमतः आचार्यको गुण बखान गर्छन् । ब्रह्मलोकसम्म पुग्नसक्ने लाभ भए पनि यो आचार्यको कारणद्वारा प्राप्त भएको मानिन्छ । अरु जुन विद्याको जप गरी हिड्नेलाई जंगलमा चोरले पनि देख्न सक्दैन । अमनुष्यहरूले वा सर्प जातिहरूले पनि कष्ट दिदैनन् । त्यो शिक्षा दिदा पनि दीर्घकालसम्म तरण वा रक्षा गरेको हुन्छ । जुन दिशामा आफ्नो शिष्य गएको हुन्छ त्यस दिशाबाट कुनै पुरुष शंका गरी आफूकहाँ आएको खण्डमा त्यो दिशामा मेरो शिष्य बसेको छ । उ र ममा यस शिल्पमा कुनै फरक छैन । अतः तिमी गई उसैसँग सोध भनी शिष्यको प्रशंसा गर्दा प्राप्त भएको लाभसत्कार पनि परित्राण हुन्छ र प्रतिष्ठा रहन्छ भनी भनिएको हो । सुमं. वि. II. पृ. ६९६–९७: सिगालकसुत्तवण्णना, पाटिकवग्ग । यस्तै कुरालाई लक्ष गरी सूत्रको अगाडि '...क्षेम तथा अप्रतिभय पनि' भनिएको हो ।

भार्यालाई प्रत्युपस्थान गर्नुपर्छ – (१) सम्मानद्वारा[1], (२) अपमान नगरी[2], (३) अतिचार (=व्यभिचार) नगरी[3], (४) ऐश्वर्य सुम्पिदिई[4] र (५) अलंकारहरू प्रदानगरी। गृहपतिपुत्र ! यी पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी भार्यालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले स्वामी प्रति (भार्याले) अनुकम्पा राख्छे—(१) सुसंविहित-

---

१. 'देव माते, तिस्स माते' भन्ने आदि प्रियवचनद्वारा सम्बोधन गरी प्रियवचनले युक्त कुराकानी गर्छ। सुमं. वि. II. पृ. ६९७: सिगालकसुत्तवण्णना ।

२. दासकामदारहरूलाई हेला गरी जसरी कुरा गर्ने हो त्यसरी कुरा गर्दैन। सुमं. वि. II. पृ. ६९७.

३. आफ्नी स्त्री बाहेक बाहिरका स्त्रीसँग परिचर्या गर्नेलाई 'अतिचार' भन्दछन्। त्यस्तो नगरिकन स्वदारमा सन्तुष्ट भई बस्छ। यो पनि प्रत्युपस्थान हो। सुमं. वि. II. पृ. ६९७.

४. स्त्रीहरू चाहिं 'महालता' जस्ता आभरण पाएर पनि भान्साघरको हेरदेख गर्न नपाउँदा रिसाउँछन्। दाडु र पन्यौ हातमा राखिदिई तिमीलाई चाहे जस्तो व्यवस्था मिलाऊ भनी खान-पानको काम सम्बन्धी जिम्मा लगाइदिदा ऐश्वर्य दिए जस्तै सम्झिन्छन्। सुमं. वि. II. पृ. ६९७: सिगालकसुत्तवण्णना ।

रूपले कामकाज गर्छे, (२) परिजनलाई[1] संग्रह गर्छे, (३) अतिचार (=व्यभिचार) गर्दिन, (४) ल्याएको धन[2] संरक्षण गर्छे र (५) सबै कामकाजमा दक्षा र निरालसी हुन्छे। गृहपतिपुत्र! यी पाँच प्रकारबाट स्वामीले पश्चिमदिशारूपी भार्यालाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले स्वामी प्रति (भार्याले) अनुकम्पा राख्छे। यसरी यो पश्चिमदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि।

४–मित्रामात्य उत्तरदिशा

"गृहपतिपुत्र! पांच प्रकारबाट कुलपुत्रले उत्तरदिशारूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्नुपर्छ–(१) दानद्वारा, (२) प्रियवचन-द्वारा, (३) अर्थचर्याद्वारा, (४) समानात्मताद्वारा र (५) यथार्थकुरा-द्वारा (अविसंवादनताय)। गृहपतिपुत्र! यी पांच प्रकारबाट कुलपुत्रले उत्तरदिशारूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्दा पांच प्रकारले कुलपुत्र प्रति (मित्रामात्यले) अनुकम्पा राख्छ—(१) प्रमाद भएकालाई रक्षा गर्छ, (२) प्रमादिको सम्पत्ति रक्षा गर्छ, (३) भय मान्नेको शरण

---

१. यहाँ 'परिजन' भनेको स्वामी र आफ्ना ज्ञातिबन्धुहरूलाई भनिएको हो। सुमं. वि. II. पृ. ६९७: सिगालकसुत्तवण्णना।

२. कृषी तथा व्यापारद्वारा आम्दानी गरी ल्याएको धनलाई यहाँ 'ल्याएको धन' भनिएको हो। सुमं. वि. II. पृ. ६९७: सिगालक-सुत्तवण्णना।

भइदिन्छ, (४) आपद् पर्दा छाड्दैन र (५) अरू प्रजाहरूले[१] पनि सत्कार गर्छन् । गृहपतिपुत्र ! यी पाँच प्रकारबाट कुलपुत्रले उत्तरदिशा-रूपी मित्रामात्यलाई प्रत्युपस्थान गर्दा यी पांच प्रकारले कुलपुत्र प्रति (मित्रामात्यले) अनुकम्पा राख्छन् । यसरी यो उत्तरदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि ।

५-दाशकामदार अधोदिशा

"गृहपतिपुत्र ! पांच प्रकारबाट मालिकले अधोदिशारूपी दाश-कामदारहरूलाई प्रत्युपस्थान गर्नुपर्छ—(१) यथाबल[२] काममा लगाउनु-

---

१. यहाँ 'अरू प्रजा' भनेको साथीका छोराछोरी नाति नातिनीहरूलाई भनिएको हो । यिनीहरूले पनि जसरी आफ्नो पिताले मद्दत आदि गर्छन् त्यसरी नै सम्मान गर्छन् भनिएको हो । सुमं. वि. II. पृ. ६९७: सिगालकसुत्तवण्णना ।

२. 'यथावल' भनेको तरुणले बुढोलाई गर्नुपर्ने, बुढोले तरुणलाई गर्नुपर्ने, स्त्रीले पुरुषलाई गर्नुपर्ने, पुरुषले स्त्रीलाई गर्नुपर्ने काम गर्न नलगाई ज-जसले जे जे काम गर्नसक्ने हो त्य-त्यसलाई सोही अनुसार काममा लगाउँछ । सुमं. वि. II. पृ. ६९७–९८: सिगालकसुत्त-वण्णना ।

द्वारा, (२) भात वेतनद्वारा[१], (३) रोगी सेवाद्वारा[२], (४) स्वादिष्ट खाना संविभाजनद्वारा[३] र (५) समयमा छुट्टी दिनेद्वारा[४]। गृहपति-पुत्र ! यी पाँच प्रकारबाट मालिकले अधोदिशारूपी दाश कामदारहरूलाई प्रत्युपस्थान गर्दा पाँच प्रकारले मालिक प्रति (दाश कामदारहरूले) अनुकम्पा राख्छन्—(१) पहिले उठ्ने हुन्छ, (२) पछि सुत्ने हुन्छ,

---

१. यो स्यानो केटो छ, यो साथमा बस्ने हो भन्ने आदि कुराहरूमा ध्यान पुऱ्याई भातद्वारा अथवा वेतनद्वारा उपस्थान गर्छ। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

२. 'रोगी सेवाद्वारा' भनेको—रोगी हुने वेलामा काम नगराई अनुकूल औषधी आदि दिई हेरविचार गर्छ भनिएको हो। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

३. कुनै आश्चर्यजनक स्वादिला खानाहरू पाएको वेलामा आफुले मात्र नखाई दाशकामदारहरूलाई पनि बाँडिदिन्छ। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

४. 'समयमा छुट्टी दिने' भनेको—(१) कृत्य समय र (२) काल समय—यी दुवै समयमा छुट्टी दिने भनेको हो।

कृत्य समयमा छुट्टी दिने भनेको—दिनभर काम गर्दा थाकिन्छ भन्ने विचार गरी अनुकुल समयमा दिइने छुट्टी हो।

चाडपर्ब दिनहरूमा अलंकार वस्तुहरू, खादय-भोज्यहरू समेत दिई दिइने छुट्टीलाई 'काल समयमा दिने छुट्टी' भनिएको हो। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

(३) दिएको लिने हुन्छ[१] (दिन्नादायि), (४) राम्ररी काम गर्ने हुन्छ[२] र (५) वर्णवादी हुन्छ[३]। गृहपतिपुत्र ! यी पाँच प्रकारबाट मालिकले अधोदिशारूपी दाश कामदारहरूलाई प्रत्युपस्थान गर्दा यी पाँच प्रकारले मालिक प्रति (दाश कामदारहरूले) अनुकम्पा राख्छन्। यसरी यो अधोदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि।

६–श्रमण ब्राह्मणहरू उर्ध्वदिशा

"गृहपतिपुत्र ! पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण-

---

१. मालिकले नदिइकन कुनै पनि वस्तु चोरी गरी लिँदैन। मालिकले दिएको मात्र लिन्छ। त्यसैले 'दिन्नादायि' भनिएको हो। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

२. 'यिनको काम गरेर के गर्ने ? यसबाट हामीले केही पनि पाउँदैनौं' भनी नकराई बल्की सन्तुष्ट मन लिई—जस्तो गर्दा गरेको काम राम्रो हुने हो—त्यसरी काम गर्छन्। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना।

३. कुनै सभामा कुनै कुरा उठ्दा—'हाम्रा मालिक जस्ता को होलान् र ! हामीले त आफूलाई दाश जस्तो पनि ठान्दैनौं। वहाँहरू मालिक हुनुहुन्छ भन्ने पनि ठान्दैनौं। यसरी हामीमाथि अनुकम्पा राख्नु हुन्छ कि के भनौं !' भन्दै मालिकको गुण बयान गर्छन्। सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना, पाटिकवग्गो।

ब्राह्मणहरूलाई प्रत्युपस्थान गर्नुपर्छ—(१) मैत्री कायकर्मद्वारा[१], (२) मैत्री वचीकर्मद्वारा, (३) मैत्री मनःकर्मद्वारा, (४) (उनीहरूको-निमित्त) दैलो खुला[२] राख्नाबाट र (५) आमिष (=खाद्य भोज्यहरू) प्रदानद्वारा। गृहपतिपुत्र! यी पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण ब्राह्मणहरूलाई प्रत्युपस्थान गर्दा ६ प्रकारले कुलपुत्र प्रति (श्रमण ब्राह्मणहरूले) अनुकम्पा गर्छन्—(१) खराब कामबाट हटाउँछन्, (२) असल काममा लगाउँछन्, (३) असल विचारले अनुकम्पा राख्छन्, (४) नसुनेका (कुरा) सुनाउँछन्, (५) सुनेका (कुरा) लाई सुदृढीकरण गराउँछन्[३] र (६) स्वर्गको बाटो पनि बताइदिन्छन्। गृहपति-पुत्र! यी पाँच प्रकारबाट कुलपुत्रले उर्ध्वदिशारूपी श्रमण ब्राह्मणहरूलाई उपस्थान गर्दा यी ६ प्रकारले कुलपुत्र प्रति (श्रमण ब्राह्मणहरूले) अनुकम्पा राख्छन्। यसरी यो उर्ध्वदिशा प्रतिच्छादित हुन्छ र क्षेम तथा अप्रतिभय पनि।"

भगवान्ले यति भन्नुभयो। यति भन्नुभए पछि सुगत शास्ताले फेरि यस्तो भन्नुभयो—

---

१. मैत्री कायकर्म आदि भनेको—मैत्री चित्त राखी गरिने सबै कामहरू मैत्री कायकर्म हुन्। त्यहाँ—भिक्षुलाई निमन्त्रणा गर्नेछु भनी विहारमा जानु, पानी छान्नीद्वारा पानी छान्नु, आँग् मिच्नु तथा खुट्टा मिच्नु आदि काम मैत्री कायकर्म हुन्।

कुनै भिक्षु भिक्षाटन् आइरहेको देखेर सत्कारपूर्वक 'यागु

देऊ, भोजन देऊ' भनी भन्नु र साधुकार दिंदै धर्मश्रवण गर्नु र आदरपूर्वक कुशलवार्ता गर्नु आदि सबै मैत्री वचीकर्म हुन् ।

हाम्रो घरमा आउनु हुने स्थविरको शत्रु नहोस्, पीडा नहोस् आदि भनी असल चिताउनु मैत्री मनः कर्म हुन् । सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना ।

२. 'दैलो खुला' भनेको—घरका दैलाहरू खुला राख्ने भनेको होइन । घरका दैलाहरू खुला राखे ता पनि घरमा आउने शीलवान्हरूलाई दान नदिने, शीलवान्हरू प्रति गर्नुपर्ने कर्तब्य नगर्नेको घरका दैलाहरू थुनिराखेको बराबर नै हुन्छन् । घरका सबै दैलाहरू थुनिराखे ता पनि घरमा आउने श्रमण ब्राह्मणहरूलाई दान दिने, कर्तब्य पालन गर्नेका घरका दैलाहरू खुला भएका मानिन्छन् । आफ्नो घरमा आएका श्रमण ब्राह्मणहरूलाई आफ्नो घरमा भएर पनि 'छैन' नभनी भएको वस्तु दिनेका घरका दैलाहरू खुलेका हुन्छन् । यस प्रकार घरका दैलाहरू थुनेका हुन्नन् । सुमं. वि. II. पृ. ६९८: सिगालकसुत्तवण्णना ।

३. जुन कुरा सुनिराखेको हुन्छ वा जुन शास्त्र सुनिराखेको हुन्छ—त्यसको अर्थ राम्ररी बताई शंका दूर गराइदिन्छन् । अथवा सुनिराखेको कुरा बमोजिम अभ्यास गराउन लगाउँछन् । सुमं. वि. II. पृ. ६९९: सिगालकसुत्तवण्णना ।

१. "मातापिता दिसा पुब्बा, आचरिया दक्खिणा दिसा ।
पुत्तदारा दिसा पच्छा, मित्तामच्चा च उत्तरा ।।

२. "दासकम्मकरा हेट्ठा, उद्धं समणब्राह्मणा ।
एता दिसा नमस्सेय्य, अलमत्तो कुले गिही ।।

३. "पण्डितो सीलसम्पन्नो, सण्हो च परिभानवा ।
निवातवुत्ति अत्थद्धो, तादिसो लभते यसं ।।

४. "उट्ठानको अनलसो, आपदासु न वेधति ।
अच्छिद्दवुत्ति[1] मेधावी, तादिसो लभते यसं ।।

५. "सङ्गाहको मित्तकरो, वदञ्ञू वीतमच्छरो ।
नेता विनेता अनुनेता, तादिसो लभते यसं ।।

६. "दानं च पेय्यवज्जं च, अत्थचरिया च या इध ।
समानत्तता च धम्मेसु, तत्थ तत्थ यथारहं ।
एते खो सङ्गहा लोके, रथस्साणीव यायतो ।।

७. "एते च सङ्गहा नास्सु, न माता पुत्तकारणा ।
लभेथ मानं पूजं वा, पिता वा पुत्तकारणा ।

८. "यस्मा च सङ्गहा[2] एते, समवेक्खन्ति[3] पण्डिता ।
तस्मा महत्तं पप्पोन्ति, पासंसा च भवन्तिते'ति ।।"

---

१. बर्मी र सिंहलमा: 'अच्छिन्नवुत्ति' ।

२. स्याममा: 'सङ्गहे' ।

३. वर्मीमा: 'सम्मपेक्खन्ति'; स्याममा: 'समपक्खन्ति' ।

अर्थ—

१–"माता पिता पूर्वदिशा, आचार्य दक्षिणदिशा, पुत्रदारहरू पश्चिमदिशा मित्रामात्य उत्तरदिशा—

२–"दाश कामदारहरू अधोदिशा र श्रमण ब्राह्मणहरू उर्ध्वदिशा हुन् । यी दिशाहरूलाई नमस्कार गरी कुल गृहमा बस्न सक्नुपर्छ ।

३–"जो पण्डित शीलसम्पन्न, प्रियवादी, बुद्धिमानी, एकान्तप्रेमी तथा कोमल हुन्छ—त्यस्ताले यश पाउँछ ।

४–"जो निरालसी, उत्साही, आपद्‌मा न हडवडाउने तथा अटूट नियम पालन गर्ने मेधावी हुन्छ - त्यस्ताले यश पाउँछ ।

५–"जो संग्राहक, मित्रकारक, कुरा बुझ्ने, मात्सर्य रहित, नेता[१], विनेता र अनुनेता हुन्छ—त्यस्ताले यश पाउँछ ।

---

१. त्यस त्यस अर्थलाई दर्शाइलैजाने हुनाले 'नेता' (=लैजाने) भनिएको हो । विविधाकारले अर्थ दर्शाउँदै लैजाने भएको हुनाले पनि 'नेता' भनिएको हो । विनीत गराउने भएको हुनाले 'विनेता' भनिएको हो । वारम्वार लैजाने भएको हुनाले 'अनुनेता' भनिएको हो भनी सुमं. वि. II. पृ. ६९९: सिगालकसुत्तवण्णना, पाटिकवग्गले उल्लेख गरेको छ ।

६–"यो लोकमा जुन दान, प्रियवचन, अर्थचर्या र समानताको व्यवहार हुन् – यी धर्महरू नै चल्ने रथको आणी जस्तै हुन्छन् ।

७–"यदि यी लोकसंग्रह-धर्महरु नहुँदा हुन् त न आमाले, न पिताले पुत्रहरूबाट मान र पूजा पाउँन सक्ने थिए[1] ।

८–"यो लोकसंग्रह-धर्महरूलाई पण्डितहरूले स्मरण गरिराख्ने भएको हुनाले नै (पण्डितको) महत्ता बढ्छ र प्रशंसनीय पनि हुन्छ ।"

---

१. यदि मातापिताहरूद्वारा यी संग्रहद्वारा संग्रहित नभएको भए पुत्र-हरूबाट पनि उनीहरूले मान सत्कार पाउने थिएनन् होलान् भनिएको हो । सुमं. वि. II. पृ. ६९९: सिगालकसुत्तवण्णना ।

अनि जुन उद्देश्य गरी सिङ्गालकपुत्रको पिताले उनलाई 'दिशा नमस्कार गर्नुपर्छ' भनी भनेका थिए ती यही ६ दिशाहरू हुन् भनी भगवान्ले उनलाई बताउनु भयो । यदि तिमी पिताको वचनलाई मान्न चाहन्छौ भने—यी दिशाहरू नमस्कार गर भनी उपरोक्त सूत्रका कुराहरू देखाउनुभई सिङ्गालकपुत्रको प्रश्नको उत्तर दिई, उपदेश सिध्याई भगवान् राजगृहमा भिक्षाटनार्थ जानुभयो र सिङ्गालकपुत्र पनि त्रिशरणमा प्रतिष्ठित भई ४० कोटी धन बुद्ध शासनमा छरी पुण्यकर्म गरी स्वर्गपरायण भए । सुमं. वि. II. पृ. ६९९: सिगालकसुत्तवण्णना, पाटिकवग्गो ।

यस्तो भन्नु हुँदा सिङ्गालक गृहपतिपुत्रले भगवान्लाई यस्तो भने—"धन्यहो, भन्ते ! धन्यहो, भन्ते ! ...आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस[1] ।"

---

१. यस सूत्रमा गृहस्थीहरुले गर्नुपर्ने कर्तव्यको बारेमा कुनै कुरा नवताइएका छैनन् । अतः यस सूत्रलाई 'गृहीविनय' पनि भन्दछन् । यो सूत्र अनुसार प्रतिपादन गर्ने कुनैको पनि अभिवृद्धि नै अपेक्षा गरिन्छ परिहानी होइन भनी सुमं. वि. II. पृ. ७००: सिगालक-सुत्तवण्णनाले उल्लेख गरेको छ ।

२०. सिरिवड्ढ गृहपति

प रि च य

यी सिरिवड्ढ (=श्रीवर्ध) गृहपति राजगृहवासी एक अनागामी हुन् । एकदिन यिनी बिरामी हुँदा यिनले आयुष्मान् आनन्दलाई बोलाउन पठाए । आयुष्मान् आनन्द उनको घरमा आउनु भएपछि वहाँले उनलाई चार सतिपट्ठान भावना गर्ने उपदेश दिनुभयो । अनि उनले ती चार सतिपट्ठान भावना आफु बिरामी भएर पनि गरिरहेको कुरो वहाँलाई अवगत गराए र आफुमा पाँच अधोभागीय संयोजनहरू नभएका कुरा पनि प्रकट गरे । त्यसपछि आयुष्मान् आनन्दले उनको प्रशंसा गर्नुभयो । जुन कुरा अगाडि अनुदित मूल सूत्रमा प्रष्टरूपले उल्लेख भएको छ ।

× × ×

विभिन्न सिरिवड्ढ नामहरू

(१) सिरिवड्ढ—यो नाम महामौद्गल्यायन स्थविरको हो। जुनबेला वहाँ अनोमदस्सी बुद्धको पालामा एक महाधनी कुलमा जन्मिनु भएको थियो। थेर. गा. अ. क. I. पृ. ९०: सारिपुत्तत्थेरगाथावण्णना।

बु. वं. पा. पृ. ३३७ को गा. नं. २४ मा चाहिं यी सिरिवड्ढ अनोमदस्सी बुद्धको एक उपस्थाक पनि थिए भनी उल्लेख भएको छ।

अनोमदस्सी बुद्ध दीपङ्कर बुद्धदेखि लिएर सातौं बुद्ध हुनुहुन्छ। अनोमदस्सी बोधिसत्वका तीन प्रासादहरूमध्ये एक प्रासादको नाम पनि सिरिवड्ढ नै थियो। बु. वं. अ. क. पृ. १४१.

(२) सिरिवड्ढ—यो नाम सिखि बुद्धको पालाका एक उपस्थाकको नाम हो। बु. वं. पा. पृ. ३६७: सिखिबुद्धवंसो। सिखी बुद्ध दीपङ्कर बुद्धदेखि लिएर बीसौं बुद्ध हुनुहुन्छ।

(३) सिरिवड्ढ—यी एक आजीवक हुन्। यिनले सुमेध बोधि-सत्वलाई आठ मुठा तृण दिएका थिए। यही तृणलाई

कदम्ब रुखमनि वछचाई बसी वहाँले बुद्धत्व प्राप्त गर्नु भएको थियो । बु. वं. अ. क. पृ. १६४: सुमेध बुद्धवंसवण्णना ।

सुमेध बोधिसत्वका तीन प्रासादहरूमध्येमा एक प्रासादको नाम पनि सिरिवड्ढ नै थियो । बु. वं. अ. क. पृ. १६३: सुमेधबुद्धवंसवण्णना । सुमेध बुद्ध दीपङ्कर बुद्धदेखि लिएर एघारौं बुद्ध हुनुहुन्छ ।

(४) सिरिवड्ढ—यो एक यवपालको नाम हो । जो धम्मदस्सि बुद्धको पालामा जन्मेका थिए । धम्मदस्सि बोधिसत्वलाई यिनले आठ मुट्ठा तृण दिएका थिए । जुन तृणलाई बिम्बिजाल भन्ने रुखमनि वछचाई बसी वहाँले बुद्धत्व प्राप्त गर्नु भएको थियो । बु. वं. अ. क. पृ. १८२: धम्मदस्सिबुद्धवंसवण्णना । धम्मदस्सी बुद्ध दीपङ्कर बुद्धदेखि लिएर पन्ध्रौं बुद्ध हुनुहुन्छ ।

(५) सिरिवड्ढ—यो एक तपस्वीको नाम हो । जो फुस्स बुद्धको पालामा यी सिरिवड्ढ तपस्वीले फुस्स बोधिसत्वलाई आठ मुट्ठा तृण दिएका थिए । यही तृण वछचाई वहाँले अमलाको रुखमनि बुद्धत्व प्राप्त गर्नु भएको थियो । बु. वं. अ. क. पृ. १९२: फुस्सबुद्धवंसवण्णना । फुस्स बुद्ध दीपङ्कर बुद्धदेखि लिएर अठारौं बुद्ध हुनुहुन्छ ।

(६) सिरिवड्ढ (थेर)—यी ती सिरिवड्ढ थेर हुन् जो श्रावस्तीमा जन्मेका थिए । यिनी सिरिमित्थेरका भाइ हुन् । यिनीहरू दुवै जेतवनाराम प्रदान गरेको बेलामा बुद्धको प्रभाव

देखेर बुद्ध शासनमा प्रव्रजित भएका थिए। थेर. गा. अ. क. I. पृ. २८०: सिरिमथेरगाथट्ठकथा।

(७) सिरिवड्ढ—यी ती सिरिवड्ढ हुन् जो राजगृहको एक वैभवसम्पन्न कुलमा जन्मेका थिए। भगवान् बुद्ध बुद्धत्व प्राप्त गरी सर्वप्रथम राजगृहमा आउनु हुँदा बिम्बिसार समागममा[1] यिनी पनि उपस्थित थिए। थेर. गा. अ. क. I. पृ. १०७: सिरिवड्ढथेरगाथट्ठकथा।

(८) सिरिवड्ढ—यी ती सिरिवड्ढ हुन् जो महोसधकुमारको पिता थिए। हेर्नू जा. अ. क. VII. पृ. २९६–९७: महाउमग्गजातकं, नं. ५४६. यो जातकलाई महोसधजातक पनि भन्दछन्।

(९) सिरिवड्ढ—यी सिरिवड्ढ प्रसेनजित् कोशल राजाका एक अमात्य हुन्। हेर्नू म. नि. II. पृ. ३५९: वाहितिकसुत्तं अथवा बु. रा. भा–१, पृ. १५८, ३१२.

(१०) सिरिवड्ढ—यो नाम सोणकोलिविस स्थविरको त्यसबखतको नाम हो जुन बखत वहाँ पदुमुत्तर बुद्धको पालामा एक श्रेष्ठी कुलमा जन्मिनु भएको थियो। मनो. र. पू. I. पृ. १३०: सोणोकोलिविसो, एककनिपातवण्णना।

---

१. हेर्नू बु. रा. भा–१, पृ. ३१.

(११) सिरिवड्ढ—यिनी राजगृहवासी एक अनागामी हुन् । यिनकै कुरा यहाँ अगाडि अनुदित गरिदिएको छु ।

(१२) सिरिवड्ढ (सुत्तं)—यसै सूत्रको अनुवाद यहाँ अगाडि गरिदिएको छु । सं. नि. IV. पृ. १५१: सतिपट्ठानसंयुत्तं ।

× × ×

मूल सूत्र—

१–बिरामी सिरिवड्ढ गृहपति

एक समय आयुष्मान् आनन्द राजगृह स्थित वेणुवनको कलन्दकनिवापमा बस्नु भएको थियो[१]।

त्यस समय सिरिवड्ढ (=श्रीवर्ध) गृहपति बिरामी भई, दुःखी भई सारै बिरामी थिए। अनि सिरिवड्ढ गृहपतिले (एक) पुरुषलाई बोलाए—'अम्भो पुरुष! तिमी आऊ जहाँ आयुष्मान् आनन्द हुनुहुन्छ त्यहाँ जाऊ। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दको चरण-कमलमा मेरो वचनले शीरले ढोग—'भन्ते! सिरिवड्ढ गृहपति अस्वस्थ र दुःखी भई सारै बिरामी छ। उ आयुष्मान् आनन्दको चरणकमलमा शीरले ढोग्छ।' यस्तो पनि भन—'भन्ते! आयुष्मान् आनन्द अनुकम्पा राखी सिरिवड्ढ गृहपतिको घरमा पाल्नु भए बेश हुने थियो'।"

"हवस्, भन्ते" भनी सिरिवड्ढ गृहपतिलाई प्रत्युत्तरदिई सो पुरुष जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि

---

१. सं. नि. IV. पृ. १५१: सिरिवड्ढसुत्तं, सतिपट्ठानसंयुत्तं।

आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको सो पुरुषले आयुष्मान् आनन्दलाई यस्तो भन्यो—'भन्ते! सिरिवड्ढ गृहपति अस्वस्थ र दुःखी भई सारै बिरामी छन्। उनी आयुष्मान् आनन्दको चरणकमलमा शीरले ढोग्दछन्। यस्तो पनि भन्दछन्—'भन्ते! आयुष्मान् आनन्द अनुकम्पा राखी सिरिवड्ढ गृहपतिको घरमा जानुभए बेश हुने थियो।'

तूष्णीभावद्वारा आयुष्मान् आनन्दले स्वीकार गर्नुभयो।

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी आयुष्मान् आनन्द जहाँ सिरिवड्ढ गृहपतिको घर हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। बस्नुभएपछि आयुष्मान् आनन्दले सिरिवड्ढ गृहपतिसँग यस्तो भन्नुभयो—

"गृहपति! क्षमनीय र यापनीय छ? दुःख वेदना घटेर जान्छ कि बढेर आउँछ? घटेर गएको देखिन्छ कि बढेर आएको देखिन्छ?"

"भन्ते! मलाई क्षमनीय र यापनीय छैन। मेरो दुःख वेदना बढेकै छ, घटेको छैन। बढेकै देखिन्छ घटेको देखिदैन।"

"गृहपति! त्यसोभए तिमीले यस्तो सिक्नुपर्छ—यो लोकबाट (=यो शरीरबाट) अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्त युक्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान् भई कायमा कायानुपश्यी भई विहार गर्नेछु।...वेदनामा वेदनानुपश्यी भई...चित्तमा चित्तानुपश्यी

भई... धर्ममा धर्मानुपश्यी भई विहार गर्नेछु। गृहपति ! यसरी नै तिमीले सिक्नुपर्छ।"

"भन्ते ! भगवान्ले जुन चारसतिपट्ठानहरू देशना गर्नुभएको छ–ती धर्महरू ममा विद्यमान छन् र म पनि त्यस धर्महरूलाई देखदछु। भन्ते ! म यो लोकबाट (=यो शरीरबाट) अभिध्या दौर्मनस्यलाई हटाउनकोनिमित्त आतप्तयुक्त भई, सम्प्रज्ञानी भई स्मृतिमान् भई कायमा कायानुपश्यी भई विहार गर्छु।...वेदनामा वेदनानुपश्यी भई...चित्तमा चित्तानुपश्यी भई...धर्ममा धर्मानुपश्यी भई विहार गर्छु। भन्ते ! भगवान्ले जुन पाँच अधोभागीय संयोजनहरू[1] बताउनु भएको छ भन्ते ! ती मध्ये कुनै पनि संयोजन ममा प्रहीण नभएको म देखिदन।"

"गृहपति ! तिम्रोनिमित्त लाभ हो, गृहपति ! तिम्रोनिमित्त सुलाभ हो। गृहपति ! तिमीले अनागामी फलको व्याकरण गऱ्यौ।"

---

१. (१) सत्कायदृष्टि-संयोजन, (२) विचिकित्सा-संयोजन, (३) शीलव्रत-परामर्श-संयोजन, (४) कामच्छन्द-संयोजन र (५) व्यापाद-संयोजन। विभं. पा. पृ. ४५२: पञ्चकमातिकनिद्देसो, खुद्दकवत्थुविभङ्गो; सं. नि. IV. पृ. ५९: ओरम्भागियसुत्तं, मग्ग-संयुत्तं।

२१. सुप्पबुद्ध कुष्ठी

परिचय

संयुत्तनिकायट्ठकथा दलिद्दसुत्तवण्णना[१] अनुसार यी सुप्पबुद्ध (=सुप्तबुद्ध) कुष्ठीले राजगृहकी एक दरिद्री स्त्रीको कोखमा जन्म लिएका थिए। यिनले गर्भधारणगरेदेखि नै दिनपर दिन खान नपाई यिनी झन् झन् महादुःखी हुँदै गइन्। यी सुप्पबुद्ध कोखमा बसेदेखि कहील्यै पनि उनले भेटभरी खाना खान पाइनन्। गर्भदेखि नै नाक कान नभएका शंखकुष्ठी (पाण्डुरोगी) भई यिनी जन्मेका थिए। आमा-बाबुहरूले आफ्नो सन्तानको लागि कति कठोर तपस्या गर्छन् भन्ने कुरा भनिरहनु पर्दैन। त्यस्तो केटो जन्माउँदा पनि दिक्क नमानी मागेर खान नसकुन्जेल-सम्म उनलाई लालन पालन गरी मागेर खान सक्ने भएपछि "अब जा, आफ्नो कर्मानुसार मागेर जीविका गर" भनी हातमा कपाल राखिदिई आमा-बाबुहरूले सुप्पबुद्ध कुष्ठीलाई छाडिदिए।

---

१. सं. नि. अ. क. I. पृ. २६८–६९: दलिद्दसुत्तवण्णना, सक्कसंयुत्त-[illegible]णना।

त्यहाँदेखि उनको शरीरबाट मासुको चौटा चौटा खस्नथाल्यो र आङबाट पानी बहन थाल्यो । उनलाई असह्य पीडा र वेदना हुन्थ्यो । यसबाट उनी रुन्थे र कराउँथे । जुन बाटोमा उनी राती सुत्थे त्यहाँ रातभरी असह्य वेदनाको कारणले कराउँदथे । उनको दयालाग्दो क्रन्दनले गर्दा त्यस बाटो वरिपरिका मानिसहरू रातभर भर सुत्न सक्दैनथे । त्यसैले त्यहाँदेखि उनलाई "सुखपूर्वक निदाउनेहरूलाई निद्राबाट बिउँझाउने" भन्ने अर्थले "सुप्पबुद्ध" (=सुप्तबुद्ध) भन्नथाले र उनको नाम नै "सुप्पबुद्ध" अर्थात् निदबाट बिउँझाउने भन्ने रहन गयो[1] ।

यो पालि "सुप्पबुद्ध" शब्दको अर्थानुसार संस्कृत रूपान्तर "सुप्रबुद्ध" नभई "सुप्तबुद्ध" हुन्छ ।

राजगृहवासी मानिसहरूमध्येमा यिनी महादरिद्री तथा महादुःखी थिए । धुलो फ्याक्ने ठाउँबाट अथवा फोहर वा कसिंगर फ्याक्ने ठाउँहरूबाट कपडाहरू बटुली त्यसलाई सिएर कपडा लगाउँदथे । घर घर पिच्छे गई जुठो तथा फालिएको खाना आदि मागेर जीविका गर्दथे[2] ।

यसरी महादरीद्री हुनाका पूर्व कारणहरू बताउँदै दलिद्दसुत्तवण्णना[3] यसरी लेख्दछ—

---

१. सं. नि. अ. क. I. पृ. २६९: दलिद्दसुत्तवण्णना ।

२. उदा. अ. क. पृ. १९६: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो ।

३. सं. नि. अ. क. I. पृ. २६८: सक्कसंयुत्तवण्णना ।

धेरै धेरै समय अघि लोकमा बुद्ध नभएको बेलामा काशीराज्यको वाराणसी नगरमा[1] उनी राजा भई जन्मेका थिए[2] ।

एकदिन उनी राज आभरणले विभूषित भई ठूलो श्री लीलाले युक्त भई हजारौं मानिसहरूका आँखाहरू आफूतिर आकर्षित पार्दै सजाएको नगरमा घुम्न गए । त्यसै बखत एक प्रत्येकबुद्ध[3] गन्धमादान पर्वतबाट आई त्यस नगरमा भिक्षाटनार्थ गइरहेका थिए । उनी बडो शान्तदान्त शीलस्वभावले हिँडिरहेका थिए । अनि मानिसहरूले अनेक प्रकारका आभूषणद्वारा आभूषित राजालाई भन्दा ती प्रत्येकबुद्धतिर हेर्नथाले । जब राजाले जनताले आफूमाथि ध्यान नदिएको चालपाए

---

१. उदा. अ. क. पृ. २०५: सुप्पबुद्धकुट्ठिसुत्तवण्णनामा चाहिं राजगृहमा भनी उल्लेख भएको छ ।

२. उदा. अ. क. पृ. २०५: सुप्पबुद्धकुट्ठिसुत्तवण्णनाले चाहिं 'राजगृहका एक श्रेष्ठी पुत्र' भनी उल्लेख गरेको छ। धम्म. प. अ. क. पृ. २३७: सुप्पबुद्धकुट्ठिवत्थुमा चाहिं कुनै नाम किटान गरेको छैन ।

३. उदा. अ. क. पृ. २०५: सुप्पबुद्धकुट्ठिसुत्तवण्णनामा र धम्म. प. अ. क. पृ. २३७: सुप्पबुद्धकुट्ठिवत्थुमा चाहिं यी प्रत्येकबुद्धको नाम 'तगरसिखि' भनी उल्लेख भएको छ । यी तगरसिखि प्रत्येकबुद्ध चाहिं पद्मावती रानीका ५०० शय प्रत्येकबुद्ध पुत्रहरू मध्ये एक थिए भनी उदा. अ. क. पृ. २०४ मा उल्लेख भएको पाइन्छ । यी पद्मावती रानीको सविस्तर कुरा थेरी. गा. अ. क. पृ. १४५ देखि उप्पलवण्णा थेरीगाथा वण्णनामा हेर्नू ।

तब उनले के कारण रहेछ भनी यताउता हेर्दा ती प्रत्येकबुद्धलाई देखे। प्रत्येकबुद्ध चाहिं निक्कै बुढा थिए र उनको चीवर पनि पुरानो, झुत्रो तथा ठाउँ ठाउँबाट धागाहरू पनि निस्केका थिए। अनि राजाले—दुइ असंख्य र एकलाख कल्पसम्म पारमी पूरा गरी आएका प्रत्येकबुद्धलाई देखेर न त चित्त प्रसन्न गरे न त नमस्कार नै। बरु उनको मनमा रिस उठी "यी मानिसहरू यो प्रव्रजितलाई देखेर मतिर हेर्दा पनि हेर्दैनन्" भनी कराउँदै "कोरहेछ यो कुष्ठी जो चीवर पहिरी हिड्दैछ" भनी थुक्दै गए। यसै कर्मको प्रभावले गर्दा महानरकमा उत्पन्न भई अवशानमा राजगृहकी एक दरीद्री स्त्रीको गर्भमा जन्मेका हुन् भनी संयुत्तनिकायट्ठ-कथाले[1] उल्लेख गरेको छ।

यस्तै कुरा एक भिक्षुको प्रश्नको उत्तरमा भगवान्ले अगाडि अनुदित सूत्रको अन्त्यतिर बताउनु भएको छ।

एकदिन भगवान् राजगृहमा आइपुग्नु भयो। भगवान् राजगृहमा आइपुग्नु भएको खबर सुनेर नागरिकहरूले भगवान्लाई भोजनार्थ निम्तो गरे। नगरको बीचमा महामण्डप बनाई उनीहरूले

१. I. पृ २६८: दलिद्दसुत्तवण्णना, सक्कसंयुत्तं। उदा. अ. क. पृ. २०५: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना।

बुद्धलाई महादान दिए[१] ।

अगाडि अनुदित मूल सूत्रमा उल्लेख भए जस्तै सुप्पबुद्ध कुष्ठी केही मानिसहरूको जमघट देखेर खानेकुराको आशा गरी उनी त्यस परिषद् नजिक गए । मानिसहरूले उनलाई पनि खाना दिए । मीठो तथा स्वादिलो खाना खाएपछि उनको मन बडो आनन्दित र एकचित्त भयो भनी संयुत्तनिकायट्ठकथाले[२] उल्लेख गरेको छ । अनि भोजनकृत्य सिद्धिएपछि भगवान्ले ती कुष्ठीलाई पनि दृष्टिमा राखी धर्मोपदेश गर्नुहुँदै चतुरार्यसत्यका कुराहरू पनि प्रकाशित पार्नुभयो ।

उदानट्ठकथानुसार[३] चाहिं—जब उनले नगरको बीचमा मानिसहरूको जमघट देखे तब उनले ठाने कि शायद त्यहाँ खानेकुराहरू बाँडिरहेका होलान् । अनि उनले यस्तो सोचे कि त्यहाँ गएमा अवश्य पनि मैले पनि केही खानेकुरा पाउनेछु । यसै अनुसार अनि उनी त्यहाँ गए ।

---

१. सं. नि. अ. क. I. पृ. २६९: दलिद्दसुत्तवण्णना, सक्कसंयुत्तं । उदा. अ. क. पृ. १९६ मा चाहिं राजगृहमा भिक्षाटन् गरिसक्नु भएपछि, भोजननोप्रान्त दाताहरू र भिक्षुहरूको प्रतीक्षामा नगरभित्र जानुभएको थियो र नागरिकहरूले स्वागत गरेका थिए । अनि वहाँले उनीहरूलाई उपदेश पनि गर्नु भएको थियो भन्ने कुरा उल्लेख भएको छ ।

२. I. पृ. २६९: दलिद्दसुत्तवण्णना, संक्कसंयुत्तं ।

३. पृ. १९७–९८: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो ।

त्यहाँ गएर हेर्दा दिव्यरश्मीले झलमल्ल हुनु भएका, शान्तेन्द्रिय तथा शोभायमान हुनु भएका भगवान् बुद्ध उपदेश गरिरहनु भएको देखे। यो देखेर उनको मनमा पनि धर्मोपदेश सुन्ने प्रवल इच्छा उत्पन्न भयो। अनि उनी एक छेउमा बसी बडो एकचित्त गरी कान थापी उपदेश सुन्नथाले। उपदेश अनुसार मनन गरी बस्दा बस्दै उनले उहीं स्रोतापत्ति-फल प्राप्त गरे[1]। त्यसैले अगाडि अनुदित सूत्रमा सूत्रको भाषाले "विरज वीतमल धर्मचक्षु उत्पन्न भयो" भनी उल्लेख भएको हो।

अगाडि अनुदित जुन आनुपूर्वीकथा आदि भनी उल्लेख भएको छ त्यस सम्बन्धमा उदानट्ठकथा[2] यसरी स्पष्टिकरण लेख्दछ—

चित्तलाई वस्त्र झैं सम्झनु पर्छ। वस्त्रमा मैलो लाग्नु अथवा वस्त्र मैलो हुने झैं आगन्तुक क्लेशहरूद्वारा चित्तलाई मैलो पारिएको सम्झनु पर्छ। लुगा धुने भाँडा अथवा फलेक झैं आनुपूवीकथा सम्झनु पर्छ। श्रद्धालाई पानी झैं सम्झनु पर्छ। पानीले भिझाइ भिझाई गोमय आदि क्षार राखी वस्त्रको मैलो धुने प्रक्रिया झैं श्रद्धारूपी पानीले भिझाउँदै स्मृति समाधि प्रज्ञाद्वारा क्लेशहरूलाई शिथिलपारी श्रद्धादि विदघाद्वारा चित्तलाई सफा गर्ने विषयमा वीर्यारम्भ गर्ने। क्षार आदिको संयोग र पुरुषको मेहनतद्वारा वस्त्रको मैलो सफा हुने झैं वीर्यारम्भगरी क्लेशहरूको दमन गर्ने वा रोकथाम गर्ने सम्झनु पर्छ। रङ्ग झैं आर्यमार्ग सम्झनु पर्छ। अनि त्यो स्वच्छ तथा सफा पारिएको कपडालाई रंगाई त्यसबाट निस्कने

१ सं. नि. अ. क. I. पृ. २६९: दलिद्दसुत्तवण्णना, सक्कसंयुत्तं।

२. पृ. २००: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो।

टलक र्छ क्लेश दमन गरिएको चित्तलाई आर्यमार्गद्वारा टल्काउने र शुद्धपार्ने सम्झनु पर्छ ।

भनाइको मतलब—यसरी नै सुप्पबुद्ध कुष्ठीले परिषद्को एक छेउमा बसेर नै आफ्नो चित्तलाई निर्मल पारी स्रोतापत्तिफलमा प्रतिष्ठित भए भनिएको हो ।

यसरी स्रोतापन्न भइसकेपछि सुप्पबुद्ध कुष्ठी आफूले पाएको फलको कुरा बुद्धलाई सुनाउन चाहन्थे । किन्तु तेत्रो भीडको बीचमा गई उनले यो कुरा बुद्धलाई सुनाउने हिम्मत गर्न सकेनन् । भेला भएका मानिसहरू उपदेश सिद्धिएपछि क्रमैसँग सबै फर्केर गए । बुद्ध भगवान् पनि विहारतिर जानुभयो ।

अनि सुप्पबुद्ध कुष्ठी पनि लौरो टेक्दै विहारतिर गए । त्यस-बखत शक्र देवेन्द्रले यस्तो सोचे—

"यी सुप्पबुद्ध कुष्ठी आफूले बुद्धधर्मबाट पाएको प्रतिष्ठाको बारेमा बुद्धलाई सुनाउन जाँदैछन् । यिनलाई परीक्षा लिनुपर्‍यो ।"

यति सोचेर उनको अगाडि आकाशमा उभिई यस्तो भने—

"हे सुप्पबुद्ध ! तिमी मनुष्यहरूमध्येमा अत्यन्त दरिद्र छौ, कृपण छौ र महादीन छौ । यदि तिमीले बुद्धलाई बुद्ध होइन, धर्मलाई धर्म होइन, सङ्घलाई सङ्घ होइन र अब उप्रान्त मलाई बुद्ध पनि चाहिन्न, धर्म पनि चाहिन्न र सङ्घ पनि चाहिन्न भन्यौ भने तिमीलाई म अपरिमित धन दिनेछु ।"

यो सुनेर उनी भन्दछन्—

"तिमी को हौ ?"

"म शक्र देवेन्द्र हुँ ।"

"धिक्कार हो, तिमी जस्ता निर्लज्जी अन्ध मूर्खलाई !! तिमीले मलाई भन्न नहुने कुरा भन्यौ । तिमीले अन्याय गन्यौ । किन मलाई दरीद्र भन्दछौ ? के म लोकनाथको औरस पुत्र होइन र ? अतः न म दरीद्र हुँ, न कृपण हुँ, न त म दीन नै हुँ । बल्कि म एक सुखी परम सुखी हुँ । म महाधनी हुँ" भनी सुप्पबुद्ध कुष्ठीले भने । यति भनेर अगाडि यस्तो गाथा सुनाए[1] ।

१. "सद्धाधनं सीलधनं हिरिओत्तप्पियं धनं ।
सुतधनञ्च चागो च पञ्ञा वे सत्तमं धनं ।।

२. "यस्स एते धना अत्थि इत्थिया पुरिसस्स वा ।
अदलिद्दोति तं आहु अमोघं तस्स जीवित'ति ।।"

अर्थ—

१—"(१) श्रद्धारूपी-धन, (२) शीलरूपी-धन, (३) लज्जारूपी-धन, (४) ओत्तप्परूपी-धन (=पाप देखेर डराउने) (५) श्रुतरूपी-धन,

१. उदा. अ. क. पृ. २००: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो, धम्म. प. अ. क. पृ. २३६: सुप्पबुद्धकुट्ठिवत्थु, बालवग्गो ।

(६) त्यागरूपी-धन र (७) प्रज्ञारूपी-धन आदिलाई सप्त आर्य-धन भन्दछन् ।

२–"स्त्री होस् वा पुरुष होस्– जोसँग यी सप्तधनहरू हुन्छन् उसलाई अदरिद्र भन्दछन् र उसको जीवन अमोघ पनि हुन्छ ।"

भनाइको मतलब जोसँग यी सातवटा गुणहरू छन् त्यस्तालाई बुद्धहरूले वा प्रत्येकबुद्धहरूले दरीद्र भन्दैनन् भनिएको हो ।

यति सुनेपछि शक्र देवेन्द्र त्यहीं अन्तरधान भई बुद्धकहाँ प्रकट भएर सुप्पबुद्ध कुष्ठोसँग जे जति कुराकानी भएका थिए ती सबै भगवान्लाई सुनाए । अनि भगवान्ले यस्तो भन्नुभयो—

"हे शक्र ! शय वा हजार शक्रहरू मिलेता पनि सुप्पबुद्ध कुष्ठी-लाई 'बुद्धलाई बुद्ध होइन, धर्मलाई धर्म होइन र सङ्घलाई सङ्घ होइन' भनाउन सक्ने छैनौ ।"

सुप्पबुद्ध कुष्ठी पनि क्रमशः विहारमा गई भगवान्लाई अभिवादन गरी वहाँसँग कुशलक्षेम कुराहरू गरिसकेपछि आफूले पाएको प्रतिष्ठाको बारेमा प्रसन्नता ब्यक्त गरे । त्यसैले अगाडि अनुदित सूत्रमा "धन्यहो, भन्ते ! धन्यहो, भन्ते !! ..." आदि उल्लेख भएको हो ।

त्यसपछि लौरो टेक्दै उनी विहारबाट निस्की आफ्नो डेरातिर गए । यसरी गइरहेका उनलाई बीचबाटामा एक कोरली गाईले हानेर मारिदिई[१] । जुन कुरा अगाडिको मूल सूत्रमा पनि उल्लेख भएको छ ।

१. उदा. अ. क. पृ. २०३ः सुप्पबुद्धकुट्ठिसुत्तवण्णना; धम्म. प. अ. क. पृ. [illegible]३६ः सुप्पबुद्धकुट्ठिवत्थु; सं. नि. अ. क. I. पृ. २६९ः दलिद्द-सुत्तवण्णना ।

भनिन्छ कि यो कोरली गाई एक यक्षिणी थिई ।

पूर्वकालमा यी सुप्पबुद्ध कुष्ठी एक सेठको छोरा भई जन्मेका थिए । एकदिन यिनी अरू तीनजना साथीहरू सहित क्रुडाकोनिमित्त गए । यिनीहरूले एक वेश्यालाई पनि साथमा लगे । अनि वेश्यालाई लुगा, गहना तथा पैसा दिई दिनभरी उसँग रतिक्रुडा गरी साँझपख फर्के । फर्किरहेको बेलामा सेठको छोराले अरू साथीहरूलाई यस्तो भन्यो—

"हे साथीहो ! रात पर्न लागेको छ । यहाँ अरू कुनै पनि छैनन् । अतः हामीले यो वेश्यालाई यहीं मारी उसँग भएका गहना पैसा सबै लेऔं ।"

चारैजना यस कुरामा सहमत भए । अनि वेश्यालाई मार्नलाग्दा उसले यस्तो सोची—

"धिक्कार होस् यी निर्लज्जी पुरुषहरूलाई !! दिनभरी मसँग अभिरमण गरेर पैसाको लोभले गर्दा मलाई नै मार्न खोजिरहेका छन् । हुन्छ एकपल्ट यिनीहरूले मलाई मारून् । तर मैले यिनीहरूलाई शय शय जन्मसम्म यक्षिणी भएर मार्नेछु ।"

यस्तो मनमा चिताइरहेको बेलामै उनीहरूले उसलाई मारिदिए । अतः भनिन्छ कि सोही चेतनाको प्रभावले उसले उनीहरूलाई अनेकौं जन्ममा मारी र हाल बुद्धको पालामा पनि यसले उनीहरूलाई मारीदिई । ती चार साथीहरू यी हुन्—

(१) पुक्कुसाति कुलपुत्र[1], (२) बाहिय दारुचीरिय[2], (३) तम्बदाठिक चोरघातक[3] र (४) सुप्पबुद्ध कुष्ठी ।

हाल बुद्धको पालामा पनि सो वेश्याले यक्ष योनीमा जन्मी गाई भएर आई उनीहरू सबैलाई मारेकी थिई । अतः सुप्पबुद्ध कुष्ठी-लाई मार्ने गाई पनि यक्षिणी नै थिई[4] । त्यसैले अगाडि अनुदित सूत्रमा "... गएको केहीछिनपछि सुप्पबुद्ध कुष्ठीलाई एक कोरली गाईले हानी मारिदिई" भनी उल्लेख भएको हो ।

उनी मरेको खबर सुनेर भिक्षुहरू आई भगवान्सँग उनको के गति भयो होला भनी सोध्दा भगवान्ले "तीनै संयोजनहरूलाई छेदन गरी स्रोतापन्न भई अविनिपाती भए" भनी भन्नु भएको कुरा अगाडि अनुदित सूत्रमा पनि उल्लेख भएकै छ ।

---

१. हेर्नू म. नि. III. पृ. ३३२ धातुविभङ्गसुत्तं, अ. क. IV. पृ. १९४.

२. उदा. पा. पृ. ७१: बाहियसुत्तं, बोधिवग्गो, अ. क. पृ. ६६; धम्म. प. अ. क. पृ. ३१८: दारुचीरियत्थेरवत्थु, सहस्सवग्गो ।

३. धम्म. प. अ. क. पृ. ३१५: तम्बदाठिक चोरघातकवत्थु, सहस्स-वग्गो । यिनीहरू सबै कोरली गाईद्वारा मारिएका थिए ।

४. उदा. अ. क. पृ. २०३: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो; धम्म. प. अ. क. पृ. २३६: सुप्पबुद्धकुट्ठिवत्थु, बालवग्गो ।

माटाको भाँडो फुट्दा सुनको भाँडो पाए झैं सुप्पबुद्ध कुष्ठी मनुष्यदेह छाडी त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए[1]। उनी वहाँ अरू देवताहरू भन्दा पनि चम्किला देखिन्थे भन्ने कुराको पुष्टयाँइ संयुत्त-निकायमा[2] शक्र देवेन्द्रले गरेका छन्।

यसरी सुप्पबुद्ध कुष्ठी मनुष्यलोकमा महादरिद्री भएर पनि आर्यधनहरूद्वारा महाधनी भएर त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए।

× × ×

१. सं. नि. अ. क. I. पृ. २६९: दलिद्दसुत्तवण्णना, सक्कसंयुत्तं।

२. I. पृ. २३३: दलिद्दसुत्तं, सक्कसंयुत्तं। यो सूत्रको अनुवाद अप्रकाशित बुद्धकालीन ब्रह्मादिदेव भाग–२ को शक्रदेवेन्द्रको संग्रहमा उल्लेख भएको छ।

केही सुप्पबुद्ध नामहरू

(१) सुप्पबुद्ध (शाक्य)—यी एक राजकुमार हुन् । पालिसाहित्य अनुसार यिनी अञ्जन राजाका पुत्र हुन्[१] । यिनका दाजु दण्डपाणी शाक्य हुन् र महामाया र प्रजापति बहिनीहरू हुन् । यिनले अमितासँग विवाह गरेका थिए र यशोधरा छोरी र देवदत्त छोरा पाएका थिए । यिनका कुरा धम्मपदट्ठकथामा[२] उल्लेख भएको पाइन्छ । यी उनै सुप्पबुद्ध शाक्य हुन् जसले एक समय बुद्धसँग द्रोह गरेका थिए र पृथ्वीमनि डुबेर गएका थिए । थेरीगाथाअट्ठकथाले[३] यिनलाई महासुप्पबुद्ध भनी उल्लेख गरेको छ ।

संस्कृत बौद्ध साहित्यमा चाहिं सुप्पबुद्ध शाक्य अमृतोदनका छोरा हुन् भनी उल्लेख भएको पाइन्छ[४] ।

(२) सुप्पबुद्ध (कुष्ठी)—यिनकै कुरा यहाँ अगाडि उल्लेख गरेको छु ।

---

१. हेर बु. गृ. भा–१, पृ. २१६.

२. पृ. ३६०: सुप्पबुद्धसक्कस्सवत्थु, पापवग्गो ।

३. पृ. १११: महापजापती थेरीगाथट्ठकथा ।

४. चाइनिज-संस्कृत-अंग्रेजी-थाई शब्दकोष पृ. ५२१.

(३) सुप्पबुद्ध—यिनी वेस्सभू बुद्धका पुत्र हुन् । बु. वं. पा. पृ. ३६९: वेस्सभूबुद्धवंसो ।

(४) सुप्पबुद्ध—यिनी ७५ कल्प अघि एक राजा थिए । थेर. गा. अ. क. I. पृ. १९३: एरकथेरगाथट्ठकथा ।

× × ×

मूल सूत्र—

१–सुप्पबुद्ध कुष्ठीको धर्मावबोध

यस्तो मैले सुनें [१] ।

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनुभएको थियो ।

त्यस समय राजगृहमा सुप्पबुद्ध (=सुप्तबुद्ध) भन्ने (एक) कुष्ठी थिए । उनी मनुष्यहरूमध्येमा महादरिद्री, महाकृपण र महादीन थिए । त्यस समय भगवान् महापरिषद्द्वारा परिवृत्त भई धर्मदेशना गर्दै बसिरहनुभएको थियो ।

अनि सुप्पबुद्ध कुष्ठीले टाढैदेखि ती महाजनहरू भेला भइरहेको देखे । देखेर उनको मनमा यस्तो लाग्यो—

"निश्चय नै त्यहाँ कुनै खादय-भोज्यहरू बाँडिदै होला । अतः म पनि जहाँ ती महाजनहरू भेला भएका छन् त्यहाँ जानुपर्‍यो । शायद मैले पनि कुनै खादय-भोज्य पाउन सकुँला ।"

---

१. उदा[illegible]. पृ. ११९: सुप्पबुद्धकुट्ठिसुत्तं, सोणवग्गो, अ. क. पृ. १९६.

अनि सुप्पबुद्ध कुष्ठी जहाँ ती महाजनहरू थिए त्यहाँ गए। त्यहाँ उनले महापरिषद्द्वारा परिवृत्त भई धर्मदेशना गरी बसिरहनु भएका बुद्धलाई देखे। देखेर उनलाई यस्तो लाग्यो—

"यहाँ केही खाद्य-भोज्यहरू बाँडिरहेको होइन रहेछ। वहाँ श्रमण गौतमले परिषद्‌लाई धर्मोपदेश गर्दै हुनुहुँदो रहेछ। मैले पनि धर्म सुन्नुपर्‍यो।"

अनि "मैले पनि धर्म सुन्नुपर्‍यो" भन्ने ठानेर उनी एक छेउमा बसे।

अनि भगवान्‌ले परिषद्‌को चारैतिर (आफ्नो) चित्तले[1] उनीहरूको चित्तलाई हेर्नुभयो—"यहाँ धर्म बुझ्नसक्ने को रहेछ? अनि भगवान्‌ले त्यस परिषद्‌मा बसिरहेका सुप्पबुद्ध कुष्ठीलाई देख्नुभयो। देख्नु भएपछि (वहाँलाई) यस्तो लाग्यो—"धर्मावबोध गर्न यहाँ यिनी समर्थ हुने छन्।" त्यसपछि सुप्पबुद्धकै कारणमा (वहाँले) आनुपूर्वि-कथा बताउनु भयो। जस्तै—दानकथा,...[2] तथा नैष्क्रम्यको आनिसंस

---

१. बुद्धचक्षु सम्प्रयुक्त चित्तले। भनाइको मतलब ज्ञानचक्षुले हेर्नु भयो भनी भनिएको हो। उदा. अ. क. पृ. १९७: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गो।

२. यहाँका अरू बाँकी कुराहरू बु. गृ. भा–२, पृ. १०० मा उल्लेख भए अनुसार पढ्नू। उदा. अ. क. पृ. १९८: सुप्पबुद्धकुट्ठि-सुत्तवण्णना, सोणवग्गमा चाहिं यस सम्बन्धी अति सुन्दर ढँगले वर्णन गरेको पाइन्छ।

(=गुणहरू) प्रकाश पार्नुभयो। जब भगवान्ले सुप्पबुद्ध कुष्ठीको चित्त कल्य (=उपयुक्त), मृदु, नीवरण रहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब जुन धर्म वहाँले स्वयं प्राप्तगर्नु भएको हो (सामुक्कंसिका) त्यो धर्म प्रकाश पार्नुभयो—'दुःख, समुदय, निरोध तथा मार्ग।' अनि जस्तै मैलो नपरेको शुद्ध-वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तै गरी सुप्पबुद्ध कुष्ठीलाई उसै आसनमा—विरज, वीतमल, धर्मचक्षु[1] उत्पन्न भयो—'जे जति समुदय धर्महरू हुन् ती सबै निरोध धर्म हुन्।' अनि सुप्पबुद्ध कुष्ठी दृष्टधर्मी, प्राप्तधर्मी, विदितधर्मी भई धर्मको गहिराइलाई बुझी, शंकारहित, निश्चिन्त भई वैशारद्यतामा पुगी शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि आसनबाट उठी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका सुप्पबुद्ध कुष्ठीले भगवान्लाई यस्तो विन्तिगरे—

"धन्यहो, भन्ते! धन्यहो, भन्ते!! भन्ते! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उघारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अथवा अन्धकारमा तेलको बत्ती राखिदिँदा आँखा हुनेले रूप देख्दछन्—त्यस्तै गरी भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। भन्ते! अब म भगवान्को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस्।"

---

१. स्रोतापत्ति मार्गमा पुगिसकेकोलाई 'धर्मचक्षु' भनिएको हो, उदा. अ. क. पृ. २००.

अनि सुप्पबुद्ध कुष्ठी भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित भई भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । गएको केहीछिनपछि सुप्पबुद्ध कुष्ठीलाई एक कोरली गाईले हानी मारिदियो ।

अनि केही भिक्षुहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग यस्तो भने—"भन्ते ! जो सुप्पबुद्ध भन्ने कुष्ठीलाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो उनी मरे । उनको के गति र के अभिसम्पराय भयो होला ?"

"भिक्षुहो ! सुप्पबुद्ध कुष्ठी पण्डित थिए । (उनले) धर्मानुकूल प्रतिपादन गरे । धर्मको कारणमा (उनले) मलाई कुनै कष्ट दिएनन् । भिक्षुहो ! सुप्पबुद्ध कुष्ठी तीनै संयोजनहरूलाई[१] क्षय गरी स्रोतापन्न भई अविनिपाती भएर निश्चिन्त बोधिपरायण भएका छन् ।"

यस्तो भन्नुहुँदा एक भिक्षुले भगवान्सँग यस्तो भने—"भन्ते ! के हेतु र के प्रत्यय होत जो कि सुप्पबुद्ध कुष्ठी मनुष्यहरूमध्येमा महादरिद्र, महाकृपण र महादीन भए ?"

---

१. सत्कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्शसंयोजनलाई तीन संयोजन भनिएको हो ।

"भिक्षुहो ! परापूर्वकालमा सुप्पबुद्ध कुष्ठी यसै राजगृहमा एक श्रेष्ठीपुत्र भएका थिए[१] । (एकदिन उनी) उद्यानभूमिमा गइरहेको बेलामा उनले तगरसिखि प्रत्येकबुद्धलाई नगरमा भिक्षाटन् गइरहेको देखे । देखेर उनलाई यस्तो लाग्यो—"यो कुष्ठी, कुष्ठी चीवर लगाई विचरण गर्ने यो कुष्ठी को हो ?" भन्दै थुक्दै गालि गर्दै गए । सो कर्मको प्रभावद्वारा उनी धेरै शय वर्षहरू, धेरै हजार वर्षहरू, धेरै लाख वर्षहरू नरकमा परे । सोही कर्मको बाँकी कर्मफलको कारणले गर्दा उनी यसै राजगृहमा कुष्ठी भई जन्मेका हुन् र मनुष्यहरूमध्येमा महादरिद्र, महा-कृपण र महादीन भएका हुन् । तर तथागत देशित धर्मविनयमा आएर उनले श्रद्धा लाभ गरे, शील पालन गरे, श्रुतिज्ञान प्राप्त गरे, त्यागलाई ग्रहण गरे तथा प्रज्ञालाई ग्रहण गरे । तथागत देशित धर्मविनयमा आई श्रद्धा लाभ गरी शील पालन गरी श्रुतिज्ञान प्राप्त गरी त्यागलाई ग्रहण गरी तथा प्रज्ञालाई ग्रहण गरी शरीर छाडी मृत्युपछि उनी सुगति स्वर्गलोकमा उत्पन्न भई त्रयस्त्रिंश देवताहरूको सहवासमा उत्पन्न भए । त्यहाँ उनी अरू देवताहरूभन्दा वर्णद्वारा पनि यश (=परिवार) द्वारा पनि तेजिला थिए ।"

अनि यो कारणलाई बुझ्नु भई त्यसबेला भगवान्ले यो उदान (=उद्गार) प्रकट गर्नुभयो—

---

१. सं. नि. अ. क. I. पृ. २६८: दलिद्दसुत्तवण्णनाले वाराणशीका राजा भनी उल्लेख गरेको छ ।

"चक्खुमा विसमानीव, विज्जमाने परक्कमे ।
पण्डितो जीवलोकस्मि, पापानि परिवज्जये'ति ।।"

अर्थ—

"पराक्रम हुने चक्षुमान् पुरुषले विषालु पापकर्मलाई परित्याग गर्नुपर्छ र यो लोकमा पण्डित हुनेले पापहरूलाई परित्याग गर्नुपर्छ[1] ।"

---

१. यदि यसो नगरेमा तगरसिखि प्रत्येकबुद्ध प्रति सुप्पबुद्धले अपराध गरेकोले धेरै दुःखभोग गरे जस्तै गर्नुपर्ने छ । जस्तै अहिले सुप्पबुद्ध कुष्ठीले मेरो धर्मोपदेश सुनेर संवेग प्राप्त गरी ठूलो विशेषता प्राप्त गरे त्यस्तै गरी अरू पनि विशेषता चाहनेले पापहरूलाई छाड्नु पर्छ भनिएको हो भनी उदा. अ. क. पृ. २०७: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना, सोणवग्गले लेखेको छ ।

२२. सोण गृहपतिपुत्र

परिचय

यी सोण (=श्रोण) गृहपतिपुत्र राजगृहवासी हुन् । यिनले भगवान्सँग तीनपटकसम्म भेटेका कुराहरू उपलब्ध भएका छन् । यिनी दार्शनिक विचारका थिए भन्ने कुरा बुद्धसँग भेट हुँदा गरेका कुराहरूबाट थाहापाइन्छ ।

पहिलो भेटमा यिनलाई बुद्धले—जसले अनित्य दुःख हुने रूप वेदना आदिहरूमा घमण्ड गर्छ उसले यथार्थतालाई देख्न सक्दैन भन्ने विषयसँग सम्बन्धित कुरा र अनित्य दुःख तथा अनात्मको कुरा सुनाउनु भयो । दोश्रो पटकको भेटमा चाहिं भगवान्ले उनलाई—जसले रूप-वेदना-संज्ञा-संस्कार तथा विज्ञानलाई जान्दैन त्यसलाई श्रमण वा ब्राह्मण भन्न लायक ठानिदैन र त्यस्तो व्यक्ति मेरो श्रमण शिष्य पनि हुन सक्तैन भन्ने कुरा बताउनु भयो । तेश्रो पटकमा चाहिं सोणको प्रश्नको उत्तरमा यसै जीवनमा निर्वाण प्राप्त गर्न सक्ने कारणहरू प्रकाश पार्नु भएको छ । यी तीन सूत्रहरूको अनुवाद यहाँ अगाडि गरिदिएको छु ।

× × ×

सोण नामका विभिन्न पात्रहरू

(१) सोण (थेर)—सोण थेर वेस्सभू (= विश्वभू) बुद्ध भगवान्का अग्र श्रावक हुनुहुन्थ्यो[१]। वहाँ वेस्सभू भगवान्का भाइ हुनुहुन्थ्यो र वहाँ र उत्तर कुमारहरूलाई प्रमुख गरी वेस्सभू बुद्धले धर्मचक्र प्रवर्तन गर्नु भएको थियो[२]।

(२) सोण (थेर)—यी थेरले पियदस्सी (= प्रियदर्शी) बुद्धलाई मार्नकोनिमित्त देवदत्तले झैं असफल प्रयत्न गरेका थिए। यिनले महापदुम कुमारलाई हातमा लिई उनका पितालाई देवदत्तले अजातशत्रुद्वारा बिम्बिसारलाई मार्न लगाए झैं मार्न लगाएका थिए। बु..वं. अ. क. पृ. १७४: पियदस्सीबुद्धवंसवण्णना।

(३) सोण कुटिकण्ण (थेर)—कुटिकण्ण थेर अवन्ती देशका कुररघर भन्ने नगरकी काळी भन्ने स्त्रीका पुत्र हुनुहुन्छ। कोटी मूल्य जाने कानको गहना लगाउने भएकोले 'कोटीकण्ण' भन्नुपर्ने ठाउँमा 'कुटिकण्ण' भनिएको हो। मनो. र. पू. I. पृ. १३३: सोण कुटिकण्ण, एतदग्गवग्गो। हेर्नू बु. म.

---

१. बु. वं. पा. पृ. ३७०: वेस्सभूबुद्धवंसो, अ. क. पृ. २०५; जा. अ. क. I. पृ. ३६: दूरेनिदान।

२. बु. वं. अ. क. पृ. २०५: वेस्सभूबुद्धवंसवण्णना।

भा–१, पृ. ३३८ देखि; थेर. गा. अ. क. I. पृ. ४२९: सोण-कुटिकण्ण, पञ्चकनिपातवण्णना।

'वहाँ थेर महाकात्यायन (=महाकच्चान) महास्थविरका शिष्य हुनुहुन्छ[1]। वहाँ थेर, उही थेर हुनुहुन्छ जो एकदिन जेतवनको गन्धकुटी विहारमा एउटै कोठामा भगवान्-सँग बस्नु भएको थियो। भगवान्को आज्ञा अनुसार वहाँले सुत्तनिपातको अट्ठकवग्गका गाथाहरू सबै नबिराइकन पढेर सुनाउनु भएको थियो। यो सुनेर भगवान्ले वहाँलाई साधुकार दिनु भएको थियो[2]।

वहाँ स्थविर कल्याण भाषीहरूमध्येमा सर्वश्रेष्ठ हुनुहुन्थ्यो[३]। महाकात्यायन महास्थविरको अनुरोध बमोजिम

---

१. मनो. र. पू. I. पृ. १३५: सोणकुटिकण्णो, एतदग्गवग्गो; थेर. गा. अ. क. I. पृ. ४२९: सोणकुटिकण्ण, पञ्चकनिपातवण्णना; धम्म. प. अ. क. पृ. ६०७: सम्बहुलानंभिक्खूनंवत्थु; भिक्खुवग्गवण्णना–२५; महा. व. पा. पृ. २१३: सोणकुटिकण्णवत्थु, चम्मक्खन्धकं; अपदा. अ. क. पृ. ३१२: कोटिकण्णत्थेरस्स अपदानट्ठकथा।

२. मनो. र. पू. I. पृ. १३६: सोणकुटिकण्ण, एतदग्गवग्गो; थेर. गा. अ. क. I. पृ. ४२९: सोणकुटिकण्ण; महा. व. पा. पृ. २१५: चम्मक्खन्धकं।

३. अ. नि–१, पृ. २४: सोणकुटिकण्ण, एतदग्गवग्गो, अ. क. I. पृ. १३३.

वहाँले भगवान्सँग प्रत्यन्त देशमा पाँचजना भिक्षुहरूद्वारा उपसम्पदा गर्ने अनुमति माग्नु भएको थियो। बाक्लो तलुवा भएको चप्पल लाउने अनुमति पनि माग्नु भएको थियो[१]।

(४) सोण कोलिविस[२] (थेर)—कोलिविस थेर चम्पावासी हुनुहुन्छ। गृहस्थी छँदा वहाँका तीन प्रासादहरू थिए। वहाँको पैतालामा रौँ थियो र यही रौँ हेर्नकानिमित्त बिम्बिसार राजाले वहाँलाई लिन पठाएका थिए। पछि वहाँ राजगृहमा प्रव्रजित भई शीतल वनमा बसी अति वीर्य गरेको कारणमा वहाँलाई भगवान्ले वीणाको उपमा दिई उपदेश सुनाउनु भएको थियो। जुन कुरालाई मनन गरी वहाँले अरहत्व प्राप्त गर्नुभयो[३]। वहाँ वीर्यवान्हरूमध्येमा अग्र हुनुहुन्छ[४]।

वहाँ जस्ता सुकुमार हुनु भएका सोण कोलिविस प्रव्रजित हुनुभयो भन्ने कुरा सुनेर चम्पावासी भरत र नन्दक भन्ने दुइ दाजुभाइहरू पनि प्रव्रजित भएका थिए[५]।

(५) सोण (एक धर्मकथिक) भिक्षु— यी भिक्षु राजगृहको सोणगिरी पर्वत मनि पञ्चल विहारमा[६] बस्दथे। यिनका पिता शिकारी थिए र पछि उनले प्रव्रजित गराए। हेर्नू अं. अ. क. I. पृ. २५५: एककनिपात, अट्ठानपालिवण्णना; विभं. अ. क. पृ. ४४३: दसकनिद्देसवण्णना।

---

१. महा. व. पा. पृ. २१६: चम्मक्खन्धकं। हेर्नू उदा. पा. पृ. १२९: सोणसुत्तं, सोणवग्गो—५; थेर. गा. पा. पृ. २९७: सोणकुटिकण्ण-

(६) **सोण**—यिनी कोण्डञ्ञ बुद्धका अग्र उपस्थाक थिए। बु. वं. पा. पृ. ३२४: कोण्डञ्ञबुद्धवंसो, अ. क. पृ. १०७.

(७) **सोण (सेनापति)**—यिनी कपिलवस्तुवासी एक धनाढ्यका पुत्र हुन्। पछि यिनी भद्दिय शाक्यको सेनापति भए। पछि जब भद्दिय शाक्यकुमार बुद्धकहाँ प्रव्रजित भए तब यिनी पनि प्रव्रजित भएका थिए। हेर्नू सविस्तर कुरा थेर. गा. अ. क. I. पृ. ३१७: सोणसेट्ठिपुत्तथेरगाथट्ठकथा, दुकनिपातवण्णना।

त्थेरगाथा, पञ्चकनिपात, अ. क. I. पृ. २१५; D. P. P. II. पृ. १२९१.

२. कहीं कहीं 'कोलिवीस' पनि छन्।

३. हेर्नू थेर. गा. पा. पृ. ३३२: सोणकोलिविसत्थेरगाथा, तेरसनिपातो, अ. क. I. पृ. ५४४; अप. दा. अ. क. पृ. ४०७: सोणकोलिविसत्थेर; अप. दा. पा. I. पृ. ३७३: अवटफलवग्गो; बु. रा. भा–१, पृ. ६७: राजा बिम्बिसार; अं. नि. अ. क. I. पृ. १३०: सोणकोलिविसो; अं. नि–६, पृ. ८५: सोणसुत्तं, अ. क. II. पृ. ६७९; महा. व. पा. पृ. २०१: सोणस्सपब्बज्जा, चम्मक्खन्धकं।

४. अं. नि–१, पृ. २४: सोणो कोलिविसो, एतदग्गवग्गो, अ. क. I. पृ. १३०.

५. थेर. गा. अ. क. I. पृ. २९९: नन्दक थेरगाथट्ठकथा, दुकनिपातवण्णना।

६. विभं. अ. क. पृ. ४४३ मा चाहिं 'पिप्फलि विहार' लेखेको छ।

(८) सोण (गृहपतिपुत्र)—यिनकै कुरा यहाँ अगाडि उल्लेख गरिदिएको छु । यिनी राजगृहवासी हुन् ।

(९) सोणसुत्तं—यस सूत्रमा शीतल बनमा बसिरहनु भएका सोण कोलिविस स्थविरको मनमा दुविधा उत्पन्न भई वस्त्र छोडेर गृहस्थी भई पुण्यगर्ने हो कि क्याहो भन्ने जस्तो विचार उठ्दा भगवान्ले वहाँलाई वीणाको उपमाद्वारा उपदेश गर्नु भएको कुरो छ । अं. नि–६, पृ. ८५: सोणसुत्तं, महावग्गो ।

(१०) सोणसुत्तं—यो सूत्र सं. नि. II. पृ. २७९: खन्धसंयुत्तमा छ । यसको अनुवाद यहाँ अगाडि गरिदिएको छु ।

(११) सोणसुत्तं—यो सूत्र पनि सं. नि. II. पृ. २८१: खन्धसंयुत्तमा छ । यसको अनुवाद पनि अगाडि गरिदिएको छु ।

(१२) सोणसुत्तं—यो सूत्र पनि सं. नि. III. पृ. १०४: सलायतन-संयुत्तमा छ । यसको अनुवाद पनि अगाडि गरिदिएको छु ।

(१३) सोणवग्गो—यो वर्ग उदा. पा. पृ. ११८ मा छ । यो पाँचौं वर्ग हो ।

(१४) सोण दिन्ना विमानवत्थु—यो विमानकथा विमा. व. पा. पृ. २९ मा छ ।

(१५) सोणक जातकं—यो जातक जा. अ. क. VI. पृ. १२७, नं. ५२९ मा छ ।

(१६) सोणनन्द जातकं—यो जातक जा. अ. क. VI. पृ. १८४, नं. ५३२ मा छ ।

(१७) सोणदण्ड (ब्राह्मण)—हेर्नू बु. ब्रा. भा–३, पृ. ४६७ मा ।

(१८) सोण पोटिरियत्थेर—थेर. गा. पा. पृ. २७४ मा छ । यसको अट्ठकथामा चाहिं सोण सेट्ठिपुत्तो लेखेको छ । थेर. गा. अ. क. I. पृ. ३१६ः दुकनिपातवण्णना ।

× × ×

मूल सूत्र—

१–अनित्यरूप

यस्तो मैले सुनें[१]।

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बस्नु भएको थियो। अनि सोण गृहपतिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका सोण गृहपतिपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो—

"सोण! जो कोही श्रमण वा ब्राह्मणहरूले अनित्य हुने रूप-द्वारा, दुःख हुने रूपद्वारा तथा विपरिणाम हुने रूपद्वारा 'श्रेष्ठ छु' भनी हेर्छन् वा 'सदृश छु' भनी हेर्छन् अथवा 'हीन छु' भनी हेर्छन् भने—योभन्दा यथार्थतालाई नदेख्नु अरू के होला? अनित्य हुने वेदनाद्वारा, दुःख हुने वेदनाद्वारा तथा विपरिणाम हुने वेदनाद्वारा 'श्रेष्ठ छु' भनी हेर्छन् वा 'सदृश छु' भनी हेर्छन् अथवा 'हीन छु' भनी हेर्छन् भने—

१. सं. नि. II. पृ. २७९: सोणसुत्तं, खन्धसंयुत्तं, अ. क. II. पृ. १९७.

योभन्दा यथार्थतालाई नदेख्नु अरू के होला ? अनित्य हुने संज्ञाद्वारा, दुःख हुने संज्ञाद्वारा तथा विपरिणाम हुने संज्ञाद्वारा 'श्रेष्ठ छु' भनी हेर्छन् वा 'सदृश छु' भनी हेर्छन् अथवा 'हीन छु' भनी हेर्छन् भने—योभन्दा यथार्थतालाई नदेख्नु अरू के होला ? अनित्य हुने संस्कारद्वारा, दुःख हुने संस्कारद्वारा तथा विपरिणाम हुने संस्कारद्वारा 'श्रेष्ठ छु' भनी हेर्छन् वा 'सदृश छु' भनी हेर्छन् अथवा 'हीन छु' भनी हेर्छन् भने—योभन्दा यथार्थतालाई नदेख्नु अरू के होला ? अनित्य हुने विज्ञानद्वारा, दुःख हुने विज्ञानद्वारा तथा विपरिणाम हुने विज्ञानद्वारा 'श्रेष्ठ छु' भनी हेर्छन् वा 'सदृश छु' भनी हेर्छन् अथवा 'हीन छु' भनी हेर्छन् भने—योभन्दा यथार्थतालाई नदेख्नु अरू के होला ?

"सोण ! जो कोही श्रमण वा ब्राह्मणहरूले अनित्य हुने रूपद्वारा, दुःख हुने रूपद्वारा तथा विपरिणाम हुने रूपद्वारा 'श्रेष्ठ छु' भनी हेर्दैनन् वा 'सदृश छु' भनी हेर्दैनन् अथवा 'हीन छु' भनी हेर्दैनन् भने—योभन्दा यथार्थतालाई देख्नु अरू के होला ? अनित्य हुने वेदनाद्वारा, दुःख हुने वेदनाद्वारा तथा विपरिणाम हुने वेदनाद्वारा 'श्रेष्ठ छु' भनी हेर्दैनन् वा 'सदृश छु' भनी हेर्दैनन् अथवा 'हीन छु' भनी हेर्दैनन् भने—योभन्दा यथार्थतालाई देख्नु अरू के होला ? अनित्य हुने संज्ञाद्वारा... अनित्य हुने संस्कारद्वारा,...अनित्य हुने विज्ञानद्वारा, दुःख हुने विज्ञानद्वारा तथा विपरिणाम हुने विज्ञानद्वारा 'श्रेष्ठ छु' भनी हेर्दैनन् वा 'सदृश छु' भनी हेर्दैनन् अथवा 'हीन छु' भनी हेर्दैनन् भने—योभन्दा यथार्थतालाई देख्नु अरू के होला ?

"सोण ! रूप नित्य हो कि अनित्य हो ? यसमा तिमी के भन्दछौ ?"

"भन्ते ! अनित्य हो।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम स्वभावको हो त्यस्तोलाई 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ के ?"

"भन्ते ! छैन।"

"वेदना नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो।"

"संज्ञा...संस्कार...विज्ञान नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो।"

"जो अनित्य हो त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम स्वभावको हो त्यस्तोलाई 'यो मेरो हो, यो महुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ के ?"

"भन्ते छैन।"

"सोण ! त्यसैले जे जति भूत भविष्य वर्तमानका रूपहरू हुन्; जे जति भित्री (अज्झत्तं) वा बाहिरी (बहिद्धा), स्थूल वा सूक्ष्म, हीन वा प्रणीत, टाढाका वा नजिकका रूपहरू हुन्[1]—ती सबै रूपहरूलाई 'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरा आत्मा हो' भनी यथार्थरूपले हेर्नुपर्छ। जे जति भूत भविष्यत् वर्तमानका वेदनाहरू हुन्... जे जति भूत भविष्यत् वर्तमानका संज्ञाहरू हुन्... जे जति भूत भविष्यत् वर्तमानका संस्कारहरू हुन्...जे जति भूत भविष्यत् वर्तमानका विज्ञानहरू हुन्, जे जति भित्री वा बाहिरी, स्थूल वा सूक्ष्म, हीन वा प्रणीत, टाढाका वा नजिकका विज्ञानहरू हुन्—ती सबै विज्ञानहरूलाई 'न त्यो मेरो हो, न त्यो महुँ, न त्यो मेरो आत्मा हो' भनी यथार्थरूपले हेर्नुपर्छ।

"सोण ! यसरी हेर्ने श्रुतवान् (=विद्वान्) आर्यश्रावक रूपबाट पनि विरक्त हुन्छ, वेदनाबाट पनि विरक्त हुन्छ, संज्ञाबाट पनि विरक्त हुन्छ, संस्कारबाट पनि विरक्त हुन्छ तथा विज्ञानबाट पनि विरक्त हुन्छ। विरक्त भएपछि त्याग्छ, त्यागेपछि विमुक्त हुन्छ।

---

१. यहाँ जे जति भूत भविष्यत्.. तथा स्थूल सूक्ष्मादि रूपहरू भनी लेखिएका छन्—ती सबैका स्पष्टिकरणहरू बु. श्रा. च. भा–१, पृ. २०४ देखि २२२ सम्मको पादटिप्पणीमा लेखिएको छ। अतः उहीं हेर्नू।

'विमुक्त भएपछि 'विमुक्ति[१] भएँ' भन्ने ज्ञान हुन्छ । अनि जन्म (जाति) क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त केही गर्न बाँकी छैन' भन्ने ज्ञान पनि अवबोध हुन्छ ।"

× × ×

---

१. विमुक्ति पाँच प्रकारका छन् । जस्तै—(१) बिक्खम्भनविमुक्ति, (२) तदङ्गविमुक्ति, (३) समुच्छेदविमुक्ति, (४) पटिप्पस्सद्धि-विमुक्ति र (५) निस्सरणविमुक्ति ।

(१) त्यहाँ अष्टसमापत्ति (ध्यान) हरू स्वयं विष्कम्भित (=रोकिएका) हुने भएको हुनाले नीवरणहरूबाट विमुक्त भएको हुन्छ । अतः यस्ता विमुक्तिलाई 'विक्खम्भन-विमुक्ति' (=विष्क-म्भन-विमुक्ति) भनिएको हो ।

(२) अनित्यादि सप्त अनुपश्यनाद्वारा नित्यसंज्ञादिबाट विमुक्त हुन्छ । अतः यसप्रकार त्यस त्यस अङ्गले त्यस त्यस अङ्गबाट विमुक्त हुने भएको हुनाले यस्तालाई 'तदङ्ग-विमुक्ति' भनिएको हो । जस्तै—अनित्यानुपश्यनाद्वारा नित्यसंज्ञाबाट विमुक्त हुन्छ, दुःखानु-पश्यनाद्वारा सुखसंज्ञाबाट विमुक्त,...आदि । (यस सम्बन्धमा पटि. म. पा. पृ. ६३, ६४: भङ्गानुपस्सना ञाणनिद्देसोमा हेर्नू । त्यस्तै पृ. १४: सुतमयञाणनिद्देसोमा पनि हेर्नू) ।

(३) चार आर्यमार्गहरू चाहिं स्वयं क्लेशहरूबाट समुच्छिन्न भएका हुनाले यसलाई 'समुच्छेद-विमुक्ति' भनिएको हो ।

(४) चार सामान्यफल चाहिं मार्गको प्रभावद्वारा क्लेश-हरूलाई उपशान्तपारी अन्त्यमा पुगेका हुनाले यसलाई 'पटिप्पस्सद्धि-विमुक्ति' (=प्रतिप्रशब्धि-विमुक्ति) भनिएको हो ।

(५) निर्वाण चाहिं सबै क्लेशहरूबाट निर्लिप्त भएको हुनाले, टाढा पुगिसकेको हुनाले र दूर भइसकेको हुनाले यसलाई 'निस्सरणविमुक्ति' (=निश्शरण-विमुक्ति) भनिएको हो ।

यसरी यी पाँचै प्रकारका विमुक्तिबाट विमुक्ति भइसकेको हुनाले 'विमुक्ति' भनिएको हो । पपं. सू. IV. पृ. ११४: अच्छरिय-धम्मसुत्तवण्णना, उपरिपण्णासको । जब यसरी विमुक्त भइसक्छ तब प्रत्यवेक्षणा ज्ञानद्वारा उसलाई 'विमुक्त भएँ' भन्ने ज्ञान हुन्छ भनिएको हो । यस सम्वन्धमा बु. ब्रा. भा–२, पृ. २८० को पाद-टिप्पणीमा पनि हेर्नू ।

मूल सूत्र—

२–रूपहरूलाई नजान्ने श्रमण होइन

यस्तो मैले सुनें[1] ।

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बस्नु भएको थियो । अनि सोण गृहपतिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका सोण गृहपतिपुत्रलाई भगवान्ले यस्तो भन्नुभयो—

"सोण ! जो कोही श्रमण वा ब्राह्मणहरूले रूपलाई जान्दैनन्, रूपसमुदायलाई जान्दैनन्, रूपनिरोधलाई जान्दैनन्, रूपनिरोध गामिनी प्रतिपद्लाई जान्दैनन्; वेदनालाई जान्दैनन्... संज्ञालाई जान्दैनन्... संस्कारलाई जान्दैनन्...विज्ञानलाई जान्दैनन्..., सोण ! न ती मेरा श्रमण वा ब्राह्मणहरू हुन्, न ती श्रमण वा ब्राह्मणहरूमा सम्मत छन् ।

---

१. सं. नि. II. पृ. २८१: दुतिय सोणसुत्तं, खन्धसंयुत्तं; अ. क. II. पृ. १९७.

ती आयुष्मान्हरूले न सामान्यर्थ (सामञ्ञत्थं) न ब्रह्मन्यर्थ[1] (ब्रह्मञ्ञत्थं) यसै जीवनमा अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्छन् ।

"सोण ! जो कोही श्रमण वा ब्राह्मणहरूले रूपलाई जान्दछन्, रूपसमुदयलाई जान्दछन्, रूपनिरोधलाई जान्दछन्, रूपनिरोध गामिनी प्रतिपद्लाई जान्दछन्; वेदनालाई जान्दछन्... संज्ञालाई जान्दछन्... संस्कारलाई जान्दछन्... विज्ञानलाई जान्दछन्; सोण ! उनीहरू नै मेरा श्रमण वा ब्राह्मणहरू हुन्, तिनीहरू नै श्रमण वा ब्राह्मणहरूमा सम्मत छन् । ती आयुष्मान्हरूले नै सामान्यर्थ (सामञ्ञत्थं) ब्रह्मन्यर्थ (ब्रह्मञ्ञत्थं) यसै जीवनमा अभिज्ञाद्वारा साक्षात्कार गरी उपसम्पदच भई विहार गर्छन् ।

× × ×

१. यहाँ सामन्यर्थ र ब्रह्मन्यर्थ भनी चतुर्विध आर्यफललाई भनिएको हो । अथवा सामन्यर्थ भनेको चतुर्विध मार्गलाई र ब्रह्मन्यर्थ भनेको चतुर्विध फललाई भनिएको हो भनी मनो. र. पू. I. पृ. ४५३: समणब्राह्मणसुत्तवण्णना, तिकनिपातले उल्लेख गरेको छ ।

मूल सूत्र—

३—यसै जीवनमा किन निर्वाण हुन्नन् ?

एक समय भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनु भएको थियो[१]। अनि स्रोण गृहपतिपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका स्रोण गृहपतिपुत्रले भगवान्-सँग यस्तो भने—

"भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्नन् ? के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जीवनमा परिनिर्वाण हुन्छन् ?"

(यसपछिका जम्मै कुराहरू बु. गृ. भा-१, पृ. ३१८ मा लेखिएका छन्। जम्मै कुरा उस्तै भएका हुनाले उहीं हेर्नू।)

---

१. सं. नि. III. पृ. १०४: सोणसुत्तं, सलायतनसंयुत्तं।

२३. हालिद्दिकानि गृहपति

परिचय

यी हालिद्दिकानि गृहपति दक्षिणापथ अवन्तीको कुररघर भन्ने नगरवासी एक श्रद्धालु उपासक हुन्। यिनी महाकात्यायन महास्थविरका भक्त थिए। यिनले वहाँसँग बरोबर सत्संगत गर्दथे। यिनको नाम 'हालिद्दिकानि' थियो[1]।

यी हालिद्दिकानि गृहपतिले महाकात्यायन महास्थविरसँग तीन पटकसम्म भेटेर प्रश्नहरू सोधेका कुराहरू पालिवाङ्मयमा पाइन्छन्। पहिलो पटकको भेटमा यिनले वहाँसँग "धातुनानात्वको कारणद्वारा स्पर्श नानात्व उत्पन्न हुन्छ" भनी भगवान्‌ले भन्नु भएको कुराको अर्थ के हो ? भनी प्रश्न गरेका छन्। दोश्रो पटकको भेटमा "घरबार छाडी बेघर भई विचरण गर्ने..." भनी भगवान्‌ले भन्नु भएको कुराको अर्थ के हो ? भन्ने प्रश्न सोधेका छन्। तेश्रो पटकको भेटमा पनि यिनले वहाँसँग—

---

१. सं. नि. अ. क. II. पृ. १८८: हालिद्दिकानिसुत्तवण्णना, सलायतन-संयुत्तं।

दीघनिकायको सक्कपञ्हसुत्तमा उल्लेख भएको मोक्षलाभी पुरुष सर्वश्रेष्ठ हुन्छ भनेको के हो ? भन्ने प्रश्न सोधेका छन् । महाकात्यायन महास्थविरले सबै प्रश्नका उत्तरहरू एक एक गरी बनाइदिनुभयो । यी कुराहरू अगाडि अनुदित तीन सूत्रहरूमा उल्लेख भएका छन् । यी कुराहरू गम्भीर छन् ।

हालिद्दिकानि गृहपतिको बारेमा यस बाहेक अरू कुराहरू पालिसाहित्यमा कतै पाइएका छैनन् । हालिद्दिकानि नामका तीन सूत्रहरू संयुत्तनिकायमा पाइन्छन् जसको अनुवाद यहाँ अगाडि गरिदिएको छु ।

× × ×

मूल सूत्र—

१–धातुनानात्व

एक समय आयुष्मान् महाकात्यायन (महाकच्चानो) अवन्ती[१] (जनपद) स्थित कुररघर[२] (नगरको) एक प्रपात पर्वतमा[३] बस्नु भएको थियो[४]। अनि हालिद्दिकानि[५] गृहपति जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् महाकात्यायनलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका हालिद्दिकानि गृहपतिले आयुष्मान् महाकात्यायनसँग यस्तो भने—

---

१. दक्षिणापथको अवन्ती देश। (अवन्ति दक्खिणापथ सङ्खाते अवन्ति रट्ठे) सार. प. II. पृ. १८८: हालिद्दिकानिसुत्तवण्णना, खन्धसंयुत्तं।

२. नालन्दा पालिमा 'कुलघर'।

३. त्यो पर्वतको एक तरफ काटिएको जस्तो देखिने भएकोले 'प्रपात' भनिएको हो। सार. प. II. पृ. १८८: हालिद्दिकानिसुत्तवण्णना, खन्धसंयुत्तं।

४. सं. त्रि. III. पृ. १०६: हालिद्दिकानिसुत्तं, सलायतनसंयुत्तं, अ. क. III. पृ. २९.

५. कहीं कहीं 'हालिद्दकानि' पनि उल्लेख भएको छ।

"भन्ते ! भगवान्ले 'धातुनानात्वको कारणद्वारा स्पर्शनानात्व उत्पन्न हुन्छ, स्पर्शनानात्वको कारणद्वारा वेदनानानात्व उत्पन्न हुन्छ[1]' भनी भन्नु भएको छ । भन्ते ! कसरी धातुनानात्वको कारणद्वारा स्पर्श-नानात्व उत्पन्न हुन्छ र कसरी स्पर्शनानात्वको कारणद्वारा वेदनानानात्व उत्पन्न हुन्छ ?"

१–"a. गृहपति ! यहाँ भिक्षुले चक्षुद्वारा रूप देखेर 'यो मनपर्ने रूप हो' भनी जाने जस्तै सुख वेदनीय चक्षुविज्ञानलाई पनि जान्दछ[2] । स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ ।

---

१. यो कुरा भगवान्ले सं. नि. II. पृ. १२१: फस्सनानत्तसुत्तं, धातु-संयुत्तमा भन्नु भएको छ । यसप्रकारका धातुनानात्व सम्बन्धी कुराहरू अरू पनि धातुसंयुत्तमा उल्लेख भएका छन् ।

धातुनानात्वको बारेमा बु. गृ. भा–२, पृ. २४६ मा पनि हेर्नू ।

२. यो वाक्यको स्पष्टिकरण दिँदै सं. नि. अ. क. III. पृ. २९: हालिद्दिकानिसुत्तवण्णना, सलायतनसंयुत्तले यसरी लेखेको छ—

"जुन मनले मनपर्ने रूपलाई देख्दछ त्यसैलाई 'यो मनपर्ने रूप हो' भनी जान्दछ भनी भनिएको हो । सुखवेदनीय चक्षुविज्ञान स्पर्शको कारणद्वारा उत्पन्न हुने जुन चक्षुविज्ञान हो र जुन उप-निश्रय प्रत्ययको कारणबाट वा अनन्तर प्रत्ययको कारणबाट वा समनन्तर प्रत्ययको कारणबाट अथवा सम्प्रयुक्त प्रत्ययद्वारा सुख-वेदनाकोनिमित्त हुने प्रत्यय स्पर्श हो सोही सुखवेदनीय तथा स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ ।"

b. चक्षुद्वारा रूपलाई देखेर नै 'यो मन नपर्ने रूप हो' भनी जाने जस्तै दुःखवेदनीय चक्षुविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारण-द्वारा दुःखवेदना उत्पन्न हुन्छ ।

c. चक्षुद्वारा रूपलाई देखेर नै 'यो उपेक्षा स्थानीय रूप हो' भनी जाने जस्तै अदुःखअसुख चक्षुविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ ।

२–"a. गृहपति ! फेरि भिक्षुले श्रोतद्वारा शब्द सुनेर 'यो मनपर्ने शब्द हो' भनी जाने जस्तै सुखवेदनीय श्रोतविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ ।

b. श्रोतद्वारा शब्दलाई सुनेर नै 'यो मन नपर्ने शब्द हो' भनी जाने जस्तै दुःखवेदनीय श्रोतविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारण-द्वारा दुःखवेदना उत्पन्न हुन्छ ।

c. श्रोतद्वारा शब्दलाई सुनेर नै 'यो उपेक्षा स्थानीय शब्द हो' भनी जाने जस्तै अदुःखअसुख श्रोतविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ ।

३–'a. गृहपति ! फेरि भिक्षुले घ्राणद्वारा गन्ध सुँघेर 'यो मनपर्ने गन्ध हो' भनी जाने जस्तै सुखवेदनीय घ्राणविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ ।

b. घ्राणद्वारा गन्धलाई सुँघेर नै 'यो मन नपर्ने गन्ध हो' भनी जाने जस्तै दुःखवेदनीय घ्राणविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारण-द्वारा दुःखवेदना उत्पन्न हुन्छ ।

c. घ्राणद्वारा गन्धलाई सुँघेर नै 'यो उपेक्षा स्थानीय गन्ध हो' भनी जाने जस्तै अदुःखअसुख घ्राणविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ।

४–"a. गृहपति! फेरि भिक्षुले जिह्वाद्वारा रस चाखेर 'यो मनपर्ने रस हो' भनी जाने जस्तै सुखवेदनीय जिह्वाविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ।

b. जिह्वाद्वारा रसलाई चाखेर नै 'यो मन नपर्ने रस हो' भनी जाने जस्तै दुःखवेदनीय जिह्वाविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ।

c. जिह्वाद्वारा रसलाई चाखेर नै 'यो उपेक्षा स्थानीय रस हो' भनी जाने जस्तै अदुःखअसुख जिह्वाविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ।

५–"a. गृहपति! फेरि भिक्षुले कायद्वारा स्पर्शलाई जानेर 'यो मनपर्ने स्पर्श हो' भनी जाने जस्तै सुखवेदनीय कायविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ।

b. कायद्वारा स्पर्शलाई जानेर नै 'यो मन नपर्ने स्पर्श हो' भनी जाने जस्तै दुःखवेदनीय कायविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ।

c. कायद्वारा स्पर्शलाई जानेर नै 'यो उपेक्षा स्थानीय स्पर्श हो' भनी जाने जस्तै अदुःखअसुख कायविज्ञानलाई पनि जान्दछ। स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ।

६–"a. गृहपति ! फेरि भिक्षुले मनद्वारा धर्मलाई जानेर 'यो मनपर्ने धर्म हो' भनी जाने जस्तै सुखवेदनीय मनःविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा सुखवेदना उत्पन्न हुन्छ ।

b. मनद्वारा धर्मलाई जानेर नै 'यो मन नपर्ने धर्म हो' भनी जाने जस्तै दुःखवेदनीय मनःविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा दुःखवेदना उत्पन्न हुन्छ ।

c. मनद्वारा धर्मलाई जानेर नै 'यो उपेक्षा स्थानीय धर्म हो' भनी जाने जस्तै अदुःखअसुख मनःविज्ञानलाई पनि जान्दछ । स्पर्शको कारणद्वारा अदुःखअसुख वेदना उत्पन्न हुन्छ ।

"गृहपति ! यसरी धातुनानात्वको कारणद्वारा स्पर्शनानात्व उत्पन्न हुन्छ र स्पर्शनानात्वको कारणद्वारा वेदनानानात्व उत्पन्न हुन्छ ।"

× × ×

मूल सूत्र—

२–"घरबार छाडी बेघर भई विचरण गर्नु" को अर्थ के हो ?

यस्तो मैले सुनें[१] ।

एक समय आयुष्मान् महाकात्यायन (महाकच्चानो) अवन्ती (जनपद) को कुररघर[२] (नगर) स्थित प्रपात पर्वतमा बस्नु भएको थियो । अनि हालिद्दिकानि[३] गृहपति जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् महाकात्यायनलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका हालिद्दिकानि गृहपतिले आयुष्मान् महाकात्यायनसँग यस्तो भने—

---

१. सं. नि. II. पृ. २४८: हालिद्दिकानिसुत्तं, खन्धसंयुत्तं, अ. क. II. पृ. १८८.

२. नालन्दा पालिमा: 'कुलघर' ।

३. सिंहलमा: 'हालिद्दकानि'; स्याममा: 'हलिद्दिकानि'

"भन्ते ! भगवान्‌ले अट्ठकवग्गको[1] मागण्डिय प्रश्नमा यस्तो भन्नु भएको छ—

'ओकं पहाय अनिकेतसारी,
गामे अकुब्बं मुनिसन्थवानि ।
कामेहि रित्तो अपुरक्खरानो,
कथं न विग्गय्ह जनेन कयिरा'ति[2] ॥'

अथ—

'घरबार छाडी बेघर भई विचरण गर्ने मुनि गाउँमा (गृहस्थीहरूसँग) संसर्ग गरी बस्दैनन् र कामविषयबाट अलग हुने मुनिको पुनर्जन्म पनि हुन्न । त्यस्ता मुनिले मानिसहरूसँग कसरी विग्रह र विवाद गर्ने ?'

"भन्ते ! भगवान्‌ले संक्षेपमा भन्नु भएको यसको अर्थ कसरी विस्तारपूर्वक बुझ्ने ?"

---

१. यो अट्ठकवग्ग, सुत्तनिपातपालि पृ. ३८८ मा छ । यो गाथा भएको सूत्रलाई त्यहाँ मागण्डियसुत्त भनिएको छ । यसैलाई यहाँ मागण्डिय प्रश्न भनिएको हो । सुत्त. नि. पृ. ३९९, गा. नं. ७९. यसको अनुवाद बु. ब्रा. भा–३, पृ. १४३ मा छ ।

२. यसको सविस्तर अर्थ बु. ब्रा. भा–३, पृ. १६५ मा पनि हेर्नू ।

१-(१) "गृहपति ! रूपधातु (=रूपस्कन्ध) विज्ञानको[१] घर (=ओक) हो। रागले बाँधिएको रूपधातुमा बस्ने विज्ञानलाई 'घरमा बस्ने' (=ओकसारी) भनिएको हो[२]। (२) गृहपति ! वेदनाधातु विज्ञानको घर हो। रागले बाँधिएको वेदनाधातुमा बस्ने विज्ञानलाई 'घरमा बस्ने' भनिएको हो। (३) गृहपति ! संज्ञाधातु विज्ञानको घर हो। रागले बाँधिएको संज्ञाधातुमा बस्ने विज्ञानलाई 'घरमा बस्ने'

---

१. यस ठाउँमा 'विज्ञान' भनी कर्मविज्ञानलाई 'विज्ञान' भनिएको हो भनी सार. प. II. पृ. १८८: हालिद्दिकानिसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. यस ठाउँमा किन 'गृहपतिपुत्र ! विज्ञानधातु' भनी न भनिएको ? भने भ्रम हटाउनकोनिमित्त। 'ओक' भनेको शब्दार्थको हिसाबले प्रत्यय भनिएको हो। अतः पहिले भएको कर्मविज्ञान पछि हुने कर्मविज्ञानको प्रत्यय हुन्छ र विपाक विज्ञानको पनि प्रत्यय हुन्छ। त्यस्तै गरी विपाकविज्ञान, विपाकविज्ञानको पनि कर्मविज्ञानको पनि प्रत्यय हुन्छ। त्यसैले 'विज्ञान' शब्द प्रयोग गर्दा कुनचाहिं 'विज्ञान' हो त भन्ने भ्रम हुन सक्छ। त्यसैले त्यो भ्रमलाई हटाउनकोनिमित्त त्यसलाई नलिई असंकीर्ण रूपले यहाँ देशना गरिएको हो। अपिच आरम्मणको हिसाबले यहाँ चारवटा अभिसंस्कार विज्ञान स्थित रहेको हुन्छन्। यसैलाई देखाउनकोनिमित्त 'विज्ञान' भनी नभनेको हो। सार. प. II. पृ. १८८-८९: हालिद्दिकानिसुत्तवण्णना।

भनिएको हो । (४) गृहपति ! संस्कारधातु विज्ञानको घर हो । रागले बाँधिएको संस्कारधातुमा बस्ने विज्ञानलाई 'घरमा बस्ने' भनिएको हो[1] । गृहपति ! यसरी घरमा बस्ने हुन्छ (ओकसारी होति) ।

२–"गृहपति ! कसरी बेघर हुन्छ ? (अनोकसारी होति ?)— (१) गृहपति ! रूपधातुमा जो छन्द हो, जो राग हो, जो नन्दी हो, जो तृष्णा हो, जो उपायुपादान[2] हो र चित्तमा जो अधिष्ठानाभिनि-

---

१. यस ठाउँमा विज्ञान धातुलाई किन नलिएको ? भन्ने बारेको कुरा- माथि गइसकेको छ ।

२. यहाँ 'उपायुपादान' भनी उपाय र उपादान दुइ शब्दलाई सन्धि गरी 'उपायुपादान' लेखिएको हो । उपाय भन्नाले — तृष्णा उपाय र दृष्टि उपायलाई भनिएको हो । उपादान भन्नाले—काम उपादान, दृष्टि उपादान, शीलव्रत उपादान र आत्मवाद उपादानलाई भनिएको हो । सार. प. II. पृ. १८९: हालिद्दिकानिसुत्तवण्णना, खन्धसंयुत्तं । (विभं. पा. पृ. ४४९–५०: खुद्दकविभङ्गो, चतुक्क- मातिकानिद्देसो ।) तृष्णा र दृष्टिद्वारा त्रैभूमिक धर्ममा पुगिने भएको हुनाले यसलाई 'उपाय' भन्दछन् भनी पपं. सू. IV. पृ. ६४: छब्बिसोधनसुत्तवण्णनाले उल्लेख गरेको छ ।

वेशानुशय[1] हो त्यो तथागतमा[2] छैन—जरो उखेलिइसक्यो काटेको तालवृक्ष जस्तै असम्भाव्य भई भविष्यमा उत्पन्न नहुने भइसक्यो । त्यसैले तथागतलाई 'वेघरवाला' भन्दछन् । (२) गृहपति ! वेदनाधातुमा जो छन्द हो,... (३) संज्ञाधातुमा जो छन्द हो,... (४) संस्कारधातुमा जो छन्द हो,... (५) विज्ञानधातुमा[3] जो छन्द हो,... त्यो तथागतमा

---

१. अधिष्ठान + अभिनिवेश + अनुशय = अधिष्ठानाभिनिवेशानुशय । यहाँ अभिनिवेश भनी तीनशय अभिनिवेशहरूलाई भनिएको हो । (यी तीनशय अभिनिवेशका कुरा पटि. म. पा. पृ. १५४: 'तीणि-सतंदिट्ठाभिनिवेस' मा छ ।) रागादि सात अनुशयहरूलाई 'अनुशय' भनिएको हो । (हेर्नू बु. रा. भा-१, पृ. ४७१, बु. श्रावि. च. भा-१, पृः ३८१ को पादटिप्पणी ।)

२. सबै क्षीणास्रवीहरूमा छन्द रागादि हुन्नन् र सबै क्लेशहरू प्रहीण भएका हुन्छन् । यहाँ चाहिं क्षीणास्रवीहरूमध्ये तथागत सम्यक् सम्बुद्ध सर्वश्रेष्ठ तथा सबैले जान्ने भएको हुनाले 'तथागतमा' भनिएको हो । सार. प. II. पृ. १८९: हालिद्दिकानिसुत्तवण्णना ।

३. यहाँ चाहि विज्ञानधातुलाई किन लिएको त ? क्लेश प्रहाणलाई देखाउनकोनिमित्त । क्लेश भनेको केवल चार स्कन्धहरूमा मात्र हुन्नन् पाँचै स्कन्धमा हुन्छन् । अतः विज्ञानधातुबाट पनि क्लेश हटेको कुरा देखाउन यहाँ 'विज्ञानधातु' लाई पनि लिइएको हो । सार. प. II. पृ. १८९: हालिद्दिकानिसुत्तवण्णना ।

छँन— ...[१] त्यसँले तथागतलाई 'बेघरवाला' भन्दछन् । गृहपति ! यसरी बेघर हुन्छ[२] ।

३–"गृहपति ! कसरी 'निकेतसारी' अर्थात् 'निकेतनमा बस्ने' हुन्छ ?—गृहपति ! रूपनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतसारी' अर्थात् 'निकेतनमा बस्ने' भनी भन्दछन् । शब्दनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतनमा बस्ने' भनी भन्दछन् । गन्धनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतनमा बस्ने' भनी भन्दछन् । रसनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतनमा बस्ने' भनी भन्दछन् । स्पर्शनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतनमा बस्ने' भनी भन्दछन् । धर्मनिमित्तरूपी बन्धनमा बन्धित भई बस्नेलाई 'निकेतनमा बस्ने' भनी भन्दछन् । गृहपति ! यसरी 'निकेतसारी' अर्थात् 'निकेतनमा बस्ने' हुन्छ ।

४–"गृहपति ! कसरी 'अनिकेतसारी' अर्थात् 'निकेतनमा नबस्ने' हुन्छ ?—गृहपति ! तथागतको रूपनिमित्तरूपी बन्धनमा बन्धित भई

---

१. यहाँ ठाउँ ठाउँमा खाली रहेका ठाउँहरूका कुराहरू माथि उल्लेख भए जस्तैं मिलाई पढ्नू ।

२. यहाँ 'अनोकसारी होति' अर्थात् 'बेघर हुन्छ' भनी भनेको मतलब कर्मविज्ञानद्वारा रूपधातुमा आलम्बन गरी नबस्ने भएकोले 'अनोकसारी' अर्थात् 'बेघर' भनी भनिएको हो । सार. प. II. पृ. १८९: हालिद्दिकानिसुत्तवण्णना ।

बस्ने (हेतु) छैन—जरो उखेलिइसक्यो, काटेको तालवृक्ष जस्तै असम्भाव्य भई भविष्यमा उत्पन्न नहुने भइसक्यो । त्यसैले तथागतलाई 'अनिकेतसारी' अर्थात् 'निकेतनमा नबस्ने' भनी भन्दछन् । तथागतको शब्दनिमित्तरूपी बन्धनमा बन्धित भई बस्ने (हेतु) छैन..., गन्धनिमित्त-रूपी बन्धनमा बन्धित भई बस्ने (हेतु) छैन..., रसनिमित्तरूपी बन्धनमा बन्धित भई बस्ने (हेतु) छैन..., स्पर्शनिमित्तरूपी बन्धनमा बन्धित भई बस्ने (हेतु) छैन..., धर्मनिमित्तरूपी बन्धनमा बन्धित भई बस्ने (हेतु) छैन—जरो उखेलिइसक्यो र काटेको तालवृक्ष जस्तै असम्भाव्य भई भविष्यमा उत्पन्न नहुने भइसक्यो । त्यसैले तथागतलाई 'अनिकेतसारी' अर्थात् 'निकेतनमा नबस्ने' भनी भन्दछन् । गृहपति ! यसरी 'अनिकेत-सारी' अर्थात् 'निकेतनमा नबस्ने' हुन्छ ।

५–"गृहपति ! कसरी गाउँमा (गृहस्थीहरूसँग) संसर्ग भएको हुन्छ ? — गृहपति ! यहाँ कुनै (भिक्षु) गृहस्थीहरूको साथमा सहनन्दी र सहशोकी हुन्छ, सुखमा सुखी र दुःखमा दुःखी हुन्छ तथा कामकाज पर्दा आफूले पनि त्यस काममा योगदान दिन्छ । गृहपति ! यसरी गाउँमा (गृहस्थीहरूसँग) संसर्ग भएको हुन्छ ।

६–"गृहपति ! कसरी गाउँमा (गृहस्थीहरूसँग) संसर्ग भएको हुन्न त ? —गृहपति ! यहाँ कुनै (भिक्षु) गृहस्थीहरूको साथमा सहनन्दी र सहशोकी हुन्न, सुखमा सुखी र दुःखमा दुःखी हुन्न तथा कामकाज गर्दा योगदान दिन्न । गृहपति ! यसरी गाउँमा (गृहस्थीहरूसँग) संसर्ग भएको हुन्न ।

७–"गृहपति ! कसरी कामविषयबाट अलग भएको हुन्न ?— गृहपति ! यहाँ कुनै (भिक्षु) कामविषयको रागबाट, छन्दबाट, प्रेमबाट, प्यासबाट, परिदाहबाट र तृष्णाबाट अलग भएको हुन्न । गृहपति ! यसरी कामविषयबाट अलग भएको हुन्न ।

८–"गृहपति ! कसरी कामविषयबाट अलग भएको हुन्छ त ? —गृहपति ! यहाँ कुनै (भिक्षु) कामविषयको रागबाट, छन्दबाट, प्रेमबाट, प्यासबाट, परिदाहबाट र तृष्णाबाट अलग भएको हुन्छ । गृहपति ! यसरी कामविषयबाट अलग भएको हुन्छ ।

९–"गृहपति ! कसरी अगाडितिर जाने हुन्छ ?—गृहपति ! यहाँ कुनै (भिक्षु) को यस्तो हुन्छ—'भविष्यमा यस्तो रूप भए हुन्थ्यो, भविष्यमा यस्तो वेदना भए हुन्थ्यो, भविष्यमा यस्तो संज्ञा भए हुन्थ्यो, भविष्यमा यस्तो संस्कार भए हुन्थ्यो र भविष्यमा यस्तो विज्ञान भए हुन्थ्यो ।' गृहपति ! यसरी अगाडितिर जाने हुन्छ ।

१०–"गृहपति ! कसरी अगाडितिर जाने हुन्न त ?—गृहपति ! यहाँ कुनै (भिक्षु) को यस्तो हुन्न—'भविष्यमा यस्तो रूप भए हुन्थ्यो, भविष्यमा यस्तो वेदना भए हुन्थ्यो, भविष्यमा यस्तो संज्ञा भए हुन्थ्यो, भविष्यमा यस्तो संस्कार भए हुन्थ्यो र भविष्यमा यस्तो विज्ञान भए हुन्थ्यो ।' गृहपति ! यसरी अगाडितिर जाने हुन्न ।

११–"गृहपति ! कसरी मानिसहरूसँग विग्रह गर्ने हुन्छ ? — गृहपति ! यहाँ कुनै (पुरुष) यस्तो कुरा गर्ने हुन्छ—'तिमी यो धर्मविनय

जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमीले यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ, म ठीक बाटोमा छु । मेरो कुरा सार्थक छ, तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ र पछि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेको कुरा मेरो वादको अगाडि व्यर्थ छ । तिमीमाथि वाद आरोप गर्छु । तिमी निग्रहित छौ । (मेरो वादबाट) मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो वादलाई मर्दन गर ।' गृहपति ! यसरी मानिसहरूसँग विग्रह गर्ने हुन्छ ।

१२–"गृहपति ! कसरी मानिसहरूसँग विग्रह गर्ने हुन्न त ?— गृहपति ! यहाँ भिक्षु यस्तो कुरा गर्ने हुन्न—'तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु ।... यदि सक्छौ भने मेरो वादलाई मर्दन गर ।' गृहपति ! यसरी मानिसहरूसँग विग्रह गर्ने हुन्न ।

"गृहपति ! भगवान्ले जो त्यो अट्ठकवग्गको मागण्डिय प्रश्नमा—

'ओकं पहाय अनिकेतसारी,
गामे अकुब्बं मुनिसन्थवानि ।
कामेहि रित्तो अपुरक्खरानो[1],
कथं न विग्गय्ह जनेन कयिरा'ति ।।'

---

१. सिंहलमा; 'अपुरेक्खरानो' ।

भनी भन्नुभयो; गृहपति ! भगवान्‌ले संक्षेपमा भन्नु भएको यसको अर्थ यसरी (माथि उल्लेख गरे बमोजिम) विस्तारपूर्वक बुझ्नुपर्छ ।

× × ×

मूल सूत्र—

३—अत्यन्त निष्ठावान् भनेको के हो ?

यस्तो मैले सुनें [१] ।

एक समय आयुष्मान् महाकात्यायन (महाकच्चानो) अवन्ती (जनपद) स्थित कुररघरको प्रपात पर्वतमा बसिरहनु भएको थियो । अनि हालिद्दिकानि गृहपति जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् महाकात्यायनलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका हालिद्दिकानि गृहपतिले आयुष्मान् महाकात्यायनसँग यस्तो भने—

"भन्ते ! भगवान्ले शक्र प्रश्नमा [२] (सक्कपञ्हे) यस्तो भन्नु भएको छ—'जो ती श्रमण ब्राह्मणहरू तृष्णा क्षय गरी विमुक्ति भएका

१. सं. नि. II. पृ. २५१: दुतिय हालिद्दिकानिसुत्तं, अ. क. II. पृ. १९०, खन्धसंयुत्तं ।

२. दी. नि. II. पृ. २१२: सक्कपञ्हसुत्तं ।

छन् तिनीहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान र देवमनुष्यहरूमध्ये श्रेष्ठ छन्।' भन्ते ! भगवान्ले संक्षेपमा भन्नु भएको यस कुराको विस्तारपूर्वक अर्थ कसरी बुझ्ने ?"

"गृहपति ! रूपधातुमा जो छन्द-राग हो, जो नन्दी-तृष्णा हो, जो उपायुपादान हो र जो चित्तमा अधिष्ठानाभिनिवेशानुशय हो तिनी-हरूको क्षय, विराग, निरोध, त्याग र प्रतिनिसर्गलाई चित्त सुविमुक्त भनी भन्दछन्। गृहपति ! वेदनाधातुमा जो छन्द-राग हो,...संज्ञाधातुमा जो छन्द-राग हो,...संस्कारधातुमा जो छन्द-राग हो,...विज्ञानधातुमा जो छन्द-राग हो, जो नन्दी-तृष्णा हो, जो उपायुपादान हो र जो चित्तमा अधिष्ठानाभिनिवेशानुशय हो तिनीहरूको क्षय, विराग, निरोध, त्याग र प्रतिनिसर्गलाई चित्त सुविमुक्त भनी भन्दछन्।

"गृहपति ! भगवान्ले शक्र प्रश्नमा जो यस्तो भन्नु भएको छ—'जो ती श्रमण ब्राह्मणहरू तृष्णाक्षय गरी विमुक्त भएका छन् तिनीहरू अत्यन्त निष्ठावान्, अत्यन्त योगक्षेमी, अत्यन्त ब्रह्मचारी, अत्यन्त पर्यवशान र देवमनुष्यहरूमध्ये श्रेष्ठ छन्।' गृहपति ! भगवान्ले संक्षेपमा भन्नु भएको यस कुराको विस्तारपूर्वक अर्थ यसरी बुझ्नुपर्छ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन गृहस्थीहरू"

भाग–३, संग्रह–१५

समाप्त

नामावली

आ

ग

फ, ब

य, र

ह

शब्दावली

छ

झ

ट, ठ, ड, ढ

प्र

म

य

श, ष

स

गाथा – सूची

लेखकका पुस्तक पुस्तिकाहरू–

(नेपाल भाषामा)

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृहीविनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग–१ (द्वितीयावृत्ति)
६. जातकमाला भाग–२ (द्वितीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह

लेखकका पुस्तकहरू—

संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ...		१/-
धम्मपद (तृतीयावृत्ति) ...		१/४०
गृही-विनय (द्वितीयावृत्ति) ...		१/-
अग्रश्रावक (अप्राप्य) ...		
कसको कुरा सत्य हो ? ...		
बुद्धशासनको इतिहास (प्रथम भाग) ...		४/-
पटाचारा स्थविरा चरित ...		
अम्बसक्कर प्रेतकथा		
बुद्धकालीन ब्राह्मण (अप्राप्य)	भाग–१ (पृ. ५०४) ...	७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–१ (पृ. ५८१) ...	८/-
बुद्धकालीन राजपरिवार	भाग–१ (पृ. ६६५) ...	१०/-
बुद्धकालीन महिलाहरू	भाग–१ (पृ. ५५६) ...	८/-
बुद्धकालीन परिव्राजकहरू	भाग–१ (पृ. ७६६) ...	१६/-
बुद्धकालीन श्रावक-चरित	भाग–१ (पृ. ३७८) ...	६/-
बुद्धकालीन श्राविका-चरित	भाग–१ (पृ. १००५) ...	२२/-
बुद्धकालीन ब्रह्मादिदेव	भाग–१ (पृ. ६६८) ...	१८/-
बुद्धकालीन प्रेतकथा ...	(पृ. ३८२) ...	१०/-
बुद्धकालीन विमानकथा ...	(पृ. ४०४) ...	१२/-
बुद्धकालीन दशैंवटा ग्रन्हथरूको विषय-सूची	...	५/-
बुद्धकालीन ब्राह्मण	भाग–२ (पृ. ६००) ...	१५/-
बुद्धकालीन ब्राह्मण	भाग–३ (पृ. ६८०) ...	१७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–२ (पृ. ५९२) ...	१५/-
बुद्धकालीन गृहस्थीहरू	भाग–३ (पृ. ६२४) ...	१५/-
जापान भ्रमणको डायरी		४/-

प्रतीक्षामा—

"जातक संग्रह" भाग–१